# मिलिन्द-प्रश्न

## *Milindapanha*



*अनुवादक*

**भिक्षु शोभन**

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# मिलिन्द-प्रश्न

## (नेपाली अनुवाद)


अनुवादक

**भिक्षु शोभन**



**प्रकाशक**

**दुण्डबहादुर वज्राचार्य**

**अशोकरत्न वज्राचार्य**

**डा. प्रदीपबहादुर वज्राचार्य**

**हीरादेवी वज्राचार्य**

**वीर-पूर्ण पुस्तक संग्रहालय**

गावहाल, ललितपुर–१८

नेपाल

**सह-प्रकाशक, मुद्रक एवं दायक :**

**दि कारपोरेट बॉडी ऑफ दि बुद्ध एज्युकेशनल फाउंडेशन**

११ औं तला , ५५ हंग चाउ एस. रोड, सेक्टर १, ताइपे, ताइवान आर. ओ. सी.

फोन: (८८६-२) २३९५-११९८, फ्याक्स् (८८६-२)२३९१-३४१५



Downloaded from http://www.dhamma.digital

## सह-प्रकाशक, मुद्रक एवं दायक :
**दि कारपोरेट बॉडी अफ दि बुद्ध एज्युकेशनल फाउंडेशन**
११ औं तला , ५५ हंग चाउ एस. रोड, सेक्टर १, ताइपे, ताइवान आर. ओ. सी.
फोन: (८८६-२) २३९५-११९८, फ्याक्स् (८८६-२)२३९१-३४१५

## ताइवान-प्रकाशन प्रबन्धक :
**भिक्षु मंगल, भिक्षु वजिरबुद्धि**
**ताइवान, आर. ओ. सी.**

## नेपाल-व्यवस्थापक :
**एच. के. विजय अवाले (कुमारजीव)**

**प्रथम संस्करण** वि. सं. २०६१
ने. सं. ११२४
बु. सं. २५४८
इ. सं. २००४

## यो पुस्तक धर्मदानको लागि हो, बिक्रीको लागि होइन ।

**कम्प्यूटर टाइप** **भिक्षु शोभन**,
श्री सुमंगल विहार,
लुँखुसी-६, ललितपुर ☎ ५-५३१७१५
**कम्प्यूटर ले-आउट** : **धर्म रत्न शाक्य**, न्याखाचोक, तंचाको, ललितपुर ☎ ५-५३४६८२



Downloaded from http://www.dhamma.digital

# Milindapañha

(Nepali)

*Translated by*

**Bhikkhu Sobhan**

*Published by*

**Dunda Bahadur Bajracharya**

**Ashok Ratna Bajracharya**

**Dr. Pradeep Bahadur Bajracharya**

**Hira Devi Bajracharya**

Bir-Purna Pustak Sangrahalaya,

Gabahal, Lalitpur –18 ,Nepal

*Co-published, Printed and Donated by*

**The Corporate Body of the Buddha Educational Foundation**

11th Floor, 55 Hang Chow S. Rd. Sec 1, Taipei,Taiwan R.O.C.

Tel: (886-2)23951198, Fax(886-2)23913415



Downloaded from http://www.dhamma.digital

*Co-published, Printed and Donated by*
**The Corporate Body of the Buddha Educational Foundation**
11th Floor, 55 Hang Chow S. Rd. Sec 1, Taipei,Taiwan R.O.C.
***Tel: (886-2)23951198, Fax(886-2)23913415***

***First Edition 2004***
Printed in Taiwan

***Price : Priceless***

Dhamma.Digital

This book is for free distribution, not to be sold.

Downloaded from http://www.dhamma.digital

# समर्पण

अन्नत गुणी मुमा

**वेदमाया श्रेष्ठ**

जसबाट अमूल्य मनुष्य जीवन पाएर भगवान् बुद्धको
शासनमा प्रव्रजित हुन पाएँ
उनी नै ममतामयी मुमामा मेरो
यो सश्रम धर्म–उपहार

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# मेरो दुई शब्द

नेपालमा मिलिन्द-प्रश्न ग्रन्थ धेरै वर्षदेखि नेपाल भाषा भाषी पाठकवर्गका लागि एक सारै लोकप्रिय ग्रन्थ हुन् । अब नेपाली पाठकका लागि यो ग्रन्थ प्रस्तुत गर्न पाउँदा मलाई ज्यादै नै धर्म प्रीति अनुभव भइरहेको छ । जसरी बौद्ध साहित्यमा त्रिपिटक ग्रन्थको स्थान धेरै उच्च छ त्यसरी नै "मिलिन्द–प्रश्न"को पनि धेरै उच्च स्थान छ । यद्यपि यो त्रिपिटक ग्रन्थअन्तर्गत नपरे पनि त्रिपिटक ग्रन्थ जत्तिकै प्रामाणिकता मानिन्छ । यहाँसम्म कि अर्थकथाचार्य बुद्धघोषले पनि यस कुरालाई पुष्ट गर्नका लागि ठाँउ ठाँउमा मिलिन्द–प्रश्नको प्रमाण दिएका छन् । उपासक उपासिकाहरूले यस ग्रन्थलाई अत्यन्त श्रद्धाको दृष्टिले हेर्दछन् ।

"अरे ! जम्बुद्वीप तुच्छ छ । एकदम खोक्रो छ । यहाँ कुनै श्रमण या ब्राह्मण छैन जो मसंग कुरा गरेर मेरो शङ्कालाई हटाउन सकोस् ।" यो उद्‌गार महान् राजा मिलिन्दको थियो । समुद्रको तरङ्गको समान उसको मनमा प्रश्नहरूको तरङ्ग उठ्‌द थियो । सागल नगर बाह्र वर्षदेखि श्रमण, ब्राह्मण या गृहस्थ पण्डितहरूले सून्य भई सकेको थियो । राजाले जहाँ कोही श्रमण या ब्राह्मण अथवा गृहस्थ पण्डित वास गर्थे त्यहाँ गएर प्रश्न गर्थे । उनीहरूले राजालाई सन्तुष्ट पार्न नसक्नुको कारण यत्र तत्र छरिए । भिक्षुहरू प्रायः हिमालय पर्वतमा गए ।

मुद्राशास्त्रको आधारमा केही बैक्टरियन राजाहरूको नाम जान्न पाइन्छ । तर त्यसको सम्बन्धमा सविस्तार जानकारी प्राप्त छैन । यो भन्न गाह्रो छ कि उत्तर पश्चिम भरतको सबैभन्दा महान शासक, मिलिन्द, इयुथतेडेम्स वंश परम्पराका थिए र उनी शक्तिशाली राजा थिए । श्री ट्राबोको अनुसार मिलिन्दले महान् सिकन्दरभन्दा पनि धेरै राज्य जितेका थिए ।♦

लगभग १७५ ई.पू. बैक्टरियाका ग्रीकहरूले बल्खासे पंजावमा आक्रमण गरेर त्यहि नै आफ्नो जरा गाडे । पंजावमा जमेपछि उनीहरूको आफ्नो देशसंग सम्बन्ध टुट्‌यो । जहाँ उनीहरू आएर बसे त्यसै भूमिलाई उनीहरूले आफ्नो देश माने । शीघ्र गतिमा उनीहरूले भारतीय रीतिरिवाजलाई अपनाए । यिनीहरू पछि जति पनि आक्रमणकारी भारतमा आए प्रायः सबैले भारतीय सभ्यता र धर्मलाई स्वीकार गरे ।

जुन ग्रीकहरू भारत आए उनीहरूको देश बैक्टरिया हिन्दूकुश पर्वत तथा ओक्सस नदीको वीचको भू-भाग थियो जुन सेल्युकस निकाटोरको साम्राज्यअन्तर्गत पर्दथियो । पछि ई. पू. तेस्रो सताब्दीको मध्यमा उनको देश एक ग्रीक राजाको छत्र छाँयामा स्वतन्त्र भयो । यो त्यही समयको घटना हो जब अशोक भारतको सम्राट् थिए । उनीहरूले सुदूर सिंधुको पश्चिमको राज्यहरूमा (वर्तमान् वलुचिस्थान र अफगानिस्थान) आफ्नो अधिपत्य गरे । काबुलको शासक, राजा मिलिन्द उनीमध्ये एक थिए । भनिन्छ कि ई.पू. २००मा पंजावमा ग्रीक राज्यको संस्थापक राजा मिलिन्दको बुबा धीमित्र (Demetrus) थिए ।♣

बैक्टरियाका ग्रीकराजाहरूमध्ये राजा मिलिन्द प्रतापवान थिए । उनीले सागल (श्यालकोट) लाई आफ्नो राजधानी बनाए । उनको साम्रज्यमा लगभग सय पंजाव र कालुबसे काठियावाड़सम्मको भू-भाग सम्मिलित थियो । यस ग्रन्थमा सागल नगरको बर्णन विस्तृत रूपमा पृष्ठ २ मा उल्लेख छ ।

राजा मिलिन्दले मगध राज्य जित्नलाई प्रयत्न गरेका थिए । उसले मथुरामाथि अधिकार जमाए र मगधको राजधानी पाटलिपुत्रलाई जोडले धम्की दिएका थिए । त्यस समय सुंग बंशको राजा अग्निमित्रको

---

♦ History of Narendra Krishna Sinha P.106

♣ A Concise Histotry of the Indiän People H. G. Rawolinson P. 52.



Downloaded from http://www.dhamma.digital

अश्वमेघ चलिरहेको थियो । मिलिन्दराजाको अश्वरोही सेनाले पुण्यमित्रको■ घोडा समातेर राजाका सामु लगे । त्यस समय उसले पाटलिपुत्रमा आक्रमण गर्ने विचार स्थगित गर्नु पर्‍यो किन कि त्यस समय मध्य एसियाका शकहरूले पंजाबमा आक्रमण गरिरहेका थिए । त्यस आक्रमणलाई रोक्न त्यहाँ जानु परेको थियो ।

राजा मिलिन्द जति कुशल योद्धा थिए त्यति नै धेरै विद्वान र ठूला विद्याव्यसनी तथा वाक्‌पटु थिए । वेद, पुराण र दर्शन आदि सबै विद्याहरूलाई उनले गहिरोसंग अध्ययन गरेका थिए । उनी दार्शनिक वाद-विवाद गर्नमा एकदम निपुण थिए । यहाँसम्म कि त्यस समयको ठूल-ठूला दिग्गज पण्डितहरूले पनि उनीसंग शास्त्रार्थ गर्नमा डरमान्थे । उनीलाई तर्क गर्नमा अजय मान्थयो । जसरी उसको कुशाग्र बुद्धि थियो त्यसरी नै उसको शरीर सम्पन्नता थियो । सारा भारतमा उनी समान दोस्रो अरू कोही थिएन । अन्तिममा बौद्ध भिक्षु, नागसेनसंग उनको भेट भयो ।

नागसेन तथा राजा मिलिन्दको पूर्वजन्मको कथा, पालि मिलिन्द-पञ्ह तथा चीनी भाषको ना-से-पि-व्कु-किन(नागसेन भिक्षु सूत्र)मा पनि पाईन्छ ।

चीनी ना-से-पि-व्कु-किनको अनुसार एक समय भगवान् बुद्ध सि-ए-कोकग(श्रावस्ती) मा विहार गर्नु हुन्थयो । शिष्यगणहरूदेखि दिनरात घेरि रहेको कारण दिक्क लागेर एकान्त वासको लागि सबैलाई छोडेर कारलो चौंगशू परिले∅य नामक वनमा गएर एक बरगद(पीपलं)को वृक्षको मुनि ध्यानस्थ भएर बस्नुभयो ।

यसरी नै नजिकको जंगजमा एक हस्तिराज आफ्नो अनुचरहरूबाट दिक्क लागेर एकान्त वासको लागि त्यसै स्थानमा गए जहाँ भगवान् बस्नुभएको थियो । भगवानले हस्तिराजलाई प्रेमपूर्वक आफ्नो नजिक बोलाउनुभयो । धेरै दिनसम्म हस्तिराजले भगवानको सेवा गरे । जब भगवान त्यहाँबाट प्रस्थान गर्नुभयो । त्यति बेला हस्तिराजलाई धेरै दुःख भयो । उसले जीवनभर भगवानको स्मरण गरिरहे ।

दोस्रो जन्ममा हस्तिराज एक ब्राह्मण कुलमा जन्मिए । ठूलो भएपछि वैराग्य जागेपछि उसले सन्यास ग्रहण गरेर कुनै पहाड़मा एउटा अर्को सन्यासी पनि बस्दथे जोसंग उसको मित्रता भयो । पछि गएको सन्यासीले पहिलो सन्यासीसंग भने–"भाई ! संसार दोषपूर्ण छ, यसमा दुःखै दुःख छ । यसैले निर्वाण पाउनको लागि सन्यास लिएर, ब्रह्मचर्यको जीवन व्यतीत गरिरहेको छु ।"

दोस्रो सन्यासीले भन्यो कि–"हैन म त यो जीवन यस कारणले व्यतीत गरिरहेको छु जसले गर्दा अर्को जन्ममा यस पुण्यको प्रतापले लोक विजयी अधिराज हुन सकूँ । मेरो यहीं कामना छ ।

अर्को जन्ममा उनीमध्ये एकजना समुद्रको किनारामा बी-नन(मिलिन्द) नामको राजकुमार भए । दोस्रो की-पिन-कुम प्रदेशमा उत्पन्न भए । पूर्वजन्ममा निर्वाण पाउनको लागि प्रबल इच्छा रहनुको कारण उनी बाल्यकाल अवस्थामै यस्तो लाग्द थियो कि मानैं काषय वस्त्र लगाएको होस् । उनी जन्मेको लिन त्यसै स्थानमा एक पोथी हात्तीको बच्चा भयो । हात्तीलाई 'नाग' भनिन्छ यसैले बालकको नाम, यसै संयोगले, नागसेन राखियो ।

नागसेनको एकजना मामा थिए जसको नाम लोहन(रोहण) थियो । रोहण एकदम सिद्ध भिक्षु थिए । बालक नागसेन रोहणसंग बसेर धर्मको अभ्यास गर्न लागे । उसको बुद्धि एकदम तीक्ष्ण थियो । उसले आफ्नो अध्ययन शीघ्र समाप्त गरे । बीस वर्षको अवस्थामा होसेन नामक विहारमा उसको उपसम्पदा भयो ।

भिक्षु नागसेन निर्वाण प्राप्त गर्नलाई दृढ़ सङ्कल्प गरेर निस्के ।

नागसेनको जीवनको सम्बन्धमा मिलिन्द-प्रश्नमा जुन कुनै सामग्री प्राप्त छ, त्यसले यही ज्ञात हुन्छ कि हिमालय पर्वतको नजिक पंजावको कजंगल गाउँमा सोनुत्तर ब्राह्मणको घरमा उनको जन्म भएको थियो । घरमानै रहँदा उसले ब्राह्मणहरूको विद्या वेद, व्याकरण आदि पढेका थिए ।

---

■ लेखकले आफ्नो India कितावमा यही नाम दिएका छन् । पृ.९१ H. G. Rawolinson A Concise Histotry of the Indian People मा अग्निमित्र ।



Downloaded from http://www.dhamma.digital

मिलिन्द-प्रश्नअनुसार मिलिन्द राजवंश परम्पराकै हो । उनी सातौं राजा थिए प्रो. राप्सनको विचारअनुसार, उनीले देमेत्रिअसको छोरीसंग विवाह गरे ।

मिलिन्द अलसन्द द्वीपको कलसि (कलसिगामो) मा जन्म भएको थियो । अलसन्द ग्रीक शब्दमा अलेक्जेंड्रिया हो जुन काबुलको पञ्चशील नदीको किनारामा पर्छ । कलसि हिजो आजको कन्दहर हो ।

पालि मिलिन्द-प्रश्नको अन्तमा मिलिन्द राजा भिक्षु बने र अर्हत-पद प्राप्त गरे । राजा मिलिन्दको विभिन्न स्थानहरूमा प्राप्त सिक्काले ऐतिहासिक प्रमाणिक जानकारी दिन्छ ।

अहिलेसम्म विभिन्न २२ स्थानहरूबाट २२ सिक्का प्राप्त भएको देखिन्छ । यी स्थानहरू पश्चिममा काबुलसम्म पूर्वमा मथुरासम्म र उत्तरमा काश्मीरसम्म थियो । यसले राजा मिलिन्दको राज्य विस्तारको पनि ज्ञान हुन्छ । अधिकांश सिक्काहरूमा राजा मिलिन्दको नाम छ, जो स्पष्ट रूपले पढ्न सकिन्छ । आठ वटा सिक्काहरूमा राजा मिलिन्दको अनुहारसम्म छ । सिक्काहरूमा राजा मिलिन्दको अनुहार स्पष्ट आएको छ । कुनै सिक्काहरूमा उनको अनुहार तरुण अवस्थाको छ । कुनैमा अत्यन्त बुढो अवस्थाको छ । यसले यो थाहा पाइन्छ कि मिलिन्द राजाको राज्यकाल एकदम लामो समयसम्म रहेको हुनुपर्छ । सिक्काहरूको एकातर्फ ग्रीक भाषमा र अर्कोतिर त्यस समयको पालि भाषामा लेखिएको पाइन्छ ।

एकातिर–Basileos Soteros Menadrou

अर्कोतिर–महरजस तद्रतस मेनन्द्रस ।

कुनै सिक्काहरूमा दौडेको घोड़ा, ऊँट, हात्ति, सुंगुर र धर्मचक्र या ताड़को पात खोपिएको छ । चक्रवाल सिक्काहरूले यो प्रमाणित हुन्छ कि राजा अवश्य पनि वृद्ध थिए होला, किन कि चक्र बौद्ध धर्मको मुख्य चिन्ह हो । केवल एक सिक्का यस्तो छ जुन एकदमै भिन्न छ र यस कुरालाई स्पष्ट हुन्छ कि मिलिन्द राजाले बुद्धधर्म स्वीकार गरेका थिए । त्यसको एकातिर लेखिएको थियो––Basileos Dikaiou Menandrou

अर्को तिर––महजरस धर्मिकस मेनेद्रस

बौद्ध राजाहरूका लागि धम्मराज शब्दको प्रयोग भई आई रहेको छ । यसैले यस सिक्कामा जुन धर्मिकस पदको प्रयोग भएको छ यसले यो सिद्ध हुन्छ कि राज मिलिन्द अवश्य पनि बौद्ध थिए ।

प्लुटार्क मिलिन्द राजाको विषयमा लेख्छन् कि राजा मेनान्डर एकदम न्यायी, विद्वान र लोकप्रिय राजा थिए । नागसेन भन्तेसंग शास्त्रार्थ गरेर बौद्ध भएपछि मिलिन्द विहार बनाए । त्यसपछि छोरालाई राज्य थमाएर प्रव्रजित भए । फेरि विदर्शना भावना गरेर अर्हत् भए । उसको मृत्युपछि उसको अस्थि पाउनको लागि मानिसहरू एक आपसमा लड़ाई भएको थियो । जनताहरूले उनको अस्थि लिएर ठूला-ठूला स्तुपहरू बनाए ।

मिलिन्दको समयबारे विद्वानहरूको विभिन्न विचार छ । हेमचन्द्र राय चौधरीको अनुसार ९० ई.पू. नजिक ल्याई दिएको छ भने स्मिथले १६० ई. पू. सम्म पर पुऱ्याई दिएको छ । परम्पराअनुसार बुद्धको महापरिनिर्वाणको ५०० वर्षपछि मिलिन्द राजाको समय हो । यसरी ७ ई. मिलिन्दको युग हुन्छ । इतिहासकारहरूले प्रथम शताब्दी ई.पू. भनेर मान्दछन् । धर्माशोकले बुद्धधर्मको दीपक प्रज्वलित गरेका थिए जुन मिलिन्दले निभ्न दिएन ।

यो मिलिन्द–प्रश्न अंग्रेजी, फ्रेञ्च, जर्मनी, इटाली आदि पाश्चात्य भाषा तथा सिंहली, बर्मी, थाई, कम्बोडियन, चीनिया, हिन्दी, बंगाली, नेपाल भाषा आदि पूर्वीय भाषामा धेरै वर्ष अघि अनूदित भई सकेको छ । विद्वानहरूले आ-आफ्नो भाषामा अनुवाद गर्दा यो ग्रन्थको नाम आ-आफै किसिमले नामकरण गरेका छन् । बुद्ध सम्वत् २४२० मा कोलम्बोंबाट प्रकाशित यो ग्रन्थ "मिलिन्द–प्रश्न" रहेको छ । यस्तै पश्चिमका विद्वानहरूले T.W. Rhys Davids ले यस ग्रन्थको नाम The Questions of King Milinda राखे, Finot, Louis ले फ्रेञ्च भाषामा अनुदित Les Questions de Milinda राखे,तथा ञानातिलोकले जर्मन भाषामा Die Fragen des Konigs Milinda राखे , I. B. Horners Milinda's Questions (मिलिन्दपञ्हा) भनेर नाम राखे । पूज्य



Downloaded from http://www.dhamma.digital

पियरतन थेर, गुणरतन थेर र रतनसार थेरले सिंहली लिपि पालि (मागधी) भाषामा सम्पादन गर्दा 'मिलन्दपञ्हो' नाम दिए । 'मिलन्दपञ्हो'को आधार लिएर श्री. वी. टेन्कनरले सन् १८८० मा रोमन लिपिमा संस्करण गराए । चीनी भाषामा यस ग्रन्थलाई ना-से-पि-क्कु-किन हो जसको अर्थ "नागसेन भिक्षु सूत्र" हो । युनियन बुद्धशासन कौन्सिल बर्माबाट छट्ठसंगायन संस्करणको नाम 'मिलिन्दपञ्ह' हो । स्वामी द्वारिकादस शास्त्रीज्यूको देवनागरीक संस्करणमा मिलिन्दपञ्हपालि (मिलिन्दपञ्हो) देखिन्छ । प्रकाण्ड विद्वान भिक्षु जगदीस काश्यपको हिन्दी अनुवादित ग्रन्थको नाम 'मिलिन्द--प्रश्न' हो । श्री दुण्डबहादुर वज्राचार्यले गर्नु भएको नेपाल भाषामा अनूदित पुस्तकको नाम पनि मिलिन्द-प्रश्न नै रहेको छ ।

अहिलेसम्म सवैभन्दा पुरानो मिलिन्द-प्रश्न तालपत्रमा लेखिएको देखिन्छ । श्रीलंकाको दोणी नगरमा बस्ने दोणाचार्यले सुनेको भरमा लेखिएको कुरा यस ग्रन्थको अन्तमा उल्लेख भएको पाइन्छ ।

नेपाल बौद्ध परियत्ति शिक्षाको सबैभन्दा माथिको कक्षा "सद्धम्म कोविद उपाधि"मा यो पुस्तक पाठयक्रमा राखिएको छ । नेपालमा पनि विभिन्न स्थानमा विपश्यना ध्यान केन्द्र खोलिन्दै गएको परिप्रेक्षमा साधक साधिका तथा उपासक उपासिकाहरू बढ्न अवश्यम्भावी छ, यस विषयलाई ख्यालमा राखी ध्यानी तथा धर्ममा आस्था राख्नेहरूलाई अवश्य पनि यस ग्रन्थले आफूमा भएको शंका, कौतूहल र अज्ञानतालाई यस ग्रन्थले हटाउन अवश्य सहायता दिन्छ ।

यस ग्रन्थमा बौद्ध शाब्दिक अर्थ ज्ञान नभएका पाठकहरूले यस ग्रन्थलाई सुरू सुरूमा पढेर बुझ्न केही गाऱ्हो अनुभव होला, त्यसैले भरसक सबैले बुझुन् भनेर केही फुट नोट दिइएको छ र भरसक भाषालाई सरलीकरण गरिएको छ । शाब्दिक शब्दको ज्ञान होस् भनेर पनि पाठकवर्गहरूलाई प्रोत्साहन दिएको छ ।

पण्डित भएर पनि मिथ्यादृष्टिमा परेका मिलिन्द राजालाई तर्कद्वारा नागसेन भन्तेले कसरी परिवर्तन गरे भनेर यस ग्रन्थमा रोचक प्रशङ्ग पढ्न पाइन्छ । त्यसैले हिजो आज मिथ्यादृष्टिमा परेका व्यक्तिहरूलाई तथा भगवान्प्रति जति पनि गलत धारणा राख्न सक्ने पाठकहरू यस ग्रन्थलाई पढेर, अध्ययन अनुसन्धान र ध्यान गरेर अवश्य पनि निवारण गर्नु सक्छन् ।

यस लोकप्रिय ग्रन्थ नेपालीमा अनुवाद गर्न मलाई प्रेरित गर्ने श्री दुण्डबहादुर वज्राचार्यले आफूले अमूल्य समय दिई अनुवाददेखि सम्पादन कार्यसम्म सहयोग गरी हरतरहले सघाइ दिनुभयो । सांचै भनुं भने उहाँको सहयोग र प्रेरणा नपाएको भए यो नेपालीमा अनुवाद हुने नै थिएन । तसर्थ यसको सम्पूर्ण श्रेय म उहाँलाई दिन चहान्छु । तसर्थ उहाँप्रति चिरऋणी छु । श्री गोकुलप्रसाद शर्माज्यूले भाषासम्बन्धी संशोधन गरी दिनु भएकोमा उहाँलाई धन्यवाद छ । कम्प्यूटर सेटिङ्ग गरिदिने श्री धर्मरत्न शाक्यप्रति धन्यवाद छ ।

मिलिन्द-प्रश्न ग्रन्थको प्रचार गर्ने वीर-पूर्ण पुस्तक संग्रहालय परिवारले मलाई पुस्तकदेखि लिएर आवश्यक सामग्री र सहयोग उपलब्ध गराई दिनु भएकोले पुस्तक संग्रहालय परिवारप्रति म ज्यादै ऋणी छु ।

भिक्षु मंगल भन्तेले उहाँ नेपाल आउनुभएको बेला**The Corporate Body of the Buddha Educational Foundation** बाट छपाउने व्यवस्था गर्नु भएकोले उहाँप्रति म आभारी छु । बुद्धधर्मका ग्रन्थहरू छापी संसारभर व्यापक रूपमा निःशुल्क ग्रन्थ प्रकाशन गरी वितरण गर्ने महान उदार संस्था दि बुद्ध एज्युकेशनल फाउंडेशन ताइवानलाई कम समयमै यो ग्रन्थ छापी प्रकाशित गरेकोमा म ऋणी छु ।

अन्तमा यो ग्रन्थले धर्म सम्बन्धी मार्गदर्शकको रूपमा पाठक वर्गलाई केही गर्न सकेमा मेरो परिश्रम सफल भएको सम्झिने छु । अस्तु ।

**श्री सुमंगल विहार, ललितपुर ।**
मिति २०६१ बैशाख १८ गत्ते

**भिक्षु शोभन**



Downloaded from http://www.dhamma.digital

# विषय सूची

**ग्रन्थ-कथावस्तु**
१ सागल नगरको बयान

**बाहिरी कथा**
**पूर्वयोग**

१. नागसेन र मिलिन्दको पूर्वजन्म
२. पुरण कस्सपसंग मिलिन्दको भेटघाट
३. मक्खलि गोसालसंग राजा मिलिन्दको भेटघाट
४. आयुष्मान् अस्सगुत्तद्वारा भिक्षुसंघलाई आमन्त्रण
५. महासेन देवपुत्रलाई मनुष्यलोकमा आउन प्रार्थना
६. अस्सगुत्तद्वारा रोहणलाई दण्ड-कर्म
७. महासेन मनुष्यलोकमा प्रकट
८. नागसेनको अध्ययन समय
९. नागसेनसित आयुष्मान् रोहणको भेटघाट
१०. नागसेनको प्रव्रज्या
११. नागसेनको अपराध र उसका लागि दण्डकर्म
१२. महाउपासिकालाई नागसेनको धर्मोपदेश
१३. नागसेनको पाटलिपुत्रगमन
१४. श्रेष्ठीलाई अभिधर्मदेशना
१५. नागसेनलाई अर्हत् पदप्राप्ति
१६. नागसेनकहाँ दूत
१७. आयुष्मान् आयुपालसित राजा मिलिन्दको भेटघाट
१८. सागलनगरमा नागसेनको आगमन
१९. आयुष्मान् नागसेनसँग राजा मिलिन्दको पहिलो भेट

**मिलिन्द-प्रश्न**
**(क) लक्षण-प्रश्न**
**महावर्ग**

१. पुद्गलप्रश्नमीमांसा
२. आयुविषयक प्रश्न
३. पण्डितवाद र राजवाद चर्चापद्धति विषयक प्रश्न
४. अनन्तकायको प्रश्न
५. प्रव्रज्याविषयक प्रश्न
६. प्रतिसन्धि (जन्म-मृत्यु) विषयमा प्रश्न

Downloaded from http://www.dhamma.digital

७. योनिसोमनसिकार (विवेक-ज्ञान)का विषयमा प्रश्न २४
८. मनसिकार लक्षण-प्रश्न २५
९. शीलादि लक्षणप्रश्न २५
१०. (क) श्रद्धाको लक्षणप्रश्न २७
(ख) श्रद्धाको लक्षण-प्रश्न २७
११. वीर्यलक्षण-प्रश्न २८
१२. स्मृतिलक्षण-प्रश्न २८
१३. समाधिको लक्षणप्रश्न २९
१४. प्रज्ञालक्षण-प्रश्न ३०
१५. नाना धर्म एकसाथ मिलेर हुने कार्य निष्पादनप्रश्न ३०

## अद्धानवर्ग

१. धर्मसन्ततिप्रश्न (वस्तुको अस्तित्व) ३१
२. प्रतिसन्धि (पुनर्जन्म) विषयक प्रश्न ३२
३. ज्ञान र प्रज्ञाको विषयमा प्रश्न ३३
४. अर्हत् सुख-दुःख सम्बन्धी बारे प्रश्न ३४
५. वेदनाको विषयमा प्रश्न ३५
६. नाम-रूप समान हुन्छ वा हुँदैन भन्ने विषयमा प्रश्न ३५
७. नागसेनको पुनर्जन्म विषयबारे प्रश्न ३७
८. नाम-रूप परस्परआश्रय विषयमा प्रश्न ३७
९. कालको विषयमा प्रश्न ३८

## विचार वर्ग

१. त्रिविध कालको मूल (अविद्या) ३८
२. कालको अज्ञात आरम्भ ३९
३. आरम्भकालको ज्ञान ३९
४. संस्कारको उत्पत्ति विषयमा प्रश्न ४०
५. भवन्त-भाव संस्कार उत्पन्न हुन्छ हुँदैन भन्ने विषयमा प्रश्न ४०
६. वेदगू (=ज्ञाता वा आत्मा) विषयमा प्रश्न ४२
७. चक्षुविज्ञान आदि विषयमा प्रश्न ४३
८. स्पर्शलक्षण विषय-प्रश्न ४५
९. वेदना लक्षण-प्रश्न ४६
१०. संज्ञालक्षण-प्रश्न ४६
११. चेतनालक्षण-प्रश्न ४६
१२. विज्ञानलक्षण-प्रश्न ४७
१३. वितर्कलक्षण-प्रश्न ४७
१४. विचारलक्षण-प्रश्न ४८

## निर्वाण वर्ग

१. स्पर्श आदिलाई छुट्ट्याउन सकिन्छ सकिन्न भन्ने विषयमा प्रश्न ४८



Downloaded from http://www.dhamma.digital

२. नागसेन-प्रश्न ४९

## मिलिन्द-प्रश्न

## विमतिच्छेदन-प्रश्न

३. पाँच आयतन कर्मोत्पत्तिप्रश्न ४९
४. कर्मको प्रधानता ५०
५. प्रयत्नकरण प्रश्न ५०
६. नरकाग्निको उष्णता विषयमा प्रश्न ५१
७. पृथ्वी संधारण विषयमा प्रश्न ५२
८. निरोधनिर्वाण विषयमा प्रश्न ५२
९. निर्वाण लाभ विषयमा प्रश्न ५२
१०. निर्वाण-सुख-ज्ञान विषयमा प्रश्न ५३

## बुद्धवर्ग

१. बुद्ध रहनुमा शङ्का विषयमा प्रश्न ५३
२. भगवान्को श्रेष्ठता विषयमा प्रश्न ५४
३. बुद्धको अनुत्तर भाव विषयमा प्रश्न ५४
४. धर्मदर्शनबारे प्रश्न ५४
५. सङ्क्रमण विना प्रतिसन्धि विषयमा प्रश्न ५४
६. वेदगूप्रश्न ५५
७. पुनर्जन्म विषयमा प्रश्न ५५
८. कर्म-फलको विषयमा प्रश्न ५५
९. प्रतिसन्धि (जन्म) ज्ञान विषयमा प्रश्न ५६
१०. बुद्धनिदर्शन प्रश्न ५६

## स्मृति वर्ग

१. कायस्पृहा विषयमा प्रश्न ५७
२. सर्वज्ञभाव विषयमा प्रश्न ५७
३. महापुरूषलक्षण विषयमा प्रश्न ५८
४. भगवान्को ब्रह्मचर्य विषयमा प्रश्न ५८
५. बुद्धको उपसम्पदा विषयमा प्रश्न ५८
६. अश्रुविषयमा प्रश्न ५९
७. सराग र विराग विषयमा प्रश्न ५९
८. प्रज्ञा-प्रतिष्ठान विषयमा प्रश्न ५९
९. संसार विषयमा प्रश्न ६०
१०. पहिले गरेको कामलाई स्मरण गराउनेसम्बन्धी प्रश्न ६०
११. स्मृति उत्पत्ति विषयमा प्रश्न ६०

## अरूपधर्मव्यस्थान वर्ग

१. सप्तदशस्मृत्युपाद विषयमा प्रश्न ६१



Downloaded from http://www.dhamma.digital

२. बुद्धगुण स्मृतिलाभ विषयमा प्रश्न ६२
३. दुःखनिरोधका निम्ति प्रयत्न विषयमा प्रश्न ६३
४. ब्रह्मलोकदूरी विषयमा प्रश्न ६४
५. लोक दुईमा समकालिकोत्पत्ति विषयबारे प्रश्न ६४
६. बोध्यङ्ग विषयमा प्रश्न ६५
७. पाप-पुण्यसम्बन्धी ठूलो-सानो विषयमा प्रश्न ६५
८. ज्ञाताज्ञात पापकरण प्रश्न ६६
९. यसै जन्ममा देवलोकगमनका विषयमा प्रश्न ६६
१०. दीर्घास्थि विषयमा प्रश्न ६६
११. श्वास-प्रश्वास निरोधका विषयमा प्रश्न ६७
१२. समुद्रको विषयमा प्रश्न ६७
१३. समुद्रको एकरसता विषयमा प्रश्न ६७
१४. सूक्ष्मधर्म विषयमा प्रश्न ६७
१५. विज्ञान-नानात्वका विषयमा प्रश्न ६८
१६. अरूपधर्मको कठिनताबारे प्रश्न ६८

## मेण्डक प्रश्न

### (क) महावर्ग

१. मेण्डकप्रश्न-आरम्भकथा ७०
१. धार्मिक मन्त्रणाको अयोग्य आठ स्थान ७१
२. धार्मिक मन्त्रणाका लागि अयोग्य आठ व्यक्तिहरू ७१
३. गुप्त मन्त्रणा गर्न अयोग्य नौ प्रकारका व्यक्तिहरू ७२
४. बुद्धि-परिपक्वताका आठ कारण ७२
५. आचार्यका पच्चीस गुण ७३
६. उपासकका दस गुण ७४

### ऋद्धिबल वर्ग

१. बुद्ध-पूजाविषयक प्रश्न ७४
(१) आगोको उपमा (उदाहरण) ७५
(२) आँधीको उपमा ७६
(३) ढोलको उपमा ७६
(४) महापृथ्वीको उपमा ७७
(५) पेटका कीराहरूको उपमा ७७
(६) रोगको उपमा ७८
(७) नन्दक यक्षको उपमा ७८
२. सर्वज्ञभाव विषयमा प्रश्न ७९
(१) संक्लेश चित्त ७९
(२) स्रोतापन्न चित्त ७९
(३) सकृदागामीको चित्त ८०



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| | (४) अनागामीको चित्त | ८० |
| | (५) अर्हत्‌को चित्त | ८० |
| | (६) प्रत्येक-बुद्धको चित्त | ८१ |
| | (७) बुद्धको चित्त | ८१ |
| ३. | देवदत्त-प्रव्रज्या विषयमा प्रश्न | ८३ |
| ४. | भूकम्पन विषयमा प्रश्न | ८६ |
| ५. | शिवि राजाको आँखादान विषयमा प्रश्न | ८९ |
| ६. | गर्भावक्रान्ति विषयमा प्रश्न | ९१ |
| ७. | सद्धर्म-अन्तर्धान विषयबारे प्रश्न | ९५ |
| ८. | अकुशलच्छेदन विषयमा प्रश्न | ९७ |
| ९. | उत्तरिकरणीय प्रश्न | ९९ |
| १०. | ऋद्धि बलप्रदर्शनको विषयमा प्रश्न | १०० |

## २. उभेद वर्ग

### मेण्डक प्रश्न

| | | |
|---|---|---|
| १. | क्षुद्रानुक्षुद्रविषयक प्रश्न | १०२ |
| २. | अव्याकरणीय प्रश्न | १०३ |
| ३. | मृत्यु-भय विषयमा प्रश्न | १०४ |
| ४. | मृत्युपाशबाट मुक्ति विषयमा प्रश्न | १०७ |
| ५. | बुद्ध-लाभान्तराय प्रश्न | ११० |
| ६. | अपुण्य विषयमा प्रश्न | ११२ |
| ७. | भिक्षुसंघपरिहरण विषयमा प्रश्न | ११३ |
| ८. | अभेद्यपरिषद् विषयमा प्रश्न | ११३ |

## ३. प्रणामित वर्ग

| | | |
|---|---|---|
| १. | श्रेष्ठधर्म विषयमा प्रश्न | ११४ |
| २. | सर्व सत्त्वहितकरणबारे प्रश्न | ११६ |
| ३. | गुह्य वस्तु निर्देशनको विषयमा प्रश्न | ११८ |
| ४. | कठोर भाषा प्रयोग विषयमा प्रश्न | १२० |
| ५. | रूखहरूमा अचेतन भाव विषयमा प्रश्न | १२१ |
| ६. | पिण्डपातको महत्फल विषयमा प्रश्न | १२२ |
| ७. | बुद्ध पूजा विषयमा प्रश्न | १२४ |
| ८. | ढुङ्गाको टुक्राबाट भगवान्‌को खुट्टामा लागेको चोट | १२५ |
| ९. | श्रेष्ठ र अश्रेष्ठ श्रमणका विषयमा प्रश्न | १२६ |
| १०. | गुण वर्णन विषयमा प्रश्न | १२६ |
| ११. | अहिंसानिग्रह विषयमा प्रश्न | १२७ |
| १२. | भिक्षु प्रणामितको (स्थविरहरूको निष्कासन) विषयमा प्रश्न | १२९ |



Downloaded from http://www.dhamma.digital

## ४. सर्वज्ञज्ञान वर्ग


१. ऋद्धिकर्म विपाक विषयमा प्रश्न १३०
२. धर्मविनयप्रतिछन्नता विषयक प्रश्न (प्रातिमोक्ष उपदेश भिक्षुहरू एक आपसमा लुकेर किन गर्छन्) १३१
विनय-शिक्षापदलाई लुकाएर राख्नुको कारण १३१
बुद्धकालका सम्प्रदायहरू १३२
३. मिथ्या भाषणको गुरूत्व-लघुत्व १३३
४. बोधिसत्त्वको धर्मता (स्वभाव) बारे प्रश्न १३४
५. आत्महत्याविषयक प्रश्न १३५
६. मैत्री भावनाको बारे प्रश्न १३७
७. पाप पुण्य समविषमविषयमा प्रश्न १३८
८. अमरादेवी विषयबारे प्रश्न १४२
९. क्षीणास्रव (अर्हत्) को अभयत्व १४३
१०. बुद्ध-सर्वज्ञता विषयमा प्रश्न १४४


## ५. संसर्ग वर्ग


१. संसर्ग विषयमा प्रश्न १४५
२. भोजन संयम विषयमा प्रश्न १४६
३. बुद्धको निरोगी विषयमा प्रश्न १४७
४. मार्गोत्पादन विषयमा प्रश्न १४९
५. बुद्धको अहिंसा अभ्यास विषयमा प्रश्न १५०
६. छद्दन्त र ज्योतिपालविषयमा प्रश्न १५२
७. घटीकार विषयमा प्रश्न १५३
८. ब्राह्मण र राजवाद विषयमा प्रश्न १५४
९. धर्मोपदेशान्तर भोजन विषयमा प्रश्न १५६
१०. धर्मदेशनामा भगवान्को अल्प उत्सुकका विषयमा प्रश्न १५९
११. बुद्धका कोही आचार्य नभएकोबारे प्रश्न १६१


## १. बुद्ध वर्ग

## अनुमानप्रश्न


१. दुई बुद्धहरू एकैसाथ उत्पन्न नहुने विषयमा प्रश्न १६३
२. महाप्रजापति गौतमीद्वारा वस्त्रदान १६५
३. गृही र प्रव्रजितमध्ये को श्रेष्ठ छ भन्ने विषयमा प्रश्न १६७
४. दुस्करचर्याको दोष विषयमा प्रश्न १६८
५. भिक्षुभावको परित्याग विषयमा प्रश्न १६९
६. अर्हत्का शारीरिक र मानसिक वेदनाहरू १७३
७. गृहस्थले पाप गरेको विषयमा प्रश्न १७४
८. गृहस्थ र भिक्षुको दुःशीलतामा भेद विषयमा प्रश्न १७५
९. पानीमा प्राणविषयक प्रश्न १७६




Downloaded from http://www.dhamma.digital

## २. निष्प्रपञ्च वर्ग


| | | |
|---|---|---|
| १. | निष्प्रपञ्चता विषयमा प्रश्न | १७८ |
| २. | गृहस्थको अर्हत्व भाव विषयमा प्रश्न | १८० |
| ३. | क्षीणास्रवको स्मृति भ्रंश विषयमा प्रश्न | १८० |
| ४. | लोकमा छैन भन्ने (नास्ति-भाव) विषयमा प्रश्न | १८१ |
| ५. | अकर्मजादि विषयमा प्रश्न | १८२ |
| ६. | कर्मजादिको (उत्पत्ति कारण) विषयमा प्रश्न | १८४ |
| ७. | यक्ष विषयमा प्रश्न | १८४ |
| ८. | समग्र शिक्षापद विषयमा प्रश्न | १८४ |
| ९. | सूर्यतापविषयक-प्रश्न | १८५ |
| १०. | कठिन सूर्यताप विषयक प्रश्न | १८५ |


## ३. वेस्सन्तर वर्ग


| | | |
|---|---|---|
| १. | वेस्सन्तर विषयमा प्रश्न | १८६ |
| २. | दुष्कर चर्या विषयमा प्रश्न | १९२ |
| ३. | पापपुण्यबल विषयमा प्रश्न | १९५ |
| ४. | मरेकाको नाममा दिइने दान विषयमा प्रश्न | १९७ |
| ५. | स्वप्न विषयमा प्रश्न | १९९ |
| ६. | अकाल मृत्यु विषयमा प्रश्न | २०१ |
| ७. | चैत्य-प्रातिहार्य (अलौकिकता) विषयमा प्रश्न | २०५ |
| ८. | धर्माभिसमयबारे विषयमा प्रश्न | २०६ |
| ९. | एकान्तसुखमय निर्वाण विषयमा प्रश्न | २०७ |
| १०. | निवार्ण-रूप-संस्थान विषयमा प्रश्न | २०९ |
| ११. | निर्वाण-साक्षात्कार विषयमा प्रश्न | २१२ |
| १२. | निर्वाणसन्निहित प्रश्न | २१४ |


## ४. अनुमान वर्ग


| | | |
|---|---|---|
| १. | अनुमान विषयमा प्रश्न | २१५ |
| २. | धुताङ्ग प्रश्न | २२९ |


## उपमाकथाप्रश्न

### मातृका

### १. गदर्भ वर्ग


| | | |
|---|---|---|
| १. | गर्दभाङ्गप्रश्न | २४२ |
| | १. गधाको एक गुण विषयमा प्रश्न | २४२ |
| २. | कुक्कुटाङ्गप्रश्न | २४२ |
| | २. कुखुराका पाँच गुण विषयमा प्रश्न | २४२ |
| ३. | कलन्दकाङ्गप्रश्न | २४४ |
| | ३. लोखर्केको एक गुण विषयमा प्रश्न | २४४ |




Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ४. | द्वीपिनीविषयकप्रश्न | २४४ |
| | ४. पोथी चितुवाको एक गुण विषयमा प्रश्न | २४४ |
| ५. | द्वीपिकाङ्गप्रश्न | २४५ |
| | ५. भाले चितुवाका दुई गुण विषयमा प्रश्न | २४५ |
| ६. | कूर्माङ्गप्रश्न | २४५ |
| | ६. कछुवाको पाँच गुण विषयमा प्रश्न | २४५ |
| ७. | वंशाङ्ग प्रश्न | २४७ |
| | ७. बाँसको एक गुण विषयमा प्रश्न | २४७ |
| ८. | चपाङ्गप्रश्न | २४७ |
| | ८. धनुषको एक गुण विषयमा प्रश्न | २४७ |
| ९. | वायसाङ्गप्रश्न | २४८ |
| | ९. कागका दुई गुण विषयमा प्रश्न | २४८ |
| १०. | मर्कटाङ्गप्रश्न | २४८ |
| | १०. बाँदरका दुई गुण विषयमा प्रश्न | २४८ |

## २. समुद्र वर्ग

| | | |
|---|---|---|
| १. | अलाबूलताङ्गप्रश्न | २४९ |
| | १. लौकाको एक गुण विषयमा प्रश्न | २४९ |
| २. | पद्माङ्गप्रश्न | २४९ |
| | २. कमलका तीन गुण विषयमा प्रश्न | २४९ |
| ३. | बीजाङ्गप्रश्न | २५० |
| | ३. बीउका दुई गुण विषयमा प्रश्न | २५० |
| ४. | शालकल्याणिकाङ्गप्रश्न | २५० |
| | ४. शालको रूखको एक गुण विषयमा प्रश्न | २५० |
| ५. | नौकाङ्गप्रश्न | २५१ |
| | ५. नाउ (डुङ्गा) को तीन गुण विषयमा प्रश्न | २५१ |
| ६. | नौकालग्नकाङ्गप्रश्न | २५२ |
| | ६. नाउ-लङ्गरका दुई गुण विषयमा प्रश्न | २५२ |
| ७. | कूपाङ्गप्रश्न | २५२ |
| | ७. बहनाको एक गुण विषयमा प्रश्न | २५२ |
| ८. | नियामकाङ्ग प्रश्न | २५३ |
| | ८. कर्णधारका तीन गुण विषयमा प्रश्न | २५३ |
| ९. | कर्मकाराङ्ग प्रश्न | २५३ |
| | ९. नाविकको एक गुण विषयमा प्रश्न | २५३ |
| १०. | समुद्राङ्गप्रश्न | २५४ |
| | १०. समुद्रका पाँच गुण विषयमा प्रश्न | २५४ |

## ३. पृथ्वी वर्ग

| | | |
|---|---|---|
| १. | पृथ्वीअङ्गप्रश्न | २५५ |
| | १. पृथ्वीका पाँच गुण विषयमा प्रश्न | २५५ |



Downloaded from http://www.dhamma.digital

२. जलाङ्ग प्रश्न २५६

२. पानीका पाँच गुण विषयमा प्रश्न २५६

३. तेज-अङ्गप्रश्न २५७

३. आगोका पाँच गुण विषयमा प्रश्न २५७

४. वायु-अङ्ग प्रश्न २५८

४. हावाका पाँच गुण विषयमा प्रश्न २५८

५. पर्वताङ्गप्रश्न २५९

५. पहाडका पाँच गुण विषयमा प्रश्न २५९

६. आकाशाङ्गप्रश्न २६०

६. आकाशका पाँच गुण विषयमा प्रश्न २६०

७. चन्द्राङ्गप्रश्न २६१

७. चन्द्रमाका पाँच गुण विषयमा प्रश्न २६१

८. सूर्याङ्गप्रश्न २६२

८. सूर्यका सात गुण विषयमा प्रश्न २६२

९. शक्राङ्गप्रश्न २६३

९. इन्द्रका तीन गुण विषयमा प्रश्न २६३

१०. चक्रवर्ती-अङ्गप्रश्न २६३

१०. चक्रवर्ती राजाका चार गुण विषयमा प्रश्न २६३


## ४. उपचिका वर्ग


१. उपचिकाङ्गप्रश्न २६४

१. धमिरोको एउटा गुण विषयमा प्रश्न २६४

२. बिडालाङ्ग प्रश्न २६५

२. बिरालोका दुई गुण विषयमा प्रश्न २६५

३. मूषकाङ्गप्रश्न २६५

३. मुसोको एक गुण विषयमा प्रश्न २६५

४. वृश्चिकाङ्गप्रश्न २६६

४. बिच्छीको एक गुण विषयमा प्रश्न २६६

५. नकुलाङ्गप्रश्न २६६

५. न्याउरीको एक गुण विषयमा प्रश्न २६६

६. वृद्धश्रृगालाङ्गप्रश्न २६७

६. बूढो स्यालका दुई गुण विषयमा प्रश्न २६७

७. मृगाङ्गप्रश्न २६८

७. मृगका तीन गुण विषयमा प्रश्न २६८

८. गोरूपाङ्गप्रश्न २६८

८. गोरूका चार गुण विषयमा प्रश्न २६८

९. वराहाङ्गप्रश्न २६९

९. सुँगुरका दुई गुण विषयमा प्रश्न २६९




Downloaded from http://www.dhamma.digital

१०. हस्ति-अङ्गप्रश्न २७०

१०. हात्तीका पाँच गुण विषयमा प्रश्न २७०


## ५. सिंह वर्ग


१. सिंहाङ्ग प्रश्न २७१

१. सिंहका सात गुण विषयमा प्रश्न २७१

२. चक्रवाकाङ्गप्रश्न २७२

२. चखेवाका तीन गुण विषयमा प्रश्न २७२

३. पेणाहिकाङ्गप्रश्न २७३

३. सारस (पेणाहिक) चराका दुई गुण विषयमा प्रश्न २७३

४. गृहकपोताङ्गप्रश्न २७३

४. घर परेवाको एक गुण विषयमा प्रश्न २७३

५. उलूकाङ्गप्रश्न २७४

५. उल्लू (लाटोकोसेरो) का दुई गुण विषयमा प्रश्न २७४

६. शतपत्राङ्गप्रश्न २७४

६. सारसको एक गुण विषयमा प्रश्न २७४

७. बागुरिकाङ्गप्रश्न २७५

७. चमेरोका दुई गुण विषयमा प्रश्न २७५

८. जलौकाङ्गप्रश्न २७५

८. जुकाको एक गुण विषयमा प्रश्न २७५

९. सर्पाङ्गप्रश्न २७६

९. सर्पका तीन गुण विषयमा प्रश्न २७६

१०. अजगराङ्गप्रश्न २७७

१०. अजिङ्गरको एक गुण विषयमा प्रश्न २७७


## ६. मर्कटक वर्ग


१. पन्थमर्कटकाङ्गप्रश्न २७८

१. माकुराको एक गुण विषयमा प्रश्न २७८

२. स्तन्यपायिबालाङ्गप्रश्न २७८

२. दुध चुस्ने बच्चाको एक गुण विषयमा प्रश्न २७८

३. चित्रकधरकूमाङ्गप्रश्न २७९

३. स्थल कछुवाको एक गुण विषयमा प्रश्न २७९

४. उपवनाङ्गप्रश्न २७९

४. जङ्गलका पाँच गुण विषयमा प्रश्न २७९

५. वृक्षाङ्गप्रश्न २८०

५. वृक्षका तीन गुण विषयमा प्रश्न २८०

६. मेघाङ्गप्रश्न २८०

६. बादलका पाँच गुण विषयमा प्रश्न २८०

७. मणिरत्नाङ्ग प्रश्न २८१

७. मणिरत्नका तीन गुण विषयमा प्रश्न २८१




Downloaded from http://www.dhamma.digital

८. मृगयु-अङ्गप्रश्न २८२

८. सिकारीका चार गुण विषयमा प्रश्न २८२

९. बाडिसिकाङ्गप्रश्न २८२

९. जालहारीका दुई गुण विषयमा प्रश्न २८२

१०. तक्षकाङ्गप्रश्न २८३

१०. सिकर्मीका दुई गुण विषयमा प्रश्न २८३


## ७. कुम्भ वर्ग


१. कुम्भाङ्ग प्रश्न २८४

१. गाग्रोको एक गुण विषयमा प्रश्न २८४

२. कालायसाङ्गप्रश्न २८४

२. कलहंसको दुई गुण विषयमा प्रश्न २८४

३. छत्राङ्गप्रश्न २८५

३. छाताका तीन गुण विषयमा प्रश्न २८५

४. क्षेत्राङ्गप्रश्न २८५

४. खेतका तीन गुण विषयमा प्रश्न २८५

५. अगदाङ्गप्रश्न २८६

५. औषधीको दुई गुण विषयमा प्रश्न २८६

६. भोजनाङ्ग प्रश्न २८६

६. भोजनका तीन गुण विषयमा प्रश्न २८६

७. इष्वासाङ्गप्रश्न २८७

७. धनुर्धारीका चार गुण विषयमा प्रश्न २८७

**निगमन** **२८८**

**नामावली** **२९०**

**उपमा सूची** **२९७**

**ग्रन्थसूची** **२९८**


Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# मिलिन्द-प्रश्न

(मिलिन्दपञ्ह)

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# मिलिन्द-प्रश्न

## ग्रन्थ-कथावस्तु

१. मिलिन्दो नाम सो राजा, सागलायं पुरुत्तमे ।
उपगञ्छि नागसेनं, गङ्गा व यथा सागरं ॥१॥

आसज्ज राजा चित्रकथिं, उक्काधारं तमोनुदं ।
अपुच्छि निपुणे पञ्हे, ठानाठानगते पुथू ॥२॥

पुच्छा विसज्जना चेव, गम्भीरत्थूपनिपस्सता ।
हदयङ्गमा कण्णसुखा, अब्भुता लोमहंसना ॥३॥

अभिधम्मविनयोगाळ्हा, सुत्तजालसमत्थिता ।
नागसेनकथा चित्रा, ओपम्मेहि नयेहि च ॥४॥

तत्थ ञाणं पणिधाय, हासयित्वान मानसं ।
सुणाथ निपुणे पञ्हे, कङ्खाठानविदालने ति ॥५॥

जसरी गङ्गा नदी समुद्रमा गएर मिसिन्छ, त्यसरी नै सागल नामको उत्तम नगरमा राजा मिलिन्द[1] (युनानी सम्राट्) स्थविर नागसेन भए ठाउँमा गए ।

अज्ञानरूपी अन्धकारलाई नाश गर्ने, ज्ञानरूपी प्रकाशलाई धारण गर्ने तथा विचित्र वक्ता (नागसेन) निर गई राजाले अनेक विषय बारे सूक्ष्म प्रश्नहरू सोधे ।

ती प्रश्नहरूको भदन्त नागसेनद्वारा दिइएका उत्तरहरू गम्भीर अर्थले युक्त, हृदयग्राह्य, कर्णप्रिय, अद्‌भुत, अत्यन्त आनन्ददायक, अभिधर्म र विनयको गहनताले युक्त, सूत्रहरूको अनुकूल तथा उपमा र न्यायले चित्रित छन् ।

शङ्काहरू मेट्ने ती सूक्ष्म प्रश्नहरू मन लगाएर प्रसन्न चित्तले तपाईंहरू सुन्नुहोस् ।

---

१ मिनेन्डर-इन्डोग्रीक सम्राट्

Downloaded from http://www.dhamma.digital

# सागल नगरको बयान

२. यस्तो सुनिन्छ –

यवनहरूको वाणिज्य-व्यवसायको केन्द्र सागल (स्यालकोट) नामको एउटा नगर थियो । त्यो नगर नदी र पर्वतहरूले शोभित रमणीय भूभागमा रहेको, आराम-फूलबारी-बगैंचा-तलाउ-जलाशयहरूले युक्त, नदी, पर्वत र वनहरू रहनाले बिछट्ट मनोहर थियो । कुशल कालिगडहरूले त्यस नगरको निर्माण गरेका थिए । त्यसका सबै शत्रुहरूको दमन भइसकेको थियो । प्रजालाई कुनै किसिमको कष्ट थिएन । त्यसमा अनेक प्रकारका अनौठो बलिया बार्दलीहरू, दरबार र कोठाहरू थिए । नगरको सिंहद्वार विशाल र राम्रो थियो । भित्रको किल्ला (=अन्तःपुर) गहिरो खाडल र पहेंला पर्खालले घेरिएको थियो । सडक, आँगन, चौबाटो सबै ठीक तवरले व्यवस्थित थिए । पसलहरू राम्ररी सजाइएका किम्मती सामानहरूले भरिभराउ थिए । ठाउँठाउँमा विभिन्न प्रकारका सयौं राम्रा दानशालाहरू बनेका थिए । हिमालय पर्वतका शिखरजस्ता सयौं, हजारौं अग्ला-अग्ला भवनहरू थिए । हात्ती, घोडा, रथ र पैदल हिंड्ने मानिसबाट त्यहाँ रमझम भइरहन्थ्यो । जमातका जमात राम्राराम्रा पुरुष र महिलाहरू डुलिरहन्थे । त्यो नगर सबै प्रकारका मानिसहरूको घुइँचोले भरिएको थियो । त्यहाँ क्षत्रिय, ब्राह्मण, वैश्य, शूद्र, श्रमण-ब्राह्मण, सन्यासी र गणाचार्यहरू बस्दथिए । त्यो ठूलठूला विद्वान्‌हरूको केन्द्र थियो । काशी, कोटुम्बरजस्ता ठाउँहरूमा बनेका कपडाहरूका ठूलठूला पसलहरू थिए । अनेक प्रकारका फूल र बास्ना आउने वस्तुहरूका पनि पसलहरू थिए । बजारमा चाहिने रत्नहरू भरिभराउ हुन्थे । सबैतिर श्रृङ्गार-श्रेष्ठीहरूका पसल खुला रहन्थे । कार्षापण, चाँदी, सुन, काँस र पत्थरहरूले परिर्पूण त्यो नगर मानौं बहुमूल्य रत्नहरूको एउटा चहकिलो खजाना थियो । सबै प्रकारका धन, धान्य र सामग्रीहरूले भण्डार र कोष भरिभराउ थिए । त्यहाँ अनेक प्रकारका खाद्य, भोज्य र पेय थिए । त्यो नगर उत्तरकुरुझैं उपजाउ र आलकमन्दा (स्वर्ग) जस्तै शोभासम्पन्न थियो ।

**यस ग्रन्थका छ भाग**

त्यस नगरको शोभावर्णनको कुरा यहीं छाडेर ती मानिसहरू (मिलिन्द र नागसेन) को पूर्वजन्मबारे कुरा गरौं ।

यसलाई छ भागमा बाँडेर भनुँला । जस्तो : –

**१. पूर्वयोग,**

**२. मिलिन्द-प्रश्न,**

**३. लक्षण-प्रश्न,**

**४. मेण्डक-प्रश्न,**

**५. अनुमान-प्रश्न,**

**६. उपमाकथा-प्रश्न ।**

यसमा मिलिन्द-प्रश्नका दुई भाग छन् : – (क) लक्षण-प्रश्न र (ख) विमतिच्छेदन-प्रश्न । यसरी नै, मेण्डक-प्रश्नका पनि दुई भाग छन् : – (क) **महावर्ग** र (ख) **योगी-कथा** ।



Downloaded from http://www.dhamma.digital

# १. बाहिरी कथा

## १. पूर्वयोग

### १. नागसेन र मिलिन्दको पूर्वजन्म

३. "पूर्वयोग" को अर्थ हो उनीहरूले पूर्वजन्ममा गरेको कर्म ।

अतीतकालमा भगवान् काश्यप (२७ औं बुद्ध) को शासनकालमा गङ्गा नदीका नजिक, एउटा आश्रममा एउटा ठूलो भिक्षुसङ्घ थियो । त्यहाँ व्रत र शीलसम्पन्न केही भिक्षु[२] एकाविहानै उठेर, कूचो लिई बुद्धका गुणहरू सम्झना गर्दै आँगनलाई बढार्थे र फोहोर र कसिङ्गर थुपार्थे ।

एक दिन एउटा भिक्षुले कुनै श्रामणेरलाई[३] भने : – "यहाँ आऊ, यो फोहोरलाई मिल्काऊ ।" त्यस श्रामणेरले सुनेर पनि नसुनेझैं गऱ्यो । दोस्रो र तेस्रोपल्ट पनि उसले नसुनेझैं गऱ्यो । यसरी त्यस भिक्षुले "त्यो श्रामणेर निकै उद्दण्ड छ" भन्दै रिसाएर उसलाई कुचोले हिर्काए । त्यसपछि श्रामणेरले रुँदै डराएर कसिङ्गर फ्याँक्दै : – "यो फोहोर मिल्काउने पुण्य कर्मबाट जवसम्म म निर्वाण प्राप्त गर्दिन त्यसबेलासम्म म जहाँ जन्मे पनि मध्यान्हको सूर्यझैं तेजस्वी हुन सकूँ ।" यस्तो पहिलो सङ्कल्प गऱ्यो । कसिङ्गरलाई मिल्काएर नुहाउन भनी गङ्गा नदीको घाटमा गयो । गङ्गा नदीको गर्जन गरिरहेका छाललाई देखेपछि उसले अर्को सङ्कल्प गऱ्यो– "जबसम्म म निर्वाण प्राप्त गर्दिन त्यसबेलासम्म जहाँ जन्म लिऊँ, त्यहाँ यस्तै छालहरूको वेगझैं म प्रत्युत्पन्नमति र प्रतिभाशाली हुन सकूँ ।"

उता त्यो भिक्षुले पनि कूचो राख्ने ठाउँमा कूचो राखेर नुहाउन भनी घाटमा जान लाग्दा श्रामणेरको त्यो सङ्कल्प सुने । सुनेर विचार गरे – "यो (श्रामणेर) मबाट प्रेरित भएर यस्तो अठोट गर्छ भने के मलाई पनि यसको फल प्राप्त हुने छैन र ?"

यस्तो विचार गरेर उनले सङ्कल्प गरे :– "जबसम्म म निर्वाण प्राप्त गर्दिन त्यसबेलासम्म जहाँ जन्म लिऊँ, छालहरूको प्रवाहझैं प्रत्युत्पन्नमति होऊँ अनि उसले सोध्ने सबै प्रश्नहरूको गाँठो फुकाउन समर्थ होऊँ ।"

यसरी देवलोक र मनुष्यलोकमा जन्म ग्रहण गरेर ती दुवैले एक बुद्धान्तर[४] व्यतीत गरे ।

त्यस पछि हाम्रा भगवान् बुद्धले पनि उनीहरूलाई देख्नु भयो अनि मोग्गलिपुत्त तिष्य स्थविरझैं उनीहरूका विषयमा पनि भविष्यवाणी गर्नुभयो :– "मेरो परिनिर्वाण भएको पाँच सय वर्षपछि यी दुवैले

---

२. भिक्षु–संसारको भयलाई देखेर विरक्त हुने (संसारे भयं इक्खती'ति भिक्खु) गृहत्याग गरेर काषायवस्त्र धारण गरेर २२७ वटा शील विनयअनुसार पालन गर्ने तथा उपसम्पदा प्राप्त गरेको मानिसलाई 'भिक्षु' भन्दछन् ।

३. श्रामणेर–गृहत्याग गरेर प्रव्रजित भएर काषायवस्त्र धारण गर्ने र दस शील पालन गर्ने मानिसलाई 'श्रामणेर' भनिन्छ ।

४. बुद्धान्तर–एउटा बुद्ध परिनिर्वाण भएर अर्को बुद्ध उत्पन्न नभए सम्मको अवधिलाई 'बुद्धान्तर' भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

जन्म लिनेछन् अनि जुन धर्मविनयको मैले सूक्ष्मरूपले उपदेश दिएको छु, त्यसलाई यिनीहरूले प्रश्नोत्तर, उपमा र युक्तिबाट सम्झाउनेछन् ।"

४. उनीहरूमध्ये त्यो श्रामणेर जम्बूद्वीप (भारत वर्ष) को सागल नामको नगरमा मिलिन्द नामको राजा भयो । ऊ निक्कै ठूलो पण्डित, बाठो, बुद्धिमान् र योग्य थियो । ऊ भूत, भविष्यत् र वर्तमानका सबै मन्त्र योग विधानमा चनाखो थियो । उसले थुप्रै विद्याहरू पढेको थियो जस्तो : – (१) श्रुति, (२) स्मृति, (३) सांख्य, (४) योग, (५) नीति[५], (६) वैशेषिक, (७) गणित, (८) सङ्गीत, (९) वैधक (चिकित्सा), (१०) चार ओटै वेद, (११) पुराण, (१२) इतिहास, (१३) ज्योतिष, (१४) माया[६], (१५) तर्क, (१६) तन्त्र, (१७) युद्धविद्या र (१८) छन्द शास्त्र तथा (१९) बुद्धवचन सहित उन्नाइसौं विद्या । लोकायत वितण्डवादी शास्त्रार्थ गर्नमा ऊ अद्वितीय र अजेय थियो । ऊ सबै तीर्थङ्करहरू, आचार्य र मण्डलेश्वरहरूमध्ये जसलाई श्रेष्ठ ठान्दथ्यो, उसकहाँ जान्थ्यो । प्रज्ञा, बल, वेग, वीरता, धन र भोग-जुनसुकैमा मिलिन्द राजाझैं समग्र जम्बूद्वीपमा अर्को कोही पनि थिएन । ऊ महासम्पत्तिशाली र उन्नतिशील थियो । उसको सेनाहरू र वाहनहरूको कुनै लेखाजोखा थिएन ।

५. त्यसपछि एक दिन राजा मिलिन्द आफ्नो अनन्त चतुरङ्गणी सेनाको निरीक्षण गर्न नगरभन्दा बाहिर गए । सेनाहरूको गणना गरेपछि वादप्रिय राजाले लोकायत (जडवादी) र वितण्डवादीहरू (सभामा अरूको कुनै कुरो नसुनी आफ्नो मात्र कुरा गर्ने) सँग तर्क गर्न उत्सुक भएर मास्तिर आकाश तर्फ सूर्यलाई (समय हेरेको) हेरे अनि आफ्ना अमात्यहरूलाई सम्बोधित गरे – "अझै धेरै समय बाँकी छ । त्यस बेलासम्म के गर्नु पर्ला ? के यस्तो कोही सम्यक्सम्बुद्धका सिद्धन्त बुझ्ने श्रमण, ब्राह्मण, सन्यासी अथवा सङ्घ गणाचार्य छ, जसका साथ म नगरमा गएर कुराकानी गरूँ, जसले मेरो शंङ्काहरू मेटाई दिन सकोस् ?"

राजाले यसो भनेपछि पाँच सय यवनहरूले उनलाई भने – "हो महाराज ! यस्ता छ तीर्थङ्करहरू छन् – (१) पूरण कस्सप, (२) मक्खलि गोसाल, (३) निगण्ठ नाटपुत्त, (४) सञ्जय वेलट्ठिपुत्त, (५) अजित केसकम्बली र ६. पकुध कच्चायन ।[७] उनीहरू सङ्घनायक, गणनायक, गणाचार्य, प्राज्ञ र तीर्थङ्कर हुन् । जनसमूहमा उनीहरूको ठूलो सम्मान छ । महाराज ! तपाईं उनीहरू छेउ गई प्रश्न सोधी आफ्ना शङ्काहरूको निवारण गर्नुहोस् ।"

## २. पूरण कस्सपसँग मिलिन्दको भेटघाट

६. त्यसपछि राजा मिलिन्द पाँच सय यवनहरूका साथ राम्रो रथ चढेर पूरण कस्सप भए ठाउँमा गए । कुशल क्षेम सोधेपछि एक छेउमा बसे । एकातिर बसेपछि पूरण कस्सपसित उनले भने – "भन्ते कस्सप ! संसारको पालन कसले गर्छ ?" "महाराज ! पृथ्वीले लोकको पालन गर्दछ ।" "भन्ते

५. नीति- 'न्याय' हि.मि.

६. माया-'मन्त्र विद्या' हि. मि.

७. यी ६ जना तीर्थङ्करहरू दीर्घनिकायको सामञ्ञफल-सुत्तमा उल्लेख भइसकेका छ तीर्थङ्करहरूका आचार्य शिष्य परम्पराका नै हुन् । बुद्धका समयका छ तीर्थङ्करहरूको सिद्धान्त सामञ्ञफल दीघनिकायमा सविस्तार वर्णन भएको छ ।



Downloaded from http://www.dhamma.digital

कस्सप ! यदि पृथ्वीले लोकलाई पालन गर्दछ भने अवीचि नरकमा[८] जाने जीवहरूले किन पृथ्वीको अतिक्रमण गर्छन् ?" राजाका यस्तो कुरा सुनेपछि पूरण कस्सपले यस विषयमा न उकेल्न सके, न निल्न सके; शिर झुकाएर केही नबोली बुद्धिहीन भएर बसिरहे ।

## ३. मक्खलि गोसालसँग राजा मिलिन्दको भेटघाट

७. त्यसपछि राजा मिलिन्दले मक्खलि गोसालसँग सोधे – "भन्ते गोसाल ! के पाप र पुण्य कर्म छन् ? के राम्रा र नराम्रा कर्महरूका फल हुन्छन् ?" "अहँ, महाराज पाप र पुण्य कर्म केही होइनन् । राम्रा र नराम्रा कर्महरूका कुनै फल हुँदैनन् । महाराज ! यहाँ भएका क्षत्रियहरू परलोक गएपछि पनि क्षत्रिय नै हुनेछन् । यहाँ भएका ब्राह्मण, वैश्य, शूद्र, चण्डाल वा पुक्कुस (हीन-जाति) परलोक गएपछि पनि ब्राह्मण, वैश्य, शूद्र, चण्डाल वा पुक्कुस नै रहनेछन् । पाप र पुण्य कर्महरूबाट हुने नै के हो ?"

"भन्ते गोसाल ! जो यहाँ क्षत्रिय, ब्राह्मण छन्, उनीहरू परलोक गएर क्षत्रिय, ब्राह्मण नै हुने भए र पाप पुण्यले केही पनि नहुने भए र जो यस लोकमा लुला मानिसहरू छन्, परलोकमा पनि लुला लँगडा नै हुन्छन् होला, जसको कान काटिएको छ, कनकटुवा र नाक काटिएको नकटो नै हुन्छन् होला ?" राजाका यस्ता कुरा सुनेर गोसाल चुप लागे ।

त्यसपछि राजा मिलिन्दको मनमा यस्तो भयो – "अरे ! यो जम्बुद्वीप तुच्छ रहेछ । प्रलापजस्तो मात्र रहेछ जम्बुद्वीप ! यहाँ कुनै श्रमण या ब्राह्मण छैन रहेछ, जो मसँग कुरा (तर्क) गर्न सकोस् । कसले मेरा शङ्काहरूको निवारण गर्ला ?"

अनि एक दिन राजा मिलिन्दले अमात्यहरूलाई डाकेर भने – "अहा ! कति निर्मल रमणीय यो रात ! अहा ! आज कुन श्रमण या ब्राह्मणको सत्सङ्गत गरूँ जसको सङ्गत गर्नाले चित्त प्रफुल्लित हुन सकोस् ? कसले मसँग वार्तालाप गरी मेरो शङ्का निवारण गर्न सक्छ ?"

राजाका यस्ता कुरा सुनेपछि सबै अमात्यहरू चुप लागे अनि राजाको अनुहारतिर हेरेर उभिइरहे ।

त्यस समयमा सागल नगर बाह्र वर्षदेखि, श्रमण, ब्राह्मण वा गृहस्थ पण्डितहरू नरहेकाले खाली थियो । कतै श्रमण, ब्राह्मण वा गृहस्थ पण्डित बसेका भए त्यहाँ गएर राजाले उनीहरूसँग प्रश्न सोध्थे । राजाको प्रश्नको सन्तुष्ट उत्तर दिन नसकेर उनीहरू यत्रतत्र भाग्थे । जो अर्को ठाउँमा भाग्न जान सक्दैनथिए, ती चुप लागेर त्यहीं बस्थे ।

## ४. आयुष्मान् अस्सगुत्तद्वारा भिक्षुसंघलाई आमन्त्रण

८. त्यस समयमा हिमालय पर्वतको रक्षित-तलमा शतकोटि अर्हत् बास गर्दथे । त्यसपछि आयुष्मान् अस्सगुत्तले आफ्नो दिव्यश्रोतद्वारा राजा मिलिन्दका कुरा सुने । सो सुनेपछि उनले युगन्धर

---

८. आठओटा नरक - (१) संजीव, (२) काल सुत्त, (३) संघात, (४) जालरोरूव, (५) धुमरोरुव, (६) तापन (७) पतापन, र (८) अवीचि ।



Downloaded from http://www.dhamma.digital

नामक पर्वतमा भिक्षु-सङ्घको एउटा बैठक गरे अनि भिक्षुहरूलाई सोधे – "आवुस ! के कुनै भिक्षुसँग यस्तो सामर्थ्य छ जो राजा मिलिन्दसँग कुराकानी गरेर उनको शङ्काको निवारण गर्न वा समाधान गर्न सकोस् ?" यस्तो कुरा सोध्दा सतकोटि अर्हत् चुप लागे ।

त्यसपछि आयुष्मान् अस्सगुत्तले भिक्षुसङ्घलाई भने – "आवुस ! तावतिंस भुवन (त्रायस्त्रिंश देवलोक) मा वेजयन्तभन्दा पूर्वतर्फ केतुमती नामको एउटा विमान (प्रासाद) छ । त्यहाँ महासेन नामक एक देवपुत्र बस्छन्, उनी राजा मिलिन्दसँग कुराकानी गरेर उनको शंङ्काको निवारण गर्न सर्मथ छन् ।"

## ५. महासेन देवपुत्रलाई मनुष्यलोकमा आउन प्रार्थना

(९) त्यसपछि शतकोटि अर्हत् युगन्धर पर्वतबाट अन्तर्धान भएर तावतिंस भवनमा प्रकट भए । देवाधिपति शक्र (इन्द्र) ले ती भिक्षुलाई टाढैबाट आउँदै गरेको देखे । सो देखेपछि आयुष्मान् अस्सगुत्तका नजिकै गएर उहाँलाई अभिवादन गरी कुशलवार्ता गरेर एकातिर उभिए । देवाधिपति शक्रले आयुष्मान् अस्सगुत्तलाई भने – "भन्ते ! विशाल भिक्षुसङ्घ सहित आउनुभएको छ । म सङ्घको सेवक हुँ । के चाहिन्छ ? म के सेवा गर्न सक्छु ?"

त्यसपछि आयुष्मान् अस्सगुत्तले देवाधिपति शक्रलाई भने – "महाराज ! जम्बुद्वीपको सागल नामक नगरमा मिलिन्द नामका राजा वाद-विवाद गर्नमा अद्वितीय र अपराजेय छन् । उनी सबै तीर्थङ्करहरूमध्ये श्रेष्ठ मानिन्छन् । उनी भिक्षुसङ्घमा गएर मिथ्यादृष्टि विषयबारे प्रश्न गरेर हैरान पार्छन् ।"

त्यसपछि देवाधिपति शक्रले आयुष्मान् अस्सगुत्तलाई यसो भने – "भन्ते ! राजा मिलिन्द यहींबाट मनुष्यलोकमा उत्पन्न भएका हुन् । भन्ते ! केतुमती विमानमा महासेन नामको देवपुत्र बास गर्दछन् जो ती राजा मिलिन्दका साथ वार्तालाप गरेर उनको शङ्का मेट्न समर्थ छन् । त्यहीँ देवपुत्रसँग हामी मनुष्यलोकमा जन्म ग्रहण गर्नका लागि प्रार्थना गरौं ।"

त्यसपछि देवाधिपति शक्रले भिक्षु सङ्घलाई अगाडि पारेर केतुमति विमानमा गए । त्यहाँ महासेन देवपुत्रलाई आलिङ्गन गरेर यसो भने – "मारिष ! भिक्षुसङ्घ तपाईंलाई मनुष्यलोकमा उत्पन्न हुनका लागि प्रार्थना गर्न आएको छ ।"

"हैन, भन्ते ! मलाई मनुष्यलोकमा कुनै काम छैन । कामकाजको झन्झटले गर्दा मनुष्य जीवनमा सुख छैन । भन्ते ! म उत्तरोत्तर (क्रमशः) देवलोकमा नै माथि जन्म ग्रहण गरेर मुक्त हुन्छु ।"

"दोस्रो र तेस्रो पटक पनि शक्रले प्रार्थना गर्दा महासेन देवपुत्रले भने – "हुन्न, भन्ते ।"

त्यसपछि आयुष्मान् अस्सगुत्तले महासेन देवपुत्रलाई भने – "मारिस ! देवसहित यस लोकमा खोज्दा पनि तपाईंलाई छाडेर दोस्रो हाम्रो दृष्टिमा छैन जो राजा मिलिन्दको तर्कलाई काटेर बुद्ध शासन (बुद्धधर्म) को रक्षा गर्न समर्थ होस् । भिक्षुसङ्घ तपाईंसँग याचना गर्दछ कि तपाईं मनुष्यलोकमा जन्म लिएर दशबल[९] (बुद्ध) शासनको रक्षा गर्नुहोस् ।"

---

९. सम्यक् सम्बुद्धका दस बल

(१) बुद्धले स्थानलाई स्थान र अस्थानलाई अस्थानको रूपमा यथार्थतः जान्नुहुन्छ ।

(२) बुद्धले अतीत, वर्तमान र भविष्यमा गरेको कर्मको विपाकको स्थान र हेतुपूर्वक ठीक तवरले जान्नुहुन्छ ।

(३) बुद्ध सर्वत्रगामिनी प्रतिपद (=मार्ग, ज्ञान) लाई ठीक तवरले जान्नुहुन्छ ।



Downloaded from http://www.dhamma.digital

यो सुनेर कि – 'म राजा मिलिन्दको तर्कलाई काटेर शासनको रक्षा गर्न सक्छु'-महासेन अत्यन्त आनन्दित भए । उनले यस्तो वचन दिए – "हवस् (=साधु) भन्ते ! म मनुष्यलोकमा जन्म ग्रहण गर्छु ।"

## ६. अस्सगुत्तद्वारा रोहणलाई दण्ड-कर्म

१०. त्यसपछि भिक्षुसङ्घ देवलोकमा यस्ता काम गरेर तावतिंस लोकबाट अन्तर्धान भई हिमालय पर्वतको रक्षित-तल प्रदेशमा प्रकट भए । त्यहाँ आयुष्मान् अस्सगुत्तले भिक्षुसङ्घलाई सोधे – "आवुसो ! यस सङ्घमा कोही यस्तो भिक्षु छ, जो हाम्रो बैठकमा अनुपस्थित थियो ?" यो कुरो सोध्दा एउटा भिक्षुले भने – "भन्ते ! आयुष्मान् रोहण आजभन्दा सात दिन पहिले हिमालय पर्वतमा प्रवेश गरेर निरोध समापत्ति (समाधि) मा बसेका छन् । उनीकहाँ दूत पठाउनुहोस् ।" आयुष्मान् रोहण पनि तत्कालै समाधिबाट उठेर – 'सङ्घले मलाई डाक्दैछ भन्ने बुझी त्यहाँबाट अन्तर्धान भएर रक्षित-तलमा कोटिशत अर्हत्हरूका सामु प्रकट भए । त्यसपछि आयुष्मान् अस्सगुत्तले आयुष्मान् रोहणलाई यसो भने – "आवुस रोहण ! बुद्धशासन सङ्कटमा पर्दा पनि तपाईं सङ्घको कार्यमा ध्यान दिनुहुन्न ?" "भन्ते ! मबाट गल्ती हुन गयो ।" "आवुसो रोहण ! त्यसो भए तपाई दण्डकर्म (प्रायश्चित) गर्नुहोस् ।" "भन्ते ! मैले के गर्नुपर्‍यो ?" "आवुसो रोहण ! हिमालय पर्वतसँगै कजङ्गल[10] नामको ब्राह्मण गाउँ छ । त्यहाँ सोनुत्तर नामको एक ब्राह्मण बस्छ । तपाईं सात वर्ष दस महिनासम्म उसको घरमा भिक्षाटनका लागि जानुहोस् र नागसेन बालकलाई ल्याएर प्रव्रजित गर्नुहोस् । जब उनी प्रव्रजित हुन्छन्, त्यसपछि तपाईं यस दण्डकर्मबाट मुक्त हुनु हुनेछ ।" आयुष्मान् रोहणले "हवस् !" भनेर स्वीकार गरे ।

## ७. महासेन मनुष्यलोकमा प्रकट

११. महासेन देवपुत्र देवलोकबाट उत्रेर सोनुत्तर ब्राह्मणको स्त्रीको कोखमा प्रतिसन्धि[11] (गर्भ) ग्रहण गरे । प्रतिसन्धि ग्रहण गर्नाका साथै तीन आश्चर्य (अद्भुत) धर्म प्रकट भयो ।

१. सबै शस्त्रास्त्रहरू प्रज्वलित भए,

---

(४) बुद्ध अनेक धातु (=ब्रह्माण्ड) नाना धातु भएको लोकलाई राम्ररी जान्नुहुन्छ ।
(५) बुद्ध नाना अधिमुक्ति (=स्वभाव) भएको सत्व (=प्राणीहरू) लाई उचित तवरले जान्नुहुन्छ ।
(६) बुद्ध अन्य सत्त्वहरूका इन्द्रियहरूको परत्व-अपरत्व (=प्रबलता, दुर्बलता) ठीकरूपमा जान्नुहुन्छ ।
(७) बुद्ध ध्यान, विमोक्ष, समाधि, समापत्तिको संक्लेश(=मल), व्यवदान (=निर्मलीकरण) र उत्थानलाई ठीकतवरले जान्नुहुन्छ ।
(८) बुद्धले पूर्ण विवरणसहित आफ्ना पूर्वजन्महरूका कुरा सम्झन सक्नुहुन्छ ।
(९) बुद्ध दिव्य-चक्षुले प्राणीहरू उत्पन्न भएर मृत्युपछि स्वर्ग प्राप्त भएकालाई देख्न सक्नुहुन्छ ।
(१०) बुद्धले आस्रवहरूको क्षय देखेर आस्रवरहित चित्त विमुक्ति(=मुक्ति) प्रज्ञा विमुत्तिलाई यही जन्ममा साक्षात्कार गर्नुहुन्छ । हेर्नुहोस् महासीहनाद-सुत्त, म.नि.नेपाली पृ. ७२-५.

१०. यो एउटा बौद्ध साहित्यमा नाम चलेको गाउँ हो । सुमंगल विलासिनी ग्रन्थअनुसार जम्बुद्वीप अर्न्तगत मज्झिम देशको पूर्वी सीमा तिर कजङ्गल भन्ने एउटा निगम छ । सुमंगल विलासिनी -१.पृ.२६५ ।

११. पटिसन्धि (प्रतिसन्धि) एक जीवनधाराबाट छुटेर अर्को जन्म (गर्भमा बस्नु) लिने कामलाई प्रतिसन्धि भनिन्छ । अभिधर्म अनुसार अपायभूमिपटिसन्धि, कामसुगतिभूमिपटिसन्धि, रूपावचरपटिसन्धि र अरूपावचरपटिसन्धि नामक चार प्रकारका प्रतिसन्धिहरू छन् ।



Downloaded from http://www.dhamma.digital

२. नयाँ धानहरू फल्न थाले,
३. घनघोर वर्षा हुन थाल्यो ।

आयुष्मान् रोहण पनि महासेन देवपुत्रले प्रतिसन्धि ग्रहण गर्दाको समयदेखि लिएर सात वर्ष दस महिनासम्म त्यस ब्राह्मणको घरमा भिक्षाटनका लागि गए । तर कुनै एक दिन पनि एक डाडु भात या चम्चाभरि यागु (जाउलो) या अभिवादन, या नमस्कार, या स्वागतको शब्दसम्म पनि पाएनन् । बरु गाली र हेलाँ मात्र पाए । "भन्ते ! अगाडि जानुहोस्" – यति मात्र भन्ने कोही व्यक्ति पनि थिएन । सात वर्ष दस महिना बितेपछि एक दिन "भन्ते ! अगाडि जानुहोस्" – भन्ने एक वचन पाए । त्यसपछि ब्राह्मण कुनै काम परेर बाहिरबाट फर्कदैंथिए । बीच बाटोमा स्थविरलाई[१२] देखेर सोधे – "भन्नुहोस् भन्ते ! के मेरो घरमा जानुभएको थियो ?" "हो ब्राह्मण ! गएको थिएँ ।" "के केही पाउनुभयो ?" "हो, ब्राह्मण पाएँ ।" उनलाई असन्तुष्टि भएर घर गएर सोधे – "त्यस भिक्षुलाई केही दियौ ?" "अहँ, केही पनि दिएको छैन ।" भोलिपल्ट ब्राह्मण आफ्नो घरको दैलोमा बसे – "आज त्यस भिक्षुलाई भूटो बोलेको अपराधमा दोषी ठहऱ्याउँछु ।"

भोलिपल्ट स्थविर ब्राह्मणको घर गए । ब्राह्मणले स्थविरलाई देखेर भने – "हिजो मेरो घरमा तपाईंले केही पनि प्राप्त गर्नु भएन, तैपनि तपाईंले पाएँ भनेर भन्नुभयो । के तपाईंले यस्तो भूटो बोल्न हुन्छ ?"

स्थविरले भने – "ब्राह्मण, तिम्रो घरमा म सात वर्ष दस महिनासम्म आइरहें तर कुनै दिन पनि – 'अगाडि जानुहोस्' भनेर कसैले पनि एक वचनसम्म भनेको सुन्न पाइन । हिजो 'अगाडि जानुस्' यति वचन त पाएँ । सोही वचनलाई लक्ष्य गरेर मैले त्यसो भनेको हुँ ।"

ब्राह्मण विचार गर्न लागे – 'यदि यो आचारवश भनिएको वचनलाई नै पाएँ भनी व्यक्तिहरूलाई प्रशंसा गर्दछ भने साँचै नै खाने र पिउने वस्तु प्राप्त गरेको खण्डमा कसरी प्रशंसा नगर्ला ! अनि उसले प्रसन्न भएर आफ्ना लागि तयार पारेको भातबाट डाडु भरी भात र त्यसको बराबर व्यञ्जन (दाल, तरकारी, अचार) भिक्षा दिएर भने, "यति भिक्षा तपाईं सधैं पाउनु हुनेछ ।"

त्यस दिनपछि ती ब्राह्मण त्यस भिक्षुको आगमनमा उसको शान्तभावलाई देखेर एकदम खुसी हुन्थे ।

उनले स्थविरलाई सधैंका लागि आफ्नो घरमै भोजन गर्न प्रार्थना गरे । स्थविरले चुप लागेर स्वीकार गरे । त्यसपछि प्रतिदिन भोजन गरेर फर्कदाखेरि भगवान् बुद्धको केही उपदेश भनेर स्थविर रोहण जाने गर्दथिए ।

दस महिनापछि त्यस ब्राह्मणीले छोरो पाई । उसको नाम नागसेन राखियो । ऊ क्रमशः बढ्दै गएर सात वर्षको भयो ।

१२. दस वर्षावास पूरा गरेको भिक्षुलाई 'स्थविर' भनिन्छ भने बीस बर्षावास पूरा गरेको भिक्षुलाई 'महास्थविर' भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

# ८. नागसेनको अध्ययन समय

१२. त्यसपछि नागसेनका बुबाले उनलाई भने – "प्रिय नागसेन ! यो ब्राह्मणकुलका जुन शिक्षाहरू छन्, ती सिक ।" "बुबा ! यस ब्राह्मणकुलका शिक्षाहरू के हुन् ?" "बाबु नागसेन ! तीनओटै वेद र अन्य शिल्प शिक्षाहरु – यिनै शिक्षाहरू हुन् ।" "बुबा, म ती सिकुँला ।"

त्यसपछि सोणुत्तर ब्राह्मणले कुनै ब्राह्मण आचार्यलाई एक हजार रुपियाँ गुरुदक्षिणा भाग दिएर, आफ्नो भवनको एउटा उचित ठाउँमा आसन ओछ्याएर भने – "हे ब्राह्मण ! तपाईं नागसेनलाई मन्त्रहरु पढाउनुहोस् ।"

आचार्यले उनलाई वेदमन्त्रहरू पढाउन लागे । बालक नागसेनले एउटै आवृत्तिमा तीनओटै वेदलाई कण्ठ गरेर राम्ररी अर्थ पनि बुझे । स्वयं अवस्थित व्यवस्थित गर्न सिके । स्वतः उनलाई तीनओटै वेदहरूको एक प्रत्यक्ष अन्तर्दृष्टि उत्पन्न भयो । शब्द-ज्ञान, छन्द-ज्ञान, भाषा-ज्ञान तथा इतिहास केही पनि बाँकी रहेन । उनी पदहरू बुझ्ने व्याकरण तथा लोकायत र महापुरुष लक्षणशास्त्रमा[१३] पुरै पण्डित भए ।

त्यसपछि नागसेनले आफ्नो बुबालाई सोधे – "बुबा ! यस ब्राह्मणकुलमा यो भन्दा बढी कुनै शिक्षा अरू पनि छन् कि यति मात्र हो ?" "छोरा नागसेन ! ··· यो भन्दा बढी कुनै पनि शिक्षा छैन, यति मात्र सिक्नु थियो ।"

त्यसपछि नागसेनले आचार्यलाई अनुयोग (गुरु दक्षिणा) अर्थात् अन्तिम पल्ट आफूले पढेका सबै कण्ठ सुनाएपछि बिदा लिएर उनी प्रासादबाट तल झरे । आफ्ना पूर्व संस्कारहरूबाट प्रेरित भएर एकान्त समाधि लगाए, आफूले पढेको विद्याको आदि, मध्य र अन्तबारे विचार गर्न लागे । उनले आदि, मध्य र अन्तबारे कहीं पनि अल्प मात्रामा पनि सार पाउन नसकेर एकदम असन्तुष्ट भए – "यी वेदहरू तुच्छ रहेछन्, खोक्रा रहेछन् । यी वेदहरू असार (निसार) रहेछन् ।"

# ९. नागसेनसित आयुष्मान् रोहणको भेटघाट

१३. त्यस बखत आयुष्मान् रोहण वत्तनीय सेनासन (आश्रम) मा बसेर बालक नागसेनको चित्तको कुरालाई आफ्नो ध्यान-बलले बुझे । लुगा लगाएर पात्र र चीवर धारण गरी वत्तनीय आश्रमबाट अन्तर्धान भई कजङ्गल नामका ब्राह्मणको गाउँको छेउमा उनी प्रकट भए ।

आफ्नो घरको ढोकामा उभिएका नागसेनले आयुष्मान् रोहणलाई टाढैबाट आउँदै गरेको देखे । उनी एकदम सन्तुष्ट, प्रमुदित र प्रीति सौमञ्जस्ययुक्त भए । यस्तो विचार गरे कि सायद यस भिक्षुले केही सार जान्दछ । भिक्षुको नजिक गएर उनले भने – "मारिष ! यसरी सिर खौराएर काषायवस्त्र धारण गर्ने तपाईं को हुनुहुन्छ ?" "बाबु ! म प्रव्रजित (भिक्षु) हुँ ।" "मारिष ! तपाईं भिक्षु किन हुनुभयो ?" "पापरूपी मनको मैललाई हटाउनका लागि भिक्षु भएको हुँ ।"

"मारिष ! के करण हो कि तपाईंको कपाल अरूको जस्तो छैन ?" "बाबु, यसमा सोह्र झन्झटहरूलाई देखेर भिक्षुहरू आफ्नो सिर र दाह्रीलाई खौरन्छन् ।" "कुनचाहिँ सोह्र ?" "केश र दाह्री

---

१३. दीघनिकाय (नेपाली) पृ. ४६७ लक्खण-सुत्तमा यस विषयबारे हेर्नु होला ।

Downloaded from http://www.dhamma.digital

पाल्दा (१) देखरेख गर्नुपर्छ, (२) सजाउनुपर्छ, (३) तेल लगाउनुपर्छ, (४) धुनुपर्छ, (५) माला लगाउनुपर्छ, (६) अत्तर छर्नुपर्छ, (७) सुगन्धित राख्नुपर्छ, (८) हर्रोको प्रयोग गर्नुपर्छ, (९) अमलाको प्रयोग गर्नुपर्छ, (१०) रङ्ग लगाउनुपर्छ, (११) बाँध्नुपर्छ, (१२) काइँयोले कोर्नुपर्छ, (१३) बेला-बेला नाउ (हजाम) कहाँ जानुपर्छ, (१४) लट्टा परेका लाई फुकाउनुपर्छ, (१५) जुम्रा पर्न सक्छ (१६) जब केश झर्न थाल्छ, त मानिस चिन्तित हुन्छ, दुःखी हुन्छ, शोकाकुल हुन्छ, छाती पिटीपिटी रुन्छ अनि मोहित हुन्छ। बाबु, यस्ता सोह्र झन्झटमा बल्झेको मानिसले अत्यन्त सूक्ष्म कुरो बिर्सन्छ!"

"मारिष! के कारण हो कि तपाईंको लुगा अरूको जस्तो छैन?" "बाबु! गृहस्थहरूका राम्रा-राम्रा पहिरनमा कामवासना रहेको हुन्छ। लुगाले गर्दा जे-जस्तो भय हुने सम्भावना रहन्छ काषायवस्त्र लुगा लगाउँदा त्यसो हुँदैन। त्यसैले त मेरो लुगा अरूहरूले लगाउनेजस्तो छैन।"

"मारिष! के तपाईं ज्ञानका कुराहरू जान्नुहुन्छ?" "बावु! हो, म यथार्थ ज्ञान जान्दछु र संसारमा जुन उत्तम मन्त्र छ, त्यो पनि जान्दछु।" "मारिष! के मलाई पनि सिकाउन सक्नुहुन्छ?" "हुन्छ, सिकाउन सक्छु।" "त्यसो भए सिकाउनुहोस्।" "बाबु, यसका लागि अहिले समय अनुकूल छैन। अहिले म गाउँमा भिक्षाटनका लागि आएको छु।"

त्यसपछि नागसेनले आयुष्मान् रोहणको हातबाट पात्र लिएर उनलाई घरभित्र लगे। त्यहाँ आफ्ना हातले उम्दा भोजन पस्केर उनलाई तृप्त पारे। आयुष्मान् रोहणले भोजन गरेर पात्रबाट हात हटाएपछि नागसेनले भने – "मारिष! अब मलाई मन्त्र सिकाउनुहोस्।"

आयुष्मान् रोहणले भने – "बावु! जब तिमी सबै बाधा रहित भएर बुबा-आमाको अनुमति[१४] लिएर म जस्तै भिक्षु भेष धारण गर्नेछौ, त्यसपछि मात्र म तिमीलाई सिकाउँछु।"

त्यसपछि नागसेनले आफ्ना बुबा-आमा भए ठाउँ गएर भने – "बाबु-आमा! यो भिक्षु संसारको सबैभन्दा उत्तम मन्त्र जान्दछु भनेर भन्दछ तर भिक्षु नभएका लाई सिकाउँदैन। म उसका साथ प्रव्रज्या ग्रहण गरेर त्यो मन्त्र सिक्नेछु।" उसका आमा-बाबुले सम्झे कि छोरा प्रव्रजित भएर मन्त्र सिकेपछि फेरि फर्की आउला। यस्तो सोचेर – "जाऊ बाबु! गएर सिक" भनी अनुमति दिए।

## १०. नागसेनको प्रव्रज्या

१४. त्यसपछि, आयुष्मान् रोहण नागसेनलाई वत्तनीय सेनासन (आश्रम) बाट विजम्भवत्थु गए। विजम्भवत्थुमा एक रात वास बसेर रक्षित-तल भए ठाउँ गए। गएर कोटिशत अर्हत्‌हरूका माझ नागसेनलाई प्रव्रजित गरे।

प्रव्रज्या ग्रहण गरे पछि आयुष्मान् नागसेनले आयुष्मान् रोहणलाई यसो भने – "भन्ते! मैले तपाईंको भेष धारण गरें। अब मलाई मन्त्र सिकाउनुहोस्।" त्यसपछि आयुष्मान् रोहणले विचार गरे – "खै, यसलाई पहिले के पढाऊँ सूत्र या अभिधर्म? फेरि यो सोचेर की नागसेन पण्डित छ, अभिधर्मलाई सजिलैसँग बुझ्न सक्छ भनी उसलाई पहिले अभिधर्म नै पढाए।

(१) कुशल (पुण्य), अकुशल (पाप) र अव्याकृत (नपाप, नपुण्य) धर्महरू 'तीन प्रकार र दुई प्रकार' को भेदले बताउने अभिधर्मको पहिलो पुस्तक 'धम्मसङ्गणि'; (२०) स्कन्धविभङ्ग इत्यादि अट्ठार

१४. विनयअनुसार आमा र बुवाको अनुमति बेगर भिक्षु बन्न पाइन्न।



Downloaded from http://www.dhamma.digital

विभङ्गहरू भएको दोस्रो पुस्तक 'विभङ्गप्पकरण'; (३) सङग्रह असङग्रह इत्यादि चौध किसिमले विभक्त तेस्रो पुस्तक 'धातुकथाप्पकरण'; (४) स्कन्धप्रज्ञप्ति, आयतनप्रज्ञप्ति आदि छ प्रकारले बाँडिएको चौथो पुस्तक 'पुग्गलपञ्ञति'; (५) आफ्ना पक्षमा पाँच सय सूत्र र विपक्षका पाँच सय सूत्र, यिनै एक हजार सूत्रहरूको पाँचौं पुस्तक 'कथावत्थुप्पकरण'; (६) मूलयमक, स्कन्धयमक इत्यादि दस प्रकारले बाँडिएको छैटौं पुस्तक 'यमकप्पकरण'; हेतुप्रत्यय, आरम्भणप्रत्यय इत्यादि चौबीस प्रकारमा विभक्त सातौं पुस्तक 'पट्ठानप्पकरण'; यी सातओटै अभिधर्मका पुस्तकहरू नागसेन श्रामणेरले छिटै पढेर कण्ठ पनि गरे । फेरि नागसेनले भने – "भन्ते ! पर्खनुहोस् यतिकैबाट म स्वाध्याय गरी तपाईंलाई सुनाउँला ।"

त्यसपछि आयुष्मान् नागसेनले जहाँ शतकोटि अर्हत्हरू थिए, त्यहाँ गएर भने – "भन्ते ! म समग्र अभिधर्म-पिटकलाई 'कुशल धर्म, अकुशल धर्म र अव्याकृत धर्म' यिनै तीन कुरालाई लिएर विस्तार गरूँला ।" "साधु ! साधु ! ल, हुन्छ नागसेन, विस्तार गर ।" त्यसपछि आयुष्मान् नागसेनले सातमहिनामा सातओटैं प्रकरणको विस्तारपूर्वक व्याख्यान गरे । त्यस बखत पृथ्वीमा गर्जन हुन थाल्यो, कम्पित भयो । ब्रह्मदेवहरूले साधुकार दिए, करतलध्वनि गरे अनि दिव्य चन्दनचूर्ण र मन्दारपुष्पको वर्षा हुन थाल्यो ।

# ११. नागसेनको अपराध र उसका लागि दण्डकर्म

१५. बीस वर्षको आयु भएपछि कोटिशत अर्हत्हरूले रक्षिततलमा आयुष्मान् नागसेनको उपसम्पदा (प्रव्रज्या संस्कार) गरे । त्यसको एक रातपछि बिहान आयुष्मान् नागसेन पात्र र चीवर धारण गरी आफ्नो उपाध्याय (प्रव्रज्या गुरु) सँग भिक्षाटन गर्नका लागि गाउँमा गए । त्यस बखत उनको मनमा यो कुरा उठ्यो – 'लौ ! मेरो उपाध्याय तुच्छ रहेछ, मूर्ख रहेछ । भगवान् बुद्धका बाँकी उपदेशहरूलाई छाडेर उनले मलाई पहिले नै अभिधर्म पढाए ।'

त्यसपछि आयुष्मान् रोहणले आफ्नो ध्यान बलद्वारा आयुष्मान् नागसेनको चित्तको कुरा बुझेर भने – "नागसेन ! तिम्रो मनमा अनुचित वितर्क उठिरहेको छ । नागसेन ! तिमीले यस्तो विचार गर्नु ठीक होइन ।"

त्यसपछि आयुष्मान् नागसेनको मनमा यस्तो भयो – "आश्चर्य छ ! अचम्भ छ ! मेरा आचार्यले आफ्नो ध्यानबलद्वारा अरूको मनको कुरा जान्न सक्नुहुन्छ । मेरा उपाध्याय ठूला पण्डित हुन् । मैले उहाससँग क्षमा माग्नुपर्छ ।" यति सोचेर उनले भने – "भन्ते ! क्षमा गर्नुहोस् । फेरि कहिल्यै यस्तो कुरा मनमा आउन दिने छैन ।" आयुष्मान् रोहणले भन्नुभयो – "नागसेन ! म यति सजिलै तिमीलाई क्षमा गर्न सक्दिन । सुन ! सागल नामको एक नगर छ जहाँ मिलिन्द नामको एक राजा त्यहाँ राज्य गरिरहेका छन् । उनी मिथ्यादृष्टि-विषयको प्रश्न सोधेर भिक्षुसङ्घलाई हैरान गर्छन् । तिमी त्यहाँ गएर त्यस राजालाई दमन गरेर उसलाई बुद्धशासनमा प्रसन्न गर्न सके मात्र म तिमीलाई क्षमा गरूँला ।"

"भन्ते ! एक मिलिन्द राजाको त के कुरा, यदि जम्बुद्वीपका सबै राजा आएर एकसाथ मलाई प्रश्न सोधे भने पनि म उनीहरू सबैका प्रश्नहरूको उत्तर दिएर उनीहरूलाई शान्त पारिदिन्छु । तपाईं मलाई क्षमा गर्नुहोस् ।" "म क्षमा गर्न सक्दिन ।" "त्यसो भए भन्ते ! यी तीनमहिना सम्म म कहाँ बसूँ ?" "नागसेन ! वत्तनीय आश्रममा आयुष्मान् अस्सगुत्त निवास गर्छन् । तिमी त्यहीं बस्न जाऊ र मेरो वचनबाट उहाँलाई चरणमा वन्दना गरेर भन – "भन्ते ! मेरा उपाध्याय तपाईंका चरणमा शिरले वन्दना गर्नुहुन्छ, तपाईंको कुशल क्षेमबारे सोध्नुहुन्छ । मेरो उपाध्यायले मलाई यो तीन महिनासम्म तपाईंकहाँ बस्नलाई पठाउनुभएको छ ।"



Downloaded from http://www.dhamma.digital

अनि आयुष्मान् अस्सगुत्तले आयुष्मान् नागसेनलाई यसो भने – "तिम्रो नाम के हो भनी सोध्नु भएमा – भन्ते ! म नागसेन हुँ भनेर भन । तिम्रा उपाध्यायको नाम के हो ? भनेर यदि सोधेमा भन्नु कि रोहण स्थविर हो । यदि उहाँले मेरो नाम के हो भनी सोध्नुभएमा त्यसपछि भन्नू – भन्ते ! तपाईंको नाम मेरा उपाध्यायले जान्नुहुन्छ ।"

"हवस् ! भनेर आयुष्मान् नागसेनले आयुष्मान् रोहणलाई अभिवादन र प्रदक्षिणा गरेर पात्र र चीवर धारण गरी क्रमश: चारिका गर्दै, वत्तनीय आश्रममा आयुष्मान् अस्सगुत्त भए ठाउँ पुगे । त्यहाँ पुगेर वन्दना गर्दै एक छेउमा उभिए । उभिएर उनले भने – "भन्ते ! मेरा उपाध्याय तपाईंका चरणमा शिरले वन्दना गर्नुहुन्छ र तपाईंको कुशल-मङ्गल बारे सोध्नुहुन्छ । मेरा उपाध्यायले मलाई यो तीन महिनासम्म तपाईंकहाँ बस्न पठाउनुभएको छ ।"

आयुष्मान् अस्संगुत्तले सोध्नुभयो – "तिम्रो नाम के हो ?" "भन्ते ! मेरो नाम नागसेन हो ।" "तिम्रा उपाध्यायको नाम के हो ?" "भन्ते ! मेरा उपाध्यायको नाम रोहण स्थविर हो ।" "मेरो नाम के हो ?" "भन्ते ! तपाईंको नाम मेरा उपाध्यायलाई थाहा छ ।" "साधु ! नागसेन, आफ्नो पात्र र चीवर एकातिर राख ।" "हवस् भन्ते !" पात्र र चीवर राखेपछि दोस्रो दिन परिवेणमा कूचो लगाएर, मुख धुन भनी पानी र दन्त-मन्जन उचित स्थानमा राखे ।[१५] स्थविरले कूचो लाएको ठाउँमा फेरिं कूचो लगाए, त्यहाँ राखेको पानीलाई फ्याँकेर अर्को पानी लिए । त्यहाँ राखेको दन्तमन्जनलाई छाडेर अर्को दन्तमन्जन लिए । एक आपसमा कुराकानी पनि गरेनन् । यसरी सात दिनसम्म गरी सातौं दिन त्यहीं प्रश्न फेरि सोधे । फेरि नागसेनले त्यही उत्तर दिएपछि स्थविरले वर्षावासका लागि अनुमति दिए ।

## १२. महाउपासिकालाई नागसेनको धर्मोपदेश

१६. एक महाउपासिकाले आयुष्मान् अस्सगुत्तको तीस वर्षसम्म सेवा गरिसकेकी थिइन् । त्यहाँ महाउपासिकाले वर्षावासको तीन महिनापछि आयुष्मान् अस्सगुत्त छोउ आएर सोधिन्, "तात ![१६] तपाईंका साथ कुनै भिक्षु पनि छ ?" "हो, महाउपासिका अर्को, मेरा साथ नागसेन नामको एउटा भिक्षु छ ।" "त्यसो भए भन्ते ! आयुष्मान्का साथ भोलि मकहाँ भोजनको निमन्त्रणा स्वीकार गर्नुहोस् ।" आयुष्मान् अस्सगुत्तले चुप लागेर स्वीकार गरे ।

आयुष्मान् अस्सगुत्तले त्यो रात बिताए पछि बिहान, पात्र र चीवर धारण गरी आयुष्मान् नागसेनका साथ ती महाउपासिकाको घरमा जानुभयो । त्यहाँ ओछ्याइएको आसनमा बस्नुभयो । महाउपासिकाले ती दुवैलाई आफ्ना हातले प्रणीत भोजन पस्केर खुवाइन् । भोजन गरिसकेर पात्रबाट हात हटाएपछि आयुष्मान् अस्सगुत्तले भन्नुभयो "नागसेन ! तिमीले महाउपासिकाको दानानुमोदन (भोजनपछि दिने धर्मोपदेश) गर ।" यति भनेर उहाँ आसनबाट उठेर जानुभयो ।

त्यसपछि महाउपासिकाले आयुष्मान् नागसेनलाई भनिन् – "भन्ते नागसेन ! म धेरै बूढी छु , मलाई गम्भीर धर्मको उपदेश दिनुहोस् ।" आयुष्मान् नागसेनले पनि उनीलाई लोकोत्तर निर्वाण (प्रतिसंयुत्तता) सम्वन्धी अभिधर्मको गम्भीर कुराबारे देशना गर्नुभयो । त्यसपछि ती महाउपासिकालाई त्यसै बेला त्यही आसनमा रागरहित निर्मल धर्मको चक्षु उत्पन्न भयो – "जति पनि समुदय धर्म छन्

---

१५. आगन्तुक भिक्षुको कर्तव्य हो । हेर्नुहोस् ,विनयपिटक, पृष्ठ ४९७-९८ ।

१६. धेरै उमेर भएकी महाउपासिका भएकाले भन्तेहरूलाई पनि 'तात' भनी भनेको हुनुपर्छ ।



Downloaded from http://www.dhamma.digital

ती सबै निरोध धर्म हुन् ।" आयुष्मान् नागसेनले पनि धर्मोपदेश गरिसकेपछि आफूले भनेको कुरामा विचार गर्दै यथार्थ ज्ञान लाभ गरे र त्यही आसनमा बस्दाबस्दै स्रोतापत्ति फलमा प्रतिष्ठित भए ।

त्यसपछि आयुष्मान् अस्सगुत्तले आफू समाधिमा बस्दाबस्दै ती दुवैले धर्मचक्षु लाभ भएको जानेर साधुवाद दिनुभयो – "साधु ! साधु ! नागसेन तिमीले एउटै बाणले दुईवटा निसाना लगायौं ।" अनेक देवताहरूले पनि साधुकार दिए ।

## १३. नागसेनको पाटलिपुत्रगमन

१७. त्यसपछि आयुष्मान् नागसेन आसनबाट उठेर आयुष्मान् अस्सगुत्त भए ठाउँ गएर वन्दना (अभिवादन) गरेर एकातिर बसे । आयुष्मान् अस्सगुत्तले नागसेनलाई यसो भन्नुभयो – "तिमी पाटलिपुत्र (पटना) जाऊ । पाटलिपुत्रको अशोकाराममा आयुष्मान् धर्मरक्षित बस्छन् । तिमी उनीसँग भगवान् बुद्धको उपदेश पढ ।" "भन्ते ! यहाँबाट पाटलिपुत्र नगर कति टाढा छ ?" "सय योजन ।"

"भन्ते ! धेरै टाढा छ, अनि बीचबाटोमा भिक्षा पाउन पनि दुर्लभ छ; म कसरी जाऊँ ?" "नागसेन ! जाऊ बीचबाटोमा भिक्षा पाउने छौ । बासमती चामलको भात, जसका काला दाना भिकिसकिएको छ; अनेक प्रकारका भोल र व्यञ्जन भिक्षामा पाउलाऊ ।"

यसो भनेर आयुष्मान् नागसेनले आयुष्मान् अस्सगुत्तलाई वन्दना र प्रदक्षिणा (परिक्रमा) गरेर पात्र र चीवर धारण गरी पाटलिपुत्रतर्फ चारिकाका लागि गए ।

## १४. श्रेष्ठीलाई अभिधर्मदेशना

१८. त्यस बखत पाटलिपुत्रको एउटा श्रेष्ठी पाँच सय गाडाहरूका साथ ग्राममार्गबाट पाटलिपुत्र जाने सडकमा जाँदै थियो । उसले आयुष्मान् नागसेनलाई आउन लागेको परैबाट देख्यो । सो देखेपछि आफ्ना गाडालाई रोकेर आयुष्मान् नागसेन भए ठाउँमा ऊ गयो । सो देखेपछि आयुष्मान् नागसेनलाई अभिवादन गरेर सोध्यो – "भन्ते ! तपाईं कता जानुहुन्छ ?" "गृहपति ! म पाटलिपुत्र जाँदैछु ।" "भन्ते ! हुन्छ, हामीहरू पनि पाटलिपुत्र जादैछौं । हामीहरूका साथ तपाईं पनि आरामसँग हिंड्नुहोस् ।"

त्यसपछि त्यो पाटलिपुत्रको श्रेष्ठी आयुष्मान् नागसेनको इर्यापथ (खाने, उठ्ने, हिड्ने आदि व्यवहार) देखेर निकै खुसी भयो । उसले आयुष्मान् नागसेनलाई आफ्नै हातले प्रणीत खाना खुवायो । भोजन गरे पछि मन्तिरको एउटा आसन लिएर ऊ बस्यो अनि भन्यो – "भन्ते ! तपाईंको नाम के हो ?" "गृहपति ! मेरो नाम नागसेन हो ।" "भन्ते ! के तपाईंलाई बुद्धवचन (बुद्धका उपदेशहरू) थाहा छ ?" "गृहपति ! मलाई अभिधर्मका कुरा थाहा छ ।" "भन्ते ! धन्य छ, मेरो भाग्य ! म पनि आभिधार्मिक र तपाई पनि । भन्ते ! अभिधर्मबारे प्रवचन दिनुहोस् ।" त्यसपछि, आयुष्मान् नागसेनले त्यस श्रेष्ठीलाई अभिधर्मको उपदेश सुनाए । उपदेश सुन्दासुन्दै उसलाई विरज, वीतमल, धर्मज्ञान उत्पन्न भयो कि जति पनि समुदय धर्म हो ती सबै निरोध धर्म हो ।

त्यसपछि पाटलिपुत्रको श्रेष्ठीले आफ्नो पाँच सय गाडाहरूलाई अगाडि पारेर गयो पछिपछि लाग्दै उनीहरू पाटलिपुत्रको नजिक पुगेर दोबाटो छुट्टिने एक ठाउँमा रोकिएर आयुष्मान् नागसेनलाई उसले भन्यो – "भन्ते ! यो नै अशोकाराम जाने बाटो हो । यो मेरो सोह्र हात लामो र आठ हात चाक्लो



Downloaded from http://www.dhamma.digital

दामी कम्बल हो, भन्ते ! तपाईंले कृपापूर्वक यो लिनुहोस् ।" आयुष्मान् नागसेनले त्यो कम्बललाई स्वीकार गरे । त्यसपछि त्यो श्रेष्ठी सन्तुष्ट, प्रीतियुक्त र प्रमुदित भएर आयुष्मान् नागसेनलाई वन्दना (ढोग्दै) र प्रदक्षिणा गरी ऊ पाटलिपुत्रतर्फ हिंड्यो ।

## १५. नागसेनलाई अर्हत् पदप्राप्ति

१९. आयुष्मान् नागसेनले अशोकाराममा आयुष्मान् धर्मरक्षित भएको स्थानमा पुगेर वन्दना गरे र आफू आउनुको प्रयोजन भने । तीन महिनाभित्रमा नै एकै आवृत्तिमा आयुष्मान् नागसेनले आयुष्मान् धर्मरक्षितबाट बुद्धवचन त्रिपिटकहरूलाई कण्ठ गरे र तीनै महिनामै त्यसको अर्थ पनि बुझे ।

त्यसपछि आयुष्मान् धर्मरक्षितले आयुष्मान् नागसेनलाई भने – "नागसेन ! जसरी एउटा गोठालोले केवल गाईहरूलाई पाल्छ मात्र, दूध पिउने त अरू नै हुन्छ; त्यसरी नै तिमीले पनि त्रिपिटकलाई जान्यौ त के भयो; यदि श्रमणफलको भागी बनेनौ भने के फाइदा !" "भन्ते ! अब धेरै भयो, पुग्यो, भनि रहनु पर्दैन ।" त्यही रातमा उसले प्रतिसम्भिदाका[१७] साथमा अर्हत् पद प्राप्त गरे । देवताहरूले सत्य प्रतिवेधमा पुगेका आयुष्मान् नागसेनलाई साधुकार दिए । पृथ्वी कम्पित भयो । ब्रह्महरूले करतल ध्वनि गरे । दिव्य चन्दन-चूर्ण र मन्दार पुष्पको वर्षा भयो ।

## १६. नागसेनकहाँ दूत

२०. त्यस समय शतकोटि अर्हत्हरूले हिमालय पर्वतको रक्षित-तलमा एकत्र भएर आयुष्मान् नागसेनलाई दूतद्वारा सन्देश पठाए – "नागसेन ! यहाँ आउनुहोस् ! हामीहरू नागसेनलाई हेर्न चाहन्छौं ।" त्यसपछि नागसेन दूतका कुरा सुनेर, अशोकाराममा अन्तर्धान भएर हिमालय पर्वतको रक्षित-तलमा शतकोटि अर्हत्हरूको अगाडि प्रकट भए ।

अर्हत्हरूले आयुष्मान् नागसेनलाई भने – "नागसेन ! राजा मिलिन्द वाद-विवादमा प्रश्न गरेर भिक्षुसङ्घलाई हैरान गर्छन् । तिमी गएर त्यस राजालाई दमन गर ।" "भन्ते ! एउटा राजा मिलिन्द मात्र के; यदि जम्बुद्वीपका सबै राजाहरू एकसाथ आएर प्रश्न गरे पनि म ती सबै जनाको उत्तर दिएर उनीहरूलाई शान्त पारिदिन्छु । भन्ते ! तपाईंहरू निर्धक्क भएर सागल नगर जानुहोस् ।" त्यसपछि ती स्थविर भिक्षुहरूले सागल नगरलाई काषायवस्त्रको चमकले चम्काएर ऋषिहरूका अनुकूल हुने वातावरण बनाइदिए ।

## १७. आयुष्मान् आयुपालसित राजा मिलिन्दको भेटघाट

२१. त्यस समय आयुष्मान् आयुपाल संखेय्य परिवेण (विद्यालय) मा बसेका थिए । त्यसपछि राजा मिलिन्दले आफ्ना अमात्यहरूलाई भने – "आजको यो रात बडो रमाइलो छ । आज कुन श्रमण या

---

१७. प्रतिसम्भिदा चार प्रकारका छन् – (१) अर्थ-प्रतिसम्भिदा, (२) धर्म-प्रतिसम्भिदा, (३) निरुक्ति-प्रतिसम्भिदा र (४) प्रतिभाण-प्रतिसम्भिदा ।



Downloaded from http://www.dhamma.digital

ब्राह्मणसँग धर्मचर्चा गर्न प्रश्न सोध्न जाऊँ ? कसले मसँग कुराकानी गरेर मेरो शङ्कालाई निवारण गर्ने साहस गर्दछ ?" "राजाले यस्तो प्रश्न गरेपछि पाँच सय यवनहरूले यस्तो उत्तर दिए – "महाराज ! आयुपाल नामको एक स्थविर जो त्रिपिटक जान्दछन् र ठूला पण्डित पनि हुन् । उनी यस बखत संखेय्य परिवेणमा बस्छन् । तपाईं उहाँसँग प्रश्न सोध्न जानुहोस् ।" "ठीक छ ! त्यसो हो भने उहाँ भदन्त आयुपाललाई सूचना देऊ ।"

त्यसपछि आज्ञा पाएर सूचनाधिकारीले आयुपालका छेउ दूत पठाएर भने – "भन्ते ! राजा मिलिन्द तपाईंलाई भेट्न चाहनुहुन्छ ।" आयुष्मान् आयुपालले पनि भन्नुभयो – "त्यसो हो भने आए हुन्छ ।" त्यसपछि राजा मिलिन्द पाँच सय यवनहरूका साथ राम्रो रथमा सवार भएर संखेय्य परिवेणमा आयुष्मान् आयुपाल भएको ठाउँमा गए । कुशलक्षेम सोधेपछि एकातिर बसेर भने – "भन्ते ! तपाईं किन प्रव्रजित हुनुभएको ? तपाईंको परम उद्देश्य के हो ?" स्थविरले उत्तर दिए – "महाराज ! धर्मपूर्वक र शान्तिपूर्वक बस्न भनी प्रव्रजित भएको हुँ । श्रमण्यफल प्राप्त गर्नु मेरो परम उद्देश्य हो ।" "भन्ते ! के केही गृहस्थहरू पनि धर्मपूर्वक तथा शान्तिपूर्वक रहन सक्छन् ? "हो महाराज ! गृहस्थहरु पनि धर्मपूर्वक तथा शान्तिपूर्वक रहन सक्छन् ।" वाराणसीको ऋषिपतन मृगदावन (सारनाथ) मा भगवान् बुद्धले धर्मचक्रको प्रर्वतन गर्नुहुँदा अठार करोड़ ब्रह्मदेवहरू तथा अन्य असंख्य देवताहरूलाई धर्मज्ञान प्राप्त भयो । ती देवताहरूमा कोही पनि प्रव्रजित थिएनन्; बल्कि उनीहरू सबै गृहस्थ नै थिए । फेरि, भगवान्ले महासमयसूत्र, महामंगलसूत्र, समचित परियायसूत्र, राहुलोवादसूत्र तथा पराभवसूत्रको उपदेश गर्दा जुन देवताहरूलाई धर्मज्ञान भयो, उनीहरूको गिन्ती पनि गन्न सकिन्न । उनीहरू सबै गृहस्थ थिए, प्रव्रजित होइन ।"

"भन्ते आयुपाल ! त्यसो हो भने तपाईंको प्रव्रज्या निरर्थक भयो । पूर्वजन्ममा गरेको पापहरूले नै सवै बौद्ध भिक्षुहरू प्रव्रजित भएका होलान् र धुताङ्ग धारण गरेका होलान् । भन्ते आयुपाल ! जो भिक्षु एकासनिक धुताङ्ग धारण गर्दछन्, उनीहरू अवश्य पूर्वजन्ममा चोर (भोगहारक=धन सम्पत्ति चोर्ने) थिए होलान्; अरूहरूको भोगको वस्तु चोरेको पापको फलले उनीहरु एकासनिक भएका होलान् । उनीहरू न एकै ठाउँमा बस्न सक्छन् न आफ्नो मनको अनुकूल कुनै वस्तु खान वा पिउन सक्छन् । यसमा न उनीहरूको शील छ, न तप छ, न ब्रह्मचर्य नै । भन्ते आयुपाल ! जो भिक्षु अभ्यवकाशिक (जो सधैं खुला ठाउँमा बस्ने) धुताङ्ग धारण गर्छन्, उनीहरू पूर्वजन्ममा गाउँलाई नष्ट गर्ने चोर थिए होलान्; अर्काको घर नष्ट गरेको पापले यस जन्ममा सधैं खुला स्थानमा बस्छन्, कुनै घरभित्र बस्न सक्दैनन् । यसमा उनीहरूको कुनै शील, तप या ब्रह्मचर्य छैन । भन्ते आयुपाल ! जो भिक्षु सधैं बसि रहने धुताङ्गलाई धारण गर्छ; उनीहरू पहिलो जन्ममा बाटो ढुकुवा लुटाह थिए होलान्, उनीहरूले यात्रीहरूलाई बाँधेर बसाएर छाडेकाले र त्यही पापको फलले गर्दा एकै ठाउँमा बसि रहनु पर्ने र कहिल्यै पनि सुत्न नपाएका होलान् । यसमा उनीहरूको न कुनै शील छ, न तप, न ब्रह्मचर्य नै ।"

त्यसो भन्दा खेरि आयुष्मान् आयुपाल चुप लागे । उनलाई कुनै कुराको पनि सम्झना भएन ।

त्यसपछि पाँच सय यवनहरूले राजा मिलिन्दलाई भने – "महाराज ! यो स्थविर पण्डित त हो, तर उत्तर दिनमा निपुण रहेन छ ।"

आयुष्मान् आयुपाललाई मौन रहेको देखेर राजाले ताली वजाएर उच्च स्वरमा यवनहरूलाई यसो भने – "अरे ! यो जम्वुद्वीप तुच्छ रहेछ, एकदम खोक्रो प्रलाप मात्र रहेछ । यहाँ कुनै श्रमण ब्राह्मण छैन जो मसँग कुरा गरोस् र मेरो शङ्कालाई निवारण गर्न सकोस् ।"



Downloaded from http://www.dhamma.digital

# १८. सागलनगरमा नागसेनको आगमन

२२. यति भनेर राजाले यवनहरूतिर हेरे, उनीहरूलाई निर्भीक र निःशङ्क देखेपछि मनमा विचार गरे – "यस्तो बुझिन्छ कि अवश्य कुनै अरू पनि पण्डित भिक्षु छन् जो मसँग कुरा गर्न उत्साहित छन् । त्यसैले यी यवनहरू निर्भीक र निःशङ्क छन् ।"

त्यसपछि राजा मिलिन्दले यवनहरूलाई सोधे – "के अरू पनि कोही पण्डित भिक्षु छ, जो मेरा शङ्काहरूको निवारण गर्न सकोस् ?"

त्यस बखत आयुष्मान् नागसेन श्रमणहरूको एक समूहका साथमा गाउँ, नगर र राजधानीमा भिक्षाटन गर्दै क्रमिक रूपमा सागल नगर आइपुगेका थिए । उनी सङ्घनायक, गणनायक, गणी, गणाचार्य, ज्ञानी, यशस्वी साधु समन्त (थुप्रै व्यक्तिबाट सम्मानित), बहुजनबाट सम्मानित, चतुर, बुद्धिमान्, निपुण, विज्ञ, अनुभवी, विनीत, तेजिलो, बहुश्रुत, तीनै पिटक जान्ने, वेदमा पारङ्गत, स्थिर चित्त भएका, लोककथा जान्ने, बुद्धशासनका नवाङ्ग धर्म कण्ठ गरेका, नवाङ्ग बुद्धशासनले पारङ्गत, बुद्धवचनको अनुकूल देशना गर्नमा कुशल, कहिले पनि विफल नहुने, विचित्र प्रत्युत्पन्नमतिले युक्त थिए । विचित्र वक्ता, शुभ कुरा भन्ने, अद्वितीय र अपराजेय थिए । उनका प्रश्नहरूको उत्तर दिन नसकिने, उनलाई तर्कद्वारा फँसाउन नसकिने, सागरसमान शान्त, हिमालयजस्तै निश्चल, विजयी, अज्ञानरूपी अन्धकारलाई मेट्ने, ज्ञानको प्रकाशलाई फैलाउने, प्रसिद्ध वक्ता अन्य मतहरूलाई पराजित गर्ने, अरू तीर्थङ्करहरूलाई हराउने, भिक्षु-भिक्षुणीहरु, उपासक-उपासिका, राजा र राजमन्त्री सबैबाट सत्कार पाउने र पूजा गर्न योग्य चीवर, पिण्डपात्र, शयनासन तथा ग्लानप्रत्यय (औषधी) पाउनेमा अग्र, उत्तम लाभ र यश पाउने, धर्मोपदेश सुन्ने इच्छाले आएका कुशल तथा विज्ञ पुरुषहरूलाई बुद्धधर्मको नवाङ्गलाई देखाउने, धर्ममार्गबारे उपदेश दिने, धर्मरूपी प्रकाशलाई धारण गर्ने, धर्मस्तम्भलाई गाड्ने, धर्मयज्ञ गर्ने, धर्मध्वजलाई माथि उचाल्ने, धर्मशङ्ख र धर्मभेरीलाई बजाउँदै, सिंहनाद गर्दै, बिजुली चम्केजस्तै मधुवाणी बोल्ने, आर्य ज्ञानरूपी बत्तीबाल्दै, करुणारूपी सुखद वर्षा गर्दै, ग्राम निगम राजधानीको चारिका गर्दै क्रमशः सागल नगर पुगे ।

त्यहाँ आयुष्मान् नागसेन असी हजार भिक्षुहरूका साथ संखेय्य परिवेणमा बसे । त्यसैले पूर्वाचार्यहरूले यस्तो भनेका छन् –

**बहुश्रुत, वक्ता, निपुण र निर्भीक सिद्धान्तहरू जान्ने बुझ्नमा बाठा नागसेन, त्रिपिटक जान्ने, पाँच र चार निकायहरू जान्ने नागसेनलाई भिक्षुहरूले आफ्ना अगुवा बनाएका थिए ।**

**गम्भीर प्रज्ञावान्, मेधावी, सन्मार्ग र कुमार्ग जान्ने निर्भय नागसेन जसले परम पद निर्वाण पाइसकेका थिए ।**

**ती निपुण सत्यवादी भिक्षुहरूका साथ ग्राम जनपदहरूमा डुल्दै सागलनगर पुगे ।**

**संखेय्य परिवेणमा नागसेन बसेका थिए । उनी पर्वतमा केशरीझैं मनुष्यहरूका माझमा शोभायमान भएर बसेका थिए ।**



Downloaded from http://www.dhamma.digital

# १९. आयुष्मान् नागसेनसँग राजा मिलिन्दको पहिलो भेंट

२३. त्यसपछि देवमन्त्री (प्रधानमन्त्री ?) ले राजा मिलिन्दलाई भने – "पर्खनुहोस् महाराज ! नागसेन नामको एक स्थविर पण्डित मेधावी, विशारद, विनीत, बहुश्रुत, विचित्र कथिक, कल्याण पटिभाणक, अर्थ, धर्म, निरुक्ति पटिभाणकमा निपुण छन् । उनी यस समय संखेय्य परिवेणमा बसेका छन् । महाराज ! ! तपाईं उनी छेउ गएर प्रश्न सोध्नुहोस् । तपाईंसँग कुरा गरेर तपाईंको शङ्कालाई निवारण गर्न उनी सक्षम छन् ।" सहसा नागसेनको नाम सुन्दा राजा मिलिन्दलाई डर लाग्न थाल्यो, उनको शरीर जिरिङ्ग तथा रोमाञ्चित भयो । त्यसपछि राजा मिलिन्दले देवमन्त्रीलाई भने – "के ती नागसेन भिक्षु मसँग कुरा गर्न सक्छन् त ?" "हो महाराज ! सक्छन् । यदि इन्द्र, यम, वरुण, कुवेर, प्रजापति, सुयाम, संतुषित देव, लोकपाल र पिता-पितामह साथ महाब्रह्मा आए तापनि नागसेनले उनीहरूसँग कुरा गर्न सक्छ भने मनुष्यहरूको त के कुरो !"

त्यसपछि, राजा मिलिन्दले देवमन्त्रीलाई भने – "त्यसो हो भने देवमन्त्री ! दूत पठाएर उनलाई सूचना देऊ कि म उनलाई भेट्न चाहन्छु ।" "देव ! हवस् ।" भनेर देवमन्त्रीले आयुष्मान् नागसेनकहाँ दूत पठाए – "भन्ते ! राजा मिलिन्द तपाईंलाई भेट्न चाहनुहुन्छ ।" आयुष्मान् नागसेनले उत्तर दिए – "हुन्छ, राजा आए हुन्छ ।"

त्यसपछि राजा मिलिन्दले पाँच सय यवनहरूलाई साथ लिएर संखेय्य परिवेणमा आए जहाँ आयुष्मान् नागसेन असी हजार भिक्षुहरूलाई सभागृहमा आवृत्त गरी बसेका थिए । राजा मिलिन्दले आयुष्मान् नागसेनको परिषद्लाई देखे । टाढैबाट हेरेर देवमन्त्रीलाई भने – "देवमन्त्री ! यो यत्रो ठूलो परिषद् कसको हो ?" "महाराज ! आयुष्मान् नागसेनको परिषद् हो ।"

त्यसपछि आयुष्मान् नागसेनको परिषद्लाई टाढैबाट देख्दा राजा मिलिन्दलाई डर लाग्यो । उनको शरीर जिरिङ्ग हुँदै रोमाञ्चित भएर आयो । गैंडाहरूले घेरिएको हात्तीजस्तो, गरुड़हरूले घेरिएको सर्पजस्तो, अजिङ्गरले घेरिएको स्यालजस्तो, भैंसीहरूले घेरिएको भालुजस्तो, सर्पले खेदेको भ्यागुताजस्तो, सिंहले खेदेको मृगजस्तो, सर्प समात्ने (सपेरा) को हात परेको सर्पजस्तो, बिरालोका सामु परेको मुसाजस्तो, झाँक्रीले बाँधेको भूतजस्तो, राहुले समातेको चन्द्रमाजस्तो, पेटी (डालो) मा बन्द भएको सर्पजस्तो, पिंजड़ामा परेको पक्षीजस्तो, जालमा परेको माछाजस्तो, हिंस्रक पशुहरूले भरिएको जङ्गलमा हराएको मानिसजस्तो, वैश्रवण (कुवेर) का साथ अपराध गरेको यक्षजस्तो तथा आयु सकिएको देवताजस्तो राजा मिलिन्द डराएर, चिन्तित, उदास र खिन्न भए । मलाई यिनले कतै पराजित नगरून् भनी सशङ्कित भएर उनले देवमन्त्रीलाई भने – "देवमन्त्री ! तिमीले मलाई बताउनु पर्दैन कि आयुष्मान् नागसेन कुनचाहिँ हुन् । नबताए पनि म उनलाई चिन्नेछु ।"

"महाराज ! हुन्छ त ! तपाईं आफैं उनलाई चिन्नु हुनेछ ।"

त्यस बेला आयुष्मान् नागसेन अगाडि बसेका चालीस हजार भिक्षुहरूभन्दा कान्छा र पछिल्तिर बसेका चालीस हजार भिक्षुहरू भन्दा जेठा थिए । त्यसपछि राजा मिलिन्दले सारा भिक्षुसङ्घको अगाडि, पछाडि र बीचमा हेर्दै आयुष्मान् नागसेनलाई देखे । आयुष्मान् नागसेन भिक्षुसङ्घका माझ केसरी सिंहझैं डर भयरहित स्थिर भावमा बसेका थिए । उनलाई देख्नेबित्तिकै अनुमानलगाएर बुझे कि आयुष्मान् नागसेन यिनै हुन् ।

त्यसपछि राजा मिलिन्दले देवमन्त्रीलाई भने – "देवमन्त्री ! के यिनै आयुष्मान् नागसेन हुन् ?"


Downloaded from http://www.dhamma.digital

"हजुर, हो ! यिनै आयुष्मान् नागसेन हुन् । तपाईंले नागसेनलाई राम्ररी चिन्नुभयो ।" राजालाई ठूलो सन्तोष भयो कि कसैले नबताए पनि उनले नागसेनलाई चिने । तर आयुष्मान् नागसेनलाई देखेपछि राजालाई डर लाग्नथाल्यो । उनी स्तव्ध र रोमाञ्चित भए । त्यसैले भनिन्छ –

**उत्तम आचरणले[१८] सम्पन्न र उत्तम संयममा अभ्यस्त आयुष्मान् नागसेनलाई देखेपछि राजाले भने –**

**"मैले थुप्रै वक्ताहरूलाई देखेको छु, मैले अनेकसँग शास्त्रार्थ पनि गरिसकेको छु, तर आजको जस्तो भय मलाई कहिल्यै भएन ।"**

**"आज अवश्य मेरो पराजय हुनेछ र नागसेनले जीत्नेछन्, किनकि मेरो चित्त चञ्चल हुँदैछ ।"**

**बाह्य कथा समाप्त ।**

# २. मिलिन्द-प्रश्न

## (क) लक्षण-प्रश्न

### १. महावर्ग

### १. पुद्गलप्रश्नमीमांसा

१. त्यसपछि राजा मिलिन्द आयुष्मान् नागसेन भएको ठाउँमा गए । उनलाई वन्दना र अभिवादन गरेर एक छेउमा बसे । आयुष्मान् नागसेनले पनि उत्तरमा राजालाई अभिवादन गरे । त्यसो गर्दा राजाको चित्तलाई सान्त्वना प्राप्त भयो ।

त्यसपछि, राजा मिलिन्दले नागसेनलाई यसो भने – "भन्ते ! तपाईंलाई कसरी चिन्ने, तपाईंको नाम के हो ?" "महाराज ! नागसेनको नामले मलाई चिन्न सकिन्छ, मेरा सब्रह्मचारीहरूले मलाई यसै नामले बोलाउँछन् । महाराज ! यद्यपि बुबा, मुमाले नागसेन, शूरसेन, वीरसेन या सिंहसेन यस्तो केही न केही नामहरू दिन्छन् तर यी सबै व्यवहार गर्नका लागि संज्ञा मात्र हुन् । किन भने यथार्थमा यस्तो कुनै एउटा पुद्गल (आत्मा) छैन ।"

---

१८. 'ज्ञान' हि. मि.



Downloaded from http://www.dhamma.digital

त्यसपछि, राजा मिलिन्दले सम्बोधन गर्दै यसो भने – “मेरा पाँच सय यवनहरू र असी हजार भिक्षु हो ! तपाईंहरू सुन्नुहोस् ! आयुष्मान् नागसेनको भनाइ छ कि यथार्थमा कुनै यस्तो एउटा पुद्‌गल व्यक्ति वा आत्मा छैन । के यो कुरा मान्नयोग्य छ ?”

अनि फेरि नागसेनलाई सोधे – “भन्ते नागसेन ! यदि कुनै एउटा पुद्‌गल छैन भने कसले तपाईंलाई चीवर (वस्त्र), भिक्षा (पिण्डपात), शयनासन (बासस्थान) र ग्लानप्रत्यय (औषधी) दिन्छ ? कसले त्यसको भोग गर्छ ? कसले शीलको रक्षा गर्छ ? कसले ध्यान-भावनाको अभ्यास गर्छ ? कसले आर्यमार्गको फल निर्वाणलाई साक्षात्कार गर्छ ? कसले प्राणातिपात (हिंसा) गर्छ ? कसले अदत्तादान (चोरी) गर्छ ? को मिथ्या भोगहरूमा अनुरक्त हुन्छ ? कसले मिथ्या भाषण गर्छ ? कसले रक्सी पिउँछ ? कसले यी पाँच अन्तरायकारक कर्म[१९] गर्छ ? त्यसो हो भने न पाप (अकुशल) छ न पुण्य (कुशल) न पाप र पुण्य कर्म गर्ने कोही छ न गराउने मानिस; न पाप र पुण्य कर्मका कुनै फल हुन्छन् ? भन्ते नागसेन ! यदि तपाईंलाई कसैले मारिदियो भने कसैलाई मारिदिएको मानिन्न । भन्ते नागसेन ! अनि त तपाईंको कोही आचार्य पनि भएन, कोही उपाध्याय पनि भएन, तपाईंको उपसम्पदा पनि भएन । तपाईं भन्नुहुन्छ कि तपाईं नागसेन हो । तपाईंका सब्रह्मचारीहरूले तपाईंलाई ‘नागसेन’ भनेर भन्दछन् । अनि यो ‘नागसेन’ भनेको के हो ?

“भन्ते ! के यी केशहरू नागसेन हुन्” “होइन महाराज !”

“यी रौं (लोम) हरू नागसेन हुन् ?” “अहँ, महाराज !”

“यी नङ्गहरू …, दाँत …, छाला …, मासु, नसा …, हाड …, मज्जा, मृगौला …, मुटु …, कलेजो …, जाली (झिल्ली) …, फियो …, फोक्सो …, ठूलो आन्द्रा …, मसिनो आन्द्रा …, पेट, मल, पित्त …, कफ …, पीप …, रगत …, पसिना, आँसु, वोसो …, लार …, सिँगान …, खकार …, ऱ्याल …, मूत्र पिसाब गिदी …, नागसेन हो ?”

“होइन, महाराज !”

“भन्ते ! त्यसो हो भने के तपाईंको रूप नागसेन हो ?”

“होइन, महाराज !”

“के तपाईंको वेदना नागसेन हो ?”

“होइन, महाराज !”

“के तपाईंको संज्ञा नागसेन हो ?”

“होइन, महाराज !”

“के तपाईंको संस्कार नागसेन हो ?”

“होइन, महाराज !”

“के तपाईंको विज्ञान नागसेन हो ?”

“होइन महाराज !”

---

१९. पाँच अन्तराय कारक कर्म तथा पञ्चमहापाप भनेको – मातृघात, पितृघात, अर्हन्तघात, दुष्ट चित्तद्वारा तथागतको शरीरबाट रगत बगाउनु र सङ्घ भेद गर्नु ।



Downloaded from http://www.dhamma.digital

"भन्ते ! त्यसो भए के रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान सबै एक साथ नागसेन हो ?"

"होइन, महाराज !"

"भन्ते ! त्यसो हो भने रूपादिभन्दा वेग्लै अरु नै कुनै नागसेन छ ?"

"छैन, महाराज !"

"भन्ते ! म तपाईंलाई सोध्दा-सोध्दा थाकिसकें; तर पनि नागसेन के हो, सो थाहा भएन । त्यसो हो भने 'नागसेन' केवल शब्द मात्र हो ?"

"होइन, महाराज !"

"त्यसो भए नागसेन भन्ने को हो ?"

"भन्ते ! तपाईं भूटो बोल्नु हुँदैछ कि नागसेन कोही पनि होइन ।"

त्यसपछि आयुष्मान् नागसेनले राजा मिलिन्दलाई यसो भने – "महाराज ! तपाईं क्षत्रिय एकदम सुकुमार हुनुहुन्छ । मध्यान्हको तातो र गरम बालुवा र ढुङ्गाले भरिएको भूमिमा पैदल हिंडेर आउँदा तपाईंको खुट्टा दुखि रहेको होला, शरीर थाकि रहेको होला, मन प्रसन्न छैन होला र शारीरिक पीडा पनि धेरै भइरहेको होला ?"

"के तपाईं यहाँ हिंड़ेर आउनुभएको हो कि कुनै सवारीमा ?"

"भन्ते ! म पैदल होइन; रथ चढेर आएको हुँ ।"

"महाराज ! यदि तपाईं रथ चढेर आउनुभएको हो भने मलाई भन्नुहोस् कि तपाईंको रथ कहाँ छ ?"

"महाराज ! के दण्डी (ईषा) रथ हो ?"

"होइन भन्ते ।"

"के अक्ष (धुरी) रथ हो ?"

"होइन भन्ते !"

"के चक्का रथ हो ?"

"होइन भन्ते !"

"के रथको पालकी रथ हो ?"

"होइन भन्ते !"

"के रथको डोरी रथ हो ?"

"होइन भन्ते !"

"के लगाम रथ हो ?"

"होइन भन्ते !"

"के कोर्रा रथ हो ?"



Downloaded from http://www.dhamma.digital

"होइन भन्ते !"

"महाराज ! के दण्डी इत्यादि सबै एक साथ रथ हो ?"

"होइन भन्ते !"

"महाराज ! के दण्डी इत्यादि बाहेक कुनै रथ छ ?"

"छैन भन्ते !"

"महाराज ! तपाईंसँग सोध्दा-सोध्दा म थाकि सकें तर बुझ्न सकिएन कि रथ कहाँ छ । के रथ एउटा शब्द मात्र हो ? आखिर यो रथ के हो ? महाराज ! तपाईंले रथ छैन भनेर झूटो बोल्नु हुँदैछ । महाराज ! सारा जम्बुद्वीपमा तपाईं सबैभन्दा ठूलो राजा हुनुहुन्छ । कसको डरले तपाईं झूट बोल्नुहुन्छ ? पाँच सय यवनहरू र मेरा असी हजार भिक्षु हो ! सुन्नुहोस्, राजा मिलिन्दले भन्नुभयो – म रथ चढेर यहाँ आएको हुँ । तर मैले रथ कहाँ छ भनी सोध्दा उहाँले मलाई भन्न सक्नु भएन । के उहाँको कुरा मान्न सकिन्छ ?"

यसमा ती पाँच सय यवनहरूले आयुष्मान् नागसेनलाई साधुकार दिएर राजा मिलिन्दलाई भने – "महाराज ! यदि तपाईं उत्तर दिन सक्नुहुन्छ भने दिनुहोस् ।"

त्यसपछि राजा मिलिन्दले आयुष्मान् नागसेनलाई भने – "भन्ते नगसेन ! म झूटो बोल्दिन । दण्डी इत्यादि रथका पुर्जाहरूको आधारमा केवल व्यवहारका लागि 'रथ' भन्ने यस्तो एक नाममात्र भनिएको हो ।"

"साधु, महाराज ! तपाईंले रथ के हो, सो बुझ्नुभयो । यस्तै, मेरो केश इत्यादिको आधारमा केवल व्यवहारका लागि 'नागसेन' भन्ने एउटा नाम दिइएको हो । तर परमार्थमा 'नागसेन' त्यस्तो कोही पनि एक पुद्गल विद्यमान छैन । भिक्षुणी वज्राले भगवान्‌का सम्मुख भनेकी थिइन् : –

"जसरी कुनै अङ्ग-प्रत्यङ्ग मिलेकोलाई रथ भन्ने संज्ञा दिइन्छ, त्यस्तै, सबै स्कन्धहरू भएकोलाई सत्त्व (जीव) भन्ने बुझ्नुपर्दछ ।"

"भन्ते नागसेन ! आश्चर्य छ ! अद्भुत छ ! ! तपाईंले निकै कुशलताका साथ यस जटिल प्रश्नको समाधान गर्नुभयो । यदि यस बखत भगवान् बुद्ध स्वयं यहाँ हुनुभएको भए अवश्य पनि उहाँले साधुवाद दिनुहुन्थ्यो होला । साधु, साधु, नागसेन ! तपाईंले यस जटिल प्रश्नलाई कुशलका साथ समाधान गर्नुभयो ।"

## २. आयुविषयक प्रश्न

२. "भन्ते नागसेन ! तपाईं कति वर्षको हुनुभयो ?" "महाराज ! म सात वर्ष (जन्मले होइन; तर भिक्षु भएपछि) को भएँ ।" "भन्ते ! यहाँ सात के हो ?" "के तपाईं सात हो वा केवल गिन्ती सात हो ?" त्यस बखत सबै आभूषणले युक्त (गहना पहिरेका) राजा मिलिन्दको छाया पृथ्वीमा परेको थियो र जलपात्रमा प्रतिबिम्बित भइरहेको थियो ।

त्यसलाई देखाएर आयुष्मान् नागसेनले यसो भन्नुभयो – "महाराज ! यो तपाईंको छाया पृथ्वीमा परेको छ र जलपात्रमा पनि प्रतिबिम्बित भइरहेको छ । महाराज ! के तपाईं राजा हुनुहुन्छ वा



Downloaded from http://www.dhamma.digital

छाया राजा हो ?" "भन्ते नागसेन ! म राजा हुँ; यो छाया राजा होइन । तर छाया मेरो कारणले परेको छ ।" "महाराज ! यस्तै, वर्षको गिन्ती सात हो । म सात होइन तर मेरै कारणले यो सात वर्षको गिन्ती भयो, ठीक तपाईंको छायाको उपमाजस्तै ।" "भन्ते नागसेन ! आश्चर्य छ, अद्‌भुत छ । तपाईंले निकै कुशलता पूर्वक यस जटिल प्रश्नको पनि समाधान गर्नुभयो ।"

## ३. पण्डितवाद र राजवाद चर्चापद्धति विषयक प्रश्न

३. राजाले सोधे – "भन्ते नागसेन ! के तपाईं मसँग शास्त्रार्थ गर्नुहुन्छ ?" "महाराज ! यदि तपाईं मसँग पण्डितहरू (पण्डितवाद) झैं शास्त्रार्थ गर्नुहुन्छ भने अवश्य गर्नेछु; यदि राजाहरू (राजवाद) झैं शास्त्रार्थ गर्ने भए म गर्दिन ।" "भन्ते नागसेन ! कसरी पण्डितहरू शास्त्रार्थ गर्दछन् ?" "महाराज ! पण्डितहरू शास्त्रार्थ गर्दा एकले अर्कोको तर्कलाई बेर्छ । एउटाले अर्कोको निग्रहलाई खोलि दिन्छ । एउटाले अर्कोलाई तर्कद्वारा समाउँछ । एउटाले अर्कोको पक्राउबाट छुट्छ । एउटाले अर्काको सामु तर्क तेर्स्याउँछ भने अर्कोले त्यसको खण्डन गर्दछ । तर यति हुँदा सम्म पनि कसैले रिस गर्दैन । महाराज ! यसरी नै पण्डितहरू शास्त्रार्थ गर्दछन् ।"

"भन्ते ! राजाहरू कसरी शास्त्रार्थ गर्दछन् ?" "महाराज ! राजाहरूको शास्त्रार्थमा यदि कसैले राजाको खण्डन गर्दछ भने उसलाई तुरुन्त दण्ड दिइन्छ – 'यसलाई यस्तो दण्ड देऊ ।' महाराज ! यसरी नै राजाहरू शास्त्रार्थ गर्दछन् ।"

"भन्ते ! म पण्डितहरूले गरेजस्तै शास्त्रार्थ गरूँला, राजाहरूले गरेझैं होइन । तपाईं विश्वासपूर्वक शास्त्रार्थ गर्नुहोस् । जसरी तपाईं एउटा भिक्षुसँग या श्रामणेरसँग या उपासकसँग या आश्रममा बस्नेसँग कुरा गर्नुहुन्छ, त्यसरी नै, पूर्ण विश्वासका साथ मसँग शास्त्रार्थ गर्नुहोस्, नडराउनुहोस् ।" "हवस् महाराज !" भनेर स्थविरले स्वीकार गर्नुभयो । राजाले भने – "भन्ते ! म सोध्छु ।" "महाराज ! सोध्नुहोस् ।" "भन्ते ! मैले त सोधिसके ।" "महाराज ! मैले पनि त त्यसको उत्तर दिइसकें नि ।" "भन्ते ! तपाईंले के उत्तर दिनुभयो ?" "महाराज ! तपाईंले के सोध्नुभयो ?"

## ४. अनन्तकायको प्रश्न

४. त्यसपछि राजा मिलिन्दको मनमा यस्तो कुरा उठ्यो – 'अहो ! यी भिक्षु त पण्डित पो रहेछन् । मसँग शास्त्रार्थ गर्न सक्छन् । मलाई धेरै कुरा सोध्नु छ चाँडै घाम अस्ताउन लागेको छ । यदि भोलि मेरो अन्तःपुर (राजमहल) मा शास्त्रार्थ भएमा बेस हुनेछ ।' यस्तो विचार गरेर राजा मिलिन्दले देवमन्त्रीलाई भने – "देवमन्त्री ! त्यसो भए भन्तेलाई भोलि शास्त्रार्थ हुनेछ भनेर भनिदेऊ ।" यति भनेर राजा मिलिन्द आसनबाट उठेर स्थविर नागसेनको आज्ञा मागेर रथमा सवार भएपछि मनमनै 'नागसेन, नागसेन' भनी फर्की गए । त्यसपछि, देवमन्त्रीले आयुष्मान् नागसेनलाई यसो भने – "भन्ते ! राजा मिलिन्दको अन्तःपुरमा भोलि तपाईंसँग शास्त्रार्थ हुनेछ भनी भन्नुभएको छ ।" "हुन्छ" भनेर स्थविरले स्वीकार गरे ।

दोस्रो दिन बिहानै देवमन्त्री, अनन्तकाय, मंकुर र सब्बदिन्न राजा भए ठाउँमा गएर सोधे – "महाराज ! के आज भदन्त नागसेन आए हुन्छ ?" "आए हुन्छ ।" "कति जना भिक्षुहरूका साथ ?" "जतिसुकै भिक्षुहरूका साथ आउन चाहन्छन्, आए हुन्छ ।"



Downloaded from http://www.dhamma.digital

त्यसपछि सब्बदिन्नले भने – "महाराज ! दसजना भिक्षुहरूका साथ आए बेस होला ।"

दोस्रोपल्ट पनि राजाले भने – "जति जना आउन चाहन्छन्, आऊन् ।"

अनि फेरि सब्बदिन्नले भने – "महाराज ! दस जना भिक्षुहरूका साथमा आए बेस होला ।" राजाले भने – "उहाँहरूको स्वागतका लागि सम्पूर्ण तयारी भइसकेको छ । म भन्छु, जति चाहन्छन्, उति भिक्षुहरूका साथ आए हुन्छ । सब्बदिन्न, दस मात्र किन भन्दैछौ ? के हामीहरू भिक्षुहरूलाई भोजन खुवाउन सक्दैनौं ?" त्यसपछि सब्बदिन्न चुप लागे ।

अनि देवमन्त्री, अनन्तकाय र मंकुरले आयुष्मान् नागसेन भएको ठाउँ गएर भने – "भन्ते ! राजा मिलिन्दले भन्नुभएको छ कि तपाईं जति जना भिक्षुहरूलाई ल्याउन चाहनुहुन्छ, लिई पाल्नुहोस् ।"

त्यसपछि आयुष्मान् नागसेनले पूर्वान्ह समय पात्र, चीवर धारण गरी असी हजार भिक्षुहरूका साथ सागल नगरमा प्रवेश गरे ।

त्यस बखत आयुष्मान् नागसेनका साथ जाँदा अन्नतकायले सोधे – "भन्ते ! जब म नागसेन भन्दछु, यो नागसेन के हो ?" स्थवीरले भने – "तपाईं नागसेन भनेको के ठान्नुहुन्छ ?" "भन्ते ! जुन प्राणवायु भित्र र बाहिर आउँछ, त्यसलाई म नागसेन सम्झन्छु ।" "यदि यो प्राणवायु भित्र गएर बाहिर आएन अथवा बाहिर गएर भित्र आएन भने त्यो मानिस बाँच्छ कि बाँच्दैन ?" "बाँच्दैन भन्ते !" "जो यहाँ शङ्ख बजाउनेले शङ्ख बजाउँछ, उसले फुकेको वायु के फेरि भित्र आउँछ ?" "आउँदैन भन्ते !" "जो यहाँ बाँसुरी बजाउनेले बाँसुरी बजाउँछ, उसले फुकेको वायु के फेरि उसको भित्र जान्छ ?" "जाँदैन भन्ते !" "जो यहाँ तुरही (नर्सिङ्गा) बजाउनेहरूले तुरही बजाउँदा उनीहरूले फुकेको वायु के फेरि भित्र जान्छ ?" "जाँदैन भन्ते !" "त्यसो भए उनीहरू किन मर्दैनन् ?" "तपाईंसँग म शास्त्रार्थ गर्न सक्दिन, कृपया भन्नुहोस् कि कुरो के हो ।" स्थविरले भन्नुभयो – "यहाँ प्राणवायु कुनै चीज होइन, सास लिनु र छाड्नु त कायसंस्कार (शरीरको धर्म) मात्र हो ।" स्थविरले अभिर्धमअनुसार यस कुरोलाई सम्झाउनु भयो । अनन्तकायले कुरा बुझे अनि उनी उपासक भए ।

## ५. प्रव्रज्याविषयक प्रश्न

५.त्यसपछि, आयुष्मान् नागसेन राजा मिलिन्दको दरबारमा आइपुगेपछि ओछ्याइएको आसनमा बस्नुभयो । राजा मिलिन्दले आयुष्मान् नागसेन र उनको सारा परिषद्लाई प्रणीत भोजन आफ्नो हातले पस्केर खुवाए । प्रत्येक भिक्षुलाई एक-एक जोर र आयुष्मान् नागसेनलाई तीन चीवर दिएर भने – "भन्ते ! नागसेन, दस जना भिक्षुहरू तपाईंका साथ रही बाँकी भिक्षुहरू फर्की गए हुन्छ ।"

त्यसपछि राजा मिलिन्द आयुष्मान् नागसेनलाई भोजन गराई पात्रबाट हात हटाएपछि तल्लो आसनमा बसेर भने – "भन्ते ! कुन विषयमा कथा-संलाप (शास्त्रचर्चा) गर्नुपर्ला ?" "महाराज ! हामीहरूलाई धर्मको अर्थ सम्बन्धी कुरासित मात्र सरोकार छ । त्यसो हुँदा धर्मको अर्थसम्बन्धी कुराबारे नै कथा-संलाप होस् ।"

राजाले सोधे – "भन्ते नागसेन ! केका लागि तपाईंको प्रव्रज्या भएको हो ? तपाईंको परम उद्देश्य के हो ?" स्थविरले भन्नुभयो – "महाराज ! किनभने यो दु:ख रोकियोस् र नयाँ दु:ख उत्पन्न नहोस् भन्नाका खातिर मेरो प्रव्रज्या भएको हो । फेरि जन्म लिनु नपरोस्, यस्तो परम निर्वाण पाउनु हाम्रो परम उद्देश्य हो ।"



Downloaded from http://www.dhamma.digital

"भन्ते नागसेन ! के सबै जना यसैको निम्ति प्रव्रजित हुन्छन् ?" "होइन महाराज ! कोही यसका निम्ति प्रव्रजित हुन्छन्, कोही राजाको डरले प्रव्रजित हुन्छन्, कोही चोरको डरले, कोही कर्जा (ऋण) को बोझले, कोही पेट पाल्नका निम्ति । तर जो उचित रीतले प्रव्रजित हुन्छन्, उनीहरू यही निर्वाणका लागि प्रव्रजित हुन्छन् ।"

"भन्ते ! के तपाईं यसैका निम्ति प्रव्रजित हुनुभएको हो ?" "महाराज ! जब म प्रव्रजित भएको थिएँ, म निकै सानो थिएँ । थाहा थिएन कि केका निम्ति प्रव्रजित हुँदैछु । मेरो मनमा यस्तो विचार आएको थियो कि यी बौद्ध भिक्षुहरू निकै पण्डित हुन्छन्, मलाई पनि शिक्षा दिनेछन् । त्यसो हुँदा अब म उनीहरूबाट सिकेर जान्दछु र देख्दछु कि प्रव्रज्याको यही अर्थ हो ।"

"भन्ते ! एकदम ठीक ।"

## ६. प्रतिसन्धि (जन्म-मृत्यु) विषयमा प्रश्न

६. राजाले सोधे – "भन्ते नागसेन ! के यस्ता पनि कोही छन् जो मरेपछि फेरि जन्म लिंदैनन् ?" स्थविरले भन्नुभयो – "कोही यस्ता छन् जो जन्म ग्रहण गर्दछन् र कोही यस्ता पनि छन् जो जन्म ग्रहण गर्दैनन् ।

"कसले जन्म लिन्छन् र कसले जन्म लिंदैनन् ?" "महाराज ! जसमा क्लेश (चित्तको मयल) छ, उनीहरूले जन्म ग्रहण गर्दछन् र जो क्लेशरहित छन् उनीहरूले जन्म ग्रहण गर्दैनन् ।" "भन्ते नागसेन ! तपाईं जन्म लिनुहुन्छ कि हुन्न ?" "महाराज ! यदि संसार तिर आसक्ति लागिरह्यो (उपादान रह्यो) भने जन्म ग्रहण गरूँला । आसक्ति छुट्यो भने जन्म लिने छैन ।"

"भन्ते ! एकदम ठीक भन्नुभयो ।"

Dhamma.Digital

## ७. योनिसोमनसिकार (विवेक-ज्ञान)का विषयमा प्रश्न

७. राजाले सोधे – "भन्ते नागसेन ! जसले जन्म ग्रहण गर्दैनन्, के उनीहरू योनिसोमनसिकार (विवेक लाभ) गरेर जन्म ग्रहण गर्दैनन् ?" "महाराज ! योनिसोमनसिकारद्वारा र प्रज्ञाद्वाराअर्को पुण्य धर्म गर्नाले (जन्म लिँदैन) ।" "भन्ते ! योनिसोमनसिकार नै प्रज्ञा होइन र ?" "होइन महाराज ! योनिसोमनसिकार अर्कै र प्रज्ञा (ज्ञान) अर्कै कुरा हुन् । महाराज ! यी भेडा, बाख्रा, गाई, गोरु, ऊँट तथा गधामा विवेक त रहन्छ तर प्रज्ञा रहँदैन ।"

"भन्ते ! ठीक भन्नुभयो ।"



Downloaded from http://www.dhamma.digital

## ८. मनसिकार लक्षण-प्रश्न

८. राजाले सोधे – "भन्ते ! मनसिकार (विवेक) को पहिचान के हो र प्रज्ञाको पहिचान के हो ?" "महाराज ! 'बोध हुनु' विवेकको पहिचान हो र 'काट्ने शक्ति हुनु' प्रज्ञाको पहिचान हो ।" "यो कसरी ? कृपया उपमा दिएर सम्झाउनुहोस् ।" "महाराज ! तपाईंले कहिले जौलाई काट्दै गरेको देख्नुभएको छ ?" "देखेको छु भन्ते ।" "महाराज ! मानिसहरूले कसरी जौलाई काट्छन् ?" "भन्ते ! देब्रे हातले जौका बालालाई समातेर दाहिने हातमा हँसिया लिएर काट्छन् ।" "महाराज ! त्यसै गरी योगीले विवेकद्वारा आफ्नो मनलाई समाएर प्रज्ञारूपी हसियाँले क्लेशहरूलाई काट्छ । यही भावले मैले भनेको हुँ – बोध हुनु विवेकको पहिचान अनि काट्नु ज्ञानको पहिचान हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ९. शीलादि लक्षणप्रश्न

९. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंले अहिले 'कुशल धर्महरू' भनेर जो भन्नुभयो, यो कुशल धर्म भनेको के हो ?"

"महाराज ! शील, श्रद्धा, वीर्य, स्मृति र समाधि – यी नै कुशल धर्महरू हुन् ।" "भन्ते ! शीलको पहिचान के हो ?" "महाराज ! सबै कुशल धर्ममा प्रतिष्ठित हुनु शीलको पहिचान हो । इन्द्रिय,[२०] बल,[२१] बोध्यङ्ग,[२२] मार्ग,[२३] स्मृतिप्रस्थान,[२४] सम्यक्-प्रधान,[२५] ऋद्धिपाद,[२६] ध्यान[२७], विमोक्ष[२८] समाधि र समापत्ति[२९]

---

२०. इन्द्रिय पाँच प्रकारका छन् - (१) श्रद्धा-इन्द्रिय, (२) वीर्य-इन्द्रिय, (३) स्मृति-इन्द्रिय, (४) समाधि-इन्द्रिय, (५) प्रज्ञा-इन्द्रिय ।

२१. बल पाँच प्रकारका छन् - (१) श्रद्धा-बल, (२) वीर्य-बल, (३) स्मृति-बल, (४) समाधि-बल, (५) प्रज्ञा-बल ।

२२. बोध्यङ्ग सात प्रकारका छन् – (१) स्मृति-सम्बोध्यङ्ग, (२) धर्म विचय-सम्बोध्यङ्ग, (३) वीर्य-सम्बोध्यङ्ग, (४) प्रीति-सम्बोध्यङ्ग, (५) प्रश्रब्धि-सम्बोध्यङ्ग, (६) समाधि-सम्बोध्यङ्ग र (७) उपेक्षा-सम्बोध्यङ्ग ।

२३. मार्ग आठ प्रकारका छन् - (१) सम्यक्-दिष्टि, (२) सम्यक्-संकल्प, (३) सम्यक्-वचन, (४) सम्यक्-कर्मान्त, (५) सम्यक-आजीव, (६) सम्यक्-व्यायाम, (७) सम्यक्-स्मृति र (८) सम्यक्-समाधि ।

२४. स्मृतिप्रस्थान चार प्रकारका छन् – (१) कायानुपश्यना, (२) वेदनानुपश्यना, (३) चित्तानुपश्यना, (४) धम्मानुपश्यना ।

२५. सम्यक्प्रधान चार प्रकारका छन् -१.अनुत्पन्न अकुशल(पाप)लाई उत्पन्न हुन नदिन प्रयत्न गर्नु, चेष्टा गर्नु र चित्तको निग्रह गर्नु, (२) उत्पन्न भएको अकुशल(पाप)को विनाशका लागि, (३) अनुत्पन्न कुशल(पुण्य) धर्महरू उत्पन्न गर्नका लागि र (४) उत्पन्न कुशल धर्महरूको स्थिति र वृद्धिका लागि भावना-पूर्ण गर्न प्रयत्न गर्नु ।

२६. ऋद्धिपाद चार प्रकारका छन्- (१) छन्द-समाधि-प्रधान-संस्कार-युक्त (२) वीर्य-समाधि-प्रधान-संस्कार-युक्त (३) चित्त-समाधि-प्रधान-संस्कार-युक्त (४) विमर्ष-समाधि-प्रधान-संस्कार-युक्त ।

२७. ध्यान चार प्रकारका छन् - (१) प्रथमध्यान, (२) द्वितीयध्यान, (३) तृतीयध्यान, (४) चतुर्थध्यान,

२८. विमोक्ष आठ प्रकारका छन् – (१) रूपी रूप भएकाले रूपलाई देख्छन् । (२) अध्यात्म अरूपसंज्ञीले बाहिरको रूपलाई देख्छन् । (३) शुभ नै अधिमुक्त हुन्छन् । (४) रूप-संज्ञालाई अतिक्रमण गरेर प्रतिहिंसाको विचार लुप्त हुनाले विभिन्न विचार नगर्नाले आकाश-अनन्त छ, यस आकाशन्त्यायतनलाई प्राप्त गरेर विहार गर्दछन् । (५) आकाशन्त्यायतनलाई अतिक्रमण गरेर 'विज्ञान-अनन्त छ' यो विज्ञानन्त्यायतनलाई प्राप्त गरेर विहार गर्दछन् । (६) विज्ञान-आनन्त्यायतनलाई अतिक्रमण गरेर 'केही पनि छैन'- यस अकिंचन्य-आयातनलाई प्राप्त गरेर विहार



Downloaded from http://www.dhamma.digital

आदि सबै असल धर्मको आधार शील नै हो । महाराज शीलको आधारमा उभ्याइएको कुनै असल धर्म ढल्दैन ।" "कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी जति जीव र बोट-बिरुवाहरू छन्, ती सबै पृथ्वीको आधारबाट नै उत्पन्न भई हुर्कन्छन् । त्यसरी नै, योगीले शीलको आधारमा नै र शीलमै दृढ भएर यी पाँच इन्द्रियहरूको भावना गर्दछ – (१) श्रद्धेन्द्रिय, (२) वीर्येन्द्रिय (३) स्मृतीन्द्रिय (४) समाधीन्द्रिय र (५) प्रज्ञेन्द्रिय ।"

"कृपया, फेरि अर्को उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी जति पनि बलले गर्न सक्ने काम छ, सबै पृथ्वीको आधारमा प्रतिष्ठित भएर नै गर्न सकिन्छ । त्यसरी नै, योगीले शीलको आधारमा ··· ।"

"कृपया, फेरि तेस्रो उपमा दिएर सम्झाउनु होस् ।"

"महाराज ! जसरी कुनै नगर योजना विद्ले शहर स्थापित गर्न पहिले त्यस ठाउँलाई सफा-सुग्घर पारी, झारपातलाई मिल्काएर समथर पारेर, फेरि त्यसपछि सडक र चौबाटोको नक्सा बनाएर शहर बसाउँछ, त्यसै गरी योगीले शीलको आधारमा ··· ।"

"कृपया, फेरि चौथो उपमा दिएर सम्झाउनु होस् ।"

"महाराज ! जसरी जादूगर खेलाडीले पहिला पृथ्वीलाई खनेर गिट्टी ढुङ्गाहरूलाई हटाएर जमिनलाई सम्म र नरम पारेर जमिनमा आफ्नो खेल देखाउँछ, त्यसरी नै योगीले शीलको आधारमा ··· ।"

"महाराज ! भगवान्ले पनि भन्नुभएको छ : –

**"ज्ञानी मानिसले शीलमा दृढ भएर आफ्नो चित्तलाई ध्यान भावनाद्वारा वशमा राख्छ, संयमी र बुद्धिमान् भिक्षुले यो (तृष्णारूपी) जटालाई सफा पार्न सक्छ ।"**

**"शील नै पृथ्वी जस्तै यो मानिसहरूको आधार हो कुशल र अभिवृद्धिको यो मूल हो, सबै बुद्धहरूको शासनको यो मुख हो, मोक्षका लागि उत्तम बाटो (मार्ग) हो ।"**

"भन्ते तपाईंले ठीक कुरा भन्नुभयो ।"

---

गर्दछन् । (७) सर्वथा अकिंचन्यायतनलाई अतिक्रमण गरेर नैवसंज्ञा-न-असंज्ञा-आयतन(जुन समाधिको आभास न चेतना हो भनेर भन्न सकिन्छ न अचेतना नै) लाई प्राप्त गरेर विहार गर्दछन् । (८) नैवसंज्ञानासंज्ञायतनलाई अतिक्रमण गरेर प्रज्ञा-वेदित-निरोधलाई प्राप्त गरी विहार गर्दछन् ।

२९. समापत्ति आठ प्रकारका छन्-
(१) प्रथमध्यान,
(२) द्वितीयध्यान,
(३) तृतीयध्यान,
(४) चतुर्थध्यान, } रूपावचर
(५) आकाशानन्त्यायतन
(६) विज्ञाननान्त्ययतन
(७) अकिंचन्यायनन
(८) नैवसंज्ञानासंज्ञायतन } अरूपावचर

संयुत्तनिकाय पृ. १ र १८३-४ तथा विसुद्धिमार्गको प्रथम गाथा ।



Downloaded from http://www.dhamma.digital

# १०. (क) श्रद्धाको लक्षणप्रश्न

१०. राजाले सोधे – "भन्ते नागसेन ! श्रद्धाको लक्षण के हो ?"

"महाराज ! मनमा प्रसन्नता र ठूलो आकाङ्क्षा उत्पन्न गराउनु नै श्रद्धाको लक्षण हो ।" "भन्ते ! मन प्रसन्न गराउनु श्रद्धाको लक्षण कसरी हो ?"

"महाराज ! श्रद्धा उत्पन्न हुनेबित्तिकै त्यसले निवरण (बाधाहरू) लाई टाढा हटाउँछ, चित्त निवरणरहित भई स्वच्छ, प्रसन्न र निर्मल हुन्छ ।"

"महाराज ! त्यसैले चित्तमा प्रसन्नता उत्पन्न गराउनु श्रद्धाको लक्षण हो ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।" "महाराज ! जस्तो कि कल्पना गर्नुहोस् कि कुनै चक्रवर्ती राजा आफ्नो चतुरङ्गिणी सेनाका साथ बाटोमा जाँदै गर्दा कुनै कम गहिरो भएको खोलालाई पार गर्छ । त्यहाँ हात्तीहरू, घोडाहरू, रथहरू र पैदल सिपाहीहरूले पानी मन्थन गर्दा अशुद्ध मैलो र फोहोर भयो । पारि पुगेपछि राजाले नोकरलाई भने – "पानी लिएर आऊ, म पानी पिउन चाहन्छु ।" राजासँग पानी सफा गर्ने मणि पत्थर (फट्किरी) थियो । 'हवस्, देव !' – भनेर त्यो नोकरले ल्याएको पानीमा त्यस पत्थरलाई हाले, जसले गर्दा तत्काल सबै बालुवा, शङ्ख, लेउ, फोहोरमैला हटेर बस्यो अनि पानी स्वच्छ र निर्मल भयो । त्यसपछि, राजाकासामु आएर भने –

"देव ! पानी पिउनुहोस् ।"

"महाराज ! यहाँ पानीलाई चित्तजस्तो सम्झनुपर्छ । नोकरहरूलाई योगीसम्झनुपर्छ । शङ्ख बालुवा आदि मैलो चित्तको क्लेशजस्तो सम्झनुपर्छ । जसरी पत्थरलाई पानीमा हाल्नेबित्तिकै सबै फोहर हटेर पानी स्वच्छ, सफा र निर्मल हुन्छ, त्यसरी नै, श्रद्धा आउने बित्तिकै मनका सबै बाधाहरू हटेर जान्छन् । चित्त बाधाहरूरहित भएर स्वच्छ प्रसन्न र निर्मल हुन्छ । महाराज ! यसरी नै, प्रसन्नता उत्पन्न गरिदिनु श्रद्धाको लक्षण हो भनेर सम्झनुपर्दछ ।"

भन्ते ! तपाईंले ठीक कुरा भन्नुभयो ।

## (ख) श्रद्धाको लक्षण-प्रश्न

११. "भन्ते ! अभिलाषा (मनमा तीव्र आकाङ्क्षा) उत्पन्न गर्नु कसरी श्रद्धाको लक्षण हो ?"

"महाराज ! योगीले अरूहरूको चित्तलाई देखेर स्रोतापन्नफल, सकृदागामीफल, अनागामीफल या अर्हत्पदमा आरूढ देखेर आफ्नो मनमा पनि त्यस्तै हुने आकाङ्क्षा गर्दछ, त्यस अप्राप्त पदलाई प्राप्त गर्नका लागि र नदेखेकोलाई देख्नका लागि प्रयत्न तथा परिश्रम गर्दछ । महाराज ! यसरी मनमा तीव्र आकाङ्क्षा उत्पन्न गराइदिनु श्रद्धाको परिचय हो भनी सम्झनुपर्छ ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि पहाड़माथि वडो धूमधामसित पानी पऱ्यो । पानी तलतिर वग्दै पहाड़का कन्दराहरू, गुफाहरू र नालीहरूलाई भरेर खोला पनि पूरै भरियो । आफ्ना दुवै किनाराहरूलाई भत्काउँदै खोलो अगाडि वढ्यो । त्यसपछि त्यहाँ फेरि मानिसहरूको एउटा मण्डली आइपुग्यो र खोलाको गहिराइ



Downloaded from http://www.dhamma.digital

थाहा नपाएर डरले गर्दा उनीहरू किनारामै बसिरहे । त्यसपछि कुनै अर्को मानिस त्यहाँ आएर आफ्नो साहस र बलअनुसार ठीक तवरले धोती बाँधेर तैरिँदै ऊ पारिपट्टि गयो । उसलाई पारि गएको देखेपछि अरूहरू पनि त्यसरी नै तैरिएर पारि गए । यसरी एउटा योगीले अरूहरूको चित्तलाई मुक्त ... देखेर ऊ आफैं पनि त्यस पदलाई प्राप्त गर्न ठूलो आकाङ्क्षा गर्दछ र उसले प्रयत्न र परिश्रम गर्दछ । महाराज ! यसरी नै, मनमा ठूलो आकाङ्क्षा उत्पन्न गरिदिनु श्रद्धाको परिचय हो । संयुत्तनिकायमा भगवान्ले यसो भन्नुभएको छ कि –

**"श्रद्धाले (संसाररूपी) बाढीलाई पार गर्दछ । अप्रमादीले भवरूपी सागरलाई पार गर्दछ । वीर्य परिश्रमले दुःखलाई नाश गर्दछ; र प्रज्ञाले सर्वथा (सबै प्रकारको) परिशुद्धि गर्दछ ।"**[३०]

"भन्ते ! नागसेन तपाईंले सर्वथा ठीक भन्नुभयो ।"

## ११. वीर्यलक्षण-प्रश्न

१२. राजाले सोधे – "भन्ते ! नागसेन वीर्यको लक्षण के हो ?"

"महाराज ! टेवा दिनु वीर्यको लक्षण हो । जुन कुशल धर्मलाई दृढ गरिएको छ, त्यो कहिल्यै ढल्दैन ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै मानिसले आफ्नो घरलाई ढल्दै गरेको देखेर उसले एउटा खम्बाको सहारा दिएर टेवा दिएर त्यसलाई दृढ वा बलियो पार्छ अनि घर ढल्न सक्दैन त्यसरी नै, वीर्यले दृढ पारिएको सबै कुशल धर्म ढल्दैन ।"

"कृपया, फेरि अर्को उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै सानो सेनाको दललाई कुनै ठूलो सेनाको दलले पराजित गर्दछ । त्यसपछि पराजित राजाले सिपाहीहरूलाई फेरि युद्ध गर्न पठाइदिन्छ, त्यसरी नै, 'दृढ गर्नु' पनि वीर्यको परिचय हो । भगवान्ले भन्नुभएको छ कि : –

**"भिक्षुहरू हो ! वीर्यवान आर्यश्रावकले अकुशल (पाप) लाई छाडेर कुशल (पुण्य) लाई ग्रहण गर्छ, द्वेषलाई छाडेर द्वेषरहितलाई ग्रहण गर्छ अनि उसले आफूलाई शुद्ध पार्दछ ।"**

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १२. स्मृतिलक्षण-प्रश्न

१३. राजाले सोधे – "भन्ते नागसेन ! स्मृतिको पहिचान के हो ?"

"महाराज ! (१) निरन्तर सम्झना गर्नु र (२) स्वीकार गर्नु स्मृतिको पहिचान हो ।"

---

३०. आलवक-सुत्त, संयुत्त नि. (नेपाल भाषा) पृ. २४२ ।



Downloaded from http://www.dhamma.digital

(१) "भन्ते ! निरन्तर सम्झनु कसरी स्मृतिको पहिचान हो ?" "महाराज ! स्मृतिले हरदम सम्झना गराउँछ कि यो कुशल, यो अकुशल, यो दोषयुक्त यो दोषरहित यो जाती यो नजाती, अनि यो कृष्ण यो शुक्ल हो । यस्तो पनि निरन्तर सम्झना गराउँछ – यी चार स्मृतिप्रस्थान, यी चार सम्यक्-प्रधान, यी चार ऋद्धिपाद, यी पाँच इन्द्रिय, यी पाँच बल, यी सात बोध्यङ्ग, यो आर्य अष्टाङ्गिक मार्ग, यो शमथ, यो विपश्यना, यो विद्या र यो विमुक्ति हो । जसबाट योगीले सेवनीय धर्महरूको सेवन गर्दछ, असेवनीय धर्महरूको सेवन गर्दैन, स्मृतिले गर्दा नै यसो हुन्छ । महाराज ! यसरी नै बराबर सम्झना गराउनु स्मृतिको पहिचान हो ।"

"कृपया, उपमा दिएर सम्झाउनु होस् ।"

"महाराज ! जस्तो कि कुनै चक्रवर्ती राजाको भण्डागारिकले सधैं साँझ र बिहान राजालाई उनको यशको सम्झना गराउँछ – 'देव! तपाईंका यति हात्ती, यति घोडा, यति रथ, यति सिपाही, यति सुन, यति सम्पत्ति छन्, तपाईं तिनको सम्झना गर्नुहोस् ।' त्यसरी नै, सधैं यो कुशल हो, यो अकुशल हो भनी सम्झना गर्नु स्मृतिको पहिचान हो । महाराज ! ! यसरी सधैं सम्झना गर्नु स्मृतिको पहिचान हो ।"

(२) "भन्ते ! ग्रहण गर्नु कसरी स्मृतिको पहिचान हो ?"

"महाराज ! स्मृति उत्पन्न भएर त्यसले खोजी गर्छ र कुनचाहिँ धर्मले हित गर्छ र कुनचाहिँले अहित । यो धर्म हितको हो, यो धर्म अहितको, यो धर्मले उपकार गर्छ, यो धर्मले अपकार गर्छ । यसले गर्दा योगीले अहित धर्मलाई छाड्छ र हित गर्ने धर्मलाई स्वीकार गर्छ । अपकार गर्ने धर्मलाई छाडेर उपकार गर्ने धर्मलाई स्वीकार गर्छ । महाराज ! यसरी स्वीकार गर्नु स्मृतिको पहिचान हो ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी कुनै चक्रवर्ती राजाका परिणायक (प्रधानमन्त्री) ले राजालाई सम्झाउँछ – "यो तपाईंको निम्ति हितकर छ, यो अहितकर, यो कुशलका लागि' यो अकुशलका लागि हो । त्यसपछि राजाले अहितलाई छोडेर हितकरलाई ग्रहण गर्दछ; नराम्रोलाई छाडेर राम्रोलाई ग्रहण गर्छ । महाराज ! यसरी स्मृति उत्पन्न भएर त्यसले खोजी गर्दछ कि कुन धर्म हितको हो । भगवान्‌ले भन्नुभएको छ कि – "भिक्षुहरू हो ! म स्मृतिले सबै धर्महरूलाई सिद्ध गर्छ भनेर भन्दछु ।"

## १३. समाधिको लक्षणप्रश्न

१४. राजाले सोधे – "भन्ते ! समाधिको पहिचान के हो ?"

"महाराज ! अग्रसर (प्रमुख) हुनु समाधिको पहिचान हो । जति पनि कुशल धर्महरू छन्, ती सबै समाधिको प्रमुख हुनाले हुन्छ, जतातिर निहुरिन्छ यतातिर लिएर आउँछ र यसैमा आएर व्यवस्थित हुन्छ ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै कुटागारका सबै भऱ्याङहरू सबैभन्दा माथिल्लो तल्लामा (घर) लैजाने हुन्छ, त्यतैतिर गएर सकिन्छ, र त्यही सबैभन्दा मुख्य ठहरिन्छ, त्यस्तै, जति पनि कुशल धर्महरू छन्, ती सबै समाधि प्रमुख हुनाले हुन्छन्, यतातिर झुक्छन् र यतातिर लिएर आउँछन् र यसैमा आएर व्यवस्थित हुन्छन् ।"



Downloaded from http://www.dhamma.digital

"कृपया, फेरि कुनै दोस्रो उपमा दिएर सम्फाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै राजा आफ्नो चतुरङ्गिणी सेनालाई साथ लिएर लडाइँमा जान्छ । सबै सेना, सबै हात्ती, सबै घोडा, सबै रथ र सबै सिपाही लडाइँतिर बढाउँछ, ती त्यतैतिर झुक्छन् र त्यहाँ गएर लड्छन् । त्यसरी नै, जति पनि कुशल (पुण्य) धर्महरू छन्, ती सबै समाधिको प्रमुख हुनाले । यतातिर झुक्छन् यतातिर लिएर आउँछन् र यसैमा आएर व्यवस्थित हुन्छन् । यसरी नै, प्रमुख हुनु समाधिको पहिचान हो । भगवान्ले पनि भन्नुभएको छ – **भिक्षुहरू हो ! समाधिको अभ्यास गर, समाधि लाग्नाले नै यथार्थ ज्ञान हुन्छ ।"** (स. नि. (२१)५)

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १४. प्रज्ञालक्षण–प्रश्न

१५. राजाले सोधे – "भन्ते ! नागसेन प्रज्ञाको पहिचान के हो ?"

"महाराज ! मैले अघि नै भनिसकें कि काट्नु प्रज्ञाको पहिचान हो र देखाइदिनु पनि प्रज्ञाको अर्को पहिचान हो ।"

"भन्ते ! देखाइदिनु कसरी प्रज्ञाको पहिचान हो ?" "महाराज ! प्रज्ञा उत्पन्न हुनाले अविद्यारूपी अँध्यारो हटेर जान्छ, विद्यारूपी प्रकाश उत्पन्न हुन्छ, ज्ञानको प्रकाश उत्पन्न हुन्छ, चार आर्यसत्य सफासँग देख्न सकिन्छ । त्यसपछि योगीले अनित्य, दुःख र अनात्मलाई सम्यक्करूपले प्रज्ञा ज्ञानद्वारा जान्दछ ।"

"कृपया, उपमा दिएर सम्फाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै व्यक्ति हातमा एउटा बल्दै गरेको दियो लिएर कुनै अँध्यारो कोठामा जान्छ, ऊ जानेबित्तिकै अँध्यारो हटेर जान्छ, पूरै कोठामा प्रकाश फैलिन्छ र सबै वस्तुहरू देखिन थाल्छन् । महाराज ! त्यस्तै, प्रज्ञा उत्पन्न भइदिनाले अविद्यारूपी अँध्यारो हटेर जान्छ र विद्यारूपी प्रकाश उत्पन्न हुन्छ । ज्ञानको प्रकाश उत्पन्न हुन्छ, चारै आर्यसत्य सफासँग देखिन्छ । त्यसपछि योगीले अनित्य, दुःख र अनात्मालाई सम्यक् रूपले प्रज्ञा (ज्ञान) द्वारा जान्दछ ।"

"महाराज ! यसरी नै, देखाइदिनु प्रज्ञाको परिचय हो ।"

"भन्ते ! नागसेन तपाईंले ठीक भन्नुभयो ।"

## १५. नाना धर्म एकसाथ मिलेर हुने कार्य निष्पादनप्रश्न

१६. राजाले सोधे – "भन्ते नागसेन ! के सबै अनेक धर्म एकसाथ मिलेर कुनै काम गर्छन् ?" "हो, महाराज ! यी सबै एकसाथ मिलेर क्लेश-समूहलाई नाश गरिदिन्छन् ।"

"भन्ते ! यो कसरी हुन्छ, कृपया उपमा दिएर सम्फाउनुहोस् ।"



Downloaded from http://www.dhamma.digital

"महाराज ! जस्तो कि (राजाका) हात्ती, घोडा, रथ र सिपाहीजस्ता अनेक प्रकारका सेनाहरू भए तापनि शत्रुलाई पराजित गर्नु एकमात्र काम हो । त्यसरी नै, अनेक प्रकारका कुशल धर्मले एकसाथ मिलेर क्लेश-समूहलाई नाश गरिदिन्छन् ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

**यस वर्गमा सोह्र प्रश्नहरू छन् ।**

**पहिलो महावर्ग समाप्त ।**

# २. अद्धानवर्ग

## १. धर्मसन्ततिप्रश्न (वस्तुको अस्तित्व)

१. राजाले सोधे – "भन्ते नागसेन ! जो उत्पन्न हुन्छ के त्यो त्यही व्यक्ति हो या कुनै अर्के ?" स्थविरले भन्नुभयो – "न त्यही व्यक्ति हो न अर्के नै हो ।"

"कृपया, यो कुरा उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के भन्नुहुन्छ – जब तपाईं बाल्यकाल अवस्थामा खाटमा उत्तानो परेर सुत्नुहुन्थ्यो, अब तपाईं यत्रो ठूलो भएर पनि के तपाई त्यही हुनुहुन्छ ?" "होइन भन्ते ! अब म अर्कै भइसकें ।" "महाराज ! यदि तपाईं त्यही बच्चा होइन भने, अब तपाईंकी न आमा हुनुहुन्छ, न बुबा, न कोही आचार्य नै । न त शीलवान् या प्रज्ञावान् पनि हुन्न; महाराज ! किनकि त्यसो हुँदा कलल (गर्भधारणको प्रथम अवस्था)[३१] की आमा अर्कै हुन् अब्बुद (गर्भधारणको दोस्रो अवस्था) की आमा अर्कै हुन्छिन्, पेसिया (गर्भधारणको अर्को अवस्था) की आमा अर्कै हुन्छिन्, घन (गर्भको एक अवस्था) की आमा अर्कै हुन्, बच्चाकी आमा पनि अर्कै हुन्, तरुण अवस्थाकी आमा अर्कै हुन्छिन्, शिल्प सिक्ने पनि अर्कै हुन्छ शिल्प जान्ने पनि अर्कै हुन्छ । एक जनाले पाप कर्म गर्छ भने अर्कोको हात खुट्टा काटिन्छ ?"

"होइन भन्ते ! तपाईंले के भन्न खोज्नुभएको हो ?"

स्थविरले भन्नुभयो – "महाराज ! म सानोमा अर्कै थिएँ र यस समय ठूलो भएर अर्कै भएँ । तर ती सबै भिन्न अवस्थाहरू यस शरीरमै भएको हुनाले यो एउटै मानिन्छ ।"

"कृपया, तपाईं यसलाई फेरि उपमा दिएर सम्झाउनुहोस् ।"

---

३१. संयुत्तनिकायको इन्दक-सुत्तमा गर्भ परिपाक हुने अवस्थाकोबारे यसरी वर्णन पाइन्छ –
प्रथम कलल हुन्छ, कललबाट अब्वद बन्दछ ।
अब्वदबाट पेशी बन्दछ, पेशीबाट घन ।
घन फुटेर केश, रोम, नङ् आदि बन्दछन्, आमाले खाने अन्नपान वा भोजनबाट कोखमा बस्ने त्यस प्राणीको पोषण हुन्छ ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! जस्तै कि कुनै व्यक्तिले दियो बाल्यो । त्यसो हो भने के त्यो रातभरि नै बल्छ ?" "हो भन्ते, रातभरि नै बल्छ ।" "महाराज ! रातको पहिलो प्रहरमा दियोको जुन ज्वाला छ, के त्यो त्यही बत्ती दोस्रो प्रहर र तेस्रो प्रहरमा पनि बलिरहन्छ ?" "बल्दैन भन्ते !"

"महाराज ! त्यसो हो भने के त्यो दियो पहिलो प्रहरमा, दोस्रो प्रहरमा र तेस्रो प्रहरमा अर्कै हुन्छ ?" "हुँदैन भन्ते ! त्यही दियो सारा रात बलि रहन्छ ।" "महाराज ! ठीक यसरी नै, कुनै वस्तुको अस्तित्वको सिलसिला एक अवस्थामा उत्पन्न हुन्छ भने अर्कोमा लीन हुन्छ । यसरी नै, यो प्रवाह कायम रहन्छ । एक प्रवाहको दुई अवस्थामा एक क्षणको अन्तराल पनि हुँदैन किनकि एउटा लीन हुनेबित्तिकै अर्को तुरुन्तै उत्पन्न हुन्छ । यसरी नै, जीव न त्यही रहन्छ, न अर्को नै हुन्छ । एक जन्मको अन्तिम विज्ञान लीन हुँदा अर्को दोस्रो जन्मको प्रथम विज्ञान उत्पन्न हुन्छ ।"[३२]

"कृपया, यसलाई एउटा अर्को उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि दूधलाई जमाएमा केही समयपछि त्यो दही बन्छ, दहीबाट नौनी घ्यू (मक्खन) र नौनी घ्यूलाई खारेर घ्यू बनाइन्छ । त्यसपछि कसैले भन्यो कि जुन दूध हो त्यही दही हो । जुन दही छ, त्यही नौनी घ्यू हो । जुन नौनी घ्यू छ, त्यही नै घ्यू हो । महाराज ! यस्तो भन्ने व्यक्तिले के ठीक भनेको हो त ?" "भन्ते ! दूधबाट यस्ता सबै चीजहरू बनेको हो ।" "महाराज ! यस्तै, धर्म सन्ततिको निरन्तरता हुन्छ । ठीक यसरी नै, कुनै वस्तुको अस्तित्वको प्रवाहमा एउटा अवस्था उत्पन्न हुन्छ भने अर्को लीन हुन्छ यसरी नै प्रवाह कायम रहन्छ । एउटा प्रवाहको दुई अवस्थामा एक क्षणको पनि अन्तराल हुँदैन; किनकि एउटा लीन हुनेबित्तिकै अर्को तुरुन्तै उत्पन्न हुन्छ । यही कारणले, न त्यही जीव रहन्छ न अर्को नै ।"(एक जन्मको अन्तिम विज्ञान लय हुनेबित्तिकै अर्को जन्मको प्रथम विज्ञान उत्पन्न हुन्छ ।)

"भन्ते ! नागसेन तपाईंले ठीक भन्नुभयो ।"

## २. प्रतिसन्धि (पुनर्जन्म) विषयक प्रश्न

२. राजाले सोधे – "भन्ते नागसेन ! जुन व्यक्तिले जन्मपछि अर्को जन्म लिंदैन के उसले जान्दछ कि फेरि उसले जन्म ग्रहण गर्दैन ?" "हो महाराज ! उसले जान्दछ कि म फेरि जन्म लिन्न ।" "भन्ते ! उसले यो कुरा कसरी जान्दछ ?" "महाराज ! पुनर्जन्म लिने जुन हेतु र प्रत्यय छन्, ती शान्त र नष्ट हुने हुनाले उसले जान्दछ कि म फेरि जन्म लिन्न ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कुनै किसान गृहपतिले आफ्नो खेत जोतेर रोपेर आफ्नो भण्डारलाई भर्छ । फेरि केही समयसम्म खेत जोत्दैन रोप्दैन, जम्मा गरेको अन्न खान्छ र बाँड्छ, या आफ्नो अन्य कर्मका लागि खर्च गर्छ । महाराज ! त्यसो हो भने के त्यो किसान गृहपतिले जान्दैन कि मेरो भण्डार अब भरिएको छैन र खाली हुँदैछ ?" "हो भन्ते ! उसले जान्दछ ।" "कसरी जान्दछ ?" "भण्डारमा भर्ने जुन हेतु र प्रत्यय छ, त्यो रोकिएको हुनाले ।"

---

३२. बुद्धधर्म बुझ्ने जो सुकैले पनि आफूलाई पहिलेदेखि न "उहि हो न अर्को हो" भनी स्वीकार गर्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! यसरी नै पुनर्जन्म ग्रहण गर्ने जुन हेतु र प्रत्यय छ, त्यो शान्त र नष्ट भएकोले त्यो ज्ञानीले यो कुरो जान्दछ कि म फेरि जन्म ग्रहण गर्ने छैन ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

# ३. ज्ञान र प्रज्ञाको विषयमा प्रश्न

३.राजाले सोधे – "भन्ते नागसेन ! जसको ज्ञान उत्पन्न हुन्छ के उसमा प्रज्ञा पनि उत्पन्न हुन्छ ?" "हो महाराज ! उसमा प्रज्ञा पनि उत्पन्न हुन्छ ।"

"भन्ते ! के ज्ञान र प्रज्ञा दुवै एउटै वस्तु हुन् ?" "हो महाराज ! ज्ञान र प्रज्ञा एउटै वस्तु हुन् ।" "भन्ते ! यदि यसो हो भने उसलाई कुनै विषयमा मोह हुन्छ कि हुँदैन ?" "महाराज ! उसलाई कुनै कुनै विषयमा मोह हुँदैन र कुनै कुनै विषयमा भने हुन्छ ।"

"कुन विषयमा मोह हुँदैन र कुन विषयमा मोह हुन्छ ?"

"महाराज ! जुन विद्या उसले पढेको छैन, जुन देशमा ऊ गएको छैन र जुन कुरा उसले सुनेको छैन त्यस विषयमा उसलाई मोह हुन्छ ।"

"अनि कुन विषयमा मोह हुँदैन ?"

"महाराज ! आफ्नो प्रज्ञाले अनित्य, दुःख र अनात्मालाई जान्दछ त्यस विषयमा उसलाई मोह हुँदैन ।" "भन्ते ! यस विषयमा उसको मोह कहाँ गयो ?" "महाराज ! ज्ञान उत्पन्न हुनेबित्तिकै, त्यस विषयमा सबै मोहको निरोध हुन्छ ।"

(१) "कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि अँध्यारो कोठामा कसैले दियो बालेर भित्र पस्छ । त्यसले गर्दा अँध्यारो हटेर उज्यालो हुन्छ । महाराज ! त्यसरी नै, ज्ञान उत्पन्न हुनेबित्तिकै मोह हटेर जान्छ ।" "भन्ते ! उसको प्रज्ञा कहाँ जान्छ ?"

"महाराज ! प्रज्ञा पनि आफ्नो काम सकेर निरुद्ध हुन्छ । त्यस प्रज्ञाबाट जो 'सबै अनित्य छ, सबै दुःख छ, सबै अनात्मा छ' – यो चिन्तन गरेर उत्पन्न हुन्छ अनि त्यही कायम रहन्छ ।"

२. "यसलाई स्पष्ट गर्न कुनै उपमा दिनुहोस् ।"

"महाराज ! कुनै ठूलो ओहदाको व्यक्तिले राती एउटा चिट्ठी लेख्न चाह्यो । उसले लेख्ने मानिसलाई बोलायो अनि दियो बालेर चिट्ठी लेखायो । चिट्ठी लेखिसकेपछि त्यो दियोलाई निभायो । जसरी त्यो प्रकाश निभ्नेबित्तिकै चिट्ठीको केही बिग्रँदैन; महाराज ! त्यसरी नै, प्रज्ञाले आफ्नो काम गरिरहन्छ । त्यस प्रज्ञाबाट जो 'सबै अनित्य छ, सबै दुःख छ, सबै अनात्मा छ' – यस्तो चिन्तन गरेर उत्पन्न हुन्छ, त्यो नै कायम रहन्छ ।"

३. "कृपया, कुनै अर्को उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि पूर्वतिरका मानिसहरूमा यस्तो एउटा प्रथा छ, आ-आफ्ना घरको छेउमा पानीले भरिएको पाँचपाँचवटा गाग्रा राखिछाड्छन् । जहिले घरमा आगो लाग्छ, पानी निभाउने काममा



Downloaded from http://www.dhamma.digital

तिनको प्रयोग गर्छन् । महाराज ! मानिलिऊँ कि एक पटक घरमा आगो लाग्यो अनि पाँचवटा गाग्राहरूको पानी त्यसलाई निभाउने काममा आयो । महाराज ! के उनीहरूले आगो निभाइसकेपछि पनि गाग्राहरूको प्रयोग गर्छन् ?" "गर्दैनन् भन्ते ! गाग्राहरूको काम सिद्धिएपछि अब उनीहरूलाई तिनको के काम ?"

"महाराज ! यहाँ पानीको पाँचवटा गाग्रा जस्तै पाँच इन्द्रियहरूलाई सम्झनुपर्छ (श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृतीन्द्रिय, समाधीन्द्रिय र प्रज्ञेन्द्रिय) । आगो निभाउने मानिसलाई योगीजस्तो सम्झनुपर्छ । जस्तो त्यो आगो छ, त्यस्तै क्लेश (तृष्णा)लाई सम्झनुपर्छ । अनि जसरी त्यहाँ पाँच गाग्राहरूले आगो निभाएको थियो; त्यसरी नै, यी पाँच इन्द्रियहरूले क्लेशलाई निभाएको सम्झनुपर्छ । एकपल्ट क्लेश नष्ट भएपछि फेरि उत्पन्न हुँदैन । यसरी नै, प्रज्ञाले आफ्नो काम गरेपछि ... ।"

(४) "कृपया, फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै वैद्यले पाँचवटा जडीबुटीहरू ल्याएर औषधी तयार पारी त्यो औषधी रोगीलाई पिलाएर उसलाई निको पार्छ । रोगीलाई सन्चो भएपछि फेरि वैद्यले के उसलाई औषधी पिलाउन चाहन्छ ?" "चाहँदैन भन्ते ! अब त्यस जडीबुटीको के काम !" "महाराज ! यी पाँच जडीबुटीहरूजस्तै श्रद्धेन्द्रिय आदि पाँच इन्द्रियहरूलाई सम्झनुपर्छ । वैद्यको स्थानमा योगीलाई सम्झनुपर्छ । रोगलाई क्लेश सम्झनुपर्छ । रोगीको स्थानमा अज्ञानी पृथक्जनलाई सम्झनुपर्छ । जसरी पाँच जडीबुटीहरूले रोगलाई आराम पाऱ्यो, त्यसरी नै, पाँच इन्द्रियहरूले क्लेशलाई नष्ट गरिदिन्छन् । महाराज ! यसरी प्रज्ञाले आफ्नो काम सकेपछि निरुद्ध हुन्छ ।"

(५) "यसलाई कृपया फेरि कुनै उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी कुनै योद्धा सिपाही पाँचवटा तीर लिएर युद्धमा जान्छन् । उसले पाँचवटा तीरहरू चलाएर तिनले शत्रुहरूलाई पराजित गरेर धपाइ दिन्छन् । महाराज ! शत्रुहरू भागेपछि के फेरि उसले तीरहरूलाई चलाउनुपर्छ ?" "पर्दैन भन्ते ! शत्रुहरू भागेपछि तीर चलाउने कामै के रह्यो ।" "महाराज ! जसरी यी पाँचवटा तीरहरू छन्, त्यसरी नै, पाँच इन्द्रियहरूलाई र सिपाहीको ठाउँमा योगीलाई सम्झनुपर्छ । जस्ता शत्रुहरू छन्, त्यस्तै क्लेशलाई सम्झनुपर्छ । जसरी पाँच तीरहरूले शत्रुहरूलाई धपाइयो, त्यसरी नै, पाँच इन्द्रियहरूले क्लेशलाई नष्ट गरिदिन्छन् । यस्ता क्लेशहरू एकपल्ट नष्ट भएपछि फेरि उत्पन्न हुँदैन । महाराज ! यसरी नै आफ्नो काम गरेपछि प्रज्ञा निरुद्ध हुन्छ ।

"भन्ते ! तपाईंले ठीक तवरले सम्झाउनुभयो ।"

## ४. अर्हत् सुख–दुःख सम्बन्धी बारे प्रश्न

४.राजाले सोधे – "भन्ते ! जसले फेरि जन्म लिंदैन के उसले वेदना (सुख या दुःख) अनुभव गर्छ ?" स्थविरले उत्तर दिनुभयो – "कुनैलाई अनुभव गर्छ कुनैलाई अनुभव गर्दैन ।" "कुनलाई अनुभव गर्छ र कुनलाई अनुभव गर्दैन ?" "शरीरमा हुने वेदनालाई अनुभव गर्छ र चैतसिक वेदना (मनमा हुने वेदना) लाई अनुभव गर्दैन ।" "भन्ते ! यो कसरी ?" "शरीरमा उत्पन्न हुने वेदनाको जुन हेतु र प्रत्यय छ, त्यो बन्द नभएको कारण उसले अनुभव गरिरहन्छ ।" "चित्तमा वेदना उत्पन्न हुने जुन हेतु र प्रत्यय छ, त्यो बन्द भएपछि उसले त्यसलाई अनुभव गर्दैन ।" "महाराज ! भगवान्ले पनि भन्नुभएको छ कि एकमात्र वेदनालाई अनुभव गर्दछ । त्यो हो – शरीरमा उत्पन्न हुने; चित्तमा उत्पन्न हुनेलाई होइन ।"



Downloaded from http://www.dhamma.digital

"भन्ते नागसेन ! जसले दुःखवेदनालाई अनुभव गरिरहन्छ उसले आफ्नो शरीरलाई किन त्याग्दैन ?" "महाराज ! अर्हत्हरूलाई न कुनै इच्छा रहन्छ, न कुनै अनिच्छा नै । उनीहरू काँचो फललाई झार्न चाहँदैनन् । पण्डित व्यक्तिहरू पाक्ने बेलासम्म पर्खन्छन् । महाराज ! धर्मसेनापति सारिपुत्रले भन्नुभएको छ – "न मलाई मर्ने इच्छा छ, न बाँच्ने । जसरी कुनै ज्यामीले काम गरिसकेपछि आफ्नो ज्याला लिन पर्खन्छ, त्यसरी नै, म पनि आफ्नो समयको प्रतीक्षा गरीरहेको छु । न मलाई मर्ने चाहना छ, न बाँच्ने । ज्ञानपूर्वक सावधान भएर आफ्नो समयको प्रतीक्षा गरिरहेको छु ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ५. वेदनाको विषयमा प्रश्न

५.राजाले सोधे – "भन्ते नागसेन ! के सुखवेदना कुशल, अकुशल या अव्याकृत हुन्छ ?" "महाराज ! यी तीनवटै हुन सक्छ ।" "भन्ते ! यदि जो कुशल छ, दुःख दिने खालको छैन र जो दुःख दिने खालको छ, त्यो कुशल होइन । त्यसो हो भने यस्तो कुनै कुशल छैन जो दुःख दिने खालको होस् ।"

"महाराज ! यदि कसैले आफ्नो एक हातमा बलिरहेको झलझलाउँदो फलामको गोला डल्ला लेओस् अनि अर्को हातमा बरफको एउटा ठूलो टुक्रा । के त्यो दुईवटाले कष्ट दिन्छ कि दिंदैन ?" "हो भन्ते ! दुइटैले नै उसलाई कष्ट दिन्छ ।" "महाराज ! के ती दुवै ताता हुन् ?" "होइन भन्ते !" "त्यसो हो भने के दुइटै चिसा हुन् ?" "त्यो पनि होइन भन्ते !"

"त्यसो हो भने आफ्नो गल्ती स्वीकार गर्नुहोस् । यदि तातोले नै कष्ट दिने हो भने ती दुइटै तातो न भएकोले कष्ट नहुनु पर्ने हो । यदि चिसोले कष्ट दिने भए दुइटै चिसो नभएको हुँदा कष्ट नदिनुपर्ने हो । महाराज ! त्यसो हो भने ती दुइटाले कसरी कष्ट दिए त ? किनकि ती दुइटै न तातो हुन् न चिसो ! एउटा तातो छ भने अर्को चिसो । दुइटैले कष्ट दिइराखेका छन् । त्यसो हुनु नपर्ने हो ।"

"भन्ते ! तपाईं जस्ता वक्तासँग म कुरा गर्न सक्दिन । कृपया भन्नुहोस् कि कुरो के हो ।"

त्यसपछि स्थविरले अभिधर्म अनुकूल व्याख्या गरेर राजालाई सम्झाए – "महाराज ! यी छ सांसारिक जीवनका सुख हुन् अनि यी छ त्यागमय जीवनका । यी छ सांसारिक जीवनका दुःख हुन् र यी छ त्यागमय जीवनका । यी छ सांसारिक जीवनका उपेक्षा हन् र यी छ त्यागमय जीवनका । यसरी सबै मिलाएर ३६ प्रकारका वेदनाहरू छन् । यसरी भूतकालका ३६ वेदनाहरू, भविष्यत्कालका ३६ वेदनाहरू र वर्तमानकालका ३६ वेदनाहरू गरी सबैलाई एक ठाउँमा जोड्दा जम्मा १०८ प्रकारका वेदनाहरू हुने भए ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ६. नाम–रूप समान हुन्छ वा हुँदैन भन्ने विषयमा प्रश्न

६.राजाले सोधे – "भन्ते ! नागसेन कसले जन्म ग्रहण गर्छ ?" स्थविरले उत्तर दिनुभयो – "महाराज ! नाम र रूप ले जन्म ग्रहण गर्छ ।" "के यही नाम र रूपले जन्म ग्रहण गर्छ ?" "महाराज ! यही नाम र रूपले जन्म ग्रहण गर्दैन । मानिसले यो नाम र रूपबाट पाप वा पुण्य गर्दछ; त्यो कर्म गर्दा



Downloaded from http://www.dhamma.digital

अर्को नाम र रूपले जन्म ग्रहण गर्दछन् । भन्ते ! त्यसो हो भने पहिलाको नाम र रूप आफ्ना कर्मबाट मुक्त भयो ? स्थविरले भन्नुभयो – "महाराज ! यदि फेरि जन्म ग्रहण गर्दैन भने ऊ मुक्त भयो । तर त्यसले फेरि जन्म ग्रहण गऱ्यो भने मुक्त भएन ।"

(१) "कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कसैले अरूको आँप चोऱ्यो । त्यस आँपको मालिकले समातेर राजाका साम् लगेर भन्यो – "महाराज ! यसले मेरो आँप चोऱ्यो ।" यसमा त्यस चोरले भन्यो – "देव ! होइन मैले यसको आँप चोरेको छैन । यसले जुन आँप लगाएको थियो त्यो अर्कै हो र मैले जुन आँप लिएको थिए, त्यो अर्को हो । त्यसैले म सजायको भागी होइन ।" महाराज ! अब तपाईं भन्नुहोस् कि उसलाई सजाय दिनुपर्छ कि पर्दैन ?" "हो भन्ते ! उसले सजाय पाउनैपर्छ ।" "त्यसो किन ?" "भन्ते ! उसले यसो भने ता पनि पहिलो आँपलाई छाडेर अर्को आँप चोर्नाले उसले साजाय पाउनैपर्छ ।" "महाराज ! यसरी नै, मानिसले यो नाम र रूपले पाप या पुण्य कर्महरू गर्दछ, त्यस्ता कर्महरूले गर्दा अर्को नाम र रूपले जन्म ग्रहण गर्दछ । त्यसो भएकोले ऊ आफ्ना कर्मबाट मुक्त भएन ।"

(२) "कृपया, कुनै अर्को उपमा पनि दिनुहोस् ।"

"महाराज ! जस्तै कुनै मानिसले कसैको धान वा उखु चोऱ्यो । अनि पक्राउपरेपछि आँपको चोरले भनेझैं । महाराज ! अथवा कुनै मानिसले जाडोमा आगो बालेर तापेपछि ननिभाइकन छोडेर जान्छ । त्यो आगोले कुनै अर्को मानिसको खेतलाई सल्काइ दिन्छ । त्यसपछि उसलाई समातेर खेतको मालिकले राजाका साम् लगेर – 'महाराज ! यसले मेरो खेतलाई सल्काइदियो ।' भनी विन्ति गर्दछ । यसमा उसले यसो भनोस् – 'मैले यसको खेतलाई सल्काएको होइन । देव ! त्यो अर्कै आगो थियो जो मैले सल्काएको थिए र त्यो अर्को आगो हो जसबाट यसको खेत सल्क्यो । त्यसैले म सजायको भागी होइन ।' महाराज ! तपाईं नै भन्नुहोस् कि उसले सजाय पाउनुपर्छ कि पर्दैन ?" "हो भन्ते ! पाउनुपर्छ ।" "त्यसो किन ?" "भन्ते ! उसले जेसुकै भने तापनि उसले सल्काएको आगो बढ्दै गएर त्यसले खेतलाई नै सल्काइदियो ।" "महाराज ! यसरी नै मानिसले यस नाम र रूपबाट पाप वा पुण्य कर्महरू गर्दछ ।"

३. "कृपया, अर्को पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कुनै व्यक्तिले दियो लिएर आफ्नो घरको कौसीमा पुगेर भोजन गर्दछ । त्यो दियो बल्दै गरेको बेला पराल (झिक्राझिक्री) पनि बल्न थाल्छ र त्यो परालले सारा घरलाई नै आगो लगाई दिन्छ र त्यो घरले गर्दा सारा गाउँ नै सखाप पारी दिन्छ । गाउँलेहरूले उसलाई समातेर भन्दछन् – "तिमीले गाउँमा किन आगो लगायौ ?" यसमा उसले यसो भन्दछ – 'मैले गाउँमा आगो लगाएको होइन । त्यस दियोको आगो अर्कौ थियो जसको उज्यालोमा खाना खाएँ र त्यो अर्कै आगो थियो जसबाट त्यो गाउँ सल्क्यो ।' यसरी एक आपसमा झगड़ा गर्दै उनीहरू तपाईं भए ठाउँमा आए तपाईं कत्तापट्टि फौसला (निर्णय) दिनुहुन्छ ?" "भन्ते ! गाउँलेहरूपट्टि नै ।" "त्यसो किन ?" "उसले जे-जसो भने पनि पहिलो आगोको कारण पछिल्लो आगो बलेको हो ।" "महाराज ! यसरी नै मरणान्तिक नाम र रूपको लय हुन्छ र जन्मका साथ अर्को नाम र रूप उत्पन्न हुन्छ । तर यो पनि त्यसैबाट हुन्छ । त्यसो हुँदा ऊ आफ्ना पाप कर्मबाट मुक्त भएन ।"

४. "कृपया, फेरि अर्को उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कसैले एउटा सानी कोटीसँग विवाह गरेर उसलाई रूपियाँ दिएर आफू अन्यत्र जान्छ । केही समयपछि उनी बढेर तरूनी हुन्छे । त्यसपछि अर्को मानिसले रुपियाँ दिएर ऊसित



Downloaded from http://www.dhamma.digital

बिहे गर्छ अनि पहिलेका मानिसले आएर भन्दछ – 'तिमीले मेरो स्त्रीलाई किन लग्यौ ?' यसमा उसले यस्तो उत्तर दिन्छ – 'मैले तिम्री जोइलाई लगेको छैन । त्यो सानी केटी अर्कै थिई जोसँग तिमीले विवाह गरेका थियौं र जसकालागि रूपियाँ दिएका थियौ । यो तरुनी आइमाई अर्कै हो जसका साथमा मैले विवाह गरें र जसकालागि रुपियाँ दिएको छु ।' अब यदि ती दुवै जना यसरी झगड़ा गर्दै तपाईंका सामु आएमा तपाईं कता तिर निर्णय दिनुहुन्छ ?" "भन्ते ! पहिलो मानिसपट्टि ।" "त्यसो किन ?" "उसले जे-जस्तो भने तापनि तर त्यही केटी बढेर ठूली भएकी हो ।" "महाराज ! यसरी मरणन्तिक नाम रूप   । त्यसैले ऊ आफ्नो कर्मबाट मुक्त भएन ।"

५. "कृपया, कुनै अर्को उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कसैले कुनै ग्वालासँग एक गोल्फु दूध किन्दछ । गोल्फुलाई त्यहीं छाडेर 'भोलि फर्कंदा यो लिन आउँछु' भनी सोचेर जान्छ । त्यो दूध रातभरिमा जमेर दही हुन्छ । भोलिपल्ट त्यो मानिस आएर ग्वालासित दूधको आफ्नो गल्फु माग्छ । ग्वालाले दही जमेको त्यो गोल्फु उसलाई दिन्छ । यसमा त्यसले भन्दछ – 'म तिमीसँग दही लिन्न, मेरो दूधको गोल्फु देऊ ।' ग्वालाले भन्दछ – 'त्यो त आफैं जमेर दही पो भयो ।' महाराज ! यसरी ती दुवै झगड़ा गर्दै तपाईंका सामु आएमा तपाईं कतापट्टि निर्णय दिनुहुन्छ ?" "भन्ते ! ग्वालापट्टि ।" "त्यसो किन ?" "उसले जेसुकै भनोस्, तर दूध नै त जमेर दही भएको हो ।" "महाराज ! यसरी नै मरणान्तिक नाम र रूप ··· । त्यसैले आफ्ना पाप कर्मबाट ऊ मुक्त भएन ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ७. नागसेनको पुनर्जन्म विषयबारे प्रश्न

७. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंको पुनर्जन्म हुन्छ कि हुन्न ?" "छाड्नुहोस् महाराज ! यो सोध्नाले के फाइदा ? मैले त पहिले नै भनिसकेको छु कि यदि उपादान (संसारिक आसक्ति) का साथ मरेछु भने जन्म ग्रहण गरूँला, होइन भने जन्म लिन्न ।"

"कृपया उपमा दिएर यसलाई सम्झाउनुहोस् । "

"महाराज ! जस्तै कि कुनै मानिसले राजाको सेवा गऱ्यो । राजा ऊदेखी खुसी भई उसलाई कुनै ठूलो पद दिए । त्यो पद पाएर सबै पञ्चकाम सुख भोग्दै आरामसँग बसेर उसले अरूहरूलाई भन्दै हिंड्यो – 'राजाले मेरो कुनै उपकार गरेन् ।' त्यसो हो भने के उसले ठीक भन्यो त ?" "होइन भन्ते ।"

"महाराज ! यसरी नै, यसलाई सोधेर के मतलब ! मैले त पहिले नै भनिसकेको हुँ कि संसारिक आसक्तिका साथ मरेछु भने जन्म ग्रहण गरूँला, होइन भने जन्म लिन्न ।"

"बडो बेस, भन्ते !"

## ८. नाम-रूप परस्परआश्रय विषयमा प्रश्न

८. राजाले सोधे – "भन्ते नागसेन ! तपाईं जुन नाम र रूपका विषयमा कुरा गर्दै हुनुहुन्थ्यो, त्यो नाम के हो र रूप के हो ?" "महाराज ! जति पनि स्थूल पदार्थ छन्, ती सबै रूप हुन् र जति पनि



Downloaded from http://www.dhamma.digital

सूक्ष्म चित्त, चैतसिक (मानसिक) धर्म छन्, ती सबै नाम हुन् ।" "भन्ते ! यस्तो किन हुन सक्दैन कि केवल नामले वा केवल रूपले मात्र जन्म ग्रहण गरोस् ?" "महाराज ! नाम र रूप दुवै एक आपसमा आश्रित भएको हुनाले, एउटाबेगर अर्को टिक्न सक्दैनन् । दुवै साथै रहन्छन् ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुखुरीको पेटमा बच्चा छ भने, फुल पनि त हुन सक्छ; किनभने बच्चा र फुल दुवै एक अर्कामा आश्रित छन् । दुवै एकसाथ हुन्छन् । यो अनन्त कालसम्म चलिआएको छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ९. कालको विषयमा प्रश्न

९. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंले अहिले भर्खरै भन्नुभयो – 'अनन्तकालदेखि,' त यो काल के चीज हो ?" "महाराज ! काल तीन प्रकारका छन् – भूत, भविष्यत् र वर्तमान ।" "भन्ते ! के साँच्चै काल नामको कुनै चीज छ ?" "महाराज ! काल कुनै चीज हो पनि, होइन पनि ।" "भन्ते ! कुनचाहिँ काल हो र कुनचाहिँ होइन ?" "महाराज ! केही यस्तो संस्कारहरू छ, जुन व्यतीत भए, गइसके, अब रहेनन् लीन भए, एकदम परिवर्तित भए । तिनका निम्ति काल छैन । जुन धर्महरूले लय देखाउँदैछन् अथवा कुनै न कुनै ठाउँमा प्रतिसन्धि गरिरहेका छन्, तिनका लागि काल छ । जुन प्राणीहरू मरेपछि फेरि पनि जन्मन्छन्, तिनका लागि काल छ । जुन प्राणीहरू कतै मरेर फेरि उत्पन्न हुँदैनन्, त्यस्ता (अर्हत्) का लागि काल छैन । जसले यहाँ परम निर्वाण प्राप्त गरे तिनीहरूका लागि पनि काल छैन ।"

"भन्ते नागसेन ! तपाईंले ठीक सम्झाउनुभयो ।"

**(यस वर्गमा ९ वटा प्रश्नहरू छन् ।)**

**द्वितीय अद्धान वर्ग समाप्त ।**

# ३. विचार वर्ग

## १. त्रिविध कालको मूल (अविद्या)

१. राजाले सोधे – "भन्ते नागसेन ! अतीतकाल र भविष्यत्कालको मूल के हो ? अनि वर्तमानकालको मूल के हो ?" "महाराज ! अतीत कालको मूल अविद्या हो । अविद्या भएमा संस्कार हुन्छ संस्कार भएमा विज्ञान हुन्छ, विज्ञान भएमा नाम र रूप हुन्छ, नाम र रूप भएमा छ आयतन, छ आयतन भएमा स्पर्श, स्पर्श भएमा वेदना, वेदना भएमा तृष्णा, तृष्णा भएमा उपादान, उपादान भएमा



Downloaded from http://www.dhamma.digital

भव, भव भएमा जन्म, जन्म भएमा बुढ्यौली, रोग, मृत्यु, शोक, रूनु-पिट्नु, दुःख, अशान्ति र व्याकुलता हुन्छन् । यस प्रकार, यस्ता दुःखहरूको क्रमको थालनी कहाँबाट भयो, यसको पत्तो छैन ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## २. कालको अज्ञात आरम्भ

२.. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंले जो भन्नुभयो – 'यसको (कालको) थालनी कहाँबाट भएको हो यसको अत्तोपत्तो छैन,' कृपया उपमा दिएर यसलाई सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै व्यक्ति एउटा सानो बीउ जमिनमा रोप्छ । त्यस बीउबाट आँकुरो निस्कन्छ अनि बिस्तारबिस्तार ठूलो भएर रूख हुन्छ । त्यस रूखमा फल लाग्छ । त्यस फलको बीउलाई त्यो मानिसले फेरि रोप्दछ । त्यसबाट आँकुरो निस्केर ··· फल लाग्छ । महाराज ! तपाईं भन्नुहोस् कि यस प्रवाह (सन्तति) को कतै अन्त हुन्छ ?" "हुँदैन भन्ते !" "महाराज ! यसरी नै कालको आरम्भ कहाँबाट भएको हो, यसको पत्तो छैन ।"

(१) "कृपया फेरि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी कुखुरीले फुल पार्छ, फुलबाट कुखुरा ··· यस क्रम (सिलसिला) को कुनै अन्त छ ?" "छैन भन्ते !" "महाराज ! त्यसरी नै, अतीतकालको कुनै आरम्भ छैन ।"

(२) "कृपया फेरि कुनै उपमा दिएर सम्झाउनुहोस् ।"

स्थविरले भुइँमा एउटा गोलाकार वृत्त कोरेर भन्नुभयो – "महाराज ! यस चक्रको अन्त कुन ठाउँमा छ ?" "छैन भन्ते !" "महाराज ! यसरी भगवान्ले यसलाई कालको चक्र भन्नुभयो । चक्षु (आँखा) र रूप हुनाले चक्षुविज्ञान उत्पन्न हुन्छ । जब यी तीनै एकसाथ मिल्छन्, त स्पर्श हुन्छ । स्पर्शबाट वेदना अनि वेदनाबाट तृष्णा उत्पन्न हुन्छ । यो तृष्णाबाट उपादान, उपादानबाट कर्म, कर्मबाट मन उत्पन्न हुन्छ (हेरिने तृष्णाबाट फेरि चक्षु उत्पन्न हुन्छ), के यस क्रमको कतै अन्त छ ?" "छैन भन्ते !" "श्रोत (कान) र शब्दहरू भएको हुँदा श्रोतविज्ञान ··· । मन र धर्महरू भएको हुनाले मनोविज्ञान उत्पन्न हुन्छ । तीनवटै एकसाथ मिल्दा स्पर्श हुन्छ । स्पर्शबाट वेदना अनि वेदनाबाट तृष्णा हुन्छ । यो तृष्णाबाट उपादान र उपादानबाट ··· उत्पन्न हुन्छ । के यस क्रमको कतै अन्त छ ?" "छैन भन्ते ।" "महाराज ! यसरी नै कालको आरम्भ कहाँबाट हुन्छ यसको उद्गमको पत्तो हुँदैन ।"

"भन्ते ! ठीक सम्झाउनुभयो ।"

## ३. आरम्भकालको ज्ञान

३. राजाले सोधे – "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि कालको (आदि) मूल कहाँबाट सुरू हुन्छ भन्ने कुरा देखिँदैन भनेर भन्नुभयो । त्यसो भए आदिकालको प्ररम्भ के हो त ?" "महाराज ! जुन भूतकाल छ, त्यही आरम्भकाल हो ।" "भन्ते नागसेन ! त के कुनै पनि आरम्भकालको पत्तो लाग्दैन ?" "महाराज ! कुनैको पत्तो लाग्छ भने कुनैको लाग्दैन ।" "भन्ते ! कुनचाहिँको पत्तो लाग्छ र कुनचाहिँको पत्तो लाग्दैन ?"



Downloaded from http://www.dhamma.digital

"महाराज ! पहिले कहिल्यै अविद्या छँदै थिएन यस्तो 'आरम्भ' पत्ता लाग्दैन । यदि कुनै वस्तु नभएर भइदिन्छ र कुनै भएर नष्ट हुन्छ भने यस्तोको 'आरम्भ' पत्ता लाग्छ ।"

"भन्ते नागसेन ! यदि कुनै वस्तु नभएर भइदिन्छ र भएर नष्ट हुन्छ – त यसरी दुवैतिरबाट काटी दिए त्यसको स्थिति के हुन्छ ?" "महाराज ! यदि दुवैतिर काटेमा दुवैतिरबाट बढेर आउँछ ।"

"भन्ते ! मैले यो सोधेको होइन । त्यो आरम्भदेखि (जहाँ काटिएको छ, त्यहाँबाट) बढ्न सक्छ कि सक्दैन ?" "हो, बढ्न सक्छ ।"

"कृपया उपमा दिएर यो कुरो सम्झाउनुहोस् ।"

स्थविरले त्यही बीज र रूखको उपमा दिएर राजालाई सम्झाए ।

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ४. संस्कारको उत्पत्ति विषयमा प्रश्न

४. राजाले सोधे – "भन्ते नागसेन ! के यस्तो संस्कार छ जो उत्पन्न हुन्छ ?" "हो छ ।" "भन्ते ! त्यो कुनचाहिँ हो ?" "महाराज ! चक्षु र रूप हुनाले चक्षुविज्ञान उत्पन्न हुन्छ । चक्षुविज्ञान हुनाले चक्षु-स्पर्श हुन्छ । चक्षु-स्पर्श हुनाले वेदना उत्पन्न हुन्छ । वेदना हुनाले तृष्णा उत्पन्न हुन्छ । तृष्णा हुनाले उपादान उत्पन्न हुन्छ । उपादान हुनाले भव उत्पन्न हुन्छ । भव हुनाले जन्म हुन्छ जन्मले बुढ्यौली, मर्नु, शोक गर्नु, रुनु, दु:ख-दौर्मनस्य र डाहा हुनु केवल दु:खस्कन्धको समुदय हुन्छ । महाराज ! चक्षु र रूप नरहेमा चक्षुविज्ञान उत्पन्न हुँदैन । ··· स्पर्श हुँदैन । ··· वेदना हुँदैन । ··· उपादान हुँदैन । भव हुँदैन । जन्म ग्रहण गर्नु, बुढ्यौली, मरण ··· हुँदैन । यसरी दु:खको सारा प्रवाहबाट मुक्त हुन्छ ।"

"भन्ते ! ठीक छ ।"

## ५. भवन्त-भाव संस्कार उत्पन्न हुन्छ हुँदैन भन्ने विषयमा प्रश्न

५. राजाले सोधे – "भन्ते ! नागसेन के यस्ता संस्कार छन् जो नभएर पनि उत्पन्न हुन सक्छन् ?" "महाराज ! यस्ता कुनै संस्कार छैनन् जो नभएर उत्पन्न होऊन् । तिनै संस्कारहरू उत्पन्न हुन्छन् जसको प्रवाह पहिलेदेखि चलिआएको छ ।"

(१) "कृपया यसलाई उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं जुन घरमा बस्नुहुन्छ, के त्यो नबनाई आफैं बनेको हो त ?" "भन्ते ! यस्तो कुनै चीज छैन जो एकदम नभएर पनि भएको होस् । तिनै वस्तुहरू उत्पन्न हुन्छन्, जसको प्रवाह पहिलेदेखि चल्दै आएको छ । घरका यी काठहरू पहिले जङ्गलमा थिए । यो माटो पहिले जमिनमा थियो । स्त्री र पुरूषहरूको मेहनतबाट नै यो घर तयार भएको हो । महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरू उत्पन्न हुन्छन्, जसको निरन्तरता पहिलेदेखि भइआएको छ ।"



Downloaded from http://www.dhamma.digital

(२) "कृपया, अर्को कुनै उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि सबै बोट बिरुवा पृथ्वीबाटै उत्पन्न भएर हुर्कन्छन् अनि फुल्छन् फल्छन् । यी सबै पहिले नभएर उत्पन्न भएका होइनन्, बरु यिनको स्थितिको प्रवाह पहिलेदेखि भई आएको हो । महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरू उत्पन्न हुन्छन्, जस्को निरन्तरता पहिलेदेखि भइआएको छ ।"

(३) "कृपया अर्को कुनै उपमा दिएर पनि सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कुम्हालेले जमिनबाट माटो खनेर त्यसबाट अनेक प्रकारका भाँडाकुडा बनाउँछ । भाँडाकुडाहरू त्यसै उत्पन्न भएका होइनन्, किन्तु तिनको स्थितिको प्रवाह सुरुदेखि भई आएको छ । महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरू उत्पन्न हुन्छन्, जस्को निरन्तरता पहिलेदेखि भइआएको छ ।"

(४) "कृपया फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"यदि वीणाको छाला-पत्र, खोक्रो काठ, डन्डी, घाँटी (बाजाको), तार वा नक्खी केही पनि छैन र बजाउने मान्छे पनि छैन भने के त्यसबाट कुनै आवाज निस्कला ?" "निस्कँदैन भन्ते ।"

"अनि, यस्ता सबै वस्तुहरू भएमा नि ?" "भन्ते ! त्यसो हो भने अवाज निस्कने छ ।"

महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरू उत्पन्न हुन्छन्, जस्को निरन्तरता पहिलेदेखि भइआएको छ ।"

(५) "कृपया, अर्को कुनै उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि अरणी (आगो उत्पन्न गर्ने काठ या ढुङ्गा) नभएमा अरणीको टुक्रा नभएमा अरणी तान्ने डोरी नभएमा, उत्तरारणि नभएमा, कपड़ाको टुक्रा (चिथडो) नभएमा आगो सल्काउने कुनै मान्छे नभएमा के त्यसबाट आगो निस्कन्छ ?"

"निस्कँदैन भन्ते !"

"महाराज ! फेरि अरणी भएमा, अरणीको टुक्रा भएमा, अरणी तान्ने डोरी भएमा, उत्तरारणि भएमा, कपड़ाको टुक्रा (चिथडो) भएमा र आगो सल्काउने मान्छे भएमा के त्यसबाट आगो निस्कन्छ ?"

"निस्कन्छ भन्ते !"

महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरू उत्पन्न हुन्छन्, जस्को निरन्तरता पहिलेदेखि भइआएको छ ।"

"कृपया फेरि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि मणि (आगो सल्काउने काँच) नभएमा, सूर्यको ताप नभएमा, गुइँठो (सुकेको काठ, दाउरा) नभएमा, आगो सल्काउने मान्छे नभएमा, के त्यसबाट आगो निस्कन्छ ?"

"निस्कँदैन भन्ते !"

"महाराज ! यदि मणि (आगो सल्काउने काँच) भएमा, सूर्यको ताप भएमा गुइँठो (सुकेको काठ, दाउरा) भएमा, आगो सल्काउने मान्छे भएमा त्यसबाट आगो निस्कन्छ ?"



Downloaded from http://www.dhamma.digital

"निस्कन्छ भन्ते !"

महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरू उत्पन्न हुन्छन्, जस्को निरन्तरता पहिलेदेखि भइआएको छ ।" "कृपया फेरि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि ऐना नभएमा, प्रकाश नभएमा, हेर्ने मान्छे नभएमा के त्यहाँ हेर्ने मान्छेको आकृति देखिन्छ ?"

"देखिंदैन भन्ते !"

"महाराज ! यदि ऐना भएमा, प्रकाश भएमा, हेर्ने मान्छे पनि भएमा, के त्यहाँ हेर्ने मान्छेको आकृति देखिन्छ ?"

"देखिन्छ भन्ते !"

महाराज ! यसरी नै, कुनै पनि संस्कार छैन, जो नभएर उत्पन्न भएका होऊन् । तिनै संस्कारहरू उत्पन्न हुन्छन्, जस्को निरन्तरता पहिलेदेखि भइआएको छ ।"

"भन्ते नागसेन ! तपईले ठीकभन्नुभयो ।"

## ६. वेदगू (=ज्ञाता वा आत्मा) विषयमा प्रश्न

६. राजाले सोधे – "भन्ते नागसेन ! जान्ने कुनै (आत्मा) छ वा छैन ?"

"महाराज ! त्यो जान्ने को हो ?"

"भन्ते ! जीवले हामीहरूभित्र रहेर आँखाले रूप देख्छ, कानले शब्द सुन्छ, नाकले गन्ध सुँघ्छ, जिब्रोले स्वाद लिन्छ, शरीरले स्पर्श अनुभव गर्छ र मनले धर्म बुझ्दछ । जसरी हामीहरू यस महलमा बसेर जुन-जुन झ्यालको पूर्वबाट, या पश्चिमबाट, या दक्षिणबाट, या उत्तरतिरबाट हेर्न चाहेमा हेर्न सक्छौं । भन्ते ! त्यसरी नै, हाम्रो शरीर-भित्र रहेको जीवले जुन जुन द्वारबाट हेर्न चाहन्छ त्यहि त्यहि द्वारबाट हेर्दछन् ।"

स्थविरले उत्तर दिनुभयो – "महाराज ! पाँचवटा द्वार (ढोका) कुन हो, सो म भन्दैछु तपाईं मन लगाएर सुन्नुहोस् । यदि जीव यस शरीरमा रहेर आँखाले रूपलाई हेर्छ, जसरी कि हामी यस महलमा बसेर जुनसुकै झ्यालबाट रूपलाई देख्न सक्छौं, पूर्वको झ्यालबाट, पश्चिम ··· उत्तर ··· दक्षिण ··· तिरको झ्यालबाट पनि रूपलाई देख्न सक्छौं, त्यसरी नै यस शरीरमा बसेको जीवद्वारा कान (श्रोत) नाक (घ्राण) ··· जिब्रो (जिव्हा) ··· शरीर (काय) ··· मनले पनि रूपलाई देख्नु पर्ने हो । आँखा (चक्षु) द्वारा पनि नाक ··· जिब्रो ··· शरीर ··· मनले पनि शब्दलाई सुन्नुपर्ने हो । यसरी नै आँखा कान ··· जिब्रो शरीर ··· मन ··· द्वारा पनि गन्धलाई ग्रहण गर्नुपर्ने हो । यसरी नै, आँखाले पनि कानले नाकले जिब्रो र शरीरले ··· पनि धर्मलाई ग्रहण गर्नुपर्ने हो ?"

"होइन भन्ते ! यस्तो कुरा हुन सक्दैन ।"

"महाराज ! त्यसो हो भने तपाईंले भन्नुभएको अगाडिको कुरा पछाडिसँग र पछाडिको कुरा अगाडिसँग मेल खाँदैन । महाराज ! यी झ्यालहरूलाई खोलिदिंदा हामीहरू यहाँ बसेरै आकाशमा



Downloaded from http://www.dhamma.digital

बाहिरका सबै रूपहरूलाई सफासँग देख्न सक्छौं । त्यस्तै, हामीभित्र रहेको जीवले आँखा नभए पनि आकाशतिरका सबै रूपहरूलाई छर्लङ्ग देख्नुपर्ने हो । त्यस्तै, ⋯ नाक ⋯ कान ⋯ जिब्रो शरीर ⋯ गन्ध शब्द ⋯ रस ⋯ स्पर्श ⋯ स्पष्ट सुँघ्ने ⋯ सुन्ने ⋯ स्वाद लिने ⋯ वस्तुको स्पर्श ⋯ हुनुपर्ने हो ।"

"होइन, भन्ते ! यसो हुन सक्दैन ।"

"महाराज ! त्यसो हो भने तपाईंले भन्नुभएको अगाडिको कुरा पछाडिसँग मेल खादैन र पछाडिको कुरा अगाडिसँग मेल खाँदैन । महाराज ! यदि दिन्न नामको पुरुष (मन्त्री) यहाँबाट बाहिर गएर ढोकामा उभिएको छ भने, के तपाईं यो कुरो बुझ्नु हुन्न ?" "हो भन्ते ! बुझ्छु ।"

"महाराज ! यदि दिन्न फेरि भित्र आएर तपाईंका सामु उभियो भने के तपाईं यो कुरो बुझ्नु हुन्न ?" "हो भन्ते ! बुझ्छु ।"

"महाराज ! यसरी नै, हामीमा रहेको जीवले जीब्रोबाट बाहिरको रसलाई जान्दा छ – यो अमिलो छ, यो नुनिलो छ, यो तीतो छ, यो टर्रो छ, यो मीठो छ ?" "हो भन्ते ! जान्दाछ ।" "त्यसो हो भने, त्यो रस भित्र पुगेपछि त्यो जीवले त्यसको स्वाद तीतो, अमिलो, नुनिलो, टर्रो, कडा वा मीठो भन्ने जान्दछ ?"

"होइन भन्ते ! जान्दैन, अनुभव गर्न सक्दैन ।"

"महाराज ! त्यसो हो भने तपाईंले भन्नुभएको अगाडिको कुरा पछाडिसँग मेल खाँदैन र पछाडिको कुरा अगाडिसँग मेल खाँदैन । महाराज ! कुनै व्यक्तिले सय गाग्रो मह झिकाएर एक ठूलो भाड़ाँमा खन्याए । अनि एउटा मानिसको मुख राम्ररी बाँधेर उसलाई त्यहाँ हालेमा, तपाईं भन्नुहोस् कि के त्यसले जान्दा छ जसमा ऊ हालिएको छ, त्यो मीठो छ वा छैन ?" "भन्ते ! जान्न सक्दैन ।" "त्यसो किन ?" "किनभने त्यो मह उसको मुखमा नपरेकोले ।" "महाराज ! त्यसो हो भने तपाईंले भन्नुभएको अगाडिको कुरा पछाडिसँग मेल खादैन र पछाडिको कुरा अगाडिसँग मेल खाँदैन ।"

"भन्ते ! तपाईं जस्तो पण्डितसँग म के बहस गर्न सक्छु र ! कृपया तपाईंले नै यो गाँठो खोल्नुहोस् ।"

त्यसपछि स्थविरले राजा मिलिन्दलाई अभिधर्मअनुसार सबै कुरा सम्झाए – "महाराज ! चक्षु र रूप हुनाले चक्षुविज्ञान उत्पन्न हुन्छ र त्यो उत्पन्न हुनासाथ स्पर्श, वेदना, संज्ञा, चेतना, एकाग्रता, जीवितइन्द्रिय र मनसिकार उत्पन्न हुन्छ । यसरी धर्म प्रत्ययको कारणले नै उत्पन्न हुन्छ । यहाँ कुनै वेदगू (जीवात्मा) छैन । श्रचेत र शब्द हुनाले मन र धर्मको कारण मनोविज्ञान उत्पन्न हुन्छ । मनोविज्ञान उत्पन्न हुनासाथ स्पर्श, वेदना, संज्ञा, चेतना, एकाग्रता, जीवितइन्द्रिय र मनसिकार उत्पन्न हुन्छ । यसरी धर्म प्रत्ययको कारणले नै उत्पन्न हुन्छ ।"

"भन्ते नागसेन ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ७. चक्षुविज्ञान आदि विषयमा प्रश्न

७. राजाले सोधे – "भन्ते नागसेन ! जहाँ-जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ के मनोविज्ञान पनि उत्पन्न हुन्छ ?"



Downloaded from http://www.dhamma.digital

"हो महाराज ! जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ।" "भन्ते ! पहिले कुन उत्पन्न हुन्छ, चक्षुविज्ञान या मनोविज्ञान ?" "महाराज ! पहिले चक्षुविज्ञान र त्यस पछि मनोविज्ञान उत्पन्न हुन्छ ।" "भन्ते ! के चक्षुविज्ञानले मनोविज्ञानलाई आदेश दिन्छ कि 'जहाँ म उत्पन्न हुन्छु, तिमी पनि उत्पन्न हुनू अथवा मनोविज्ञानले चक्षुविज्ञानलाई आज्ञा दिन्छ कि 'जहाँ-जहाँ तिमी उत्पन्न हुन्छौ, त्यहाँ म पनि उत्पन्न हुन्छु' ?"

"होइन महाराज ! उनीहरूको एक आपसमा यस्तो आज्ञाको लेनदेन हुँदैन ।" "भन्ते ! त्यसो हो भने के कारण हो, जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ।" "महाराज ! त्यसमा (क) "ढालूपन (ओरालोपन), (ख) एउटा मात्र ढोका हुनाले, (ग) बानी परेको हुनाले, (घ) व्यवहार (साथीपन) हुनाले ।"

(क) "भन्ते ! ढालूपन हुनाले जहाँ चक्षुविज्ञान हुन्छ, त्यहाँ मनोविज्ञान पनि कसरी हुन्छ ? कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ, वर्षाको पानी कतातिर बगेर जान्छ ?" "भन्ते ! जहाँ जमिन ढालू (ओरालो) छ, त्यतातिर नै पानी ढल्केर बग्छ ।" "फेरि, कुनै अर्को दिन पानी पर्दा पानी कतातिर बग्छ ?" "भन्ते ! त्यतैतिर नै ।" "महाराज ! के पहिलो पानीले दोस्रो पानीलाई आदेश दिन्छ कि जतातिर ढल्केर म बग्छु, त्यता तिमी पनि बग्नू ? अथवा दोस्रो पानीले पहिलो पानीलाई आदेश दिन्छ कि जतातिर तिमी बग्छौ, त्यता तिर म पनि बग्छु ?"

"होइन भन्ते ! तिनीहरूमा यस्तो कुनै कुरा हुँदैन । जमिन ढालू भएको हुनाले दुवै पानी त्यतातिर बग्छ ।" "महाराज ! यसरी नै, ढालूपन हुनाले जहाँ-जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ । परस्पर कुनै आज्ञाको लेनदेन हुँदैन ।"

ख) "भन्ते नागसेन ! एउटै मात्र ढोका भएको हुनाले कसरी जहाँ-जहाँ चक्षुविज्ञान हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान उत्पन्न हुन्छ ?"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ, कुनै राजाको सिमानामा एउटा नगर छ, जुनचाहिँ दृढ छ । त्यस नगरमा एउटा मात्र ढोका छ । अब कोही त्यस नगरबाट बाहिर निस्कन चाहेमा ऊ कतातिरबाट निस्कन्छ ? भन्ते ! त्यहीं ढोकाबाट निस्कन्छ ।"

"फेरि, कोही दोस्रो व्यक्ति बाहिर निस्कन चाहेमा ऊ कतातिरबाट निस्कन्छ ?" "भन्ते ! त्यहीं ढोकाबाट निस्कन्छ ।" "महाराज ! के यो पहिलो व्यक्तिले अरूलाई आज्ञा दिन्छ कि म जतातिरबाट निस्कन्छु, त्यताबाट नै तिमी पनि निस्क । अथवा दोस्रो व्यक्तिले पहिलो व्यक्तिलाई आज्ञा दिन्छ कि तिमी जताबाट निस्कन्छौ, त्यताबाट नै म पनि निस्कने छु ?"

"होइन भन्ते ! उनीहरूका बीचमा यस्तो कुनै सम्झौता हुँदैन । ढोका एउटा मात्र भएकोले जहाँबाट एउटा निस्कन्छ, त्यहींबाट अर्को पनि निस्कन्छ ।"

"महाराज ! यसरी ढोका एउटा भएको हुनाले जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ मनोविज्ञान उत्पन्न हुन्छ । उनीहरूको आपसमा कुनै सम्बन्ध हुँदैन ।"

ग) "भन्ते नागसेन ! बानी परेको हुनाले कसरी जहाँ चक्षुविज्ञान हुन्छ त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ? कृपया उपमा दिएर सम्झाउनुहोस् ।"



Downloaded from http://www.dhamma.digital

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ, सामुन्ने एउटा गोरूगाडा (बयलगाडा) गएको छ भने दोस्रो गाडा कतातिर जान्छ ?" "भन्ते ! जतातिर पहिलो गाडा गएको हुन्छ ।" "महाराज ! के पहिलो गाडाले दोस्रो गाडालाई आज्ञा दिन्छ ··· या दोस्रो गाडाले आज्ञा दिन्छ ?" "होइन भन्ते ! उनीहरूमा कुनै यस्तो कुरा हुँदैन । (गोरुहरूमा) यस्तो बानी परेको हुनाले तिनीहरू एक अर्कोपछि जान्छन् ।" "महाराज ! यसरी नै, पछि लाग्ने स्वभावले जहाँ-जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ । उनीहरूमा कुनै परस्पर सम्झौता भएको हुँदैन ।"

घ) "भन्ते नागसेन ! व्यवहार भएपछि कसरी जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ? कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि मुद्रा, गणना, सङ्ख्या र लेखा इत्यादि शिल्पमा नयाँ सिकारुले बारम्बार गल्ती गर्छ । सावधानीपूर्वक बारम्बार व्यवहार गर्दा ऊ आफूले गरेको गल्तीमा सुधार गर्छ । महाराज ! यसरी नै, व्यवहारले गर्दा आफूले गरेको गल्तीमा उसले सुधार गर्छ । महाराज ! यसरी नै व्यवहारले गर्दा जहाँ-जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ।"

"भन्ते ! त्यसरी नै जहाँ जहाँ श्रोतविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ? भन्ते ! जहाँ-जहाँ घ्राणविज्ञान उत्पन्न हुन्छ त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ? भन्ते ! जहाँ-जहाँ जीव्हाविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ? भन्ते ! जहाँ-जहाँ कायविज्ञान उत्पन्न हुन्छ, त्यहाँ-त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ?।" (पूर्ववत् प्रश्न-उत्तर सम्झनु होला) ।

"भन्ते ! नागसेन तपाईंले ठीक सम्झाउनुभयो ।"

## ८. स्पर्शलक्षण विषय-प्रश्न

८.राजाले सोधे – "भन्ते नागसेन ! जहाँ मनोविज्ञान उत्पन्न हुन्छ त्यहाँ के स्पर्श र वेदना पनि उत्पन्न हुन्छ ?" "हो महाराज ! जहाँ मनोविज्ञान हुन्छ त्यहाँ स्पर्श पनि हुन्छ, वेदना, संज्ञा, चेतना पनि हुन्छ, विर्तक विचार पनि हुन्छ । ती सबै धर्महरू त्यहाँ रहेका हुन्छन् ।"

"भन्ते ! स्पर्शको पहिचान के हो ?" "महाराज ! 'छुनु' स्पर्शको पहिचान हो ।"

"कृपया उपमा दिएर सम्झउनुहोस् ।"

"महाराज ! जस्तो कि दुईवटा भेडाहरू जुधे भने ती दुईमध्ये एउटा भेडालाई चक्षु सम्झनुपर्छ र दोस्रोलाई रूप । तिनीहरू दुवै ठोक्किनुलाई स्पर्श सम्झनुपर्छ ।"

"कृपया अर्को उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कि कुनै व्यक्तिले दुई हातले ताली बजायो । त्यसमा एक हातलाई चक्षु र अर्कोलाई रूप सम्झनुपर्छ । जुन दुवै हातको मिलन भएको छ, त्यसलाई स्पर्श सम्झनुपर्छ ।"

"महाराज ! जस्तो कि कसैले झ्याम्टा (झ्याली) बजाउँछ, झ्याम्टाका दुई फलक मध्ये एउटालाई चक्षु र अर्कोलाई रूप सम्झनुपर्छ । जुन यी दुई आएर मिलन हुन्छ, त्यसलाई स्पर्श सम्झनुपर्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"



Downloaded from http://www.dhamma.digital

## ९. वेदना लक्षण-प्रश्न

९."भन्ते नागसेन ! वेदनाको लक्षण के हो ?"

"महाराज ! 'अनुभव गर्नु' वेदनाको लक्षण हो ।"

"कृपया, उपमा दिएर सम्झउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै मानिसले राजाको सेवा गऱ्यो । राजा ऊदेखि खुसी भएर उसलाई कुनै ठूलो पद दिए । उसले त्यो पदपाएपछि ऐशआराम मोजमज्जामा रहन थाल्यो । अब, उसको मनमा यस्तो विचार आयो – 'मैले पहिले राजाको सेवा गरें, त्यसै कारणले गर्दा राजा खुसी भएर मलाई यो पद दिए । त्यस बेलादेखी अहिलेसम्म यो ऐशआरामको अनुभव गर्दैछु । महाराज ! त्यस्तै कुनै व्यक्तिले पुण्य कर्म गरेर मरेपछि स्वर्गलोकमा उत्पन्न भएर सुगति प्राप्त गऱ्यो । त्यहाँ उसले पाँच दिव्यकामगुणहरूको उपभोग गऱ्यो । उसको मनमा यस्तो विचार आयो – मैले पहिले पुण्य कर्म गरें, त्यसैले मैले यी पाँच दिव्यकामगुणहरूको अनुभव गर्दैछु । महाराज ! यसरी अनुभव हुनु, अनुभव गर्नु वेदनाको पहिचान हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १०. संज्ञालक्षण-प्रश्न

१०. "भन्ते नागसेन ! संज्ञाको लक्षण के हो ?"

"महाराज ! चिन्नु संज्ञाको लक्षण हो । केलाई चिन्नु ? नीलोलाई नीलो भनेर चिन्नु । त्यस्तै, पहेंलो, रातो, सेतो, कलेजी आदि रङ भनी चिन्नु । महाराज ! यसरी नै, चिन्नु संज्ञाको लक्षण हो ।"

"कृपया, फेरि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि राजाको भण्डारी भण्डारमा गएर नीलो, पँहेलो, रातो, उज्यालो (सेतो) कलेजी सबै रङ राजाको भोगका चीजहरूलाई चिन्दछ र जान्दछ । महाराज ! यसरी चिन्नु संज्ञाको लक्षण हो ।"

"भन्ते ! तपाईंले एकदम ठीक भन्नुभयो ।"

## ११. चेतनालक्षण-प्रश्न

११. "भन्ते नागसेन ! चेतनाको पहिचान के हो ?" "महाराज ! सम्झनु र तयार हुनु चेतनाको हो । "

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै मानिसले विष तैयार पारेर स्वयं पियो र अरूलाई पनि पिउन दियो । उसले आफैं पनि दुःखभोग गऱ्यो र अरूलाई पनि दुःख भोगायो ।"

Downloaded from http://www.dhamma.digital

"महाराज ! यसरी नै, कुनै मानिस पापकर्म गरेर मरेपछि नरकमा गएर उसले दुर्गति प्राप्त गर्दछ । जसले उसलाई सिकायो, त्यसले पनि … दुर्गति प्राप्त गर्दछ ।"

"अथवा महाराज ! जस्तै कुनै मानिसले घिउ, नौनी, तेल, मह र सक्खर एकसाथ तयार पारेर स्वयं पिउँछ र अरूहरूलाई पनि पिलाउँछ । ऊ आफू सुखी हुन्छ नै उसले अरूहरूलाई पनि सुखी पार्छ ।"

"महाराज ! यसरी कोही पुण्यकर्मको चेतनाले गर्दा मरेपछि स्वर्गलोकमा उत्पन्न भएर सुगति प्राप्त गर्दछ । जसले उसलाई सिकायो, त्यो मानिसले पनि सुगति प्राप्त गर्दछ । यसरी महाराज ! सम्झनु र तयार हुनु चेतनाको पहिचान हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १२. विज्ञानलक्षण-प्रश्न

१२. "भन्ते नागसेन ! विज्ञानको लक्षण के हो ?"

"महाराज ! जान्नु बुझ्नु विज्ञानको लक्षण हो ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! नगरको रक्षा गर्नेले नगरको माझमा कुनै चौबाटोमा बसेर चारैतिरबाट आउने मानिसलाई देख्छ । महाराज ! ! त्यसरी नै, जुन पुरूषले आँखाबाट रूपलाई देख्छ, त्यसलाई विज्ञानले जान्दछ । जो कानबाट शब्द सुन्छ … जो नाकबाट गन्ध सुँघ्छ … जो जिब्रोबाट रसलाई चाख्छ जुन शरीरले वस्तुलाई स्पर्श गर्छ … जुन मनले धर्मलाई अनुभव गर्छ, त्यसलाई पनि विज्ञानले जान्दछ । महाराज ! यसरी 'जान्नु' विज्ञानको लक्षण हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १३. वितर्कलक्षण-प्रश्न

१३. "भन्ते नागसेन ! वितर्कको लक्षण के हो ?"

"महाराज ! कुनै काममा आफूलाई लगाउनु वितर्क हो "

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी कुनै काठ-मिस्त्रीले तयार भएको काठको टुक्रालाई राम्ररी जोड्छ, त्यसरी नै, कुनै काममा आफूलाई लगाउनु वितर्कको लक्षण हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"



Downloaded from http://www.dhamma.digital

## १४. विचारलक्षण-प्रश्न

१४. "भन्ते नागसेन ! विचारको लक्षण के हो ?"

"महाराज ! वितर्कको अनुमार्जन नै विचार हो ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! काँसको थाललाई ठोक्दा आवाज उत्पन्न हुन्छ । यहाँ यसरी ठोक्नुलाई वितर्क र आवाज उत्पन्न हुनुलाई विचार सम्झनुपर्छ ।"

"भन्ते ! ठीक भन्नुभयो ।"

**(यस वर्गमा १४वटा प्रश्नहरू छन् ।)**

**तेस्रो विचार वर्ग समाप्त ।**

# ४. निर्वाण वर्ग

## १. स्पर्श आदिलाई छुट्ट्याउन सकिन्छ सकिन्न भन्ने विषयमा प्रश्न

१. राजाले सोधे – "भन्ते नागसेन ! स्पर्श आदि धर्महरू एकसाथ मिल्दा के तिनलाई अलग अलग गरी छुट्याएर देखाउन सकिन्छ – यो स्पर्श हो, यो वेदना हो, यो संज्ञा हो, यो चेतना हो, यो विज्ञान हो, यो विर्तक हो, यो विचार हो ?" "महाराज ! यसरी देखाउन सकिन्न ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी राजाको भान्छेले व्यञ्जन तैयार गर्छ अनि उसले त्यसमा दही, नुन, अदुवा, जीरा, खुर्सानी इत्यादि अनेक मसला हाल्छ । त्यसपछि राजाले भने – 'दहीको, नुनको, अदुवाको, जीराको, खुर्सानीको र यसमा हालेको अरू चीजहरूको स्वाद छुट्टाछुट्टै पार । महाराज ! त्यसरी त्यस्ता सबै चीजहरू एकसाथ मिलेपछि के त्यसलाई छुट्टाछुट्टै पारेर देखाउन सकिन्छ – यो अमिलो, यो नुनिलो, यो तीतो, यो कडा, यो टर्रो या यो मीठो छ ?"

"सकिन्न, भन्ते ! तैपनि सबै किसिमको स्वाद त्यसमा आ-आफ्नै प्रकारले रहेको हुन्छ ।" "महाराज ! यसरी ती धर्मका साथ मिल्दा त्यसलाई अलग-अलग देखाउन सकिन्न – यो स्पर्श हो, यो वेदना हो, यो संज्ञा हो, यो चेतना हो, यो विज्ञान हो, यो विर्तक हो या यो विचार हो भनेर । यसो भए तापनि सबै धर्म आ-आफ्ना रूपमा त्यहीं रहन्छ ।"

"भन्ते ! ठीक हो ।"



Downloaded from http://www.dhamma.digital

## २. नागसेन-प्रश्न

२. स्थविरले सोध्नुभयो – "महाराज ! के नुन आँखाले चिन्न सकिन्छ ?" "हो भन्ते ! चिन्न सकिन्छ ।" "महाराज ! कृपया सोचेर उत्तर दिनु होला । के तपाईं ठीक भन्दै हुनुहुन्छ ?"

"भन्ते ! के सबै प्रकारका नुन जिब्रोले चिन्न सकिन्छ ?" "हो महाराज ! सबै प्रकारको नुन जिब्रोले नै चिन्न सकिन्छ ।"

"भन्ते ! यदि यसो हो भने, त्यसलाई बयलगाडामा लादेर किन ल्याउँछन् ? नुन मात्र नल्याउनुपर्ने हो ।" "महाराज ! नुन मात्र ल्याउन सम्भव छैन । यो धर्म नुनिलो र भारीपन दुवै एक साथ यसरी मिलेको छ कि छुट्ट्याउन सकिन्न ।" "महाराज ! नुन तराजुमा जोख्न सकिन्छ ?" "हो भन्ते ! जोख्न सकिन्छ ।" "होइन महाराज ! नुनलाई तराजुमा जोख्न सकिन्न; केवल त्यसको भारीपन मात्र जोख्न सकिन्छ ।"

"हो भन्ते ! ठीक हो ।"

**नागसेन र राजा मिलिन्दका महाप्रश्न समाप्त ।**

# मिलिन्दप्रश्न

# (ख) विमतिच्छेदन-प्रश्न

**(शंका-निवारण-प्रश्न)**

## ३. पाँच आयतन कर्मोत्पत्तिप्रश्न

३. राजाले सोधे – "भन्ते नागसेन ! जुन यी पाँच आयतनहरू (आँखा, नाक, कान, जिब्रो र त्वचा) छन्, तिनीहरूका अनेक कर्महरूको फलले यस्तो भएको हो या एक कर्मको फलले ?" "महाराज ! अनेक कर्महरूको फलले भएको हो, एक कर्मको फलले होइन ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ ? कुनै मानिस एउटा खेतमा नाना प्रकारको बीउ रोप्छ भने, के अनेक बीउहरूको फल पनि अनेक हुँदैन र ?" "हो भन्ते ! अनेक प्रकारका बीउहरूको फल पनि अनेक प्रकारको नै हुन्छ ।" "महाराज ! यसरी नै, जुन यो पाँच आयतन छ, त्यो अरू विभिन्न कर्महरूको फल हो एउटाको मात्र होइन ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

Downloaded from http://www.dhamma.digital

# ४. कर्मको प्रधानता

४. राजाले सोधे – "भन्ते नागसेन ! के कारण हो कि सबै व्यक्तिहरू एकै किसिमका हुन्नन् कोही कम आयुको हुन्छ, कोही दीर्घायु हुन्छ, कोही धेरै रोगी, कोही निरोगी, कोही एकदम भद्दा, कोही एकदम सुन्दर, कोही प्रभावहीन, कोही अत्यन्त प्रभावशाली, कोही गरीब, कोही धनी, कोही नीच कुलमा, कोही उच्च कुलमा, कोही मूर्ख त कोही बुद्धिमान् किन हुन्छ ?"[३३]

स्थविरले सोध्नुभयो – "महाराज ! के कारण हो कि सबै वनस्पतिहरू एकै किसिमको हुन्नन् ? कुनै अमिलो, कुनै नुनिलो, कुनै तितो, कुनै टर्रो, कुनै मीठो किन हुन्छ ?" "भन्ते ! मलाई यस्तो लाग्छ कि कुनै बीउहरू भिन्न-भिन्न भएकाले वनस्पतिहरू पनि भिन्न रसका हुन्छन् ।" "महाराज ! यसरी सबै मानिसहरूको आ-आफ्नो कर्म भिन्न-भिन्न हुनाले सबै जना एकै किसिमका हुन्नन् । कोही कम आयुको हुन्छ भने कोही दीर्घायुको ··· हुन्छ ।"

"महाराज ! भगवान्ले पनि भन्नुभएको छ – हे माणव ! सबै जीव आफ्नो कर्मको आफैं मालिक हो । उनीहरू आफ्नो कर्मआनुसार नै विभिन्न योनिमा उत्पन्न हुन्छन्, आफ्नो कर्म नै आफ्नो साथी हो । आफ्नो कर्म नै आफ्नो आश्रय हो । कर्मले नै व्यक्ति ऊँच र नीच हुन्छ ।"[३४]

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

# ५. प्रयत्नकरण प्रश्न

५. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि दुःख निरोध गर्नलाई र नयाँ दुःख उत्पन्न हुन नदिन तपाईंहरूको प्रव्रज्या भएको हो ।" "हो महाराज ! यसैका निम्ति हामी प्रव्रजित भएका हौं ।" "भन्ते ! तर यो प्रव्रज्या पूर्वजन्मको कर्मको फलले हुन्छ या यसको निम्ति यसै जन्ममा प्रयत्न गर्नुपर्छ ?" स्थविरले भन्नुभयो – "महाराज ! जति पनि गर्नुपर्ने हो, त्यति पूरा गर्नका निम्ति यो जन्ममा प्रयत्न गर्नुपर्छ, पूर्वजन्मको फल त अहिले भइरहेको छ ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ – तपाईंलाई तिर्खा लागेपछि तपाईं कुवा या पोखरी बनाउनुहुन्छ ?" "होइन भन्ते !" स्थविरले भन्नुभयो – "महाराज ! जति पनि गर्नुपर्ने हो, त्यति पूरा गर्नका निम्ति यो जन्ममा प्रयत्न गर्नुपर्छ, पूर्वजन्मको फल त अहिले भइरहेको छ ।"

"कृपया, फेरि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ – कुनै लडाइँ सुरु भएपछि तपाईं खाई (रक्षाका निम्ति खनिने खाड़ल) खन्नुहुन्छ, पर्खाल बनाउन लगाउनुहुन्छ, तोरण बनाउनुहुन्छ, अटालीका (चौकी) बनाउनुहुन्छ सेनाका लागि रसद (रासन) जम्मा गर्न लाउनुहुन्छ, हात्ती, घोडा, रथ, धनुष, तरबार आदि

३३. हेर्नुहोस् चूलकम्मविभङ्ग-सुत्त, मज्झिमनिकाय (नेपाली पृ. ८२४ ।

३४. म.नि. (नेपाली) पृ. ८२७ ।



Downloaded from http://www.dhamma.digital

तयार गर्न लाउनुहुन्छ ?" "होइन भन्ते !" स्थविरले भन्नुभयो – "महाराज ! जति पनि गर्नुपर्ने हो, त्यति पूरा गर्नको निम्ति यो जन्ममा प्रयत्न गर्नुपर्छ, पूर्वजन्मको फल त अहिले भइरहेको छ ।"

"भगवान्‌बाट पनि यस्तै आज्ञा भएको छ : –

समय आएपछि बुद्धिमान्‌हरूले त्यही काम गर्नुपर्छ जो उसको हितमा हुन्छ । त्यो मूर्ख गाडीवान् जस्तो नभई दृढताका साथ आफ्नो काममा डटिरहनुपर्छ जसरी, त्यस गाडीवान् ठूलो र सम्म परेको सडकलाई छाडेर उबडखाबड बाटोमा गाडीको अक्ष भाँचिनाले विपत्तिमा पर्छ ।"

"यसरी धर्मलाई छाडेर, अधर्ममा परेका मूर्ख मानिसहरू मृत्युको मुखमा परेर हतोत्साहित भई शोक गर्न थाल्छन् ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ६. नरकाग्निको उष्णता विषयमा प्रश्न

६. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि – 'स्वभाविक आगोभन्दा नरकको आगो धेरै तेजिलो (ताप दिने) हुन्छ ।' एउटा सानो ढुङ्गा पनि स्वाभाविक आगोमा राखेर दिनभरि फुकिरहँदा पनि गल्दैन तर 'नरकको आगोमा पर्नासाथ ठूलठूलो चट्टान पनि एकै क्षणमा गल्छ' यो कुरो म एकदमै मान्दिन । तपाईंहरू यसो भन्नुहुन्छ कि – 'जुन जीवहरू त्यहाँ उत्पन्न हुन्छन्, ती त्यस नरकको आगोमा हजारौं वर्षसम्म पाकेर बस्छन्, तर गल्दैनन्' यस कुरालाई पनि म पटकै मान्दिन ।"

स्थविरले सोध्नुभयो – "महाराज ! तपाईं के विचार गर्नुहुन्छ – पोथी बादर, गोही, कछुवा, मयूर र परेवाहरूले कडा ढुङ्गाको टुक्रा पनि निल्छन् ?" "हो भन्ते ! निल्छन् । के त्यो ढुङ्गा उनीहरूको पेटमा गएर पच्दैन ?" "हो भन्ते ! पच्छ ।" "उनीहरूको पेटमा जुन बच्चा छ, के त्यो पनि पच्छ ?" "होइन भन्ते ! बच्चा पच्दैन ।" "त्यसो किन ?" "भन्ते ! म सम्झन्छु कि आफ्नो कर्मले गर्दा पच्न सक्दैन ।" "महाराज ! यसरी आफ्नो कर्मअनुसार नरकमा उत्पन्न हुने जीव त्यहाँको आगोमा हजारौंवर्ष सम्म पाकेर रहन्छ, तर गल्दैन । त्यहीं उत्पन्न हुन्छ, त्यहीं बढछ, हुर्कन्छ र त्यहीं मर्छ ।"

"महाराज ! भगवान्‌ले पनि भन्नुभएको छ : –

**उनीहरू त्यस नरकबाट छुट्दैन जब सम्म उनीहरूको पाप कर्म समाप्त हुँदैन ।"**

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ ? जुन मादा सिंह, बाघ, चितुवा तथा कुकुरहरू छन् तिनीहरूले कड़ा हड्डी तथा कड़ा मासुको पिण्ड के चपाउन सक्दैन ?" "हो भन्ते ! चपाउन सक्छ ।" "खान्छ कि खाँदैन ?" "खान्छ भन्ते ।" "पच्छ कि पच्दैन ?" "पच्छ भन्ते !" "अनी पेटमा रहेका यिनीहरूका बच्चा पच्छ कि पच्दैन ?" "पेटको बच्चा पच्दैन ।" "त्यो किन ?" "भन्ते ! म सम्झन्छु कि आफ्नो कर्म त्यस्तो हुनाले पच्दैन ।" "महाराज ! यसरी आफ्नो कर्म अनुसार नरकमा उत्पन्न हुने जीव त्यहाँको आगोमा हजारौं वर्ष सम्म रहन्छ, तर गल्दैनन् ।"

"कृपया, फेरि उदाहरण दिएर सम्झाउनु होस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ ? सुकुमारी यवन स्त्रीहरूले कडा पदार्थ र मासु खाँदैनन् र ?" "हो भन्ते ! खान्छन् ।" "महाराज ! उनीहरूको पेटमा गएर कडा वस्तुहरू पच्दैनन् र ?" "हो भन्ते ! पच्छ ।" "के उनीहरूको पेटमा रहेको गर्भ पनि पच्छ ?" "भन्ते ! गर्भचाहिँ पच्दैन ।" "त्यसो



Downloaded from http://www.dhamma.digital

किन ?" "भन्ते ! म सम्भन्छु कि आफ्नो कर्म त्यस्तो हुनाले पच्दैन ।" "महाराज ! यसरी आफ्नो कर्म त्यस्तो हुनाले नरकमा उत्पन्न हुने जीव त्यहाँको आगोमा हजारौं वर्षसम्म पाकेर रहन्छ, तर गल्दैन । भगवान्ले पनि भन्नुभएको छ कि – ऊ नरकबाट छुट्दैन जबसम्म कि उसको पाप समाप्त हुँदैन ।"

"भन्ते ! तपाईंले ठीक सम्भाउनुभयो ।"

## ७. पृथ्वी संधारण विषयमा प्रश्न

७. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि यो पृथ्वी पानीमा रहेको छ, पानी हावामा र हावा आकाशमा । यसलाई पनि म मान्दिन ।" "स्थविरले धम्मकरक (लोटा) मा पानी लिएर राजालाई भने – "महाराज ! जुन बेला यो पानी हावामा अडेको हुन्छ, त्यसरी नै, यो पानी पनि हावामा रहेको हुन्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ८. निरोधनिर्वाण विषयमा प्रश्न

८.राजाले सोधे – "भन्ते नागसेन ! के निरोध हुनु नै निर्वाण हो ?" "हो महाराज ! निरोध हुनु नै निर्वाण हो ।" "भन्ते ! निरोध हुनु कसरी निर्वाण हो ?" "महाराज ! सबै अज्ञानी पृथक्जनहरू अध्यात्मिक र बाहिरी आयतन (इन्द्रिय र विषयको उपभोग) मा लागिरहन्छन्, त्यसैमा आनन्द लिन्छन्, र त्यसैमा डुबिरहन्छन् । उनीहरू त्यसैको धारामा बगिरहेका हुन्छन्, बारम्बार जन्म लिन्छन्, बूढा हुन्छन्, मर्छन्, शोक गर्छन्, रुन्छन्, दुःखी दौर्मनस्य र डाहा हुने हुन्छ । यस्ता दुःखबाट मुक्त हुँदैनन्, दुःखको दुःखैमा रहिरहन्छन् ।"

"महाराज ! तर ज्ञानी आर्य श्रावकजनहरू अध्यात्मिक र बाहिरी आयतनमा लाग्दैनन्, त्यसमा आनन्द लिंदैनन् र त्यसमा डुबि रहँदैनन् । यसले गर्दा उनीहरूको तृष्णाको निरोध (बन्द) हुन्छ । तृष्णाको निरोध हुनाले उपादानको निरोध हुन्छ । उपादानको निरोध हुनाले भवको निरोध हुन्छ । भव निरोध हुनाले जन्म लिन निरोध हुन्छ । जाति (जन्म) निरोध भएपछि बूढा हुनु, मर्नु, शोक गर्नु, रुनु, पिट्नु, दुःखी हुनु दौर्मनस्य हुनु र निराशा हुनु आदि सबै दुःखको निरोध हुन्छ । महाराज ! यस्तै निरोध हुनु भनेको निर्वाण हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ९. निर्वाण लाभ विषयमा प्रश्न

९. राजाले सोधे – "भन्ते नागसेन ! के सबै जीवहरू निर्वाण प्राप्त गर्छन् ?" "होइन महाराज ! सबैले निर्वाण पाउँदैनन् । जो सम्यक् प्रतिपन्न हुन्छ, अभिज्ञेय धर्ममा अभिज्ञेय हुन्छ, जन्नुपर्ने धर्मलाई जान्दछ, छोड्नुपर्ने धर्मलाई छोड्छ, भाविता गर्नुपर्ने धर्मलाई भाविता गर्दछ र साक्षात्कार गर्नुपर्ने धर्मलाई साक्षात्कार गर्दछ, यिनीहरूले नै निर्वाण प्राप्त गर्न सक्छन् ।"



Downloaded from http://www.dhamma.digital

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १०. निर्वाण-सुख-ज्ञान विषयमा प्रश्न

१०. राजाले सोधे – "भन्ते नागसेन ! जसले निर्वाण पाएको छैन, के उसलाई निर्वाण-सुख भनेको थाहा हुन्छ ?" "हो महाराज ! जसले निर्वाण पाएको छैन, उसले पनि जान्दछ कि निर्वाण-सुख भनेको के हो भनेर ।" "भन्ते ! स्वयं त्यसलाई नपाए उसले कसरी जान्दाछ कि त्यो सुख हो ?" "महाराज ! जसको हात वा खुट्टा काटिएको छैन, के उसले जान्दछ कि हात वा खुट्टा काटिन्दा दुःख हुन्छ ?" "हो भन्ते ! जान्दछ ।" "कसरी जान्दछ ?" "भन्ते ! हात वा खुट्टा काटिएको अरू व्यक्तिको रुनु पिट्नु ,कराउनु, सुनेर जान्दछ कि यसमा दुःख छ ।" "महाराज ! यसरी नै निर्वाण पाएका मानिसहरूको संतोष र प्रीतियुक्त वाक्यहरू सुनेर, उनीहरूले पनि, जसले त्यो पाएका छैनन्, जान्दाछन् कि निर्वाण-सुख भनेको के हो ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

**(यस वर्गमा दस प्रश्नहरू छन् )**

**चौथो निर्वाण वर्ग समाप्त ।**

Dhamma.Digital

# ५. बुद्धवर्ग

## १. बुद्ध रहनुमा शङ्का विषयमा प्रश्न

१. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंले भगवान् बुद्धलाई देख्नुभयो ?" "देखिन महाराज !" "के तपाईंका आर्चायहरूले बुद्धलाई देख्नुभयो ?" "अहँ, महाराज !" "भन्ते ! त्यसो हो भने भगवान् बुद्ध हुनुहुन्न ?" "महाराज ! हिमालय पर्वतमा तपाईंले 'ऊहा' नामको नदीलाई देख्नुभएको छ ?" "छैन भन्ते !" "के तपाईंका बुबाले त्यसलाई देख्नुभएको थियो ?" "थिएन भन्ते !" "महाराज ! त्यसो हो भने 'ऊहा' नदी छैन त ?" "छ भन्ते ! यद्यपि म वा मेरा बुबाले नदेखे पनि त्यो नदी चाहिँ छ ।" "महाराज ! त्यसरी नै, यद्यपि म या मेरा आचार्यले भगवान् बुद्धलाई नदेखे तापनि उहाँ हुनुहुन्थ्यो ।"

"भन्ते ! ठीक सम्झाउनुभयो ।"



Downloaded from http://www.dhamma.digital

## २. भगवान्को श्रेष्ठता विषयमा प्रश्न

२. राजाले सोधे – "भन्ते नागसेन ! के भगवान् बुद्ध अनुत्तर (परम श्रेष्ठ) हुनुहुन्थ्यो ?" "हो महाराज ! भगवान् अनुत्तर हुनुहुन्थ्यो ।" "भन्ते ! कसरी तपाईंले उहाँलाई नदेखे पनि जान्नुभयो कि उहाँ बुद्ध अनुत्तर हुनुहुन्थ्यो भनेर ?" "महाराज ! तपाईं के विचार गर्नुहुन्छ कि जसले महासमुद्रलाई देखेका छैनन् के उनीहरूले जान्दाछन् कि त्यो एकदम विशाल, गम्भीर र अथाह छ, जसमा गङ्गा, यमुना, अचिरवती, सरयू (सरभु) र गण्डक पाँच ठूलठूला नदीहरू गएर मिल्दा त्यो त्यहाँ न घट्छ, नबढ्छ ?" "हो भन्ते ! जान्दछु ।" "महाराज ! यसरी निर्वाण प्राप्त गरेका उहाँका असंख्य श्रावकहरूलाई देखेपछि जान्दछु कि भगवान् अनुत्तर हुनुहुन्थ्यो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ३. बुद्धको अनुत्तर भाव विषयमा प्रश्न

३. राजाले सोधे – "भन्ते नागसेन ! के यो कुरो जान्न सकिन्छ कि भगवान् अनुत्तर हुनुहुन्थ्यो ?" "हो महाराज ! जान्न सकिन्छ ।" "भन्ते, कसरी ?" "महाराज ! अतीतकालमा एक जना बडो विद्वान् थिए जो प्रसिद्ध थिए । जसको नाम थियो तिष्य स्थविर । उनी स्वर्ग भएको धेरै वर्ष भइसके पनि मानिसहरू उनीलाई कसरी चिन्छन् ?" "भन्ते ! उनले लेखेका ग्रन्थहरूलाई हेरेर ।" "महाराज ! त्यसरी नै, जसले धर्मलाई जान्दछ, उसले भगवान्लाई जान्दछ; किनकि भगवान्ले त्यसलाई देशना गर्नुभएको थियो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ४. धर्मदर्शनबारे प्रश्न

४. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंले धर्मलाई जानी बुझिसक्नुभयो ?" "महाराज ! भगवान्को उपदेशअनुसार श्रावकहरूले धर्मलाई जीवनभरि पालन गर्नुपर्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ५. सङ्क्रमण विना प्रतिसन्धि विषयमा प्रश्न

५. राजाले सोधे – "भन्ते नागसेन ! यदि आत्माको सङ्क्रमण[३५] एउटा शरीरबाट निस्केर अर्को शरीरमा जाँदैन भने पुनर्जन्म कसरी हुन्छ ?" "हो महाराज ! विना सङ्क्रमण पुनर्जन्म हुन्छ ।"

"भन्ते नागसेन ! त्यो कसरी हुन्छ ? कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

३५. एक जन्मबाट अर्को जन्म लिनुलाई 'सङ्क्रमण' भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! यदि कुनै व्यक्तिले एउटा दियोबाट अर्को दियो बाल्दा के यहाँ एउटा दीयोले अर्को दीयोमा सङ्क्रमण गर्छ ?" "गर्दैन भन्ते !" "महाराज ! यसरी विना सङ्क्रमण पुनर्जन्म हुन्छ ।"

"महाराज ! के तपाईंलाई कुनै श्लोकको सम्झना छ जुन तपाईंले आफ्ना गुरुबाट सिक्नुभएको थियो ?" "हो, सम्झना छ ।" "महाराज ! के त्यो श्लोक आचार्यको मुखबाट निस्केर तपाईंमा प्रविष्ट भएको हो ?" "होइन भन्ते ?" "महाराज ! यसरी विना सङ्क्रमण पुनर्जन्म हुन्छ ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ६. वेदगूप्रश्न

६. राजाले सोधे – "भन्ते नागसेन ! वेदगू (आत्मा,ज्ञाता) छ वा छैन ?" स्थविरले भन्नुभयो – "परमार्थमा यस्तो कुनै जान्ने छैन ।"

"भन्ते ठीक भन्नुभयो ।"

## ७. पुनर्जन्म विषयमा प्रश्न

७. राजाले सोधे – "भन्ते नागसेन ! यस्तो कुनै जीव छ, जसले यस शरीरबाट निस्केर अर्को शरीरमा सङ्क्रमण गर्छ ?" "छैन महाराज !" "भन्ते ! यदि यस शरीरबाट निस्केर जाने कोही पनि छैन भने ऊ आफ्नो पापकर्मबाट मुक्त भयो होला, हैन त ?" "हो महाराज ! यदि उसको पुनर्जन्म छैन भने ऊ आफ्नो पापकर्मबाट मुक्त भयो । यदि उसले फेरि जन्म ग्रहण गर्छ भने ऊ मुक्त भएन ।"

"कृपया यसलाई उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि कुनै मानिसले अरूको आँप चोर्‍यो भने दण्डको भागी हुन्छ कि हुँदैन ?" "हो भन्ते ! हुन्छ ।" "महाराज ! त्यो आँप त उसले रोपेको थिएन, जुन यसले चोरेको थियो । अनि दण्डको भागी कसरी भयो ?" "भन्ते ! उसैले रोपेको आँपले गर्दा यो आँप उत्पन्न भएको हो । त्यसैले ऊ दण्डको भागी हुन्छ ।" "महाराज ! यसरी एउटा मानिस यस नाम-रूपले पाप-पुण्य कर्म गर्छ । त्यस्ता कर्महरूको प्रभावले गर्दा अर्को नाम-रूपले जन्म लिन्छ । त्यसो हुँदा ऊ आफ्नो पाप कर्मको प्रभावले मुक्त हुँदैन ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ८. कर्म-फलको विषयमा प्रश्न

८. राजाले सोधे – "भन्ते नागसेन ! जब एक नाम-रूपबाट कुशल कर्म र अकुशल कर्महरू गरिन्छ भने त्यस्ता कर्महरू कहाँ बस्छन् ?" "महाराज ! कहिल्यै पछि नछाड्ने छायाजस्तै कर्मले उसलाई पछ्याइरहन्छ ।" "भन्ते ! के त्यो कर्म देखाउन सकिन्छ – यहाँ वा त्यहाँ यो बसेको छ भनेर ?" "महाराज ! यसरी त्यसलाई देखाउन सकिन्न ।"



Downloaded from http://www.dhamma.digital

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाईं के विचार गर्नुहुन्छ – कुनै रूखका फलहरूलाई देखाउन सकिन्छ जुन अहिले फलेकै छैन – ती यहाँ वा त्यहाँ फल्छन् भनेर ?" "सकिन्न भन्ते !" "महाराज ! यसरी नै, कर्महरूको यस निरन्तर प्रवाहमा तिनलाई देखाउन सकिन्न – यी यहाँ वा त्यहाँ छन् भनेर ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## ९. प्रतिसन्धि (जन्म) ज्ञान विषयमा प्रश्न

९. राजाले सोधे – "भन्ते नागसेन ! जसले जन्म लिन्छ के उसलाई पहिले नै थाहा हुन्छ कि म जन्म लिन्छु ?" "हो महाराज ! उसले यो कुरो जान्दा छ ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै किसानले बीउलाई रोपेर पानी परेपछि के उसले जान्दैन होला कि बाली राम्ररी सप्रन्छ ?" "हो भन्ते ! जान्दछ ।" "महाराज ! यसरी नै, जसले जन्म लिन्छ उसले पहिलेदेखि नै यो कुरोलाई जान्दछ कि म जन्म लिन्छु ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## १०. बुद्धनिदर्शन प्रश्न

१०. राजाले सोधे – "भन्ते नागसेन ! के बुद्ध हुनुहुन्थ्यो ?" "हो महाराज ! हुनुहुन्थ्यो ।" "भन्ते ! के तपाईं देखाउन सक्नुहुन्छ ?"

"महाराज ! भगवान्ले अनुपादिशेष निर्वाणधातुबाट परिनिर्वाण प्राप्त गरिसक्नुभयो । त्यसैले भगवान् यस ठाउँमा हुनुहुन्छ भनेर देखाउन सकिन्न ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! आगोको लप्को निभेपछि के त्यसलाई देखाउन सकिन्छ कि त्यो यहाँ छ ?" "सकिन्न भन्ते ! त्यो मुस्लो त निभिसक्यो ।" "महाराज ! यसरी नै, भगवान् अनुपादिशेष निर्वाण धातुबाट परिनिर्वाण प्राप्त गरिसक्नुभयो त्यसैले भगवान् यहाँ हुनुहुन्छ भनेर देखाउन सकिन्न; किनभने उहाँको व्यक्तित्वलाई कायम राख्न बाँकी केही रहन्न । हो, उहाँ आफ्नो धर्मकाय (धर्मरूपी शरीर) देखापर्न सक्नुहुन्छ । उहाँले बताउनुभएको धर्मले नै उहाँबारे भन्दैछ ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

**(यस वर्गमा दस प्रश्नहरू छन् )**

**पाँचौ बुद्ध वर्ग समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# ६. स्मृति वर्ग

## १. कायस्पृहा विषयमा प्रश्न

१. राजाले सोधे – "भन्ते नागसेन ! प्रव्रजित (भिक्षु) हरूलाई आफ्नो शरीर प्यारो हुन्छ कि हुन्न ?" "हुन्न महाराज ! उनीहरू शरीरलाई माया गर्दैनन् ।" "भन्ते ! त्यसो हो भने तपाईं आफ्नो शरीरको यति रेखदेख र आदर किन गर्नुहुन्छ ?" "महाराज ! युद्धमा जाँदा कहिले तपाईंलाई तीर लाग्छ कि लाग्दैन ?" "हो ! लाग्छ ।" "महाराज ! तपाईं घाउमा के मलम लगाउनुहुन्छ, तेल घस्नुहुन्छ र त्यसलाई पातलो टालोले बेर्नुहुन्छ ?" "हो भन्ते ! हामी त्यसै गर्छौं ।" "महाराज ! तपाईंलाई आफ्नो घाउ के एकदम प्यारो हुन्छ, जुन घाउमा तपाईं मलम लगाउनुहुन्छ, तेल घस्नुहुन्छ र त्यसलाई पातलो टालो बेर्नुहुन्छ ?"

"भन्ते ! मलाई घाउ प्यारो लागेको होइन । त्यस घाउ निको पार्नका लागि मलम आदि लगाएर उपचार गरेको हो ।" "महाराज ! त्यसरी नै, प्रव्रजित (भिक्षु) हरू आफ्नो शरीरलाई माया गर्दैनन् । तर उनीहरू आसक्त नभई, ब्रह्मचर्यपालन गर्नका लागि त्यसको यति हेरविचार गरेका हुन् । भगवान्ले शरीरलाई घाउको पोको हो भनेर भन्नुभएको छ । उहाँले भन्नुभएको छ : –

"गिलो छालाले ढाकिएको यो शरीर नै मुख भएको यो एउटा ठूलो पिलो हो, जसबाट सधैं दुर्गन्धमय मल बगिरहन्छ ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## २. सर्वज्ञभाव विषयमा प्रश्न

२. राजाले सोधे – "भन्ते नागसेन ! के बुद्ध सर्वज्ञ र सर्वद्रष्टा हुनुहुन्थ्यो ?" "हो महाराज !" "भन्ते ! त्यसो हो भने किन क्रमशः जसरी-जसरी आवश्यक भयो, त्यसै-त्यसै शिक्षापदलाई (विनय) प्रज्ञापन (उपदेश) दिनुभयो ? एकै पटक किन सबै विनयको उपदेश नदिनुभएको हो ?" "महाराज ! तपाईंको कुनै वैद्य छ जो सबै औषधीहरूका कुरा जान्दछ ?" "हो भन्ते ! छ ।" "महाराज ! के उसले बिरामी परेपछि औषधी दिन्छ या बिरामी नपरेर नै ?" "भन्ते ! कोही बिरामी परेपछि मात्र उसले औषधी दिन्छ बिरामी नहुनेलाई दिंदैन ।" "महाराज ! यसरी नै, भगवान् सर्वज्ञ र सर्वद्रष्टा हुनु भए तापनि उचित समय नआएसम्म श्रावकहरूलाई सबै शिक्षापदहरूको उपदेश दिनु हुन्नथियो । उचित समय आएपछि नै शिक्षापदहरू आजीवन पालन गर्न उपदेश दिनुहुन्थ्यो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"


Downloaded from http://www.dhamma.digital

## ३. महापुरूषलक्षण विषयमा प्रश्न

३. राजाले सोधे – "भन्ते नागसेन ! के बुद्ध महापुरुषको ३२ लक्षणले[३६] युक्त तथा ८० अनुव्यञ्जनहरूले शोभित र सुवर्ण वर्णको हुनुहुन्थ्यो, तथा उहाँको एक व्याम (दुई हात वृत्त) भरि चारै तिर प्रकाश फैलिरहन्थ्यो ?" "हो महाराज ! साँचै, त्यस्तै थियो ।" "भन्ते ! के उहाँका मुमा र बुबा पनि ३२ लक्षणहरूले युक्त थिए ?" "थिएनन् महाराज ! उनीहरू त्यस्ता थिएनन् ।"

"भन्ते ! त्यसो हो भने बुद्ध पनि त्यस्तो हुन सक्दैनन्, किनकि छोरा आफ्नी आमा वा बुबाभैं हुन्छ ।" स्थविरले भन्नुभयो – "महाराज ! कमलको फूललाई चिन्नुहुन्छ ?" "हो भन्ते ! चिन्छु ।" "त्यो कहाँ उत्पन्न हुन्छ ?" "हिलोमा उत्पन्न हुन्छ र पानीमा बढ्छ ।" "महाराज ! त्यसो हो भने के कमलको फूलको रङ, गन्ध र रस हिलोको जस्तै हुन्छ ?" "हुँदैन भन्ते !" "महाराज ! यसरी नै, यद्यपि भगवान् त्यस्तो हुनुहुन्थ्यो, तथापि उहाँका मुमा र बुबा त्यस्ता थिएनन् ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ४. भगवान्‌को ब्रह्मचर्य विषयमा प्रश्न

४. राजाले सोधे – "भन्ते नागसेन ! भगवान् बुद्ध ब्रह्मचारी हुनुहुन्थ्यो हैन ?" "हो महाराज ! उहाँ ब्रह्मचारी हुनुहुन्थ्यो ।" "भन्ते ! त्यसो हो भने उहाँ ब्रह्माको शिष्य हुनुभयो नि ।" "महाराज ! के तपाईंको आफ्नो हत्थिपामोक्ख (राजकीय हात्ती) छ ?" "हो भन्ते ! छ ।" "महाराज ! के त्यो हात्ती कहिले काहीं क्रौंच-नाद गर्छ ?" "हो भन्ते ! गर्छ ।" "महाराज ! त्यसो हो भने त्यो क्रैंच (कन्याङकुरुङ्ग) चरोको शिष्य भयो ?" "होइन भन्ते !" "महाराज ! त्यसो हो भने तपाईं भन्नुहोस् ब्रह्माको बुद्धि हुन्छ कि हुँदैन ?" "भन्ते ! हुन्छ नि ।" "महाराज ! त्यसो हो भने ब्रह्मा भगवान् बुद्धका शिष्य भए ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ५. बुद्धको उपसम्पदा विषयमा प्रश्न

५. राजाले सोधे – "भन्ते नागसेन ! के उपसम्पदा (भिक्षु बन्ने संस्कार) राम्रो हो ?" "हो महाराज ! उपसम्पदा राम्रो संस्कार हो ।" "भन्ते ! बुद्धको उपसम्पदा भएको थियो कि थिएन ?"

---

३६. १. पाइला सुप्रतिष्ठित, (२) पाइतलामा सम्पूर्ण चिन्हहरू, (३) कुर्कुच्चा लामा, (४) औंला लामा, (५) नरम हात खुट्टा, ६. औंलाहरू बराबर, (७) गोलीगाँठा माथि सरेको, (८) कम्मर मृगको जस्तो, (९) हात घुँडासम्म पुगेको, (१०) पुरुषेन्द्रिय प्रतिछन्न हुने, (११) सुवर्णमय छाला, (१२) छालामा धूलो नजम्ने, (१३) हरेक रौंको प्वालबाट एक रौं उम्रने, (१४) रोम नीला, दाहिनेतिरबाट घुमेको (१५) शरीर सीधा, १६. हात, खुट्टा, काँध, गर्दन पुष्ट, (१७) कम्मर सिंहको जस्तो, (१८) दुवै काँध सुगठित, (१९) आँङको उचाइ र चौडाइ बराबरी, (२०) गर्दन गोलो, (२१) जिब्रो तुरुन्तै स्वाद लिने, (२२) बङ्गारा सिंहको जस्तो, (२३) दाँतको सङ्ख्या चालीस, (२४) दाँत समान आकारको, (२५) दाँत टम्म मिलेको, २६. दाँत सेता, (२७) जिब्रो लामो, (२८) स्वर मधुर, २९. नेत्र (आँखा) नीलो ३०. परेला बाछ्छाको जस्तो, ३१. न्हातिका (निधार) मा मसिना रौं, ३२. टाउको मुकुट जस्तो । हेर्नुहोस् मज्झिमनिकाय (नेपाली) पृ. ५७६-७ ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! बोधिवृक्ष मन्तिर जुन बेला भगवान् बुद्धले सर्वज्ञ ज्ञान (बुद्धत्व) पाउनुभएको थियो, त्यहीं उहाँको उपसम्पदा थियो । उहाँले अरूबाट उपसम्पदा पाउनुभएको थिएन, जस्तो कि अरू श्रावकहरूले पाएका थिए । भगवान्ले नै यसको नियम (शिक्षापद) बनाउनुभएको हो – जो हाम्रा लागि जीवनभर अनुल्लङ्घनीय छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ६. अश्रुविषयमा प्रश्न

६. राजाले सोधे – "भन्ते नागसेन ! जो आफ्नी आमा मरेपछि रुन्छन् र जो केवल धर्म-प्रेममा रुन्छन्, ती दुवैको आँसुमा कुनचाहिँ ठीक र कुनचाहिँ बेठीक हो ?" "महाराज ! पहिलो आँसु राग, द्वेष र मोहको कारण तातो र मलिन हुन्छ; दोस्रो प्रीति र मन पवित्र हुनाले शीतल र निर्मल हुन्छ । महाराज ! जुन शीतल छ, त्यो नै ठीक हो; जुन तातो छ, त्यो बेठीक हो ।"

"भन्ते ! तपाईंले राम्ररी सम्झाउनुभयो ।"

## ७. सराग र विराग विषयमा प्रश्न

७. राजाले सोधे – "भन्ते नागसेन ! के सराग र वीतराग चित्तहरूमा भेद छ ?" "महाराज ! ती मध्ये पहिलो तृष्णामा डुबेको हुन्छ भने दोस्रोचाहिँ त्यसो भएको हुँदैन ?" "भन्ते ! यसको तात्पर्य के हो ?" "महाराज ! त्यसमा एउटाको चाहना हुन्छ भने अर्कोको हुन्न ।" "भन्ते ! म त देख्छु कि सराग र वीतराग दुवै एकै किसिमले खाने राम्रा वस्तुहरूको चाहना गर्दछन्; नराम्रा वस्तुको चाहना गर्दैनन् ।" "महाराज ! लालसा हुने मानिसहरू भोजनको स्वाद लिंदा त्यसप्रति अनुराग पनि राख्छन् । तर लालसा नभएका मानिसहरूले भोजनको स्वाद त लिन्छन् तर त्यसमा अनुराग राख्दैनन् ।"

"भन्ते ! तपाईंले बडो राम्ररी सम्झाउनुभयो ।"

## ८. प्रज्ञा-प्रतिष्ठान विषयमा प्रश्न

८. राजाले सोधे – "भन्ते नागसेन ! प्रज्ञा कहाँ रहन्छ ?" "महाराज ! कहीं पनि रहँदैन ।" "भन्ते ! त्यसो हो भने प्रज्ञा छैन ?"

"महाराज ! हावा कहाँ रहन्छ ?" "भन्ते ! कहीं पनि रहँदैन ।" "महाराज ! त्यसो हो भने बतास छैन, हगी !" "भन्ते ! तपाईंले बेस उत्तर दिनुभयो ।"



Downloaded from http://www.dhamma.digital

## ९. संसार विषयमा प्रश्न

९. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंहरू संसार संसार जो भन्नुहुन्छ, त्यो संसार भनेको के हो ?" "महाराज ! यहाँ जन्म लिएर यहीं मर्छ, यहाँ मरेर अर्को ठाउँमा त्यहाँ उत्पन्न भएर त्यहीं मर्छ, त्यहाँ मरेर फेरि अर्को स्थानमा उत्पन्न हुन्छ – यो नै संसार हो ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै कुनै व्यक्ति पाकेको आँप खाएर त्यसको कोयालाई रोप्छ । त्यसबाट एउटा ठूलो रूख उत्पन्न हुन्छ अनि त्यसमा फल लाग्छ । त्यसपछि त्यो व्यक्तिले त्यसको पनि पाकेको फललाई खाएर फेरि कोयालाई रोपिदिन्छ । त्यसबाट पनि एउटा ठूलो रूख उत्पन्न हुन्छ र त्यसमा पनि फल लाग्छ । यसरी यस प्रवाहको अन्त छैन । महाराज ! यसरी यहाँ उत्पन्न भएर त्यहीं मर्छ ··· यही संसार हो ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## १०. पहिले गरेको कामलाई स्मरण गराउनेसम्बन्धी प्रश्न

१०. राजाले सोधे – "भन्ते नागसेन ! व्यतीत भइसकेको कुरालाई हामीहरू कसरी सम्झना गर्छौं ?" "महाराज ! स्मृतिले ।" "भन्ते ! स्मृतिले होइन, चित्तले स्मरण गर्छौं ।" "महाराज ! के तपाईंले कहिले कुनै कुरो बिर्सनुभएको छ, जो स्वयं तपाईंले पहिले गरिसक्नुभएको छ ?" "हो भन्ते !" "महाराज ! त्यस बेला के चित्त रहित हुनुभएको थियो ?" "होइन भन्ते ! त्यस बेला स्मृति थिएन ।"

"महाराज ! त्यसो हो भने तपाईं कसरी भन्नुहुन्छ कि चित्तले स्मरण गर्छ, स्मृतिले होइन ?" "भन्ते ! अब मैले ठीक तवरले सम्झें ।"

## ११. स्मृति उत्पत्ति विषयमा प्रश्न

११. राजाले सोधे – "भन्ते नागसेन ! सबै स्मृतिहरू मनबाट उत्पन्न हुन्छन् या बाहिरी वस्तुहरूबाट पनि ?" "महाराज ! मनबाट पनि उत्पन्न हुन्छन् र बाहिरी वस्तुहरूबाट पनि ।" "भन्ते ! तर सबै स्मृतिहरू मनबाट नै उत्पन्न हुन्छन् बाहिरबाट होइन ।" "महाराज ! यदि बाहिरबाट स्मृति उत्पन्न हुँदैनन् भने शिल्पहरू अरूबाट सिक्न, पढ्न र गुरु सबै निरर्थक हुनेछन् । तर कुरो यस्तो होइन ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

Downloaded from http://www.dhamma.digital

# ७. अरूपधर्मव्यवस्थान वर्ग

## १. सप्तदशस्मृत्युपाद विषयमा प्रश्न

१. राजाले सोधे – "भन्ते नागसेन ! स्मृति कति प्रकारले उत्पन्न हुन्छ ?"

"महाराज ! १७ प्रकारले स्मृति उत्पन्न हुन्छ । ती १७[३७] प्रकारहरू कुन हुन् ? (१) अभिज्ञा (जान्ना) ले स्मृति उत्पन्न हुन्छ , (२) बाहिरका कुराबाट ··· , (३) कुनै ठूलो घटना घट्दा ··· , (४) अतीत हितको सुखानुभूतिले ··· , (५) अतीत अहितको दुःखानुभूतिले ··· , (६) दुई वस्तुहरूको वा प्राणीहरूको समानताबाट ··· , (७) दुई वस्तुहरूको असमानताबाट ··· । (८) अरूले सम्झाउँदा । (९) कुनै चिन्हलाई देखेर ··· । (१०) बिर्सेको कुरा प्रयत्नपूर्वक सम्झना गर्नाले ··· । (११) विचार गर्नाले । (१२) गणना (हिसाब) गर्नाले । (१३) कण्ठस्थ गर्नाले । (१४) भावना (ध्यान) गर्नाले । (१५) ग्रन्थलाई हेर्नाले ··· । १६.नासोको रूपमा राखिएको वस्तुहरूलाई देख्दा र (१७) तद्विषयको पूर्वानुभवबाट पनि त्यसको सम्झना भइदिन्छ ।"

(१) **"कसरी अभिज्ञा (जान्ना) ले स्मृति उत्पन्न हुन्छ ? महाराज !** जस्तै आयुष्मान् आनन्द, उपासिका खुज्जुत्तरा वा अरू कोही जसको स्मृति राम्रो थियो, उनीहरू सबै आफ्नो पूर्वजन्मको कुरा सम्झन्थे ।"

(२) **"कसरी बाहिरको कुराबाट स्मृति उत्पन्न हुन्छ ? महाराज !** जस्तै कुनै बिर्सने मानिसलाई सम्झना गराउन कुनै अर्को मानिसले उसको लुगामा गाँठो पारिदिन्छ ··· ।"

(३) **"कसरी कुनै ठूलो घटना घटित भएमा पनि स्मृति उत्पन्न हुन्छ ? महाराज !** जस्तै राजाको अभिषेकको तयारी, अथवा आफू स्रोतापत्तिफलमा प्रतिष्ठित भएको घटनालाई सबैले सम्झना गर्छन् । यी ठूला घटनाहरू हुन् ।"

(४) **"कसरी कुनै आनन्द प्राप्त हुँदा पनि स्मृति उत्पन्न हुन्छ ?** फलानो ठाउँमा फलानो कुरोमा निकै आनन्द आएको थियो – यस्तो स्मरण पनि हुन्छ ।"

(५) **"कसरी कुनै दुःख पाउँदा पनि त्यस कुराको स्मरण हुन्छ ?** त्यस ठाउँमा त्यस कुरोबाट बडो दुःख पाइएको थियो – यस्तो पनि स्मरण हुन्छ ।"

(६) **"कसरी दुई वस्तुहरू समानता हुनाले एउटालाई देखेर अर्कोको पनि स्मृति उत्पन्न हुन्छ ?** जस्तै, आमा, बुबा, भाइ अथवा बहिनीझैं अरू कसैलाई देख्दा स्मृति उत्पन्न हुन्छ अथवा कुनै उँट, गोरु वा गधालाई देख्दा तिनीहरू जस्तै कुनै अर्को ऊँट, गोरू वा गधालाई देखेर स्मृति उत्पन्न हुन्छ ।"

(७) **"कसरी दुई असमान वस्तुहरूमा एउटालाई देखेर अर्कोको पनि स्मृति उत्पन्न हुन्छ ?** जस्तै, फलानोको यस्तो रूप, यस्तो शब्द, यस्तो गन्ध, यस्तो रस, यस्तो स्पर्श छ इत्यादि स्मरण हुन्छ ।"

---

३७. अंग्रेजी र हिन्दी भाषाको मिलिन्द-प्रश्नमा १६ प्रकारबाट स्मृति हुन्छ भनी लेखिएको छ । तर पालि र बर्मी भाषाको मिलिन्द-प्रश्नअनुसार १७ प्रकारबाट स्मृति उत्पन्न हुन्छ भन्ने जिकिर छ ।



Downloaded from http://www.dhamma.digital

(८) **"कसरी अरूले भनेमा पनि स्मृति उत्पन्न हुन्छ** ? जस्तै, कसैले भने पछि कुनै कुराको स्मृति भएर आउँछ।"

(९) **"कसरी कुनै** चिन्ह देखेमा पनि **स्मृति** उत्पन्न **हुन्छ** ? जस्तै, कुनै चिन्हलाई हेरेर कुनै गोरुलाई चिन्नु।"

(१०) **"कसरी बिर्सिसकेको** कुरा चेष्टा गरेमा **स्मरण** भएर **आउँछ** ? जस्तै, कुनै बिर्सने व्यक्तिलाई कसैले 'सम्झना गर सम्झना गर' भने पछि चेष्टा गर्दछ अनि उसलाई स्मरण भएर आउँछ।"

(११) **"कसरी विचार गर्नाले पनि स्मरण भएर आउँछ** ? जस्तै, कुनै मानिस रचना लेख्नमा सिपालु छ भने उसले उत्तिखेर बुझ्दछ कि यो अक्षरपछि यो अक्षर आउँनुपर्दछ।"

(१२) **"कसरी हिसाब लगाउनाले पनि कुनै कुरोको स्मृति हुन्छ** ? जस्तै, हिसाब जान्नेले कठिन हिसाबको पनि समाधान गर्छ।"

(१३) **"कसरी कण्ठस्थ गरेको कुरा पनि तत्काल स्मरण भएर आउँछ** ? जस्तै, मानिसहरू बारम्बार रटेर कुनै चीजलाई कण्ठस्थ गर्दछ।"

(१४) **"कसरी भावना** (ध्यान) गरेर पनि **स्मृति** उत्पन्न **हुन्छ** ? जस्तै, कुनै भिक्षु भावनाको बलले आफ्नो पूर्व जन्मको कुरा स्मरण गर्छ[३८]।"

(१५) **"कसरी ग्रन्थलाई देख्नाले पनि कुनै कुराको स्मृति हुन्छ** ? जस्तै, न्यायाधीशले कुनै खास कानून ठीकसँग सम्झन भन्दछ, त्यो किताब लिएर आऊ। किताब देखेर उसलाई त्यस कानुनको स्मरण भएर आउँछ।"

(१६) **"कसरी धरोहर** (नासो) **राखेको वस्तुहरूलाई देखेर उसको शर्तहरू स्मरण भएर आउँछ।"**

(१७) **"कसरी पहिले अनुभव गरिएको कारणबाट पनि त्यसको स्मृति भइदिन्छ।** देखिएका वस्तुहरूको रूपको सम्झना हुन आउँछ, सुनिएका शब्दहरूको स्मृति हुन्छ, चाखिएका स्वादहरूको सम्झना हुन्छ, र्स्पशबाट पनि स्मृति भएर आउँछ, जानेर बुझिएका धर्महरूको स्मृति भएर आउँछ। महाराज ! यसरी १७ प्रकारहरूले स्मृति उत्पन्न हुन्छ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो।"

## २. बुद्धगुण स्मृतिलाभ विषयमा प्रश्न

२. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि सयवर्षसम्म पनि पापमय जीवन बिताएर यदि मर्ने समयमा बुद्धको गुण एउटा मात्रको सम्झना गऱ्यो भने ऊ देवलोकमा उत्पन्न हुन्छ। म यसलाई मान्दिन। तपाईंहरू यसो पनि भन्नुहुन्छ कि एउटा जीवलाई मार्ने मान्छे नरकमा उत्पन्न हुन्छ। यसलाई पनि म मान्दिन।"

---

३८. द्र. दी. नि. 'ब्रह्मजाल–सूत्र' पृ. १० अनुच्छेद ३१।



Downloaded from http://www.dhamma.digital

"महाराज ! के एउटा सानो ढुङ्गाको टुक्रा डुङ्गा बेगर पानीमा तैरिन सक्छ ?" "सक्दैन भन्ते !" "महाराज ! अनि के सय गाडा ढुङ्गाका टुक्रा डुङ्गामा लादेर के ती पानीमा तैरिन सक्छन् ?" "हो भन्ते ! तैरिन सक्छन् ।" "महाराज ! सबै पुण्यकर्महरूलाई डुङ्गाजस्तो सम्भनुपर्दछ ।"

"भन्ते ! तपाईंले ठीक सम्भउनुभयो ।"

## ३. दुःखनिरोधका निम्ति प्रयत्न विषयमा प्रश्न

३. राजाले सोधे – "भन्ते नागसेन ! के तपाईं अतीत (भूत) कालका दुःखहरूलाई नाश गर्नका लागि उद्योग गर्नुहुन्छ ?" "होइन महाराज !" "त्यसो हो भने के अनागत (भविष्य) कालका दुःखहरूलाई नाश गर्नका लागि उद्योग गर्नुहुन्छ ?" "होइन महाराज !" "त्यसो हो भने के वर्तमानकालका दुःखहरूलाई नाश गर्नका लागि उद्योग गर्नुहुन्छ ?" "होइन महाराज ।"

यदि तपाईंहरू अतीत, अनागत र वर्तमान – तीनवटै मध्ये कुनै कालको पनि दुःख नाश गर्नका लागि प्रयत्न गर्नुहुन्न भने, फेरि केका निम्ति प्रयत्न गर्नुहुन्छ ?" स्थविरले भन्नुभयो – "जसमा यो दुःख रोकियोस् र नयाँ दुःख उत्पन्न नहोस्, यसैका निम्ति उद्योग गर्छौं ।" "भन्ते ! के अनागत दुःख पनि छ ?" "छैन महाराज !" "भन्ते ! तपाईंहरू ठूला पण्डित हुनुहुन्छ, जो त्यस्ता दुःखलाई नाश गर्नका लागि उद्योग गर्नुहुन्छ, जुन छँदै छैन ।"

(१) "महाराज ! के कहिले तपाईंका शत्रुराजा तपाईंको विरुद्ध खडा भएका छन् ?" "छन् भन्ते !" "महाराज ! के तपाईं त्यस बेला खाल्डो खन्ने, पर्खाल बनाउने, बार लगाउने, अट्टालिका बनाउने, किल्ला बनाउने अन्नपातको जोरजाम गर्नुहुन्छ ?" "अहँ, भन्ते ! पहिलेदेखि नै सबै वस्तुहरू तयार पारिएका हुन्छन् ।"

"त्यसो हो भने महाराज ! त्यस बेला हात्ती, घोडा, रथ धनुष र वाणको शिक्षा दिन थाल्नु हुन्छ ?" "होइन भन्ते ! तिनीहरूले पहिलेदेखि नै सिकिसकेका हुन्छन् ।" "पहिलेदेखि नै तयार र सिकिसकेका किन हुन्छन् ?" "भन्ते ! अनागतकालमा हुने भयबाट जोगिनका लागि ।" "महाराज ! के अनागत भय (जुन आएको छैन) पनि हुन्छ ?" "भन्ते ! हुँदैन ।" "महाराज ! तपाईं त ठूला पण्डित हुनुहुन्छ जस्तो लाग्छ जो त्यस भयबाट जोगिनको लागि तयारी गर्नुहुन्छ जो छँदै छैन ।"

(२) "कृपया अर्को उपमा दिएर सम्भउनुहोस् ।"

"महाराज ! के तपाईं तिर्खा लागे पछि पानी लिन भनी कुवा वा तलाउ खन्न लगाउनुहुन्छ ?" "होइन भन्ते ! त्यो पहिले नै तयार रहन्छ ।"

"पहिलेदेखि नै तयार किन रहन्छ ?" "भन्ते ! अब आउने तिर्खाएकाहरूको तिर्खा मेट्न । अब आउने समयको पनि तिर्खा हुन्छ ?" "हुँदैन भन्ते !"

"महाराज ! त्यसो हो भने, तपाईं ठूला पण्डित पो हुनुहुन्छ जुन तिर्खा मेट्नका लागि तयारी गर्नुहुन्छ, जुन तिर्खा लागेकै छैन ।"

(३) "कृपया, फेरि कुनै उपमा दिएर सम्भउनुहोस् ।"



Downloaded from http://www.dhamma.digital

"महाराज ! जब तपाईंलाई भोक लाग्छ, त के भात खान भनेर बाली रोप्न लगाउनुहुन्छ ?" "होइन भन्ते ! पहिलेदेखि नै तयार गरी राख्नुपर्छ ।" "किन नि ?" "अनागतमा हुने भोक मेटाउनका लागि ।"

"महाराज ! आनागतको पनि भोग छ ?" "छैन भन्ते !" "महाराज ! तपाईं त ठूला पण्डित हुनुहुन्छ जस्तो लाग्छ जो त्यस भोगबाट जोगिनको लागि तयारी गर्नुहुन्छ जो छँदै छैन ।"

"भन्ते नागसेन ! ठीक भन्नुभयो ।"

## ४. ब्रह्मलोकदूरी विषयमा प्रश्न

४. राजाले सोधे – "भन्ते नागसेन ! यहाँबाट ब्रह्मलोक[३९] कति टाढा छ ?" "महाराज ! यहाँबाट ब्रह्मालोक निकै टाढा छ । यदि घरको गुमजजत्रो ठूलो ढुङ्गा त्यहाँबाट मिल्काउँदा त्यो एक दिन-रात भरिमा अठचालीस हजार योजन जाँदै पृथ्वीमा आइपुग्न चार महिना लाग्नेछ ।"

"भन्ते ! तपाईंहरू फेरि पनि कसरी भन्नुहुन्छ कि कुनै संयमी भिक्षु आफ्नो ऋद्धिको बलले बलशाली मानिसझैं फैलाएको पाखुरालाई खुम्च्याई अनि खुम्च्याएको पाखुरालाई फैलाउने बित्तिकै जम्बुद्वीप[४०]मा अन्तर्धान भएर ब्रह्मालोकमा प्रकट हुन सक्छ ? म यो मान्दिन कि यति चाँडो ऊ यति सय योजन पर पुग्न सक्ला !"

स्थविरले भन्नुभयो – "महाराज ! तपाईंको जन्म भूमि कहाँ हो ?" "भन्ते ! असलन्द नामको एउटा द्वीप छ जुन ठाउँमा मेरो जन्म भएको थियो ।" "महाराज ! यहाँबाट असलन्द कति टाढा छ ?" "भन्ते ! करिब दुई सय योजन ।" "महाराज ! अहिले तपाईंलाई कुनै कुरोको सम्झना छ जो तपाईंले त्यहाँ गर्नुभएको थियो ?" "हो, सम्झना छ ।" "महाराज तपाईं यति छिटो दुई सय योजन जानुभयो !"

"भन्ते ! मैले वुझें ।"

## ५. लोक दुईमा समकालिकोत्पत्ति विषयबारे प्रश्न

५. राजाले सोधे – "भन्ते ! यदि कोही यहाँ मरेर ब्रह्मलोकमा उत्पन्न होस्, अनि कोही अर्को यहाँ मरेर काश्मीरमा उत्पन्न होस्, त दुवैमध्ये पहिले को पुग्ला ?" "महाराज ! दुवै सँगै ।"

१.कृपया उपमा दिएर सम्झाउनुहोस् ।

"महाराज ! तपाईंको जन्म कुन शहरमा भएको थियो ?" "भन्ते ! कलसी नामको एउटा गाउँ छ । त्यहीं मेरो जन्म भएको थियो ।" "यहाँबाट कलसी गाउँ कति टाढा छ ?" "करिब दुई सय योजन ।" "ल, यहाँबाट काश्मीर कति पर छ ?" "मात्र बाह्र योजन ।" "महाराज ! अव तपाईं कलसी

---

३९. बुद्धधर्मअनुसार १६ वटा रूप ब्रह्मलोकहरू छन् र ४ वटा अरूप ब्रह्मलोकहरू छन् ।

४०. भारतवर्षको पुरानो नाम जम्बुद्वीप हो ।



Downloaded from http://www.dhamma.digital

गाउँबारे सम्झना गर्नुहोस् ।" "भन्ते ! गरें ।" "अनि, अब काश्मीरबारे सम्झनुहोस् ।" "भन्ते ! त्यसको पनि सम्झना गरें ।"

"महाराज ! अब तपाईं भन्नुहोस् कि दुवै ठाउँमध्ये कसको सम्झना चाँडो भयो ?" "भन्ते ! दुईटै ठाउँको सम्झना एकनासले बराबरी समयमा भयो ।"

"महाराज ! त्यसरी नै यहाँ मरेर ब्रह्मलोक अथवा काश्मीर[४१] – जहाँसुकै एकनासले जन्म हुन्छ ।"

२. "कृपापूर्वक फेरि पनि उपमा दिएर सम्झाउँनुहोस् ।"

"महाराज ! कावा खाँदै दुई चराहरू मध्ये एउटा आएर कुनै अग्लो रूखमा बसोस् अनि अर्कोचाहिँ कुनै झाङमा । यदि ती आ-आफ्नै ठाउँमा बसेमा कसको छाया भुइँमा पहिले पर्न आउला ?" "भन्ते ! दुइटैको छाया एकै पल्ट पर्न आउछ ।" "महाराज ! यसरी नै, यदि कोही यहाँ मरेपछि ब्रह्मलोकमा उत्पन्न होस् अनि कोही अर्को यहाँ मरेपछि काश्मीरमा उत्पन्न भएमा पनि ती दुवै सँगै उत्पन्न हुनेछन् ।

"भन्ते ! तपाईंले ठीक सम्झउनुभयो ।"

## ६. बोध्यङ्ग विषयमा प्रश्न

६. राजाले सोधे – "भन्ते ! बोध्यङ्ग कतिवटा छन् ?" "सातवटा छन् ।" "भन्ते ! कतिवटा बोध्यङ्गबाट धर्मको ज्ञान हुन्छ ?" "धर्म विचय सम्बोध्यङ्ग नामको एउटा मात्र बोध्यङ्गबाट हुन सक्छ ।"

"भन्ते ! त्यसो भए सातवटा भनेर केका लागि भनिएको हो ?" "महाराज ! तपाईं के विचार गर्नुहुन्छ – यदि कुनै तलवार दापभित्र रहेको होस् अनि त्यो नझिकियोस् भने के त्यसले जसलाई इच्छा हुन्छ, त्यसलाई काट्न सक्नुहुन्छ ?" "अहँ, सकिन्न भन्ते !" "महाराज ! त्यसरी नै धर्मविचय विना सम्बोध्यङ्गका अन्य बोध्यङ्गहरूबाट केही पनि धर्मज्ञान हुन सक्दैन ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ७. पाप-पुण्यसम्बन्धी ठूलो-सानो विषयमा प्रश्न

७. राजाले सोधे – "भन्ते नागसेन ! पाप र पुण्य – यी दुवैमा कुनचाहिँ ठूलो छ ?" "महाराज ! पुण्य ठूलो छ ।" "कसरी ?" "महाराज ! पाप गर्नेहरूलाई निकै पछुतो हुन्छ कि मैले धेरै पाप गरेको छु । उसले आफ्नो पापलाई स्वीकार गर्छ कि मैले धेरै पाप गरें र उसले आफ्नो पापलाई स्वीकार गर्छ र सुख बढ्न पाउँदैन । तर पुण्य गर्नेलाई भने कुनै पछुतो हुँदैन । कुनै पनि पछुतो नहुँदा प्रमोद (हर्ष) हुन्छ, प्रमोद भएपछि प्रीति हुन्छ, प्रीति पाएको मानिसको शरीर शान्त रहन्छ, शरीर शान्त रहनाले सुख हुन्छ, सुख हुनाले चित्त समाधिस्थ (एकाग्रता) हुन्छ र चित्त समाहित हुनाले यर्थाथ-ज्ञान उत्पन्न हुन्छ । यस प्रकार पुण्य अधिक हुन्छ ।"

---

४१. काश्मीर=भारतको उत्तरी क्षेत्रमा पर्ने राज्य ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! कुनै लँगड़ो र लुलो मानिसले भगवान्‌लाई एक मुट्ठी कमलको फूल चढाएकोले ऊ एकान्नब्बे कल्पसम्म विनिपात (दुर्गति=नरक) मा गएन । महाराज ! त्यसैले भनिएको छ कि पापभन्दा पुण्य ठूलो छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ८. ज्ञाताज्ञात पापकरण प्रश्न

८. राजाले सोधे – "भन्ते नागसेन ! जसले जानाजान पापकर्म गर्छ र जसले अज्ञानमा पाप गर्छ, ती दुवैमा कसको पाप ठूलो हुन्छ ?" स्थविरले उत्तर दिनुभयो – "महाराज ! जसले अनजानमा पापकर्म गर्दछ उसैको पाप धेरै हो ।" "भन्ते ! त्यसो हो भने, मेरा राजकुमार वा मन्त्रीहरूले नजानेर पाप गर्दछन्, मैले उनीहरूलाई दोबर दण्ड दिनुपर्छ ?" "महाराज ! कसैले फलामको बल्दै गरेको रापिलो गोलालाई जानाजान छुन्छ र अर्कोले त्यसलाई नजानेर छुन्छ भने ती दुईमध्ये कसलाई बढी पोल्छ ?" "भन्ते ! जसले नजानेर छुन्छ उसलाई नै ।" "महाराज ! यसरी नै, जसले अनजानमा पाप गर्छ, उसलाई बढी पाप लाग्छ ?"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## ९. यसै जन्ममा देवलोकगमनका विषयमा प्रश्न

९. राजाले सोधे – "भन्ते नागसेन ! के यस्तो कोही छ जो यही शरीरका साथ उत्तरकुरु, ब्रह्मलोक अथवा अन्य द्वीपहरू मध्ये कतै जान सक्छ ?" "हो महाराज ! यस्ता पनि मानिसहरू छन् ।" "भन्ते ! उनीहरू कसरी जान्छन् ?" "महाराज ! के तपाईं पृथ्वीमै एक बित्ता वा एक हात नाघ्न सक्नुहुन्छ ।"

"हो भन्ते ! म आठ हात पनि नाघ्न सक्छु ।" "महाराज ! तपाईं आठ हात कसरी नाघ्न सक्नुहुन्छ ?" "भन्ते ! म यसरी मनमा नाघ्ने इच्छा गर्छु कि म त्यहाँ गएर झरुँला । मनमा यस्तो इच्छा गर्दैमा मेरो शरीर हलुको हुन थाल्छ अनि म नाघ्छु ।" "महाराज ! यसरी नै, ऋद्धिप्राप्त संयमी भिक्षुले यस्तो चित्त उत्पन्न गर्दछ, जसबाट ऊ आकाशमा जान सक्दछ ।"

"भन्ते ! ठीक छ ।"

## १०. दीर्घास्थि विषयमा प्रश्न

१०. राजाले सोधे – "भन्ते नागसेन ! तपाईंहरू यसो भन्नुहुन्छ कि हाडहरू एक सय योजन लामा पनि छन् । त्यति लामो त कुनै रुख पनि हुँदैन हाडहरू कसरी हुन सक्छन् ?"

"महाराज ! के तपाईंले सुन्नुभएको छ कि महासमुद्रमा पाँच सय योजन लामा माछाहरू छन् ?" "हो भन्ते ! सुनेको छु ।" "यदि कुरो यो हो भने तिनका हाडहरू एक योजन लामा हुन सक्दैनन् र ?" "भन्ते ! हुन सक्छन् । तपाईंले ठीक सम्झाउनुभयो ।"

Downloaded from http://www.dhamma.digital

## ११. श्वास-प्रश्वास निरोधका विषयमा प्रश्न

११. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि सास लिन र छाड्न रोक्न सकिन्छ ?" "हो त महाराज ! साँचै, रोक्न सकिन्छ ।" "भन्ते ! कसरी ?" "महाराज ! तपाईंले कसैलाई घुर्दै गरेको सुन्नुभएको छ ?" "हो भन्ते ! सुनेको छु ।" "महाराज ! यदि उसले आफ्नो शरीरलाई हल्लायो या कोल्टे फेर्‍यो भने के घुराइ केही रोकिन्न ?" "हो भन्ते ! रोकिन्छ ।" "महाराज ! जब त्यस अभावित चित्त, अभावित शील र अभावित प्रज्ञा भएको मनुष्यले घुर्दा आफ्नो शरीरलाई खुम्च्याउँदा या दोब्र्याउँदाखेरि रोकिन्छ, भने यसमा के आश्चर्य छ यदि भावित काय, भावित चित्त, भावित शील, भावित प्रज्ञाले भिक्षुको स्वास लिनु र छोड्नु चर्तुथध्यानमा पुगेपछि रोकियोस् ।"

"भन्ते ! तपाईंले ठीक सम्झाउनुभयो ।"

## १२. समुद्रको विषयमा प्रश्न

१२. राजाले सोधे – "भन्ते नागसेन ! सबै मानिसहरू 'समुद्र' 'समुद्र' यस्तो भन्ने गर्छन् । पानीको त्यो थुप्रो को नाम 'समुद्र' किन रह्यो ?" स्थविरले भन्नुभयो – "महाराज ! किनकि जति पानी छ त्यति नै नुन छ । त्यसैले त्यसको नाम समुद्र रह्यो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

## १३. समुद्रको एकरसता विषयमा प्रश्न

१३. राजाले सोधे – "भन्ते नागसेन ! के कारण हो कि सारा समुद्रको रस नुनिलो नै छ ?" "महाराज ! धैरै समयदेखि पानी एकै ठाउँमा रहनाका कारणले सारा समुद्रको रस नुनिलो नै छ ।"

"भन्ते ! ठीक हो ।"

## १४. सूक्ष्मधर्म विषयमा प्रश्न

१४. राजाले सोधे – "भन्ते नागसेन ! के सबैभन्दा सूक्ष्म वस्तुलाई पनि काट्न सकिन्छ ?" "हो महाराज ! काट्न सकिन्छ ।" "भन्ते ! सबैभन्दा सूक्ष्म वस्तु के हो ?" "महाराज ! धर्म नै सबैभन्दा सूक्ष्म वस्तु हो । तर सबै धर्ममा यस्तो कुरो हुँदैन । सूक्ष्म वा स्थूल हुनु धर्मकै विशेषता हो । तर जुन वस्तु काट्न सकिन्छ, त्यो प्रज्ञाबाट नै काट्न सकिन्छ । अनि यस्तो कुनै अर्को छैन जसलाई प्रज्ञाले काट्न नसकोस् ।"

"भन्ते ! तपाईंले बडो राम्ररी सम्झाउनुभयो ।"



Downloaded from http://www.dhamma.digital

# १५. विज्ञान-नानात्वका विषयमा प्रश्न

१५. राजाले सोधे – "भन्ते नागसेन ! विज्ञान, प्रज्ञा र जीव – के यी तीन शब्दहरू अक्षर र अर्थ दुवैमा अलग-अलग छन् अथवा एकै अर्थका बेग्लाबेग्लै नाम हुन् ?" "महाराज ! 'जान्नु' विज्ञानको लक्षण हो; 'राम्ररी बुझ्नु' प्रज्ञाको लक्षण हो अनि जीव (आत्मा) यस्तो कुनै वस्तु छैन ।" "भन्ते ! यदि जीव (आत्मा) कुनै वस्तु छैन भने हामीभित्र त्यो के हो जसले आँखाले रूप देख्छ, कानले शब्द सुन्छ, नाकले गन्ध सुँघ्छ, जीब्रोले स्वाद चाख्छ, शरीरले स्पर्श गर्छ र मनले धर्मलाई बुझ्छ ?" स्थविरले भन्नुभयो – "महाराज ! यदि शरीरभन्दा भिन्न कुनै जीव (आत्मा) छ जसले हामीभित्र रहेर आँखाबाट रूप देख्छ, त यदि आँखा झिकि दिंदा ठूलो प्वालबाट अझ राम्ररी देख्न सक्नु पर्ने हो ! कान काटे पछि झन् राम्ररी सुन्न सक्नु पर्ने हो ! नाक काटिदिंदा अझ राम्ररी सुँघ्न सक्नुपर्ने हो । जीब्रो काटिदिंदा त्यसले अझ राम्ररी स्वाद लिनुपर्ने हो ! अनि शरीरलाई काटिदिंदा झन् राम्ररी स्पर्श गर्नुपर्ने होइन ?" "होइन भन्ते ! यस्तो कुरो होइन । " "महाराज ! त्यसो भए हामीहरूभित्र कुनै जीव नै छैन !"

"भन्ते ! तपाईंले बडो राम्ररी सम्झाउनुभयो ।"

# १६. अरूपधर्मको कठिनताबारे प्रश्न

१६. स्थविरले भन्नुभयो – "महाराज ! भगवान्ले एउटा निकै गाह्रो काम गर्नुभएको छ ।" "भन्ते ! त्यो के हो ।" "महाराज ! एकै वस्तुको आलम्बनमा हुने रूपरहित चित्त र चैतसिक धर्महरूको विश्लेषण गर्नु । उहाँले छुट्टा छुट्टै पारेर बताउनुभयो – यो स्पर्श हो, यो वेदना हो, यो संज्ञा हो, यो चेतना हो र यो चित्त हो ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तो कि कुनै मानिस डुङ्गामा चढेर समुद्रमा गयो अनि अँजुलीभरि पानी लिएर त्यसलाई चाख्दै उसले भन्यो – यो गङ्गा नदीबाट आएको पानी हो, यो जमुनाको, यो अचिरवतीको, यो सरयूको र यो महीको ।" "भन्ते ! यसरी बताउनु त बडो गाह्रो छ ।" "महाराज ! यसरी नै, एउटै वस्तुको आलम्बनमा हुने रूपरहित चित्त र चैतसिक धर्महरूको विश्लेषण गर्नु त्यो भन्दा पनि गाह्रो छ ।"

"भन्ते ! ठीक भन्नुभयो ।"

**(यस वर्गमा १६ वटा प्रश्नहरू छन्)**

**सातौं अरूपधर्मव्यवस्थान वर्ग समाप्त ।**

**राजा मिलिन्दका प्रश्नहरूको समाप्ति ।**



Downloaded from http://www.dhamma.digital

स्थविरले सोधे – "महाराज ! के तपाईं जान्नुहुन्छ कि अहिले कुन समय हो ?" "हो भन्ते ! जान्दछु । रातको पहिलो प्रहर बित्यो, मध्यम प्रहर सुरु भयो; चिराकहरू बालिए, चारओटै ध्वजाहरू फरफराउन आज्ञा दिइयो, अब दान दिने वस्तुहरू भँडारबाट ल्याइने छन् ।"

यवनहरूले भने – "महाराज ! यी भिक्षु त निकै ठूला पण्डित पो छन् ।"

"हो, (यवनहरू ! ) स्थविर किनै ठूला पण्डित हुन् । यिनीजस्ता गुरु र मजस्तो चेला हुनुपर्छ , जो पण्डित होस् र धर्मका सूक्ष्मताहरू बुझ्न सकून् ।"

उनीहरूका उत्तरबाट सन्तुष्ट भएर राजाले स्थविर नागसेनलाई एउटा निकै किम्मती चीवर दिएर भने – "भन्ते नागसेन ! मकहाँ आठ सय दिनसम्म भोजन ज्यूनार गर्ने निम्तो स्वीकार गर्नुहोस् । अन्तःपुरमा तपाईंका लागि मन पर्ने जे जुन वस्तुहरू छन्, म कोसेली दिन तयार छु ।" "पर्दैन महाराज ! मेरो गुजारा त भई नै रहेको छ ।"

"भन्ते ! मलाई थाहा छ कि तपाईंको गुजारा भइरहेको छ । तर कृपा गरेर मलाई र आफू दुवैलाई अपवादबाट जोगाउनुहोस् । आफूलाई यसबाट जोगाउनुहोस् कि 'राजालाई सन्तुष्ट तुल्याउँदा पनि केही पाइन ।' अनि मलाई यसबाट जोगाउनु होस् कि 'स्थविरदेखि सन्तुष्ट भएर पनि राजाले केही कोसेली चढाएनन् ।" "लौ त महाराज ! यस्तै होस् ।" "भन्ते ! जसरी सुनको पिंजडामा पनि थुन्दा मृगराज सिंह बाहिरतिर नै जानलाई हेरि रहन्छ, त्यसरी नै, म पनि यस राजदरवारमा छँदा (घर छाडेर भिक्षु बन्नका लागि) बाहिरतिर नै हेर्ने गरेको छु । तर भन्ते ! यदि अहिल्यै घरबार त्यागेर म भिक्षु बनुँ त धेरै दिनसम्म बाँच्न सक्ने छैन । मेरा शत्रुहरू थुप्रै छन्, जसले मौका पाएपछि मलाई मारिदिनेछन् ।"

"यसरी राजा मिलिन्दका प्रश्नहरूको उत्तर दिएपछि आयुष्मान् नागसेन आसनबाट उठेर आफ्नो सङ्घाराम (आश्रम) तर्फ लागे । नागसेन जानु भएपछि राजा मिलिन्द स्वयं ती प्रश्नहरू र तिनका उत्तरहरूमा विचार गर्न लागे । उसले देखे – 'मेरा सबै प्रश्नहरू उत्तम थिए र उनका उत्तरहरू पनि त्यसरी नै बडो ठीक थिए । भोलिपल्ट विहान लुगा फेरेर आफ्नो पात्र चीवर लिएर आयुष्मान् नागसेन राजाको दरबारमा आए अनि ओछ्याइएको आसनमा बसे ।

राजा मिलिन्द पनि उहाँलाई ढोगेर सम्मानपूर्वक एकातिर बसे अनि भने – "भन्ते ! तपाईं यसो नसम्झनु होला कि रातभरि म यही प्रसन्नतामा जागा भइरहें कि आयुष्मान् नागसेनसँग मैले थुप्रै प्रश्न सोधें; तर म यही सोच्दथें कि के मेरा प्रश्नहरू उचित र तपाईंका उत्तर सन्तोषजनक थिए ? अन्तमा मलाई साँचै त्यस्तै लाग्यो ।"

स्थविरले भन्नुभयो – "महाराज ! तपाईं पनि यस्तो नसम्झनुहोस् कि रातभरि म यही खुसीमा जागा भइरहें कि राजाका प्रश्नहरूको उत्तर मैले थुप्रै दिएं । मैले पनि तपाईंले झैं सोचिरहें अनि त्यस्तै बुझिरहें ।"

यसरी उनीहरू महानागजस्ता विद्वानहरूले एकअर्काको भनाइलाई समर्थन गरे ।

**राजा मिलिन्दका प्रश्नहरूको उत्तर समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# ४. मेण्डक[४२] प्रश्न

## (क) महावर्ग

### १. मेण्डकप्रश्न-आरम्भकथा

१. वक्ता, तर्कप्रिय, विचक्षण र अत्यन्त बुद्धिमान् राजा मिलिन्द नागसेनको ज्ञानको [४३] जाँच गर्नका लागि आए। (१)

उनका नजिक बसेर, आफ्नो सबै बुद्धिले भ्याएसम्म बारम्बार प्रश्न सोधिरहन्थे। अन्तमा उनले पनि त्रिपिटकको सिद्धान्तलाई स्वीकार गरे। (२)

राती एकान्तमा धर्मका नयाँ अङ्गहरूबारे विचार गर्दा उनलाई मेण्डक नामका झन्झटमा फसाउने अत्यन्त जटिल केही प्रश्नहरूको सम्झना भयो। (३)

उनले सोचे धर्मराज (बुद्ध) को शासन (उपदेश) मा कोही कुराहरू क्रमबद्धरूपले भनिएको छ भने, केही कुरा कुनै समय आएपछि, कोही खास बस्तुलाई सामुन्ने राखेर अनि साधारण कुराहरू मात्र सम्झन। (४)

तिनको वास्तविक अर्थ नबुझ्नाले पछि राय बाझ्नेछ। (५)

त्यसो हुँदा म यी जटिल प्रश्नहरूको समाधान आयुष्मान् नागसेनसँग सोधेर गरूँला, जसबाट पछि मानिसहरूलाई धर्मवारे वास्तविक जानकारी प्राप्त होस्।

२. त्यसपछि, राजा मिलिन्दले अर्को दिन एकाविहान, पूर्णस्नान गरेर हात जोडी भूत, भविष्यत् र वर्तमान कालका बुद्धहरूलाई ढोगी आठ गुणहरू पालन गर्ने व्रत लिए – 'आजदेखि सात दिनसम्म यी आठ गुणहरूलाई पालन गर्न व्रत लिंदैछु। यस व्रत पालन गरेर आचार्यलाई खुसी तुल्याई उनीसित मेण्डकप्रश्न सोधुँला।'

त्यसर्पाछ, राजा मिलिन्द आफ्नो स्वाभाविक राजसी लुगा र गहनाहरू फुकालेर टाउकोमा एउटा कपड़ा बेरेर गेरुवा लुगा लगाई तपस्वीझैं रहन थाले।

त्यो साता उनले राजकाजसम्बन्धी कुनै काम गरेनन्। यति सम्म कि कुनै राग, द्वेष र मोहलाई मनमा आउन पनि दिएन्। नोकरचाकरहरूप्रति पनि शिष्ट र प्रसन्न रहे। आफ्ना शरीर र वाणीमा पूर्ण संयम गर्दै रहे। छ आयतनहरूको पूर्णरूपले रक्षा गरे। सदा मैत्री भावनाको अभ्यास गर्दै रहे। साताभरि बाहिर कतै नगई यिनै आठ गुणहरूको चिन्तन गर्दै रहे। आठौं दिन रात व्यतीत भएर बिहान भएपछि

---

४२. मेण्डक को अर्थ हो 'भेडा' भेडाको दुई तिखो सींग हुन्छ। त्यस्तै नै 'मेण्डक प्रश्न'मा दुई विकल्प राखिन्छ, जस्मा दुवै समान रूपले आपत्तिजनक हुन्छ। अंग्रेजीमा यसलाई The two horns of dilemma भनिन्छ। आउने उत्तर पनि दुविधायुक्त भएकोले मेण्डक भनि भनिएको हो।

४३. ञाणभेदाय।



Downloaded from http://www.dhamma.digital

जलपान (चमेना) खाई तलतिर हेर्दै शान्त भाव र स्थिर मनले आनन्दसाथ स्थविर नागसेन भए ठाउँ गए। उनका चरणमा ढोगेर एकातिर उभिएर भने –

३. "भन्ते ! म तपाईंसँग एकान्तमा केही कुरा गर्न चाहन्छु। त्यहाँ कुनै तेस्रो मानिस नरहोस्। आठ अङ्गहरूले युक्त मुनिहरूलाई सुहाउँदो कुनै निर्जन र एकान्त जङ्गलमा नै म आफ्ना कुरा भन्न चाहन्छु।"

"हामीहरूका बीच कुनै कुरा पनि गोप्य नरहोस्। कुराकानी चल्दाखेरि रहस्यभन्दा पनि रहस्यमय कुराहरू म सुन्न चाहन्छु। आफ्नो मनका भावहरूलाई उपमाहरूबाट पनि बुझाउन सकिन्छ। भन्ते ! जस्तो कि यो पृथ्वीमा पूर्ण विश्वासपूर्वक ढुकुटीलाई गाडेर लुकाउन सकिन्छ, त्यसरी नै, म पनि तपाईंबाट रहस्यभन्दा पनि रहस्यमय कुराहरू सुनेर तिनलाई ग्रहण गर्न योग्य छु।"

## १. धार्मिक मन्त्रणाको अयोग्य आठ स्थान

४. त्यसपछि, राजा मिलिन्द आफ्ना गुरु (नागसेन)का साथ त्यस्तै कुन ठाउँमा गएर उनले भने – "भन्ते ! धर्मका गूढ तत्वहरूबारे छलफल गर्नका लागि आठ ठाउँहरूदेखि छुट्टै रहनुपर्छ। यी आठ ठाउँहरूमा कुनै पनि बुद्धिमान् मानिसले त्यस्तो छलफल गर्दैन। छलफल गरेमा सबै अकार्य हुन्छ। त्यसको कुनै परिणाम प्राप्त हुँदैन।"

"यी आठ ठाउँहरू कुन-कुन हुन् ? (१) खाल्डाखुल्डी परेको, (२) डरलाग्दो स्थान, (३) जहाँ बतास धेरै चल्छ, (४) लुक्न सक्ने स्थान (जो निकै गुप्त छ), (५) देवालय, (६) रमझम हुने स्थान, (७) पुल र (८) नदीको घाट।"

स्थविरले सोध्नुभयो – "महाराज ! यस्ता ठाउँहरूमा के दोष छ ?" राजाले उत्तर दिए – "भन्ते ! (१) खल्डाखुल्डी परेको ठाउँमा छलफल गरेमा कुराहरू राम्ररी मिल्दैनन् अनि कुनै परिणाम पनि प्राप्त हुँदैन। (२) डरलाग्दो ठाउँमा मन डराउँछ जसले गर्दा कुरा राम्ररी बुझिन्न। (३) जहाँ बतास धेरै चल्छ, त्यहाँ एक अर्काको शब्द दब्छ अनि सफासँग सुन्न सकिन्न। (४) निकै गुप्त स्थानमा कोही अर्को मानिस लुकेर सुन्न सक्छ। (५) देवस्थलमा छलफल गर्दा कुराकानी भारी हुन्छ (बाहिरको वातावरण प्रमुख हुन जान्छ)। (६) रमझम भएका स्थान (सड़क) हरूमा छलफल गर्दा कुरा हलुका हुन्छन्। (७) पुलमा छलफल गर्दा कुराहरू चञ्चल हुन्छ। (८) घाटमा छलफल गर्दा सबै कुराहरू चर्चाको विषय हुन्छन्। यसैले भनिएको हो कि धार्मिक विषयहरूमा छलफल गर्ने यी आठ ठाउँहरूलाई त्याग्नुपर्छ।"

## २. धार्मिक मन्त्रणाका लागि अयोग्य आठ व्यक्तिहरू

५. "भन्ते नागसेन ! आठ प्रकारका मानिसहरूसँग मन्त्रणा गरेमा सबै अर्थ बिगारिदिन्छन्। ती आठ प्रकारका मानिसहरू को को हुन् ? (१) रागयुक्त, (२) द्वेषयुक्त, (३) मोहयुक्त, (४) अभिमानयुक्त, (५) लोभयुक्त, (६) आलस्ययुक्त, (७) कुनै एक मतमा जिद्दी गर्ने र (८) मूर्ख। यी आठ प्रकारका मानिसहरूसँग मन्त्रणा गरेमा उनीहरूले सारा अर्थलाई बिगारिदिन्छन्।" स्थविरले सोध्नुभयो – "यी आठ मानिसहरूमा के दोष छ ?" "भन्ते ! रागले युक्त भएको व्यक्ति रागले गर्दा, द्वेषयुक्त व्यक्ति द्वेषले गर्दा, मोहयुक्त व्यक्ति मोहले गर्दा, अभिमानयुक्त व्यक्ति अभिमानले गर्दा, लोभयुक्त व्यक्ति लोभले गर्दा,



Downloaded from http://www.dhamma.digital

आलस्ययुक्त व्यक्ति आलस्यले गर्दा कुनै एउटा मतलाई समाइराख्ने मानिस आफ्नो ढिपीले गर्दा र मूर्ख व्यक्ति आफ्नो मूर्खताले गर्दा सबै अर्थलाई बिगारिदिन्छन् । त्यसैले भनिएको छ : –

**रत्तो दुट्ठो च मूल्हो च मानी लुद्धो तथालसो ।**
**एकचिन्ती च बालो च एते अत्थविनासका'ति ॥**

**रागी, द्वेषी, मूढ नर, लोभी मानप्रवीण ।**
**हठी, आलसी, बालमति, गर्छन् मन्त्र धेरै क्षीण ॥**

## ३. गुप्त मन्त्रणा गर्न अयोग्य नौ प्रकारका व्यक्तिहरू

६. "भन्ते नागसेन ! नौ प्रकारका यस्ता व्यक्तिहरू छन्, जोसित कुनै गुप्त कुरो गर्दा उनीहरू प्रकट गरिदिन्छन्, पचाउन सक्दैनन् । ती नौ प्रकारका मानिसहरू को हुन् र उनीहरूमा के कस्ता दोष छन् ? (१) रागयुक्त व्यक्ति आफ्नो रागले गर्दा, (२) द्वेषयुक्त व्यक्ति आफ्नो द्वेषले गर्दा, (३) मोहयुक्त व्यक्ति आफ्नो मोहले गर्दा, (४) डरछेरुवा व्यक्ति आफ्नो डरले गर्दा, (५) लोभी[४४] व्यक्ति लोभले गर्दा, (६) स्त्री (महिला) हरू आफ्नो कमजोर स्वभावले गर्दा, (७) जँड्याहा रक्सी पिउने लालचमा, (८) नपुंसक (सिँगारु) व्यक्ति आफ्नो अपूर्णताले गर्दा र (९) बालक आफ्नो चंचलता चपलताले गर्दा मन्त्रणा गरिएका गुप्त कुराहरूलाई खोलि दिन्छन्, पचाउन सक्दैनन् । त्यसैले भनिएको छ –

**रत्तो दुट्ठो च मूल्हो च भीरू आमिसचक्खुको ।**
**इत्थी सोण्डो च पण्डोको, नवमो भवति दारको ॥**
**नवेते पुग्गला लोके इत्तरा चलिता चला ।**
**एतेहि मन्तितं गुय्हं खिप्पं भवति पाकटन्ति ॥**

**रागी, द्वेषी, मूर्ख, डरपोक, लोभी,**
**स्त्री, जँड्याहा, नपुंसक र बालक**
**यी नौ प्रकारका व्यक्तिहरू लोकमा**
**ज्ञान नभएका चंचल स्वभाव भएका हुनाले**
**यिनीहरूले गोप्य कुराहरूलाई पनि चाडै नै प्रकट गर्छन् ।**

## ४. बुद्धि-परिपक्वताका आठ कारण

७. "भन्ते ! आठ कारणहरूले बुद्धि परिपक्व हुन्छ ।" "कुन आठ कारणले ?" "(१) उमेर पुग्नाले, (२) यश फैलनाले, (३) घरीघरी प्रश्न सोध्नाले, (४) गुरुका साथ बस्नाले, (५) आफैले राम्ररी विचार

---

४४. घुसखोर हि. मि.



Downloaded from http://www.dhamma.digital

गर्नाले, (६) असल मानिसहरूसित संवाद गर्नाले, (७) मनमा स्नेहभाव बढाउनाले, (८) अनुकूल ठाउँमा बस्नाले मानिसको बुद्धि परिपक्व हुन्छ।" त्यसैले भनिएको छ –

**वयेन यश-पुच्छाहि, तित्थवासेन योनिसो ।**
**साकच्छा स्नेहसंसेवा, पतिरूपवसेन च ।**
**एतानि अट्ठट्ठानानि, बुद्धिविसद कारणा ।**
**येसं एतानि सम्भोन्ति तेसं बुद्धि पभिज्जतीति ।**

**उमेर, यश, प्रश्न, गुरूसँग वास,**
**कारण सहित मन लगाउनाले,**
**छलफल, स्नेह भावले सेवा गर्नु**
**अनुकूल स्थानमा वास बस्नु**
**आठ प्रकार बुद्धि परिपक्वका यी कारणहरू हुन् ।**

८. "भन्ते नागसेन ! यो भूमिभाग आठ मन्त्रदोषहरूदेखि रहित छ । मेरो मन्त्र पनि लोकमा प्रतिष्ठाप्राप्त छ र म पनि गोपनीयलाई गुप्त राख्न म बाठो छु । म जीवनपर्यन्त गोपनीयको रक्षा गरूँला । उपर्युक्त आठ कारणहरूले मेरो बुद्धि परिपक्व भइसकेको छ । त्यसो हुँदा मजस्तो शिष्य अचेल तपाईंलाई मुस्किलले प्राप्त हुनेछ ।"

## ५. आचार्यका पच्चीस गुण

९."यस्तो योग्य शिष्य पाएमा आचार्य पच्चीस गुणहरूले युक्त हुनुपर्छ ।" "कुन पच्चीस गुणहरूले ?" "भन्ते नागसेन ! (१) आचार्यले शिष्यको विषयमा सधैंभरि पूरा ध्यान दिनुपर्छ । (२) कर्तव्य र अकर्तव्यबारे सदा उपदेश दिइरहनुपर्छ । (३) केमा सचेत रहनुपर्छ र केमा रहनु पर्दैन, सोबारे उपदेश दिने गर्नुपर्छ । (४) उसको शयन आदि विषयमा ध्यान दिनुपर्छ । (५) बिरामी परेमा हेरचार गर्नुपर्छ । (६) उसले के खायो र के खाएन; यसमा पनि विचार पुऱ्याउनुपर्छ । (७) उसको विशेष चरित्र (बानी बेहोरा) बुझ्नुपर्छ । (८) भिक्षापात्रमा जे पाइन्छ, त्यो बाँडेर खानुपर्छ । (९) उसलाई सदा उत्साहित गरिरहनुपर्छ 'नआत्तिऊ' यो कुरोलाई तिमीले चाडैनै बुझ्ने छौ । (१०) फलानो मानिसको सङ्गत गर्न सक्छौ – यसो भनिदिनुपर्छ । (११) फलानो गाउँमा जान सक्छौं ··· (१२) फलानो विहारमा जान सक्छौ । (१३) त्योसित हाँसेर गफ गर्न हुँदैन । (१४) उसका दोषहरू माफ गरिदिनुपर्छ । (१५) पूर्णउत्साहका साथ सिकाउनुपर्छ । (१६) बिदा नदिई पढाउनुपर्छ । (१७) योग्य कुरो सिकाउनुपर्छ, (१८) उसलाई सबै कुरा नलुकाई भनिदिनुपर्छ । (१९) विद्याबाट यसलाई पुनर्जन्म दिंदैछु भन्ने सोचेर ऊप्रति पुत्रवतस्नेह गर्नुपर्छ । (२०) ऊ आफ्नो उदेश्यबाट चिप्लन नपावस् – यस्तो चेष्टा गर्नुपर्छ । (२१) यसलाई सबै शिक्षाहरू दिएर ठूलो बनाउँदै छु – यसबारे ध्यान दिनुपर्छ । (२२) उसकासाथ मैत्रीभाव राख्नुपर्छ । (२३) आपत्ति परेमा उसलाई छाड्नु हुँदैन । (२४) सिकाउन हुने कुराहरू सिकाउन कहिल्यै बिर्सन हुन्न । (२५) धर्मबाट खस्न लागेको देख्दा उसको रक्षा गर्नुपर्छ । भन्ते ! असल आचार्यहरूका यी पच्चीस गुणहरू छन्, जसबाट उनीहरू आफ्ना शिष्यहरूसँग व्यवहार गर्दछन् । तपाईं यी पच्चीस गुणहरूद्वारा मप्रति व्यवहार गर्नुहोस् ।"


Downloaded from http://www.dhamma.digital

"भन्ते ! ममा केही शङ्काहरू पलाउँदै छन् । बुद्धद्वारा, दिइएको उपदेशहरूमध्ये जुन मेण्डकप्रश्नहरू छन्, तिनका विषयमा पछि गएर मानिसहरूमा मतभेद हुन सक्छ । आउँदा दिनमा तपाईंजस्ता बुद्धिमान् हुन गाह्रो छ । त्यसो हुँदा, यी विवादास्पद प्रश्नहरूमा प्रकाश पार्नुहोस् यस निम्ति कि बिरोधीहरूलाई रोक्न सकियोस् ।"

## ६. उपासकका दस गुण

१०. स्थविरले 'हवस्' भनेर उपासकका दस गुणहरू बताउनुभयो । "महाराज ! उपासकमा यी दस गुण हुनुपर्छ । कुन दश ? महाराज ! (१) उपासकले आफ्ना भिक्षुहरूका साथ सुख दुःखमा सहानुभूति राख्नुपर्छ । (२) धर्ममा अधिपति हुनुपर्छ । (३) यथाशक्ति दान दिनुपर्छ । (४) बुद्धशासनलाई झर्न लागेको देखेमा त्यसलाई उठाउन भरिसक्य चेष्टा गर्नुपर्छ । (५) सम्यक् दिट्ठी (सत्यलाई धारण गर्ने) हुनुपर्छ । (६) उत्सुकताकालागि आजीवन अन्य मतहरूको बन्धनमा नपर्ने हुनुपर्छ । (७) शरीर र वचनको संयम गर्नुपर्छ । (८) शान्तिको इच्छुक हुनुपर्छ । (९) एकताप्रिय हुनुपर्छ । (१०) देखाउनको लागि धर्मको आडम्वर नगर्ने भई बुद्ध, धर्म र सङ्घको शरणमा आएको हुनुपर्छ । महाराज ! उपासकमा रहने यी सबै दस गुणहरू तपाईंमा विद्यमान छन् । यो तपाईंका लागि धेरै उचित र योग्य छ कि तपाईं धर्मलाई यसरी झर्न लागेको देखी त्यसलाई उठाउने प्रयत्न गर्न चाहनुहुन्छ । म तपाईंलाई स्वतन्त्रता दिन्छु कि तपाईं जे सोध्न चाहनुहुन्छ सोध्न सक्नुहुन्छ ।"

मेण्डक-प्रश्नारम्भकथा समाप्त ।

Dhamma.Digital

### १. ऋद्दिबल वर्ग

## १. बुद्ध-पूजाविषयक प्रश्न

११. राजा मिलिन्दले आयुष्मान् नागसेनको आज्ञा लिएर, उनका चरणमा शिर निहुराएर ढोगे अनि भने – "भन्ते नागसेन ! अन्य तिर्थङ्करहरू (अरू मत मान्ने मानिसहरू) भन्छन् कि – (क) यदि बुद्धले आफ्नो पूजा स्वीकार गर्नुहुन्छ भने, उहाँले निर्वाण प्राप्त गर्नु भएन । अहिले पनि उहाँ यस संसारमा अवश्य हुनुहुन्छ होला अनि उहाँको उपस्थिति यस संसारमा कतै न कतै छ होला । यदि यो कुरो सत्य हो भने, उनी एउटा साधारण जीव मात्र हुन्, अनि उनीप्रति गरिएका पूजाहरू व्यर्थ छन् । (ख) यदि उहाँले परिनिर्वाण पाइसक्नुभएको छ भने,उहाँ संसारदेखि पूर्णतया मुक्त हुनुभयो त्यसो हो भने उहाँको पूजा गर्नु व्यर्थ छ किनकि जब उहाँ हुँदै हुनुहुन्न भने पूजा कसको ! यसरी दुवै अवस्थामा बुद्धले परिनिर्वाण पाइसक्नु भएपनि वा नपाउँदै उहाँको पूजा गर्नुको कुनै औचित्य रहेन । यो प्रश्न अल्प बुद्धि भएकाहरूको पहुँचदेखि बाहिरको कुरो हो । बुद्धिमान् व्यक्तिहरूको मात्र यो विषय हो । तपाईं कृपापूर्वक



Downloaded from http://www.dhamma.digital

यस दृष्टिजाल (मिथ्या तर्क) लाई काटिदिनुहोस् । यो धुकचुक हटाइदिनुस् । तपाईंका सामु यो प्रश्न राखिएको छ । भविष्यत्कालमा उत्पन्न हुने श्रावकहरूलाई यस धुकचुकबाट निस्कने बाटो बताइदिनुस् जसले गर्दा अन्य मत मान्नेहरूको कुतर्कहरूको मुखभरि जवाफ दिन सकून् ।"

स्थविरले भन्नुभयो – "महाराज ! भगवान्ले परिनिर्वाण पाइसक्नुभएको छ । भगवान् कुनै पूजालाई स्वीकार या अस्वीकार गर्नुहुन्न । बोधिवृक्षको मन्तिर[४५] नै भगवान् बुद्ध यो प्रश्न देखि निकै टाढा भईसक्नुभएको थियो । अब संसारदेखि पूर्णतया मुक्त भएर अनुपादिशेष निर्वाण पाए पछि त भन्नु नै के छ ! महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि यस्तो भन्नुभएको छ : –

**'उहाँजस्ता अद्वितीय बुद्धलाई देव र मनुष्यले पूजा गरे पनि त्यसलाई उहाँले न स्वीकार गर्नुहुन्छ न अस्वीकार, सबै बुद्धहरूको यही धर्मभाव हो ।'**

१२. राजाले भने – "भन्ते नागसेन ! यदि छोराले बुबाको र बुबाले छोराको प्रशंसा गर्छ भने यसलाई कुनै युक्ति भन्न सकिन्न । यो त उहाँहरूको आ-आफ्नो मनको तत्परता मात्र हो । ल, अब तपाईंले असत्य मतहरूको भ्रमलाई हटाएर अनि आफ्नो साँचो धर्मको परिचय दिन अन्य युक्तिहरूद्वारा यसलाई ठीक तवरले सम्झाउनुहोस् ।"

स्थविरले भन्नुभयो – "महाराज ! भगवान् परिनिर्वाण भइसक्नुभएको छ । उहाँले अब कसैको पूजालाई कसरी स्वीकार वा अस्वीकार गर्नु होला ! देवता र मनुष्यहरूले उहाँ भगवान्को शरीर-भस्मरूपी रत्नको पूजा गर्दै उहाँले बताउनुभएको ज्ञानरत्नको अनुकूल आचरण गरेर तीनवटै सम्पत्तिहरूलाई प्राप्त गर्दछन् ।"

## (१) आगोको उपमा (उदाहरण)

"महाराज ! जस्तै कुनै चहकिलो आगो बलेर निभेपछि महाराज ! त्यो निभीसकेको आगोले फेरि के त्यो सुकेको घाँस, काठ वा अरू कुनै इन्धन स्वीकार गर्ला ?" "गर्दैन, भन्ते ! बलिरहँदा पनि त्यो अचेतन आगोले घाँस वा काठलाई कम स्वीकार गर्छ भने निभेर चिसो भइसकेपछि त भन्नु नै के छ !"

"महाराज ! के त्यो चहकिलो आगो निभेपछि संसार आगोदेखि खाली हुन्छ ?" "हुँदैन, भन्ते ! आगो त सुक्खा काठहरूमा रहेको हुन्छ । कुनै मानिसले आगो बाल्न चाहेमा अरणिलाई बलले मन्थन गरेर त्यसलाई उत्पन्न गर्न सक्छ । त्यस आगोबाट जोसुकैले काम चलाउन सक्छ । महाराज ! अनि त अर्को मत मान्नेहरूको यो तर्क काम नलाग्ने हो कि स्वीकार नगर्ने मानिसहरूप्रति गरिएका व्यवहारहरूको कुनै अर्थ निस्कँदैन ।"

"महाराज ! जसरी त्यो चहकिलो आगो बलियो, त्यसरी नै भगवान् बुद्ध आफ्नो तेजले दस हजार लोकहरूमा प्रकाशयुक्त रहनुभयो । जसै त्यो आगो चिसो भयो, त्यसै भगवान् निर्वाण प्राप्त गरेर संसारदेखि निकै टाढा रहनुभयो । जसरी आगो निभेर चिसो भएपछि त्यसैले कुनै घाँस वा काठ ग्रहण गर्दैन, त्यसरी नै, संसारको भलो गर्ने भगवान् पनि स्वीकार र अस्वीकार गर्ने प्रश्नदेखि सर्वथा मुक्त हुनुहुन्छ । जसरी आगो निभेपछि आगो बाल्न चाहने कुनै मानिसले अरणिलाई आफ्नो बलले मन्थन गरेर आगो उत्पन्न गर्न सक्छ, त्यसरी नै, देवता र मानिसहरूले उहाँ भगवान्को शरीर-धातुरूपी रत्नको पूजा

४५. बोधगया (बिहार)मा त्यो पीपलको रूख जसको मन्तिर बसी, शाक्यमुनि सिद्धार्थ गौतमले ज्ञान प्राप्त गरेर 'बुद्ध' भए ।



Downloaded from http://www.dhamma.digital

गर्दै र उहाँले बताउनुभएको ज्ञान-रत्नको अनुकूल आचरण गर्दै तीनवटै सम्पत्तिहरू प्राप्त गर्दछन् । महाराज ! यसकारण भगवान् बुद्धले परिनिर्वाण पाउनु भएपछि पनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

## (२) आँधीको उपमा

१३. "महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् जसबाट कि भगवान् बुद्धले परिनिर्वाण पाइसक्दा पनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ । महाराज ! जसरी वेगसित चलेको आँधी आवस् अनि फेरि बिस्तारै-बिस्तार रोकियोस् । के रोकिएपछि त्यो आँधी फेरि उठ्न चाहन्छ ?" "अहँ भन्ते ! रोकिएको आँधीलाई फेरि उठ्ने इच्छा हुन सक्दैन । आँधी अचेतन (वायु धातु) हुनाले उसलाई इच्छा हुँदैन ।" "महाराज ! अनि के रोक्किएपछि पनि त्यसलाई आँधी नै भन्छन् ?" "अहँ भन्ते ! किन्तु पङ्खा हावा उत्पन्न गर्ने सहारा हो । कुनै मानिसले जसलाई गर्मी लागेको वा ज्वरो आएको होस्, पङ्खा हम्केर हावा उत्पन्न गर्न सक्दछ । उसले त्यो हावाबाट गर्मी वा ज्वरोलाई केही हटाउन सक्छ ।" "महाराज ! अनि त अर्को मत मान्नेहरूको यो तर्क काम नलाग्ने हुन्छ कि स्वीकार नगर्नेहरूको प्रति गरिएका व्यवहारहरूको कुनै अर्थ निस्कँन्दैन । महाराज ! जसरी त्यो आँधी वेगसित चल्यो, त्यस्तै भगवान् पनि दस हजार लोकहरूमा अत्यन्त चिसो, मीठो, मन्द र सुखद मैत्रीरूपी वायुले बहनुभयो । जसै आँधी उठेर रोकियो, तसै निर्वाण प्राप्त गरेर भगवान् संसारबाट सर्वथा मुक्त हुनुभयो । जसरी रोकिएको आँधीले फेरि उठने इच्छा गर्दैन, त्यसरी नै, संसारको उपकार गर्ने भगवान्लाई न स्वीकार, न अस्वीकार गर्ने इच्छा भयो । जसरी ती मानिसहरू गर्मी र ज्वरोले सताइएका थिए, त्यसरी नै, देवता र मानिसहरू राग, द्वेष र मोहरूपी आगोले पोलिइरहेका छन् । जसरी पङ्खा वायु उत्पन्न गर्ने साधन हो, त्यसरी नै, भगवान्को शरीर, धातु र ज्ञान रत्न तीनवटै सम्पत्तिहरू ल्याउने (उत्पन्न गर्ने) सहारा हो । जसरी गर्मी र ज्वरोले सताइएका मानिसहरू पङ्खा हम्केर वायु उत्पन्न गरी गर्मीलाई हटाउँछन्, त्यसरी नै देवता र मानिसहरूले शरीर-धातुको पूजा गरेर भगवान्ले बताउनुभएको ज्ञान-रत्नअनुसार आचरण गर्दै निकै पुण्य कमाउँछन् जसबाट आफ्ना राग, द्वेष र मोहरूपी आगोको तातोपनलाई हटाउन सक्छन् । महाराज ! यस कारणले पनि भगवान् बुद्धले परिनिर्वाण पाएपछि पनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

## (३) ढोलको उपमा

१४. "महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् जसबाट बुद्धले परिनिर्वाण पाएर पनि उहाँप्रति गरिएको पूजा सर्वथा अचूक र सफल हुन्छ । महाराज ! जसरी कुनै मानिसले ढोल बजावस् र त्यसको आवाज निस्केर शान्त होस् । त्यसो भए भने के शान्त भइसकेको ध्वनि फेरि निस्कन खोज्ला ?" "खोज्दैन भन्ते ! त्यो ध्वनि त शान्त भइसक्यो; भने फेरि निस्कन उसको कसरी इच्छा हुन्छ ? ढोलक एक साधन मात्र हो । जसले यस्तो ध्वनि निकाल्न चाहन्छ उसले ढोल ठटाएर निकाल्न सक्छ ।" "महाराज ! यसरी नै भगवान् शील, समाधि, प्रज्ञा, विमुक्ति, विमुक्ति-ज्ञान र दर्शनले परिभावित गर्नलाई शरीरधातु, ज्ञान-रत्न, धर्म र विनयलाई देखेर स्वयं निर्वाण प्राप्त गरी संसारबाट मुक्त हुनुभयो । तर भगवान् मुक्त हुनुहुँदैमा तीनवटै सम्पत्तिहरूको लाभ रोकिएन । संसारका दुःखहरूबाट पीडित जसले ती (तीनवटै सम्पत्तिहरू) पाउन चाह्यो भने, उसले भगवान्को शरीर धातुको पूजा गरेर, उहाँले



Downloaded from http://www.dhamma.digital

बताउनुभएको ज्ञान-रत्न र धर्मविनयअनुसार आचरण गर्दै पाउन सक्दछ । महाराज ! यस कारणबाट पनि, भगवान् बुद्धले परिनिर्वाण पाउनु भएपछि पनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

"महाराज ! भगवान्ले भविष्यमा हुने कुरालाई पहिले नै बुझिसक्नुभएको थियो । उहाँले भन्नुभएको र सम्झाउनुभएको पनि थियो : – 'आनन्द ! तिमीहरूमध्ये कसैमा यस्तो विचार उत्पन्न हुन सक्छ-शास्ता (बुद्ध) उपदेश दिने परिनिर्वाण हुनुभयो । अब हामीहरूका लागि बाटो देखाउने कोही पनि छैन । तर यस्तो कुरा नसोच । आनन्द ! सायद तिमीहरूलाई यस्तो लाग्न सक्छ – बितेका (अतीत) शास्ताको यो वचन हो – अब हाम्रा शास्ता हुनुहुन्न । आनन्द ! यस्तो मनमा लिन हुन्न । आनन्द ! जुन धर्म र विनय देशना गरेको हो, मेरो परिनिर्वाणपछि त्यही धर्म र विनय तिमीहरूका शास्ता हुनेछन् ।'[४६] यसैले कि भगवान् परिनिर्वाण पाएर अब रहनु भएन, उहाँप्रति गरिएको पूजा बेकार हुन सक्दैन । विपक्ष (तीर्थङ्कर) हरूको वचन मिथ्या (झूटो) अयर्थाथ, तथ्यरहित, विफल, विपरीत ठहरिन्छ । यो दुःख दिने विपाक नरकमा लैजाने हुन्छ ।"

## (४) महापृथ्वीको उपमा

१५. "महाराज ! एउटा अर्को कारण सुन्नुहोस् जुन भगवान् बुद्धले परिनिर्वाण भई सकेर उहाँ प्रति गरिएको पूजा अचूक र सफल हुन्छ : – महाराज ! के महापृथ्वीलाई यस्तो इच्छा हुन्छ कि ममा सबै प्रकारको बीउ रोपियोस् ?" "हुन्न भन्ते !" "महाराज ! यसरी पृथ्वीले स्वीकार गरे पनि नगरे पनि त्यो बीउ बलियो तवरले जमेर गडिरहन्छ, रूख भएर ठूलो काण्ड र फैलिएका लामा-लामा हाँगा हुन्छन्, फल फूल फलेको हुन्छ-अन्यथा त्यस पृथ्वीमा किन बीउ रोपिन्छ ?" "भन्ते ! यद्यपि पृथ्वीले स्वीकार नगरेता पनि त्यस बीउलाई जम्न र बढ्ने एउटा आधार हो । त्यसैमा रोपेर बीउ जम्छ अनि ठूलठूला स्कन्ध र फल र फूलहरूले लादिएका हाँगादार वृक्ष तयार हुन्छन् ।" "महाराज ! त्यसो भए तीर्थङ्करहरूको वचनअनुसार स्वीकार नगर्नेहरूप्रति गरिएको व्यवहार चूक (असफल) भयो भन्ने वाद नष्ट भयो, पराजित भयो, विरुद्ध भयो ।"

"महाराज ! भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई महापृथ्वी सम्झनुपर्छ । यो पृथ्वीजस्तै उहाँ पनि केही स्वीकार या अस्वीकार गर्नुहुन्न । पृथ्वीको आधारमा जसरी बीउ उम्रेर ठूलठूला रूख हुन्छन्, त्यस्तै, देव र मनुष्यहरूले भगवान्को शरीर-धातुको पूजा ··· को आधारमा पुण्यरूपी जरोलाई ठीकसँग समातेर समाधि-स्कन्ध, धर्म-सार (रस) र शील हाँगा भएको ठूलो वृक्ष हुन्छ । त्यस वृक्षमा विमुक्तिरूपी फूल र श्रामण्यरूपी फल लाग्छ । महाराज ! यसकारणले बुद्धको परिनिर्वाण पाएर पनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

## (५) पेटका कीराहरूको उपमा

१६. "महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस् ··· के उँट, गोरु, गधा, बोका वा अन्य जनावर या मानिसले आफ्नो पेटमा कीरा उत्पन्न होस् भन्ने अनुमति दिन्छ ?" "दिंदैन भन्ते !" "महाराज ! यो कस्तो कुरो हो कि ती किराहरू विनाअनुमति उनको पेटमा उत्पन्न हुन्छन् र तिनका सन्तानको

४६. महापरिनिर्वाण-सूत्र, दी. नि (नेपाली) पृ.२७९को अनुच्छेद ८९ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

परम्परा बढ्छ ?" "भन्ते ! तिनका अकुशल कर्मले गर्दा ।" "महाराज ! यसरी, भगवान् बुद्धले परिनिर्वाण पाएर संसारबाट उहाँ एकदमै छुटेर जानु भए पनि उहाँको प्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

## (६) रोगको उपमा

१७. "महाराज ! एउटा अर्को कारण सुन्नुहोस् । महाराज ! के मानिसहरूले यस्तो अनुमति दिन्छन् कि शरीरमा अन्ठानब्बे प्रकारका रोगहरू पसून् ?" "अँह भन्ते !" "त्यसो हो भने, उनीहरूको शरीरमा रोग किन लाग्छ ?" "पूर्वजन्मको पापकर्मले ।" "महाराज ! यदि पूर्वजन्ममा गरेको पापको फल यस जन्ममा पाइन्छ भने पूर्वजन्ममा या यस जन्ममा गरिएको पाप या पुण्य अवश्य अचूक र फल दिने हुन्छ । त्यसो हुँदा भगवान्प्रति गरिएको पूजा अवश्य अचूक र सफल हुनेछ चाहे उहाँ परिनिर्वाण पाएर संसारदेखि एकदमै मुक्त हुनुभयो ।"

## (७) नन्दक यक्षको उपमा

१८. "महाराज ! एउटा अर्को कारण सुन्नुहोस् । महाराज ! के तपाईंले सुन्नुभएको छ कि नन्दक नामको एउटा यक्ष स्थविर सारिपुत्रलाई छुनेबित्तिकै ऊ जमिन भित्र धस्यो ?" "हो भन्ते ! लोकले यसै भन्छन् ।" "महाराज ! के स्थविर सारिपुत्रले उसलाई यस्तो निर्देशन दिनुभएको थियो ?" "भन्ते ! देवताहरूका साथ यो सारा लोक उल्टियोस्, सूर्य र चन्द्रमा पृथ्वीमा झर्‍योस् र सुमेरु पर्वत धुजाधुजा भएता पनि स्थविर सारिपुत्रले कसैको दुःख चिताउन सक्नुहुन्न थियो ।" "किन ?" "भन्ते ! किनभने क्रोध उत्पन्न गर्ने जति कारणहरू छन् ती सबै उहाँमा शान्त र निर्मूल भइसकेका थिए । त्यसैले आफ्नो हत्या गर्ने विचारले आएका प्रति पनि उहाँले रिस प्रकट गर्नु भएन ।" "महाराज ! त्यसो भए सारिपुत्रको आदेशबेगर नन्दक नामको यक्ष जमिनमा किन धस्यो ?" "आफ्नो पापले गर्दा" "महाराज ! देख्नुभयो श्राप नदिंदा पनि सारिपुत्रप्रति गरिएको पापको फल उसले भोग्नुपर्‍यो । यदि पापकर्मको कुरा यस्तो हो भने, पुण्यकर्मको फल कस्तो होला ? महाराज ! यसै कारण भगवान् बुद्धले परिनिर्वाण पाइसकेर, संसारबाट पूर्णतया मुक्त हुनु भए तापनि उहाँप्रति गरिएको पूजा अचूक र सफल हुन्छ ।"

१९. "महाराज ! अरू कति मानिसहरू छन्, जो यसै गरी पृथ्वीमा धसेका छन् – के तपाईंले उनीहरूबारे केही सुन्नुभएको छ ?" "हो भन्ते ! सुनेको छु ।" "महाराज ! त्यसो हो भने भन्नुहोस् ।" "भन्ते ! (१) चिञ्च माणविका (केटी), (२) सुप्पबुद्ध नामको शाक्य, (३) स्थविर देवदत्त, (४) नन्दक नामको यक्ष र (५) नन्द नामको ब्राह्मण-माणवक । भन्ते !" यी पाँच यसरी नै जीउँदै जमीनमा धसेका थिए । "महाराज ! कसका प्रति उनीहरूले अपराध गरेका थिए ?" "भन्ते ! भगवान् र उहाँका श्रावकहरूप्रति ।" "के भगवान् र ती भिक्षुहरूले उनीहरूलाई जमीनमा धस्नको लागि आदेश दिएका थिए ?" "होइन भन्ते !" "महाराज ! यसबाट सिद्ध हुन्छ कि भगवान्ले परिनिर्वाण पाएपछि संसारदेखि पूर्णतया छुट्टिएर जाँदा र उहाँले स्वीकार नगर्नु भएतापनि उहाँप्रति गरिएको व्यवहार अचूक र अवश्य फल दिने हुन्छ ।"

"भन्ते नागसेन ! तपाईंले यो जटिल प्रश्न बडो राम्ररी समाधान गर्नुभयो । सर्वथा स्पष्ट गरिदिनुभयो । तपाईंले रहस्यलाई खोलिदिनुभयो । गाँठोलाई खकुलो पारिदिनुभयो, जङ्गलमा एउटा खुला



Downloaded from http://www.dhamma.digital

ठाउँ निकाली दिनुभयो । विपक्षीहरूलाई मुखभरि जवाफ दिनुभयो । मिथ्या विश्वासलाई नष्ट गरी दिनुभयो । अन्यमत मान्नेहरूको सारा तेज निष्क्रिय भयो । तपाईं गणाचार्यहरूमध्ये सर्वश्रेष्ठ हुनुहुन्छ ।"

## २. सर्वज्ञभाव विषयमा प्रश्न

२०. "भन्ते नागसेन ! के बुद्ध सर्वज्ञ हुनुहुन्थ्यो ?" "हो महाराज ! बुद्ध सर्वज्ञ हुनुहुन्थ्यो । तर यसको अर्थ यो होइन कि उहाँ प्रतिक्षण प्रत्येक तवरले संसारका सबै कुराहरू बुझ्ने गर्नुहुन्थ्यो । उहाँको सर्वज्ञता यसैमा थियो कि ध्यान गरेर उहाँ जुनसुकै गतिविधि बुझ्नसक्नुहुन्थ्यो ।" "भन्ते ! यदि भगवान् ध्यानमा अनुसन्धान गरेर नै कुनै गतिविधि बुझ्नसक्नुहुन्थ्यो भने, उहाँ सर्वज्ञ हुनु भएन ?" "महाराज ! सय गाडा, आधा चूल, सात अर्म्मण र दुई तुम्बा[४७] धानहरूको नाप संख्या कति हो ? त्यसलाई क्षणभरकै समयमा ध्यान गरेर भन्नसक्नु हुन्थियो ।"

२१. सात प्रकारका चित्त

"महाराज ! सात प्रकारका चित्तहरू हुन्छन् : –

### (१) संक्लेश चित्त

जो रागयुक्त, द्वेषयुक्त, मोहयुक्त क्लेशहरूले युक्त छ तथा जसले शरीर, शील, चित्त र प्रज्ञाको भावना गरेको छैन – उनीहरूको चित्त भारी, मोटो र मन्द हुन्छ ।" "त्यसो किन ?" "चित्त अभावित हुनेहुनाले (ध्यान नगर्नाले) ।" "महाराज ! जस्तो कि फैलिएर पसारिएका बाँसको झाडीबाट घना शाखाहरू एक अर्कोसँग अल्झेर रहेकाले केहीलाई काटेर झिक्नु बडो गाह्रो र बिस्तार हुन्छ ।" "त्यो किन ?" "शाखाहरू एक अर्कोमा अल्झेर रहनाले ।" "महाराज ! यसरी नै जो रागयुक्त ··· उनीहरूको चित्त भारी, मोटो र मन्द हुन्छ ।" "त्यो किन ? क्लेशमा अल्झेर फँसेको हुनाले । यही ती सात प्रकारका चित्तहरूमा पहिलो हो ।"

### (२) स्रोतापन्न चित्त

"दोस्रो प्रकारको चित्त पहिलेको चित्तभन्दा पृथक् छ ।"

"महाराज ! जो स्रोतापन्न भएका छन्, जो गलत बाटोतिर जानसक्दैन, जसले सत्य सिद्धान्तलाई बुझिसकेका छन् र बुद्धको धर्मलाई बुझेका हुन्छन् उनीहरूको चित्त तीन भ्रममूलक विषयहरूमा हलुको र तेज हुन्छ । तैपनि माथिको भूमि (आर्यमार्ग) मा भारी, मोटो र मन्द हुन्छ ।" "त्यसो किन ?" "ती तीन विषयहरूमा चित्तको शुद्ध हुनाले र बाँकी क्लेशहरू कायम रहनाले ।" "महाराज ! जसरी कुनै बाँसको झाड़ीलाई तीन आँख्लासम्म सफा गरियो तर माथिका शाखाहरूलाई आपसमा अडकनाले अल्झिएको छाडियो भने त्यसबाट तीन आँख्लासम्म तान्न सजिलो हुन्छ, तर त्योभन्दा माथि फेरि अल्झिएर रहेको हुन्छ ।" "त्यसो किन ?" "किनभने तलतिर काटेर सफा गरियो र माथि भने घना नै छोडियो ।" "महाराज ! यसरी नै जो स्रोतापन्न भइसकेका छन् ··· उनीहरूको तीन भ्रममूलक

---

४७. नाप्ने साधन



Downloaded from http://www.dhamma.digital

विषयहरूमा हलुको र तेज हुन्छ, तैपनि माथिको कुराहरूमा भारी, मोटो र मन्द हुन्छ। किन कि ती तीनै भ्रमहरू मेटिई बाँकी क्लेशहरू कायमै रहनाले। यो दोस्रो प्रकारको चित्त हो।"

## (३) सकृदागामीको चित्त

"तोस्रो प्रकारको चित्त यी दुइटैभन्दा पृथक् छ।"

"महाराज ! जो सकृदागामी भइसकेका छन् र जसमा राग, द्वेष र मोह नाममात्रका रहेका छन्, उनका चित्त पाँच ठाउँहरूमा हलुका र तेज हुन्छ। तैपनि अरू माथिका कुराहरूमा भारी र मन्द नै रहन्छ। किनकि ती पाँच अरू ठाउँहरूमा चित्ते परिशुद्ध भई सकेपछि माथिका क्लेशहरू कायम रहनाले।" "महाराज ! जसरी कुनै बाँसको झाँडीलाई पाँच आख्लासम्म सफा गरेर माथिका शाखाहरूलाई एक आपसमा अल्झिएको अवस्थामा छोडिदिंदा त्यसबाट केही काटेर पाँच आँख्लासम्म सजिलै उखाल्न सकिन्छ तर माथि गएर अल्झन्छ। किनकि तलतिर सफा गरे पनि माथि घना छाड्नाले।" "महाराज ! यसरी नै जो सकृदागामी भइसकेका छन् ··· उनीहरूको चित्त ··· पाँच ठाउँहरूमा हलुका र तेज हुन्छ, तैपनि माथिका कुरामा भने भारी र मन्द हुन्छ । यो तेस्रो प्रकारको चित्त हो।"

## (४) अनागामीको चित्त

"चौथो प्रकारको चित्त यी तीनवटैभन्दा पृथक् छ।"

"महाराज जो अनागामी भइसकेका छन् र जसको मन्तिरका पाँच बन्धन कटिएका छन्, उनीहरूको चित्त दस ठाउँहरूमा हलुका र तेज हुन्छ तर त्यो भन्दा मास्तिरका भूमिमा भने भारी र मन्द हुन्छ।" "त्यसो किन ?" "ती दस ठाउँहरूमा चित्त परिशुद्ध भएको हुनाले, र बाँकी क्लेशहरू (चित्तका मयल) कायम रहनाले।" "महाराज ! जसरी कुनै बाँसको झाड़ीलाई दस आँख्लासम्म सफा गरेर ।" "महाराज ! यसरी नै जो अनागामी भइसकेका छन् ··· उनीहरूको चित्त दस ठाउँहरूमा हलुका र तेज हुन्छ, तर माथिका भूमिहरूमा भारी र मन्द हुन्छ।" "त्यसो किन ?" "दस ठाउँहरूमा चित्त परिशुद्ध भई बाँकी क्लेशहरू कायमै रहनाले। यही चौथो प्रकारको चित्त हो।"

## (५) अर्हत्को चित्त

"पाँचौं प्रकारको चित्त यी चारैवटाभन्दा पृथक् नै छ।"

"महाराज ! जो अर्हत् भइसकेका छन्, जसका आस्रवहरू क्षीण भइसकेको छ, जसको सबै मैयल सफा भइसकेको छ, जसका सबै क्लेशहरू मेटिएका छन्, जसको ब्रह्मचर्यबास पूर्ण भइसकेको छ, जसले जे गर्नु थियो,सबै गरिसकेका छन्, जसको सबै भार बिसाइसकिएको छ, जो साँचो ज्ञानसम्म पुगिसकेका छन्, जसको भव-बन्धन सर्वथा क्षीण भइसकेको छ अनि जसको चित्त पूर्णतः शुद्ध भइसकेको छ, उनको चित्त जुनसुकै श्रावकले गर्ने र बुझ्ने सबै कुरामा हलुका र तेज भएको हुन्छ , तर प्रत्येक-बुद्धभूमिमा भारी र मन्द हुन्छ। किनभने श्रावक-भूमिमा उनको चित्त शुद्ध भइसक्यो तैपनि प्रत्येक-बुद्धभूमिमा जान शुद्ध भएको छैन।" "महाराज ! जसरी कुनै बाँसको झाड़ीलाई एकदम सफा गरे पछि त्यसबाट जुनसुकै



Downloaded from http://www.dhamma.digital

भाग काटेर सजिलैसँग तान्न सकिन्छ ।" "त्यसो किन ?" "किनकि बाँसको त्यो झाडीलाई राम्ररी सफा पारिएको छ ।" "महाराज ! यसरी, नै, जो अर्हत् भइसकेका छन् ⋯ उनीहरूको चित्त कुनै पनि श्रावकले गर्ने र जान्ने सही भूमिमा हलुका र तेज हुन्छ, तर माथि भने प्रत्येक-बुद्धको भूमिहरूमा भारी र मन्द हुन्छ ⋯ यही नै पाँचौ प्रकारको चित्त हो ।"

## (६) प्रत्येक-बुद्धको चित्त

"छैटौं प्रश्नको चित्त यी पाँचवटैभन्दा पृथक् छ ।"

"महाराज ! जो प्रत्येक-बुद्ध भएका छन्, जो आफ्नो मालिक आफैं हुन्, जसलाई कुनै आर्चायको खाँचो छैन, जो गैड़ाको सिङझैं[४८] एक्लै बस्ने र जो आफ्नो जीवनमा परिशुद्ध र निर्मल भइसकेका छन्, उसको चित्त आफ्नो विषयमा हलुका र तेज हुन्छ । तर सर्वज्ञ बुद्धका भूमिहरूमा भारी र मन्द हुन्छ ।" " किनकि यद्यपि उनीहरू आफ्नो विषयमा एकदमै परिशुद्ध र निर्मल भइसकेकाछन् ; तैपनि सर्वज्ञ बुद्धका भूमिहरू विशाल छन् ।" "महाराज ! जसरी कुनै मानिस आफ्नै ठाउँमा बग्ने कुनै गाध नदीको दिन वा रात जहिले इच्छ्या हुन्छ, उहिले कुनै डरबेगर पारि पुग्छ तर निकै गम्भीर विशाल, अथाह र अपार महासमुद्रलाई देखेर तर्सोस् र त्यसको पारि पुग्ने सारा शक्ति जावस्, त्यस्तै ।" "त्यसो किन ?" "किनकि उसले आफ्नो नदीलाई चिन्छ भने र महासमुद्र बडो विशाल छ । यो नै छैटौं प्रकारको चित्त हो ।"

## (७) बुद्धको चित्त

"सातौं प्रकारको चित्त यी छवटैभन्दा पृथक छ ।"

"महाराज ! जो सम्यक्सम्बुद्ध भइसकेका छन्, सर्वज्ञ, दस बल[४९]लाई धारण गर्ने, चार प्रकारका वैशारद्यंले[५०] युक्त, अठार बुद्ध-धर्महरूले युक्त छन्, जसले इन्द्रियहरूलाई पूणरूपले जितेका छन्, जसको ज्ञान कतै पनि रोकिन्न-उनको चित्त सबै ठाउँमा हलुको र तेज रहन्छ ।" "त्यो किन ?" "किन कि उनीहरू सबै प्रकारले शुद्ध भएका छन् ।" "महाराज ! राम्ररी माझिएको, निर्मल, गाँठोरहित, तीखो धार भएको सीधा र निर्दोष बाण कुनै शक्तिशाली धनुष ⋯ मा राखियोस् अनि त्यसलाई कुनै बलियो मानिसले कुनै पातलो रेसमको कपड़ा अथवा मलमल या पातलो ऊनीको कपड़ामा हानोस्, के त्यसको गतिमा कुनै प्रकारको अवरोध आउला ?" "आउँदैन भन्ते !" "त्यसो किन ?" "किनकि कपड़ा निकै पातलो र नरम छ, वाण निकै तिखो छ; त्यसमा हान्ने मानिस यति बलियो छ ।" "महाराज ! त्यसरी नै बुद्धत्व प्राप्त मानिसको चित्त सबै विषयहरूमा हलुको र तीव्र हुन्छ । त्यसो किन ?" "किन भने ती सबै प्रकारले शुद्ध भएका छन् । यो नै सातौं प्रकारको चित्त हो ।"

---

४८. खग्गविसाणसूत्र, सुत्त. नि., खु. नि. भाग -१. पृ २७४ ।

४९. हेर्नु होला पृ. ७ अगाडि ।

५०. मज्झिमनिकायको 'महासीहनाद-सुत्त'



Downloaded from http://www.dhamma.digital

२२. "महाराज ! जुन यो सातौं सर्वज्ञबुद्धहरूको चित्त छ, त्यो बाँकी छ चित्तहरूभन्दा सबै प्रकारले श्रेष्ठ छ । त्यो अपरिमित (असङ्ख्य) गुणहरूले शुद्ध र हलुको छ । महाराज ! आफ्नो चित्त यति शुद्ध र हल्का हुनाले नै भगवान्ले यमक प्रातिहार्य (दुवै प्रकारको ऋद्धि-शक्तिहरू) लाई देखाउन सक्नुहुन्थ्यो । उहाँको चित्तको शुद्धता र हलुकापनको चाल पाउन सकिन्छ । ती ऋद्धि-शक्तिहरूको कुनै अर्को कारण भन्न सकिन्न । ती ऋद्धि-शक्तिहरू पनि भगवान्को चित्तसँग तुलना गर्दा अत्यन्त अल्प मात्र बुझिन्छ । तैपनि भगवान्को सर्वज्ञता आवर्जन-प्रतिबद्ध[५१] थियो । भगवान्को सर्वज्ञता यसैमा थियो कि उहाँ जुन कुरो बुझ्न चाहनुहुन्थ्यो, ध्यान गरेर सो बुझ्न सक्नुहुन्थ्यो ।"

"महाराज ! जस्तै कुनै मानिसले (अनायास) कुनै वस्तुलाई आफ्नो हातले अर्काको हातमा देओस्, अथवा मुख खुलेपछि कुरा गरोस्, या मुखमा परेको गाँसलाई निलोस्, या आँखा हेरोस् वा चिम्लोस् अथवा, खुम्च्याएको हातलाई पसारोस् या पसारेको हातलाई खुम्च्यावस् – यसरी नै या त्योभन्दा पनि छिटो र सजिलो तवरले भगवान्ले आफ्नो सर्वज्ञताबाट जुनसुकै कुरा बुझ्न चाहनु भएमा बुझ्न सक्नुहुन्थ्यो । यद्यपि बुद्धले ध्यान गरेर नै कुनै कुरो बुझ्न सक्नुहुन्छ; तथापि त्यसरी ध्यान नगरेको समयमा पनि उहाँलाई सर्वज्ञ नभनेर अर्थोक केही भन्न सकिन्न ।"

२३. "भन्ते नागसेन ! किन्तु त्यही कुरो बुझ्न ध्यान गर्नुहुन्छ, जसको ज्ञान पहिलेदेखी ठीक-ठीक रहँदैन । मलाई त्यो कुरो सम्झाउनुहोस् ।" "महाराज ! जस्तै एउटा सम्पत्तिशाली धनी मानिस रहेको होस् । सुन, चाँदी र बहुमूल्य रत्नहरूले उसको खजाना भरिएको होस् । उसको भण्डारमा गाग्रो, हाँडी, आरी र अरू पनि अन्य भाँडाहरूमा सबै थरीका चामल, गहुँ, धान, जौ, अन्न, तिल, मुग, मास, घ्यू, तेल, नौनी, दूध, दही, मह, सक्खर, चिनी इत्यादि सबै चीजहरूले भरिएका होउन् । अब, कुनै पाहुना, अतिथ्य सत्कारयोग्य मानिस, आतिथ्यसत्कार पाउने आशाले उसको घर आवस् । त्यस बखत घरमा तयार भएको भोजन सबै सिद्धिएपछि त्यस पाहुनाका लागि भोजन पकाउन मानिसहरू भण्डारमा जाऊन् चामल लिन । महाराज ! त्यसो हो भने के यसै कारणले त्यो मानिस निर्धन र दरिद्र भनिन्छ ?" "भनिन्न, भन्ते ! जो चक्रवर्ती राजा छन् उनको घरमा पनि कहिलेकाहीं तयार गरिएको भोजन सिद्धिन्छ भने, अन्य गृहस्थहरूको घरको के कुरो ?" "महाराज ! त्यसरी नै, बुद्धहरूको सर्वज्ञता आर्वजन-प्रतिबद्ध हुन्छ । जुन कुरो उहाँ बुझ्न चाहनुहुन्छ, त्यस कुरोमा ध्यान गरेमा त्यो कुरो उहाँ बुझिहाल्नुहुन्छ ।"

"महाराज ! जस्तै एउटा रूख छ, जसका शाखाहरू फलहरूले लटरम्म परेका होउन्, तर त्यसको तल एउटा फल पनि झरेको नहोस् । महाराज ! त्यसो हो भने के यसै कारण त्यस रूखलाई बाँझो र फलहरूरहित भनिएला ?" "भनिन्न भन्ते ! ती फलहरू त कहिले झरिहाल्नेछन्, त्यसपछि जोसुकैले पेट भरि खान सक्छ ।" "महाराज ! यसरी नै बुद्धहरूको सर्वज्ञता आर्वजन-प्रतिबद्ध हुन्छ ।" "भन्ते नागसेन ! के बुद्ध जुन कुरो बुझ्न चाहनुहुन्छ, त्यसको ध्यान गरेमा बुझ्नुहुन्छ ?"

"हो महाराज ! जसरी चक्रवर्ती राजा आफूले सम्झना गर्नासाथ आफ्नो चक्र-रत्नलाई उपस्थित गर्न सक्छ; त्यसरी नै बुद्ध जुन कुरा बुझ्न चाहनुहुन्छ, त्यसको ध्यान गरेमा बुझ्नुहुन्छ ।"

"भन्ते ! भगवान्को सर्वज्ञता सिद्ध गर्नका लागि तपाईंले दिनुभएको तर्क एकदम पक्का छ । म मान्दछु कि भगवान् यर्थाथमा सर्वज्ञ हुनुहुन्थ्यो ।"

---

५१. भगवान् हरबखत संसारका सबै कुरालाई बुझ्नुहुन्नथ्यो । उहाँको सर्वज्ञता यसैमा थियो कि जुन कुरा बुझ्न चाहनुहुन्थ्यो , त्यसमा ध्यान दिनेबित्तिकै त्यो बुझ्नुहुन्थ्यो । यसैलाई 'आर्वजन-प्रतिबद्ध' सर्वज्ञता भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

# ३. देवदत्त-प्रव्रज्या विषयमा प्रश्न

२४. "भन्ते ! देवदत्तलाई कसले प्रव्रज्या दिएको थियो ?" "महाराज ! (१) भद्दिय, (२) अनुरुद्ध, (३) आनन्द, (४) भृगु, (५) किम्बिल, (६) देवदत्त – यी छ जना क्षत्रियपुत्र तथा सातौं (७) उपाली भन्ने नाउँलाई – भगवान्‌ले बुद्धत्व प्राप्त गर्नु भएपछि आफ्नै उमङ्गले शाक्य कुलहरूलाई छाडेर बुद्धको पछि पछि लागे । तिनीहरूलाई भगवान्‌ले प्रव्रज्या दिनुभएको थियो ।"[५२] "भन्ते ! देवदत्तले प्रव्रज्या लिएर सङ्घभेद गरेको होइन ?" "हो महाराज ! अर्को कुनै गृहस्थ, या भिक्षुणी या उपासक या उपासिका, श्रामणेर या श्रामणेरीले सङ्घभेद गरेन । समान-संवासक[५३]र समान सीमामा[५४] बस्ने कुनै प्रकृतात्म[५५]भिक्षुले नै सङ्घभेद गऱ्यो ।" "भन्ते ! सङ्घभेद गर्ने मानिसको कर्म कस्तो हुन्छ ?" "महाराज ! उसको कर्म कल्पभरि (त्यस) पापकर्मको फलले गर्दा ऊ एक कल्पसम्म घोर नरकमा रहेर टिक्छ ।"

"भन्ते नागसेन ! के भगवान्‌लाई पहिलेदेखि नै थाहा थियो कि प्रव्रजित भएर देवदत्तले सङ्घभेद गरी उनी त्यस कर्मको फलले कल्पभरि नरकाग्निमा बसिरहलान् ?" "हो महाराज ! बुद्धलाई थाहा थियो ।" "भन्ते नागसेन ! (क) अनि त मानिसहरूको यो भनाइ सरासर असत्य भयो कि बुद्ध बडो महाकारुणिक, अरूहरूकोप्रति निगाह गर्ने, सबै जीवहरूका हितैषी अनि अहितलाई नष्ट गर्ने खालका थिए । (ख) यदि उहाँले नजानेर देवदत्तलाई प्रव्रज्या दिनुभएको थियो भने उहाँ सर्वज्ञ ठहरिनु भएन । भन्ते ! तपाईंका सामु यो धुकचुक युक्त प्रश्न गरेको छु । यसलाई तपाईंले समाधान गर्नुहोस् ··· । यहाँ आफ्नो बल देखाउनुहोस् ।"

२५."महाराज ! भगवान् महाकारुणिक र सर्वज्ञ – दुवै हुनुहुन्थ्यो । आफ्नो करुणा र सर्वज्ञताबाट देवदत्तको के गति होला यो कुरो उहाँले बुझ्नुभएको थियो । आफ्ना पाप कर्महरू जम्मा भएकोले देवदत्त अनेक हजार र करोडौं कल्पसम्म एउटापछि अर्को नरकमा झर्नुनै रहेको थियो । भगवान्‌ले आफ्नो करुणा र सर्वज्ञताबाट देख्नुभयो कि देवदत्त मेरो शासनमा प्रव्रजित भएर धेरथोर पुण्य संचय गर्न सक्छन् जसले गर्दा उनी नरकमा रहनु पर्ने अवधि घट्ने छ । यही कुरो बुझेर उहाँले उनलाई प्रव्रज्या दिनुभएको थियो । यदि देवदत्त प्रव्रजित नभएर गृहस्थ नै रहेको भए यी मोघ (मूर्ख) पुरुषले अरू धेरै पाप गर्ने थियो; जसको कारणले हजारौं तथा करोडौं वर्षसम्म एक नरकदेखि अर्को नरकमा झरेर रहने थियो । उहाँले देख्नुभयो कि धर्म-विनयको अनुसार प्रव्रजित भएर देवदत्तको दुःख केही सीमित हुनेछ, अतः उसैको हितको लागि उनलाई करुणा गरेर प्रव्रज्या दिनुभएको थियो ।"

"भन्ते नागसेन ! त्यसो हो भने के बुद्धले पहिले घाउ पारेर मलम लगाउनुहुन्छ , पहिले पहाडबाट धकेलेर पछि जोगाउन हात बढाउनुहुन्छ, पहिले मारिदिनुहुन्छ अनि पछि जीवन पनि दिनुहुन्छ, पहिले कष्ट दिनुहुन्छ अनि केही सुखी पनि तुल्याइदिनुहुन्छ ?" "महाराज ! जीवहरूको कल्याणका लागि

---

५२. नलकपान-सूत्र.म.नि (नेपाली) पृ. ४१५ हेर्नुस् ।

५३. समान-संवासक र समान सीमामा रहने भिक्षु आफ्नो गाउँ, नगर, टोल आदिमा सीमा नियत (नियम, प्रथा, बंधेज) मा रहन्छन् । त्यस नियत सीमामा रहने सबै भिक्षुहरू उपोसथ-कर्मका लागि एकै ठाउँमा भेला हुन्छन् । ती भिक्षुहरूलाई समान संवासको र समान सीमाभित्र रहने भनि भनिन्छ ।

५४. समान-संवासक र समान सीमामा रहने भिक्षु आफ्नो गाउँ, नगर, टोल आदिमा सीमा नियत (नियम, प्रथा, बंधेज) मा रहन्छन् । त्यस नियत सीमामा रहने सबै भिक्षुहरू उपोसथ-कर्मका लागि एकै ठाउँमा भेला हुन्छन् । ती भिक्षुहरूलाई समान संवासको र समान सीमाभित्र रहने भनि भनिन्छ ।

५५. जसले कुनै ठूलो आपत्ति(पाप) गरेको छैन ।



Downloaded from http://www.dhamma.digital

बुद्धले उनीहरूलाई घाउ पारिदिनुहुन्छ, धकेल्नुहुन्छ । महाराज ! जसरी आमा-बुबाले आफ्नो बच्चाको भलो गर्ने विचारले उसलाई कुट्छन् र धकेल्छन्, त्यसरी नै बुद्धले मानिसहरूको पुण्य बढाउने विचारले सब थोक गर्छन् । यस्तै नै भगवान्ले मानिसहरूको पुण्य बढाउने हिसावले सबै कुरा गर्नुहुन्छ यदि देवदत्त प्रव्रजित नभई गृहस्थ नै रहेका भए यी मोघ (मूर्ख) पुरुषले झन् पाप गर्दाहुन् जसले गर्दा हजारौं र करोडौं वर्षसम्म एउटा नरकबाट अर्को नरकमा खस्ने थिए । भगवान्ले आफ्नो सर्वज्ञताले यो कुरो बुझ्नुभएको थियो । उहाँले देख्नुभयो कि यस धर्म-विनयअनुसार प्रव्रजित भएपछि देवदत्तको दुःख केही सीमित हुनेछ अतः उनको हितका लागि उनीप्रति दया, करुणा गरेर उनलाई प्रव्रज्या दिनुभएको थियो ।"

"महाराज ! जस्तै कुनै धन, यश, पद र उच्च कुलद्वारा निकै ठूलो मानिसले आफ्नो प्रभावबाट राजालाई विश्वास दिलाएर आफ्नो कुनै नातेदार या मित्रको धेरै कडा दण्डलाई केही हलौं पार्न लगाउँछ, त्यसरी नै भगवान्ले देवदत्तलाई प्रव्रजित गरेर शील, समाधि, प्रज्ञा र विमुक्तिको बलले उनको धेरै ठूलो दुःखको अवधि घटाइदिनुभयो । अन्यथा उनी अनेक करोडौं वर्षसम्म एक नरकबाट अर्को नरकमा झरेर बस्नु पर्ने थियो ।"

"महाराज ! जस्तै कुनै चतुर वैद्य या शल्यचिकित्सक आफ्नो शक्तिशाली औषधीले कुनै गम्भीर रोग निको पारोस्, त्यसरी नै भगवान्ले उचित कुरो बुझी देवदत्तलाई प्रव्रजित गरेर उनलाई करुणा-बलले तेज धर्मरूपी औषधी दिएर उनको दुःखको धेरै ठूलो अवधिलाई घटाईदिनुभयो । अन्यथा अनेक हजार र अनेक करोड वर्षसम्म एउटा नरकबाट अर्को नरकमा झर्दै रहनु पर्ने थियो । महाराज ! देवदत्तको त्यस ठूलो दुःखको रासलाई घटाएर के भगवान्ले कुनै गल्ती गर्नुभयो ?" "भएन भन्ते ! कुनै पनि र कत्ति पनि गल्ती गर्नुभएन ।" "महाराज ! त्यसो हुँदा तपाईं अब यो कारण बुझ्नुहोस् जुन कारणले गर्दा भगवान्ले देवदत्तलाई प्रव्रज्या दिनुभयो ।"

२६. "महाराज ! एउटा अर्को कारण सुन्नुहोस् जुन कारणले गर्दा भगवान्ले देवदत्तलाई प्रव्रज्या दिनुभयो । महाराज ! जस्तो कि कुनै चोरलाई समातेर राजकर्मचारीहरूले राजाका सामु पुऱ्याएर भनून् – 'देव ! यो चोर हो । यसलाई इच्छानुसार दण्ड दिनुहोस् ।' त्यसमा राजाले भनून् – 'हो ! यसलाई शहर बाहिर लैजाउ र बध्यभूमिमा लगेर यसको टाउको गिंड ।' राजाको हुकुम पाएर तदनुसार राजकर्मचारीहरूले उसलाई बध्यभूमितिर लैजाऊन् । अनि राजाको उच्च अधिकारीले उसलाई देखोस्, जसलाई राजाका तर्फबाट प्रशस्त नाम, धन, र भोग प्राप्त भइसकेको छ, जसका कुरा राजाले पनि सुन्छन् अनि जसले राजावाट केही गराउन सक्छ । चोरलाई देखेपछि उसमा निकै दया उत्पन्न होस् अनि मानिसहरूलाई उसले भनोस् – 'तपाईंहरू पर्खनुस् । यसको टाउको काट्नाले तपाईंहरू के पाउनुहुन्छ ? यसलाई जीवनदान दिनुस् यसका हात वा खुट्टा काटेर यसलाई छाडिदिनुस् । यस विषयबारे म राजालाई भनुँला ।' त्यो अधिकारीको कुरा उनीहरूले मानून् र त्यसै गरून् । महाराज ! तपाईं भन्नुहोस् कि त्यो प्रभावशाली व्यक्ति त्यस चोरको उपकार गर्ने भयो कि भएन ?" "भन्ते ! जब उसले त्यसको ज्यान जोगायो भने के चाहिँ गरेन र !" "महाराज ! त्यस मानिसको हात वा खुट्टा काटिनाले उसलाई जुन दुःख भयो, के त्यसको पाप उसलाई लागेन ?" "भन्ते ! त्यस चोरले त आफ्नै कुकर्मले दुःख पायो । त्यस मानिसले, जसले उसको ज्यान जोगायो – उसको कुनै कुभलो गरेन ।" "महाराज ! त्यसरी नै, भगवान्ले देवदत्तको दुःख घटाउने विचारले उनलाई प्रव्रज्या दिनुभएको थियो । महाराज ! त्यसैले देवदत्तको दुःख घट्यो किनभने, मरणकालमा उनले यस्तो प्रार्थना गरका थिए –

**'इमेहि अट्ठीहि तमग्गपुग्गलं, देवातिदेवं नरदम्मसारथिं ।**
**समन्तचक्खुं सतपुञ्ञलक्खणं, पाणेहि बुद्धं सरणं उपेमी'ति ॥'**

Downloaded from http://www.dhamma.digital

**'म अफ्नो प्राणले बुद्धको शरण लिन्छु, जो उत्तमभन्दा पनि उत्तम देवहरूका देव, देवता र मनुष्य सबैलाई बाटो देखाउने, सर्वद्रष्टा (समन्तचक्खु)[५६] र सय शुभ लक्षणले युक्त छन् ।'**

"यसरी देवदत्त बुद्धको शरणमा गएका हुन् । महाराज ! एक कल्पलाई छ भागमा बाँड्दा पहिलो भागको अन्त हुन लागेको समयमा देवदत्तले सङ्घमा फाटो गरेका थिए । यही कारणले बाँकी पाँच भागसम्म उनी नरकमा रहनेछन् । पछि उनी त्यहाँबाट छुटेर अट्ठिस्सर (अस्थीश्वर) नामका प्रत्येकबुद्ध हुनेछन् । महाराज ! अब भन्नुहोस् कि भगवान् देवदत्तको उपकार गर्ने हुनुभयो कि भएन ?" "भन्ते ! भगवान् देवदत्तका लागि सबै थोक गर्ने हुनुभयो । उहाँले उनलाई प्रत्येकबुद्धको पदसम्म पुऱ्याइदिनुभयो । महाराज ! सङ्घभेदको पापले जुन देवदत्त नरकमा सास्ती पाइरहनुभएको छ, त्यसका लागि के भगवान् कुनै रूपले दोषी ठहरिनुभयो ?" "अहँ भन्ते ! आफ्नै कर्मले देवदत्त कल्पभरि नरकमा रहलान् । भगवान्ले त उनको दुःखको अवधि घटाई दिनुभयो । उहाँ कुनै प्रकारले दोषी ठहरीनुहुन्न ।" "महाराज ! अब तपाईं यो कारणलाई बुझ्नुहोस् जसले गर्दा भगवान्ले देवदत्तलाई प्रव्रज्या दिनुभयो ।"

२७. "महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् जसबाट भगवान्ले देवदत्तलाई प्रव्रज्या दिनुभएको थियो ।" "महाराज ! कुनै मानिसलाई पीप र रगत भरिएको घाउ भएको होस् । त्यसको मासु (घाउ) सड्नाले दुर्गन्ध आएको होस् । घाउबाट पीप बगिरहोस् जसले निकै कष्ट देओस् । त्यो मानिस वात, पित्त, कफ र सन्निपातले पीडित होस् अनि बिस्तार-बिस्तार उसको अवस्था बिग्रेको होस् । अनि कुनै योग्य वैद्य अथवा शल्यचिकित्सक आएर त्यस घाउमा निकै पोल्ने औषधी लगाइदेवस् त्यसबाट घाउ पाकेर तयार भइजावस् । अनि वैद्यले चिरफार गर्ने चक्कुले चिरेर घाउलाई सलाई बालेर पोलिदेओस् र त्यसमा अलिकति नुन छरेर कुनै औषधी लगाइदेवस् । त्यसबाट घाउ निको भएर बिस्तार-बिस्तार भरियोस् अनि त्यो मानिस पूर्ण निरोगी होस् । महाराज ! के त्यो वैद्य या शल्यचिकित्सकले त्यो मानिसको कुभलो गर्ने विचारले उसलाई औषधी लगाइदिन्छ, चिरफार गर्छ, सलाई बालेर पोलिदिन्छ र नुन छर्कन्छ ?" "अहँ भन्ते ! बरु उसलाई निको पारेर उसको भलो गर्ने मनसायले त्यो वैद्यले यस्ता काम गर्छ ।" "महाराज ! उपचार गर्दाखेरि जुन मानिसले कष्ट सहनुपर्छ, यसका लागि के वैद्यलाई दोषी ठहराउन सकिन्छ ?" "सकिन्न भन्ते ! वैद्यले त त्यो मानिसलाई निरोगी तुल्याएर उसको भलो गर्न भनेर नै त उसको उपचार गऱ्यो । यसका लागि उसलाई कसरी दोषी ठहराइन्छ ! उसले त ठूलै पुण्यको काम गऱ्यो ।" "महाराज ! यसरी नै, भगवान्ले माया गरेर देवदत्तको दुःख घटाउन भनी उनलाई प्रव्रज्या दिनुभयो ।"

२८. "महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् जसबाट भगवान्ले देवदत्तलाई प्रव्रज्या दिनुभएको थियो ।" "महाराज ! जस्तो कि कसैलाई काँडा बिझ्यो उसको कुनै हितैषीले उसलाई सन्चो पार्ने विचारले घोचेको काँडाको अगाडि-पछाडि कोतारेर रगत आइरहँदा पनि चक्कुको चुच्चोले त्यो काँडा झिकिदेवस् ।" "महाराज ! त्यसो भए त्यो मानिस उसका कुभलो गर्ने हो भनेर भन्न सकिन्छ ?" "अहँ भन्ते ! ऊ त उसको झन् भलो गर्ने मानिस भयो । कदाचित् उसले काँडा नझिकेको भए त्यो मानिस मर्न पनि सक्थ्यो अथवा मर्न लागेझैं दुःख पाउन सक्थ्यो ।"

"हो भन्ते ! भगवान्ले भवधारामा बगिरहेका देवदत्तलाई पारिपुऱ्याउनुभयो । खराब बाटोमा परेको देवदत्तलाई ठीक बाटो देखाउनुभयो । पहाड़बाट खसिरहेका देवदत्तलाई अड्ने सहारा दिनुभयो । खाडलमा परेको देवदत्तलाई बाहिर झिक्नुभयो ।" "भन्ते नागसेन ! तपाईंजस्ता बुद्धिमान्बाहेक अरू कसले यस्ता कुराहरूलाई बताउन सक्थ्यो !"

---

५६. सर्वज्ञता ज्ञान भएको, सबै कुरालाई जान्न सक्ने । .



Downloaded from http://www.dhamma.digital

# ४. भूकम्पन विषयमा प्रश्न

२९."भन्ते नागसेन ! भगवान्‌ले भन्नुभएको छ – 'भिक्षु हो ! कुनै ठूलो भूकम्पको आठ कारण या प्रत्यय (हेतु) हुन्छ ।[५७] यो सबै ठाउँमा लागू हुने कुरा हो । कुनै यस्तो ठाउँ छैन जहाँ यो कुरो असत्य ठहरियोस् । यसमा कुनै अरू समालोचना गर्न सकिन्न । कुनै ठूलो भूकम्पको यी आठ कारण या प्रत्यय बाहेक नवौं कारण हुन सक्दैन ।' भन्ते ! यदि कुनै नवौं कारण भएको भए भगवान्‌ले सो पनि अवश्य भन्नु हुनेथियो । कुनै नवौं कारण नभएकोले नै भगवान्‌ले भन्नुभएन । तर म ठादन्छु कि एउटा नवौं कारण पनि छ । त्यो यो हो कि वेस्सन्तर राजाले[५८] महादान (सबै थोक दान दिनु) दिंदा पृथ्वीमा सात पटक काँपेको थियो ।" "भन्ते ! (क) यदि कुनै ठूलो भूकम्पको आठ कारण मात्र भएको भए यो कुरो भूटो ठहरिन्छ कि वेस्सन्तर राजाले महादान दिंदा पृथ्वी सात पटक काँपेको थियो, (ख) अनि यदि यो कुरो साँचो हो कि वेस्सन्तर राजाले महादान दिंदा पृथ्वी सात पटकसम्म काँपेको थियो भने, यो कुरो भूटो ठहरिन्छ कि कुनै ठूलो भूकम्पका आठ कारणहरू मात्र छन् । भन्ते ! यो पनि सूक्ष्म भ्रममा पार्ने गम्भीर र समाधान गर्न कठिन दुविधायुक्त कुरो तपाईंको सामु उपस्थित छ । तपाईंजस्ता बुद्धिमान् व्यक्तिबाहेक अर्को कुनै अल्प बुद्धि भएको मानिसबाट यो शङ्का समाधान गर्न सकिन्न ।"

३०. "महाराज ! भगवान्‌ले जे भन्नुभयो – 'भिक्षुहरू ! कुनै ठूलो भूकम्प हुनुका आठ कारणहरू या प्रत्यय हुन्छन् ।' त्यो ठीक हो । वेस्सन्तर राजाले महादान दिंदा जुन सात पटक पृथ्वी काँपेको थियो, त्यो साधारण नियमअन्तर्गत थिएन, संयोगले भएको थियो, अनि बताइएका आठ कारणहरूका अपवादस्वरूप थियो । त्यसैले आठ कारणहरूमा त्यसको गन्ती गरिएन् ।" "महाराज ! मानिसहरू साधारणतः वर्षाका तीन समय मात्र मान्छन् – (१) वर्षा यामको वर्षा (२) जाडो यामको वर्षा र (३) पावुसिक (आषाढ-श्रावण) महिनाको वर्षा । यदि सो बाहेक अरू बेला पानी परेमा मानिसहरू त्यसलाई 'बेमौसमको पानी' भन्दछन्; त्यसलाई साधारण मौसमहरूमा गन्दैनन् ।" "त्यसरी नै महाराज ! वेस्सन्तर राजाद्वारा दिइएको महादानपछि जुन सात पटक भूकम्प भयो, त्यो असमय र उक्त कारणहरूदेखि छुट्टै थियो । अतः यी आठ कारणहरूमा त्यसको गणना गरिन्न ।"

"महाराज ! हिमालय पर्वतबाट पाँच सय नदीहरू निस्कन्छन्, तर तीमध्ये साधारणतया दसवटाको मात्र गन्ती हुन्छ – (१) गङ्गा, (२) यमुना, (३) अचिरवती, (४) सरयू, (५) मही, (६) सिन्धु, (७) सरस्वती, (८) वेत्रवती, (९) वितमसा (व्यास) र (१०) चन्द्रभागा । अन्य नदीहरूको गन्ती यी मध्ये गरिन्न ।" "त्यसो किन ?" "किनभने ती नदीहरू साना र गाध भएकाले ।" "यसरी नै, महाराज ! वेस्सन्तर राजा ।"

३१. "महाराज ! राजाको दरवारमा सय वा दुई सय तिन सय अधिकारीहरू रहन्छन् तर ती मध्ये छ जनाको मात्र गिन्ती गरिन्छ – (१) सेनापति (२) पुरोहित[५९] (३) प्रधान न्यायकर्ता (४) प्रधान कोषाध्यक्ष (५) राजछत्र लिने छत्रधारक (६) अङ्गरक्षक । यिनै छ जनाको गन्ती हुन्छ ।" "त्यसो किन ?" "किनकि यिनीहरू नै राज गुणहरूले युक्त छन् । बाँकीको गन्ती गरिन्न । उनीहरूलाई अधिकारीको नाम मात्र दिइन्छ ।" "महाराज ! यसरी नै, वेस्सन्तर राजाले महादान दिंदा जसै पृथ्वी काँपेको थियो, त्यो

---

५७. महापरिनिब्बाण-सुत्त दी. नि. (नपाली) पृ. २५४को पारा. ४१मा हेर्नु होला ।

५८. वेस्सन्तर जातक' नं. ५४७ ।

५९. प्रधानमन्त्री, हि.मि. ।



Downloaded from http://www.dhamma.digital

साधारण नियमको विपरीत संयोगवश भएको थियो अनि बताइएका आठ कारणहरूको अपवादस्वरूप थियो । त्यसैले ती आठ कारणहरूमा यसको गन्ती गरिएन ।"

३२. "महाराज ! के तपाईंले यसै जन्ममा दृष्टधर्म सुख वेदनीय कर्म (यसै जन्ममा पाईने कर्मको फल) पाएको सुन्नुभएको छ, जसको ख्याति देवताहरूसम्म पनि पुगेको थियो ?" "हो भन्ते ! सुनेको छु । तिनीहरू सात जना छन् ।" "को को ?" "(१) सुमन नामको माली (२) एकसाटक नामको ब्राह्मण (३) पूर्ण नामको ज्यामी (मजदुर), (४) मल्लिका नामकी रानी, (५) रानी गोपाल माता, (६) सुप्रिया उपासिका र (७) पूर्णा नामको दासी (नोकर्नी) । यी सातै जनाले धर्म कर्म गरेका थिए जसको फल यसै जन्ममा प्राप्त भयो र जसको ख्याति देवताहरूसम्म पुग्यो ।"

"महाराज ! के तपाईंले अरू त्यस्ता मानिसहरूका विषयमा सुन्नुभएको छ, जो यसै मनुष्य शरीरका साथ स्वर्ग गएका थिए ?" "हो भन्ते ! उसको विषयमा पनि सुनेको छु ।" "उनीहरू को को थिए ?" "(१) गुत्तिल नामको गन्धर्व, (२) स्वाधीन नामको राजा, (३) निमि राजा, र (४) मान्धाता नामका राजा – यी चार । निकै वर्षपहिले उनीहरूले यो कठिन र ठूलो तप गरेका थिए ।" "महाराज ! के तपाईंले कहिल्यै यस बखत या पहिले कसैले दान दिँदा एक, दुई वा तीन पटक पृथ्वी काँपेको सुन्नुभएको छ ?" "छैन भन्ते ! सुनेको छैन ।" "महाराज ! मैले पनि त्यो पुण्यात्मा वेस्सन्तर राजाको विषयलाई बाहेक अरू कसैले दान दिंदा पृथ्वी काँपेको सुनेको छैन । यद्यपि मैले सबै पुराणहरू पढ़ेको छु, सबै विद्याहरूको अध्ययन गरेको छु, धेरै धर्महरू सुनेको छु, धेरै मुखाग्र गरेको छु, सधैं नयाँ कुराहरूलाई सिक्न भनि धेरै अनुसन्धान गरेको छु, प्रश्नहरू सोध्न र उत्तर दिन तत्परता देखाएको छु तथा आर्चायहरूबाट सिक्दै गर्ने चाहना छ, तैपनि मैले सुनेको छैन कि फलानो मानिसले दान दिंदा एक, दुई वा तीन पटक भुइँचालो गएको थियो । महाराज ! भगवान् काश्यप र शाक्यमुनि – यी दुई बुद्धहरूको समयका बीच कति सयौं तथा हजारौं वर्ष बित्यो होला, यसबीचमा मैले यस्तो कुनै अर्को घटना सुनिन ।"

"महाराज ! पृथ्वी काँप्नु कुनै साधारण कार्य होइन । महाराज ! पुण्यको भारले लादिएर, शुद्ध धर्मको बोझले थिचिएर सम्हाल्न नसक्नाले यो महापृथ्वी हलचल भएर काँप्न थाल्छ । महाराज ! जसरी गाडालाई धेरै भारी बोकाउँदा चक्काको बीचको धुरा र घेरा खस्कन्छ र धुरा भाँचिन्छ, त्यसरी नै पुण्य ··· ।"

"महाराज ! जसरी आकाश आँधी र पानीको वेगले भरिन्छ, बादल हावाको वेगले ठक्कर खाएर गर्जरिन्छन् र कड़कन्छन्, तथा घोर वर्षा हुन्छ; त्यसरी नै वेस्सन्तर राजाको प्रताप र पुण्यको भारलाई सम्हाल्न नसक्नाले पृथ्वीमा हलचल भयो र कम्पन हुन थाल्यो । किनभने, वेस्सन्तर राजाको चित्त न त राग, द्वेष, वा मोहले, न अभिमान, न अविद्या, न पापले, न वैर, न असंतोषले युक्त थियो बरु दानशीलताले भरिपूर्ण थियो । उनले सोचे 'जुन मानिसहरूलाई केही चाहिएमा उनीहरू मछेउ आएर मनचाहेको वस्तु पाएर संतुष्ट हुनेछन् । यसरी उनको मन दानशीलतातर्फ झुकेको थियो । महाराज ! वेस्सन्तर राजाको चित्त यिनै दस कुरामा लागेको थियो – (१) आत्मसंयम, (२) आध्यात्मिक शान्ति, (३) क्षान्ति (क्षमा), (४) संवर, (५) यम, (६) नियम, (७) अक्रोध, (८) अहिंसा, (९) सत्य, र (१०) शुद्धता । महाराज ! विषय-भोगहरू उनले एकदमै छाडेका थिए । उनले भवतृष्णालाई जितेका थिए । उनका सबै प्रयत्न उच्च थिए । महाराज ! उनले स्वार्थलाई सर्वथा त्यागेका थिए । उनी परार्थमा मात्र संलग्न थिए । उनको चित्त यसैमा दृढताका साथ लागेको थियो कि – 'कसरी म सबै प्राणीहरूलाई सुखी, स्वस्थ, धनी र दीर्घजीवी तुल्याउँ ।' महाराज ! उनी दान यस विचारले दिंदैनथिए कि अर्को जन्ममा यसको राम्रो फल पाउँला । दान गरेको पुण्यको सट्टा केही पाउने आशा उनको मनमा थिएन, न उनी कुनै कुरा सुनेर दान



Downloaded from http://www.dhamma.digital

दिन्थे । न आफ्ना छोराछोरीहरूको दीर्घायु उत्तम कुल सुख शान्ति वा यश, कीर्ति पाउने आशाले । सर्वज्ञ ज्ञानका लागि प्रेरित भई उनले यति ठूलो अपरिमित र अद्वितीय दान दिए । सर्वज्ञज्ञान प्राप्त गरेपछि उनले यस्तो उद्‌गार व्यक्त गरेका थिए : –

**'बुद्धत्व पाउनका लागि मैले आफ्नो छोरा जालि, आफ्नी छोरी कृष्णजिना, आफ्नी रानी माद्री सबैलाई मनमा कुनै प्रकारको विचार नलिई दान गरिदिएँ ।'**

"महाराज ! वेस्सन्तर राजा अरूहरूको रिसलाई प्रेमले, अरूहरूको अकुशललाई कुशलले (अरूहरूको कुभलाइलाई उनीहरूको भलाइ गरेर), अरूहरूको कन्जुसीलाई दानले, असत्यलाई सत्यले र सबै पापलाई पुण्यले जित्ने खालका थिए ।"

३३. "महाराज ! वेस्सन्तर राजा धर्मको खोजीमा नै लागी रहन्थ्ये, धर्म नै उनको परम उद्देश्य थियो । जब उनी त्यो महादान दिंदै थिए, त्यस बेला उनको दानशीलताको प्रभावले त्यस वायुमा एउटा चञ्चलता उत्पन्न भयो, जसमा यो पृथ्वी कायम रहेको छ । बिस्तार-बिस्तार त्यो महावायु वेगले चल्न थाल्यो । माथि, तल र सबै दिशाहरूमा पृथ्वी हल्लन थाल्यो । ठूलठूला बलिया रूखहरू हल्लिए । आकाशमा ठूलठूला बादलहरूका समूह आच्छादित भए । धूलोका साथ ठूलो आँधीबेहरी चल्यो । दिशाहरू एकापसमा ठक्कर खान लागे । हुरीबतास बेसरी चल्न थाल्यो । सारा प्रकृतिमा एउटा भीषण कोलाहल उत्पन्न भयो । हावाको झोक्काले पानी बिस्तार-बिस्तार हटन थाल्यो, जसले गर्दा माछाहरू र अन्य जलजीव व्याकुल भए । पानीका ठूलठूला छाल एक-अर्कोसँग ठोक्किन थाले । पानीका सबै सत्त्व प्राणीहरू तर्से । समुद्र बेसरी गर्जन लाग्यो । पानीको भेल उठ्न थाल्यो । समुद्रमा ठूलो हलचल मच्चिनाले असुर, गरुड, यक्ष र नाग त्रासले गर्दा थरथर काँपे – अहो ! यो के हो ! ! के समुद्र उल्टिन्छ !!! हृदय धकधक भएकोले जोगिन खोज्न थाले । पानीमा चञ्चलता उत्पन्न भएकोले पृथ्वी हल्लन थाल्यो; किनकि पृथ्वी त्यसैमा रहेको हुनाले । पहाड़हरूका अग्ला चुचुराहरू र सुमेरु पर्वत निहुरिए । पृथ्वी काँप्नाले सर्प, न्याउरी, बिरालो, स्याल, भालु, हरिण र चरा चुरुङ्गी – यी सबै आकुलब्याकुल भए । निम्न श्रेणीका यक्षहरू रुन थाले; तर उच्च श्रेणीका यक्षहरू खुसी भएर निकै जोडले हाँस्न थाले ।"

३४. "महाराज ! कुनै ठूलो कराहीमा पानी भरेर चूल्होमा बसालौं । त्यसमा आवश्यक चामल राखौं । फेरि, चुल्होमा बलिरहेको आगोले कराहीको पींधलाई तताऔं, त्यसपछि तातो भएर भकभक पानी उम्लन थालोस् । पानी उम्लनाले चामलका दाना माथि तल हुन थालोस् । त्यसमाथि धेरै फोकाहरू उठेर थुप्रै फींज आवस् । महाराज ! त्यसरी नै, वेस्सन्तर राजाले अत्यन्त मन पराएका आफ्ना बस्तुहरू दान दिए, जो दिनु बडो गाह्रो मानिन्छ । उनको दानशीलताको प्रभावले महावायुमा विक्षोभ नभई रहन सकेन । वायु चञ्चल भइदिनाले पानी पनि चञ्चल भयो । अनि पानी चञ्चल भएकोले महापृथ्वी काम्न थाल्यो, मानौं त्यस महादानशीलताको प्रभावले वायु, जल र पृथ्वी तीनवटै छुट्टिए । महाराज ! वेस्सन्तर राजाको त्यो महादानभैं अरू कसैले पनि दान दिएन । महाराज ! यस पृथ्वीमा विभिन्न प्रकारका रत्नहरू छन् – इन्द्रनील, महानील, ज्योतिरस, वैदूर्य, ऊर्मापुष्प, शिरीषपुष्प, मनोहर, सूर्यकान्त, चन्द्रकान्त, वज्र, कज्जोपकमक, स्पर्शराग, लोहिताङ्ग, मसारगल्ल इत्यादि । तर चक्रवर्ती-रत्न[६०] यी सबैभन्दा अमूल्य मानिन्छ । महाराज ! चक्रवर्ती-रत्नले चारैतिर योजनभरि आफ्नो ज्योतिलाई फैलाउँछ । महाराज ! त्यसरी नै, यस पृथ्वीमा आजसम्म जति पनि महादान दिइएका छन् तीमध्ये वेस्सन्तर राजाको महादान असदृष्ट (सर्वश्रेष्ठ) छ । महाराज ! वेस्सन्तर राजाले महादान दिंदा पृथ्वीमा सात पटकसम्म कम्प भएको थियो ।"

---

६०. चक्कवत्ती-सुत्त दी. नि. (नेपाली) पृ. ४२१ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

३५. "भन्ते नागसेन ! बुद्धहरूका कुरा अचम्मका छन्, अद्भुत छन् । क्षान्ति, चित्त, अधिमुक्ति तथा अभिप्रायमा भगवान् तथागत बोधिसत्त्व छँदै अद्वितीय हुनुहुन्थ्यो ।" "भन्ते नागसेन ! बोधिसत्त्वहरूको पराक्रम तपाईंले देखाइदिनुभयो, यस्ता जितेन्द्रियहरूका पारमिताहरूलाई प्रकट गरिदिनुभयो । भगवान्को वीर्यको श्रेष्ठतालाई पनि बताउनुभयो । साधु, भन्ते नागसेन ! तपाईंले प्रशस्त सम्झाउनुभयो ! बुद्धशासनलाई उच्च पारेर देखाउनुभयो । बुद्ध-पारमिताहरूको कीर्तिलाई फिंजाउनुभयो । तिर्थङ्करहरूको मतलाई खण्डन गरी कुर्तकहरूको गाँठोलाई फुकाउनुभयो । सबै झूटा सिद्धान्तहरूलाई उदाङ्गो पारिदिनुभयो । यति जटिल शङ्कालाई प्रष्ट परिदिनुभयो । जङ्गल काटेर सफा पारिदिनुभयो । बुद्धका छोराहरू (भिक्षु) ले आफ्नो मनचिन्ते वस्तु पाए । भन्ते ! तपाईं गणाचार्यहरूमध्ये श्रेष्ठ हुनुहुन्छ । तपाईंले एकदम मनासिब भन्नुभयो । म पनि तपाईंका भनाइलाई स्वीकार गर्छु ।"

## ५. शिवि राजाको आँखादान विषयमा प्रश्न

३६. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ – 'शिवि राजाले याचकहरूलाई आफ्ना आँखा पनि दान दिएका थिए । आफू अन्धो भएपछि पनि उनका आँखाहरू फेरि दिव्य प्रभावले ज्यूँका त्यूँ भए ।'[६१] यो कुरो पत्यारलाग्दो छैन । यसो भन्ने मानिस शङ्कामा पर्न सक्छ । यसो भन्नु गल्ती हो । सूत्रहरूमा भनिएको छ – हेतुसमूल नष्ट भएपछि कुनै हेतु वा आधार नभएमा दिव्यचक्षु उत्पन्न हुन सक्दैन । (क) भन्ते ! यदि शिवि राजाले यर्थाथमा आफ्ना आँखा दान दिएका भए यो कुरो झूटो ठहरिन्छ कि उनका आँखाहरू फेरि दिव्य प्रभाव पर्नाले ज्यूँका त्यूँ भए; र (ख) यदि यथार्थमा उनको आँखाहरू दिव्य प्रभावले देख्न सक्ने भएका भए यो कुरो झूटो ठहरिन्छ कि उनले माग्नेहरूलाई आफ्ना आँखा पनि दानमा दिएका थिए । भन्ते ! यो दुविधायुक्त अल्झेको गाँठोभन्दा पनि वढी अल्झिएको, तीरभन्दा पनि धेरै तिखो र घना जङ्गलहरूभन्दा पनि बढी घना छ । यो तपाईंका सामु प्रस्तुत गरिएको छ । यो शङ्का तपाईंले निवारण गरिदिनुस्, जसबाट विपक्षी मतहरूको झूटो तर्क नचलोस् ।"

"महाराज ! शिवि राजाले माग्नेहरूलाई आफ्ना आँखा दानमा दिए, यसमा तपाईं कुनै पनि शङ्का नगर्नुहोस् । त्यसको सट्टा दिव्य प्रभावले उनका आँखा फेरि ज्यूँका त्यूँ भए, यसमा पनि कुनै शङ्का नगर्नु होला ।" "भन्ते नागसेन ! हेतु एकदमै नष्ट हुँदा र कुनै हेतु वा आधार नरहँदा पनि के दिव्यचक्षु उत्पन्न हुन सक्छ ?" "अहँ महाराज !" "भन्ते ! त्यसो भए त्यो पूर्णरूपले नष्ट भएपछि अनि हेतु वा आधारबाट नहुँदा पनि उनका दिव्यचक्षु फेरि कसरी दुरुस्त भए त ? तपाईं यो कुरो मलाई सम्झाउनुहोस् ।"

३७. "महाराज ! के यस लोकमा सत्य नामको कुनै चीज छ, जसको अनुसार साँचो बोल्ने मानिसहरू आफ्ना सत्यक्रिया गर्छन् ?" "हो भन्ते ! सत्य नामको चीज छ । यसैको भरमा सत्यवादी मानिसहरू पानी पनि पार्न सक्छन्, दन्किरहेको आगो पनि निभाउन सक्छन्; बिषलाई पनि शान्त गर्छन्, र यसरी जे मन लाग्छ, सो गर्न सक्छन् ।" "महाराज ! त्यसो भए यही कुरो शिवि राजाबारे पनि लागू हुन्छ । यो सत्यकै प्रताप थियो कि शिवि राजालाई फेरि आँखा प्राप्त भएको थियो । कुनै हेतु उपस्थित नहुँदा पनि सत्यकै प्रतापले यसो भएको थियो । यहाँ भने सत्यलाई नै त्यसको हेतु सम्झनुपर्ने हुन्छ ।"

६१. सिवि जातक नं. ४९९ ।

Downloaded from http://www.dhamma.digital

"महाराज ! जो ठूलठूला सिद्ध पुरुषहरू छन्, उनीहरूले 'पानी परोस्' यति भन्ने बित्तिकै उनीहरूको सत्य-बलले पानी पर्न थाल्छ । त्यसो हो भने के त्यस बेला आकाशमा वर्षा हुने सबै लक्षणहरू पहिलेदेखी नै रहेका थिए, जसले गर्दा पानी पर्न थाल्छ ?" "होइन भन्ते ! त्यहाँ उनीहरूको सत्य-बल नै पानी पार्ने कारण हुन्छ ।" "महाराज ! यसरी नै शिवि राजाबारे कुनै साधारण प्राकृतिका कारण थिएन; सत्यको प्रताप नै एकमात्र कारण थियो ।"

३८. "महाराज ! जो ठूलठूला सिद्ध पुरुषहरू छन्, उनीहरूले 'आगो निभोस्' यति भन्नासाथ दनदनी बलिरहेको आगोको थुप्रो पनि छिनभरमा निभेर चिसो हुन्छ । त्यसो हो भने के महाराज ! पहिलेदेखि नै यस्तो लक्षण उपस्थित भएको हुन्छ, जसले गर्दा आगोको रास क्षणभरमा नै निभेर चिसो हुन्छ ?" "होइन भन्ते ! त्यहाँ उनको सत्य-बल नै आगो निभ्ने कारण हुन्छ ।" "महाराज ! यसरी नै शिवि राजाका बारे पनि ··· उनको सत्यको प्रताप नै एउटा कारण थियो ।"

३९. "महाराज ! जो ठूलठूला सिद्ध पुरुषहरू छन्, उनीहरूले 'यहाँ हलाहल विष शान्त भइजावस्' यति मात्र भने पनि अत्याधिक तीक्ष्ण विष पनि निस्तेज हुन्छ । त्यसो हो भने त्यो विष निस्तेज हुने लक्षण के पहिलेदेखि रहेकोले हुन्छ ?" "अहँ भन्ते ! उनको सत्यको प्रताप नै यहाँ कारण हुन्छ ।" "महाराज ! यसरी शिवि राजाको विषयमा पनि ··· सत्यको प्रताप नै एकमात्र कारण थियो ।"

४०. "महाराज ! चार आर्य सत्यहरूलाई साक्षात्कार गर्नुको पनि कुनै अर्को कारण हुँदैन । यसै सत्यको आधारमा तिनको पनि साक्षात्कार हुन्छ ।"

"महाराज ! चीन देशमा चिनियाँहरूको एउटा राजा छ । उसले समुद्रलाई बाँध्ने विचारले कहिलेकाहीँ चार महिना बिराएर एउटा सत्य-व्रत पालन गर्दछ । त्यसपछि आफ्नो रथमा सिंहलाई नारेर समुद्रभित्र एक योजनसम्म जान्छ । त्यस बेला उसको रथको अगिल्तिरबाट समुद्रका छालहरू पछि हट्दै जान्छन् । जब त्यो रथलाई फर्काएर ल्याइन्छ त छालहरू फेरि आफ्ना ठाउँमा फर्की आँउछन् । महाराज ! के समुद्रलाई देवता बा मानिसहरूको साधारण बलले बाँधन सकिन्छ ?" "भन्ते ! समुद्रको कुरा छाडौं, एउटा सानो पोखरीको पानीलाई पनि यसरी वशमा ल्याउन सकिन्न ।" "महाराज ! यसैबाट तपाईं सत्यको बल बुझ्नुहोस् ! संसारमा कुनै पनि यस्ता ठाउँ छैन, जहाँ सत्य-बल नपुगेको होस् ।"

४१. "महाराज ! एक दिन पाटलिपुत्र (=पटना, बिहार) मा धर्मराज अशोक आफ्नो गाउँले र शहरका-रैथानेहरू, अधिकारीहरू नोकरहरू र मन्त्रीहरूका साथ गङ्गा नदी हेर्न गए । त्यस बेला गङ्गा नदीमा बाढी आउनाले त्यो पानीले टनाटन भरिएको थियो । त्यो पाँच सय योजन लामो र एक योजन चाक्लो बढेको नदीलाई देखेपछि धर्मराज अशोकले भने – 'के तिमीहरूमध्ये कोही यस्तो छौ जसले गङ्गा नदीको धारलाई उल्टो बगाई देवस् ?' अधिकारीहरूले उत्तर दिए – 'देव ! यस्तो कार्य कसले गर्न सक्छ ?"

"त्यसै बखत विन्दुमती नाम भइकी एउटी गणिका (वेश्या) पनि त्यहीं गङ्गा नदीको किनारमा आएकी थिई । उसले राजाको प्रश्न सुनी । उसले मनमनै भनी – 'म त यस पाटलिपुत्र नगरमा आफ्नो रूपलाई बेचेर बाँच्ने एउटी गणिका हुँ । मेरो जीउपालो निकै तल्लो स्तरको छ । किन्तु तैपनि राजाले मेरो सत्य-बललाई देखून् ।' त्यसपछि उसले आफ्नो सत्य-बल लगाई । उसले सत्य-बल लगाउनेबित्तिकै गङ्गा नदी उल्टो धारमा ठूलो स्वरले गर्जिंदै बग्न थाल्यो । सबै जना छक्क परे ।"

छालहरू एकापसमा ठोकिनाले निकै ठूलो शब्द उत्पन्न भयो । त्यो सुनेरपछि राजाले उदेक मानेर छक्क परी आफ्ना अधिकारीहरूलाई सोधे – 'अहो ! यो गङ्गा नदी उल्टो धारमा कसरी बग्न थाल्यो ?' 'महाराज ! तपाईंको प्रश्न सुनेपछि विन्दुमती गणिकाले आफ्नो सत्य-बल लगाई, त्यसैले गङ्गा



Downloaded from http://www.dhamma.digital

नदी मास्तिर बग्दैछ ।' राजालाई निकै अचम्म लाग्यो । राजा उत्तिखेर स्वयं त्यो गणिका भए ठाउँ गए अनि भने – 'हे (विन्दुमती) ! के साँच्चै तिमीले सत्य-बल लगाउनाले गङ्गा नदी उल्टो धारमा बगिरहेको हो ?' 'हो देव !' राजाले भने – 'तिमीमा सत्य-बल कहाँबाट आयो ? अथवा कसैले तिमीबाट यो सुनेर त्यसै आएर मलाई भनेको हो ? तिमीले कसरी गङ्गा नदीलाई उल्टो धारमा बगायौ ?' उसले भनी – 'महाराज ! आफ्नो सत्य-बलले ।' राजाले भने – 'अरे ! तिमीजस्ती चोरनी, ठगाही, खराब, दुश्चरित्रा, छिनाल, पापिनी, खराबभन्दा खराब काम गर्ने भएकी, कामले अन्धो भएका मानिसहरूलाई लुटेर बाँच्ने स्त्रीमा सत्य-बल कसरी आयो ?' 'महाराज ! तपाईंले एकदम ठीक भन्नुभयो । म ठीक त्यस्तै आइमाई हुँ । तर त्यस्ती भए ता पनि ममा सत्य-बलको यति तेज (प्रभाव) छ कि म त्यसबाट देवताहरू र मानिसहरूसमेत यस लोकलाई पनि पल्टाइदिन सक्छु ।' राजाले भने – 'त्यो सत्य-बल के हो, मलाई भन ।' 'महाराज ! क्षत्रिय होस्, या ब्राह्मण, वैश्य होस् अथवा शूद्र, जोसुकैले मलाई एकपल्ट धन दिन्छ, म उनीहरू सबैलाई समान सम्झेर सेवा गर्दछु । न क्षत्रियहरूलाई ठूलो, न शूद्रहरूलाई सानो ठान्दछु । उच्चनीचको भावलाई चटक्क छाडेर जसले धन दिन्छ, म उसको सेवा गर्दछु । महाराज ! मेरो सत्य-बल यही हो । यसै सत्य-बलले मैले गङ्गा नदीको धार उल्टो बगाइदिएँ ।'

४२. यो कथा भनेर आयुष्मान् नागसेनले भन्नुभयो – "महाराज ! यसरी नै, यस्तो कुनै काम छैन, जो सत्यमा दृढ रहनेहरूबाट गर्न नसकियोस् । शिवि राजाले माग्नेहरूलाई आफ्ना आँखा पनि दिए, अनि उनको सत्य-बलले उनले आँखा फेरि पाए । यो उनको सत्यको प्रताप नै थियो । महाराज ! सूत्रहरूमा यसो भनिएको छ – यस भौतिक चक्षु (आँखा) नष्ट भएपछि र अन्य हेतु वा आधार एकदमै नरहेमा कुनै दिव्यचक्षुको उत्पत्ति हुँदैन – यो कुरा भावनामय चक्षुबारे भनिएको हो । महाराज ! यसलाई यस्तै सम्झनुहोस् ।" "साधु भन्ते नागसेन ! तपाईंले ठीक भन्नुभयो । तपाईंले यो दुविधालाई राम्ररी स्पष्ट गरिदिनुभयो । विपक्षी वक्ताहरूको मुख थुनिदिनुभयो । तपाईंले भन्नुभएको कुरा म मान्दछु ।"

## ६. गर्भावक्रान्ति विषयमा प्रश्न

Dhamma.Digital

४३. "भन्ते नागसेन ! भगवान्ले यस्तो भन्नुभएको छ – 'भिक्षु हो ! तीन कुरा मिलेपछि नै गर्भधारण हुन्छ – (१) आमा-बुबाको मिलन (२) आमाको ऋतुमती अवस्था र (३) गन्धर्व । यी तीनैको मिलनबाट नै गर्भधारण हुन्छ ।'[६२] यो कुरो सबै ठाउँमा लागू हुने हो । कुनै यस्तो ठाउँ छैन जहाँ यो कुरो झूटो ठहरियोस् । यसमा अरू कुनै समालोचना गर्न सकिन्न । यो कुरो अर्हत्‌द्वारा भनिएको हो । उहाँले देवताहरू र मानिसहरूका माझ बसेर भन्नुभएको थियो – दुई (स्त्री र पुरुष) को मिलनबाट नै गर्भ रहन्छ ।' 'दुकूल नामको तापसले पारिका नामकी तापसीको नाइटोमा उनी ऋतुमती भएको बखत आफ्नो दाहिने हातको औंलाले छोएका थिए । त्यति छुनु मात्रले सामकुमार नामको उसको एउटा छोरो जन्म्यो ।' 'मातंग ऋषिले पनि ब्राह्मणकी छोरीको नाइटोमा उनी ऋतुमती भएको बेलामा आफ्नो दाहिने हातको औंलाले छुइदिएका थिए । सोही स्पर्शबाट माण्डव्य नामको उनको एउटा छोरो जन्म्यो । भन्ते नागसेन ! (क) यदि भगवान्ले माथि भन्नुभएको कुरो साँचो हो भने सामकुमार र माण्डव्य यसरी जन्मने कुरो असत्य ठहरिन्छ । (ख) र, यदि भगवान्ले यथार्थमा यसो भन्नुभएको हो कि सामकुमार र माण्डव्य यी दुई केटाहरूको जन्म त्यसरी नाइटोलाई छुँदैमा भएको थियोभने उहाँले, भन्नुभएको कुरा झूटो ठहरिन्छ कि ती तीनवटैको संयोगले नै गर्भधारण हुन्छ । भन्ते ! यो दुविधा पनि बडो गम्भीर र सूक्ष्म

---

६२. अंगुत्तरनिकाय 'तिकनिपात' ।



Downloaded from http://www.dhamma.digital

छ । यो बुद्धिमान्हरू मात्रले बुझ्ने खालको छ । त्यसैले यो दुविधा तपाईंका सामु राखिएको छ । विपक्षी मतहरूको खण्डन गरेर ज्ञानको उत्तम प्रकाशलाई फैलाउनुहोस् ।"

४४. "महाराज ! भगवान्‌ले यो ठीक भन्नुभएको छ – 'भिक्षुहरू हो । तीन कुराहरू मिल्नाले नै गर्भधारण हुन्छ – (१) आमा-बाबुको संयोग (२) आमा ऋतुमती हुनु र (३) गन्धर्व (काम) प्रवेश । यी तीनैवटा मिलनले नै गर्भधारण हुन्छ ।' महाराज ! भगवान्‌ले यो पनि ठीक भन्नुभएको छ कि सामकुमार माण्डव्यको जन्म नाइटोलाई छुँदैमा भएको थियो । भन्ते ! कृपया यसलाई स्पष्ट पारेर मलाई सम्झाउनुहोस् ।" "महाराज ! के तपाईंले पहिले कहिले सुन्नुभएको छ कि सांकृत्य (संकिच्च) कुमार, इसीसिङ्ग (ऋष्यश्रृङ्ग) तापस र स्थविर कुमार काश्यपको जन्म कसरी भएको थियो ?" "हो भन्ते ! सुनेको छु । उनीहरूको जन्मको कुरा कसले जान्दैन ? दुई मृगीहरू ऋतुवती भएको समयमा दुई तपस्वीहरूको पिसाबघर गए अनि ती तपस्वीहरूको पिसाब पिए । त्यसैबाट सांकृत्य कुमार र ऋष्यश्रृङ्ग तापसको जन्म भयो ।" "एक पटक उदायि स्थविर भिक्षुणीहरूको आश्रममा गएका थिए । त्यस बखत उनको चित्तमा काम उत्पन्न भयो अनि उनले भिक्षुणीका गुह्यस्थानहरूको सम्झना गर्न थाले । यसबाट उनको अन्तरवासमा[६३] शुक्रमोचन भयो । त्यसपछि उनले ती भिक्षुणीलाई भने – 'बहिनी ! अलिकति पानी ल्याइदेऊ । म आफ्नो अन्तरवासलाई धुन्छु ।' भिक्षुणीले भनिन् – 'मलाई दिनुहोस । म धोइदिन्छु ।' भिक्षुले आफ्नो लुगा दिए । ती भिक्षुणी त्यस बखत ऋतुमती थिइन्, उनले ती भिक्षुको शुक्रलाई केही मुखमा राखेर निलिन् र केही उनले आफ्नो गुप्ताङ्गमा हालिन् । त्यसैबाट स्थविर कुमार काश्यपको जन्म भयो । मानिसहरू यो कथा यही रूपमा भन्छन् ।"

"महाराज ! तपाईं यसलाई ठीक मान्नुहुन्छ कि हुन्न ?" "हो भन्ते ! यसका लागि एउटा ठूलो प्रमाण छ जसबाट मैले स्वीकार गर्नुपर्छ ।" "त्यो कुनचाहिँ प्रमाण हो ?" "भन्ते ! जब खेत हिलो (थलथले) भएर तयार हुन्छ, त त्यसमा जुन बीउ रोपिन्छ, त्यो निकै छिटो जम्छ हैन ?" "हो महाराज !" "भन्ते ! यसरी नै, ती ऋतुमती भिक्षुणीको कलल अडेको, रगत रोकिएको अनि धातु स्थिर भएको हुँदा त्यो शुक्रलाई कललमा हालिन् । त्यसैबाट उनीमा गर्भ रहन गयो । यही एउटा ठूलो प्रमाण हो ।" "महाराज ! म पनि यो स्वीकार गर्दछु । त्यसो हो भने तपाईं कुमार काश्यपको गर्भधारणबारे भनिने यस कथालाई स्वीकार गर्नुहुन्छ, हैन ?" "हो भन्ते ! स्वीकार गर्छु ।" "साधु महाराज ! तपाईं मेरो बाटोमा आइपुग्नुभयो । तपाईंले जो एक प्रकारले गर्भधारण सम्भव हुने मान्नुभयो त्यसबाट मलाई ठूलो बल प्राप्त भयो । अँ, अब यो भन्नुहोस् कि जो ती दुई मृगीहरूले पिसाब पिउनाले तिनीहरूमा गर्भ रह्यो, त्यसमा विश्वास गर्नुहुन्छ कि गर्नुहुन्न ?" "हो भन्ते ! जेसुकै खाइन्छ, पिइन्छ अथवा चाटिन्छ सबै कललमै जान्छ अनि आफ्नो ठाउँमा आएर बढ्न थाल्छ । भन्ते ! जसरी सबै नदीहरू समुद्रमै गएर मिसिन्छन्, त्यसरी नै जेसुकै खाए पिए वा चाटेमा सो सबै कललमै जान्छ । यसै कारणले म यो पनि मान्दछु कि मुखबाट गएर पनि गर्भधारण हुनसक्दछ ।" "ठीक हो महाराज ! तपाईं त मेरो बाटोमा आइहाल्नुभयो । तपाईं सांकृत्य कुमार र माण्डव्य माणवक तापसको जन्मबारे भनिने कथालाई स्वीकार गर्नुहुन्छ, हैन त ?" "हो भन्ते ! स्वीकार गर्दछु ।"

४५. "महाराज ! साम कुमार र माण्डव्य माणवकको जन्ममा पनि तीनवटै कुरा सम्मिलित छन् । उनीहरूको जन्म पनि माथि उल्लेख भएको सित मिल्छ । म त्यसको कारण भन्छु – 'दुकुल नामको तापस र पारिका नामको तापसी' – यी दुवै जङ्गलमा बस्दथिए । ती दुवैको ध्यान विवेक, उत्तम अर्थको खोजीमा लागिरहन्थ्यो । उनीहरूको तपस्याको तेजले ब्रह्मलोक पनि तात्यो । त्यस बखत स्वयं इन्द्र पनि बिहान बेलुका दुवै समयमा उनीहरूको सेवामा उपस्थित रहन्थे । इन्द्रले उनीहरू दुवैका

६३. भिक्षुले लगाउने लुंगी



Downloaded from http://www.dhamma.digital

विषयमा मैत्री-भावना गर्ने समयमा देखे – 'पछि गएर यी दुवै अन्धा हुनेछन् ।' यो देखेर इन्द्रले ती दुवैसँग भने – "कृपया, तपाईंहरू मेरो एउटा कुरा स्वीकार गर्नुहोस् । मलाई ठूलो इच्छा भइरहेको छ कि तपाईंहरूको एउटा छोरो होस् । त्यस छोरोले तपाईंहरूको सेवा गरेर ठूलो सहारा दिदोहो ।" "'हे इन्द्र ! हामीहरूलाई छोरोसित मतलब छैन । तपाईं यस्तो प्रार्थना नगर्नुहोस् । यसलाई हामी स्वीकार गर्न सक्दैनौं ।" उनीहरूको भलो चाहने इन्द्रले दोस्रो, र तेस्रो पटक पनि भने – "मेरो एउटा कुरो कृपयापूर्वक मान्नुहोस् । तपाईंरूको एउटा छोरो भएमा बडो राम्रो कुरो हुने थियो । उसले तपाईंहरूको निकै सेवा गर्ला अनि बुढेसकालमा धेरै भर हुनेछ ।" तेस्रो पटक पनि उनीहरू दुवैले भने – "ल भयो इन्द्र ! हामीहरूलाई तपाईं अनर्थमा नलगाउनुहोस् । यो शरीर कहिले नष्ट नहुने हो र ? नष्ट हुन्छ, नष्ट हुनु त यसको स्वभावै हो । पृथ्वी टुक्राटुक्रा भएमा पनि, पहाडहरू ढले पनि, शून्य आकाश फाटे ता पनि तथा चन्द्रमा र सूर्य टुक्रा भएर झरेमा पनि हामीहरू सांसारिक काममा फँस्न सक्दैनौं । अब तपाईं हाम्रासामु नआउनुहोस् । तपाईं पाल्नु हुँदा केही विश्वास भएको थियो, तर अहिले थाहा हुन्छ कि तपाईं हाम्रो कुभलो चाहने हुनुहुन्छ ।"

त्यसपछि देवेन्द्रले उनीहरूलाई राजी गराउन नसके ता पनि विनयपूर्वक हात जोरेर भने – "यदि तपाईं मेरो कुरा मान्न तयार हुनुहुन्न भने, यति मात्र गर्नुहोस् कि तापसी ऋतुमती र पुष्पवती भएपछि उनको नाइटोलाई आफ्नो दाहिने हातको औंलाले छुनुहोस् । यति मात्रले पनि उनलाई गर्भधारण हुनेछ । गर्भधारणको लागि यति मात्र पर्याप्त हुनेछ ।" "हो इन्द्र ! म यति त गर्न सक्छु । यसो गर्दैमा हामीहरूको तप भङ्ग हुने छैन ।" यति भनेर स्वीकार गरे ।

"त्यस बखत देवलोकमा एक पुण्यवान् देवपुत्र थिए । आफ्नो पुण्य सिद्धिएकोले त्यहाँ उसको आयु पनि सिद्धिंदैथियो । आफ्नो इच्छाअनुसार जहाँ सुकै ऊ जन्म ग्रहण गर्न समर्थ थियो । उसले इच्छा गरेको भए चक्रवर्ती राजाको कुलमा पनि ऊ जन्मन सक्थ्यो । देवेन्द्रले देवपुत्र भए ठाउँमा गएर भने – "सुन्नुहोस् मारिष ! तपाईंको भाग्य जाग्यो । तपाईंले निकै ठूलो सिद्धि पाउनुभयो । आज म तपाईंलाई एउटा सहायता गर्न चाहन्छु । तपाईंको जन्म निकै राम्रो ठाउँमा हुनेछ । निकै नै अनुकूल कुलमा तपाईं जन्मनु हुनेछ । असल आमाबाबुबाट तपाईंको पालनपोषण हुनेछ । मार्ष ! तपाईं मेरो कुरा मान्नुहोस् ।" दोस्रो र तोस्रो पटक पनि देवेन्द्रले हात जोरेर त्यस देवपुत्रसँग यसरी बिन्ती गरे ।"

त्यसपछि देवपुत्रले भने – "मार्ष ! त्यो कुनचाहिँ कुल हो, जसको तपाईं बारम्बार यति प्रशंसा गर्दैहुनुहुन्छ ?" "दुकूल नामको तापस र पारिका नामको तापसी – यिनीहरूकै कुलको ।"

देवपुत्रले देवेन्द्रको कुरामा चित्त बुझाई स्वीकार गरे – "हुन्छ मार्ष ! तपाईंको जे इच्छा छ त्यही हुनेछ । मार्ष ! म तपाईंले भन्नुभएको कुलमा जन्म लिनेछु । कुन कुलमा जन्म लिऊ – अण्डज या जरायुज या संस्वेदज या औपपातिक (जसको जन्म आमा-बाबुको मिलनबेगर केवल मनःसङ्कल्प मात्रले हुन्छ) कुन कुलमा ?" "मार्ष ! तपाईं जरायुज योनिमा जन्म लिनुहोस् ।" त्यसपछि, देवेन्द्रले उसको जन्मने दिनलाई गनेर दुकूल तापसलाई भने – "फलानो दिन तापसी ऋतुमती र पुष्पवती होलिन्, त्यसो हुँदा त्यस दिन तपाईंले उनको नाइटोमा आफ्नो दाहिने हातको औंलाले छुनु होला ।" "महाराज ! ठीक सोही दिन तापसी ऋतुमती भइन् । देवपुत्र पनि उनको गर्भमा प्रतिसन्धि ग्रहण गर्न तैयार थिए । तापसले पनि तापसीको नाइटोलाई आफ्नो दाहिने हातको औंलाले छोइदिए । छुनेबित्तिकै तीनवटै काम भयो । नाइटोलाई छुँदा तापसीमा काम-राग उत्पन्न भएर आयो । किन्तु नाइटोलाई छुनु मैथुन थिएन । ख्यालठट्टा गर्नु, कुरा गर्नु, आँखा जुधाउनु, आपसमा स्पर्श गर्नु – यस्ता सबै कुराले गर्दा गर्भ रहन जान्छ ।"



Downloaded from http://www.dhamma.digital

४६. "महाराज ! मैथुन क्रिया नगरी यस प्रकारले पनि गर्भधारण हुन्छ । महाराज ! जसरी आगोले टाढा भएर पनि नछोइकनै नै कुनै चिसो वस्तुलाई तातादिन्छ, त्यसरी नै, मैथुन-धर्म सेवन नगरीकनै केवल छोएर मात्र पनि गर्भ रहन जान्छ ।"

४७. "महाराज ! यी चार कुराहरूले गर्भधारण हुन्छ – (१) आफ्नो कर्मको अधीन भएर, (२) योनिको प्रभावबाट, (३) कुलको कारणले (४) प्रार्थनाको वशमा परेर । तर सबै सत्त्व जीवहरूले कर्मको अनुसार नै जन्म लिन्छन् ।" "भन्ते ! कर्मको कारणले गर्दा जीवहरूको गर्भधारण कसरी हुन्छ ?" "महाराज ! ज्यादै पुण्यवान्, मानिसहरू क्षत्रिय, ब्राह्मण, गृहपति, देवता, अण्डज, जरायुज, संस्वेदज अथवा औपपतिक – जुन कुलमा जन्म लिन चाहन्छन्, त्यसैमा लिन सक्छन् । महाराज ! जसरी कुनै ठूला धनी मानिस, जोसँग थुप्रै सुन चाँदी छ, प्रशस्त सम्पत्ति छ र जसका आफन्त पनि धेरै छन्, दास दासी, खेत, गाउँ, नगर वा जिल्ला, जोसुकै लिन चाहेमा दोबर तेबर धन दिएर पनि किन्न सक्छ । त्यसरी नै, धेरै पुण्यवान् मानिसहरू जुन कुलमा जन्म लिन चाहन्छन्, त्यसैमा लिन सक्छन् । यसरी नै, कर्मले गर्दा जीवहरूको गर्भधारण हुन्छ ।" (क)

४८."योनिको प्रभावबाट जीवहरूको गर्भधारण कसरी हुन्छ ?" "महाराज ! कुखुरालाई हावा चल्नाले, बकुल्लालाई बादल गर्जनाले पनि गर्भ रहन जान्छ । देवताहरू गर्भाशयमा जन्म ग्रहण गर्दैनन् । अन्य जीवहरूको जन्म विभिन्न प्रकारले हुन्छ । जसरी महाराज ! भिन्न-भिन्न मानिसहरूको भिन्न-भिन्न प्रकारको ढाँचाकाँचा छ – कोही अगाडि, कोही पछाडि लुगा लगाउँछन्; कोही नाङ्गै डुल्छन्, कोही शिर खौराएर सेतो लुगा लगाउँछन्, कोही फेटा बाँध्छन्, कसैले शिर खौराएर गेरुवा लुगा (काषायवस्त्र= प्रव्रजितले लगाउने वस्त्र) लगाउँछन्, कोही जटा बढाउँछन् र वल्कल (वृक्षको बोक्राद्वारा बनेको पोसाक) धारण गर्दछन्; कोही छालाको लुगा लगाउछन्, कोही मोटो कपड़ा लगाउँछन् – त्यस्तै गरी भिन्न-भिन्न जीवहरू अनेक प्रकारले गर्भधारण गर्दछन् । यसरी नै योनिको प्रभावले जीवहरूको गर्भ धारण हुन्छ ।" (ख)

४९. "कुलको कारणले जीवहरूको गर्भधारण कसरी हुन्छ ?" "महाराज ! अण्डज, जरायुज, संस्वेदज र औपपातिकको भेदअनुसार चारवटा कुल हुन्छन् । आ-आफ्ना कर्मअनुसार जीवहरूले ती-ती कुलमा जन्म लिन्छन् । ती कुलहरूमा उनीहरू जस्तै नै जीवहरू उत्पन्न हुन्छन् । जसरी जति पशु वा पक्षीहरू हिमालयको सुमेरु पर्वतमा पुग्छन्, ती सबै आ-आफ्ना रङलाई छोडेर सुनौलो रङका हुन जान्दछन् । त्यसरी नै, जीवहरू जुन-जुन ठाउँबाट आएर जुन कुलमा उत्पन्न हुन्छन् तिनीहरूजस्तै हुन्छन् । यसरी नै, कुलको कारणले जीवहरूको जन्म हुन्छ ।" (ग)

५०. "प्रार्थनाको प्रभावबाट जीवहरूको गर्भधारण कसरी हुन्छ ?" "महाराज ! कुनै कुनै कुल निपूतो (सन्तान-हीन) हुन्छ । त्यस कुलमा प्रशस्त सम्पत्ति हुन्छ । कुलका सदस्यहरू श्रद्धाप्रसन्न, शीलवान कल्याणधर्मपरायण र तपःपरायण हुन्छन् । त्यस बेला कुनै देवपुत्र आफ्नो पुण्य क्षीण हुनाले देवलोकबाट च्युत हुने हुन्छ । त्यसपछि देवेन्द्रले त्यस कुलप्रति माया गरेर त्यस देवपुत्रसित प्रार्थना गर्छन् – 'हे मार्ष ! तपाईं फलानो कुलमा जन्म लिनुहोस् ।' त्यस देवपुत्रले देवेन्द्रको प्रार्थनालाई स्वीकार गरेर सोही कुलमा जन्म लिन्छन् । महाराज ! जसरी पुण्यको चाहना गर्ने मानिसले कुनै शीलवान् भिक्षुलाई बिन्तीभाउ गरेर आफ्नो घरमा यस निम्ति लैजान्छन् कि उनी आउनाले कुलको कल्याण हुनेछ, यसै गरी इन्द्रले ती देवपुत्रलाई प्रार्थना गरेर त्यस कुलमा लैजान्छन् । यसरी प्रार्थनाको प्रभावबाट पनि जीवहरूको गर्भधारण हुन्छ ।" (घ)

५१. "महाराज ! देवेन्द्रद्वारा प्रार्थना गरिएपछि साम कुमारले पारिका तापसीको कोखमा जन्म ग्रहण गरे । महाराज ! साम कुमार बडो पुण्यवान् थिए । उनको आमाबाबु पनि निकै शीलवान् र


Downloaded from http://www.dhamma.digital

कल्याणकारक थिए । त्यसमाथि पनि प्रार्थना गर्ने स्वयं देवेन्द्रजस्तो योग्य व्यक्ति थियो । यी तीनैको हित चित्त प्रणिधि (प्रार्थना) मिल्नाले साम कुमारको जन्म भयो । महाराज ! कुनै सिपालु मानिसले राम्ररी तयार पारिएको खेतमा बीउ रोपोस् । यदि बीउमा कुनै खोट छैन भने के त्यो बीउ बढ्ने काममा कुनै अड्काउ होला ?" "अहँ, भन्ते ! कुनै रोकावट नभएमा बीउ अवश्य चाँडो बढ्ने छ ।" "महाराज ! यसरी नै, कुनै पनि बाधा नरहनाले र तीनवटैको चित्त प्रणिधिले गर्दा साम कुमारले जन्म लिए ।"

५२. "महाराज ! के तपाईंले पहिले सुन्नुभएको छ कि ऋषिहरूको मनमा रिस उत्पन्न भएपछि रमणीय तथा शोभायुक्त देश पनि नष्ट हुन्छ ?" "हो भन्ते ! यस्तो सुनिन्छ कि दण्डकारण्य, मेध्यारण्य, कालिङ्गारण्य र मातङ्गारण्य यी सबै पहिला मानिसहरूको शोभायुक्त नगर थिए, जो ऋषिहरूको श्रापबाटै जङ्गल भए ।" "महाराज ! यदि ती ऋषिहरूले रिस गर्दा नगरका नगर जङ्गल भइदिन्छन् भने के उनीहरू खुसी भएमा कुनै राम्रो कुरो हुन सक्दैन ?" "हो भन्ते ! अवश्य हुन सक्छ ।" "महाराज ! त यसरी तीन महाबलशाली व्यक्तिहरूको मन मिल्नाले साम कुमारको जन्म भयो । ऋषिको निमित्तले, देवताको निमित्तले र पुण्यको निमित्तले साम कुमारले जन्म लिए । महाराज ! यसलाई यस्तै सम्झनुहोस् । महाराज ! तीन देवपुत्रहरू देवेन्द्रले प्रार्थना गर्दा शुभ कुलमा उत्पन्न भए । ती तीन को-को हुन् ? (१) साम कुमार, (२) महापनाद र (३) कुश राजा । यी तीनै बोधिसत्त्व हुन् ।"

"भन्ते नागसेन ! मैले बुझें कि गर्भधारण कसरी हुन्छ । तपाईंले यसो हुनाका कारणहरू ठीक तवरले सम्झाउनुभयो । अँध्यारोमा बत्ति बालिदिनुभयो । गाँठो फुकाउनुभयो । विपक्षीहरूको उछित्तो गर्नुभयो । तपाईंले जस्तो भन्नुभयो त्यसलाई म मान्दछु ।"

## ७. सद्धर्म-अन्तर्धान विषयबारे प्रश्न

५३. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – 'आनन्द ! मेरो धर्म पाँच सय वर्षसम्म मात्र रहनेछ, साथै आफ्नो परिनिर्वाणको बेलामा सुभद्र नामक परिव्राजकद्वारा सोधिएपछि भगवान्ले यो पनि भन्नुभयो – 'सुभद्र ! यदि भिक्षुगण धर्मअनुसार रहेमा यो संसार अर्हत्हरूबाट कहिल्यै खाली रहने छैन ।' सबै ठाउँमा लागू हुने यो कुरो हो । कुनै यस्तो ठाउँ छैन जहाँ यो झूटो ठहरियोस् । यसमा अरू कुनै समालोचना पनि गर्न सकिन्न । (क) "भन्ते ! यदि भगवान्ले यो ठीक भन्नुभएको भए – 'आनन्द ! मेरो धर्म पाँच सय वर्षसम्म रहन्छ त यो कुरो झूटो ठहरिन्छ कि यो संसार अर्हत्हरूबाट कहिल्यै खाली हुने छैन । (ख) अनि पछि भगवान्ले यही ठीक भन्नुभएको छ कि 'यो संसार अर्हत्हरूबाट खाली हुने छैन', त यो कुरो असत्य ठहरिन्छ कि पाँच सय वर्षसम्म मात्र धर्म रहन सक्नेछ । भन्ते ! यो पनि दोधारमा पार्ने प्रश्न हो । यो तपाईंका सामु राखेको छु । यो प्रश्न गहनभन्दा गहन, कठिनभन्दा कठिन र जटिलभन्दा पनि जटिल छ । यहाँ तपाईं आफ्नो ज्ञान-बल देखाउनुहोस्, जसरी पानीमा बसेर गोहीले देखाउँछ ।"

५४. "महाराज ! भगवान्ले माथिको दुइटै कुरा यथार्थमा भन्नुभएको छ । किन्तु, भगवान्को कुराहरू भाव र शब्दहरू – दुवैमा भिन्न-भिन्न हुन्छन् । यिनमा पहिलो ले यो भन्छ कि बुद्धधर्मको शासन कति दिनसम्म रहला अनि दोस्रो यो कि धर्मको फल कसरी सधैं एक नासले प्राप्त हुन्छ । यी दुवै कुराहरू एक अर्कोदेखि पूर्णरूपले छुट्टाछुटै छन् । जसरी आकाश र पृथ्वी, स्वर्ग र नरक, पाप र पुण्य तथा सुख र दुःख आपसमा एक अर्कोदेखि एकदम पृथक छन्, त्यसरी नै, माथिका दुइटै कुराहरू पनि एक अर्कोदेखि पूर्णरूपले भिन्न-भिन्न छन् ।"



Downloaded from http://www.dhamma.digital

५५. "तै पनि, जसमा तपाईंको सोधाइ अकार्थ नहोस्, म यस विषयमा केही विशेष व्याख्या गरूँला । महाराज ! भगवान्ले जे भन्नुभएको थियो – 'आनन्द ! मेरो धर्म पाँच सय वर्षसम्म रहन्छ, त्यो मात्र शासन टिक्ने अवधि भनिएको थियो – यति वर्षपछि शासन नष्ट हुनेछ; किनकि उहाँले स्पष्ट रूपले भन्नुभएको थियो – 'आनन्द ! यदि महिलाहरू प्रव्रजित नभएका भए मेरो शासन एक हजार वर्षसम्म रहने थियो, तर अब पाँच सय वर्षसम्म मात्र रहने छ ।' महाराज ! यसरी भनेर भगवान्ले केवल शासन टिकाउने अवधि बताउनुभएको हो, धर्मलाई नराम्रो मानेर त्यसको निन्दा गर्नुभएको हो ?" "होइन भन्ते ! निन्दा गर्नुभएको होइन ।" "महाराज ! नष्ट हुने यो निर्देश मात्र थियो । जो बाँकी रहेको छ, त्यो कहिलेसम्म टिक्ला ! यही भन्नुथियो । ठीक त्यसरी नै, जसरी एउटा मानिसले जसको आम्दानी निकै घटेको छ, उसले मानिसहरूलाई भनोस् कि ऊसँग के नै बाँकी रहेको छ र त्यो कहिलेसम्म खप्ला ? यसो भनेर भगवान्ले मात्र धर्म कायम रहने अवधि बताउनुभएको थियो ।"

५६. "फेरि, आफ्नो परिनिर्वाणको समयमा सुभद्र नामको परिव्राजकका श्रमणहरूको साम् प्रशंसा गर्दै भगवान्ले भन्नुभएको थियो – 'सुभद्र ! यदि भिक्षुहरू धर्मअनुसार उचित तवरले रहून, त संसार अर्हत्‌हरूबाट कहिल्यै खाली हुन सक्दैन' – त्यसो हुँदा धर्मको पालन गर्ने फल देखाउनुभएको थियो । शासन परिच्छेद (कुनै वस्तुको स्थिरताको अवधि) र त्यसको प्रतिपत्ति परिदीपन (स्वरूपको वर्णन) – यी दुवैलाई तपाईंले बरोबर गरेर बिर्गानुभयो । तर, यदि तपाईं सोध्नुहुन्छ भने, म सम्झाउन सक्छु कि ती दुवैमा के सम्वन्ध छ ? तपाईं राम्ररी ध्यान दिएर सुन्नुहोस् ।"

**पोखरीको उपमा** – "महाराज ! स्वच्छ र शीतल पानीले भरिएको एउटा पोखरी होस् । त्यसको चारैतिर राम्रो घाट बनेकोहोस् । त्यस पोखरीको पानी घट्न नपाओस्; त्यसमाथि धेरै ठूलो बादलले ढाकोस् । मुसलधारे पानी पर्न थालोस्, त के पोखरीको पानी त्यसबाट घट्ला वा सिद्धिएला ?" "अहँ भन्ते !" "किन ?" "मुसलधारे वर्षा भएको हुनाले ।" "महाराज ! त्यसरी नै, भगवान्ले बताउनुभएको सद्धर्म एउटा पोखरी हो । विनय, शील र पुण्यको स्वच्छ शीतल पानीले यो सर्वदा टन्न हुन्छ । यो स्वर्गभन्दा पनि उच्च रहेर निरन्तर बगी रहन्छ । यदि यसमा बुद्धपुत्र (भिक्षुहरू) ले सदा विनयपालन, शीलरक्षा, पुण्य र पवित्रताको वृष्टि गर्दै रहून्, त यो धेरै दिनसम्म कायम रहने छ । अनि संसार अर्हत्‌हरूबाट खाली रहने छैन । भगवान्को यही अभिप्राय थियो, जब उहाँले भन्नुभएको थियो – सुभद्र ! यदि भिक्षुहरू धर्मानुसार उचित तवरले रहून्, त संसार कहिल्यैं अर्हत्‌हरूबाट खाली हुने छैन ।"

**आगोको उपमा** – "महाराज ! यदि मानिसहरूले आगोको एउटा ठूलो रासमा गुइँठा,[६४] सुकेका काठ र सुकेका पातहरू लगातार हालीरहून् त के आगोको त्यो रास निभ्ला ?" "निभ्दैन भन्ते ! त्यो त झन् दनदनी मुस्लाहरूका साथ बल्नेछ ।" "महाराज ! हो यसरी नै, विनय र शीलको पालन गर्नाले दस हजार लोकहरूभन्दा पनि माथिसम्म भगवान्को दिव्य सद्धर्मको ज्वाला उठ्छ । महाराज ! यसमा यदि बुद्धको छोरा दृढ़ वीर्यताका साथ, ध्यानमा तत्पर भएर, ध्यान-सुखको अनुभव गर्दै तीन प्रकारका शिक्षाहरू[६५]को पालन गर्दै आफूलाई पूर्ण संयमी बनाउन सिकेमा बुद्धशासन धेरै समयसम्म कायम रहने छ । त्यसपछि संसार अर्हत्‌हरूबाट कहिल्यै खाली हुने छैन । महाराज ! भगवान्को यही अभिप्राय थियो ।"

**ऐनाको उपमा** – "महाराज ! कुनै चिल्लो, समतल, राम्ररी सफा पारेर टल्काइएको निर्मल ऐनालाई कुनै चिल्लो र सूक्ष्म गेरुको चूर्णले बारम्बार दलियोस् । के त्यो ऐना दाग र धूलो लागेर मैलो

६४. सुकाएर तयार पारेको गोबरको इन्धन

६५. १. अधिशील, (२) अधिचित्त र (३) अधिप्रज्ञा ।



Downloaded from http://www.dhamma.digital

होला ?" "हुँदैन भन्ते ! त्यो झन् टल्कन थाल्नेछ ।" "महाराज ! यसरी नै एक त बुद्धधर्म स्वयं नै क्लेशरूपी मललाई हटाउनाले निर्मल छ; यदि बुद्ध-पुत्रले आफ्नो विनय-शीलादि गुणहरूले झन् सफा गर्दैरहून् भने, त त्यो धेरै वर्षसम्म खप्न सक्नेछ । संसार अर्हत्‌हरूबाट कहिल्यै खाली हुनेछैन । महाराज ! सोही अभिप्रायले भगवान्‌ले भन्नुभएको थियो ··· । महाराज ! भगवान्‌को धर्मको मूल अभ्यासमै छ । अभ्यास नै त्यसको तत्व हो ।"

"भन्ते ! तपाईं जो भन्नुहुन्छ कि सद्धर्मको लोप हुनेछ, त्यसको तार्त्पय के हो ?" "महाराज ! कुनै धर्मको लोप तीन प्रकारले हुन्छ ।" "कसरी तीन प्रकारले ?" – (१) अधिगम अन्तर्धान (त्यसको ठीक-ठीक अभिप्रायलाई बिर्सनाले), (२) प्रतिपत्ति अन्तर्धान (धर्म अनुसार आचरण नगर्नाले) र (३) लिङ्ग अन्तर्धान (परम्परागत उत्सव-पर्व मनाउनु, भिक्षुहरूबाट शील लिनु आदि) लुप्त भइदिनाले । धर्मको ठीक-ठीक अभिप्रायलाई बिर्सनाले त्यसको पालन गर्नेहरूलाई पनि त्यसको जानकारी हुँदैन । धर्मअनुसार कसैले आचरण नगरेमा पनि शिक्षापदहरूको लोप भएर त्यसको चिन्ह मात्र बाँकी रहन्छ । यो धर्मको परम्परा नष्ट हुन्छ यिनै तीन प्रकारले जुनसुकै धर्मको लोप हुन्छ ।"

"भन्ते नागसेन ! तपाईंले राम्ररी सम्झाउनुभयो । यस गम्भीर दुविधालाई प्रकट गरेर एकदम स्पष्ट देखाईदिनुभयो । गाँठोलाई काटिदिनुभयो । विपक्षका मतहरूको खण्डन गरिदिनुभयो अनि त्यसलाई फिक्का पारिदिनुभयो । तपाईं गणाचार्यहरूमध्ये श्रेष्ठ हुनुहुन्छ ।"

## ८. अकुशलच्छेदन विषयमा प्रश्न

५७. "भन्ते नागसेन ! के भगवान्‌ले बुद्ध भएर आफ्ना सबै अकुशललाई जलाएर सर्वज्ञता प्राप्त गर्नुभएको हो कि, अथवा केही अकुशल रहदा पनि सर्वज्ञ प्राप्त गर्नुभएको थियो ?" "महाराज ! सबै अकुशलहरू (पाप) लाई जलाएर भगवान् बुद्ध हुनुभएको थियो । उहाँमा कुनै पनि अकुशल (पाप) रहेको थिएन ।"

"भन्ते ! के उहाँलाई कुनै शारीरिक कष्ट भएको थियो ?" "हो महाराज ! राजगृहमा भगवान्‌को पाउमा ढुङ्गाको एउटा टुक्रा गडेको थियो । एक पटक उहाँलाई आउँ परेको थियो । पेट गड़बड़ भएको बेलामा जीवक वैद्यले उहाँलाई एक पटक जुलाफ पनि दिएका थिए । एक पटक वायु बिग्रनाले उपस्थापक स्थविर आनन्दले उहाँलाई तातो पानी ल्याएर दिनुभएको थियो ।"

(क) "भन्ते नागसेन ! यदि भगवान्‌ले सबै अकुशल पापलाई जलाएर सर्वज्ञता प्राप्त गर्नुभएको भए यो कुरो झूटो ठहरिन्छ कि उहाँले शारीरिक कष्ट उठाउनुभएको थियो । (ख) यदि उहाँले यथार्थमा यस्तो शारीरिक कष्ट उठाउनु परेको थियो भने यो कुरो झूटो ठहरिन्छ कि उहाँले आफ्ना सबै अकुशलहरूलाई जलाउनु भएर सर्वज्ञ हुनुभएको थियो । भन्ते ! कर्म बिना सुख वा दुखवेदना हुन सक्दैन । कर्मअनुसार नै सुख अथवा दुःख हुन्छ । सबै वेदना कर्मले बनेको हुन्छ । यो पनि एउटा दुविधा तपाईंका सामु राखेको छु । यसलाई खुलस्त पारेर सम्झाउनुहोस् ।"

५८. "होइन महाराज ! सबै वेदनाहरूको मूल कर्म मात्र हुन्न । वेदना हुनुका आठ कारणहरू छन् जसमा पृथक्‌जनहरूले (संसारका सम्पूर्ण जीव) वेदना (सुख-दुःख) भोग्छन् । ती आठ कुनचाहिँ हुन् ? (१) वायु बिग्रनु, (२) पित्तको प्रकोप हुनु, (३) कफ बढ्नु, (४) सन्निपात त्रिदोषज दोष हुनु, (५) ऋतुहरू फेरिनु, (६) खाने पिउने काममा गड़बड़ हुनु, (७) बाहिरी प्रकृतिको अन्य प्रभाव र (८) आफ्ना कर्महरूको फल– यी आठ कारणहरूबाट प्राणीहरूले नाना प्रकारका सुख र दुःख भोग्छन् । महाराज !



Downloaded from http://www.dhamma.digital

यिनै आठ कारणले … । महाराज ! जसले ठान्छन् कि कर्मकै कारणले मानिसहरू सुख-दुःख भोग्छन्, यस बाहेक कुनै अर्को कारण छैन, भनी ठान्नु भूल हो ।" "भन्ते नागसेन ! तैपनि अन्य सात कारणहरूको मूल कर्म नै हो; किनकि ती सबै कर्मले गर्दा नै उत्पन्न हुन्छन् ।"

"महाराज ! कर्मले गर्दा नै दुःखहरू उत्पन्न हुनेहुन् भने ति सबैलाई भिन्न-भिन्न रूपमा विभाजित गर्न सकिन्छ । महाराज ! वायु बिग्रनाका दस कारणहरू हुन्छन् – (१) ठन्डी (सर्दी), (२) गर्मी, (३) भोक, (४) तिर्खा, (५) अतिभोजन, (६) धेरै बेर उभिनु, (७) बढी परिश्रम गर्नु, (८) झटाझट (धेरै गतिले) हिंड्नु, (९) उपक्रम (बाहिरी प्रकृतिको अन्य प्रभाव) र (१०) आफ्नो कर्मको फल । यी दस कारणहरू मध्ये प्रथम नौवटाले पूर्वजन्म वा अर्को जन्ममा काम नगरी यसै जन्ममा काम गर्दछन् । त्यसो हुँदा यसै भन्न सकिन्न कि सबै सुख-दुःख कर्मकै कारणले हुन्छन् । महाराज ! पित्त बिग्रनाका पनि तीन कारणहरू छन् – (१) ठन्डी, (२) गर्मी र (३) कुबेलामा खानु । महाराज ! कफ बढ्नुका तीन कारणहरू छन् – (१) ठन्डी, (२) गर्मी र (३) खानपानमा गडबडी । यी तीन दोषहरूमध्ये कुनै एउटा बिग्रेमा खास-खास कष्ट हुन्छन् । यस्ता भिन्न-भिन्न प्रकारका कष्टहरू आ-आफ्ना कारणबाट उत्पन्न हुन्छन् । महाराज ! यसरी नै, कर्मको फलबाट हुने कष्ट थोरै छन्, धेरै त अर्को कारणले हुने हुन्छ । मूर्ख मानिसहरू ती सबैलाई कर्मकै फलले हुन्छ भन्ने सम्झन्छन् । बुद्धबाहेक अरू कसैले पनि भन्न सक्दैन कि कसको कर्मफल कहाँसम्म छ ।"

"महाराज ! भगवान्‌को पाउमा जुन एउटा ढुङ्गाको टुक्रोबाट काटिएको थियो, त्यसको कष्ट न वायु बिग्रनाले, न पित्त अथवा कफको प्रकोपले किन्तु संयोगले कुनै घटनाबाट त्यसो भएको थियो । महाराज ! केही सय वा हजारौं वर्षदेखि भगवान्‌प्रति देवदत्तको शत्रुता थियो । सोही दुस्मनीबाट उनले पहाड़को ढिस्कोबाट एउटा ठूलो चट्टान भगवान्‌माथि पर्ने गरी गुडाए । तर बीचमा अर्को दुई चट्टान पर्नु जानाले त्यो तिनैमा ठक्कर खाएर भगवान् रहनुभएको ठाउँसम्म आइपुग्नु अगावै रोक्कियो । यसरी ठक्कर खाँदा ढुङ्गाको एउटा टुक्रा उछिट्टिएर भगवान्‌को पाउमा लाग्न जानाले रगत बग्न थाल्यो । महाराज ! भगवान्‌को यो कष्ट या त आफ्नो कर्मको फलबाट वा अरू कसैको कारणबाट भयो होला; अरू कुनै कारणले हुन सक्दैन ।"

"महाराज ! जस्तै खेत अथवा बीऊ असल नहुनाले बाली सप्रन्दैन । महाराज ! त्यस्तै नै आफ्नो कर्मको विपाकले वा अरू कुनै कारणले गर्दा वेदना (कष्ट) उत्पन्न भएको हो ।"

"महाराज ! जस्तै पेटमा केही गड़बड़ या भोजन असल नहुनाले पच्नमा केही कष्ट हुन्छ । महाराज ! त्यसरी नै भगवान्‌को यो कष्ट या त आफ्नो कर्मफलको कारण या कसैले गर्नाले भएको हो अरू कुनै कारणले भएको होइन ।" "त्यसो त महाराज ! कर्मफलले गर्दा अथवा खानपानमा तलमाथि पर्न जानाले भगवान्‌लाई कहिले पनि कष्ट भएको थिएन । हो, बाँकी छ कारणबाट कहिलेकाहीं उहाँलाई कष्ट हुने गर्दथ्यो । तर त्यस्ता कष्टहरूमा यति बल थिएन जसले भगवान्‌को प्राण नै हरण गरून् ।"

५९. "महाराज ! चार महाभूत[६६] हरूबाट बनेको यस शरीरमा सुख र दुःख त भइरहन्छन् ।

महाराज ! आकाशमा माटोको ढिको फ्याँक्दा त्यो जमीनमा आएर खस्छ । त के पृथ्वीप्रति पहिले गरिएको कर्मले गर्दा नै त्यसमाथि यसरी बेगले त्यो (ढिको) खसेको हो ?" "होइन भन्ते ! त्यसमा असल वा खराब कर्महरू के होलान् जसबाट त्यसले सुख वा दुःख भोग्ला ! त्यो पृथ्वीको कर्मको फलबाट होइन किन्तु कसैले मास्तिर मिल्काउनाले नै यसरी आएर झर्छ ।" "महाराज ! यसरी नै, पृथ्वीलाई जस्तै

६६. पृथ्वी, अग्नी, जल, वायु ।



Downloaded from http://www.dhamma.digital

भगवान्लाई सम्झनुपर्छ । जसरी पृथ्वीमा कुनै कर्मफल बिना नै ढिको भएर खस्छ, महाराज ! त्यसै गरी भगवान्को कुनै कर्मफल बिना नै उहाँको पाउमा त्यो ढुङ्गो आएर लागेको थियो ।"

"महाराज ! मान्छेहरू पृथ्वीमा खनजोत गर्छन् । त्यसो हो भने, के पृथ्वी आफ्नो पूर्वकर्महरूको फलले यसरी खनजोत गरिएको हो ?" "होइन भन्ते !" "महाराज ! यसरी नै भगवान्को पाउमा त्यो ढुङ्गो झरेको हो भन्ने सम्झनुपर्छ । भगवान्मा जुन आऊँ परेको थियो, त्यो पनि उहाँको कर्मको फलले होइन बरु सन्निपात (विषमज्वर) भएको हुनाले । भगवान्लाई अरू पनि जुन कष्टहरू भएका थिए ती सबै उहाँको कर्मफलले गर्दा त्यसो भएको नभई बाँकी छ कारणहरूमध्ये कुनै एक कारणले नै भएका थिए ।"

६०."महाराज ! संयुत्तनिकायको मोलियसीवक नामको सूत्रमा[६७] स्वयं देवातिदेव भगवान्ले भन्नुभएको छ – 'सीवक ! संसारमा पित्त कुपित भएर वेदना हुन्छ । स्वयं पनि यो बुझ्न सकिन्छ (कि केही पित्त कुपित भइदिनाले वेदना हुन्छ) र सबै जना यसलाई स्वीकार पनि गर्छन् । सीवक ! जुन श्रमण वा ब्राह्मणहरू यो कुरो स्वीकार गर्दै भन्छन् कि सबै सुख-दुःख र असुख-अदुःख तथा अनुभव आफ्नो कर्मफलले नै गर्दा हुन्छ, उनीहरू आफ्नो ज्ञान र मानिसहरूले मानेको कुरा-दुवैलाई नाघ्छन् । त्यसो हुँदा म भन्छु कि उनीहरूले यसो मान्नु भूल हो । कफ, वायु, सन्निपात ⋯ बाट हुने कष्टहरूबारे पनि यसरी बुझ्नुपर्छ । स्वयं बुझ्न सक्छौ र संसारमा सबै मानिसहरू यो कुरालाई मान्छन् । सीवक ! जुन श्रमण र ब्राह्मणहरू यो स्वीकार गर्दै भन्छन् कि सबै अनुभव – सुख-दुःख वा असुख-अदुःख आफ्नो कर्मफलको कारणले नै हुन्छ उनीहरू आफ्नो ज्ञान र मानिसहरूले बुझेको कुरा – दुवैको अतिक्रमण गर्छन् । त्यसैले म भन्छु कि उनीहरूले यस्तो मान्नु मिथ्या हो ।'

"महाराज ! यसबाट यो निचोड निस्कन्छ कि सबै कष्ट कर्मफलले गर्दा नै भोग्नु पर्दैन । तपाईंले पूर्ण विश्वासपूर्वक यो कुरो मान्नुपर्छ कि भगवान्ले बुद्ध हुनुभन्दा अगावै आफ्ना सबै पापहरूलाई जलाइदिनुभएको थियो ।"

"साधु भन्ते नागसेन ! तपाईं जस्तो भन्नुहुन्छ त्यस्तै म स्वीकार गर्छु ।"

## ९. उत्तरिकरणीय प्रश्न

६१. "भन्ते नागसेन ! तपाईंहरू भन्ने गर्नुहुन्छ कि भगवान्ले जे गर्नु थियो, सो सबै उहाँले बोधिवृक्ष मन्तिर नै भइसकेको थियो । उहाँले अरू केही गर्न बाँकी रहेको थिएन; आफूले गरेको काममा केही अरू थप्नुपर्ने पनि बाँकी रहेको थिएन । साथै, यस्तो पनि सुनिन्छ कि तीन महिनासम्मका लागि उहाँले समाधि लगाउनुभएको थियो । (क) भन्ते नागसेन ! यदि भगवान्ले बोधिवृक्ष मन्तिर नै आफ्नो सबै कर्तव्य पूरा गर्नुभएको भए यो कुरो झूटो ठहरिन्छ कि तीन महिनासम्म उहाँले समाधि लगाउनुभएको थियो । (ख) र, यदि भगवान्ले साँच्चै तीन महिनासम्म समाधि लगाउनुभएको थियो भने, यो कुरो झूटो ठहरिन्छ कि बोधिवृक्ष मन्तिर नै उहाँले आफ्नो सबै कर्तव्य पूरा गर्नुभएको थियो । यदि आफ्नो सबै थोक पक्कै पूरा गर्नुभएको थियो भने समाधि लगाउनको के प्रयोजन ! भन्ते ! जसलाई रोग लागेको छ, उसैलाई औषधी चाहिन्छ । जो निरोगी छ उसलाई औषधी किन चाहियो ! भोका मानिसलाई नै भोजनको खाँचो पर्छ ! जसको पेट भरेको छ, उसले भोजन लिएर के गर्ला ! भन्ते ! यसरी नै जसले आफ्नो सबै थोक पूर्ण गरिसकेको छ भने उसलाई समाधि लगाउन के खाँचो छ ? जसका केही कर्म

---

६७. हेर्नुहोस् सीवक-सुत्त, संयुत्तनिकाय (नेपाल भाषा) पृ. ७७१-२ ।

Downloaded from http://www.dhamma.digital

बाँकी रहेकै छैन उसलाई समाधि लगाउन के आवश्यक ! यो पनि दुविधायुक्त प्रश्न तपाईंको सामु राखेको छु । तपाईंले यसको उचित उत्तर दिनुहोस् ?"

"महाराज ! यी दुइटै कुराहरू ठीक छन् कि भगवान्ले बोधिवृक्षमन्तिर आफ्नो सबै कर्तव्य पूरा गर्नुभएको थियो र यो पनि ठीक हो कि तीन महिनासम्म उहाँले समाधि लगाउनुभएको थियो । महाराज ! समाधिमा धेरै गुणहरू छन् । सबै तथागतहरूले समाधिद्वारा नै बुद्धत्व प्राप्त गरेका हुन् । उनीहरूले बुद्धत्व प्राप्त गरेपछि पनि त्यसका असल गुणहरूको सम्झना गर्दै त्यसको प्रयोग गर्ने गर्दछन् ।"

"महाराज ! कसैले राजाको सेवा गरोस् । ऊदेखि खुसी भई राजाले उसलाई ठूलो बकस (पुरस्कार) दिउन् । त्यस इनामको सम्झना गरेर उसले राजाको सेवा झन् धेरै गरोस् । अथवा कुनै रोगी मानिस वैद्यनिर गई आफ्नो उपचार राम्ररी गराउन उनलाई थुप्रै दानदक्षिणा दिएर उनको सेवा गरोस् । उपचारपछि स्वस्थ भइसक्दा पनि वैद्यले गरेको उपकार सम्झेर फेरि उनको सेवा गरोस् । महाराज ! त्यसरी नै, सबै तथागतहरूले समाधि लगाएर नै बुद्धत्व प्राप्त गरेका हुन् । त्यसैले त उनीहरूले त्यसका गुणहरूको सम्झना गरी उनको सेवन बुद्धत्वप्राप्ति पछि पनि गर्दैरहन्छन् ।"

६२."महाराज ! समाधिका अट्ठाइस गुणहरू छन्, जसलाई देखेर सबै तथागतहरू त्यसको सेवन गर्दछन् । ती अट्ठाइस गुणहरू कुन-कुन हुन् ? ती हुन – (१) आफ्नो रक्षा हुन्छ, (२) दीर्घ जीवन हुन्छ, (३) बल बढ्छ, (४) सबै अवगुणहरू नष्ट हुन्छन्, (५) सबै अपयश मेटिन्छ, (६) यश बढ्छ, (७) असन्तोष (अरति) मेटिन्छ, (८) पूर्ण सन्तोष हुन्छ, (९) भय हट्छ, (१०) निभीर्कता आउँछ, (११) आल्स्याइँ मेटिन्छ, (१२) उत्साह बढ्छ, (१३-१५) राग, द्वेष र मोह नष्ट हुन्छन्, (१६) झूटो अभिमान रहँदैन, (१७) सबै शङ्का (वितर्क) मेटिन्छ, (१८) चित्त एकाग्र हुन्छ, (१९) मन निकै हलौं हुन्छ, (२०) चित्त सदा प्रसन्न रहन्छ, (२१) गम्भीरता आउँछ, (२२) धेरै फाइदा हुन्छ, (२३) नम्रता आउँछ, (२४) प्रीति उत्पन्न हुन्छ, (२५) प्रमोद (हर्ष) हुन्छ, (२६) सबै संस्कारहरूको क्षणिकता थाहा हुन्छ । (२७) पुनर्जन्मबाट छुटकारा प्राप्त हुन्छ (२८) श्रमणभावको वास्तविक फलहरू प्राप्त हुन्छन् । महाराज ! समाधिका यी अट्ठाइस गुणहरूलाई देखेर तथागतहरूले त्यसको सेवन उपयोग गर्दछन् ।"

६३. "महाराज ! आफ्ना इच्छाहरूलाई मेटेर सबै तथागतहरू एकाग्रचित्त हुनुमा जुन प्रीति हुन्छ त्यसैमा लीन हुन समाधि लगाउँछन् । महाराज ! चार कारणहरूबाट तथागतहरूले समाधि लगाउछन् । 'कुनचाहिँ चार कारण ?' ती हुन् – (१) सुखपूर्वक (निरापद) विहार, (२) औधि श्रेष्ठ गुणहरू रहनु, (३) उच्च उद्देश्यहरूको एकमात्र बाटो हुनु र (४) सबै बुद्धहरूद्वारा यसको औधी प्रशंसा गरिनु । यिनै कारणहरूले गर्दा तथागतहरू यसको सेवन गर्दछन् । महाराज ! यस निम्ति होइन कि बुद्धहरूले केही गर्न बाँकी रहेको छ, अपितु समाधिका यस्ता गुणहरू बुझेर नै उनीहरू यसको अभ्यास गर्दछन् ।"

"भन्ते नागसेन ! तपाईंले एकदम ठीक भन्नुभयो । मलाई यो स्वीकार छ ।"

# १०. ऋद्धि बलप्रदर्शनको विषयमा प्रश्न

६४. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – 'आनन्द ! तथागतले चारैवटा ऋद्धिपादहरूको भावना गरिसक्नुभएको हुन्छ, । उहाँले चारैवटाको पूर्ण अभ्यास गरिसक्नुभएको हुन्छ । तिनमा चारैवटाको पूर्ण विस्तार भइसकेको हुन्छ । चारैवटाको आधारमा बुद्ध अचल उभिनुहुन्छ । चारैवटाको अनुष्ठान गरिएको हुन्छ । चारैवटा राम्ररी परिचित भएको हुन्छ अनि तिनको उच्चभन्दा उच्च विकास भइसकेको हुन्छ । आनन्द ! यदि तथागतले इच्छा गर्नुभएमा उहाँ कल्पभरि अथवा बाँकी रहेको कल्पसम्म बाँचिरहन



Downloaded from http://www.dhamma.digital

सक्नुहुन्छ ।' साथै, भगवान्ले यो पनि भन्नुभएको छ – 'आजदेखि तीन महिना ब्यतीत भएपछि परिनिर्वाण प्राप्त गर्नुहुनेछ ।' 'भन्ते नागसेन ! (क) यदि भगवान्ले यो ठीक भन्नुभयो कि बुद्ध … कल्पभरि रहन सक्नुहुन्छ, त तीन महिनाको अवधि तोक्ने कुरा भूटो ठहरिन्छ । (ख) फेरि, यदि तीन महिनाको अवधि तोक्ने कुरो साँचो हो भने, यो कुरो असत्य ठहरिन्छ कि उहाँ कल्प भरि रहन सक्नुहुन्छ । किनकि बुद्ध विना कुनै आधार बाह्रसत्ताइस कुरा गर्नुहुन्न; बुद्धहरूको बोली कहिल्यै अकाद्य हुँदैन; बुद्धहरूको वचन जस्ताको तस्तै पूर्ण हुने खालको हुन्छ । यो पनि एउटा गम्भीर दुविधा तपाईंका सामु प्रस्तुत गरेको छु, जो निकै सूक्ष्म र कठिनताले बुझिने खालको छ । कुतर्कलाई खण्डन गर्नुहोस् एउटा नतिजामा पुग्नुहोस्, विपक्षलाईं परास्त गर्नुहोस् ।"

"महाराज ! बुद्धले दुइटै कुरा ठीक भन्नुभएको छ । यहाँ कल्पको तात्पर्य आयुकल्प (पूर्ण जीवन=अर्थात् १०० अथवा १२० वर्षको जीवन) हो । महाराज ! भगवान्ले यसो आज्ञा गर्नु भएर आफ्नो बल यति छ भनेर भन्नुभएको होइन, किन्तु ऋद्धिबलको यर्थाथमा प्रशंसा गर्नुभएको हो । महाराज ! तथागतले चारैवटा ऋद्धिपादहरूको भावना गरिसक्नुभएको हुन्छ ।"

"महाराज ! जस्तै कुनै राजाको एउटा बडो असल घोडा होस् । त्यो घोडा अत्यन्त छिटो दगुर्ने खालको होस् । राजाले त्यस घोडाको वेगको प्रशंसा गर्नु हुँदै जिल्लाका नोकर चाकरहरू, सिपाहीहरू, ब्राह्मणहरू, गृहपतिहरू र आफ्ना अमात्य, अधिकारीहरूसित खुला दरबारमा बसेर भनून् – 'यदि यो घोडाले चाहेमा एकै छिनमा समुद्रको किनारैकिनार सारा पृथ्वीभरि चक्कर लगाएर यहाँ आउन सक्छ ।' राजाले यहाँ घोडाको प्रशंसा गरेको थोरै हो । यथार्थ घोडामा साँचैनै यस्तै दौडन सक्ने क्षमता छ । महाराज ! त्यसरी नै, भगवान्ले आफ्नो ऋद्धिको बलको प्रशंसा गर्दै त्यसो भन्नुभएको थियो । त्यो पनि तीन विद्याहरू[६८] जान्ने, छ अभिज्ञाहरू[६९] (दिव्यशक्ति) ले युक्त, शुद्ध र क्षीणास्रव अर्हत्‌हरू, देवताहरू र मानिसहरूका माझ भन्नुभएको थियो – 'आनन्द ! बुद्ध चारै ऋद्धिपादहरूको भावना … । आनन्द ! यदि बुद्धले चाहनुभएमा कल्पभरि … रहन सक्नुहुन्छ ।' महाराज ! भगवान्मा त्यो शक्ति साँचै थियो कि उहाँ कल्पभरि … रहन सक्नुहुन्थ्यो । किन्तु उहाँलाई त्यस सभालाई यो शक्ति देखाउनु थिएन । महाराज ! भगवान्मा कायम रहने सबै इच्छाहरू (भव-तृष्णा) नष्ट भइसकेको थियो । उहाँले यसको घरिघरि निन्दा गर्नुभएको छ । भगवान्ले यसो पनि भन्नुभएको छ – 'भिक्षु हो ! जसरी अलिकति मल पनि दुर्गन्ध दिने खालको हुन्छ, त्यसरी नै, संसारमा कायम रहने आंशिक इच्छालाई म नजाती ठान्दछु ।' "महाराज ! जब भगवान्ले संसारमा कायम रहनुलाई मलभन्दा पनि फोहर बताउनुभयो भने, के सोही इच्छामा त्यसै अझै पनि लिप्त रहनु होला ?" "रहनुहुन्न भन्ते !" "महाराज ! त्यसो भए भगवान्ले केवल ऋद्धिबलको उत्कर्षलाई देखाउने अभिप्रायले नै त्यसो भन्नुभएको थियो ।"

"ठीक छ भन्ते नागसेन ! म स्वीकार गर्दछु ।"

**(यस वर्गमा दश प्रश्नहरू छन् ।)**

**पहिलो ऋद्धिबलवर्ग समाप्त ।**

---

६८. तीन विद्या (त्रैविद्य)= (१) पूर्वेनिवास ज्ञान-पूर्वजन्म थाहा पाउने विद्या, (२) दिव्यचक्षु ज्ञान-भौतिक आँखाले भन्दा परको देख्न सक्ने विद्या, (३) आस्रवक्षय ज्ञान-क्लेश मुक्त गर्ने विद्या ।

६९. छ अभिज्ञा= (१) ऋद्धिविध ज्ञान-दिव्य चमत्कार गर्न सक्ने विद्या, (२) दिव्यश्रोत-भौतिक कानले भन्दा परको सुन्न सक्ने विद्या, (३) पूर्वेनिवास ज्ञान-पूर्वजन्मको कुरा थाहा पाउने, (४) चेतोपरिय ज्ञान-अर्काको मनको कुरा जान्न सक्ने विद्या, (५) दिव्यचक्षु ज्ञान-भौतिक आँखाले भन्दा परको देख्न सक्ने विद्या, (६) आस्रवक्षय ज्ञान- क्लेश मुक्त गर्ने विद्या ।



Downloaded from http://www.dhamma.digital

# ४. मेण्डक प्रश्न

### (ख) योगिकथा

## २. अभेद वर्ग

## १. क्षुद्रानुक्षुद्रविषयक प्रश्न

१. "भन्ते नागसेन ! भगवान्‌ले यसो पनि भन्नुभयो – 'भिक्षु हो ! म स्वयं जानेर नै धर्मको उपदेश गर्छु, नजानेर होइन ।'[७०] साथै, विनय प्रज्ञप्तिको बेलामा भगवान्‌ले यो पनि भन्नुभएको छ – 'आनन्द ! मेरो परिनिर्वाणपछि यदि सङ्घले उचित ठानेमा सानातिना नियमहरूलाई परिवर्तन गर्न सक्दछन् ।'[७१] भन्ते नागसेन ! त्यसो हो भने, के सानातिना नियमहरू सम्झने-बुझने नगरेर त्यसै बनाएका थिए, या कुनै आधार बेगर त्यसै खडा गरिएका थिए जो भगवान्‌ले तिनलाई बदल्नुपर्छ भनेर भन्नुभएको थियो ।" "भन्ते नागसेन ! (क) यदि भगवान्‌ले यो ठीक भन्नुभएको हो कि म स्वयं जानेर नै धर्मको उपदेश दिन्छु, नजानेर होइन, त यो कुरा झूटो ठहरिन्छ कि उहाँले बताउनुभएको सानातिना नियमहरूलाई बदल्न अनुमति दिनुभएको थियो ? (ख) र, यदि उहाँले यस्तो अनुमति साँच्चै दिनुभएको थियो भने यो कुरा झूटो ठहरिन्छ कि उहाँ स्वयं जानेर नै धर्मको उपदेश दिनुहुन्थ्यो, नजानेर होइन ? भन्ते ! यो पनि दुविधायुक्त प्रश्न तपाईंका सामु राखेको छु जो निकै सूक्ष्म, निपुण, गम्भीर र गाह्रैसित बुझ्न सकिन्छ । यहाँ तपाईं आफ्नो ज्ञान-बलको परिचय दिएर यसलाई स्पष्ट गर्नुहोस् ।"

"महाराज ! भगवान्‌ले माथिका दुइटै कुरा ठीक भन्नुभएको हो । विनयप्रज्ञप्तिको समयमा जो भन्नुभएको हो – 'आनन्द ! मेरो परिनिर्वाणपछि यदि सङ्घले उचित सम्झेमा सानातिना नियमहरूलाई बदल्न सक्दछ । उहाँले भिक्षुहरूको परीक्षा गर्नका लागि भन्नुभएको थियो कि हेरूँ, यसो भनेर ती सानातिना नियमहरूलाई झिकिदिन्छन् या तिनमा दृढ रहन्छन् ।"

"महाराज ! जस्तो कि कुनै चक्रवर्ती राजाले आफ्ना छोराहरूलाई भनून् – 'प्यारा छोराहरू ! यो ठूलो देश चारैतिर समुद्रसम्म फैलिएको छ । जति सेना हामीहरूसँग छ, यसबाट यति ठूलो देशलाई वशमा राख्न बडो गाह्रो छ । सुन, म मरेपछि सीमापारिका प्रान्तहरूलाई छाडिदिनु ।' महाराज ! त्यसो हो भने के ती राजकुमारहरूले आफ्ना हातमा आएका ती प्रान्तहरूलाई छाड्लान् ?" "अहँ, भन्ते ! राजकुमारहरू त निकै लोभी हुन्छन् । अझ उनीहरूले दोबर या तेबर अन्य प्रान्तहरू पाएमा दखल गर्नेछन्; हातमा आएकोलाई छाड्नु त परै जाओस् ।"

"महाराज ! यसरी नै भगवान्‌ले भिक्षुहरूको जाँच लिन नै त्यसो भन्नुभएको थियो । तर महाराज ! धर्मको लोभले र दुःखबाट मुक्त हुनका लागि भिक्षुहरू अढाईसय नियमहरूको पालन गर्नेछन्; नियमहरूलाई छाडन त परै जाओस् ।

---

७०. धर्मचक्रप्रवर्तन सूत्र ।

७१. महापरिनिर्वाण-सूत्र, दी. नि. (नेपाली) पृ.२८०को पारा.८९ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

"भन्ते नागसेन ! भगवान्ले जे भन्नुभयो – 'सानातिना नियमहरूलाई' सो बुझ्न मानिसहरूलाई बडो गाह्रो पर्छ । मानिसहरू दुविधामा पर्छन् अनि पत्तो पाउन सक्दैनन् कि कुनचाहिँ नियम साना र कुनचाहिँ ठूला छन् । मानिसहरूलाई यसमा ठूलो शङ्का छ ।" "महाराज ! सबै दुक्कट आपत्तिहरू [७२] (विनयको पारिभाषिक शब्द) साना र दुर्भाषित आपत्तिहरू ठूला नियम हुन् । यिनै दुई साना तिना नियम हुन् । महाराज ! पहिले का स्थविरहरूलाई पनि धर्मसभाको बैठकमा यसको निर्णय गर्न एक पटक दोधारमा पर्नु परेको थियो । उनीहरूले पनि यसको सर्वसम्मत निर्णय गर्न सकेका थिएनन् । भगवान्लाई यो पहिले नै थाहा थियो कि यो प्रश्न पछि उठ्ने छ ।" "भन्ते ! आज तपाईंले संसारका सामु यसलाई स्पष्ट गरिदिनुभयो, जसलाई भगवान्ले गुप्त राख्नुभएको थियो । भगवान्ले जान्नुहुन्थ्यो कि पछि गएर त्यस बेलाका परिस्थितिहरूले भिन्दै परिस्थितिहरू ल्याउला, जसमा ती सानातिना नियमहरूलाई पालन गर्नुको कुनै प्रयोजन रहने छैन ।"[७३] यहि सोचेर भगवान्ले सानातिना नियमहरूलाई छाडिदिने वा तिनमा परिवर्तन गर्ने शक्ति; खाँचो परेमा सङ्घलाई दिनुभएको थियो ।"

"भन्ते नागसेन ! भगवान्ले प्रज्ञप्ति गर्नु भएको कुरालाई आज तपाईंले संसारको अगाडि स्पष्ट हुने गरी बताई दिनुभयो ।"

## २. अव्याकरणीय प्रश्न

२. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'आनन्द ! धर्मोपदेश गर्ने काममा अन्य आचार्यहरूभैं बुद्धले केही लुकाएर (आर्चायमुष्टि=रहस्य) राख्नुहुन्न ।'[७४] फेरि स्थविर मालुङ्क-पुत्रले [७५]प्रश्न सोध्दा भगवान्ले केही पनि उत्तर दिनुभएन । यो कुरो दुई कारणहरूबाट मात्र बुझ्न सकिन्छ – (१) या त त्यस प्रश्नको उत्तर थाहा नभएकोले, अथवा (२) बुझेर पनि त्यसलाई लुकाउने विचारले ।" "भन्ते नागसेन ! (क) यदि यो कुरो साँचो हो कि बुद्धले केही नलुकाई धर्मोपदेश गर्नुहुन्छ भने, मालुङ्क-पुत्रको प्रश्नको उत्तर नबुझ्नाले नै भगवान् चुप लाग्नुभयो होला ! (ख) र, यदि त्यसको उत्तर नबुझ्नाले चुप लाग्नुभयो भने त्यो कुरा लुकाउने दोष उहाँलाई लाग्छ । भन्ते ! यो दुविधायुक्त प्रश्न तपाईंको सामु राखेको छु । तपाईं यस विषयलाई स्पष्ट पार्नुहोस् ।"

३. "महाराज ! भगवान्ले यथार्थमा आनन्दलाई भन्नुभएको थियो कि केही नलुकाएर बुद्धले धर्मोपदेश गर्नुहुन्छ र यो कुरो पनि साँचो हो कि मालुङ्क-पुत्रले प्रश्न सोध्दा उहाँले त्यसको कुनै उत्तर दिनु भएन । तर त्यो नबुझ्नाले बा नलुकाउने मनसायले गर्दा होइन ।"

४. "महाराज ! कुनै प्रश्नको उत्तर चार किसिमले दिन सकिन्छ ।" "कुन चार किसिमले ?" (१) कुनै प्रश्नको उत्तर त सोझो प्रकारले सफासँग दिइन्छ, (२) कुनै प्रश्नको उत्तर विभाजित गरेर दिइन्छ, (३) कुनै प्रश्नको उत्तर भने अर्को प्रश्न सोधेर दिन सकिन्छ, (४) कुनै प्रश्नको उत्तर त्यसलाई चटक्क छाडेर दिइन्छ ।"

---

७२. दुक्कट आपत्तिसम्बन्धी हेर्नुहोस्-विनयपिटक ।

७३. भगवान्ले सारा भिक्षु-नियम त्यस समयको रहन-सहन, देश र कालको अनुसार बनाउनुभएको थियो । मानिसहरूको रहन-सहन, देश र काल एकदमै भिन्न हुँदा त्यो नियम कसरी अनुकूल हुन्छ ? हि. मि.- भिक्षु जगदीश कश्यप, पृ.१७८

७४. दीघनिकायको "महापरिनिर्वाण-सूत्र"(नेपाली) पृ.२५०को पारा ३५ हेर्नुहोला ।

७५. मज्झिमनिकाय (नेपाली)"मालुङ्क-सूत्र", पृष्ठ ३८९ ।



Downloaded from http://www.dhamma.digital

१. "कुन प्रकारको उत्तर सोझै र स्पष्ट तवरले दिइन्छ ?" "के रूप अनित्य छ ? के वेदना अनित्य छ ? के संज्ञा अनित्य छ ? के संस्कार अनित्य छ ? के विज्ञान अनित्य छ ? आदि प्रश्नहरूको उत्तर सोझै र स्पष्ट तवरले दिइन्छ ।"

२. "कुन प्रश्नको उत्तर विभाजित गरेर दिइन्छ ?" "के रूप , वेदना ... , संज्ञा ... , संस्कार ... , विज्ञान ... अनित्य छन् ? आदि प्रश्नहरूको उत्तर एक एक गरी प्रश्नोत्तर गरी उत्तर दिइन्छ ।"

३. "कुन प्रश्नहरूको उत्तर अर्को प्रश्न सोधेर दिइन्छ ?" "के यी आँखाले सबै चीज जान्न सकिन्छ ? आदि प्रश्नहरूको उत्तर दिन सकिन्छ ।"

४. "कुन प्रश्नहरूको उत्तर तिनलाई एकदमै छाडेर दिन सकिन्छ ? के लोक शाश्वत (नित्य) छ ? के लोक अशाश्वत छ ? के लोकको कतै अन्त छ ? के लोकको कहीं पनि अन्त छैन ? के लोकको कतै अन्त छ पनि र कतै छैन पनि ? के लोकको न त कतै अन्त छ र कतै छैन पनि ? के जो जीव छ त्यही शरीर हो ? के जीव अर्को हो र शरीर अर्कै ? के तथागत परिनिर्वाणपछि पनि रहनुहुन्छ ? के तथागत परिनिर्वाणपछि रहनुहुन्न ? के तथागत परिनिर्वाणपछि न रहनुहुन्छ र न रहनुहुन्न ? आदि ... ।"

५. "महाराज ! मालुङ्क-पुत्रको प्रश्न यस्तो थियो कि त्यसलाई चटक्क छाडेर नै त्यसको उत्तर ठीक तवरले दिन सकिन्थ्यो । त्यसैले त्यसको उत्तरमा भगवान्‌ले केही पनि भन्नुभएन । र, त्यो प्रश्न यस्तो कसरी थियो कि त्यसको उत्तर त्यसलाई एकदम चटक्क छोडेर नै दिन सकिन्थ्यो, किनभने त्यसलाई बढाएमा कुनै तात्पर्यनै निस्कँदैन । त्यसैलै त्यसलाई एकदमै छोडिदिनु नै बेस थियो । भगवान् बुद्धले विनाकारण नचाहिँदो कुरा बोल्ने गर्नु हुन्नथ्यो ।"

"ठीक छ भन्ते नागसेन ! यो कुरो यस्तै हो । म यसलाई स्वीकार गर्दछु ।"

## ३. मृत्यु-भय विषयमा प्रश्न

Dhamma.Digital

६. "भन्ते नागसेन ! भगवान्‌ले यसो भन्नुभएको छ – 'सबै मानिसहरू दण्डले काँप्छन्; सबैलाई मृत्युदेखि निकै डर लाग्छ ।'[७६] साथै उहाँले यो पनि भन्नुभएको छ – 'अर्हत् सबै डर भयदेखि टाढा भई सकेको हुन्छ ।' भन्ते ! के अर्हत् दण्डदेखि काँप्दैनन् ? र के नरकमा परेका जीवहरू त्यहाँको आगोमा पचेर त्यहाँ मरेपछि महानरक[७७] बाट छुटकारा पाउन पनि डराउँछन् ? भन्ते ! (क) यदि भगवान्‌ले यो ठीक भन्नुभएको हो कि – सबै मानिसहरू दण्डले काँप्छन्; सबै मानिसहरूलाई मृत्युदेखि औधी डर लाग्छ; त यो कुरो झूटो ठहरिन्छ कि 'अर्हत् सबै डर भयदेखि पर हुन्छ ।' (ख) अनि, यदि यो कुरो साँचो हो कि 'अर्हत् डरदेखि छुट्टै रहन्छन्', त यसो भन्न सकिन्न कि सबै जना दण्डदेखि काँप्छन् । भन्ते ! यो दुविधायुक्त प्रश्न पनि तपाईंका सामु राखेको छु ... । तपाईं यसलाई खुलस्त सम्झाउनुहोस् ।

७. "महाराज ! भगवान्‌ले जो भन्नुभएको थियो – 'सबै मानिसहरू दण्डले काँप्छन् , ' यसमा उहाँले अर्हत्‌हरूलाई सामेल गर्नुभएको थिएन । अर्हत्, यस नियमका अपवाद छन् । उनीहरूलाई कहीं डर हुन सक्ला र ? उनीहरूको त डरको सबै कारण नष्ट भइसकेको हुन्छ । भगवान्‌ले त यो केवल त्यस्ता संसारी जीवहरूको बारे भन्नुभएको थियो जो क्लेशले युक्त छन्, जो आत्माको विश्वासमा

---

७६. धम्मपद, दण्डवर्ग ।

७७. महानिरय(महानरक)-वालपण्डितसूत्र, म. नि. ।



Downloaded from http://www.dhamma.digital

अहिलेसम्म अल्झी रहेका छन् र जो सुख-दुःखमा डुबेका छन् । महाराज ! अर्हत्‌हरू आवागमनदेखि पर रहन्छन् भिन्नभिन्न योनिहरूमा जान उनीहरू रोकिन्छन्, उनीहरू फेरि जन्म ग्रहण गर्दैनन् । उनीहरूको तृष्णाका खमाहरू खस्कन्छन्, संसारमा कायम रहने सम्पूर्ण इच्छाहरू हटेर जान्छन्, सबै संस्कारहरू रोकिन्छन्, उनीहरूका लागि पाप र पुण्यको प्रश्न नै रहँदैन, अविद्या नष्ट हुन्छ, विज्ञानमा फेरि उत्पन्न हुने शक्ति रहन्न, सबै क्लेशहरू जलेर जान्छ, लोकधर्म (संसारका विषयहरू) मा उनको गमन रोकिन्छ । त्यसैले, अर्हत्‌हरू सबै भय एकै पल्ट ओइरिए पनि डराउँदैनन् ।"

"महाराज ! जस्तै कुनै राजाका चार अधिकारीहरू होऊन्, जो निकै स्वामिभक्त यशस्वी र विश्वासी पात्र होऊन्, उच्चपद पाएका होऊन् । त्यस बेला कुनै काम आइपरेमा राजाले आफ्नो राज्यका सबै प्रजाजनमा लागू हुने कुनै हुकुम जारी गरून् – 'सबै मानिसहरूले आएर मेरा सामु कोसेली चढाऊनु ।' आफ्ना चार अधिकारीहरूलाई यस कुरोको रेखदेख गर्न आज्ञा दिऊन् । महाराज ! त्यसो हो भने के कोसेली चढाउने कुरोले गर्दा अधिकारीहरूमा भय उत्पन्न हुन्छ ?" "हुँदैन भन्ते !" "त्यसो किन ?" "भन्ते ! उनीहरू त राज्यका सबभन्दा ठूला दर्जामा पुगिसकेका हुन्छन् । उनीहरूले कोसेली चढाउनु पर्दैन । उनीहरू त यस कामबाट छुट्टी पाई सकेका हुन्छन् । उनीहरू बाहेक अरूहरूका लागि त्यो आज्ञा थियो – 'सबै जना आएर मलाई कोसेली चढाऊ ।' महाराज ! यसरी नै भगवान्‌ले अर्हत्‌हरूका लागि यो कुरो भन्नुभएको होइन कि, 'सबै मानिसहरू दण्डले काँप्छन्; सबै जना मृत्युदेखि डराउँछन् । अर्हत्‌हरूको भयको त सबै कारणहरू नष्ट भइसकेको हुन्छ । यस नियमबाट अर्हत्‌हरू अपवादमा रहन्छन् । यो त उनीहरूकै बारेमा भनिएको हो, जसका साथ क्लेश रहेको छ । भगवान्‌ले यो केवल ती क्लेश भएका प्राणीहरूको विषयमा भन्नुभएको थियो ।"

"भन्ते नागसेन ! तर सबै मानिसहरू भन्ने शब्दले कसैलाई पनि अपवाद गर्दैन । यस शब्दको प्रयोगले कोही पनि छुट्‌दैन । आफ्नो भनाइलाई पुष्ट पार्न थप प्रमाण दिनुहोस् ।"

"महाराज ! जस्तै कुनै गाउँको मुखिया (जमीनदार) ले आफ्नो सिपाहीलाई भनोस् – 'गाउँका सबै रैतीहरूलाई मेरासामु तुरुन्त भेला गर ।' सिपाहीले जमीनदारको आज्ञाअनुसार गाउँमा गएर तीन पटक जोडले कराएर भनोस् – 'गाउँलेहरू हो ! सबै जना मालिककहाँ गएर तुरुन्तै भेला होऊ ।' सिपाहीको यो समाचार सुनेर सबै गाउँलेहरू हतार गर्दै जमीनदारनिर भेला भएर भनून् – 'मालिक ! सबै जना आइपुग्यौं अब तपाईं जे भन्न चाहनुहुन्छ सो भन्नुहोस् । महाराज ! 'सबै जना' भन्नाले सबै जेठाबाठा र घरका अगुवाहरू' कै अर्थ निस्कन्छ । 'सबै जना आऊ' भन्नाले पनि गाउँका ठूला र अगुवा नै आउँछन् । जमीनदारलाई पनि यतिमा नै संतोष हुन्छ – यति मात्र मानिसहरू मेरो गाउँमा छन् । तर अरू पनि धेरै मानिसहरू रहन्छन् जो आउँदैनन् । स्त्री, पुरुष, दासी, नोकर, ज्यामी, विरामी, गोठाला आदि यद्यपि आउँदैनन् तथापि तिनीहरूको गन्ती गरिन्न । वयस्क र घरका अगुवाहरूबारे आज्ञा दिइएको हुन्छ । महाराज ! यसरी नै अर्हत्‌हरूलाई भगवान्‌ले भन्नुभएको होइन – 'सबै जना दण्डले काँप्छन्; सबै जनालाई मृत्युदेखी धेरै निकै डर लाग्छ ।' ... डर लाग्ने सबै कारणहरू अर्हत्‌हरूमा नष्ट भइसकेको हुन्छ ।"

८. **चार प्रकारका कुराहरू** महाराज ! भनिएको कुनै कुराको अर्थ चार प्रकारले बुझ्न् सकिन्छ – (१) सावशेष वचनको सावशेष अर्थ हुन्छ=केही यस्तो कुराहरू हुन्छन् जो न व्यापक रूपमा भनिएको हुन्छ न त्यसको अर्थ व्यापक रूपमा बुझिन्छ । (२) सावशेष वचनको निरवशेष अर्थ हुन्छ =केही यस्ता कुराहरू हुन्छन् जो व्यापक रूपमा चाहिँ भनिन्न तर तिनको अर्थ व्यापक रूपमै बुझिन्छ । (३) निरवशेष वचनको सावशेष अर्थ हुन्छ=केही यस्ता कुराहरू हुन्छन् जो व्यापक रूपले त भनिन्छ, तर तिनको अर्थ व्यापक रूपमा बुझ्न सकिन्न र, (४) निरवशेष वचनको निरवशेष अर्थ हुन्छ=केही यस्ता कुराहरू हुन्छन्


Downloaded from http://www.dhamma.digital

जो व्यापक रूपले पनि भनिन्छ र व्यापक रूपले बुझिन्छ । त्यसैले कुनै कुरोलाई बुझ्नु भन्दा पहिले त्यसलाई ती-ती अर्थमा विभाजित गर्नुपर्छ ।"

"महाराज ! कुनै कुराको ती अर्थमा पुग्न त्यसलाई पाँच प्रकारले विभाजन गर्नुपर्छ – (१) भन्नुभन्दा पहिले पछिल्लो प्रसङ्ग हेरेर, (२) भनिएको कुरालाई जोखेर, (३) भन्ने मानिसका आर्चायहरूका परम्परा बुझेर, (४) भन्नुपर्ने उद्देश्य के हो, त्यसलाइ बुझेर अनि (५) त्यस कुराका प्रमाणहरू हेरेर ।"

(१) 'भन्नुको पहिले पछिल्लो प्रसङ्ग देखेर' को अर्थ हो सूत्रहरूमा त्यो कुरो कहाँ र कहिले भनिएको हो, त्यसमा विचार गरेर ।'

(२) 'भनिएको कुरोलाई जोखेर'को अर्थ हो – त्यसलाई अन्य सूत्रहरूसँग मिलाएर (दाँजेर) ।'

(३) 'भन्ने मानिसका आचार्यको परम्परालाई बुझेर' – किनभने भिन्न-भिन्न परम्पराहरूका भिन्न-भिन्न सिद्धान्त प्रचलित हुन्छन् ।'

(४) 'भन्नुपर्ने उद्देश्य के हो, त्यसलाई बुझेर' अर्थात्, भन्ने मानिस कुन विचारले यस्तो भन्दैछ, त्यसलाई बुझेर ।'

(५) 'त्यस कुराका प्रमाणहरू लाई हेरेर' को अर्थ हो – माथिको चार कुराहरू दृष्टित गरेर । महाराज ! यसरी अर्थ बुझनुपर्छ, त्यहीबाट नै प्रश्नको निस्कर्षमा पुगिन्छ ।'

९. "बडो बेस, भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु । 'अर्हत्हरू त्यस नियमका अपवाद मानिन्छन्' – सो म स्वीकार गर्दछु । अर्को कुरो – मानिसहरूलाई नै डर लाग्छ ।"

"भन्ते ! अब यो कुरो बताउनुहोस् कि के नरकमा परेका जीवहरू पनि मरेर त्यहाँबाट छुटकारा पाउन डराउँछन् ? ती जीवहरू जो नरकका तीक्ष्ण कटु दुःख भोगी रहेका छन्; जसका सबै अङ्ग-प्रत्यङ्ग जली रहन्छन्, अत्यन्त करुणपूर्वक रुनाले जसको मुख राता-पहेंलो भइरहेको हुन्छ, जो आफ्ना कटु दुःख सहन गर्न असमर्थ भइरहेका हुन्छन्, जसको कुनै त्राण छैन, जसको कतै सुरक्षा छैन, जो निकै शोकमा रहेका छन्, जसको झन् बढी दुर्गति हुने भएको छ, जसको शोकैशोक मात्र बाँकी रहेको छ, जो तातो तीक्ष्ण र जल्दोबल्दो आगोका ज्वालामा सल्किरहेका हुन्छन्, जुन नरकमा घोर भयङ्गर उच्च शब्द आइरहेको हुन्छ, जो आगोको ज्वालाको मालाले सबैतिर बेरिएका हुन्छन् – जुन आगोको ज्वाला चारैतिर सय योजनसम्म फैलिएको छ ?" "हो महाराज ! ती जीवहरूलाई पनि मृत्युदेखि डर लाग्छ ।"

१०. "भन्ते नागसेन ! नरकमा त निश्चय नै दुःखैदुःख भोग्नुपर्छ । त्यसो भए ती जीवहरू मरेर त्यहाँबाट छुटकारा पाउन पनि किन डराउँछन् ? के उनीहरूलाई नरक पनि यति प्यारो हुन्छ ?" "होइन महाराज ! उनीहरूलाई नरक प्यारो हुन्न । उनीहरू त्यहाँबाट छुटकारा पाउन बडो चिन्तित हुन्छन् । मृत्युको नाम मात्रले एउटा यस्तो आतङ्ग फैलिन्छ जसले गर्दा उनीहरूलाई ठूलो डर उत्पन्न हुन्छ ।" "भन्ते नागसेन ! मैले यो कुरो बुझ्न सकिन कि त्यहाँबाट छुटकारा पाउन आतुर भएर पनि उनीहरूलाई मर्न डर लाग्छ । यो त उनीहरूका लागि निकै आनन्दको कुरो हुनुपर्छ कि उनीहरू जे चाहन्छन्, त्यही प्राप्त भइरहेछ । मलाई कुनै अर्को प्रमाण दिएर सम्झाउनुहोस् ।"

(क) "महाराज ! मृत्यु एउटा यस्तो चीज हो जसबाट अज्ञानीहरूलाई सदा डर लागिरहन्छ । यसबाट तर्सेर मानिसहरू विचलित हुन्छन् । महाराज ! जुन मानिसहरू कालो सर्पदेखि तर्सन्छन्, उनीहरू मृत्युकै भयले, जो हात्ती, सिंह, बाघ, चितुवा, ब्वाँसो, भालु, जंगली भैसी (अर्ना) गोरु, आगो, पानी, काँडा, भाला र तीरदेखि डराउँछन्, उनीहरू मृत्युको भयले नै । महाराज ! मरणको भय नै यस्तो छ । त्यही



Downloaded from http://www.dhamma.digital

भयमा आएर उनीहरू (जोसँग क्लेश छ), मर्नलाई अति डराउँछन् । यसै कारण नरकमा परेका जीवहरू पनि जो त्यहाँबाट छुटकारा पाउन सदा चिन्तित रहन्छन् – मरणको नामले डराउँछन् ।"

(ख) "महाराज ! कुनै मानिसको शरीरमा पीपले भरिएको एउटा घाउ होस् । ऊ त्यसको पीड़ाबाट निकै दु:खी भएको होस, उपचार गराउन कुनै वैद्य वा शल्यचिकित्सकलाई बोलाए । त्यो वैद्यले उसको जाँच गरेर उपचार गर्न भनी तयारी गर्न थालोस् – चिरफार गर्न चक्कुलाई सफा गर्न थालोस्, डाम्न भनेर सुइरो आगोमा पोल्न गलाओस्, अथवा खलमा नुनको ढिको पिसाउन लगाओस् । महाराज ! त त्यो रोगीलाई चिरफार गर्ने, तातो सुइरोले डाम्ने र नुनिलो नुनको छिटा पर्नाले डर हुन्छ कि हुन्न ?" "हो भन्ते ! अवश्य डर हुनेछ ।" "महाराज ! आफ्नो रोगको उपचार गराउने इच्छा भए पनि कष्ट हुनेछ भनेर उसलाई निकै डर लाग्न थाल्छ । महाराज ! यसरी नै, नरकमा परेका जीवहरूलाई त्यहाँबाट छुट्कारा पाउनका लागि चिन्तित रहे पनि, मरणको भय कायमै रहन्छ ।"

(ग) "महाराज ! जस्तो कि कुनै राज-अपराधीलाई हतकडी र नेल लगाएर कालकोठरीमा थुनियोस् । त्यो दण्डबाट छुटकारा पाउन ऊ निकै व्याकुल होस् । त्यसपछि मुक्त गर्न भनी अधिकारीले उसलाई डाकोस् । महाराज ! त के त्यस अपराधीलाई आफ्नो अपराधको सम्झना गरेर अधिकारीछेउ जान डर लाग्दैन र ?" "हो भन्ते ! उसलाई डर लाग्छ ।" "महाराज ! त्यसरी, नै नरकमा परेको जीवहरूलाई त्यहाँबाट छुटकारा पाउन चिन्तित रहँदा पनि मरण-भय कायमै रहन्छ ।"

११. "भन्ते ! एउटा अर्को उदाहरण दिएर सम्झाउनुहोस् कि मलाई अझ बढी स्पष्ट होस् ।

(घ) "महाराज ! कुनै मानिसलाई एउटा विषालु सर्पले डसोस् । त्यस विषको विकारले गर्दा ऊ पछारियोस् अनि भुइँमा ढलीमली गरोस् । त्यसपछि, कुनै विषबैद्यले आफ्नो मन्त्रबलले त्यो सर्पलाई विष चुस्न भनी डाकोस् । महाराज ! दोस्रो पटक सर्पलाई आफ्नो विषलाई चुसेर स्वस्थ गर्न भनेर नै आउन लागेको देखेपछि के त्यो उसलाई डर लाग्दैन होला र ?"

"हो भन्ते ! अवश्य डर लाग्छ ।"

"महाराज ! यसरी नै नरकमा परेका जीवहरूलाई त्यहाँबाट छुटकारा पाउनका लागि सुर्ता गरिरहँदा पनि मृत्यु हुने डर लागिरहन्छ ।"

"ठीक हो भन्ते नागसेन ! तपाईले भन्नुभएको एकदमै ठीक छ ।"

## ४. मृत्युपाशबाट मुक्ति विषयमा प्रश्न

१२. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ कि : –

**न अन्तलिक्खे न समुद्दमज्झे, न पब्बतानं विवरं पविस्सस ।**
**न विज्जती सो जगतिप्पदेसो यत्थ ठ्ठितो मुच्चेय्य मच्चुपासा'ति ॥**[७८]

**'न आकाशमा, न समुद्रमा, न पहाडका गुफाहरूमा लुकेर,**
**संसारमा कतै पनि यस्तो ठाउँ छैन, जहाँ लुकेर मृत्युको हातबाट जोगिन सकोस् ।'**

७८. धम्मपद, पापवर्ग (१३) ।


Downloaded from http://www.dhamma.digital

"साथै भगवान्ले परित्राण[७९] (रक्षा) को पनि उपदेश दिनुभएको छ । जस्तै, (१) रतनसुत्त, (२) मोरसुत्त, (३) खन्धपरित्त, (४) मोरपरित्त, (५) धजगपरित्त, (६) आटानाटियपरित्त र (७) अङ्गुलिमालपरित्त ।

(क) "भन्ते नागसेन ! यदि माथि आकाशमा पनि उडेर, तल समुद्रका माझमा डुबुल्की मारेर, ठूलठूला भवनहरूमा चढेर, कन्दराहरूमा, गुफाहरूमा र पहाड़का भीरहरूमा गए पनि मृत्युका हातबाट जोगिन सकिन्न भने, परित्राण-देशना झूटो ठहरिन्छ । (ख) र, यदि परित्राण देशना गर्नाले मृत्युका हातबाट फुत्किइन्छ भने, 'न माथि आकाशमा' इत्यादि जो भनियो त्यो झूटो ठहरिन्छ । यो पनि दुविधायुक्त प्रश्न तपाईंका सामु ··· ?"

१३. "महाराज ! भगवान्ले यो साँचो भन्नुभएको छ : –

**'न आकाशमा, न समुद्रमा, न पहाडका गुफाहरूमा लुकेर,**
**संसारमा कतै पनि यस्तो ठाउँ छैन, जहाँ लुकेर मृत्युको हातबाट जोगिन सकोस ।'**

"साथै भगवान्ले परित्राणको पनि उपदेश दिनुभएको छ । किन्तु यो उनीहरूका लागि मात्र हो, जसका लागि केही समय बाँच्नु अझै बाँकी रहेको छ, जसको आयु लामो छ र जसले पापकर्मबाट आफूलाई रोकिराख्छन् । महाराज ! जसको आयु सिद्धियो, उनीहरूलाई बचाउन न कुनै मन्त्र छ, न कुनै तन्त्र ।"

"महाराज ! जस्तै सुकेको ओइलिएको, फिक्का भईसकेको र पूर्णतया निर्जीव भएको रूखमा हजारौं गाग्रो पानी हाले पनि पुनः हरियोपरियो र लहलहाउँदो पार्न सकिन्न, त्यसरी नै या त उपचार गरेर या परित्राण-देशना गरेर आयु सकिएकाहरूलाई बचाउन सकिन्न । महाराज ! संसारमा जति जड़ीबुटीहरू छन्, आयु सिद्धिएका मानिसहरूका लागि ती सबै व्यर्थ छन् । महाराज ! परित्राण तिनै व्यक्तिहरूको लाभका लागि हुन्छ, जसलाई केही समय बाँच्नु बाँकी छ, जसको आयु धेरै छ र जो आफूलाई नराम्रा काम गर्नबाट रोकीराख्छन् । त्यसैले भगवान्ले परित्राणको उपदेश दिनुभएको थियो ।"

"महाराज ! जसरी पाकेको र सुकेको धानलाई कृषकले भकारीमा (धान एकत्र गर्ने ठाऊँ) एकत्र गरेर पानीबाट जोगाउँछ, तर जब धानको खेतमा हरिया बोटहरू छँदा नै उम्रेर आउँदा, बादल छाएको बेला र पानी पर्दा किसानले त्यसलाई बारम्बार पानी पटाउँछ । महाराज ! त्यसरी नै जसको आयु समाप्त भइसकेको छ, उनीहरूका लागि परित्राण-देशना व्यर्थ छ; किन्तु जसलाई अहिले बाँच्नु अझै बाँकी छ र जसको आयु लामो छ, उनीहरूलाई परित्राण-देशनाबाट अवश्य लाभ हुन सक्छ ।"

"भन्ते नागसेन ! जसको आयु पूरा भएको छैन, उनीहरू त रहन्छन् नै तर जसको आयु पूरा भइसकको छ, उनीहरू मरिहाल्छन् । अनि ती औषधी या परित्राण व्यर्थ सिद्ध हुन्छ ?" "महाराज ! के तपाईंले कहिले कुनै रोग औषधीले निको भएको देख्नुभएको छ ?" "हो भन्ते ! सयौं पटक ।" "महाराज ! त्यसो भए तपाईंले यसो भन्नु गलत हो कि औषधी या परित्राण व्यर्थ छन् ।"

"भन्ते ! वैद्यहरूलाई त हामीहरू औषधि खुवाउने र मलम लगाउने गरेको देख्छौं त्यस उपचारबाट त रोगी स्वस्थ हुन्छ नै ।" "महाराज ! परित्राण-देशना गर्दा पनि हामीहरू शब्द सुन्छौं । जिब्रो सुक्छ, हृदयको गति मन्द हुन्छ, घाँटी बस्छ । हामीहरू यस्ता सबै काम देख्छौं । यसबाट गर्दा उनीहरूको सबै कष्ट मेटिन्छ, सबै उत्पात साम्य हुन्छ । महाराज ! के तपाईंले कहिले सार्पले डसेको

---

७९= कुनै रोग वा सङ्कटको निवारण गर्न बौद्ध भिक्षुहरूद्वारा गरिने त्रिपिटकका विशिष्ट सूत्रहरूको पुण्य-पाठ ।



Downloaded from http://www.dhamma.digital

मानिसलाई झारफुक गर्दै, विषलाई झारदै र पानीको छिंटा दिँदै गरेको देख्नुभएको छ ?" "देखेको छु भन्ते ! अचेल मानिसहरू यसो गर्छन् ।" "महाराज ! अनि त यो कुरो झूटो ठहरिन्छ कि औषधी या परित्राणबाट केही पनि हुन्न ।"

**परित्राणको माहात्म्य** "महाराज ! परित्राणबाट डस्न आएको सर्पले पनि डस्न सक्दैन-उसको मुख नै थुनिन्छ । चोरहरूले चलाएको लट्ठीले पनि हिर्काउन सक्दैन – उनीहरूले लट्ठीलाई मिल्काएर प्रेम गर्न थाल्छन् । पागल हात्ती पनि नजिक आएर रोकिन्छ । दनदनी बलिरहेको आगोको रास छेउमा पुगे पछि निभ्छ । खाएको हलाहल विषले पनि केही नोक्सान गर्दैन बरु एउटा खानेकुरा भइदिन्छ । हत्यारा मारिदिने विचारले आएर पनि जल्लादहरू आफ्ना नोकरहरू जस्तै नम्र हुन्छन् । जालमा परे पनि जालमा फँस्दैन ।"

**'मोरपरित्तको' कथा** "महाराज ! के तपाईले सुन्नुभएको छैन कि परित्राण गर्नाले सात सयवर्षसम्म पनि व्याधाहरूले एउटा मुजुरलाई जालमा फँसाउन सकेनन्; तर परित्राण गर्न छाडिदिंदा भने त्यही दिन त्यो जालमा फँस्यो ?"[८०] "हो भन्ते ! यस्तो सुनिन्छ । उसको प्रसिद्धि देवताहरूसहित सारा लोकमा फैलिएको छ ।" "महाराज ! त तपाईंको यो भनाइ असत्य ठहरिन्छ कि औषधी वा परित्राणबाट केही हुन्न भनेर ।"

१४. **दानवको कथा** "महाराज ! के तपाईंले कहिले सुन्नुभएको छ कि आफ्नी स्वास्नीलाई जोगाएर राख्न उनलाई एउटा ढक्कीमा थुनेर दानवले त्यसलाई निलेको थियो । अनि त्यसलाई आफ्नो पेटमा हालेर हिंड्थ्यो । तैपनि एउटा विद्याधर उसको मुखबाट भित्र गएर त्यस स्त्रीसँग रति गर्ने गर्दथ्यो । दानवले यो पत्तो पाउनासाथ उसले ओकल्यो अनि त्यसलाई खोलेर हेर्न थाल्यो । ढक्की खुल्नेबित्तिकै विद्याधर भाग्यो ।" "हो भन्ते ! मैले यस्तो सुनेको छु । यो कुरा पनि देवताहरूसहित सबै लोकमा फैलिएको छ ।" "महाराज ! परित्राणको बलले नै त त्यो विद्याधर पक्राउ पर्नुबाट जोगियो ?" "हो भन्ते !" "महाराज ! अनि परित्राण-देशना गर्नाले धेरैफल प्राप्त हुन्छ ।"

**विद्याधरको कथा** "महाराज ! के तपाईंले यो पनि सुन्नुभएको छ कि अर्को विद्याधर काशी नरेशको अन्तःपुरमा पसेर पटरानीसँग रति गर्दा गर्दै पक्राउ परेको थियो । अनि पक्राउ परेपछि आफ्नो मन्त्रबलले अदृश्य भयो ।" "हो भन्ते ! यो कथा पनि मैले सुनेको छु ।" "महाराज ! त्यो विद्याधर पनि परित्राणकै बलले त यसरी भाग्न सक्यो ?" "हो भन्ते !" "महाराज ! त्यसो भए परित्राणमा अवश्य बल छ ।"

१५. "भन्ते ! के परित्राणबाट सबै मानिसको रक्षा हुन्छ ?" "अहँ, महाराज ! परित्राणबाट सबै मानिसहरूको रक्षा हुँदैन । कसैको रक्षा हुन्छ, कसैको हुँदैन ।" "भन्ते नागसेन ! त्यसो भए परित्राण सबैका लागि सिद्ध हुँदैन ?" "महाराज ! के भोजनले सबैको प्राण बचाउन सक्छ ?" "भन्ते ! कोही मानिसहरूको प्राण बचाउन सक्छ भने केही मानिसहरूको प्राण बचाउन सक्दैन ।" "त्यसो किन ?" "भन्ते ! किनभने अति-भोजनले गर्दा पनि हैजा भएर थुप्रै मानिसहरू मर्ने गर्दछन् ।" "महाराज ! त्यसो हो भने भोजनले सबैलाई वचाउँदैन ।" "भन्ते नागसेन ! दुई कारणबाट भोजनले मानिसको प्राण लिन्छ – (१) मात्राभन्दा बढी खानाले, र (२) पाचनशक्ति कमजोर हुनाले । भन्ते नागसेन ! जीवन दिने भोजन पनि दुरूपयोगबाट विषतुल्य हुन्छ ।" "महाराज ! यसरी नै परित्राणबाट सबै मानिसको रक्षा हुँदैन, बरु कसैको हुन्छ र कसैको हुँदैन ।"

---

८०. मोरपरित्त र मोरजातक नं. १५९ र महामोरजातक नं. २८८ ।



Downloaded from http://www.dhamma.digital

**परित्राण सफल नहुनुका तीन कारण** "महाराज ! तीन कारणबाट परित्राण रक्षा गर्न सफल हुँदैन – (१) कम्मावरणं (कुनै कर्मफलले बीचमा बाधा पार्नाले), (२) किलेसावरणं (क्लेसको बिघ्न बाधा पर्नाले), (३) असदहनतायं (विश्वास नहुनाले) । महाराज ! मानिसहरूमा आफ्नै कुकर्तव्यले, परित्राणमा रक्षाबल हुँदाहुँदै पनि त्यो अकार्थ हुन्छ । महाराज ! जसरी आमाले आफ्नो पेटमा बच्चा छँदा रक्षा गर्छिन्, निकै रेखदेख र होसियारीसाथ जन्म दिन्छिन् । मलमूत्र सिंगान सबैथोक सफा पारेर राम्राराम्रा सुगन्धित लेप शरीरमा धसिदिन्छिन् । यदि कुनै अर्को मानिसले त्यस नानीलाई हप्काएमा वा कुटेमा उनी रिसाएर उसलाई समातेर गाउँको मुखियाकहाँ लैजान्छिन् । तर यदि त्यस नानीले कुनै उपद्रो गरेमा वा ऊ ढिलो घर आइपुगेमा उनी आफैंले उसलाई दण्ड दिन्छिन् । महाराज ! त के उनले उसलाई समातेर मुखियाको सामु लैजान्छिन् ?" "अहँ भन्ते !" "किन नि ?" "भन्ते ! किनभने नानीले भूलचूक गरेको थियो ।" "महाराज ! यसरी, नै परित्राणरक्षक भएर पनि उनीहरूको आफ्नै कर्तुतले उनीहरूको अहितकर हुन्छ ।"

"साधु भन्ते नागसेन ! तपाईंले स्पष्ट गरी दिनुभयो; उल्झनलाई सुल्झाउनुभयो; अँध्यारोमा उज्यालो पारिदिनुभयो; मिथ्या सिद्धान्त मान्नेहरूको जाललाई खण्डन गर्नु भयो । तपाईं यथार्थमा सबै गणाचार्यहरूमा श्रेष्ठ हुनुहुन्छ ।"

## ५. बुद्ध-लाभान्तराय प्रश्न

१६. "भन्ते नागसेन ! तपाईंहरू भन्ने गर्नुहुन्छ – 'तथागतलाई चीवर, पिण्डपात शयनासन र ग्लानप्रत्यय – सदा प्राप्त हुन्थ्यो । यसो पनि भन्नुहुन्छ कि – 'पञ्चशाल नामका ब्राह्मणहरूको गाउँमा भिक्षाटन गरेपछि केही नपाएर खाली पात्र लिएर फर्कनुभयो ।'[८१] (क) भन्ते नागसेन ! यदि यो कुरो साँचो हो कि भगवान्‌लाई सबै परिष्कारहरू सदा प्राप्त हुन्थ्यो भने यो कुरो झुटो ठहरिन्छ कि पञ्चशाल नामका ब्राह्मणहरूको गाउँमा भिक्षाटान गरेपछि बुद्धले केही नपाई खाली पात्र लिएर फर्की आउनु परेको थियो । (ख) र, यदि यो कुरो साँच्चै ठीक हो कि त्यसरी पञ्चशाल नामको गाउँबाट फर्की आउनुपर्‍यो, त्यसो भने यो कुरो झूटो ठहरिन्छ कि उहाँलाई सबै परिष्कारहरू सदा प्राप्त हुन्थे । भन्ते ! यो पनि दुविधायुक्त प्रश्न ... ?"

"महाराज ! यो ठीक हो कि बुद्धलाई सबै परिष्कारहरू (चतुर्प्रत्यय) सदा प्राप्त हुन्थ्यो । यो पनि ठीक हो कि पञ्चशाल ब्राह्मणग्राममा भिक्षाटन गरेपछि केही पनि नपाई खाली पात्र लिएर उहाँ फर्कनु परेको थियो । यो पापी मारले गर्दा यसो भएको थियो ।" "भन्ते ! त के भगवान्‌ले अनगिन्ति कल्पदेखि साँचेर राख्नुभएको पुण्य त्यस बेला समाप्त भएको थियो ? भरखरै उठेको पापी मारले के त्यस पुण्यको बल र प्रभावलाई ढाकेको थियो ? भन्ते नागसेन ! यस्तो कुरोमा दुई प्रकारले आक्षेप लाग्न जान्छ – (क) पुण्यभन्दा पाप नै बलियो छ, र (ख) बुद्धको बलभन्दा पापी मारको बल नै चहकिलो छ ।" "रूखको काण्डभन्दा माथिल्लो भाग पनि कहीं गह्रौं हुन्छ र ? असल (राम्रा) गुणहरूको समुदयबाट पापको बल कसरी चहकिलो होला ?"

"महाराज ! तपाईंका दुवै कुराहरूको पुष्टि यसबाट सिद्ध हुँदैन । हो, यहाँ एउटा कारण देखाउनु परेको छ ।"

---

८१. पिण्ड-सुत्त, सं. नि. (नेपाल भाषा) पृ. १३५



Downloaded from http://www.dhamma.digital

"महाराज ! जसरी कुनै मानिस मह, महको चाका, या यस्तै कुनै अर्को वस्तु लिएर कुनै चक्रवर्ती राजाकहाँ कोसेली टक्र्याउन आवस् । द्वारपालले उसलाई भनोस् – 'राजासँग भेट्ने यो समय होइन । त्यसो हुँदा, आफ्नो कोसेली लिएर झट्टै त्यहाँबाट गइहाल होइन भने राजाले देखेमा दण्ड देलान् ।' त्यसपछि त्यो मानिस डराएर आत्तियोस् अनि आफ्नो माल लिएर त्यहाँबाट हतारहतारमा निस्कोस् । महाराज ! त के यसै कारणले राजाले त्यस दिनको कोसेली पाउन सकेनन्, के उनी आफ्नो द्वारपाल भन्दा पनि कमजोर ठानिएलान्, अथवा राजाले फेरि कहिल्यै कोसेली पाउने छैनन् ?" "होइन भन्ते ! कडा (रूखो) स्वभावले गर्दा नै द्वारपारले त्यो मानिसलाई फर्काए । तर अर्का ढोकाहरूबाट राजालाई त्योभन्दा सय वा हजार गुणा बढी कोसेली चढाइएला । महाराज ! यसरी नै, आफ्नो खराब स्वभावले गर्दा पापी मार पञ्चशाल नामको गाउँका ब्राह्मणहरूमा गएर प्रविष्ट भयो । किन्तु अन्य सयकडौं र हजारौं देवताहरू दिव्यओज भएको अमृत लिएर उपस्थित भए र भगवान्लाई दिन भनि हात जोरेर उभिए ।"

१७. "भन्ते नागसेन ! यस्तो हुन सक्छ कि बुद्धलाई चारै प्रत्ययहरू निकै सजिलो रूपमा प्राप्त थिए अनि ती पुरुषोत्तमलाई देवताहरू र मनुष्यद्वारा भक्तिपूर्वक दिइएको सबै थोक सदा प्राप्त हुन्थ्यो । तैपनि पापी मारको यो इच्छा त पूरा भइहाल्यो कि बुद्धलाई त्यहाँका ब्राह्मणहरूबाट केही पनि प्राप्त भएन । भन्ते ! मेरो यो शङ्का हटेको छैन । यसमा मेरो दुविधा कायमै छ – शङ्का लागेको छ । मार जस्तो हीन, नीच, क्षुद्र, पापी र पाजी जीवले भगवान्जस्ता अर्हत्, सम्यक्सम्बुद्ध, देवताहरू र मनुष्यहरूका बीच यस लोकमा सबैभन्दा श्रेष्ठ, असल पुण्यको समूहस्वरूप, अद्वितीय र अनुपमेयको भिक्षाटनमा कसरी कुनै बाधा दिन सक्यो !"

"महाराज ! अन्तरायहरू (बाधाहरू) चार प्रकारका हुन्छन् (१) नदेखिएको (२) उद्देश्य (लक्ष्य) गरिएको (३) तयार पारिएको र (४) परिभोगका लागि उद्यत भएको ।"

(१) "नदेखिएको= कुनै खास व्यक्तिलाई दिनको लागि तयार पारिएको दानलाई देखेर कसैले दिने मानिसलाई भड्काओस् – अहो ! यो अरूलाई दिएमा के फाइदा ! त्यो दान रोकियोस् । यो देखा नपरेकाको अन्तराय हो ।"

(२) "उद्देश्य (लक्ष्य) गरिएको=कुनै खास व्यक्तिलाई कसैले दान दिन इच्छा गरोस् । कुनै अर्को मानिस आएर उसलाई भड्काओस् । यसलाई उद्देश्य अन्तराय भनिन्छ ।"

(३) "तयार पारिएको=कुनै मानिस दान लिएर कसैलाई दिन भनेर तैयार होस् । त्यस बखत कुनै यस्तो बाधा उपस्थित होस् जसले गर्दा दान दिन नसकिओस् । यसलाई तयार गरिएको अन्तराय भनिन्छ ।"

(४) "परिभोगका लागि उद्यत भएको=दान दिइसके पछि पाउने मानिस त्यसको उपभोग गर्न तयार होस् त्यस बेला यस्तै कुनै बाधा खडा होस् कि उसले उपभोग गर्न नसकोस् । यो पनि परिभोगको लागि उद्यत भएको अन्तराय भनिन्छ । महाराज ! यिनै चार प्रकारका अन्तराय हुन्छन् ।"

"मारले जुन पञ्चशाल गाउँका ब्राह्मणहरू भित्र पसेर उनीहरूलाई कसैलाई केही दान दिनबाट विमुख गरिदिएको थियो त्यो दोस्रो तेस्रो वा चौथो प्रकारको अन्तराय होइन; किन्तु पहिलो प्रकारको 'नदेखिएको' अन्तराय थियो । त्यस दिन जो अरू माग्नेहरू पनि त्यस गाउँमा गएका थिए, उनीहरूले पनि केही पाएनन् । महाराज ! देवता, मार, ब्रह्मा, श्रमण ब्राह्मण र सबै जीवहरूका साथ यी सबै लोकहरूमा यस्तो कोही छैन जो बुद्धलाई उद्देश्य गरेर, तयार पारेर वा परिभोग गर्नका लागि उद्यत



Downloaded from http://www.dhamma.digital

भएकामा अन्तराय ल्याओस् । यदि कसैले द्वेषले अन्तराय गरेमा उसको टाउको सयकडौं र हजारौं टुक्रामा छरिने छ ।"

१८. "महाराज ! बुद्धमा चार कुराहरू छन् जसलाई कसैले पनि रोक्न सक्दैन । कुनचाहिँ चार ? (१) उहाँलाई उद्देश्य गरेको वा तयार गरेको दान (२) उहाँको शरीरबाट निस्केको प्रभा (आभा) को व्यायाम फैलनु (३) उहाँसँग सर्वज्ञ ज्ञान हुनु (४) उहाँ पूरा आयुसम्म बाँच्नु । महाराज ! बुद्धसम्बन्धी यी चार कुराहरूलाई यसमा कुनै कमी हुँदैन । कुनै प्रकारले पनि फेरिन सकिन्न, महाराज ! जब पापी मार पञ्चशाल नामको गाउँमा ब्राह्मणहरूमा प्रविष्ट भएको थियो, त्यस बेला उनी अदृश्य भएर त्यहाँ रहेका थिए ।"

"महाराज ! चोर र लुटाराहरू सीमाप्रान्तको लुक्न सक्ने ठाउँमा लुकेर बाटो हिंड्नेलाई लुट्छन् पिट्छन् । यदि राजाले उनीहरूलाई देखे भने के तिनीहरूलाई छाड्लान् त ?" "छाड्दैनन् भन्ते ! उनले तिनीहरूलाई तरबारले सय र हजार टुक्रामा काट्न सक्छन् ।" "महाराज ! यसरी अदृश्य भएर पापी मार ती ब्राह्मणहरूमा बसेको थियो । महाराज ! विवाह गरेकी महिला लुकेर नै अन्य पुरुष भए ठाउँमा जान्छे । यसरी, अदृश्य भएर नै मार ती ब्राह्मणमा बसेको थियो । महाराज ! यदि त्यो स्त्री आफ्ना पतिको जानकारीमा परपुरुष भए ठाउँमा गई भने के उसको कल्याण हुन्छ ?" "हुँदैन भन्ते ! यसो गरेमा उसको पतिले उसलाई पिटेर प्राण लिन्छ या दासी बनाउँछ ।"

"महाराज ! यसरी नै, पापी मार अदृश्य । महाराज ! यदि मार बुद्धका लागि उद्देश्य गरेको या तयार गरेको, या उहाँका लागि पाएको दानमा कसैले अन्तराय गरेमा उसको सिर ।" "हो, भन्ते नागसेन ! तपाईंले ठीक भन्नुभयो । पापी मारले चोरजस्तै काम गऱ्यो । त्यो अदृश्य भएर ती ब्राह्मणहरूको हृदयमा प्रविष्ट थियो । यदि बुद्धका लागि उसको शरीर एक मुट्ठी भुसजस्तै झरेर छरिने थियो ।"

"ठीक छ भन्ते नागसेन ! जसो तपाईं भन्नुहुन्छ, त्यसलाई म स्वीकार गर्दछु ।"

Dhamma.Digital

## ६. अपुण्य विषयमा प्रश्न

१९. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि जो अज्ञानताले प्राणिहिंसा गर्दछ, उसलाई अरू पनि धेरै पाप लाग्छ । फेरि पनि भगवान्ले विनय प्रज्ञप्तिको समयमा भन्नुभएको छ – नजानी गरेकोमा कुनै दोष लाग्दैन ।[८२] (क) भन्ते नागसेन ! यदि नजानी प्राणिहिंसा गरेकोमा झन् बढी पाप लाग्छ भने यो गलत हो कि जानाजान गरेकोमा कुनै दोष लाग्दैन । (ख) यदि साँचै नजानेर गरेकोमा कुनै दोष लाग्छ भने, यो कुरा झूटो ठहरिन्छ कि नजानेर प्राणिहिंसा गर्नाले झन् धेरै पाप लाग्छ । यो पनि दुविधायुक्त प्रश्न हो ।"

"महाराज ! दुवै कुरो ठीक हो । तर दुवैको अर्थमा केही अन्तर छ । त्यो के हो ? कुनै यस्ता दोषहरू छन् जो नजानेर गरिन्छ र कुनै यस्ता दोषहरू छन् जो जानाजान गरिन्छ । यी दुईमध्ये पहिलोलाई ध्यानमा राखेर भगवान्ले भन्नुभएको थियो । नजानेर गरेकोमा कुनै दोष लाग्दैन ।"

"ठीक छ भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

---

८२. अजानन्तस्स अनापत्ति' ।



Downloaded from http://www.dhamma.digital

# ७. भिक्षुसङ्घपरिहरण विषयमा प्रश्न

२०. "भन्ते नागसेन ! भगवान्ले यो भन्नुभएको छ – 'आनन्द ! बुद्धको मनमा यस्तो विचार कहिल्यै आउँदैन, कि म नै भिक्षुसङ्घको सञ्चालक हुँ वा भिक्षुसङ्घले मेरै अनुसरण गरोस् ।'[८३] साथै, मैत्रेय भगवानको स्वाभाविक गुणहरूलाई देखाउँदै उहाँले यो पनि भन्नुभएको छ – 'उहाँले हजारौं भिक्षुसङ्घको सञ्चालन गर्नु हुनेछ, जसरी अहिले म सयकडौं भिक्षुसङ्घको सञ्चालन गर्दैछु ।'

(क) भन्ते नागसेन ! यदि साँचै बुद्धको मनमा यस्ता विचार कहिल्यै पनि आउँदैन कि म नै भिक्षुसङ्घको सञ्चालनकर्ता हुँ वा भिक्षुसङ्घले मेरै अनुसरण गरोस् । त्यसो हो भने जो मैत्रेय भगवान्को विषयमा भनिएको हो, त्यो झूटो ठहरिन्छ । (ख) यदि मैत्रेय भगवान्बारे जुन कुरा भनिएको हो त्यो सही छ भने यो कुरा झूटो ठहरिन्छ । बुद्धको मनमा यस्ता विचार कहिल्यै आउँदैन कि म नै भिक्षुसङ्घको सञ्चालनकर्ता हुँ वा भिक्षुसङ्घले मेरै अनुसरण गरोस् । यो पनि दुविधायुक्त ··· ।"

२१. "महाराज ! भगवान्ले जो आनन्दलाई बुद्धका विषयमा र जो मैत्रेय भगवान्को स्वाभाविक गुणहरूलाई देखाउँदै भन्नुभएको कुरा दुवै ठीक हो । तर महाराज ! यस प्रश्नमा एउटा अर्थ सावशेष (जुन कुरा व्यापक छ कुनै अपवाद बेगर सबैमा लागू हुन्छ) छ । महाराज ! बुद्ध कुनै समूहको पछिपछि पर्नहुन्न, तर समूह नै उहाँको पछि चल्छ । महाराज ! मानिसहरूको भनाइ मात्र हो कि 'यो म हुँ वा यो मेरो हो ।' परमार्थमा यस्तो कुनै कुरा हुँदैन । बुद्ध प्रेमको बन्धनबाट छुटिसक्नुभएको हुन्छ । उहाँलाई कसैका प्रति आफ्नोपनको भाव रहन्न । यो मेरो हो, त्यसको पनि भ्रम बुद्धमा हुँदैन । तैपनि भिक्षुसङ्घ उहाँलाई नै अगुवा मानेर हिंड्छ ।"

"महाराज ! जसरी पृथ्वीमा रहने सबै जीवहरूको आधार पृथ्वी हुन्छ, तर त्यसलाई यस्तो कहिल्यै पनि विचार हुन्न कि यो सबै मेरो हो । महाराज ! यसरी बुद्ध सबै जीवहरूको आधार भएर रहनुहुन्छ । सबैलाई आफूमा आश्रय दिनुहुन्छ तर उहाँको मनमा कहिल्यै पनि यस्तो अपेक्षा रहँदैन कि यो मेरो हो । महाराज ! घना बादलले पानी बर्साएर घाँस, रूख, पशु तथा मानिसहरूलाई जीवित राख्दछ, त्यस परम्परालाई कायम राख्दछ; पानी पर्नाले नै यी सबै जीव जिउँदा रहन्छन् । तैपनि बादललाई कहिल्यै पनि यस्तो अपेक्षा रहन्न कि यो सबै मेरो नै हो । महाराज ! यसरी बुद्ध सबैको पुण्यका लागि जीवनदान गर्नुहुन्छ र उनीहरूलाई पुण्यमा लगाइराख्नुहुन्छ । सबै जीवहरू उहाँबाट नै पुण्य गर्न आउँछन् । तैपनि भगवान्को मनमा यस्तो अपेक्षा हुन्न कि यो मेरो नै हो । त्यो किन ? किनकि उहाँमा आफ्नोपन (आत्मानुदृष्टि) को सबै विचार नष्ट भएको हुन्छ ।"

"साधु भन्ते नागसेन ! तपाईंले प्रश्नलाई स्पष्ट गरिदिनुभयो । अनेक तर्कले बाधा पन्छाउनुभयो । गाँठो खोलि दिनुभयो । अँध्यारोमा उज्यालो पारिदिनुभयो । बुद्ध-श्रावकहरूको ज्ञानको आँखा खोलिदिनुभयो ।"

# ८. अभेद्यपरिषद् विषयमा प्रश्न

२२. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि – बुद्धको परिषद् अभेद्य छ । साथै, यस्तो पनि भनिन्छ कि देवदत्तले भेद गरेर पाँच सय भिक्षुहरूलाई लिएर गएका थिए । (क) भन्ते नागसेन ! यदि

८३. महापरिनिर्वाण सूत्र दी. नि. (नेपाली) पृ २५०को अनुच्छेद ३५ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

बुद्धको अनुगामी वास्तवमा कहिल्यै पनि भड्कँदैन भने, यो कुरो भूटो ठहरिन्छ कि देवदत्तले एकैपल्ट पाँच सय भिक्षुहरूलाई लिएर गएका थिए । (ख) यदि देवदत्तले साँचै एकै पल्ट पाँच सय भिक्षुहरूलाई निकालेर लगेका थिए भने यो कुरो भूटो ठहरिन्छ कि बुद्धको अनुगामी कहिल्यै पनि भड्कँदैन । यो पनि एउटा दुविधायुक्त प्रश्न तपाईंका सामु राखेको छु । यो गम्भीर छ । यसलाई सुल्भाउन बडो गाह्रो छ । यो भारी र अल्भाउने खालको छ । यसमा मानिसहरू फँस्छन्, अड्कन्छन्, घेरिन्छन्, ढाकिन्छन् र बाँधिन्छन् । तपाईं यहाँ विपक्षको तर्कलाई काट्नमा आफ्नो ज्ञान-बल देखाउनुहोस् ।"

२३. "महाराज ! बुद्धको अनुगामी यथार्थमा कहिल्यै पनि भड्कँदैन । साथै, यो पनि सत्य हो कि देवदत्तले एकै पल्ट पाँच सय भिक्षुहरूलाई निकालेर लगेका थिए । महाराज ! भड्काउनेको बल धेरै भएमा उसले भड्काउन पनि सक्छ । महाराज ! यदि भड्काउने निकै बाठो छ भने कोही पनि यस्तो हुदैन् जो भड्कन नसकोस् । आमा छोराबाट वा छोरा आमाबाट भड्कन्छ, बुबा छोराबाट या छोरा बुबाबाट भड्कन सक्छन्, भाइले बहिनीलाई भड्काउन सक्छ, बहिनीले भाइलाई भड्काउन सक्छिन् । साथीले साथीलाई भड्काउन सक्छ । डुङ्गाको सबै पटरी एकैसाथ राख्दा पनि पानीको तरङ्ग र वेगले ठोक्किएर भत्कन सक्छ । हावा चल्नाले मीठा-मीठा फल दिने रूख पनि ढल्न सक्छ । फलामको हतौड़ीले बेस्सरी पिट्दा सुन पनि फुट्छ । महाराज ! यसरी न त यो विज्ञ पुरुषहरूको इच्छा हो, न भगवान्कै चाहना हो, न पण्डितहरूको मनमा यो कुरा आउँछ कि बुद्धका अनुगामीलाई भड्काइदिऔं । महाराज ! जुन कुरो यसो भनिन्छ कि बुद्धका अनुगामीहरूलाई कसैले भड्काउन सक्दैन, त्यसको केही विशेष कारण छ । त्यो कुनचाहिँ विशेष कारण हो ? महाराज ! बुद्धले केही गर्नाले, गाली गर्नाले तिरस्कार या केही उच्चनीच भनिदिनाले उनको अनुगामी कहिल्यै उहाँबाट भड्किएको यस्तो कुरा सुनिन्न । यसै कारण, भनिन्छ कि बुद्धको अनुगामी भड्कन्न । महाराज ! के तपाईंले सुन्नुभएको छ कि बुद्धको नवाङ्ग वचन त्रिपिटकमा कहिल्यै आएको छ कि भगवान्को कुनै गल्तीले कुनै परिषद्मा फाटो आएको होस् ?"

"छैन भन्ते ! न त यो देखिन्छ न सुनिन्छ नै । ठीक छ भन्ते ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

**(यस वर्गमा आठ प्रश्नहरू छन्)**

Dhamma.Digital

**दोस्रो अभेद्यवर्ग समाप्त ।**

# ३. प्रणामित वर्ग

## १. श्रेष्ठधर्म विषयमा प्रश्न

१. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'वाशिष्ट ! संसारमा धर्म नै सर्वश्रेष्ठ हो, यस लक्ष्यमा पनि पछि गएर फेरि पनि गृहस्थ उपासक स्रोतापन्न – जो आफ्नो मार्गदेखि च्युत हुन सम्भव छैन, जसले धर्मको पूरापूरा ज्ञान पाइसकेका छन् तथा बुद्धको शासनलाई जसले जानेका छन् – यस्तो हुँदा पनि गृहस्थ उपासकले पृथक्जन (अज्ञानी) भिक्षु या श्रामणेरलाई अभिवादन (प्रणाम) तथा



Downloaded from http://www.dhamma.digital

उठेर स्वागत गर्नुपर्छ । (क) भन्ते नागसेन ! यदि यो कुरो ठीक हो कि संसारमा धर्म नै सर्वश्रेष्ठ छ भने, स्रोतापन्न ··· गृहस्थहरूले पृथक्जन (अज्ञानी) भिक्षुहरूलाई वन्दना (प्रणाम) गर्नु पर्दैनथियो । ख) यदि स्रोतापन्न ··· गृहस्थद्वारा पृथक्जन (अज्ञानी) भिक्षुहरूलाई वन्दना (प्रणाम) गर्न यथार्थमा उचित हो भने यो कुरो झूटो ठहरिन्छ कि संसारमा धर्म नै सर्वश्रेष्ठ छ । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ?"

२. "महाराज ! भगवान्ले यो ठीक भन्नुभयो कि संसारमा धर्म नै सबैभन्दा श्रेष्ठ छ; र यो पनि उचित छ कि गृहस्थ उपासक स्रोतापन्न ··· भएर पनि पृथक्जन भिक्षुलाई वन्दना गर्नुपर्छ र उठेर स्वागत गर्नुपर्छ ।"

"यसो गर्नुको कारण छ ।" "कुनचाहिँ कारण हो ?" "श्रमणहरूको गुण र चिन्ह महाराज ! श्रमण हुनुमा बीस गुण र दुई बाहिरी चिन्ह हुनुपर्छ, जसले गर्दा उसलाई मानिसहरूले श्रमणलाई वन्दना गरून् र उठेर स्वागत गरून् सम्मान र पूजा गरून् ।" "ती बीस गुण र दुई बाहिरी चिन्ह कुन हुन् ।"

"(१) ती अरण्य, वृक्षमूल तथा शून्यागार यी तीन श्रेष्ठ भूमिहरूमा बास गर्दछन्, (२) ती सबै असल कुरामा अगाडि रहन्छन्, (३) राम्रो नियममा प्रतिष्ठित रहन्छन्, (४) सदाचारी हुन्छन्, (५–६) शान्त र दान्त (दबेको) भएर विहार गर्दछन्, (७) संयमी हुन्छन्, (८) क्षान्ति (क्षमा) ले युक्त हुन्छन्, (९) ध्यानी हुन्छन्, (१०) श्रेष्ठ आचरण गर्ने हुन्छन्, (११) उच्च तथा पवित्र इच्छा भएको हुन्छन्, (१२) विवेकले सम्पन्न भएको हुन्छ, (१३) पाप गर्नमा लजाउने र डराउने हुन्छ (१४) वीर्यवान (परिश्रमी) हुन्छ (१५). अप्रमादी हुन्छन् (१६) शिक्षापदलाई आवृत्ति (दोहोऱ्याउने) गर्नमा सधैं उत्साहित रहन्छन्, (१७) धर्म बुझ्न सधैं उत्सुक रहन्छन्, (१८) शीलको पालन गर्नमा तत्पर रहन्छन्, (१९) तृष्णामाथि विजय पाउने हुन्छन्, (२०) शिक्षापदलाई पूरा गर्दछन् – यी नै उनका बीस गुण हुन् ।[८४] (१) काषाय वस्त्र धारण गर्नु र (२) कपाल खौराउनु – यी दुई उनका बाहिरी चिन्ह हुन् । भिक्षुहरूले माथि भनिएको धर्मको पालन गरेर अर्हत्पदसम्म पनि पाउँछन् । त्यसैले स्रोतापन्न गृहस्थ उपासकले पृथक्जन भिक्षुलाई अभिवादन गर्दछ र उभिएर स्वागत गर्दछ । 'आस्रवलाई क्षीण गरी भिक्षु तथा श्रमणभावलाई ग्रहण गरेको छ, मेरो त्यो समय अहिले आएको छैन' – यस्तो विचार गरेर पनि स्रोतापन्न ··· गृहस्थ उपासकले पृथक्जन भिक्षुलाई वन्दना गर्दछ र उभिएर स्वागत गर्दछ ।"

'ऊ भिक्षु बनेर अग्र परिषद्को सङ्गतमा लागेका हो, म त्यो ठाउँमा अहिले पुगिसकेको छैन' – यस्तो विचार गरेर पनि ··· ।

'उसले धेरै नै शिक्षापद (प्रातिमोक्ष)[८५]को पालन गर्दछ, जसको पालन मैले गरेको छैन' – यस्तो विचार गरेर पनि ··· ।

---

८४. बर्मी मि. अनुसार- (१) सेट्ठोयमो-बुद्ध आदि आर्यहरूले प्रशंसा गर्नुभएको गुणयुक्त भएको, (२) अग्गोनियमो-अग्र आर्यसमानं आचारण गर्ने, (३) चारो-समानरूपले बस्ने, (४) विहारो-सुख दुःखमा समानरूपले बस्ने, (५) संयमो-संयमी, (६) संवरो-इन्द्रियलाई संवर गर्ने, (७) खन्ति-क्षान्तियुक्त भएको, (८) सोरच्चं-कोमल तथा सुविनीत भएको, (९) एकत्तचरिया-एक्लै बस्ने, (१०) एकत्ताभिरति-एक्लै बस्नलाई उत्सुक रहने, (११) पटिसल्लानं-एक्लै बसेर ध्यानमग्न हुने, (१२) हिरिओत्तप्पं-पाप गर्नलाई लाज र भय भएको, (१३) विरिय-चार सम्यक् प्रधानबारे चेष्टा गर्ने, (१४) अप्पमादो-अप्रमादी, (१५) सिक्खासमादानं-शिक्षापदको आचरण गर्ने, (१६) उद्देस-शिक्षापद पाठ गर्नलाई उत्साहशील, (१७) परिपुच्छा-प्रश्न सुन्नलाई उत्साह भएको, (१८) सीलादि अभिरति-शीलादि गुण धर्ममा टाँसिने, (१९) निरालयता-पञ्चकाममा नभुल्ने, (२०) सिक्खापादपरिपूरिता-प्रज्ञप्त शिक्षापदको अध्ययन भएको–यी बीस गुणहरू श्रमणका गुण हुन् ।

८५. भिक्षु तथा भिक्षुणीहरूको नियम । भिक्षु-प्रातिमोक्ष २२७ वटा नियम तथा भिक्षुणी-प्रातिमोक्ष ३११ वटा नियमहरू छन् ।



Downloaded from http://www.dhamma.digital

'उसले बुद्धलाई आफ्नो गुरु मानेर भिक्षुपद धारण गरेको छ, मैले अहिलेसम्म त्यसो गरेको छैन' – यस्तो विचार गरेर पनि ।

'उसले केश दाह्री खौरेको छ, उसले न गहना लगाउँछ, न कुनै सिङ्गारपटार गर्दछ; केवल शीलरूपी गन्धले युक्त छ । म त आफ्नो शरीरलाई सिङ्गारपटार गर्दछु' – यस्तो विचार गरेर पनि ।

"महाराज ! अरू पनि जो बीस गुण र दुई बाहिरी चिन्ह भनिएको छ, सबै भिक्षुहरूमा नै पाइन्छ, – 'भिक्षुले अरू पनि अनेक शिक्षापदलाई पालन गर्दछ, जसमा मेरो केही सम्बन्ध रहँदैन' – यस्तो विचार गरेर पनि ··· ।"

"महाराज ! कुनै राजकुमारले पुरोहितबाट विद्या पढ्छ; क्षत्रियहरूलाई आचार (अनुशासन) सिकाउँछ । त्यो राजकुमारले ठूलो भएर समय पाएर गद्दी पाउँछ, तैपनि आफ्नो आचार्यलाई वन्दना गर्दछ र उभिएर स्वागत गर्दछ । उसमा यो विचार कायम रहन्छ कि – 'यी मेरा गुरू हुन्' । महाराज ! यसरी भिक्षु शिक्षा दिने वंशपरम्परामा छ । स्रोतापन्न गृहस्थ उपासकले पृथक्जन भिक्षुलाई उभिएर स्वागत गर्नुपर्छ र वन्दना गर्नुपर्छ ।"

"महाराज ! यतिमात्रबाट सम्झनुहोस् कि भिक्षुको दर्जा कति महान र कति असीम भई विपुल भावले परिपूर्ण छ भनेर । महाराज ! यदि स्रोतापन्न गृहस्थ उपासकले अर्हत्पद पाउँद छ भने, उसको दुईवटा मात्र गति हुन्छ; तेस्रो हुन्न (१) या त ऊ त्यसै दिन परिनिर्वाण हुन्छ, या (२) भिक्षु बन्दछ । त्यो भिक्षुभाव अचल, उत्तम र श्रेष्ठ हुन्छ ।"

"भन्ते नागसेन ! कुरा बुझें । तपाईंजस्ता बुद्धिमान् पुरुषद्वारा नै यो प्रश्न राम्रोसँग समाधान भयो । तपाईंबाहेक अरू कसैले पनि यसरी स्पष्ट गर्न सक्दैनथियो होला ।"

## २. सर्व सत्त्वहितकरणबारे प्रश्न

Dhamma.Digital

३. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि बुद्ध सबै सत्त्व प्राणीहरूको अहितलाई मेटेर उनीहरूको हित गर्नुहुन्छ । साथै यसो पनि भनिन्छ कि भगवान्ले 'अग्निस्कन्धोपम'[८६] नामक धर्मदेशना गर्दा साठी भिक्षुहरूले मुखबाट तातो रगत बान्ता गरे । भन्ते ! यहाँ त भगवान्ले ती साठी भिक्षुहरूको हित गर्नुको साटो अहित नै गरे । (क) भन्ते नागसेन ! यदि यो कुरा सत्य हो कि बुद्ध सबै सत्त्व प्राणीहरूको अहितलाई मेटेर उनीहरूको हित गर्नुहुन्छ भने 'अग्निस्कन्धोपम' नामक धर्मपरियाय देशनाको कुरा साँचो र ठीक हो भने यो कुरो झूटो ठहरिन्छ कि बुद्धले सबै सत्त्व प्राणीहरूको अहितलाई मेटेर हित गर्नुहुन्छ । भन्ते ! यो पनि एउटा दुविधायुक्त ··· ?"

४."महाराज ! बुद्ध सबै जीवहरूको अहितलाई मेटेर हित गर्नुहुन्छ यो सत्य हो र यो पनि कि ती भिक्षुहरूले मुखबाट रगत बान्ता गरे । ती भिक्षुहरूले मुखबाट तातो रगत बान्ता गरेमा यसमा भगवान्को कुनै दोष छैन बरू ती भिक्षुहरूको आफ्नै दोष थियो ।"

"हो भन्ते नागसेन ! यदि भगवान्ले त्यो उपदेश नदिनुभएको भए भिक्षुहरूको मुखबाट रगत आउनेथियो त ?" "होइन महाराज ! भगवान्को धर्मोपदेश सुनेर कुमार्गी भिक्षुहरूको हृदयमा एक प्रकारको डाह (जलन) उत्पन्न भयो, जसले गर्दा उनीहरूको मुखबाट तातो रगत निस्कयो ।" "भन्ते

---

८६. अग्गिक्खन्धूपम-सुत्त, अ. नि.-३ पृ. २५१ ।



Downloaded from http://www.dhamma.digital

नागसेन ! बुद्धले नै यसो गर्नुभएकोले नै उनीहरूको मुखबाट तातो रगत निस्कियो ? बुद्ध नै ती भिक्षुहरूको अनिष्टका कारण भए । भन्ते ! जस्तो कुनै सर्पको दुलो (कमिलाको घर) भित्र पस्यो । त्यसपछि कुनै मानिस माटो लिन भनेर त्यहाँ आयो र त्यो माटो खनेर जति माटो चाहियो, त्यति नै लिएर गए । उसले गर्दा प्वालको मुख थुनिएर सर्प त्यसभित्र हावा नपाउनाले त्यही मऱ्यो । त्यसो भए भन्ते ! त्यो सर्प सोही मान्छेले गर्दा मरेको होइन ?" "हो महाराज !" "भन्ते नागसेन ! यसरी नै, ती भिक्षुहरूको नाशको कारण बुद्ध नै त भए ।"

५. "महाराज ! बुद्ध कसैको अनुनय (विनम्र) भावले या प्रतिघ (द्वेषले) भावले धर्मोपदेश दिनुहुन्न । उहाँ कुनै अनुनय भाव र प्रतिघ भाव नराखी उपदेश दिनुहुन्छ । यसरी उहाँको धर्मोपदेशबाट असल विचार भएकाहरूलाई धर्मको बोध हुन्छ । तर जो मिथ्या विचारका छन्, उनीहरूको पतन हुन्छ । महाराज ! जस्तै कुनै मानिसले आँप, जामुनको रूखलाई समातेर हल्लायो भने पुष्ट डाँठमा फलेका सबै फलहरू रूखमै रहेका हुन्छन्, झर्दैनन् । तर जुन फलको डाँठ सडेको छ त्यसमा भएको फल झर्छ । महाराज ! बुद्ध कसैको अनुनय भावले या प्रतिघ (द्वेष) भावले धर्मोपदेश दिनुहुन्न । यसरी उहाँको धर्मोपदेशबाट असल विचार भएकाहरूलाई ज्ञान प्राप्त हुन्छ, भने मिथ्या विचार[८७] भएकाहरूको पतन हुन्छ ।"

"महाराज ! जस्तै रस झिक्न उखुलाई कोलहू (उखु पेल्ने यन्त्र) मा पेल्छन् । त्यसका साथ थुप्रै कीरा फट्याङ्ग्रा पनि, जो बीचमा पर्न आउछ पिसिएर मर्छन् । महाराज ! यसरी नै बुद्ध परिपक्व विचार भएकालाई ज्ञान दिनका लागि ··· ।"

"भन्ते नागसेन ! तैपनि ती भिक्षुहरूको त्यही धर्मदेशनाले गर्दा पतन भयो, हैन ?" "महाराज ! के सिकर्मीले बाङ्गो टिङ्गो काठका नजिक चुपलागेर उभिएमा के त्यसलाई सोझो, चिप्लो र कामगर्ने लायक बनाउन सक्छ ?" "सक्दैन भन्ते ! सिकर्मीले त्यसलाई छीलेर ताछेर नै सोझो, चिप्लो र कामगर्ने लायक बनाउँछ ।" "महाराज ! यसरी नै बुद्धले भिक्षुहरूलाई यसै क्वारक्वारती हेरेर मात्र उनीहरूलाई ठीक बाटोमा ल्याउन सक्नुहुन्न । उहाँले मिथ्या प्रतिपन्न (मिथ्याचार) बाट हटाएर नै ज्ञानमार्गमा ल्याउनुहुन्छ । महाराज ! आफ्नै कारणले मिथ्याचारहरूको पतन हुन्छ ।"

"महाराज ! जसरी केराको बोट, बाँसको झाङ, अस्सतर[८८] भन्ने घोडा आफैद्वारा नष्ट हुन्छ, जसलाई तिनीहरू उत्पन्न गर्दछन्, त्यस्तै, जो खराव विचार भएका छन्, उनीहरू आफ्नै कर्मद्वारा नष्ट हुन्छन् ।"

"महाराज ! जसरी आफ्नै कर्तुतले चोरको आँखा झिकिन्छ, उसलाई सूलीमा चढाइन्छ, अथवा उसको टाउको काटिदिन्छन्, त्यसरी नै जो खराब विचार भएका छन्, उनीहरू आफ्नै कर्मले विनाश प्राप्त गर्दछन् र बुद्धशासनबाट च्युत हुन्छन् । महाराज ! जो ती साठी भिक्षुहरूका मुखबाट तातो रगत निस्कियो, भगवान्‌को कारणले वा अरूको कारणले त्यसो नभई खास आफ्नै कर्मले भएको हो ।"

"महाराज ! जस्तै कुनै मानिसले सबैलाई अमृत बाँड्यो । उनीहरू अमृत पिएर निरोगी, दीर्घायु र सबै कष्टहरूदेखि रहित भए । तर त्यही अमृत पिएर कसैले पचाउन नसक्नाले ऊ मऱ्यो । महाराज ! त्यसो हो भने के अमृत दिनेलाई कुनै दोष लाग्छ ?" "लाग्दैन भन्ते !" "महाराज ! यसरी बुद्ध भगवान्

---

८७. मिथ्या प्रतिपन्न- धर्म नबुझ्ने मिथ्या आचरण भएको । नेवा. मि.

८८. अस्सतर भन्ने घोडा जन्मनेबित्तिकै आमा चाहिँ मर्छे । नेवा. मि.



Downloaded from http://www.dhamma.digital

दश हजार लोकमा मानिसहरूलाई समानरूपले धर्मरूपी अमृत दान गर्नुहुन्छ। जो असल व्यक्तिहरू छन्, उनीहरूलाई त ज्ञान प्राप्त हुन्छ नै, तर मिथ्याचारीहरूको भने पतन हुन्छ।"

"महाराज ! भोजनले सबैको प्राणलाई रक्षा गर्दछ, तर हैजा लागेको रोगीले त्यो खायो भने ऊ मर्छ। महाराज ! त्यसो हो भने के भोजन बाँड्ने कुनै दानीलाई त्यसको दोष लाग्छ ?" "लाग्दैन भन्ते।"

"महाराज ! यसरी बुद्ध यी दस हजार लोकमा ...।"

"ठीक छ, भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्छु।"

## ३. गुह्य वस्तु निर्देशनको विषयमा प्रश्न

६. "भन्ते ! भगवान्ले भन्नुभएको छ : –

**कायेन संवरो साधु, साधु वाचाय संवरो ।**
**मनसा संवरो साधु, साधु सब्बत्थ संवरो ।**
**सब्बत्थ संवुतो भिक्खु, सब्बदुक्खा पमुच्चति ॥**[८९]

**काय, वाक् र मनलाई संयममा राख्नु राम्रो, जहाँ पनि संयम गर्नु राम्रो, सबै कुरामा संयमको अभ्यास गर्ने भिक्षु सबै प्रकारको दुःखबाट मुक्त हुन्छ।**

"फेरि बुद्धले चारै परिषद्मा बसेर देव र मनुष्यहरूका सामु शैल नामक ब्राह्मणलाई आफ्नो कोशले आच्छदितलाई राम्ररी उपस्थ भएको (पुरुषेन्द्रिय) देखाउनुभएको थियो।[९०] (क) भन्ते ! यदि बुद्ध शरीरलाई संयम राख्नुहुन्छ भने शैल नामक ब्राह्मणलाई उहाँले आफ्नो उपस्थ देखाउनुभएको – यो कुरा भूटो ठहरिन्छ। (ख) र यदि यो कुरो सत्य हो कि उहाँले शैल नामक ब्राह्मणलाई आफ्नो उपस्थ देखाउनुभएको भए, उहाँको यो वचन भूटो ठहरिन्छ कि शरीरलाई संयममा राख्नुपर्छ। यो पनि एउटा दुविधायुक्त ... ?"

७. "महाराज ! भगवान्ले साँचो भन्नुभएको छ – 'शरीरको संयम गर्नु धेरै बेस हो र यो पनि सत्य हो कि उहाँले शैल नामक ब्राह्मणलाई आफ्नो उपस्थ देखाइदिनुभएको थियो। महाराज ! उसलाई बुद्धप्रति शङ्का उत्पन्न भएको थियो, जसलाई मेट्न भगवान्ले ऋद्धिबलले आफ्नो शरीरलाई एकदमै प्रकाशित गरिदिनुभएको थियो। त्यस ऋद्धिनिर्मित शरीरको उपस्थ त्यही ब्राह्मणले मात्र देख्न सक्दथ्यो। भन्ते नागसेन ! यसमा कसले विश्वास गर्छ कि त्यहाँ सबैजना बसेको ठाउँमा एक्लैले उहाँको उपस्थलाई देख्यो अरूले भने देखेन ? कृपया यस्तो असम्भव कुरो सम्भव हुनको कारण भन्नुहोस् ?"

"महाराज ! तपाईंले कुनै रोगीलाई देख्नुभएको छ, जसलाई घेरेर उसका नातेदार र साथीहरू उभिइन्छन् ?" "हो भन्ते ! देखेको छु।" "महाराज ! त्यसो भए के अरूहरूले पनि त्यस कष्टलाई अनुभव गर्न सक्छन्, जसले गर्दा रोगी पीड़ित हुन्छ ?" "सक्दैन भन्ते ! एकलै रोगीले नै त्यस कष्टलाई अनुभव गर्दछ।" "महाराज ! यसरी, जसमा शङ्का उत्पन्न भएको थियो उसलाई सम्झाउन भगवान्ले ऋद्धि-बलले आफ्नो उपस्थ देखाउनुभएको थियो।"

---

८९. भिक्खुवग्ग, धम्मपद गाथा नं. ३६१।

९०. सेल-सुत्त, म. नि. (नेपाली) पृ. ५८३।



Downloaded from http://www.dhamma.digital

"महाराज ! यदि कुनै मानिसलाई भूत लाग्यो भने, के अरूले त्यसलाई देख्न सक्छ ?" "सक्दैन भन्ते ! उसैले मात्र देख्न सक्छ, जसमाथि भूत चढेको होस् ।"

"महाराज ! त्यस्तै जसमा शङ्का उत्पन्न भएको छ उसलाई मात्र देखाउनको लागि भगवान्ले ऋद्धिबलले आफ्नो उपस्थ देखाउनुभएको थियो ।"

"भन्ते नागसेन ! यो बडो विचित्र कुरो हो कि कसैलाई पनि देखाउन नहुने वस्तु देखाउनु भयो ।" "महाराज ! भगवान्ले यथार्थमा उसलाई आफ्नो उपस्थ देखाउनुभएको नभई तर ऋद्धिबलले त्यसको छाया मात्र देखाउनुभएको थियो ।" "भन्ते ! छाया देखाउनु पनि त देखाउनु नै हो, जसले गर्दा ब्राह्मणको शंङ्का मेटियो ।" "हो महाराज ! भगवान्ले जुन कुरो बुझाउन चाहनुहुन्थ्यो, सो भन्न (बुझाउन) एकदमै विचित्र लीला गर्नुहुन्थ्यो । यदि भगवान्ले कुनै काम हलुको गर्नुभयो भने मानिसहरू त्यसलाई तत्काल बुझ्न सक्दैनथिए । महाराज ! भगवान् महान् योगी हुनुहुन्थ्यो । ज्ञानपिपासा राख्नेहरूलाई बुझाउनका लागि जुन-जुन उपायको अनुष्ठान गर्न आवश्यक हुन्छ, त्यसलाई योगबलले अनुष्ठान गरेर बुझाउनुहुन्थ्यो ।"

"महाराज ! जुन औषधीले रोगी स्वस्थ हुन सक्छ, वैद्यले उसलाई त्यही औषधी दिन्छ, बान्ता गराउँछ, पखाला गराउने औषधी दिन्छ, लेप लगाउँछ, सेक्छ, माड्छ । महाराज ! यसरी नै, ज्ञानपिपासा राख्नेहरूलाई बुझाउनका लागि ... भगवान्ले त्यही योगबलको अनुष्ठान गरेर बुझाउनुहुन्छ ।

"महाराज ! जस्तो कि प्रसवको समय केही कष्ट हुँदा स्त्रीले वैद्यलाई आफ्नो देखाउन नहुने गुप्ताङ्ग पनि देखाइदिन्छे । यसरी, जान्नका लागि उत्सुक भएको मानिसलाई बुझाउन भगवान्ले ऋद्धिबलले आफ्नो गुप्त इन्द्रियको छाया पनि देखाइदिनुभयो । महाराज ! व्यक्तिहरूलाई यस्तो कुनै वस्तु छैन, जो देखाउन नसकियोस् । महाराज ! यदि कोही मानिस भगवान्को हृदयलाई देख्दैमा बुझ्न सक्छ भने उसलाई योगबलले हृदय खोलेर देखाउन सक्नुहुन्थ्यो । महाराज ! भगवान् बुद्ध महान् योगी र उपदेश गर्नमा कुशल हुनुहुन्थ्यो ।"

८. "महाराज ! नन्द स्थविरको चित्तको कुरो बुझेर भगवान्ले उसलाई देवलोकमा लगेर देवकन्याहरूलाई देखाउनुभयो ।[९१] उहाँले जान्नुहुन्थ्यो कि स्थविर नन्दलाई त्यसो गर्नाले ज्ञान प्राप्त हुनेछ । यथार्थमा उसलाई ज्ञान प्राप्त भयो । अनेक प्रकारको सांसारिक सौर्न्दयमा आसक्त हुनुमा निन्दा गर्नु भई, त्यसलाई तुच्छ तुल्याई तथा त्यसका दोषहरू प्रकट गर्दै स्थविर नन्दलाई ज्ञान प्राप्त होस् भन्नाका लागि ती अप्सराहरूलाई देखाईदिनुभयो, जसको पैताला कुखुराको खुट्टाजस्तो रातो र सुकोमल थियो ।"

"महाराज ! फेरि चुल्लपन्थक स्थविरलाई ज्ञान प्राप्त गराई दिन भगवान्ले उसलाई एकदमै उज्यालो (सेतो) रुमाल दिनुभएको थियो । त्यसबाट उसलाई ज्ञान प्राप्त भएको थियो । महाराज ! यसरी भगवान् उपदेश दिनमा कुशल हुनुहुन्थ्यो ।"

"महाराज ! फेरि मोघराज नामक ब्राह्मणले तीनपल्ट प्रश्न गर्दा पनि भगवान्ले यस कारण उत्तर दिनुभएन कि उसको घमन्ड चूर भएर ऊ नम्र बनोस् । त्यसपछि, उसको घमन्ड टुट्यो अनि उसले छ अभिज्ञाहरूमा अधिकार प्राप्त गऱ्यो । यसरी, भगवान् उपदेश दिनमा कुशल हुनुहुन्थ्यो ।"

"साधु भन्ते नागसेन ! तपाईंले प्रश्नहरूलाई राम्रोसँग बुझाउनुभयो । अनेक तर्कले अप्ठ्यारोलाई सुल्भाउनुभयो । अँध्यारोलाई उज्यालो पारिदिनुभयो । तपाईंले बुद्धपुत्रहरूलाई नयाँ आँखा

---

९१. उदान पेज नं. १४६ (नन्दवग्गो, उदान, खु.नि.-१. पृ ८६ )



Downloaded from http://www.dhamma.digital

(ज्ञान) दिनुभयो । अन्य तीर्थङ्करहरूको नाक कटिदिनुभयो । तपाईं यर्थाथतः सबै गणचार्यहरूमध्ये श्रेष्ठ हुनुहुन्छ ।"

## ४. कठोर भाषा प्रयोग विषयमा प्रश्न

९. "भन्ते नागसेन ! धर्मसेनापति स्थविर सारिपुत्रले भन्नुभएको छ – 'आवुसो ! भगवान् बुद्ध आफ्नो उपदेश वचन (वची समाचार-भाषणमा) पूर्णतः परिशुद्ध (सभ्य) रहनुहुन्छ । उहाँको भाषामा यस्तो कुनै पनि दोष छैन, जसलाई अरूबाट लुकाउनका लागि उहाँलाई सचेत रहनु परोस् । तैपनि कलन्दपुत्र स्थविर सुदिन्नले अपराध गरेपछि पाराजिकको घोषणा गर्दै भगवान्ले उसलाई मोघपुरुष (बेकारको मानिस) भनेर गाली गर्नुभएको थियो, [९२] त्यसले गर्दा स्थविरलाई निकै डर लागेको थियो । उसलाई एकदमै पछुतो हुनथाल्यो, जसले गर्दा उसले आर्यमार्ग प्राप्त गर्न सकेन । (क) भन्ते ! यदि बुद्ध आफ्नो भाषण (बोली) मा पूर्णतः सभ्य रहनुहुन्छ भने यो कुरो भूटो ठहरिन्छ कि उहाँले स्थविर सुदिन्नलाई गाली गर्नुभयो । (ख) र, यदि उहाँले स्थविर सुदिन्नलाई साँच्चै गाली गर्नु भएको हो भने उहाँ आफ्नो भाषणमा सभ्य हुनु भएन । यो पनि एउटा दुविधायुक्त ··· ?"

१०. "महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले जो भन्नुभएको थियो कि बुद्ध आफ्नो भाषणमा पूर्णतः सभ्य रहनुहुन्छ, त्यो ठीक हो र सुदिन्नलाई गाली गर्नुभएको कुरो पनि ठीक हो । उहाँले सुदिन्नलाई जुन गाली गर्नुभएको थियो, त्यो रिसाएर होइन । तर मनमा कुनै रिस नल्याईकनै सुदिन्न जस्तो थियो, त्यस्तै उहाँले भन्नुभयो ।" "जस्तो थियो त्यस्तै-यसको तात्पर्य के हो ?" "महाराज ! जसलाई यसै जन्ममा चारैवटा आर्यसत्यहरूको बोध हुन सक्दैन उसलाई मनुष्य हुनु व्यर्थ (मोघ) नै हो । यसरी जो एउटा काम गर्नुपर्नेमा अन्यथा गर्छ भने उसलाई मोघपुरुष भनिन्छ । महाराज ! त्यसैले भगवान्ले स्थविर सुदिन्न जस्तो थियो, त्यस्तै भनेर भनिएको हो । त्यसैले उहाँले कुनै बेठीक कुरो गर्नुभएको होइन ।"

"भन्ते नागसेन ! तर, यदि कसैले सत्य कुरा गरे पनि अरूलाई नीच भन्यो भने हामीहरू उसलाई एक कहापण (त्यस समयको पैसा) दण्ड गरिदिन्छौं । किनकि त्यो पनि त अपराध नै हो । त्यसैलाई लिएर उनीहरूमा बाझाबाझ हुन सक्छ ।"

"महाराज ! के तपाईंले कहिले सुन्नुभएको छ कि मानिसहरू कुनै अपराधी पुरुषलाई ढोग्छन्; उठेर स्वागत गर्छन्, मान गर्छन्, कोसेली दिन्छन् ?" "छैन भन्ते ! यदि कसैले कतै कुनै किसिमको अपराध गर्छ भने, मानिसहरूले उसको गिल्ला गर्छन्, उसलाई थुक्छन् र यहाँसम्म कि उसको टाउको पनि काटिदिन्छन्, उसलाई कष्ट दिन्छन्, बाँध्छन्, या मारिदिन्छन्, उसको सम्पूर्ण सम्पत्ति जफत गर्छन् ।" "महाराज ! त्यसो हो भने भगवान्ले उचित गर्नुभयो कि अनुचित ?"

"भन्ते ! ठीक गर्नुभयो, जस्तो गर्नुपर्ने थियो । भन्ते ! यसलाई सुनेर देव र मनुष्य सबै पाप गर्न लाज मान्छन्, रोकिराख्छन् या त्यसलाई देखेर डर मान्छन्, पाप गर्ने ठाउँमा जाँदैनन् र पाप पनि गर्दैनन् । महाराज ! रोग लागेमा के वैद्यले मीठो औषधी दिन्छ ?" "दिंदैन भन्ते ! स्वस्थ रहनका लागि उसले चर्को र तीतो औषधी पनि दिन्छ ।" "महाराज ! यसरी नै, सबै पाप मेट्न भगवान्ले उपदेश

---

९२. विनयपिटक – पाराजिक=विनयअनुसार भिक्षुहरूले गर्न नहुने चार कर्महरू, जो गर्नाले भिक्षुत्वबाट च्युत हुन्छ । (१) मैथुन, (२) चोरी, (३) आत्महत्या गर्न प्रेरणा दिनु, (४) उत्तरिय मनुष्य धर्म (दिव्यशक्ति) प्रदर्शित गर्नु ।



Downloaded from http://www.dhamma.digital

दिनुहुन्छ । उहाँको शब्द कहिले काहीं कठोर हुन्छ, तैपनि मानिसहरूलाई शान्त र नम्र तुल्याउनका लागि । महाराज ! जसरी पानी तातो भएर पनि नरम हुन सक्ने बस्तुहरूलाई नरम बनाइदिन्छ, महाराज ! त्यसरी नै भगवान् बुद्धको कठोर शब्द पनि बड़ो उपयोगी र करुणामय हुन्छ ।"

"महाराज ! जसरी बुबाको बोली छोरोका लागि उपयोगी र करुणाले भरिएको हुन्छ, त्यस्तै, बुद्धको कठोर शब्द पनि उपयोगी र करुणामय हुन्छ । महाराज ! बुद्धको कठोर शब्द पनि मान्छेहरूको पाप मेट्ने खालको हुन्छ । महाराज ! जसरी नमीठो स्वाद भएको बडो गाह्रोसित पिइने गहुँतले शरीरका रोगहरूलाई हटाइदिन्छ, त्यसरी नै, बुद्धको कठोर शब्द पनि निकै उपयोगी र करुणामय हुन्छ । महाराज ! जस्तै रुवा (कपास) को एउटा ठूलो पोको शरीरमा खस्दा कुनै घाउचोट लाग्दैन, त्यस्तै, बुद्धको शब्द कठोर भएमा पनि त्यसले कसैलाई चोट पुऱ्याउँदैन ।"

"भन्ते नागसेन ! तपाईंले अनेक तर्क दिएर प्रश्नलाई राम्रोसँग सम्झाउनुभयो । साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्छु ।"

## ५. रूखहरूमा अचेतन भाव विषयमा प्रश्न

११. "भन्ते नागसेन ! भगवान्‌ले भन्नुभएको छ : –

**अचेतनं, ब्राह्मण, अस्सुणन्तं, जानं अजानन्तमिमं पलासं ।**
**आरद्धविरियो धुवमप्पमत्तो, सुखसेय्यं पुच्छासि किस्स हेतू'ति ॥**[९३]

**"हे ब्राह्मण ! यो सुन्न नसक्ने निर्जीव यस पलाँसको हो भन्ने कुरो बुझेर पनि नबुझेझैं गरी सावधान र होसियार हुँदाहुँदै पनि तिमी किन केही सोध्दैछौ ?"**

साथै यसो पनि भनिएको छ : –

**इति फन्दनरूक्खो पि, तावदे अज्झभासथ ।**
**मय्हं पि वचनं अत्थि, भारद्वाज, सुणोहि मे ति ॥**[९४]
**"फन्दन वृक्षले उत्तर दियो – भारद्वाज म पनि बोल्न सक्छु, सुन ।"**

(क) "भन्ते ! यदि रूखमा साँच्चै जीव छैन भने फन्दनले उत्तर दिएको कुरो झूटो ठहरिन्छ । (ख) र, यदि फन्दनले उत्तर दिएको कुरो ठीक हो भने रूखमा जीव छैन, भन्ने कुरो हुन सक्दैन । यो पनि दुविधायुक्त ··· ?"

१२. "महाराज ! दुवै कुरो ठीक हो । वृक्ष अचेतन हुन्छ । फन्दनले पनि भारद्वाजलाई सही उत्तर दिएका थिए । यो कुरो त मानिसहरूलाई बुझाउनका लागि मात्र भनिएको थियो । महाराज ! अचेतन वृक्ष के बोल्न सक्छ ? त्यसमा बस्ने देवताले बोलेको ले वृक्षले बोलेको हो भनेर भनियो ।"

---

९३. पासास जातक नं ३०७ ।

९४. फन्दन जातक नं ४७५ ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! गाडामा धान लाद्नाले मानिसहरू त्यसलाई धानका गाडा भन्न थाल्छन् । गाडा त काठले बनेको हुन्छ, धानले होइन । तर त्यसमाथि धान लादिनाले मान्छेहरूले त्यसलाई धानको गाडा भनेका हुन् । महाराज ! त्यसरी नै, खासमा रूख बोल्दैन; किनकि त्यो त अचेतन हो । त्यसमा बस्ने देवताले बोलेकोले मानिसहरूले रूखले बोलेको हो भनेर भन्छन् । यो लोकले भन्ने तरिका मात्र हो ।" (क)

"महाराज ! खासमा त मान्छेहरूले दहीलाई पो मन्थन गर्छन्, तर भन्छन् कि – 'मही पार्दैछु (मथ्दै छु) ।' महीलाई त मथेको होइन नि, मथेको त दहीलाई पो हो । महाराज ! त्यसरी नै खासमा रूख बोल्दैन । रूख अचेतन छ ... ।" (ख)

"महाराज ! मान्छेहरू भन्छन् – 'म फलानो चीज बनाउँदै छु ।' त्यो चीज त अहिले तयार भएकै छैन, अनि उसले त्यो कसरी बनाउछ ? तर मान्छेहरूको भन्ने तरिका यही हो । महाराज ! त्यसरी नै, वास्तवमा रूख बोल्दैन । त्यसमा त चेतना नै छैन । त्यसमा बस्ने देवता बोल्नाले मान्छेहरू रूख बोल्छ भनेर भन्छन् । महाराज ! मान्छेहरू जुन भाषाको प्रयोग गर्दछन्, त्यही भाषामा भगवान् बुद्धले पनि उनीहरूलाई धर्मको उपदेश दिनुहुन्छ ।"

"ठीक हो भन्ते नागसेन !"

## ६. पिण्डपातको महत्फल विषयमा प्रश्न

१३. "भन्ते नागसेन ! धर्मसंगीति गर्ने स्थविरहरूले भनेका छन् : –

**"सुनको काम गर्ने चुन्दले दिएको भोजन खाएर, यस्तो मैले सुनेको छु, बुद्धलाई भयङ्कर रोग लाग्यो जस्ले गर्दा अन्तमा उहाँको प्राण नै गयो ।"**

"फेरि भगवान्ले यसो पनि भन्नुभयो – 'आनन्द ! मलाई दिएको भिक्षा (पिण्डपात्र) दुवै बराबर पुण्य दिने खालको छ । अरूहरूले दिएको भिक्षाको अपेक्षा त्यो दुवै बढी फल र पुण्य दिने खालको छ । कुनचाहिँ दुई भिक्षाहरू ? (क) 'जुन भिक्षा खाएर मैले अनुत्तर सम्यक्सम्बोधी (अलौकिक बुद्धत्व) पाएँ र (ख) जुन भिक्षा खाएर मैले अनुपादिशेष निर्वाणधातुबाट (संसारबाट सधैं छुटकारा पाउने) परिनिर्वाण पाएँ ।' यी दुवै भिक्षा बराबर पुण्य दिने खालको हो ।[९५]"

(क) "भन्ते ! यदि चुन्दको भिक्षा खानाले भगवान्लाई यस्तो भयङ्कर रोग लाग्यो जसले गर्दा उहाँको प्राण नै गयो भने त्यो भिक्षा अरू कसैले दिएको भिक्षाभन्दा बढी पुण्य दिने खालको सम्भनुहुन्न । (ख) र, यदि त्यो भिक्षा यथार्थमा अरूबाट दिइएको भिक्षाभन्दा बढेर पुण्यप्रद थियो भने, यसो हुन सक्दैन कि त्यो खानाले भगवान्लाई यस्तो भयङ्कर रोग लाग्यो जसले गर्दा उहाँको मृत्यु नै भयो । विषभैं काम गर्ने, रोग उत्पन्न गर्ने, प्राणलाई नै हेरेर लाने, त्यो भिक्षा जो खानाले भगवान्को मृत्यु भयो त किन अरूले दिएको भिक्षाभन्दा बढी पुण्य दिने खालको हुन सक्छ ? विपक्ष मतहरूको कुतर्कलाई रोक्न तपाईं यसको कारण भनिदिनुहोस् । मानिसहरूलाई यहाँ यस्तो भ्रम हुन्छ कि भगवान्ले लोभमा परेर ठुसेर खानुभयो होला जसले गर्दा उहाँलाई रातो आउँ पऱ्यो ... । यो पनि एउटा दुविधायुक्त ?"

---

९५. दीघनिकाय-महापरिनिवाण सूत्र



Downloaded from http://www.dhamma.digital

१४. "महाराज ! धर्मसङ्गीति गर्ने महास्थविरहरूले जे भन्नुभएको छ, सो ठीक हो कि चुन्दको भिक्षा खाएर भगवान्लाई … । भगवान्ले जे भन्नुभएको हो, त्यो पनि ठीक छ कि चुन्दले दिएको भिक्षा अन्य भिक्षाभन्दा बढी पुण्य दिने खालको छ ।"

"महाराज ! देवताहरू भगवान्को यस अन्तिम भिक्षामा खुसी भए । उनीहरूले त्यस शूकर-मद्दव[९६]मा दिव्यओज भरिदिएका थिए । यसले गर्दा त्यो हलुका, चाँडै पच्ने भयो र धेरै स्वादिष्ट पनि भयो । महाराज ! भोजन खानुको कारणले उहाँलाई रोग लागेको होइन; उहाँको शरीर अति क्षीण भइसकेको र आयुसंस्कार पनि सकिइसकेको कारणले रोग लागेको हो, त्यसपछि उहाँको अवस्था बिग्रेको हो ।"

"महाराज ! जसरी स्वयं बल्दै गरेको आगोमा इन्धन हाल्नाले त्यो झन् दन्केर बल्छ, त्यस्तै भगवान्को शरीर अति क्षीण भइसकेको र आयु पूर्ण भएको कारणले त्यो रोग बढ्दै गयो ।"

"महाराज ! जसरी धेरै वर्षा भयो भने खहरे खोला झन् उर्लेर बग्नथाल्छ; त्यस्तै, भगवान् धेरै कमजोर हुनुभएकोले र आयु पूर्ण भएकाले त्यो रोग बढ्दै गयो ।"

"महाराज ! जसरी पेटमा कमजोरी हुँदा नपाकेको कुनै अन्न खाँदा झन् बढी आउँ पर्छ, त्यस्तै, भगवान् कमजोर हुनुभई आयु पूर्ण भएको हुनाले त्यो रोग बढ्दै गयो । महाराज ! चुन्दको त्यस भिक्षामा कुनै दोष थिएन । उनीमाथि कसैले दोष लगाउन सक्दैन ।"

"भन्ते नागसेन ! त्यो दुवै भिक्षालाई कुन कारणले अरूले दिएको भिक्षाभन्दा बढी पुण्य दिने खालको सम्झनुपर्छ ?" "महाराज ! किनकि ती दुवै भिक्षा खानाले पछि उहाँले धर्मको सबैभन्दा ठूलो उपलब्धि पाउनुभएको थियो ।"

"भन्ते नागसेन ! कुनचाहिँ धर्मको सबैभन्दा ठूलो उपलब्धि ?" "महाराज ! नौ आनुपूर्विक-विहारको सभापत्तिको उल्टो (प्रतिलोम) र सीधा (अनुलोम) को साक्षात्कार गर्नु ।[९७]"

"भन्ते ! के भगवान्ले बुद्धत्वप्राप्ति र परिनिर्वाण – दुवै समयमा त्यसलाई साक्षात्कार गर्नुभएको थियो ?" "हो महाराज !" "भन्ते ! बडो अचम्म छ !! अद्भुत छ !! कि बुद्धको क्षेत्रमा दिएको दुवै भिक्षालाई सबैभन्दा बढी गौरवमय सम्झनुपर्छ । नौ आनुपूर्विक विहारको सम्पत्ति पनि धन्य छ जसले गर्दा यो दुवै भिक्षा यति महत्वपूर्ण भयो ।"

"साधु भन्ते नागसेन । तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।".

---

९६. शूकर मद्दव= कतिपय व्यक्तिको भनाइअनुसार यो सुँगुरको मासु नभएर एक प्रकारको विषालु च्याउ हो भनिन्छ । हेर्नुहोस् दी. नि. (नेपाली पृ. २६४को पादटिप्पणी ।

९७. १) प्रथमध्यान, २) द्वितीयध्यान, ३) तृतीयध्यान, ४) चतुर्थध्यान, (५-८) अरूपध्यान ९) संज्ञावेदयितनिरोध समापत्ति । म. नि. अनुपद-सूत्र पृष्ठ ४६६ ।



Downloaded from http://www.dhamma.digital

# ७. बुद्ध पूजा विषयमा प्रश्न

१५. "भन्ते नागसेन ! भगवान्ले भन्नुभयो – 'आनन्द ! तिमीहरू बुद्धको शरीरपूजामा नलाग[९८] ।' साथै, यसो पनि भनिएको छ – 'पूजा गर ती पूजनीय धातुहरूको । यस्तो गरेमा तिमीहरूलाई स्वर्ग प्राप्त हुनेछ ।'

(क) "भन्ते ! यदि भगवान्ले आनन्दलाई बुद्धको शरीरपूजा गर्नुबाट रोक्नुभएको भए पूजा गर त्यस पूजनीयका धातुहरूको । यसो कहिल्यै भन्नुभएको होइन । (ख) र यदि उहाँले पूजा गर त्यस पूजनीयका धातुहरूको यसो साँच्चै भन्नुभएको हो भने, आनन्दलाई बुद्धको शरीरपूजा गर्नुवाट रोक्ने कुरा झूटो ठहरिन्छ । यो पनि दुविधायुक्त प्रश्न ··· ?"

१६. "महाराज ! भगवान्ले दुइटै कुरा भन्नुभयो । त्यो सबैका लागि होइन; बरु केवल भिक्षुहरूका लागि भन्नुभएको थियो – 'आनन्द ! तिमीहरू बुद्धको शरीरपूजामा नलाग ।' महाराज ! पूजा गर्नु भिक्षुहरूको काम होइन । सबै संस्कारहरूको नश्वरतालाई मनमा ल्याएर योनिसोमनसिकार (कारणसहित विचार गरी ध्यानभावना) को अभ्यास गर्नु र पवित्र काममा लागिरहनु नै भिक्षुहरूको कर्तव्य हो । देवता र मानिसहरूको काम धातुपूजा गर्नु बेस हो ।"

"महाराज ! जसरी हात्ती, घोडा, रथ, भाला र तीर चलाउने विद्याहरू सिक्नु, लेख्नु, पढ्नु, हिसाब-किताब हेर्नु, क्षत्रिय धर्मको पालन गर्नु युद्ध गर्नु, सेनासञ्चालन गर्नु – यी सबै राजपुत्र (क्षत्रिय) हरूको कर्तव्य हो । वैश्य, शूद्र र अरूहरूका काम खेती गर्नु, व्यापार गर्नु, पशुपालन इत्यादि हुन् । महाराज ! यसरी नै, पूजा गर्नु भिक्षुहरूको काम होइन । सबै संस्कारहरूको नश्वरतालाई मनमा ल्याउनु नै भिक्षुहरूको कर्तव्य हो । देवता र मानिसहरूको काम धातुपूजा गर्नु हो ।"

"महाराज ! जसरी ब्राह्मणका छोराहरूले ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, शरीरको लक्षण, इतिहास, पुराण, निघण्टु, कैटुभ, अक्षरप्रभेद, पद, व्याकरण, ज्योतिषशास्त्र, शकुनविद्या, स्वप्नविद्या, निमित्त विद्या, छ वेदाङ्ग, सूर्य र चन्द्रग्रहणको विद्या, राहु आकाशमा आउनुको फलको विद्या, आकाशको गड़गड़ाइ नक्षत्रहरूको संयोग हुनुको विद्या, उल्कापात, भूकम्प, दिशादाह, आकाश र पृथ्वीको लक्षणलाई हेरेर फल बताउनु, गणित, सामुद्रिक, कुकुर, मृग, मुसा, भिश्रकोत्पाद र चराहरूको बोली बुझ्ने विद्या सिक्नुपर्छ । तर वैश्य, शूद्र तथा अरू व्यक्तिहरूको काम – कृषि, व्यापार र पशुपालन हो । महाराज ! त्यसरी पूजा गर्नु भिक्षुहरूको काम होइन । सबै संस्कारको नश्वरतालाई मनमा ल्याउनु भिक्षुहरूको कर्तव्य हो । देवताहरू र मानिसहरूका लागि धातु पूजा गर्नु बेस हो । महाराज ! भिक्षुहरू अकार्थमा नलागेर आफ्नो कतर्व्यमै लागिरहुन् भनेर, भगवान्ले भन्नुभयो – 'आनन्द ! तिमीहरू बुद्धको शरीरपूजामा न लाग्नू ।' यदि भगवान्ले यसो नभन्नुभएको भए भिक्षुहरू आफ्नो चीवर र पिण्डपातलाई एकातिर थन्काएर बुद्धको पूजा मात्र गर्नुमा लागिरहन्थे होला ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

---

९८. महापरिनिर्वाण-सूत्र - दी. नि.(नेपाली) पृ. २७३



Downloaded from http://www.dhamma.digital

# ८. ढुङ्गाको टुक्राबाट भगवान्को खुट्टामा लागेको चोट

१७. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि भगवान् बुद्ध हिंड्नु हुँदा यो अचेतन पृथ्वी पनि जहाँ गहिरो भाग हुन्थ्यो त्यहाँ उठेर सम्म हुन्थ्यो अनि जहाँ उठेको थियो, त्यहाँ तल गएर सम्म हुन्थ्यो । साथै, यस्तो पनि भन्छन् कि भगवान्को खुट्टामा एकपल्ट ढुङ्गाको टुक्रा भगवान्को खुट्टामा खस्यो र घाउ भयो [९९] । त्यो उहाँको खुट्टाबाट हटेर किन खसेन ? (क) भन्ते ! यदि भगवान् हिंड्दा यो अचेतन पृथ्वी पनि सम्म ... हुन्थ्यो भने उहाँको खुट्टामा ढुङ्गा खसेर घाउ लागेको कुरा असत्य भयो । (ख) फेरि, यथार्थमा उहाँको खुट्टामा ढुङ्गा खसेर घाउ लागेको कुरा सत्य हो भने यो कुरो मान्न सकिन्न कि उहाँ हिंड्नु हुँदा यो अचेतन पृथ्वी सम्म ... हुन्थ्यो । यो पनि एउटा दुविधायुक्त प्रश्न ?"

१८. "महाराज ! दुवै कुरा ठीक हो । तर ढुङ्गाको त्यो टुक्रा आफै खसेको नभई देवदत्तले फ्याँकेको हुनाले झरेर उहाँको खुट्टामा लागेको हो । महाराज ! सयौं हजारौं जन्मदेखि भगवान्प्रति देवदत्तको मनमा डाहा चल्दै आएको थियो । त्यस डाहाले गर्दा उनले भगवान्माथि एउटा चट्टान खसाले । तर पृथ्वीबाट निस्केको दुईवटा चट्टानको माझमा आएर त्यो रोक्कियो । ती दुई चट्टान ठोक्किएर ढुङ्गाको टुक्रा चोइटियो अनि छरिएर एउटा टुक्रा भगवान्को खुट्टामा आएर खस्यो ।"

"भन्ते नागसेन ! जसरी दुईवटा चट्टानहरूले आएर खस्न लागेको चट्टानलाई बीचमै रोके, त्यसरी नै ढुङ्गाको त्यो टुक्रा पनि बीचमै रोकिनुपर्ने थियो ?"

"महाराज ! रोक्दारोक्दै पनि केही न केही सरेर तल आउँछ नै । महाराज ! अँजुलीमा पानी लिंदा केही न केही मात्रामा पानी औंलाका कापबाट निस्केर तल झर्छ । दूध, मही, मह, घिउ, तेल माछा वा मासुको रस अँजुलीमा लिँदा केही न केही मात्रामा औंलाका कापबाट रसाएर तल झर्छ । महाराज ! त्यसरी नै झर्न लागेको चट्टानलाई दुईवटा अन्य चट्टानहरूका माझ आएर रोक्दा पनि ती ठक्कर खानाले तिनको एउटा टुक्रा उछिट्टिएर भगवान्को खुट्टामा आएर झर्‍यो ।"(क)

"महाराज ! जसरी धूलो हातमा लिएर मुट्ठी पार्दा औंलाको कापबाट अलिअलि गर्दै तल झर्छ । महाराज ! त्यसरी नै झर्दै ... ... आएर झर्‍यो ।" (ख)

"महाराज ! मुखमा गाँस राख्दा केही न केही मात्रामा खानाको टुक्रा तल झर्छ । महाराज ! त्यसरी नै ... आएर झर्‍यो ।"(ग)

"भन्ते नागसेन ! ठीक छ म मान्दछु कि चट्टान त्यसरी आएर बीचमा रोकियो; किन्तु त्यो टुक्रा महापृथ्वीझैं अवश्य भगवान्को गौरव मान्नु पर्दथ्यो ?"

"महाराज ! बाह्र प्रकारका व्यक्तिहरूले कुनै आदर, गौरव (सम्मान) गर्दैनन् । कुन बाह्र ? १.रागी पुरुष आफ्नो रागको बसमा परेर आदर, गौरव (सम्मान) गर्दैनन् । (२) द्वेषी पुरुष आफ्नो द्वेषमा आएर ..., (३) मोही पुरुष आफ्नो मोहमा आएर ... , (४) घमन्डी पुरुष आफ्नो घमन्डमा आएर , (५) खराव मानिस आफ्नो खराबीमा आएर ... , ६. जिद्दी गर्ने मानिस आफ्नो ढिपीमा आएर. , (७) नीच पुरुष आफ्नो नीच स्वभावले गर्दा ... , (८) गफाडी मानिस आफ्नो शेखीले गर्दा ... , (९) पापी मानिस आफ्नो क्रूरताले गर्दा, (१०) सताइएको मानिसलाई सताइनाले ... , (११) लोभी मानिस लोभमा परेर र (१२) संसारी पुरुष आफ्नो अर्थसाधनमा लाग्नाले आदर गौरव गर्दैन । यी वाह्र प्रकारका मानिसहरू कुनै आदर

---

९९. ७) लोहितुप्पादकम्मं, चुल्लवग्गो पृ. २९३ तथा सकलिक सूत्र (१३ र ३८) स.नि. हेर्नुहोस् ।



Downloaded from http://www.dhamma.digital

गौरव गर्दैन । तर, ढुङ्गाको त्यो टुक्रा चट्टानमा ठक्कर खाएर उछिट्टिएर कुनै खास कारण त्यसै उफ्रँदै भगवान्को खुट्टामा आएर खस्यो ।"

"महाराज ! जसरी बतास चल्दा पातलो र चिप्लो धुलो कुनै कारणले चारैतिर छरिएर फैलिन्छ, महाराज ! त्यसरी नै कुनै खास उद्देश्यबिना ढुङ्गाको त्यो टुक्रा चट्टानको ठक्कर खानाले उछिट्टिएर त्यसै उफ्रँदै भगवान्को खुट्टामा आएर झऱ्यो, जसको फलस्वरूप ती (देवदत्त) ले धेरै दु:ख उठाउनु पऱ्यो ।

"ठीक हो भन्ते नगसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ९. श्रेष्ठ र अश्रेष्ठ श्रमणका विषयमा प्रश्न

१९. "भन्ते नागसेन ! भगवान्ले भन्नुभयो – आस्रवलाई क्षय गर्नाले नै श्रमण हुन्छ । साथै यसो पनि भन्नुभयो कि – चार धर्मले युक्त जो छ, त्यस मनुष्यलाई मान्छेहरूले श्रमण भन्दछन् ।"

"ती चार धर्महरू यी हुन् – (१) क्षान्ति (सहनशीलता), (२) अल्पाहार, (३) वैराग्य, (४) थोरै आवश्यकता भएको । यी चार धर्महरू त उनीहरूमा पनि पाइन्छ, जसको आस्रव क्षीण नभएर पनि कायम रहन्छ । (क) भन्ते नागसेन ! यदि आस्रवलाई क्षय गर्नाले नै श्रमण हुन्छ भने, यो कुरो झूटो ठहरिन्छ कि यी चार धर्महरूले युक्त हुनेलाई श्रमण भनिन्छ । (ख) र, यदि यो सत्य हो कि यी चार धर्मले युक्त हुनेलाई श्रमण भनिन्छ भने, यो कुरो झूटो ठहरिन्छ कि आस्रवलाई क्षय गर्नाले श्रमण हुन्छ । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ?"

२०. "महाराज ! भगवान्ले भन्नुभएको – 'आस्रव क्षय गर्नाले नै श्रमण हुन्छ, फेरि चार धर्मले युक्त हुनेलाई श्रमण भनिन्छ, यी दुवै कुरा सत्य हुन् । महाराज ! चार धर्मले युक्त भएका मानिसहरूलाई लोकमा श्रमण भनि भनेको यी पुद्गलहरूको गुणको कारणले श्रमण भनेको हुन् । आस्रव क्षय भइसकेकालाई श्रमण भनी भनिएको वचनमा कुनै शङ्का छैन ।"

"महाराज ! जस्तो कि जल-थलमा उत्पन्न हुने सबै प्रकारका फूलमध्ये वार्षिक फूल (जुही) सबैभन्दा श्रेष्ठ मानिन्छ; तैपनि सबै फूलहरूलाई फूल नै भनिन्छ । महाराज ! जसले क्लेशलाई उपसम (शान्त) गर्न प्रयत्न गर्ने वाला हुन् ती सबैलाई साधारणत: श्रमण भनिन्छ । जसले आफ्नो क्लेशलाई राम्ररी जितिसकेको छ, उनी क्षीणास्रवलाई सर्वश्रेष्ठ श्रमण भनिन्छ ।"

"महाराज ! जति पनि अन्नहरू छन्, ती सबै कामका लागि उपयोगी हुन्छन्, खाने लायक हुन्छन्, शरीरलाई फाइदा दिने हुन्छन् । तर तीमध्ये चामल नै सबैभन्दा श्रेष्ठ ठहरिन्छ । महाराज ! जसले क्लेशलाई उपसम (शान्त) का लागि प्रयत्न गर्ने हुन्छ उनीहरू सबैलाई साधारणत: श्रमण भनिन्छ । जसले आफ्नो क्लेशलाई राम्ररी जितिसकेको छ त्यस्ता क्षीणास्रवलाई सर्वश्रेष्ठ श्रमण भनिन्छ ।"

"ठीक छ भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ म स्वीकार गर्दछु ।"

## १०. गुण वर्णन विषयमा प्रश्न

२१. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – 'भिक्षु हो ! यदि अन्य व्यक्तिहरूले मेरो , धर्मको ···, अथवा सङ्घको प्रशंसा गरेमा त्यहाँ तिमीहरूले आनन्द, खुसी र हर्षले विभोर भएर प्रफुल्लित



Downloaded from http://www.dhamma.digital

हुनु हुँदैन ।'[१००] तैपनि शैल नामको ब्राह्मणद्वारा आफ्नो साँचो प्रंशसा गरिएपछि स्वयं आनन्दित सौमनस्य भई चित्त उत्तेजित पारी खुसी हुँदै आफ्ना अन्य गुणहरु देखाउँदै भन्नुभयो : –

**'राजाहमस्मि, सेल, धम्मराजा अनुत्तरो ।**
**धम्मेन चक्क वत्तेमि, चक्कं अप्पटिवत्तियं'ति ॥'**

**'म राजा हुँ हे शैल ! अलौकिक धर्म-राजा,**
**धर्म-चक्र प्रवर्तन गरें, जसलाई कोही कसैले गर्न सक्दैन ।'**[१०१]

(क) "भन्ते नागसेन ! यदि भगवान्ले साँच्चै भन्नुभएको – 'भिक्षु हो ! यदि अन्य व्यक्तिहरूले मेरो ..., धर्मको ..., अथवा सङ्घको प्रशंसा गरेमा त्यहाँ तिमीहरूले आनन्द, खुसी र हर्षले विभोर भएर प्रफुल्लित हुनु हुँदैन भन्ने कुरा सत्य हो भने, शैलको कुरो भूटो ठहरिन्छ। यदि शैलको कुरो ... सत्य हो भने, भिक्षुहरू हो ! यदि अन्य व्यक्तिहरूले मेरो ..., धर्मको ..., अथवा सङ्घको प्रशंसा गरेमा त्यहाँ तिमीहरूले आनन्द खुसी र हर्षले विभोर भएर प्रफुल्लित हुनु हुँदैन भन्ने कुरा असत्य हुन्छ । यो पनि एउटा दुविधायुक्त ?"

२२. "महाराज ! भगवान्ले यथार्थ कुरा भन्नुभएको – 'भिक्षु हो ! यदि अन्य व्यक्तिहरूले मेरो ..., ... धर्मको ..., अथवा सङ्घको प्रशंसा गरेमा त्यहाँ तिमीहरूले आनन्द, खुसी र हर्षले विभोर भएर प्रफुल्लित हुनु हुँदैन' भन्ने कुरा र यो पनि सत्य कुरो हो कि शैल नामक ब्राह्मणद्वारा आफ्नो साँचो प्रशंसा गरिंदा उहाँ स्वयं आनन्दविभोर भएर फुल्नुभएको थियो अनि आफ्ना अन्य गुण देखाउँदै भन्नुभएको थियो – 'म राजा हुँ हे शैल ! अलौकिक धर्म-राजा, धर्म-चक्र प्रवर्तन गरें, जुन काम कसैले पनि गर्न सक्दैन ।"

"महाराज ! यी दुई कुरामध्ये पहिलो कुरामा भगवान्ले यो देखाउनुभयो कि उनले बताएको धर्म कति स्वाभाविक र सरल छ, जसमा उल्टोपुल्टो केही छैन भने, त्यो ठीक, साँचो र असल हुन्छ ! अनि जुन शैल नामको ब्राह्मणलाई भनिएको थियो कि – 'म राजा हुँ हे शैल ... ।' यो कुरो लाभ वा यश पाउनका लागि होइन; न आफ्नो स्वार्थको कारणले हो, न आफ्नो पक्षलाई पुष्ट गर्नका लागि नै, र न त आफ्ना शिष्यहरू बढाउनका लागि नै हो । उहाँले ती तीन सय विद्यार्थीहरूप्रति दया र माया गरेर उनीहरूको हितबारे विचार गरेर उनीहरूलाई यसो भन्नाले धर्मको बोध हुन्छ भनेर यसो भन्नुभएको थियो ।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ११. अहिंसानिग्रह विषयमा प्रश्न

२३. "भन्ते नागसेन ! भगवान्ले यो भन्नुभएको छ – 'लोकमा कसैको हिंसा नगरी प्रेमपूर्वक एक आपसमा हेलमेल गरेर बस ।'[१०२]"

---

१००. दीघनिकाय, ब्रह्मजाल-सूत्त (नेपाली) पृ २.

१०१. सेल-सुत्त, म. नि. (नेपाली) पृ. ५८३ हेर्नुहोला ।

१०२. जातक नं. ५२ ।



Downloaded from http://www.dhamma.digital

"साथै यसो पनि भनिएको छ – 'जो दण्ड दिन योग्य छन्, उनीहरूलाई दण्ड देऊ; जो साथ दिन योग्य छन्, उनीहरूलाई साथ देऊ । भन्ते नागसेन ! दण्ड दिनुको अर्थ हात काटिदिनु, खुट्टा काटिदिनु, मारि दिनु, झ्यालखानामा जाक्नु, मार्नु, कुट्नु वा देशनिकाला गरिदिनु । भगवान्ले यो कुरो भन्नु हुँदैन थियो र उहाँ भन्न पनि सक्नहुन्न ।"

(क) "भन्ते नागसेन ! भगवान्ले यो पनि भन्नुभएको छ कि – 'लोकमा कसैको हिंसा नगरी प्रेमपूर्वक आपसमा हेलमेल गरेर बस ।' त्यसो हो भने यो कुरा झूटो हुनेछ कि 'जो दण्ड दिन योग्य छन्, उनीहरूलाई दण्ड देऊ र (ख) यदि उहाँले जसलाई दण्ड दिन योग्य छ, उनहरूलाई दण्ड देऊ ··· भन्ने कुरो साँचो हो भने, लोकमा कसैको हिंसा नगरी प्रेमपूर्वक एक आपसमा हेलमेल गरेर बस भन्ने कुरा असत्य हुन्छ । यो पनि एउटा दुविधायुक्त प्रश्न हो, जुन तपाईंको सामु राखेको छु । तपाईं यसलाई स्पष्ट गर्नु होला ?"

२४. "महाराज ! भगवान्ले यो कुरो ठीकै भन्नुभएको छ – 'लोकमा कसैको हिंसा नगर र यसो पनि भन्नुभएको छ कि – 'जसलाई दण्ड दिन योग्य छ उसलाई दण्ड देऊ, जसलाई साथ दिन योग्य छ, उनीहरूलाई साथ देऊ । कसैको हिंसा नगरी प्रेमपूर्वक आपसमा हेलमेल गरेर बस्नू ।"

"महाराज ! सबै बुद्धहरूको यही उपदेश हो, यही धर्मदेशना हो । अहिंसा त धर्मको प्रधान लक्षण हो । बुद्धको यो स्वाभाविक वचन हो । महाराज ! अनी जो उहाँले भन्नुभएको छ – 'जसलाई दण्ड दिनयोग्य छ ··· ।' महाराज ! त्यसको मतलब यो हो कि उद्धत चित्तलाई साम्य पार्नुपर्छ, शान्त भएको चित्तलाई सोही रूपमा राख्नुपर्छ, अकुशल चित्त (खराब विचार) लाई दबाउनुपर्छ, कुशल चित्तलाई (राम्रो विचारलाई) बढाउनुपर्छ, असंयमित (अनुचित) मनलाई रोक्नुपर्छ, संयमित मनलाई वृद्धि गर्नुपर्छ, मिथ्या आचरण (झूटो सिद्धान्त) लाई दबाउनुपर्छ, सम्यक् आचरणलाई वृद्धि गर्नुपर्छ, अनार्य भावलाई दबाउनुपर्छ, आर्य भावलाई वृद्धि गर्नुपर्छ; चोरलाई वशमा राख्नुपर्छ साधुलाई कायमै राख्नुपर्छ ।"

"भन्ते नागसेन ! हो, अब तपाईंले मेरो कुरा बुझ्नुहुन्छ । म जे सोध्न चाहन्थे त्यसको अर्थ निस्केर आउन लाग्यो । भन्ते ! यो ठीक हो कि चोरलाई वशमा राख्नुपर्छ । तर कसरी ?" "महाराज ! चोरलाई कसरी वशमा राख्नुपर्छ – यदि उसलाई गाली गर्न उचित छ भने गाली गर्नुपर्छ, दण्ड दिन उचित छ भने दण्ड दिनुपर्छ, देशबाट निकाला गर्न उचित छ भने देशनिकाला गर्नुपर्छ, र यदि फाँसी दिन उचित छ भने फाँसी दिनुपर्छ ।" "भन्ते ! जुन चोरलाई फाँसी दिने कुरो छ, के त्यो तथागतहरूको अनुकूल छ ?" "छैन महाराज !" "त्यसो हो भने तथागतहरूका अनुसार कसरी दमन गर्नुपर्छ ?"

"महाराज ! जुन चोरलाई फाँसी दिइन्छ, सो तथागतहरूको अनुमतिले होइन, बरु उसको आफ्नै कारणले । महाराज ! के धर्मले यस्तो अनुमति दिन्छ कि कोही बुद्धिमान् मानिसले कुनै निर्दोष व्यक्तिलाई, जो सड़कमा हिंडिरहेको छ, विनाकारण समातेर मारी देवस् ?" "होइन भन्ते !" "महाराज ! के कारणले दण्ड नदिएको हो त ?" "भन्ते ! किनभने उसले कुनै अपराध गरेकै छैन ।" "महाराज ! यसरी नै, तथागतहरूको अनुमतिले जसरी चोरहरूलाई अनुमति दिंदैन, तर उनीहरूको आफ्नै कारणले । त्यसो भए के यसबाट तथागतलाई कुनै दोष लाग्छ ?" "लाग्दैन भन्ते !"

"महाराज ! तपाईंले तथागतको उपदेश सदा उपयुक्त नै हुन्छ भन्ने कुरा बुझ्नुभएकै होला ।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"



Downloaded from http://www.dhamma.digital

# १२. भिक्षु प्रणामितको (स्थविरहरूको निष्कासन) विषयमा प्रश्न

२५. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभयो कि – 'मेरो मनमा न कुनै रिस छ न कुनै डाहा ।'[१०३] फेरि पनि उहाँले स्थविर सारिपुत्र र महामौद्गल्यायनलाई सारा परिषद्सहित आफ्नो विहारबाट निकाला गर्नुभएको थियो ।[१०४] (क) भन्ते ! के भगवान्ले रिस गरेर वा सन्तोषले उनीहरूलाई निकालि दिनुभएको थियो ? सो भन्नुहोस् । भन्ते ! यदि उहाँले रिसाएर उनीहरूलाई निकालि दिनुभएको थियो भने, यो कुरो सिद्ध हुन्छ कि बुद्ध पनि रिसबाट जोगिनुभएको छैन । (ख) र यदि सन्तोषपूर्वक निकालि दिनुभएको भए, यसको कुनै कारण छैन कि त्यसै बिनसित्ति निकालि दिनुभएको हो । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ?"

२६. **पृथ्वीको उपमा** "महाराज ! भगवान्ले रिस गरेर उनीहरूलाई निकाला गर्नुभएको थिएन । महाराज ! जब कुनै जरामा, ठुटोमा, ढुङ्गामा, काठमा वा उबडखाबड जमिनमा ठेस लागेर लड्छ भने के महापृथ्वीले नै रिस गरेर उसलाई लडाइदिन्छ ?" "लडाउँदैन भन्ते !" "पृथ्वीलाई न त रिस उठ्छ, न प्रसन्नता नै हुन्छ । पृथ्वीलाई न कसैसँग प्रेम छ, न ईष्या । आफ्नै लापरवाहीले मानिसहरू ठेस लागेर लड्छन् ।" "महाराज ! यसरी भगवान्लाई न त रिस उठ्छ, न प्रसन्नता नै हुन्छ । बुद्ध प्रेम र ईर्ष्याको प्रश्नबाट छुटिसकेको हुनुहुन्छ । उहाँको सबै क्लेश नष्ट भइसकेका हुन्छन् । भिक्षुहरू त आफ्नै कामले गर्दा निष्कासित गरिएका थिए ।"

**समुद्रको उपमा** "महाराज ! महासमुद्रले आफूमा कुनै शव राख्न दिँदैन । यदि कुनै शव बीच समुद्रमा पर्नआउँछ भने, त्यसले चाँडै नै किनारा लगाएर जमिनमा छाडिदिन्छ । महाराज ! त्यसो भए के समुद्रले रिस गरेर यसो गर्छ ?" "गर्दैन भन्ते ! समुद्रलाई न त रिस उठ्छ, न प्रसन्नता नै हुन्छ । समुद्रलाई न त कसैसँग प्रेम छ न कसैसँग ईर्ष्या ।" "महाराज ! यसरी बुद्धलाई न त रिस उठ्छ, न त प्रसन्नता नै हुन्छ । बुद्ध प्रेम वा ईर्ष्याको प्रश्नबाट छुटि सकेका हुन्छन् । उहाँको सबै क्लेश नष्ट भइसकेका हुन्छन् । उहाँ सम्यक्सम्बुद्ध भइ सक्नुभएको छ । ती भिक्षुहरू आफ्नै कारणले बाहिर निकालिएका थिए । महाराज ! जसरी ठेस लागेर कोही लड्छ, त्यस्तै, कुनै मानिस बुद्धशासनमा कुनै न कुनै गल्ती गर्नाले उसलाई निकालिन्छ ।"

"महाराज ! जसरी महासमुद्रले आफ्नो माझमा परेको शवलाई बाहिर फ्याँकिदिन्छ; त्यसरी नै, बुद्धशासनमा कुनै गल्ती गर्नाले उसैलाई निकालिन्छ । महाराज ! जुन भगवान्ले ती भिक्षुहरूलाई निष्कासन गर्नुभएको थियो, उनीहरूको भलाइ होस् भन्ने विचारले उनीहरूकै हित गर्नका लागि उनीहरूको सुखका लागि उनीहरूलाई नै पवित्र तुल्याउनका लागि । यसो गर्नाले उनीहरू जन्म लिन, बूढा हुन, रोग लाग्न र मर्नबाट मुक्त हुन्छन् – यही विचार गरेर भगवान्ले उनीहरूलाई निकालिदिनुभएको थियो ।"

---

१०३. धनियसुत्त, सुत्त नि. ।

१०४. चातुमसुत्त म. नि. (नेपाली) पृ. ४०९ ।



Downloaded from http://www.dhamma.digital

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

# ४. सर्वज्ञताज्ञानवर्ग

## १. ऋद्धिकर्म विपाक विषयमा प्रश्न

१. "भन्ते नागसेन ! भगवान्ले भन्नुभयो – 'भिक्षु हो ! मेरो शासनमा ऋद्धिमान् भिक्षु श्रावकहरूमध्ये महामौद्गल्यायन सर्वश्रेष्ठ छ ।[१०५] यसमा स्थविर भईकन पनि उहाँ (चोरहरूको घेरामा परेर) लट्ठीले कुटिएर टाउको फुटेर, हाडहरू चूरचूर भएर अनि मासु र नसा पिसिएर परिनिर्वाणलाई प्राप्त गर्नुपर्‍यो ।[१०६] (क) भन्ते नागसेन ! यदि महामौद्गल्यायन साँच्चै एकदम ऋद्धिमान् भिक्षु थिए भने यो कुरो साँचो हो कि यसरी लट्ठीले कुटिएर उहाँको परिनिर्वाण भएको कुरा असत्य हुन्छ । (ख) र, यदि फेरि यसरी लट्ठीले कुटिएर उहाँको परिनिर्वाण भएको कुरा सत्य हो भने, उहाँ एकदम ठूलो ऋद्धिमान् भिक्षु हुनुहुन्छ भन्ने कुरो असत्य हो । ऋद्धिबलले त कुनै पुरुष देव र मनुष्यसहित सबै लोकलाई शरण दिन सक्ने हुन्छ भने उहाँले ऋद्धिबलद्वारा आफ्नै हत्या किन रोक्न सक्नु भएन त ? यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ?"

२. "महाराज ! भगवान्ले ठीकै भन्नुभएको हो – 'भिक्षु हो ! मेरो ऋद्धिमान् भिक्षु श्रावकहरूमध्ये महामौद्गल्यायन सबैभन्दा श्रेष्ठ छ' र, यो पनि सत्य हो कि उहाँ लट्ठीले कुटिएर टाउको फुटेर, हाडहरू चूरचूर भएर अनि मासु र नसा पिसिएर परिनिर्वाण प्राप्त गर्नुभयो । तर यो उहाँको पूर्वजन्मको फलको कारणले भएको थियो ।" "भन्ते नागसेन ! ऋद्धिमान् पुरुषको ऋद्धिबल र कर्मफल दुवै नै अचिन्तनीय छ । होइन त ? त्यसो भए अचिन्तनीयबाट अचिन्तनीयलाई किन रोक्न सक्नु भएन ? भन्ते ! जसरी एउटा अमिलो (कपित्थ) फललाई फ्याकेर अर्को फललाई झार्न सकिन्छ, त्यसरी नै, एक अचिन्तनीयको बलले अर्को अचिन्तनीयलाई किन रोक्न सकिएन ?"

"महाराज ! जसरी अचिन्तनीय विषयहरूमध्ये पनि एउटा अर्कोभन्दा बढी शक्तिशाली हुन्छ । संसारमा सबै राजाहरूलाई राजा नै भनिन्छ । तर तीमध्ये कुनै एक जना सबैभन्दा बलशाली वा शक्तिशाली हुन्छ । उसले सबैलाई आफ्नो वशमा पार्छ, उसले भनेको आज्ञालाई सबैले मान्छन् । महाराज ! यसरी नै, सबै अचिन्तनीय विषयहरू उही हुँदाहुँदै पनि आफ्नो कर्मको फलले सबैभन्दा बढी प्रभाव पार्दछ; जसले अरूलाई दबाएर स्वयं माथि आउँछ कर्मफल पुष्ट भएपछि अन्य कर्महरूको कुनै सिप लाग्दैन ।" (क)

"महाराज ! यहाँ जसरी एउटा मानिसले कुनै अपराध गर्दछ भने, उसलाई आमा-बाबु, या दाजु-भाइ दिदी-बहिनी नाताकुटुम्ब वा साथीहरूले उसलाई बचाउन सक्दैनन् । राजाले नै उसप्रति न्याय गर्न सक्छ । त्यसो के कारणले ? त्यही मानिस अपराधी बन्नाले ।"

---

१०५. अ. नि. १.१४.१ ।

१०६. धम्मपद अ. क. (१०) ७ ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! त्यसरी नै, सबै अचिन्तनीय विषयहरू एक भएको हुनाले पनि मानिसहरूको कर्मफलले सबैभन्दा बढी प्रभाव पार्दछ, जसले अर्कोलाई दबाएर त्यो स्वयं माथि आउँछ । कर्मफल पुष्ट रहनाले अन्य कर्मको केही लाग्दैन ।"(ख)

"महाराज ! जसरी जङ्गलमा आगो लाग्नाले त्यहाँ हजारौं गाग्रो पानी खन्याएमा पनि त्यसबाट आगो निभाउन सकिन्न । जे भए पनि आगो बढ्दै जान्छ । यसको के कारण हो ?" "आगो निकै चहकिलो भएको हुनाले ।" "महाराज ! यसरी सबै अचिन्तनीय ··· । महाराज ! त्यसैले आफ्नो कर्मफलले गर्दा लट्ठीले चुटिए पनि आयुष्मान् महामौद्गल्यायनको ऋद्धिबल त्यसै कायमै रह्यो ।"

"साधु भन्ते नागसेन ! कुरो यही हो । म यसलाई मान्दछु ।"

## २. धर्मविनयप्रतिछन्नता विषयक प्रश्न (प्रातिमोक्ष उपदेश भिक्षुहरू एक आपसमा लुकेर किन गर्छन्)

३. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! तथागतले भन्नुभएको – धर्म र विनय प्रकट भएपछि नै चम्कन्छ लुकाएर होइन ।[१०७] तैपनि प्रातिमोक्षको उद्देश (उपदेश) लुकाएर नै गरिन्छ; समग्र विनयपिटकलाई लुकाएर राखिन्छ ।'[१०८] भन्ते नागसेन ! यदि बुद्धशासनलाई युक्त र अनुकूल भएर हेर्‍यौं भने, विनय-प्रज्ञप्तिलाई खोलि दिन नै बेस हुन्छ । त्यसो किन ? किनकि त्यसमा केवल शिक्षा, संयम, नियम, शील, राम्रा राम्रा गुण तथा पवित्र आचारबारे नै कुराहरू गरिएको छ, जो उपयुक्त छन्, धर्म सिकाउनेहरू छन् अनि जसले मुक्तितिर लैजान्छन् ।"

(क) "भन्ते नागसेन ! यदि भगवान्ले यथार्थमा यसो भन्नुभएको छ कि – 'भिक्षु हो ! तथागतले उपदेश दिनुभएको धर्म र विनय खुल्नाले प्रकट गर्नाले नै चम्कन्छ लुकाएर होइन' भन्ने कुरा सत्य हो भने प्रातिमोक्षका उद्देश लुकाएर गर्नु गल्ती हो, (ख) र यदि प्रातिमोक्षका उपदेश र विनयपिटक लुकाउनु ठीक हो भने भगवान्ले भन्नुभएको यो कुरा असत्य ठहरिन्छ – 'भिक्षु हो ! बुद्धका धर्म र विनय प्रकट हुनाले नै चम्कन्छ लुकाएर होइन ।' यो पनि दुविधायुक्त प्रश्न ··· ।"

४. "महाराज ! भगवान्ले यो ठीक भन्नुभएको छ – 'भिक्षु हो ! बुद्धका धर्म र विनय प्रकट भएपछि नै चम्कन्छ, लुकाएर होइन ।' फेरि यसो पनि भन्नुभएको छ कि प्रातिमोक्षको उद्देश लुकाएर गर्नुपर्छ र विनयपिटकलाई पनि लुकाएर राख्नुपर्छ । किन्तु, यी सबै देखि लुकाएर राखिन्न; केही खास केही मानिसहरूदेखि नै लुकाइन्छ ।"

### विनय-शिक्षापदलाई लुकाएर राख्नुको कारण

"महाराज ! भगवान्ले तीन कारणले उनीहरूबाट लुकाएर प्रातिमोक्ष उपदेशको अनुमति दिनुभएको छ – (१) तथागतहरूको वंशपरम्परा देखि चलि आएकोले (२) धर्मको गौरवको विचारले र (३) भिक्षु भूमिको गौरवको विचारले ।"

---

१०७. अंगुत्तरनिकाय (३) १२४

१०८. विनयपिटक, महावर्ग (२) १६.८



Downloaded from http://www.dhamma.digital

(१) "कसरी पूर्व तथागतहरूको वंश परम्परा देखि चलि आएको थियो, जसले गर्दा प्रातिमोक्षको उद्देश केही व्यक्तिहरूमै लुकाउर उपदेश गर्नुपर्छ ?" "महाराज ! पूर्व तथागतहरूको परम्परा चलि आइरहेको छ कि प्रातिमोक्षको उपदेश भिक्षुहरूले आपसमा लुकाएर गर्नुपर्छ, अरूका सामु होइन । महाराज ! क्षत्रियको माया क्षत्रियहरूसँग नै रहन्छ । संसारभरिका क्षत्रियमा यो चलि आएको कुरा हो; अरूबाट यो कुरो लुकाइएको हुन्छ ।"

"महाराज ! यसरी नै, पहिलेका सबै तथागतहरूको वंशपरम्परा हो – प्रातिमोक्षको उद्देश भिक्षुहरूले आपसमा नै लुकाएर गर्नुपर्छ, अरूहरूका सामु होइन ।"

## बुद्धकालका सम्प्रदायहरू

"महाराज ! जस्तै संसारमा अनेक प्रकारका सम्प्रदाय (गण) हरू छन्, जस्तै – मल्ल, अतोण, पर्वत, धर्मगिरि, ब्रह्मागिरि, नटक, नृत्यक, लङ्क, पिशाच, मणिभद्र, पूर्णभद्र, चन्द्र, सूर्य, श्रीदेवता, कालिदेवता, शैव, वासुदेव, घनिका, असिपार्श भद्रिपुत्र । यी सबैका आफ्ना केही न केही रहस्य रहन्छ नै; जो उनीहरू आपसमा लुकाएर राख्छन् । अरूहरूलाई थाहा हुँदैन । पहिलेका सबै तथागतहरूको वंश परम्परा हो । महाराज ! प्रातिमोक्ष उपदेश भिक्षुहरूले आपसमै लुकाएर गर्नुपर्छ, अरूहरूका सामु होइन ।"

२. "धर्मको गौरवबाट प्रातिमोक्षका उपदेशहरूलाई किन आपसमा लुकाएर गर्नुपर्छ ?" "महाराज ! धर्म एकदमै गौरवपूर्ण र भारी छ । एउटा धर्म जान्नेले अर्को धर्मको व्याख्या गर्न त्यसको अगाडि र पछाडिको कुरा बुझेन भने सम्झाउन सकिन्न । उसैले यस्ता कुराहरू ठीक तवरले सम्झन बुझ्न सक्छ जसको केही अगाडि पछाडिका कुरा जानेको होस् । कतै यो धर्म यति सारयुक्त र उच्च छ कि अगाडि पछाडी नजान्ने व्यक्तिहरूको हातमा परेमा ऊ निन्दा र अपमानको भागी नहोस्; कहीं कतै व्यक्तिहरूले उसको गिल्ला नगरोस्; कतै मानिसहरू उसलाई खराब र नीच न सम्झोस्; कहीं यो धर्म यति सारयुक्त र उच्च रहेर दुर्जनहरूको हातमा परेर निन्दा र अपमानको भागी नहोस्; कहीं कतै मानिसहरूले यसको गिल्ल नगरून; कहीं मानिसहरूले यसलाई खराब र नीच नभनून् । यस विचारले प्रातिमोक्षले उपदेश भिक्षुहरू एक आपसमा लुकाएर गर्नुपर्छ, अरूका सामु होइन ।"

"महाराज ! जस्तै – श्रेष्ठ, उत्तम, अप्राप्य, सुन्दर र असल जातिको रातो चन्दन (श्रीखण्ड) पनि चण्डालहरूको गाऊँमा पर्दा निन्दित र अपमानित हुन्छ, उनीहरू यसको गिल्ला गर्छन्, यसलाई तुच्छ र बेकार ठान्छन् । महाराज ! त्यसरी नै, यो धर्म यति सारयुक्त र उच्च भएर पनि कतै अगाडि पछाडी नजान्ने दुर्जनहरूको हातमा परेर निन्दा र अपमानको भागी नहोस्; कतै मानिसहरूले यसको गिल्ला गरेझैं नहोस् कतै मानिसहरूले यसलाई खराब र नीच नभन्न थालून् । यो धर्म यति सारयुक्त र उच्च हुँदाहुँदै दुर्जनहरूको हातमा परेर निन्दा र अपमानको भागी नहोस्; कहीं कतै मानिसहरूले यसको हाँसो नउडाउन् थालून; कतै मानिसहरूले यसलाई खराब र नीच नभन्न थालून् । यस विचारले भिक्षुहरूले एक आपसमा प्रातिमोक्षको उपदेश लुकाएर गर्नुपर्छ, अरूका सामु होइन ।"

३. "भिक्षु भूमि (पद) को गौरवको विचारले प्रातिमोक्षको उपदेश किन आपसमा लुकाएर गर्नुपर्छ ?" "महाराज ! भिक्षुभाव, अतुल्य, अत्यन्त श्रेष्ठ र अमूल्य छ । कसैले पनि यसलाई न तौलन सक्छ, न अड्कल गर्न सक्छ, न मूल्याङ्कन नै गर्न सक्छ । कतै यो भिक्षुभाव अरूहरूको बराबरीमा



Downloaded from http://www.dhamma.digital

नजाओस भन्ने विचारले भिक्षुहरूले एक आपसमै नै लुकाएर प्रातिमोक्षको उपदेश गर्नुपर्छ, अरूका सामु होइन ।"

"महाराज ! जसरी सबैभन्दा असल वस्तुहरू – कपड़ा, ओछ्यान्, हात्ती, घोडा, रथ, सुन, चाँदी, मणि, मोती, स्त्री, रत्न आदि अथवा सबैभन्दा महँगो रक्सी (सुरा) राजाहरूले नै पाउँछन् । महाराज ! त्यसरी नै बुद्धले भन्नुभएको जति शिक्षाहरू छन् ती सबै आचार, संयम, शील, संवर इत्यादि सदगुण सबै भिक्षु-सङ्घलाई नै प्राप्त हुन्छ । यसरी भिक्षु भुमि (पद) को गौरवको विचारले प्रातिमोक्षको उपदेश भिक्षुहरूले एक आपसमा लुकाएर गर्नु राम्रो हो, अरूका सामु होइन ।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ म स्वीकार गर्दछु ।"

## ३. मिथ्या भाषणको गुरूत्व-लघुत्व

५. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको हो कि – 'जानेर बुझेर असत्य बोल्नु पाराजिक दोष लाग्छ ।' फेरि यसो पनि भनिएको छ – 'जानेर बुझेर असत्य बोल्नुमा लघु आपत्ति (कम दोष) लाग्दछ, जुन कुनै अर्को भिक्षुका सामु स्वीकार गर्नुपर्छ ।' भन्ते नागसेन ! के कारण हो कि एउटा झूटो बोल्दा सङ्घबाट निकाला गरिन्छ र अर्को झूटो बोल्दा उसले क्षमा पाउँछ ?"

(क) "भन्ते नागसेन ! यदि भगवान्ले साँच्चै भन्नुभएको हो कि – जानेर बुझेर झूट बोल्नु पाराजिक दोष सत्य हो, भने उहाँको यो भनाइ मिथ्या सिद्ध हुन्छ कि जानेर बुझेर झूटो बोल्नमा कम दोष लाग्छ, जो कुनै अर्को भिक्षुका सामु स्वीकार गर्नुपर्छ । (ख) र यदि जानेर बुझेर झूटो बोल्नमा कम दोष लाग्छ भन्ने कुरा सत्य हो भने यो कुरो झूटो ठहरिन्छ कि जानेर बुझेर झूटो बोल्नु पाराजिक दोष हो । यो पनि एउटा दुविधायुक्त प्रश्न … ।"

६. "महाराज ! भगवान्ले ठीक भन्नुभएको छ – जानेर बुझेर झूटो बोल्नुमा पाराजिक दोष लाग्छ । उहाँले यो पनि भन्नुभएको छ कि – जानेर बुझेर झूटो बोल्नमा कम दोष लाग्छ जो कुनै अर्को भिक्षुका सामु स्वीकार गर्नुपर्छ । दुवै ठीक छ ।"

"महाराज ! विषयको विचारले झूटो बोल्नु दुई प्रकारका हुन्छन् – (१) भारी र (२) हल्का । महाराज ! तपाईं के विचार गर्नुहुन्छ – यदि एउटाले अर्कोलाई एक थप्पड़ वा मुक्का (घुस्सा) हान्दा तपाईं उसलाई के दण्ड दिनुहुन्छ ?" "भन्ते नागसेन ! यदि उसले भन्छ कि – 'म क्षमा गर्दिन', हामी उसलाई एक कार्षापण (त्यस समयको पैसा) जरिमाना गराउँछौं ।" "महाराज ! यदि त्यो मान्छेले तपाईंलाई एक थप्पड़ या मुक्का हान्यो भने तपाईं उसलाई के दण्ड दिनुहुन्छ ?" "भन्ते ! म उसका हात र खुट्टा काटिदिन्छु, जिउँदै छाला काढ्छु । उसको सर्वस्व हरण गरिदिन्छु, उसको सम्पत्ति, घर, जग्गा आदि जफत गरिदिन्छु, उसको परिवारमा दुवैतिर सात पुस्तासम्म जति आफ्न्तहरू छन्, ती सबैलाई मारिदिन्छु ।"

"महाराज ! यहाँ यो कस्तो कुरो हो, के कारण हो कि एक ठाउँमा त थप्पड हान्नाले एक कार्षापण मात्र जरिमाना गरे पुग्छ भने अर्को ठाउँमा हात काटिन्छ, खुट्टा काटिन्छ, जिउँदै छाला काढिन्छ, उसको सर्वस्व हरण गरिन्छ, उसको सम्पत्ति, घर, जग्गा जफत गरिन्छ, उसको परिवारमा दुवैतिरका सात पुस्तासम्मका जति पनि आफ्न्तहरू छन्, सबैलाई मारिन्छ ।"

"भन्ते ! दुवै मानिसमा भेद भएको हुनाले ।"



Downloaded from http://www.dhamma.digital

"महाराज ! यसरी नै विषयको विचारले झूटो बोल्नु दुई किसिमका हुन्छन् – (१) भारी र (२) हल्का ।"

"साधु भन्ते नागसेन ! तपाई जे भन्नुहुन्छ, मलाई स्वीकार छ ।"

## ४. बोधिसत्त्वको धर्मता (स्वभाव) बारे प्रश्न

७. "भन्ते नागसेन ! धर्मका कुरा बताउँदै भगवान्ले धर्मताका विषयमा भन्नुभएको छ कि – 'बोधिसत्त्वका आमा-बुबा पहिलेदेखि नै निश्चित हुन्छन् । कुन रूखको मन्तिर बुद्धत्व प्राप्त गर्नेहुन् – सो पनि पहिलेदेखि नै निश्चित हुन्छ को-को अग्रश्रावकहरू हुन्छन्, यो पनि पहिलेदेखि नै निश्चित रहन्छ र उपस्थापक (भगवान्लाई सेवा गर्ने) को हुन्छ सो पनि पहिलेदेखि नै निश्चित भएको हुन्छ ।' साथै, तपाईंहरू यसो भन्नुहुन्छ कि – 'तुषित लोकमा रहँदा नै बोधिसत्त्वले यी अष्ट महाअवलोकन (आठ मुख्य-मुख्य कुरा) हरू हेर्नुहुन्छ – (१) मनुष्यलोक (पृथ्वी) मा जन्म लिन कुन उचित काल (समय) हो, त्यो हेर्नु हुन्छ, (२) कुन द्वीपमा जन्म लिनुपर्ने हो, त्यता पनि हेर्नुहुन्छ, (३) कुन देशमा जन्म लिनुपर्ने हो, त्यो पनि हेर्नुहुन्छ, (४) कुन कुलमा जन्मलिनु पर्ने हो, त्यो पनि हेर्नुहुन्छ, (५) को आमा हुनेछिन्, सो पनि हेर्नुहुन्छ, (६) कति आयु हुनेछ, त्यो पनि हेर्नुहुन्छ, (७) कति समयसम्म गर्भमा बस्नुपर्ने हो, सो पनि हेर्नुहुन्छ, र (८) कहिले घरबार छाडेर जानुपर्ने हो, त्यो पनि हेर्नुहुन्छ ।' भन्ते नागसेन ! जबसम्म ज्ञान परिपक्व हुँदैन, तबसम्म यस्तो कुनै कुरो थाहा हुँदैन । ज्ञान परिपक्व भएपछि एक क्षण पनि टिक्न सकिन्न । यस्तो कुनै पनि कुरो छैन, जो ज्ञान परिपक्व भएपछि बुझ्न नसकियोस् । अनि त उहाँ बोधिसत्त्वले कुल हेर्नुपर्ने के खाँचो कि – 'म कुन कुलमा जन्मुँला ? (क) भन्ते ! यदि बोधिसत्त्वका आमा-बुबा पहिलेदेखी नै निश्चित रन्छन् भने यो कुरो झूटो ठहरिन्छ कि उनीहरू कुलबारे विचार गर्छन् 'कि कुन कुलमा जन्म लिनुपर्ला । (ख) र, यदि उनीहरू यो सोच्छन् कि कुन कुलमा जन्म लिनुपर्ला, त यो कुरो असत्य ठहन्छि कि उनका आमा-बाबु पहिलेदेखि नै निश्चित हुन्छन् । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ?"

८. "महाराज ! बोधिसत्त्वका आमा-बाबु पहिलेदेखि नै निश्चित हुन्छन्, यो कुरो एकदम ठीक हो र, यो पनि ठीक हो कि उहाँले तुषित लोकमा रहँदा यो हेर्नुहुन्छ कि 'कुन कुलमा जन्म हुनेछ, कुनचाहिँ कुल हो ? हुने आमा-बाबु क्षत्रिय हुनेछन् वा ब्राह्मण ?' यसरी कुललाई पनि हेर्नु हुन्छ ।"

"महाराज ! आठ कुराहरू ती हुनभन्दा पहिलेनै हेर्नुपर्ने हुन्छ । कुनचाहिँ आठ कुरा ? (१) श्रेष्ठीले आफ्नो माल-सामान बिक्री गर्नुभन्दा पहिलेदेखि नै हेर्नुपर्ने हुन्छ । (२) हात्तीले खुट्टा चाल्नुभन्दा पहिले नै सुँडले अगाडिको जमीनबारे अनुगमन गर्नुपर्ने हुन्छ । (३) गाडावानले अनजान नदी तर्नु अगावै सो हेर्नु पर्ने हुन्छ । (४) बोटेले तीरमा पुग्नभन्दा पहिले सो हेर्नुपर्ने हुन्छ, त्यसपछि आफ्नो डुङ्गालाई त्यतातिर लैजानुपर्ने हुन्छ । (५) वैद्यले उपचार थाल्नुभन्दा पहिले नै रोगीको स्थिति हेर्नुपर्ने हुन्छ । (६) बाँसको पुल पारि पुग्न भन्दा पहिले नै हेर्नु पर्ने हुन्छ, कि त्यो बलियो छ कि छैन । (७) भिक्षुले भोजन गर्नु अगावै हेर्नु पर्ने हुन्छ कि-सूर्य कहाँ सम्म पुग्यो । (८) बोधिसत्त्वले पहिले कुललाई हेर्नुपर्ने हुन्छ – ब्राह्मण कुल वा क्षत्रिय कुल ? महाराज ! यस्ता आठ कुरालाई काम हुन आगावै बुझ्न बेस हुन्छ ।"

"साधु भन्ते नागसेन ! तपाई जे भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"



Downloaded from http://www.dhamma.digital

# ५. आत्महत्याविषयक प्रश्न

९."भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ कि – 'भिक्षु हो ! आत्महत्या गर्न हुँदैन, जसले त्यसो गर्छ उसलाई विनयअनुसार दोषी ठहराइन्छ ।' फेरि तपाईंहरू यसो पनि भन्नुहुन्छ कि – 'आफ्ना शिष्यहरूलाई भगवान्ले जुनसुकै विषयमा उपदेश दिंदा भन्नुहुन्थ्यो, सधैं नै अनेक प्रकारको जन्म लिने, बूढा हुने, बीमार हुने र मृत्युबाट छुट्कारा पाउनका लागि नै भन्नुहुन्थ्यो, यसबाट छुटकारा पाउनेहरूको भगवान्ले निकै प्रंशसा गर्नुहुन्थ्यो ।"

(क) "भन्ते नागसेन ! यदि भगवान्ले यथार्थमा आत्महत्या गर्न रोक्नुभएको थियो भने यो कुरो असत्य ठहरिन्छ कि आफ्ना शिष्यहरूलाई जुनसुकै विषयमा उपदेश दिंदा भन्नुहुन्थ्यो, सधैं अनेक प्रकारले जन्म लिनु, बूढो हुनु, रोगी हुनु र मृत्युबाट छुट्नका लागि नै भन्नुहुन्थ्यो (ख) र, यदि यो ठीक हो कि भगवान्ले आफ्ना शिष्यहरूलाई जुनसुकै विषयमा उपदेश दिंदा भन्नुहुन्थ्यो, त्यसमा सदैव अनेक प्रकारले जन्म लिनु, बूढो हुनु, रोगीहुनु र मृत्युबाट छुट्कारा पाउनका लागि भन्नुहुन्थ्यो, भने यो कुरो असत्य ठहरिन्छ कि उहाँले आत्महत्या गर्नका लागि निषेध गर्नुभएको थियो । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ··· ?"

१०. "महाराज ! भगवान्ले ठीक भन्नुभएको छ – 'भिक्षु हो ! आत्महत्या गर्नु हुन्न । जसले गर्छ, उसलाई विनयको अनुसार दोषी ठहराइन्छ ।' हाम्रो भनाइ पनि ठीकै हो कि 'आफ्ना शिष्यहरूलाई भगवान्ले जुनसुकै विषयमा उपदेश दिंदा भन्नुहुन्थ्यो, सधैं अनेक प्रकारले जन्म लिनु, बूढा हुनु, रोगी हुनु र मृत्युबाट छुटकारा पाउनको लागि नै भन्नुहुन्थ्यो । महाराज ! भगवान्ले यसरी निषेध गर्ने र बताउने कारण छ ।"

"भन्ते नागसेन ! यहाँ कुन कारण हो जसबाट भगवान्ले एक ठाउँमा निषेध गर्नुभएको थियो र अर्को चाहिँ बताउनुभयो ?" "महाराज ! प्राणीहरूको क्लेशरूपी विषलाई विनाश गर्न शीलवान् हुनु सबैभन्दा असल ओखतीमूलो हो । क्लेशरूपी रोगलाई हटाउन शीलवान् हुनु सबैभन्दा राम्रो औषधी हो । क्लेश रूपी धूलोलाई सफा गर्नका लागि शीलवान् हुनु सबैभन्दा असल पानी हो । सबै सम्पत्तिहरू प्राप्त गर्नका लागि शीलवान् हुनु सबैभन्दा असल मणि हो । चार ओघहरू (बाढ) काम ओघ,[१०९] भव ओघ,[११०] अविद्या ओघ[१११] र दिट्ठी ओघ[११२] (मिथ्यादृष्टि) लाई पार गर्नका लागि शीलवान् हुनु सबैभन्दा असल डुङ्गा हो । आवागमनरूपी ठूलो मरुभूमिलाई पार गर्न शीलवान् हुनु सबैभन्दा उपयुक्त साधन हो । तीन प्रकारको आगो (लोभ, द्वेष, मोह) को तापलाई मेट्न शीलवान् हुनु सबैभन्दा असल वायु हो । मानिसको मनोरथ पूर्ण गर्न शीलवान् हुनु बादलसरि हो । असलभन्दा असल शिक्षापद दिनका लागि शीलवान् हुनु आचार्यझैं हो । निरापद मार्ग बताउन शीलवान् हुनु पथप्रदर्शक हो । महाराज ! यसरी शीलवान्को गुणसमूह अनन्त छ । शीलवान् सबै जीवहरूलाई वृद्धि गर्ने हुन्छ । सबैमा निकै निग्रह गरेर भगवान्ले यस शिक्षा-पदको उपदेश दिनुभएको थियो – 'भिक्षु हो ! आत्माहत्या गर्न हुँदैन । जसले गर्छ,

---

१०९. काम ओघ = पाँच कामगुण (रूप, शब्द, गन्ध, रस, स्पर्श) लाई यहाँ काम ओघ भनिएको हो ।

११०. भव ओघ=कुनै पनि लोकमा (कामलोक, रूपलोक र अरूपलोकमा) जन्मने इच्छा । हेर्नुहोस् बौद्धदर्पण पृ. ८७ ।

१११. अविद्या ओघ= चार आर्यसत्यलाई नजान्नुलाई अविद्या भनिन्छ ।

११२. दिट्ठी ओघ=दिट्ठी भनेको गलत धारणा-भगवान् बुद्धको समयमा ६२ प्रकारका मिथ्या दृष्टिहरू थिए । हेर्नुहोस् दीघनिकायको ब्रह्मजाल सूत्र ।



Downloaded from http://www.dhamma.digital

उसलाई विनयअनुसार दोषी ठहराइन्छ ।' महाराज ! यही कारण हो जसबाट भगवान्ले यसलाई निषेध गर्नुभएको थियो ।

"महाराज ! परलोकको विषयमा पायासि राजालाई बताउँदै विचित्रवक्ता स्थविर कुमार काश्यपले भन्नुभएको छ – 'राजन् ! शीलवान् र धर्मात्मा श्रमण वा ब्राह्मण बाँचुन्जेल मानिसहरूको भलोमा लागेका हुन्छन्, मानिसहरूलाई सुखको बाटो बताइरहन्छन्, मानिसहरूप्रति कृपा गरिरहन्छन् अनि देवता र मानिसहरूका काम, कल्याण र सुखमा सहायक हुन्छन् ।"[११३]

"के कारणले उहाँले जन्म इत्यादिबाट छुटकारा पाउन बताउनुभएको थियो ?" "महाराज ! जन्म लिनु पनि दुःख हो, बूढो हुनु पनि दुःख हो, रोग लाग्नु पनि दुःख हो, मर्नु पनि दुःख हो, शोक गर्नु दुःख हो, रुनु-कराउनु पनि दुःख हो, दुःख पनि दुःख हो, दौर्मनस्य पनि दुःख हो, हौरानी पनि दुःख हो । प्रियदेखि बिछोड हुनु पनि दुःख हो, आमा-बाबु, भाइ-बहिनी, छोरा-छोरी, दास-दासी मर्नु पनि दुःखै हो । साथी र आफन्तहरूलाई आपत्ति आइपर्नु; रोगले पीड़ित हुनु, सम्पत्ति नष्ट हुनु, शीलबाट खस्कनु, सिद्धान्तबाट झर्नु, राज भय, चोर भय, शत्रु भय, अनिकाल पर्नु, घरमा आगो लाग्नु, भुमरीमा पर्नु, गोही (पशु) को जालमा पर्नु, आफ्नो निन्दा हुनु, अन्य कसैको निन्दा हुनुको भय, दण्ड पाउनुको भय, दुर्गति हुनुको भय, ठूलो सभामा अलमलिनु, जीविका नचल्नुको भय, मरण भय, बेतले चुटिने भय, कोर्राले पिटिने, डण्डाले पिटिने, हात काटिने, खुट्टा काटिने, हात र खुट्टा दुवै काटिने, कान काटिने, नाक काटिने इत्यादि पनि दुःखै हो । कान नाक दुवै काटिने, बिलङ्गथालिक,[११४] शङ्खमुण्डिक,[११५] राहुमुख,[११६] ज्योतिर्मालिका,[११७] हस्तप्रज्योतिका,[११८] एरकवर्तिका,[११९] चीरकवासिका,[१२०] ऐणेयक,[१२१] बलिसमंसिका,[१२२] कार्षापणक,[१२३] खारापतच्छिका,[१२४] परिघपरिवर्तिका,[१२५] पलासपीठक,[१२६] तातो छर्किइनु, कुकुरद्वारा चिथरिनु, फांसीमा झुन्ड्याइनु, तरबारले शिर काटिनु पनि दुःख हुन् । महाराज ! मानिसहरू यस्ता अरू पनि अनेक दुःख संसारमा रहेर भोग्छन् ।"

---

११३. पायासिराजन्य-सुत्त दि. नि. पृ. ३७० ।

११४. त्यस समयको राजदण्ड- बिलङ्गथालिक-टाउकोमा तातो फलामका डल्ला राख्नु ।

११५. शंखमुण्डिक-टाउकोको छाला काढेर शङ्ख जस्तो बनाई दिनु ।

११६. राहुमुख-कानसम्म मुखलाई च्यातिदिनु ।

११७. ज्योतिर्मालिका-शरीरभरि तेलयुक्त टालो बेरेर बाल्नु ।

११८. हस्त-प्रज्योतिका-हातमा कपड़ा लपेटेर जलाउनु

११९. एरकवर्तिका- घाँटीसम्म छाला काढ्नु ।

१२०. चीरकवासिका- माथिको छाला काढेर कम्मरमा ल्याउनु, र तलको छालालाई तानेर घुड़ासम्म पार्नु ।

१२१. ऐणेयक- कुहुनु र घुँड़ामा फलामका कीला ठोकेर उसलाई भुइँमा पछारेर आगो लगाउनु ।

१२२. ऐणेयक- कुहुनु र घुँड़ामा फलामका कीला ठोकेर उसलाई भुइँमा पछारेर आगो लगाउनु ।

१२३. कार्षापणक- पैसाको आकारजत्रो मासु सारा शरीरमा काट्नु ।

१२४. खारापतच्छिका-शरीरमा घाउ पारेर नुन छर्नु ।

१२५. परिघपरिवर्तिका- दुवै कानलाई कीलामा बाँधेर जमिनमा गाडी, उसको खुट्टालाई समातेर चारैतिर घुमाउनु ।

१२६. पलालपीठक-मुङ्ग्रोले भित्रको हाडलाई भित्र भित्रै धूलोपीठो पारेर, शरीरलाई मासुको डल्ला बनाई दिनु । तत्कालीन सजायसम्बन्धी बिस्तृत जानकारीको लागि महादुक्खक्खन्ध-सुत्तअन्तर्गत कामको आदीनव(दोष) भनेको के हो सो बारे म.नि.(नेपाली पृ.८६ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! जसरी हिमालय पहाड़मा पानी पर्दा रूख र ढुङ्गाहरूलाई ढाल्दै पानी वार पार हुन्छ, त्यसरी नै संसारमा जीवहरू पापमा फँसेर अनेक दु:ख भोग्छन् । संसारमा बारम्बार जन्म लिनु नै सबैभन्दा ठूलो दु:ख हो । जन्म र मृत्युको यो प्रवाह रोकिनु नै यथार्थ सुख हो । सोही प्रवाहलाई रोक्ने उपदेश दिंदै भगवान्‌ले जन्म लिनु आदिबाट मुक्त हुनु हो, भनेर भन्नुभयो ।"

"साधु भन्ते नागसेन ! तपाईंले दुविधायुक्त प्रश्नलाई सारै राम्ररी सम्झाउनुभयो । अनेक तर्कना दिएर जो भन्नुभयो मलाई स्वीकार छ ।"

# ६. मैत्री भावनाको बारे प्रश्न

११. "भन्ते नागसेन ! भगवान्‌ले भन्नुभएको छ कि – 'भिक्षु हो ! चित्तलाई विमुक्त गर्ने मैत्रीको अनुसार आचरण गर्दै त्यसको भावना गर्नाले, घरिघरि अभ्यास गर्नाले, आफूमा विस्तार गर्नाले, आधार बनाउनाले, अनुष्ठान गर्नाले, राम्रो तवर सिक्नाले र त्यसमा सर्वथा लाग्नाले एघार प्रकारको लाभ पाउन सकिन्छ । कुनचाहिँ एघार वटा ? (१) सुखको निन्द्रामा सुत्छ, (२) सुखपूर्वक निदाएर उठ्छ, (३) नराम्रो सपना देख्दैन, (४) मानिसहरूको प्रिय हुन्छ, (५) अमनुष्यहरूको प्रिय हुन्छ, (६) देवताहरूले उसको रक्षा गर्दछन्, आगो, विष अथवा शस्त्रबाट कुनै हानि नहुने, (८) चाँडै नै उसलाई समाधि लाग्छ, (९) उसको अनुहार सधैं प्रसन्न रहन्छ, (१०) होस्‌मा उसको मृत्यु हुन्छ (विना कुनै व्याकुलता उसको मृत्यु हुन्छ) र (११) यदि अर्हत्पदसम्म पुग्न नसके, उसले अवश्य ब्रह्मलोकमा जन्म ग्रहण गर्दछ । तैपनि तपाईंहरू भन्नुहुन्छ कि – सामकुमार मैत्री भावनाको अभ्यास गर्दै मृगहरूका साथ वनमा विचरण गर्दथे । एक दिन प्रियाक्ष (पिलियक्ख) नामक राजाले हानेको विषमा डुबाएको बाण लाग्नाले उनी मूर्च्छित भएर लडे ।"

(क) "भन्ते ! यदि भगवान्‌ले यथार्थमा मैत्री-भावनाको फल बताउनुभएको हो भने यो कुरो झूठो ठहरिन्छ कि सामकुमार मैत्री-भावनाको अभ्यासी हुँदाहुँदै पनि बाण लागेर मुर्च्छित भई लडेका थिए । (ख) यदि यथार्थमा सामकुमार मैत्री-भावनाको अभ्यासी भएर पनि बाण लाग्नाले मूर्च्छित भएर लडेका थिए भने, माथि मानिएको मैत्री-भावनाको लाभ झूटो ठहरिन्छ । यो पनि एक दुविधायुक्त प्रश्न हो, जो निकै सूक्ष्म र गम्भीर छ । भन्ते ! निकै बाठा मानिसलाई पनि यसो प्रश्न सोध्दा पसिना आउन थाल्छ । त्यसैले यो प्रश्न तपाईंका सामु राखेको छु । अत्यन्त जटिल यो प्रश्नलाई समाधान गरिदिनुस् । भविष्यमा हुने बुद्ध-पुत्रहरूलाई यो स्पष्ट तवरले हेर्न आँखा (ज्ञान) दिनुहोस् ?"

१२. "महाराज ! भगवान्‌ले ठीकै भन्नुभएको छ – भिक्षु हो ! मैत्री भावनाको अभ्यास गर्नाले उसलाई आगो, विष वा शस्त्र कुनैले पनि नोक्सान गर्न सक्दैन .... । र, यो पनि सत्य हो कि सामकुमार मैत्री-भावनाको अभ्यास गर्दै मृगका साथ वनमा विचरण गर्दथे । एक दिन प्रियाक्ष नामका राजाले विषमा राखेको बाण हान्नाले उनी मूर्च्छित भएर लडे । महाराज ! यसो हुनुको एक कारण छ ।" "कुनचाहिँ कारण ?" "महाराज ! माथि भनिएको गुण कुनै मानिसको होइन; मैत्री-भावनाकै हो । महाराज ! त्यस बेला गाग्रोबाट पानी खन्याउँदा सामकुमारले मैत्री-भावना गरिरहेका थिएनन् । महाराज ! जुन बेला मानिस मैत्री-भावनामा लागेको हुन्छ, त्यस बेला आगो, विष वा शस्त्रले उसलाई कुनै प्रभाव पार्दैनन् ।"

"महाराज ! जुन बेला, मानिस मैत्री-भावनाले युक्त हुन्छ त्यस बेला न आगो, न विष, न शस्त्रले उसलाई हानि गर्न सक्छ । त्यस बखत यदि कोही उसलाई हानि गर्न आयो भने, उसलाई देख्न पनि



Downloaded from http://www.dhamma.digital

सक्दैन र उसको कुनै बिगार गर्ने अवसर पाउँदैन । महाराज ! माथि भनिएको गुण कुनै व्यक्तिको नभई, मैत्री-भावनाकै हो ।"

"महाराज ! कुनै योद्धा सिपाही अभेद्य जालीदार कवच लगाएर युद्धक्षेत्रमा आयो । उसमाथि जतिसुकै बाण लागे पनि सबै ठोक्किएर खसे पनि, उसको केही बिगार्न सक्दैनन् । महाराज ! यो गुण त्यो सिपाहीको होइन । त्यो गुण त अभेद्य कवचको हो । महाराज ! यसरी, यो गुण कुनै व्यक्तिको नभई मैत्री-भावनाको हो ।"

"महाराज ! जुन बेला, व्यक्ति मैत्री-भावनाले युक्त हुन्छ, त्यस बेला न आगो, न विष, न शस्त्रले उसलाई हानि गर्न सक्छ । त्यस बखत यदि कोही उसको बिगार गर्न आएमा त्यसले उसलाई देख्न पनि सक्दैन र उसको कुनै बिगार गर्ने अवसर पाउँदैन । महाराज ! माथि भनिएको गुण कुनै व्यक्तिको नभई, मैत्री-भावनाकै हो ।"

"महाराज ! कुनै मानिसले दिव्य गुण भएको जादुको जडीबूटी आफ्नो हातमा लेओस् । त्यो लिने बित्तिकै अलप होस् अनि मानिसहरूको साधारण आँखाले देख्न नसकिने होस् । महाराज ! त यो गुण त्यो मानिसको नभई त्यो दिव्य गुण भएको जादुको जडीको हो । महाराज ! यसरी नै, यो गुण कुनै मानिस नभई मैत्री-भावनाकै हो ।"

"महाराज ! जुन बेला मानिस मैत्री-भावनाले युक्त भएको हुन्छ, त्यस बेला न आगो, न विष, न शस्त्रले उसको बिगार गर्न सक्छ । त्यस बखत यदि कोही उसको बिगार गर्न आएमा उसलाई देख्नै नसक्ने हुँदा उसको केही बिगार गर्ने मौका पाउने छैन । महाराज ! माथिको गुण कुनै मानिसको नभई, मैत्री-भावनाकै हो ।"

"महाराज ! कुनै मानिस राम्ररी बनाइएको पहाड़को एउटा गुफा (कन्दरा) मा प्रवेश गऱ्यो । त्यस समय बाहिर मुसलधारे पानी परे पनि ऊ भिज्न सक्दैन । महाराज ! यसमा त्यो मानिसको गुण होइन कि पहाड़को गुफाको हो ।"

"महाराज ! जुन बेला मानिस मैत्री-भावनाले युक्त हुन्छ त्यस बेला न आगो, न विष, न शस्त्रले उसको बिगार गर्न सक्छ । त्यस बेला कोही उसको खति गर्न आयो भने उसलाई नदेख्न सक्नेछ, नबिगार नै गर्ने अवसर पाउने छ । महाराज ! माथिको यो गुण कुनै मानिसको नभई, मैत्री-भावनाकै हो ।"

"भन्ते नागसेन ! आश्चर्य छ ! अद्‌भुत छ ! ! मैत्री-भावना सबै पाप मेट्नको लागि हो । मैत्री-भावनाबाट सबै पुण्य पाइन्छ । जो भलो वा कुभलो गर्ने छन् ती सबैप्रति मैत्री-भावना गर्नुपर्छ । संसारमा जति जीवहरू छन्, सबैको बीच मैत्री-भावनाको महान् फल बाँड्नुपर्छ ।"

## ७. पाप पुण्य समविषमविषयमा प्रश्न

१३. "भन्ते नागसेन ! पुण्य र पापको फल समान हुन्छ वा भिन्दाभिन्दै ?" "महाराज ! पुण्य गर्ने र पाप गर्नेहरूको फल भिन्दाभिन्दै हुन्छ । महाराज ! पुण्य गर्नेहरू सुख पाउँछन् र स्वर्ग जान्छन् भने पाप गर्नेहरू दुःख पाउँछन् र नरकमा जान्छन् ।"



Downloaded from http://www.dhamma.digital

"भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि देवदत्तको हृदय सर्वथा कालो र खराबभन्दा खराब गुणहरूले भरिएको थियो अनि बोधिसत्त्वको हृदय पूर्णतः स्वच्छ थियो; असलभन्दा असल गुणहरूको खानी थियो । तैपनि अनेक जन्ममा देवदत्त बोधिसत्त्वको समान भएर या उहाँभन्दा बढेर यश पाउने भएको थियो । उसको पक्ष सधैं पुष्ट नै रहेको छ ।"

"भन्ते ! जब देवदत्त वाराणसीमा राजा ब्रह्मदत्तको पुरोहितको छोरो थियो त्यस बेला बोधिसत्त्व एउटा नीच जातिको ऐन्द्रजालिक डुम थियो, जो आफ्नो मन्त्रबलले विनामौसम आँपलाई पकाइदिन्थ्यो । यो एउटा उदाहरण हो जसमा बोधिसत्त्व देवदत्तभन्दा जाति र यश दुवैमा हीन थियो ।" [१२७]

"भन्ते ! अनि फेरि जब देवदत्त बडो शक्तिशाली राजा थियो, जसलाई काम-भोगका सबै वस्तुहरू प्राप्त थियो, त्यस बेला बोधिसत्त्व उसको सवारीको शुभ लक्षणसम्पन्न हात्ती थियो । त्यस (हात्ती) को मनोहर चालढाल देख्दा राजा (देवदत्त) को मनमा डाह उत्पन्न हुन्थ्यो । उसले त्यस (हात्ती) लाई मारिदिने मनसायले माहुतेसँग भन्यो – 'माहुते ! यस हात्तीलाई राम्ररी सिकाइएको छैन; यसलाई आकाश-गमन नामको चाल सिकाएर त हेर ।' यहाँ पनि बोधिसत्त्व देवदत्तभन्दा जातिमा नीच, पशु-योनिमा जन्मेका थिए ।" [१२८]

"अनि फेरि जब देवदत्त मानिस भएर जङ्गलमा व्याधा (सिकारी) भएर घुम्दथे, त्यस बखत बोधिसत्त्व महापृथ्वी नामको एउटा बाँदर भएर जन्मेका थिए । यहाँ पनि मानिस र पशुमा कति ठूलो अन्तर छ ! यहाँ पनि बोधिसत्त्व देवदत्तभन्दा जातिमा नीच थिए ।"[१२९]

"फेरि, जब देवदत्त शोणोत्तर नामको अत्यन्त बलिष्ठ निषाद (व्याधा) थिए, त्यस बखत बोधिसत्त्व छद्दन्त नामका हस्तिराज थिए । एक दिन त्यस निषादले हस्तिराजलाई मारिदियो । यस जन्ममा पनि देवदत्त बोधिसत्त्वभन्दा उच्च थिए ।"[१३०]

"फेरि, जब देवदत्त मानिस भएर घरबेगर वन-वनमा चाहर्थे त्यस बेला बोधिसत्त्व तित्रो नाउँको चरो थिए र वेद मन्त्र पढाउने गर्दथे । त्यस जन्ममा पनि त्यस वनचरले तित्रो चरोलाई मारिदिएका थियो । यहाँ पनि देवदत्त बोधिसत्त्वभन्दा उच्च नै ठहरिए ।" [१३१]

"फेरि, जव देवदत्त कलाबु नामको काशिराज थियो, त्यस समय बोधिसत्त्व क्षान्तिवादी तपस्वी थिए । त्यसपछि त्यस राजाले तपस्वी माथि रिसाएर उनका हात र खुट्टा काटि दिएर मारी दिएका थिए । त्यस जन्ममा पनि देवदत्त बोधिसत्त्वभन्दा उच्च नै ठहरियो ।" [१३२]

---

१२७. अम्बजातक, नं. ५७४ ।

१२८. दुम्मेधजातक, नं. १२२ ।

१२९. श्याम मिलिन्द-प्रश्नअनुसार महापृथ्वीको स्थानमा महाकपि भनेर लेखिएको छ । फेरि, 'बलवा पञ्चनागवलधर' भनेर लेखिएको छ – अर्थात् बलवान् पाँच हात्तीको बल भंएको भने अनुसार सम्भवतः महाकपि जातक नं. ५१६ हुनुपर्छ ।

१३०. छद्दन्त-जातक, नं. ५१४

१३१. तित्तिर-जातक नं. ४३८ ।

१३२. खन्तिवादी-जातक नं. ३१३ ।



Downloaded from http://www.dhamma.digital

"फेरि, जब देवदत्त मानिस भएर वनचर थियो त्यस बखत बोधिसत्त्व नन्दिय नामका बाँदरहरूका राजा थिए । त्यहाँ पनि वनचरले आमा र भाईका साथ बाँदरलाई मारिदियो ।"[१३३]

"फेरि, जब देवदत्त मनुष्य योनिमा कारम्भिय नामको नाङ्गो साधु थियो, त्यस बेला बोधिसत्त्व पण्डरक नामका नागराज थिए । यहाँ पनि देवदत्त बोधिसत्त्वभन्दा उच्च नै ठहरियो ।"

"फेरि, जब देवदत्त जङ्गलमा बस्ने जटाधारी साधु थियो, त्यस समय बोधिसत्त्व तच्छक नामको एक ठूलो सुँगुर थिए । यहाँ पनि देवदत्त बोधिसत्त्वभन्दा उच्च नै ठहरियो ।"[१३४]

"फेरि, जब देवदत्त चेतिय देशमा सुरपरिचर नामको राजा थियो, जसमा यस्तो शक्ति थियो कि एक पोरसा (मानिसजतिको उँचाई) माथि आकाशमा विचरण गर्न सक्दथ्यो । त्यस समय बोधिसत्त्व कपिल नामका एक ब्राह्मण थिए । यहाँ पनि देवदत्त बोधिसत्त्वभन्दा उच्च नै ठहरियो ।" [१३५]

"फेरि, जब देवदत्त साम नामको एउटा मानिस थियो, त्यस समय बोधिसत्त्व रुरु नामका मृगराज थिए । यहाँ पनि देवदत्त बोधिसत्त्वभन्दा उच्च नै ठहरियो ।"[१३६]

"फेरि, जब देवदत्त एक वनचर व्याधा थियो, त्यस समय बोधिसत्त्व हात्ती थिए । वनचर व्याधाले सात चोटी हात्तीको दाँतलाई काटेर लगेको थियो । यहाँ पनि देवदत्त बोधिसत्त्वभन्दा उच्च नै ठहरियो ।"[१३७]

"फेरि, जब देवदत्त एक पटक कुशल योद्धा र बहादुर सिपाही थियो । उसले जम्बुद्वीपका सबै राजाहरूलाई आफ्नो वशमा पारेको थियो । त्यस बेला बोधिसत्त्व विधुर नामका एक पण्डित थिए । यहाँ पनि देवदत्त बोधिसत्त्वभन्दा उच्च नै ठहरियो ।"

"अनि फेरि, जब देवदत्त हात्ती भएर लटुकिका (पक्षिविशेष) का बचेरालाई मारिदिएको थियो, त्यस बेला बोधिसत्त्व एक गजराज थिए । यहाँ ती दुवै बराबर थिए ।"[१३८]

"अनि फेरि, जब देवदत्त 'अधर्म' नामको एउटा यक्ष थियो, त्यस समय बोधिसत्त्व पनि 'धर्म' नामका यक्ष थिए । यहाँ पनि ती दुवै बराबर भए ।"

"फेरि, जब देवदत्त पाँच सय माझी कुलको मालिक थियो, त्यस बेला बोधिसत्त्व पनि अन्य पाँच सय माझी कुलका मालिक थिए । यहाँ पनि दुवै बराबर भए ।"

"फेरि, जब देवदत्त पाँच सय गाडाहरू भएको सार्थवाह थियो, त्यस समय बोधिसत्त्व पनि अन्य पाँच सय गाडाहरू भएको सार्थवाह थियो । यहाँ पनि दुवै बराबर भए ।"[१३९]

---

१३३. चूलनन्दिय-जातक नं. २२२ ।
१३४. तक्ख सूकर-जातक नं.४९२ ।
१३५. सुरपरिचर-जातक नं. ४२२ ।
१३६. रुरु-जातक नं. ४८२ ।
१३७. सीलवा नाग-जातक नं ७२ ।
१३८. अपण्णक-जातक नं. ४५७ ।
१३९. निग्रोधमिक-जातक नं. १२ ।



Downloaded from http://www.dhamma.digital

"फेरि, जब देवदत्त साख नामको सेनापति थियो, त्यस बखत बोधिसत्त्व निग्रोध नामका राजा थिए । यहाँ पनि दुवै बराबर भए ।" [१४०]

"फेरि, जब देवदत्त खण्डहाल नामको ब्राह्मण थियो, त्यस समय बोधिसत्त्व चन्द नामका राजकुमार थियो । यहाँ त खण्डहाल नै उच्च थिए ।"

"फेरि, जब देवदत्त ब्रह्मदत्त नामको राजा थियो, त्यस बेला बोधिसत्त्व उसका छोरा थिए जसको नाम महापद्म थियो । त्यहाँ राजाले आफ्नो छोरोलाई सात पटक पहाडबाट खसाएका थिए, जहाँबाट चोरलाई लडाएर मारिन्थ्यो । बाबु छोरोभन्दा ठूला हुन्छन् नै । त्यसो हुँदा यहाँ पनि देवदत्त नै ठूलो थियो ।"[१४१]

"फेरि, जब देवदत्त महाप्रताप नामको राजा भएको थियो, त्यस बेला बोधिसत्त्व उसको छोरा कुमार धर्मपाल थिए । राजाले आफ्नो छोराका हात, खुट्टा र शिर काटि दिएका थिए । यहाँ पनि देवदत्त नै ठूलो थियो ।"[१४२]

"फेरि, यस जन्ममा ती दुवै शाक्यकुलमै उत्पन्न भए र बोधिसत्त्व सर्वज्ञ लोकनायक बुद्ध हुनुभयो । देवदत्तले पनि प्रव्रजित भएर ती देवातिदेव बुद्धको शासन ग्रहण गऱ्यो । जब उसले अतिशय ऋद्धिहरू प्राप्त गऱ्यो, त उसको मनमा पनि बुद्ध बन्ने उत्सुकता जाग्यो ।"

१४. "भन्ते नागसेन ! हेर्नुस्, मैले भनेजति कुरा उचित हो या अनुचित ?" "महाराज ! तपाईंले जे भन्नुभयो, सो सबै सर्वथा उचित छ, अनुचित छैन ।" "भन्ते नागसेन ! यसबाट यो थाहा पाइन्छ कि हृदयमा कालो हुनु वा हृदय सफा हुनु दुवै बराबर हो । त्यसको फल समान हुन्छ ।" "होइन महाराज ! पुण्य र पापको फल समान हुँदैन । महाराज ! देवदत्तको पक्षमा मानिसहरू थिएनन् । बोधिसत्त्वका बिरुद्धमा कोही पनि रहन्न थियो । देवदत्तको मनमा बोधिसत्त्वप्रति जुन वैरभाव थियो, त्यो हरेक जन्ममा पाक्दै गयो र त्यसको फल पनि उसले पाउन थाल्यो । महाराज ! देवदत्तले पनि ऐश्वर्य प्राप्त गरेर मानिसहरूको रक्षा गर्दथे; पुल, न्यायसभा र धर्मशाला बनाउँथे । उनले श्रमण, ब्राह्मण, दरिद्र, यात्री र अनाथहरूलाई उनीहरूको आवश्यकताअनुसार दान दिन्थे । उनी त्यसैको फलले हरेक जन्ममा सम्पत्तिशाली भए । महाराज ! कसले यसो भन्न सक्छ कि कसैले दान, दम, संयम र उपोसथ-कर्मबेगर सम्पत्ति पाउन सक्छ । महाराज ! तपाईं जो भन्नुहुन्छ कि देवदत्त र बोधिसत्त्व दुवै साथै जन्म लिंदै आए, त्यो केही सयौं वा हजारौं जन्मदेखि मात्र होइन; अनादि कालदेखि । महाराज ! भगवान्‌ले जसरी मनुष्यत्व प्राप्त गर्न चेष्टा गर्ने कानो कछुवाबारे उपमा दिंदै भन्नुभयो, त्यसरी नै, यी दवैले साथै जन्म लिंदै आएको भन्ने बुझ्नुपर्छ ।"

"महाराज ! बोधिसत्त्वको देवदत्तका साथ मात्र भेट भई आएको नभई स्थविर सारिपुत्र पनि सयकडौं र हजारौं जन्ममा बोधिसत्त्वका बुबा भएका थिए, ठूलाबा; काका, दाइ, छोरा, भान्जा र साथी भएका थिए । महाराज ! बोधिसत्त्व पनि सयकडौं र हजारौं जन्ममा सारिपुत्रका बुबा ··· भएका थिए । महाराज ! नाना प्रकारका जति पनि जीवहरू छन्, तिनीहरू संसारको धारामा बगि रहेका छन् । सो वेगमा परेर प्रिय र अप्रिय दुवै प्रकारका साथीसँग मिलन हुन्छ; त्यसरी नै जसरी पानी धारामा आएर

---

१४०. निग्रोधमिक-जातक नं. १२ ।

१४१. महापदुम-जातक नं. ४७२ ।

१४२. चुल्ल धम्मपाल-जातक नं. ३५८ ।



Downloaded from http://www.dhamma.digital

असल खराब सबै प्रकारका वस्तुसँग मिल्न आउँछ । महाराज ! देवदत्तले पापी यक्ष भएर अनेक व्यक्तिहरूलाई पापमा लगाईदिएको थियो । यसले गर्दा ऊ धेरै कालसम्म नरकमा पर्नुपऱ्यो । तर बोधिसत्त्वले एकदम पुण्य-शील यक्ष भएर मानिसहरूलाई पुण्यमा लगाएका थिए । अतः धेरै कालसम्म स्वर्ग उनले सुखभोग गरे । यस जन्ममा पनि बुद्धलाई घात गरी सङ्घलाई भेद गरेर देवदत्त जमिनमा धँस्यो । उता बुद्धले जान्नुपर्ने सबै कुरा जानेर बुद्धत्व प्राप्त गरे र जीवनको रक्षाका जति कारणहरू छन् ती सबैलाई नष्ट गरेर परम्निर्वाण प्राप्त गरे ।"

"साधु भन्ते नागसेन ! तपाईं जे भन्नुहुन्छ, मलाई स्वीकार छ ।"

## ८. अमरादेवी विषयबारे प्रश्न

१५. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – आकाश र एकान्त स्थान पाए सबै स्त्रीहरू व्यभिचार गर्न सक्छन् र यदि कोही पनि पाएन भने बेकम्मा विकलाङ्गका साथ नै ।"[१४३]

"फेरि यसो पनि भनिन्छ – महोसधकी स्वास्नी अमरा नामकी स्त्री लोग्ने विदेश जाँदा आफ्नो पतिको नाउँमा एक्लै र एकान्तमा रहेर पनि आफ्ना लोग्नेलाई नै आफ्नो सर्वस्व मान्दै हजारौं रूपियाँको प्रलोभन दिंदा पनि पाप गर्न राजी भईन[१४४] ।" (क) "भन्ते नागसेन ! यदि भगवान्को यो भनाइ मनासिब हो भने अमरा देवीको कुरा अवश्य झूटो ठहरिन्छ (ख) र, यदि अमरा देवी यति पतिव्रता थिई भने भगवान्को यो कुरो झूटो सिद्ध हुन्छ । यो पनि एउटा दुविधायुक्त ?"

१६. "महाराज ! भगवान्ले स्त्रीहरूका विषयमा यथार्थमा त्यसो भन्नुभएको हो । मानिसहरू जुन अमरा देवीबारे जे भन्छन् त्यो पनि ठीकै हो । महाराज ! उनले यस्तो पापकर्म गरून् वा नगरून् यसको परीक्षा तब नै हुन सक्दथियो, जब उनलाई उपयुक्त अवकाश एकान्त स्थान र कामुक पुरुष भेट्टिएको होस् । महाराज ! अमरा देवीलाई त्यस्तो उपयुक्त अवकाश एकान्त स्थान र लोग्नेमान्छे नै प्राप्त भएन ।"

"संसारमा निन्दा हुने भयले उनले उचित अवसर नै देखिन । मरे पछि नरकमा जानुपर्छ भन्ने डरले उचित अवकाश देखिनन् । पापको फल नजाती हुन्छ – यस विचारले पनि उनले उचित अवसर पाइनन् । आफ्नो प्यारो लोग्नेलाई छाडिदिनु उनलाई सह्य भएन – यसले गर्दा पनि उसले उचित ठानिनन् । आफ्नो लोग्नेको प्रतिष्ठालाई विचार गरेर पनि उनले उचित अवसर देखिनन् । धर्मको विचार गरेर पनि उनले उचित अवसर देखिन् । खराब कामप्रति घृणा गर्दा गर्दै पनि उनले उचित अवसर देखिनन् । कतै मेरो व्रत भङ्ग नहोस् भन्ने सोचेर पनि उनले उचित अवसर देखिनन् । यस्तै प्रकारका अरू पनि थुप्रै कारणहरूबाट अमरा देवीले उचित अवसर देखिनन् ।"

"मानिसहरूबाट लुकाउन नसक्ने भयले उनले पाप गरिनन् । यदि मानिसहरूबाट कुरा लुकाए पनि, अमनुष्यहरूबाट कुरा लुकाए पनि परचित्त ज्ञान भएका (अरूहरूको चित्त बुझ्ने) भिक्षुहरूबाट लुकाउन सक्ने थिइन् । यदि परचित्त ज्ञान भएका भिक्षुहरूबाट लुकाए पनि परचित्त ज्ञान भएका देवताहरूबाट लुकाउन सक्ने थिइन् । यदि परिचित देवताहरूबाट लुकाउन सके पनि आफूले आफ्नैबाट

---

१४३. रीस डेविड्सले लेखेअनुसार-बुद्धले यो गाथा कहीं पनि भन्नुभएको छैन । ग्रन्थकर्ताले प्रमादमा यस्तो लेखेको हुनसक्छ । यो गाथा जातक, ५३६ मा आउँछ । त्यसमा पनि बुद्धको उपदेशका रूपमा होइन; एउटा लोकोक्तिका रूपमा ।

१४४. उम्मग्ग-जातक ५४६ ।



Downloaded from http://www.dhamma.digital

लुकाउन सक्दैनथिइन् । आफैंले आफूलाई मनमा लुकाउन सके पनि अधर्म हुन्थ्यो । यस प्रकार अनेक कारणहरूले एकान्त स्थान पाउन नसकेको कारण अमरा देवीले पाप गरिनन् । लोकमा योग्य पुरुष नपाएर पनि अमरादेवीले पाप गरिनन् । महाराज ! महोसध पण्डित अट्ठाइस गुणले युक्त थिए । कुन अट्ठाइस गुणहरूले युक्त थिए ? महाराज ! महोसध पण्डित (१) शूरवीर, (२) पापकर्म गर्नमा लज्जा मान्ने, (३) पापकर्म गर्नमा सङ्कोच गर्ने, (४) धेरै सहयोगी, (५) अनेक मित्रहरू भएको, (६) क्षमापरायण, (७) शीलवान्, (८) सत्यवादी, (९) पवित्र, (१०) क्रोधरहित, (११) घमण्डरहित, (१२) द्वेषरहित, (१३) वीर्यवान्, (१४) असल काममा लागिपर्ने, (१५) लोकप्रिय, १६. आपसमा बाँडेर कुनै वस्तु खाने, (१७) मित्रताको व्यवहार गर्ने, (१८) तड़कभड़कबाट टाढा रहने, (१९) मानिसहरूमा झगड़ा नगराउने, (२०) निष्कपट, (२१) बुद्धिमान्, (२२) सम्पत्तिशाली, (२३) यशस्वी, (२४) विद्या जन्ने, (२५) आफूछेउ आएका मानिसको भलो चाहने, २६. सबैबाट प्रशंसित, (२७) धनवान्, (२८) प्रसिद्ध थिए । महाराज ! महोसध पण्डितमा यस्ता अट्ठाइस गुणहरूले युक्त थिए । त्यसैले अमरा देवीले यस्तो गुण भएको कुनै अर्को लोग्नेमान्छे नपाएर पाप गरिनन् ।"

"साधु भन्ते नागसेन ! तपाईंले ठीक भन्नुभयो । म यसलाई स्वीकार गर्दछु ।"

## ९. क्षीणास्रव (अर्हत्) को अभयत्व

१७. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – अर्हत्हरू डर र भयबाट छुटिसकेका हुन्छन् । फेरि पनि, राजगृह नगरमा धनपाल नामको हात्ती भगवान्माथि जाइलागेको देखेर पाँच सय क्षीणास्रव भिक्षुहरू बुद्धलाई छाडेर, आफ्नो ज्यान जोगाउनका लागि यताउता भागे, स्थविर आनन्द मात्र त्यहाँ रहे ।[१४५] भन्ते नागसेन ! त्यसो किन ? के तिनीहरू डराएर भागेका थिए ? अथवा, भगवान्लाई एक्लै मर्न दिने मनसायले कि – दशबल बुद्ध स्वयंले जान्नु हुनेछ – भनेर यिनीहरू भागेका हुन् कि अथवा तथागतले कसरी आफ्नो अतुल्य अनन्त बल देखाएर प्रातिहार्य देखाउनुहुन्छ – सो हेर्न भनी यिनीहरू भागेका हुन् कि ?"

(क) "भन्ते नागसेन ! यदि भगवान्ले भन्नुभएको – अर्हत्हरू डर र भयबाट छुट्छन् भन्ने कुरा सत्य हो भने, धनपाल हात्तीको कुरो झूटो ठहरिन्छ । (ख) र, यदि धनपाल हात्तीले आक्रमण गर्दा क्षीणास्रव भिक्षु साँच्चै भागेका थिए भने भगवान्को यो भनाइ झूटो ठहरिन्छ कि अर्हत्हरू डर र भयबाट छुटेका हुन्छन् । यो पनि एक दुविधायुक्त प्रश्न ··· तपाईंका सामु राखेको छु ?"

१८. "महाराज ! भगवान्ले यथार्थ नै भन्नुभएको हो – अर्हत्हरू डर र भयबाट छुट्छन् र, यो कुरो पनि सत्य हो कि राजगृह नगरमा धनपाल नामको हात्ती भगवान्माथि जाइलागेको देखेर पाँच सय क्षीणास्रव भिक्षुहरू बुद्धलाई छाडेर ··· यताउता भागेका थिए, स्थविर आनन्द मात्र एक्लै रहनुभएको थियो । तर न त ती भिक्षुहरू, डरले र न भगवान्लाई एक्लै मर्न दिनको इच्छाले नै उनीहरूलाई छाडेर भागेका हुन् ।"

"अर्हत् व्यक्तिहरूमा भयका जति कारणहरू छन्, ती सबै नष्ट भइसकेका हुन्छन् । महाराज ! जब कुनै मानिसले जमिन खन्दा के महापृथ्वी डराउँछिन् ?"

---

१४५. विनयपित्तकको चुल्लवर्गमा उपरोक्त कुरो आएपनि त्यहाँ हात्तीको नाउँ 'धनपाल' नभई 'नालागिरि' भएको पाइन्छ । त्यहाँ अर्हत् भिक्षुहरू भागेको कुरा पाइन्दैन ।



Downloaded from http://www.dhamma.digital

"डराउनन् भन्ते !" "त्यसो किन ?" "किनकि महापृथ्वीमा डर या भय को कारण छैन । महाराज ! त्यसरी नै, अर्हत्‌मा यस्तो कुनै कारण रहँदैन जसमा उनीहरूमा डर र भय कायम होस् ।"

"महाराज ! के ठूलठूला पहाडलाई फुट्ने वा छुट्ने वा खस्ने वा आगो लाग्ने भय हुन्छ ?" "हुँदैन भन्ते !" "त्यसो किन ?" "किनकि ठूलो पहाड़मा डर या भयको कारण हुँदैन ।" "महाराज ! त्यसरी नै, अर्हत्‌हरूमा यस्तो कुनै कारण रहँदैन जसमा उनीहरूलाई डर वा भय होस् । "

"महाराज ! यदि सयौं हजारौं लोकधातुका जति नाना रूपक सत्त्वहरू छन्, ती सबै एक साथ मिलेर कुनै एक अर्हत्‌लाई तर्साउन आए पनि उसको चित्तमा कुनै प्रकारको विकार आउँदैन । त्यो के कारणले ? डर वा भय उत्पन्न हुने जुन हेतु या प्रत्ययहरू छन्, ती सबै उनको चित्तमा नष्ट भइसकेकोले ।"

"महाराज ! ती क्षीणाश्रवहरूको मनमा यो विचार आएको थियो – 'आज नरश्रेष्ठ तथा जितेन्द्र वा अग्रबुद्ध नगरहरूमा श्रेष्ठ राजगृहमा प्रवेश गर्दा सामुन्नेको सडकबाट धनपाल नामको हात्तीले आक्रमण गर्नेछ । यदि हामी बाटोबाट हटेन भने । ती देवाधिदेव बुद्धको सेवक उपस्थापक (स्याहार सुसार गर्ने) स्थविर आनन्दको गुण प्रकट हुँदैन न तथागतका सामुसम्म हात्ती नै पुग्न सक्छ । हामीहरू छुट्नु नै राम्रो हुनेछ ।' यसरी धेरै मानिसहरू क्लेश-बन्धनले छुट्छन्, चारैतिर स्थविर आनन्दको गुण पनि प्रकट हुन्छ । यही विचारले उनीहरू हटेका थिए ।"

"साधु भन्ते नागसेन ! तपाईंले राम्ररी सम्झाउनुभयो । कुरा यथार्थमा यस्तै नै हो । अर्हत्‌हरूलाई डर, त्रास वा भय भएको थिएन, तर राम्रो कुरा विचार गरेर नै उनीहरू चारैतिर छरिएका थिए ।"

## १०. बुद्ध-सर्वज्ञता विषयमा प्रश्न

१९. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ – 'बुद्ध सर्वज्ञ थिए ।' फेरि यस्तो पनि भनिन्छ कि सारिपुत्र र मौद्गल्यायनलाई सङ्घका साथ निकालिदिनाले चातुमाका शाक्य र ब्रह्मा सहम्पति भगवान्‌लाई भेट्न गएका थिए । उनीहरूले बीज र बाछोको उपमा दिएर भगवान्‌लाई बिन्ती गरेर क्षमा गराइ दिए ।[१४६] भन्ते नागसेन ! तथागतलाई ती उपमाहरू थाहा थिएन, जुन उपमा सुनेर उहाँले मान्नुभयो र क्षमा गरिदिनुभयो ? (क) भन्ते नागसेन ! यदि भगवान्‌लाई ती उपमाहरू थाहा थिएन भने उहाँ सर्वज्ञ हुनु भएन (ख) र, यदि उहाँलाई त्यो उपमा थाहा थियो भने उहाँले नबुझी कठोरताले गर्दा उनीहरूको परीक्षा लिनका लागि निकाला गरिदिएका थिए । यसरी उहाँ करुणविहीन हुनुभयो । यो पनि एक दुविधायुक्त प्रश्न ··· ?"

२०. "महाराज ! तथागत सर्वज्ञ हुनुहुन्थ्यो । तै पनि ती उपमाहरूबाट प्रसन्न भएर मान्नुभएको थियो र क्षमा गरिदिनुभएको थियो । महाराज ! तथागत धर्मगुरु हुनुहुन्छ । ती दुवै उपमाहरू उहाँद्वारा नै भनिसिएको थियो । महाराज ! जसरी लोग्नेको आफ्नै वस्तुहरूले श्रीमतीले पतिलाई खुसी तुल्याउँछिन् र मनाउँछिन् अनि लोग्नेले जुनसुकै कुरा पनि स्वीकार गर्दछन् । महाराज ! यसरी नै, चातुमाका शाक्य र ब्रह्मा सहम्पतिले तथागतलाई उहाँले नै भन्नुभएको उपमाद्वारा प्रसन्न गराएर मनाउनुभएको थियो । तथागतले पनि साधु भनेर अनुमोदन गर्नुभएको थियो ।"

---

१४६. चातुमसूत्र, म. नि.(नेपाली) पृ. ४०९



Downloaded from http://www.dhamma.digital

"महाराज ! जसरी राजालाई हजामले आफ्नै काइयोद्वारा कपाल कोरेर खुसी तुल्याउँछ अनि राजाले 'धेरै राम्रो' भनेर आफ्नो स्वीकृति दिन्छन् अनि हजामलाई प्रसस्त पुरस्कार दिन्छन् । महाराज ! यसरी नै, चातुमाका शाक्य र ब्रह्मा सहम्पतिले तथागतलाई उहाँले नै भन्नुभएको उपमाद्वारा प्रसन्न तुल्याएर मनाउनुभएको थियो । तथागतले पनि 'साधु' भनेर अनुमोदन गर्नुभएको थियो ।

"महाराज ! जसरी सेवा सुश्रूषा गर्ने अन्तेवासिक (श्रामणेर) ले आफ्नो उपाध्यायले नै ल्याएको पिण्डपात भोजन झिकेर, सामुन्ने राम्ररी पस्की दिन्छ जसबाट ती उपाध्याय प्रसन्न भएर 'साधु' भन्दै अनुमोदन गर्छ । महाराज ! यसरी नै, चातुमाका शाक्य र ब्रह्मा सहम्पतिले तथागतलाई उहाँले नै भन्नुभएको उपमाद्वारा प्रसन्न गराएर मनाउनुभएको थियो । तथागतले पनि 'साधु' भनेर अनुमोदन गरी सबै दुःखबाट मुक्त हुने उपदेश दिनुभएको थियो ।

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

**(यस वर्गमा दस प्रश्नहरू छन् ।)**

**चौथो सर्वज्ञताज्ञानवर्ग समाप्त ।**

# ५. संसर्ग वर्ग

## १. संसर्ग विषयमा प्रश्न

१. "भन्ते नागसेन ! भगवान्‌ले यस्तो भन्नुभएको छ –

**'सन्थवतो भयं जातं, निकेता जायते रजो ।**
**अनिकेतम सन्थवं, एवं वे मुनिदस्सनं'ति ।'**[१४७]

**'संसर्गले**[१४८] **भय उत्पन्न हुन्छ, घर गृहस्थीमा पर्नाले रज (मल=राग, द्वेष, मोह) उत्पन्न हुन्छ । असंसर्ग र घर गृहस्थीमा नपर्नु, मुनिहरू यही चाहन्छन् ।'**

"साथै, यसो पनि भनिएको छ –

१४७. मुनिसूत्र, सूत्र नि. ।
१४८. मित्रता हि. मि. ।



Downloaded from http://www.dhamma.digital

**'विहारे कारये रम्मे, वासयेत्थ बहुस्सुते'ति ।'**[१४९]
**'सुन्दर विहार, बनाएर त्यसमा विद्वानहरूलाई राख्नु ।'**

(क) "भन्ते ! यदि भगवान्ले यथार्थमा भन्नुभएको संसर्गले भय उत्पन्न हुन्छ, भन्ने कुरा सत्य हो भने, 'सुन्दर विहार बनाएर त्यसमा विद्वान्हरूलाई राख्नू' भन्ने कुरा असत्य ठहरिन्छ (ख) र, यदि 'सुन्दर विहार बनाएर त्यसमा विद्वान्हरूलाई राख्नू' भन्ने कुरा सत्य हो भने यो कुरो झूटो ठहरिन्छ कि मित्रता जोड्नाले ··· । यो पनि एक दुविधा ··· ।"

२. "महाराज ! भगवान्ले संसर्गबाट भय उत्पन्न हुन्छ भन्नुभएको कुरा सत्य हो र फेरि यो पनि ठीक हो कि भगवान्ले भन्नुभएको सुन्दर विहार बनाएर त्यसमा विद्वान्हरूलाई राख्नू । महाराज ! भगवान्ले जे भन्नुभएको हो, संसर्गबाट भय उत्पन्न हुन्छ ··· भन्ने वचन, स्वभाव वचन, अशेष वचन, निशेष वचन, निष्परियाय वचन हुन् । श्रमणहरूका निम्ति अत्यन्तै उपयुक्त छ, प्रतिपदानुरूप पनि छ । महाराज ! जस्तै कि जङ्गलको मृग विनाघर स्वछन्द घुमफिर गर्छ; जहाँ चाहन्छ त्यहीं सुत्छ । महाराज ! यसरी, त्यी भिक्षुहरूका विषयमा एकदमै उचित सम्झनुपर्छ संसर्गबाट भय उत्पन्न हुन्छ ··· ।"

"महाराज ! भगवान्ले जो भन्नुभएको हो – 'सुन्दर विहार बनाएर विद्वानहरूलाई राख्नू' ती दुई कुरा दृष्टिमा राखेर भनिएको हो । कुनचाहिँ दुई कुरा ? – (१) विहार दान गर्ने कामको सबै बुद्धहरूले प्रशंसा गर्नुभएको छ, त्यसको धेरै-धेरै प्रशंसा गर्नुभएको छ, तथा त्यसलाई निकै श्रेष्ठ भन्नुभएको छ । यसरी विहार दान गर्ने व्यक्ति जन्म, जरा र मरणबाट छुट्दछ । विहार दान गर्नुको यो पहिलो फल (आनिशंस) हो । फेरि, (२) विहार बनेमा भिक्षुहरूका लागि बस्ने ठाउँ हुन्छ । जसले भिक्षुहरूको दर्शन गर्न चाहन्छन्, उनीहरूका लागि बस्ने स्थान हुन्छ जसले भिक्षुहरूको दर्शन गर्न चाहन्छन्, उनीहरूका लागि पर्याप्त सुविधा हुन्छ । यदि भिक्षुहरू बस्नका लागि कुनै विहार नभएमा उनीहरूसँग भेट्नु निकै गाह्रो हुन्छ । विहार दान गर्नुको यो दोस्रो फल हो – यी दुई कुरा दृष्टिमा राखेर भगवान्ले 'सुन्दर विहारहरू बनाएर तिनमा विद्वान्हरूलाई राख्नू', यसको अर्थ यो होइन कि बुद्धपुत्रहरूले नै विहारलाई आफ्नो घर बनाउन् ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## २. भोजन संयम विषयमा प्रश्न

३. "भन्ते नागसेन ! भगवान्ले भन्नुभएको छ – 'जाग ! प्रमादी नबन, भोजन गर्नमा संयम गर । उहाँले यो पनि भन्नुभयो कि 'उदायि ! कहिलेकाहीं मैले यो पात्रभरि वा सो भन्दा बढी खाएको छु ।"

(क) "भन्ते नागसेन ! यदि भगवान्ले यसो भन्नुभएको हो कि उहाँले पात्रभरि वा त्योभन्दा अधिक खानुहुन्थ्यो (ख) र, यदि भगवान्ले पात्रभरि वा त्योभन्दा बढी खानुहुन्थ्यो भन्ने कुरा साँचो हो भने, उहाँले भन्नुभएको – 'जाग ! प्रमादी नबन, भोजन गर्नमा संयम गर' भन्ने कुरा झूटो ठहरिन्छ । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ।""

---

१४९. चुल्लवग्ग पृ. २५९ ।



Downloaded from http://www.dhamma.digital

४. "महाराज ! भगवान्ले भन्नुभएको – 'जाग ! भोजन गर्नमा संयम गर ।' फेरि भगवान्ले यसो पनि भन्नुभयो – 'उदायि ! कहिलेकाहीं यो पात्रभरि वा सो भन्दा बढी खाएको छु' भनी यथार्थतः भन्नुभएको हो । महाराज ! भगवान्ले जो भन्नुभएको छ – 'जाग ! प्रमादी नबन, भोजन गर्नमा संयम गर,' भन्ने वचन (१) स्वभाव वचन (स्वाभाविक वचन-प्रकृति वचन) (२) अशेष वचन (एकदम सत्य वचन) (३) निशेष वचन (एकदम सत्य वचन) (४) निष्परियाय वचन (एकदम झूटो नभएको वचन) (५) भूत वचन (यथार्थ वचन) (६) तच्छ वचन (तथ्य वचन) (७) यथार्थ वचन (८) अविपरीत (उल्टाउन नसक्ने) वचन, ऋषि वचन, भगवान् वचन, प्रत्येकबुद्ध वचन, जिन वचन, सर्वज्ञ वचन, तथागत अर्हत् सम्यक्सम्बुद्ध वचन हुन् ।"

"महाराज ! भोजनमा संयम नगर्नाले मानिस हिंसा पनि गर्दछ, चोरी पनि गर्दछ, परस्त्रीगमन पनि गर्दछ, झूटो पनि बोल्छ, रक्सी पनि पिउँछ, आमालाई पनि मारिदिन्छ, बाबुलाई पनि मारिदिन्छ अर्हत्लाई पनि मारिदिन्छ सङ्घ भेद गरिदिन्छ, दुष्ट चित्तले तथागतको रगत पनि बगाइदिन्छ । महाराज ! भोजनमा संयम नगर्नुको कारणले नै देवदत्तले सङ्घलाई भेद गरेका थिए, जसले गर्दा उसले कल्पभर नरकमा रहने कर्मफल पायो । महाराज ! यस्ता-यस्ता अरू पनि थुप्रै कुराहरू ध्यानमा राखेर बुद्धले भन्नुभएको थियो – 'जाग ! प्रमादी नबन, भोजन गर्नमा संयम राख ।"

"महाराज ! जसले भोजन गर्नमा संयम गर्दछ उसलाई चार आर्यसत्यहरूको ज्ञान प्राप्त हुन्छ, चार श्रामण्य फल (ब्रह्मचर्यवासको चार ठूलो फल) पाउँछ । चार प्रतिसम्भिदामा, आठ समापत्तिमा तथा छ अभिज्ञामा पूर्णता पाउँदछ सबै श्रमण धर्म पूर्ण हुन्छ । महाराज ! के त्यो सुगाले भोजनमा संयम गरेर तावतिंससम्म सारा लोकलाई कम्पित गराएर देवेन्द्रलाई आफ्नो सेवामा लगाएको थियो होइन र ? महाराज ! यसरी नै अरू पनि धेरै कुराहरूबारे विचार गरेर नै भगवान्ले भन्नुभयो – 'जाग ! प्रमादी नबन, भोजन गर्नमा संयम राख ।"

"महाराज ! भगवान्ले जे भन्नुभएको थियो – 'उदायि ! कहिलेकाहीं यो पात्रभरि वा सो भन्दा बढी खाएको छु,' त्यो उहाँको कुरो थियो, उहाँले जे गर्नु थियो सो सबै पूर्ण गर्नु भइसकेको थियो, जसले परम फल पाइसक्नुभएको थियो, जसको ब्रह्म चर्य सफल भइसकेको थियो, उहाँको सबै मल हटिसकेको थियो, जो सर्वज्ञ हुनुहुन्थ्यो, स्वयम्भू हुनुहुन्थ्यो र बुद्ध हुनुहुन्थ्यो ।"

"जस्तै महाराज ! जसलाई बान्ता गराइएको छ, जसलाई जुलाव दिइएको छ, वा जसलाई कडा औषधी खुवाइएको छ, त्यस्ता रोगीले खानाबार्नुपर्छ । त्यस्तै, जसका साथ क्लेश लागेको छ, जसले सत्यको साक्षात्कार गरेको छैन; उसले भोजनमा संयम गर्नुपर्छ । महाराज ! जस्तै – चम्कने, असल जातिको, सफा मणिरत्नलाई माझ्न, घस्न वा धुनु पर्दैन । महाराज ! त्यस्तै तथागत बुद्ध – विषय पारमी भइसक्नुभएकोले 'के गर्न उचित छ र के गर्न अनुचित' यस प्रश्नबाट मुक्त भइसक्नुभएको छ ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ३. बुद्धको निरोगी विषयमा प्रश्न

५. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! म ब्राह्मण हुँ, आत्मत्यागी, आचरणमा आवद्ध, अन्तिम शरीरलाई धारण गर्ने र अलौकिक वैद्य या शल्यचिकित्सक ।' उहाँले यो पनि



Downloaded from http://www.dhamma.digital

भन्नुभयो कि – 'भिक्षु हो ! मेरो श्रावक भिक्षुहरूमा सबैभन्दा निरोगी रहनेमा वक्कुल (बाकुल) हो ।'[१५०] यस्तो देखिन्छ कि भगवान् अनेकपल्ट अस्वस्थ हुनुभएको थियो । (क) भन्ते नागसेन ! यदि भगवान् साँचै अलौकिक हुनुहुन्थ्यो भने, स्थविर वक्कुलको विषयमा जे भनिएको हो, त्यो भूटो ठहरिन्छ, (ख) र, यदि स्थविर वक्कुल यथार्थमा सबैभन्दा बढी निरोगी थिए भने भगवान् अलौकिक हुनु भूटो ठहरिन्छ । यो पनि एक दुविधायुक्त प्रश्न … ।"

६. "महाराज ! भगवान्ले यथार्थमा भन्नुभएको छ – 'भिक्षु हो ! म ब्राह्मण हुँ, आत्मत्यागी, आचरणमा आबद्ध, अन्तिम शरीर धारण गर्ने अलौकिक वैद्य या चिकित्सक ।' उहाँले यो पनि ठीक भन्नुभयो – 'भिक्षु हो ! मेरो श्रावक भिक्षुहरूमध्ये सबैभन्दा निरोगी रहनेमा वक्कुल हो ।' तर यो ती भिक्षुहरूलाई लक्ष्य गरेर भनिएको थियो जो भगवान्को उपदेशलाई कण्ठ गरेर आफ्ना तर्फबाट केही थपेर आगामी पुस्तालाई बढाइदिन्थे ।"

"महाराज ! भगवान्का श्रावक भिक्षुहरूमध्ये कति जना यस्ता थिए, जो दिन रातउठेर या चक्रमण गर्दै भावना (ध्यान) मा बिताइदिन्थे । तर भगवान् उठ्नु पनि हुन्थ्यो, चक्रमण पनि गर्नु हुन्थ्यो । बस्नु पनि हुन्थ्यो र सुत्नु पनि हुन्थ्यो । यसरी उनीहरू यस कुरोमा भगवान्भन्दा अगाडि बढ्दथे ।

"महाराज ! भगवान्का श्रावक भिक्षुहरूमध्ये कति यस्ता थिए, जो एक पल्ट मात्र भोजन गर्दथे । बरु प्राण गए पनि दोस्रोपल्ट भोजन ग्रहण गर्दैनथिए । महाराज ! फेरि, भगवान्ले त दुईपल्ट या तीन पल्ट पनि भोजन गर्नु हुन्थ्यो । यसरी उनीहरू यस कुरोमा भगवान्भन्दा पनि अगाडि बढ्दथे ।"

"महाराज ! यस्तै भिन्न-भिन्न श्रावकहरूका विषयमा भिन्न-भिन्न कुरा भनिन्छ । महाराज ! तर भगवान् त सबैभन्दा अलौकिक हुनुहुन्थ्यो – शीलमा, समाधिमा, प्रज्ञामा, विमुक्ति, विमुक्ति ज्ञानदर्शन (मोक्षलाई साक्षात्कार) गर्नमा, दस बलमा, चार वैशारद्यमा, अट्ठार बुद्ध गुणमा[१५१]छः असाधारण ज्ञानमा र बुद्धमा मात्र पाइने अन्य सबै गुणहरूमा । त्यसैको विषयमा भनिएको हो – भिक्षु हो ! म ब्राह्मण हुँ,

---

१५०. अ.नि. भाग-१,पृ २५ अथवा बाकुल भिक्षुसम्बन्धी म.नि. (नेपाली) पृ. ७७४-६ मा हेर्नुहोला ।

१५१. बुद्धका अठार गुण -

१. अतीत कालको कुरामा बुद्धको अपराजित (नरोकिएको) ज्ञान ।
२. अनागत कालको कुरामा बुद्धको अपराजित (नरोकिएको) ज्ञान ।
३. वर्तमान कालको कुरामा बुद्धको अपराजित (नरोकिएको) ज्ञान ।
४. बुद्धको सवै काय-कर्म ज्ञानपूर्वक र जानेर बुझेर हुन्छ ।
५. बुद्धको सवै वचन-कर्म ज्ञानपूर्वक र जानेर बुझेर हुन्छ ।
६. बुद्धको सवै मनो-कर्म ज्ञानपूर्वक र जानेर बुझेर हुन्छ ।
७. छन्द (इच्छा) को कहिले पनि हानि हुँदैन ।
८. धर्मदेशना गर्नमा कहिले पनि कुनै हानि हुँदैन ।
९. वीर्यमा कहिले पनि कुनै हानि हुँदैन ।
१०. समाधिमा........ ।
११. प्रज्ञामा........... ।
१२. विमुक्तिमा.......... ।
१३. दवा ?
१४. रवा ?
१५. अप्फुत ?
१६. वेदयित्तं ?
१७. अव्यावहमनो ?
१८. अप्परिसङ्खान उपेक्खा । ?



Downloaded from http://www.dhamma.digital

आत्मत्यागी, आचरणमा आबद्ध, अन्तिम शरीर धारण गर्ने र अलौकिक वैद्य या शल्यचिकित्सक ।' महाराज ! जस्तै, यहाँ मानिसहरू जो कोही उच्च कुलको हुन्छ, कोही धनवान् हुन्छ, कोही विद्वान् हुन्छ, कोही शिल्पमा निपुण हुन्छ, कोही शूरवीर (बहादुर) हुन्छ र कोही अत्यन्त बाठो । तर राजा सबैभन्दासबै कुरामा बढेर उच्च हुन्छन् । महाराज ! यसरी भगवान् सबै प्राणीभन्दा अग्र ज्येष्ठ र श्रेष्ठ हुनुहुन्छ ।"

"जुन आयुष्मान् वक्कुल निरोगी थियो, त्यो आफ्नो अभिनीहार (सङ्कल्प) ले गर्दा त्यसो भएको हो । महाराज ! जब भगवान् अनोमदस्सीलाई वातरोग भएको थियो र फेरि जब भगवान् विपस्सी आफ्नो अठसट्ठी हजार शिष्यहरूका साथ तृण पुष्पक रोगबाट पीड़ित हुनुभएको बेला वक्कुल एउटा तपस्वी भएर, अनेक औषधीले उहाँलाई स्वस्थ गरिदिएका थिए । त्यसैले भनिएको हो – मेरा श्रावक भिक्षुहरूमध्ये वक्कुल सबैभन्दा निरोगी छ ।"

"महाराज ! रोग हुनु या नहुनु, अथवा धुताङ्ग पालन गर्ने या नगर्नेभन्दा पनि भगवान्झैं अरू कोही छैन । महाराज ! देवातिदेव भगवन्ले संयुत्तनिकायमा पनि भन्नुभएको छ – 'भिक्षु हो ! जति पनि सत्त्व जीवहरू छन् – बिना खुट्टा, दुई खुट्टा, चार खुट्टा, धेरै खुट्टा भएको, रूप भएको, रूप नभएको, संज्ञा भएको, संज्ञारहित भएको, न संज्ञा भएको न संज्ञारहित' – सबैभन्दा तथागत नै प्रथम गनिन्छन्, जो अर्हत् र सम्यक्सम्बुद्ध हुन् ।"[१५२]

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ४. मार्गोत्पादन विषयमा प्रश्न

७. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! तथागत अर्हत् सम्यक्सम्बुद्धले त्यस अनुत्पन्न मार्ग (बाटो) लाई उत्पन्न गरिदिनुहुन्छ । साथै, यसो पनि भनिएको छ – 'भिक्षु हो ! मैले त्यस सनातन-मार्गलाई देखें, जहाँ पूर्व सम्यक्सम्बुद्धहरू हिंडेका थिए । (क) भन्ते नागसेन ! यदि बुद्धले अनुत्पन्न मार्गलाई उत्पन्न गरिदिनुभएको कुरो सत्य हो भने सनातन मार्गलाई देख्नुभयो ··· भन्ने कुरा असत्य हुन्छ । (ख) र यदि उहाँले सनातन मार्गलाई देख्नुभएको छ भने, यो कुरो असत्य ठहरिन्छ कि तथागतले अनुत्पन्न मार्ग उत्पन्न गरिदिनुभएको कुरा असत्य हुन्छ । यो पनि एक दुविधायुक्त प्रश्न ··· ।"

"महाराज ! भगवान्ले यथार्थ भन्नुभएको छ – 'भिक्षु हो ! अर्हत् सम्यक्सम्बुद्धले अनुत्पन्न मार्ग उत्पन्न गरिदिनुभयो ।' उहाँले यो पनि ठीक भन्नुभएको छ कि – 'भिक्षु हो ! मैले त्यस सनातन मार्गलाई देखें, जसमा पूर्वबुद्धहरू हिंडेका थिए ।' महाराज ! यी दुवै कुरा सत्य हुन् । महाराज ! पूर्व तथागतहरूको परिनिर्वाण भएको हुनाले र शासन लुप्त भएको हुनाले मार्गको पनि लोप हुन्छ, हराउँछ, बिलाउँछ, देखिन्न, निष्क्रिय हुन्छ । लुप्त भएको त्यो सनातन मार्गलाई तथागतले आफ्नो प्रज्ञाचक्षुले देख्नुभएको थियो । त्यसैले उहाँले भन्नुभयो – 'भिक्षु हो ! मैले त्यस सनातन मार्गलाई देखें, जसमा पूर्वबुद्धहरू हिंडेका थिए ।'

"महाराज ! पूर्व तथागतहरूको परिनिर्वाण भएको हुनाले र शासन लुप्त भएको हुनाले मार्गको पनि लोप हुन्छ, हराउँछ, बिलाउँछ, देखिन्न, निष्क्रिय हुन्छ । लुप्त भएको त्यो सनातन मार्गलाई

---

१५२. संयुत्त नि. (नेपाल भाषा) पृ. ९०३ ।



Downloaded from http://www.dhamma.digital

तथागतले आफ्नो प्रज्ञाचक्षुले देख्नुभएको थियो । त्यसैले उहाँले भन्नुभयो – 'भिक्षु हो ! मैले त्यस सनातन मार्गलाई देखें, जसमा पूर्वबुद्धहरू हिंडेका थिए ।'

"महाराज ! जस्तै चक्रवर्ती राजा मरेपछि मणिरत्न पहाड़मा गएर अन्तर्धान हुन्छ । यदि अर्को चक्रवर्ती राजाले सबै व्रतहरू पूरा गर्छ भने, फेरि प्रकट भएर आउँछ ।"[१५३]

"महाराज ! त्यसो हो भने, के तपाईं भन्नुहुन्छ कि उनले मणिरत्न उत्पन्न गरिदिए ?" "होइन भन्ते ! त्यो मणिरत्न त पहिलेदेखि नै थियो । हो उसले दोस्रो पटक प्रकट गराईदिए ।" "महाराज ! त्यसरी नै, जो पूर्वबुद्धहरूको वास्तविक, श्रेष्ठ अष्टाङ्गिग मार्ग थियो र जो शासन नरहनाले लुप्त भएको थियो, त्यसलाई भगवान्ले आफ्नो प्रज्ञा-चक्षुबाट फेरि खोजेर निकालेका थिए । त्यसैले भगवान्ले भन्नुभएको हो – 'भिक्षु हो ! अहर्त् सम्यक्सम्बुद्धले त्यस मार्गलाई उत्पन्न गराउनुहुन्छ ।"(क)

"महाराज ! जस्तै आमाको कोखमा बच्चा त रहन्छ नै । बच्चा जन्मेपछि मानिसहरू भन्छन् – 'आमाले बच्चा जन्माइन् ।' महाराज ! त्यसरी नै, पहिलाको मार्ग शासन नरहनाले लुप्त भएको थियो, त्यसलाई तथागतले आफ्नो प्रज्ञा-चक्षुबाट फेरि खोजेर उत्पन्न गराउनुभएको थियो । त्यसैले भनिएको हो – अहर्त् सम्यक्सम्बुद्धले त्यस मार्गलाई उत्पन्न गराउनुहुन्छ ।" ख)

"महाराज ! जस्तै कुनै हराएको वस्तु कुनै मानिसले फेला पार्‍यो भने मानिसहरूले भन्दछन् – यसले यी चीजहरू फेला पार्‍यो । महाराज ! त्यसरी नै, पहिलाको मार्ग शासन नरहनाले लुप्त भएको थियो, त्यसलाई तथागतले आफ्नो प्रज्ञा-चक्षुबाट फेरि खोजेर उत्पन्न गराउनुभएको थियो । त्यसैले भनिएको हो – 'अर्हत् सम्यक्सम्बुद्धले त्यस मार्गलाई उत्पन्न गराउनुहुन्छ ।' (ग)

"महाराज ! जस्तै कुनै मानिसले जङ्गललाई फाँडेर सफा पार्दछ भने मानिसहरू भन्दछन् – उसले जमिन बनाइदियो । यथार्थमा त जमिन त पहिलेदेखि नै थियो; त्यो व्यक्तिले त त्यसलाई काममा ल्याउने मात्र हुन्छ । महाराज ! त्यसरी नै, पहिलाको मार्गशासन नरहनाले लुप्त भएको थियो, त्यसलाई तथागतले आफ्नो प्रज्ञा-चक्षुबाट फेरि खोजेर उत्पन्न गराउनुभएको थियो । त्यसैले भनिएको हो – 'अर्हत् सम्यक्सम्बुद्धले त्यस मार्गलाई उत्पन्न गराउनुहुन्छ ।' (घ)

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ५. बुद्धको अहिंसा अभ्यास विषयमा प्रश्न

९."भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ, – 'पूर्व मनुष्यजन्महरूमा नै मैले अहिंसाको अभ्यास गरि सकेको थिएँ ।' साथै यो पनि भन्नुभएको छ – 'लोमस काश्यप नामको ऋषि भएर मैले सयौं प्राणीहरूको हत्या गरेर वाजपेय नामको महायज्ञ गरे ।'[१५४]

(क) "भन्ते नागसेन ! यदि भगवान्ले यो ठीक भन्नुभएको हो – 'पूर्व मनुष्यजन्महरूमा मैले अहिंसाको अभ्यास गरेको थिएँ' – त्यसो हो भने उहाँको भनाइ झूटो ठहरिन्छ कि – 'लोमस कश्यप नामको ऋषि भएर मैले सयौं प्राणीहरूको हत्या गरेर वाजपेय नामको महायज्ञ गरेको थिएँ, (ख) र, यदि उहाँले यो सत्य भन्नुभएको हो कि 'लोमस काश्यप नामको ऋषि भएर सयौं प्राणीहरूको हत्या गरेर

---

१५३. दी. नि. चक्कवत्ती-सुत्त

१५४. लोमस कस्सप जातक नं. ४३३ ।



Downloaded from http://www.dhamma.digital

वाजपेय नामको महायज्ञ गरेका थिए भने, उहाँको यो कुरो भूटो ठहरिन्छ कि, 'पूर्वमनुष्यजन्महरूमा नै अहिंसाको अभ्यास गरि सकिएको थिएँ ।' यो पनि एक दुविधायुक्त प्रश्न ··· ।"

१०. "महाराज ! भगवान्ले सो यथार्थ भन्नुभएको हो – 'पूर्व मनुष्यजन्महरूमा नै मैले अहिंसाको अभ्यास गरि सकेको थिएँ ।' उहाले यो पनि ठीक भन्नुभयो कि – 'लोमस कश्यप नामको ऋषि भएर मैले सयौं प्राणिहरूको हत्या गरेर वाजपेय नामको महायज्ञ गरेको थिएँ । तर यो त उहाँले रागको वशमा परेर बेहोस भई अचेतन अवस्थामा गर्नुभएको थियो । शान्त बुद्धिले होइन ।"

"भन्ते नागसेन ! यी आठ प्रकारका व्यक्तिहरूले जीव-हिंसा गर्दछन् । कुनचाहिँ आठ ? (१) रागीले आफ्नो रागको वशमा आएर जीव-हिंसा गर्दछ, (२) द्वेषीले आफ्नो द्वेषको वशमा आएर ··· , (३) अज्ञानीले आफ्नो मोहको वशमा परी ··· , (४) घमन्डी आफ्नो घमन्डको वशमा, (५) गरीब (निर्धन) ले आफ्नो जीविकाको लागि ··· , (७) मूर्खहरू खेल सम्भेर र (८) राजा राज्यको विजयको वशमा परेर जीव-हिंसा गर्दछ । भन्ते ! यिनै आठ प्रकारका व्यक्तिहरू जीव-हिंसा गर्दछन् । भन्ते नागसेन ! बोधिसत्त्वले (यस्ता कारणहरूबेगर) स्वाभाविक रूपले जीव-हिंसा गरेका हुन त ?" "होइन महाराज ! बोधिसत्त्वले स्वाभाविक रूपले जीव-हिंसा गरेका होइन । महाराज ! यदि बोधिसत्त्वले स्वाभाविक रूपले महायज्ञ गर्न चाहेको भए, यो गाथा अवश्य भन्नु हुने थिएन ।"

**'ससमुद्दपरियायं महिं सागरकुण्डलं ।**
**न इच्छे सह निन्दाय, एवं, सय्ह, विनानही'ति ।'**[१५५]

**"समुद्रसम्म फैलिएको चारैतिर सागरले घेरिएको पृथ्वीलाई निन्दाका साथ म लिन चाहन्नथिएँ सय्ह ! यस्तो बुझ ।**

"महाराज ! यसो भन्नुहुने बोधिसत्त्वले चन्द्रावती राजकुमारीलाई देख्नासाथ मोहमा परेर मनलाई वशमा राख्न सकेनन् । स्त्रीको उत्कण्ठा र विह्वलताले गर्दा बहुलाले या कुनै बिर्सिएको व्यक्तिजस्तै हतारहतारमा उनले महायज्ञ गराए । यज्ञमा धेरै पशुहरूको हत्या भयो । पशुहरूको गर्दन काटिनाले रक्तधारा बगेको थियो ।"

"महाराज ! जस्तो कि बहुला जसको बुद्धिले काम गर्न छाडिसकेको छ, उसले बलिरहेको आगोलाई पनि समात्छ, रिसाएको सर्पलाई पनि समात्छ, पागल हात्तीको नजिक पनि जान्छ, जसको किनारा अगम्य छ, त्यस्तो समुद्रमा पनि हाम फाल्छ, खाडल वा कुवामा पनि हाम फाल्छ, काँडैकाँडा भएको ठाउँमा पनि हिंड्छ, पहाड़को उच्च भागबाट पनि ओरालोतर्फ दगुर्छ, फोहर तथा मैला पनि खान थाल्छ, सडकमा नाङ्गै पनि डुल्छ र अरू पनि विभिन्न प्रकारका गर्न नहुने काम गर्छ । महाराज ! यसरी नै, बोधिसत्त्वले चन्द्रावती राजकुमारीलाई देख्नासाथ उसको मोहमा परेर मनलाई वशमा राख्न सकेनन् । स्त्रीको उत्कण्ठा र विह्वलताले गर्दा बहुलाले या कुनै कुरो बिर्सिएको मानिसजस्तै हतारहतारमा उनले महायज्ञ गराए । यज्ञमा धेरै पशुहरूको हत्या भयो । पशुहरूको गर्दन काटिनाले रक्तधारा बगेको थियो ।"

"महाराज ! राज-दण्ड (विधान, कानून, नियम) अनुसार पनि बहुलाले गरेको अपराध त्यति ठूलो मानिन्न । परलोकको कुरा पनि यस्तै हो ।"

---

१५५. सय्ह जातक नं. ३१० ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! जस्तै, कुनै बहुलाले कसैको ज्यान लियो भने तपाईं उसलाई के-कस्तो दण्ड दिनुहुन्छ ?" "भन्ते ! पागललाई के दण्ड दिनु ! उसलाई कुटेर छाडिन्छ । उसका लागि बस यही नै दण्ड हो ।" "महाराज ! खासमा पागलका लागि दण्ड नै छैन । पागलको अपराध कुनै अपराध होइन, उसलाई क्षमा गरिदिन्छौं । बोधिसत्त्वले चन्द्रावती राजकुमारीलाई देख्नासाथ उसको मोहमा परेर मनलाई वशमा राख्न सकेनन् । स्त्रीप्रतिको उत्कण्ठा र विह्वलताले गर्दा बहुलाले या कुनै कुरो बिर्सिएको व्यक्तिजस्तै हतारहतारमा उसले महायज्ञ गराए । यज्ञमा धेरै पशुहरूको हत्या भयो । पशुहरूको गर्दन काटिनाले रक्तधारा बगेको थियो ।"

"महाराज ! यसरी नै, बोधिसत्त्वले चन्द्रावती राजकुमारीलाई देख्नासाथ उसको मोहमा परेर मनलाई वशमा राख्नु सकेनन् । स्त्रीको उत्कण्ठा र विह्वलताले गर्दा बहुलाले या कुनै बिर्सिएको व्यक्तिजस्तै हतारहतारमा उनले महायज्ञ गराए । यज्ञमा धेरै पशुहरूको हत्या भयो । पशुहरूको गर्दन काटिनाले रक्तधारा बगेको थियो । जब उनको होस आयो, स्वस्थ भएपछि प्रव्रजित भई पाँच अभिज्ञाहरूलाई प्राप्त गरेर ब्रह्मलोक गए ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ६. छद्दन्त र ज्योतिपालविषयमा प्रश्न

११. "भन्ते नागसेन ! भगवान्‌ले गजराज छद्दन्तका विषयमा भन्नुभएको छ –

'यसलाई मार्छु !' यस्तो विचार गर्दा उसले काषायवस्त्र देखे जो ऋषिहरूको ध्वजा हो । धेरै दु:ख सहेर उनको मनमा यो कुरा आयो – साधु, शीलवान्, अर्हत्‌हरूको हत्या गर्न योग्य हुँदैनन् ।" [१५६]

"फेरि यसो पनि भन्नुभएको छ –

जोतिपाल माणवक भएर उनले अर्हत् सम्यक्सम्बुद्ध भगवान् काश्यपलाई, चण्डाल ! 'मुण्डक ! ढोंगी !' आदि अनुचित र रूखा शब्दहरूद्वारा चिढचाएर अपमानित गरे ।"[१५७]

(क) "भन्ते नागसेन ! यदि बोधिसत्त्वले पशुयोनिमा जन्म लिएर पनि काषायवस्त्रको प्रतिष्ठालाई स्वीकार गरेको भए जोतिपाल माणवकको कुरा भूटो ठहरिन्छ (ख) र, यदि जोतिपाल माणवले साँचै काश्यप भगवान्‌लाई 'चण्डाल, मुण्डक, ढोंगी' इत्यादी अनुचित र रूखो शब्दहरूले चिढचाएर अपमानित गरेको कुरा सत्य हो भने, छद्दन्त गजराजका विषयमा जे कुरा भनिएको हो, त्यो कुरा भूटो ठहरिन्छ । यदि पशुयोनिमा जन्म लिएर बोधिसत्त्वले कठोर दु:ख सहेर पनि काषायवस्त्रको प्रतिष्ठा गरेका थिए भने, परिपक्व ज्ञान भएका मानिस भएर काश्यप भगवान्‌का साथ यस्तो व्यवहार किन गरियो, जो अर्हत् सम्यक्सम्बुद्ध, दशबल, लोकनायक तथा प्रतापी थिए, जसको चारैतर्फ व्यामभरि दिव्य तेज फैली रहन्थ्यो, जो मानिसमा श्रेष्ठ थिए र जसले बनारसी सुन्दर चीवर धारण गर्नुभएको थियो । यो पनि एउटा दुविधायुक्त … ।"

१२. "महाराज ! भगवान्‌ले छद्दन्त नामको गजराजका विषयमा ठीक भन्नुभयो –

१५६. छद्दन्त जातक नं. ५१४ ।

१५७. घटिकार-सूत्र, म. नि. पृ. ५०३ ।



Downloaded from http://www.dhamma.digital

'यसलाई मार्छु !' यस्तो सोच्दा उनले काषाय वस्त्र देखे जो ऋषिहरूको ध्वजा हो । बडो मुस्किलले उनको मनमा यो कुरो आयो कि साधु, शीलवान्, अर्हत्हरू हत्या गर्न योग्य छैनन् ।' र, उहाँले यो पनि ठीक भन्नुभएको हो कि – जोतिपाल माणवक भएर उसले अर्हत् सम्यक्सम्बुद्ध भगवान् कश्यपलाई चण्डाल, मुण्डक, ढोंगी इत्यादि अनुचित र रूखो शब्दहरूले चिढचाएर अपमानित गरेका थिए । महाराज ! जोतिपाल जुन कुलमा जन्मेका थिए, त्यस कुलमा श्रद्धा वा धर्मप्रति कुनै झुकाउ थिएन । उनका आमा-बाबु, भाइ-बहिनी, धाईआमा नोकर, कामदार र परिवारका सबै सदस्यहरू ब्रह्माका उपासक थिए, ब्रह्माको पूजा गर्दथे । ब्रह्मा नै सबैभन्दा श्रेष्ठ र उत्तम छन् भन्ने मानेर अन्य साधुहरूलाई नीच र घृणित सम्झन्थे । उनीहरूका कुरा बारबार सुनिरहनाले भगवान् काश्यपलाई भेट्नका लागि घटीकार नामक कुम्हालेले डाक्दा जोतिपालले भने – त्यस्ता चण्डाल, मुण्डक श्रमणहरूलाई देख्नाले के लाभ ?"

"महाराज ! जसरी अमृतमा विष मिलाउँदा तीतो हुन्छ, चिसो पानी आगोमा बसाउँदा उम्लन्छ; यसरी नै, जोतिपाल माणवक जुन कुलमा जन्मेका थिए, त्यहाँ श्रद्धा या धर्मप्रति कुनै प्रकारको झुकाउ थिएन । त्यसकारण उनले आफ्नो कुलको विचारमा परेर, मानौं अन्धो भएर, तथागतप्रति निन्दा र अपमानका शब्द बोलेका थिए । महाराज ! एकदमै बल्दै गरेको आगोको ज्वालामा पानी हालेमा त्यो निभ्छ; त्यसको सबै तेज (चमक) हराउँछ; शान्त हुन्छ; र पाकेको निर्गुण्डि फलझैं, कालो कोइलाको थुप्रो हुन्छ । महाराज ! यसरी नै, जोतिपाल माणवक पुण्यवान् श्रद्धालु र एकदमै ज्ञानी भएर पनि उनले श्रद्धा र धर्मरहित कुलमा जन्म लिएकाले र सोही कुलको विचारमा परेर अन्धोजस्तो भएर तथागतप्रति निन्दा र अपमानका शब्द बोलेका थिए । तर जब उनले बुद्धको गुण बुझे पछि उनी उहाँकै क्रीत-दासजस्तै भए । बुद्धशासनमा प्रव्रजित भएर उनले अभिज्ञा र समापत्तिहरू प्राप्त गरेर मरेपछि सीधै ब्रह्मलोक गए ।"

"साधु भन्ते नागसेन ! तपाईं जस्तो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ७. घटीकार विषयमा प्रश्न

१३. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'घटीकार कुम्हालेको घरमा पूरा तीन महिनासम्म छानारहित बसे, तर पानी परेन ।'[१५८] "साथै, यसो पनि भनिएको छ – 'काश्यप तथागतको कुटीमा वृष्टि भएको थियो ।' भन्ते नागसेन ! यो कस्तो कुरो हो कि बुद्धजस्ता पुण्य कुशलले युक्त तथागतको कुटीमा वृष्टि भएको थियो ? तथागतको तेज पनि त्यस्तै हुनुपर्ने थियो । (क) भन्ते नागसेन ! यदि घटीकार कुम्हालेको घरमा पूरा तीन महिनासम्म छानारहित बसे, तर पानी परेन भन्ने कुरा सत्य हो भने यो कुरो झूटो ठहरिन्छ कि काश्यप तथागतको कुटीमा वृष्टि भएको थियो । (ख) फेरि, यदि काश्यप तथागतको कुटीमा वृष्टि भएको थियो भने यो कुरो झूटो ठहरिन्छ कि घटीकार कुम्हालेको घरमा पूरा तीन महिनासम्म छाना बेगर बसे, तर पानी परेन । यो पनि एउटा दुविधायुक्त प्रश्न ... ।"

१४. "महाराज ! भगवान्ले यो ठीक भन्नुभएको छ – घटीकार कुम्हालेको घरमा पूरा तीन महिनासम्म छानारहित बसे, तर पानी परेन । यो पनि सत्य हो कि काश्यप तथागतको कुटीमा वृष्टि भएको थियो । महाराज ! घटीकार कुम्हाले शीलवान, कल्याणधर्मी पुण्यवान् थिए । उनले आफ्ना बूढा र अन्धा आमा-बाबुको पालन-पोषण गरिरहेका थिए । उनी कतै टाढा जाँदा उनलाई नसोधी मानिसहरूले

१५८. घटिकार-सुत्त, म. नि.(नेपाली) पृ.५०३ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

उनको खरको छाना झिकेर बुद्धको कुटीमा छाएका थिए । छानालाई त्यसरी लगे पनि उनको हृदयमा कुनै दुःख या क्षोभ भएन । उल्टै उनमा बडो प्रीति उत्पन्न भएको थियो । अत्यन्त आनन्दित भएर उनको मनमा यो कुरो आयो – 'अहो ! लोकमा उत्तम भगवान् मप्रति प्रसन्न रहनुभयो । दृष्ट धर्म फल उनलाई प्राप्त भयो । महाराज ! बुद्ध त्यति कुरोले चञ्चल (उद्विग्न) हुनुहुन्न ।"

"महाराज ! जसरी पर्वतराज सुमेरु जस्तै भीषण आँधी आउँदा पनि हल्लन्न । अनगिन्ती ठूलठूला खोला, नदी महासागर न पानी भरिएर पोखिन्छ न तिनमा बाढी नै आउँछ । महाराज ! यसरी बुद्ध त्यति कुराले चञ्चल हुनुहुन्न ।"

"तथागतको हृदयमा संसारका व्यक्तिहरूप्रति जो अनुकम्पा थियो, त्यसै कारण उनको कुटीमा वृष्टि भएको थियो । महाराज ! दुई कुरालाई ध्यानमा राखेर आफ्नो योगबलले कुनै चीजलाई उत्पन्न गरेर तथागतले त्यसलाई प्रयोगमा ल्याउँदैनन् । कुनचाहीं दुई कुरा ? (१) देवता र मानिस बुद्धकालागि आवश्यक वस्तुहरू दान गरेर त्यस पुण्यले गर्दा आवागमनको दुःखमय जंजालबाट छुट्नेछन् र (२) कतै अन्य व्यक्तिहरूले आलोचना नगर्न थालून् कि ऋद्धिबलको सहाराले उनीहरू आफ्नो जीविका चलाउँछन् । यी दुई कुरा ध्यानमा राखेर बुद्ध आफ्नो योग-बलले कुनै चीजलाई उत्पन्न गरेर त्यसलाई उपयोगमा ल्याउनुहुन्न । महाराज ! यदि देवेन्द्र या स्वयं ब्रह्माले उहाँको कुटीमा वृष्टि हुन नदिएको भए यो पनि झनै अनुचित र निन्दनीय हुँदोहो । त्यसो भएको भए मानिसहरूले यसो भन्न सक्छन् – 'यस्ता बुद्धहरू आफ्नो माया फैलाएर संसारलाई मोहित पार्छन्, र आफ्नो वशमा गर्दछन् ।' त्यसैले, उहाँले केही गर्न उचित ठान्नु भएन । महाराज ! तथागतहरू आफ्ना लागि कुनै वस्तु कहिल्यै माग्नु हुन्न । यसैले गर्दा उहाँमाथि कसैले पनि दोषारोपण गर्न सक्दैन ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ८. ब्राह्मण र राजवाद विषयमा प्रश्न

Dhamma.Digital

१५. "भन्ते नागसेन ! तथागतले यसो भन्नुभएको छ – 'भिक्षु हो ! म आत्म-यज्ञ गर्ने ब्राह्मण हुँ ।' फेरि यो पनि भन्नुभएको छ – 'शैल ! म राजा हू ।"[१५९] (क) भन्ते ! यदि भगवान्ले यो ठीक भन्नुभएको हो कि – 'भिक्षु हो ! म आत्म-यज्ञ गर्ने ब्राह्मण हुँ' भन्ने कुरो सत्य हो भने, 'शैल ! म राजा हुँ' भनी भन्नुभएको कुरो असत्य हुन्छ । (ख) र, यदि तथागतले 'शैल ! म राजा हुँ' भनी भन्नुभएको कुरो सत्य हो भने, आत्म-यज्ञ गर्ने ब्राह्मणको कुरो असत्य हुन्छ । उहाँ क्षत्रिय वा ब्राह्मण एउटै जन्ममा दुइटै कुल हुन सक्दैन । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ।"

१६. "महाराज ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! म आत्म-यज्ञ गर्ने ब्राह्मण हुँ ।' फेरि यसो पनि भन्नुभएको छ – 'शैल ! म राजा हुँ ।' यहाँ कारण छ, जुन कारणले गर्दा तथागत बुद्ध ब्राह्मण र क्षत्रिय दुवै हुनुभयो ।"

१७. "भन्ते नागसेन ! त्यो कुनचाहिँ कारण हो, जसले गर्दा तथागत ब्राह्मण र क्षत्रिय दुवै हुनुभयो ?"

---

१५९. सेलसूत्र, म. नि. (नेपाली) पृ. ५८३ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! जति पनि पाप र अकुशलहरू छन्, ती सबै प्रहीण भइसकेका हुन्छन् नष्ट भइसकेका हुन्छन्, टाढा गइसकेका हुन्छन्, काटिएका हुन्छन्, क्षीण भइसकेको हुन्छन्, बन्द भइसकेका हुन्छन्, शान्त भई सकेका हुन्छन् । त्यसैले तथागतलाई ब्राह्मण भनी भनेको हो । ब्राह्मण त्यसैलाई भनिन्छ जसले आफ्ना संशयहरूलाई हटाएको छ, भ्रमलाई टाढा राखेको छ । भगवान् पनि संशयहरूलाई हटाइसकेको र भ्रमलाई टाढा राखिसकेको हुनुहुन्छ । त्यसैले उहाँलाई ब्राह्मण भनिएको हो ।"

"महाराज ! ब्राह्मण त्यसैलाई भनिन्छ, जसको तृष्णा मेटिएको छ, जो आवगमनदेखी छुटिसकेको छ, जसले फेरि जन्म ग्रहण गर्दैनन् जसले खराब विचार र रागलाई नष्ट गरेर ऊ एकदमै शुद्ध भइसकेको छ र जो बेगर अरू कसैको भरोसा नगरी आफूमै निर्भर रहन्छ । बुद्ध वास्तवमा यस्तै हुनुहुन्छ – यसैले उहाँलाई ब्राह्मण भनिन्छ ।"

महाराज ! ब्राह्मण त्यसैलाई भनिन्छ, जो उच्च अग्र (श्रेष्ठ), प्रवर (सुन्दर) र दैवी भावनाहरूमा विचरण गर्दछ । बुद्ध वास्तवमा यस्तै हुनुहुन्छ – त्यसैले उहाँलाई 'ब्राह्मण' भनिन्छ ।"

"महाराज ! ब्राह्मण उसैलाई भनिन्छ जो स्वयं अध्ययन अध्यापन गर्छ, दान प्रतिग्रहण गर्दछ, आफ्ना इन्द्रियहरूलाई वशमा ल्याउछ, आत्मसंयम गर्दछ, कर्तव्यपरायण रहन्छ र जस्ले राम्रो वंशको परम्परालाई कायम राख्दछ । बुद्ध साँचै यस्तै हुन् । त्यसैले उहाँलाई 'ब्राह्मण' भनिन्छ ।"

"महाराज ! ब्राह्मण उसैलाई भनिन्छ, जो ब्रह्म सुख विहार (समाधिको एक अवस्था)मा संलग्न रहन्छ । बुद्ध वास्तवमा यस्तै हुन् । त्यसैले उहाँलाई 'ब्राह्मण' भनिन्छ ।"

"महाराज ! ब्राह्मण उसैलाई भनिन्छ जसले आफ्नो भवाभव गति (पूर्व जन्महरूका कुरा) लाई पूरापूर जान्दछ । बुद्ध साँचै यस्तै हुन् । त्यसैले उहाँलाई 'ब्राह्मण' भनिन्छ ।"

"महाराज ! भगवान्लाई 'ब्राह्मण' भन्ने नाम न त आमाले दिएका थिए, न बुबाले, न दाजु-भाइ, न दिदी-बहिनी, न मित्र, न साथीहरूले, न आफ्तहरूले, न श्रमण वा ब्राह्मणहरूले र न देवताहरूले नै । विमोक्ष पाउनाले नै उसलाई यो नाम दिइन्छ । बोधिवृक्ष मन्तिर मार-सेनालाइ पराजित गरेर, तीनै कालको (अतीत, अनागत, वर्तमान) अकुशललाई प्रहीण गरी, सर्वज्ञ-ज्ञान प्राप्त गर्नुभएकोले नै उहाँको नाम ब्राह्मण रहन गएको थियो ।"

"भन्ते नागसेन ! के कारणले तथागतलाई 'राजा' भनिएको हो ?" "महाराज ! 'राजा' उसैलाई भनिन्छ, जसले शासन गर्छ र लोकलाई अनुशासित गर्छ । महाराज ! तथागतले पनि दस हजार लोकधातुहरूसम्म धर्मपूर्वक शासन गर्नुहुन्छ । देव, मार, ब्रह्मा, श्रमण र ब्राह्मणसहित साथमा सारा लोकलाई अनुशासित गराइरहनुहुन्छ । त्यसैले तथागतलाई 'राजा' भनेको हो ।"

१८ "महाराज ! 'राजा' उसैलाई भनिन्छ जसले सबै जनालाई आफ्नो वशमा राख्छ, आफ्ना मित्र र आफ्तहरूलाई राजीखुशी तुल्याइंराख्दछ, शत्रुहरूलाई सताउँछ, जसको नाम र यश धेरै फैलिएको छ, जो एकदमै बलसम्पन्न छ र जो आफ्नो निर्मल सेतोछातालाई उच्च पार्छ । महाराज ! भगवान् पनि दुष्ट मार-सेनाहरूलाई सताएर देव र मनुष्यहरूलाई आनन्दित तुल्याउँछन्, दस हजार लोकहरूमा आफ्नो महान् यशलाई फैलाउँछन्, क्षान्ति-बलले दृढ रहन्छन्, सबै ज्ञानले युक्त हुन्छन्, सेतो निर्मल र श्रेष्ठ विमुक्तिरूपी सेतो छातालाई माथि उच्च पार्छ । त्यसैले तथागतलाई 'राजा' भनेको हो ।"

"महाराज ! 'राजा' उसैलाई भनिन्छ, जो भेट गर्न आएका धेरै जनाहरूको वन्दनीय हुन्छ । महाराज ! भगवान् पनि देवसहित सामु आउने सबै मानिसहरूको वन्दनीय हुन्छन् । त्यसैले तथागतलाई 'राजा' भनेको हो ।"



Downloaded from http://www.dhamma.digital

"महाराज ! 'राजा' उसैलाई भनिन्छ जसले प्रसन्न गराइदिनेलाई पुरस्कार (वर) दिएर सन्तुष्ट गरिदिन्छ । महाराज ! भगवान् पनि मन, वचन र कर्मले प्रसन्न गर्नेहरूलाई दुःखबाट मुक्त गरिदिने निर्वाण-फल दिनुहुन्छ, जो संसारका सबै वरहरूमध्ये श्रेष्ठ हो । त्यसैले राजाले न्यायका विरुद्ध आचरण गर्नेहरूलाई गाली गर्छ, जरीमाना गर्छ र अरू पनि अनेक प्रकारको दण्ड दिन्छ । महाराज ! त्यसरी नै, भगवान्ले पनि निर्लज्ज र असन्तुष्ट भएर बुद्धको प्रज्ञप्त शासनका विरुद्ध आचरण गर्दछन् त्यसलाई निन्दित गर्दछन्, अपमानित गर्दछन् र शासनबाट पनि बाहिर निकालिदिनुहुन्छ । त्यसैले तथागतलाई 'राजा' भनेको हो ।"

"महाराज ! 'राजा' उसैलाई भनिन्छ जो पूर्वकालदेखि धार्मिक राजाहरूले बताएको न्याय र नियमहरूलाई लागू गर्दछ, धर्मपूर्वक शासन गरेर मानिसहरूको निकै प्रिय होस्, तथा धर्मगुण बलले आफ्नो वंशलाई चिरकालसम्म गद्दीमा कायम राख्छ । महाराज ! यसरी नै, भगवान्ले पनि पूर्व-बुद्धहरूले बताएको न्याय र नियमहरूलाई लागू गर्दछन् लोकलाई धर्मानुशासन गर्छन्, देव र मनुष्यहरूका प्रिय हुन्छन् तथा आफ्नो धर्म-गुण बलले शासनलाई चिरकालसम्म कायम राख्दछन् । त्यसैले तथागतलाई 'राजा' भनेको हो ।"

"महाराज ! यस्ता अनेक उदाहरणहरू छन्, जुन कारणले तथागत ब्राह्मण र राजा दुवै हुनुभयो । यस्ता कारणहरूको गन्ती चतुरभन्दा चतुर भिक्षुले एककल्प सम्ममा पनि वर्णन गर्न सक्दैन । त्यसकारण, मैले धेरै भन्नु के लाभ ! मैले जे सङ्क्षेपमा भनेको छु, त्यसैबाट तपाईं बुझ्नुहोस् ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ९. धर्मोपदेशान्तर भोजन विषयमा प्रश्न

१९. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – आजीवपरिशुद्धिको दृष्टिले हेर्दा यसमा धर्मता छैन । गाथा गाएर पाएको भोजनलाई बुद्धले स्वीकार गर्दैनन् । ब्राह्मण आजीवपरिशुद्धि छउञ्जेल यस्तै वृत्ति कायमरहने छ ।[१६०] फेरि पनि, व्यक्तिहरूलाई धर्मोपदेशको भूमिकामा भगवान्ले सर्वप्रथम दानबारे धेरै-धेरै प्रशंसा गर्नुहुन्थ्यो र त्यसपछि शील आदिका विषयमा केही भन्नुहुन्थ्यो । सर्वलोकेश्वर उहाँ भगवान्को उपदेश सुनेर, देवता र मानिस, सबैले दान दिन्थे । उहाँको लागि ल्याएको दान भिक्षुहरूले ग्रहण गर्दथे । (क) भन्ते नागसेन ! यदि भगवान्ले यथार्थ भन्नुभएको – 'ब्राह्मण ! गाथा गाएर पाएको भोजन मेरा निम्ति अभोज्य छ, ··· ' भन्ने कुरा सत्य हो भने, यो कुरा झूटो ठहरिन्छ कि धर्मोपदेश गरेको समयमा भगवान्ले सर्वप्रथम दानको प्रशंसा गर्नुहुन्थ्यो । (ख) र यदि वास्तबमा धर्मोपदेश गरेको समयमा भगवान्ले सर्वप्रथम दानको प्रशंसा गर्नुहुन्थ्यो भने उहाँले भन्नुभएको 'ब्राह्मण ! गाथा गाएर पाएको भोजन मेरा निम्ति अभोज्य छ, ··· ।' भन्ने कुरा असत्य हुन्छ । त्यो कसरी भन्ते ! जो यथार्थमा दक्षिणेय (दानको पात्र) छ, यदि उहाँले गृहस्थहरूका सामु दानको प्रशंसा गर्नु भएमा उहाँको उपदेशले श्रद्धामा आएर अरू पनि धेरै दान दिन्छ । जसले त्यस दानलाई ग्रहण गर्छन् ती सबै धर्मोपदेश गर्नुको कारण हो भनेर भनिन्छ । यो पनि एउटा दुविधायुक्त प्रश्न ··· ।"

---

१६०. खु. नि. सुत्तनिपात, कसिभारद्वाज-सुत्त पृ २८२ अथवा संयुत्तनिकाय (नेपालभाषा) पृ. १९२ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

२०. "महाराज ! भगवान्ले भन्नुभएको – 'ब्राह्मण ! गाथा गाएर पाएको भोजन ।' फेरि भगवान्ले धर्मानुकूल सर्वप्रथम दानकै कुरा भन्नुभएको कुरो ठीक हो । सबै तथागतहरूको यस्तो परम्परा छ – दानको प्रशंसाले पहिले उनीहरूको चित्त आकृष्ट गरेपछि शीलपालनको उपदेश दिनुहुन्थ्यो । महाराज ! जसरी साना बच्चाहरूलाई पहिले मानिसहरूले खेलौना दिन्छन्, जस्तै वङ्कक (खेलौना हलो), घटिक (पाँग्रो), चिङ्गुलक (पंखा), पत्ताल्हकन (डन्डीबियो), खेल्ने रथ, धनुष-बाण इत्यादि । त्यसपछि उनीहरूलाई आफ्नो जे इच्छा छ गराईन्छ । महाराज ! यसरी तथागतले दानको प्रशंसा गर्दै पहिले उनीहरूको चित्तलाई आकृष्ट गर्नु हुन्थ्यो, पछि शीलपालनको उपदेश दिनुहुन्थ्यो ।"

"महाराज ! जस्तै – वैद्यले रोगीलाई पहिले चार-पाँच दिनसम्म तेल पिउन लगाउँछ । जसले गर्दा उसको शरीर चिल्लो र नरम हुन्छ । त्यसबाट ऊ केही बलियो भएर आउँछ । पछि विरेचन दिइन्छ । महाराज ! दान गर्ने दाताहरूको चित्त एकदमै कमलो र नरम हुन्छ । उनीहरू दानरूपी पुल या डुङ्गामा चढेर संसारसागरको पारिजान्छन् । यसै कारण, भगवान्ले पहिले उनीहरूलाई आफ्नो कर्मभूमिको उपदेश दिनुहुन्छ । यसको अर्थ यो होइन कि उहाँले उनीहरूसित विञ्ञति गरी अप्रत्यक्ष वा प्रत्यक्ष माग्नुहुन्थ्यो ।

२१."भन्ते नागसेन ! तपाईंले विञ्ञति (विज्ञप्ति) भनी भन्नुभयो । विञ्ञति कति प्रकारका हुन्छन् ?"

"महाराज ! विञ्ञति दुई प्रकारका हुन्छन् – (१) काय विञ्ञति र (२) वची विञ्ञति । काय विञ्ञति पनि दुई प्रकारका छन् – (१) राम्रो र (२) नराम्रो । त्यस्तै, वची विञ्ञति पनि दुई प्रकारका छन् (१) राम्रो र (२) नराम्रो ।"

"कुन काय विञ्ञति नराम्रो हुन्छ ? कुनै भिक्षु गृहस्थको घरमा गएर अनुचित स्थानमा उभिइन्छ । यो ठीक नभएको काय विञ्ञति हो । आर्यहरूले यस्तो कहिल्यै गर्दैनन् । जो व्यक्तिले यस्तो गर्छ, बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (क)

"महाराज ! फेरि कुनै भिक्षु भिक्षाटनका लागि निस्केर कुनै गृहस्थको ढोकामा अनुचित स्थानमा उभिएर मयूरजस्तो गर्दन लामो पारी यताउता ताक्छ जसले गर्दा मानिसहरूले उसलाई देखोस् र आएर भिक्षा देओस् । यो पनि नराम्रो काय विञ्ञति हो । आर्यहरूले यस्तो कहिल्यै गर्दैनन् । जसले त्यस्तो गर्छ ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (ख)

"महाराज ! फेरि कुनै भिक्षु टाउको हल्लाएर, आँखीभौं चलाएर या औंलाको इसाराले विञ्ञति गर्छ (भिक्षा माग्छ) । यो पनि नराम्रो काय विञ्ञति हो । आर्यहरूले यस्तो कहिल्यै गर्दैनन् । जसले त्यसो गर्छ, ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (ग)

"कुनचाहिँ काय विञ्ञति राम्रो (दोष नभएको) हो ? यहाँ कुनै भिक्षु भिक्षाटनका लागि निस्केर कुनै गृहस्थको ढोकामा उचित स्थानमा उभिइन्छ, सावधान शान्त र सतर्क रहन्छ । यदि कोही केही दिन चाहन्छ भने उभिन्छ, होइन भने अगाड़ि बढ्छ । यो राम्रो काय विञ्ञति हो । यसरी नै, अर्हत्हरूले पनि गर्नुहुन्छ पुद्गल भए पनि यसरी ··· ऊ बुद्धशासनमा प्रशंसित, असल, उच्च र उचित छ भनेर जानिन्छ । ऊ परिशुद्ध जीविका गर्ने भनी जानिन्छ । महाराज ! देवातिदेव भगवान् बुद्धले भन्नुभएको छ –



Downloaded from http://www.dhamma.digital

**'न वे याचन्ति अप्पञ्ञा, अरिया गरहन्ति याचनं ।**
**उद्दिस्स अरिया तिट्ठन्ति, एसा अरियान याचना'ति ॥'**

**'ज्ञानी व्यक्तिले माग्दैनन् , आर्यजनहरू माग्ने कार्यमा निन्दा गर्दछन् । आर्य व्यक्तिहरू भिक्षाका लागि चुपचाप उभिइन्छन् । यही नै उनीहरूको माग्ने तरिका हो ।'**

"कुनचाहिँ वची विञ्ञति नराम्रो (दोष भएको) हो ? महाराज ! यहाँ कोही भिक्षुले वचनद्वारा नाना प्रकारले विञ्ञति गर्छ – चीवर, पिण्डपात, शयनासन या ग्लानप्रत्यय चाहियो । यसरी माग्नु नराम्रो विञ्ञति हो । आर्यहरू यसो कहिल्यै गर्दैनन् । जुन मानिसले यसो गर्छ, ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ । (क)

"महाराज ! कोही भिक्षु अरूहरूलाई सुनाएर भन्दछ – 'मलाई फलानो वस्तु (चीज) चाहियो । यसरी अरूबाट केही माग्दा ऊ लोभी ठहरिन्छ । यसरी माग्नु पनि नराम्रो वची विञ्ञति हो । आर्यहरू यस्तो कहिल्यै गर्दैनन् । जुन व्यक्तिले यसो गर्छ, ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (ख)

"महाराज ! फेरि कोही भिक्षु वचनद्वारा परिषद्लाई सुनाएर भन्छ कि – 'यस्ता-यस्ता भिक्षुहरूलाई दान दिनुपर्छ ।' यस्ता कुरा सुनेर व्यक्तिहरूले दान दिन्छन् । यो पनि नराम्रो वची विञ्ञति हो । आर्यहरू यस्तो कहिल्यै गर्दैनन् । जसले यसो गर्छ ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको ठहरिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (ग)

"महाराज ! एकपल्ट सारिपुत्र महास्थविर सूर्यास्तपछि रातमा बीमार पर्नुभयो । त्यसपछि महामौद्गल्यायन महास्थविरले औषधी सोद्धा सारिपुत्रले भन्नुभएको औषधी ल्याई दिनुभयो । त्यस बेला त्यो औषधी ल्याइयो । तर पछि स्थविर सारिपुत्रलाई होस आयो, 'अरे ! मैले मागेर यो औषधी लिएँ । यो गलत कुरो हो । यसो गर्दा मेरो जीविका मिथ्या हुन्छ ।' त्यसपछि उहाँले त्यो औषधी खानु भएन । यो पनि नराम्रो वची विञ्ञति हो । आर्यहरू यसो कहिल्यै गर्दैनन् । जसले यसो गर्छ ऊ बुद्धशासनमा निन्दित, गलत, पतित र अनुचित भएको बुझिन्छ । ऊ मिथ्याजीविका गर्ने भनेर जानिन्छ ।" (घ)

"कुनचाहिँ वची विञ्ञति राम्रो (दोष नभएको) हो ? महाराज ! यहाँ कुनै भिक्षुको आवश्यक परेमा आफ्ना आफ्न्त मित्रहरूलाई या वर्षावासका लागि जुन व्यक्तिहरूले निमन्त्रणा दिएका छन्, उनीहरूलाई सूचित गरिन्छ । यो दोष नभएको राम्रो वची विञ्ञति हो । यो आर्यहरूले परिभोग गर्ने विञ्ञति हो । जसले यसो गर्दछ ऊ बुद्धशासनमा प्रशंसित, असल, उच्च र उचित छ भनेर जानिन्छ । ऊ परिशुद्ध जीविका गर्ने भनी जानिन्छ । भगवान् अर्हत् सम्यक्सम्बुद्धले पनि यसको अनुमति दिनुभएको छ ।"

"महाराज ! कसीभारद्वाज नामका ब्राह्मणको निमन्त्रणालाई तथागतले अस्वीकार गर्नुभएको थियो; किनकि कसीभारद्वाजले उनलाई दोष दिएर अनावश्यक व्यंग्य हानि, निग्रह गरी गाली गर्न चाहेका थिए । यसै कारण तथागतले त्यस भोजनलाई अस्वीकार गर्नुभयो ।"



Downloaded from http://www.dhamma.digital

२२. "भन्ते नागसेन ! भोजनमा देवताहरूले के सधैं दिव्य ओज भरिदिन्थे वा केवल सूकरमद्दव[१६१] र मधुपायस[१६२] यी दुवै भोजनमा मात्र ?"

२३. "महाराज ! सधैं भगवान्ले हरेक गाँस उठाउँदा देवताहरूले त्यसमा दिव्य ओज भरि दिन्थे ।"

"महाराज ! जस्तो कि राजाको मान्छेले हरेक गाँस उठाउँदा सूप दिँदै जान्छ; यसरी नै, भोजन गर्ने बेलामा हरेक गाँस उठाउँदा देवताहरूले त्यसमा दिव्य ओज भरिदिन्थे । महाराज ! वेरञ्जनामा पनि सुख्खा जौको खाना खाँदाको समयमा पनि देवताहरूले दिव्य ओजले घरिघरि भिजाएका थिए; जसले गर्दा तथागतको शरीर पुष्ट भइरह्यो ।"

"भन्ते नागसेन ! धन्य छन् ती देवताहरू, जो तथागतको सेवा गर्न पाएर लाभान्वित भए । उनीहरू जहिले पनि, जहाँ पनि तैयार रहन्थे ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## १०. धर्मदेशनामा भगवान्को अल्प उत्सुकका विषयमा प्रश्न

२४. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ – बुद्धले चार असंख्य एक लाख कल्पदेखि संसारको उद्धारका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञानलाई बढाउँदै अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ हुनुभयो । तर सर्वज्ञता प्राप्त गरेपछि धर्मोपदेश गर्नका लागि होइन; बरु शान्त रहनको लागि उहाँलाई इच्छा हुन थाल्यो ।"[१६३]

"भन्ते नागसेन ! जस्तै – कुनै धनुर्धर वा उनको शिष्य महायुद्धमा जानका लागि धेरै दिनसम्म धनुबाण चलाउन सिकेर तयार भए तर ठीक मौकामा लडाइँ गर्ने बेलामा दुवै जना लडाइँबाट पछि हटे । भन्ते नागसेन ! त्यस्तै, तथागत पनि चार असंख्य एक लाख कल्पदेखि संसारको उद्धारका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञान बढाउदै अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ भएपछि धर्मदेशना गर्नबाट विरत हुनुभयो ।"

"भन्ते नागसेन ! जस्तै – कुनै मल्ल र उसको शिष्य धेरै दिनदेखि कुस्तीको सबै दाउपेच सिकेर तयार भए, तर जुन दिन मल्लयुद्धको बाजी लाग्यो, त्यस दिन उपस्थित भएनन्; भन्ते नागसेन ! त्यसरी नै, बुद्ध पनि चार असंख्य एक लाख कल्पदेखि संसारको उद्धारका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञान बढाउँदै अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ भएपछि धर्मदेशना गर्नमा उत्सुक हुनुभएन ।"

"भन्ते नागसेन ! तथागत कसैको भयबाट पन्छिनुभएको हो अथवा सम्झाउन नसकेर वा आफ्नो असमर्थताले वा यथार्थमा सर्वज्ञता प्राप्त नगर्नाले वा के कारण थियो ? कृपया मलाई सम्झाएर मेरो शङ्कालाई मेटिदिनुस् ? (क) भन्ते नागसेन ! यदि यो कुरो सत्य हो कि 'तथागतले चार असंख्य एक

---

१६१. चुन्दले दिएको भोजन, जुन भोजन खाएर भगवान्ले परिनिर्वाण प्राप्त गर्नु भएको थियो । सूकरमद्दव भनेको के हो भन्ने कुरा को निमित्त दीघनिकाय (नेपाली) को पादटिप्पणीको पृ.८६४ हेर्नुहोला ।

१६२. मधुपायस (दूधको खीर) , महावग्ग ......। यस भोजनलाई खाएर सिद्धार्थले बुद्धत्व प्राप्त गर्नुभएको थियो ।

१६३. म. नि. (नेपाली) पृ.१५७ को पारा. १६ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

लाख कल्पसम्म संसारको उद्धारका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञानलाई बढ़ाएर अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ हुनुभयो' भने यो कुरो झूटो ठहरिन्छ कि 'सर्वज्ञता प्राप्त गरेर धर्मोपदेश गर्नका लागि होइन; शान्त रहनका लागि उहाँको इच्छा भयो' (ख) र यदि यो कुरो ठीक हो कि 'सर्वज्ञता प्राप्त गरेपछि धर्मोपदेश गर्नका लागि नभई शान्त रहने इच्छा जाग्रत भयो' भने यो कुरो झूटो ठहरिन्छ कि 'बुद्धले चार असंख्य एक लाख कल्पदेखि संसारको उद्धारका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञान बढाउँदै अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ हुनुभयो', यो पनि एक दुविधायुक्त प्रश्न … ।"

२५. "महाराज ! दुवै कुरा ठीक हो । बुद्धले यथार्थमा चार असंख्य एक लाखकल्प सम्म संसारको उद्धरका लागि बिस्तारै-बिस्तारै आफ्नो ज्ञानलाई बढ़ाएर अन्तमा बुद्धत्व प्राप्त गरेर सर्वज्ञ हुनुभयो ।' तर सर्वज्ञता प्राप्त गरेपछि यथार्थमा धर्मोपदेश नगरेर केवल शान्त रहने उहाँको इच्छा हुन लाग्यो । यस्तो इच्छा हुनुको कारण यो थियो कि पहिले त उहाँले धर्मलाई यति गम्भीर, सूक्ष्म, दुर्ज्ञेय (बुझ्नै गाह्रो) र दुर्बोध छ र अर्को, संसारका व्यक्तिहरूलाई कामवासनामा अत्यन्तै लिप्त देख्नुभयो तथा झूटो सत्काय दृष्टिमा कस्सिएर बाँधिएको पाउनुभयो । सो देखेपछि उहाँको मनमा वितर्क हुन लाग्यो – 'कसलाई म सिकाऊँ ? कसरी म सिकाऊँ ?' ती मानिसहरूको अल्पसामर्थ्य देख्न थाल्नुभयो ।"

"महाराज ! जस्तै कुनै वैद्य या चिकित्सक अनेक रोगहरूले पीड़ित कुनै रोगीका सामु गएर विचार गर्दछन् – 'कुन उपचारले, कुन औषधीले यसको रोग निको हुन्छ ?' त्यसरी नै, पहिले त तथागतले धर्म यति गम्भीर देख्नुभयो र दोस्रो – संसारको मानिसहरूलाई कामवासनाहरूमा अत्यन्त लिप्त देख्नुभयो तथा सत्काय दृष्टिले कस्सिएर बाँधिएको पाउनुभयो । सो देखेपछि उहाँको मनमा विचार उठ्न थाल्यो – 'कसलाई म सिकाऊँ ? कसरी म सिकाऊँ ?' ती मानिसहरूको आल्पसामर्थ्य देख्न थाल्नुभयो ।"

"महाराज ! जस्तै, कुनै क्षत्रिय राजगद्दी पाएर आफ्नो द्वारपाल, अङ्गरक्षक, सभासद्, नागरिक, सिपाही, सेना, कोष अधिकारी र मातहतमा रहेका राजाहरूलाई अन्य मानिसहरूलाई देखेर राजाले विचार गर्दछन् – 'कसरी, कुन प्रकारले यसको सञ्चालन गरुँ ?' महाराज ! त्यसरी नै, पहिले त तथागतले धर्मलाई यति गम्भीर देख्नुभयो र अर्कोतिर संसारका व्यक्तिहरूलाई कामवासनामा लिप्त देख्नुभयो तथा सत्काय-दृष्टिले आबद्ध देख्नुभयो । सो देखेपछि उहाँको मनमा यो वितर्क हुन लाग्यो – 'कसलाई म सिकाऊँ ? कुन प्रकारले सिकाऊँ ?' ती मानिसहरूको अल्पसामर्थ्य देख्न थाल्नुभयो ।"

"महाराज ! अनी सबै तथागतहरूको यही परम्परा छ कि ब्रह्माद्वारा प्रार्थना गरिएपछि मात्र धर्मोपदेश गर्नुहुन्छ । यसको के कारण हो ? यसको कारण यो हो कि सबै त्यस समयमा मानिसहरू तपस्वी, परिव्राजक, श्रमण र ब्राह्मण-ब्रह्मोपासक हुन्थे, ब्रह्मालाई नै मान्थे, ब्रह्माकै पूजा गर्दथे । त्यस बलवान्, यशस्वी, विख्यात, ज्ञानी, अलौकिक र सबैभन्दा अग्र ब्रह्मा स्वयं झुक्नाले देवतासहित सबै लोक झुक्छ, धर्मलाई मान्दछ र ग्रहण गर्दछ । महाराज ! यही कारणले हो कि सबै तथागत ब्रह्माद्वारा प्रार्थना गरेपछि मात्र धर्मोपदेश गर्नुहुन्छ ।"

"महाराज ! जस्तै, कुनै राजा वा राजमन्त्री कुनै मानिसको धेरै सत्कार गर्दछ । उसले यसो गरेपछि प्रजा पनि उसको सम्मानमा लाग्दछ । महाराज ! यसरी बुद्धका सामु ब्रह्मा झुक्नाले देवताहरूका साथ सारा लोक झुक्दछ । जसको पूजा हुन्छ, उसको पूजा संसारले गर्दछ । यसै कारणले ब्रह्मा स्वयं सबै तथागतहरूबाट धर्मोपदेशका लागि प्रार्थना गर्दछन् । यसरी, ब्रह्माद्वारा प्रार्थना गरिएपछि मात्र तथगतले धर्मोपदेश गर्नुहुन्छ ।"



Downloaded from http://www.dhamma.digital

"साधु भन्ते नागसेन ! तपाईंले दुविधालाई स्पष्ट पारिदिनुभयो । अनेक तर्कयुक्त व्याख्या राम्ररी गर्नुभयो । तपाईं जसो भन्नुहुन्छ, म त्यसलाई स्वीकार गर्दछु ।"

# ११. बुद्धका कोही आचार्य नभएकोबारे प्रश्न

२६. "भन्ते नागसेन ! भगवन्ले भन्नुभएको छ : –

**न मे आचरियो अत्थि, सदिसो मे न विज्जाति ।**
**सदेवकस्मिं लोकस्मिं, नत्थि मे पटिपुग्गलो'ति ॥**[१६४]

**न मेरो कोही आचार्य छ न मजस्तो अरू कोही,**
**सदेव मनुष्यलोकमा संसारमा मेरो बराबर कोही पनि छैन ।**

"साथै, यो पनि भन्नुभएको छ, भिक्षु हो ! आलारकालाम त्यस बेला मेरा गुरु थिए र म उनको शिष्य । तैपनि उनले मलाई आफूबराबर स्थानमा बसाए र धेरै सम्मान दिए ।"[१६५]

(क) "भन्ते नागसेन ! यदि तथागतले भन्नुभएको – 'न मेरो कुनै आचार्य छ, न मजस्तो अरू कोही, सदैव मनुष्यलोकमा संसारमा मेरो बरावर कोही पनि छैन' भन्ने कुरा सत्य हो भने, 'भिक्षु हो ! आलारकालाम त्यस बेला मेरा गुरु थिए र म उनको शिष्य ' भन्ने कुरा असत्य हुन्छ (ख) र फेरि तथागतले भन्नुभएको – 'भिक्षु हो ! आलारकालाम त्यस बेला मेरा गुरु थिए र म उनको शिष्य' भन्ने कुरो सत्य हो भने – 'न मेरो कोही आर्चाय छ, न मभैं कोही … ।' भन्ने कुरो असत्य हुन्छ । यो पनि एउटा दुविधायुक्त प्रश्न … ।"

२७ "महाराज ! तथागतले यो ठीक भन्नुभएको छ – 'न मेरो कुनै आचार्य छ न मजस्तो अरू कोही … ।' उहाँले यो पनि सत्य भन्नुभएको छ – 'भिक्षु हो ! आलारकालाम त्यस बेला मेरा गुरु थिए र म उनको शिष्य … ।' तर, यो त उहाँले बुद्धत्वप्राप्तिभन्दा पहिलेको कुरो भन्नुभएको थियो । त्यस समयमा उहाँ सम्यक्सम्बुद्ध हुनुभएको थिएन, बोधिसत्त्व नै हुनुहुन्थ्यो । यो त्यस समयको आचार्य भावका बारेमा भन्नुभएको हो ।"

"महाराज ! सम्यक्सम्बुद्ध हुनुभन्दा पहिले, बोधिसत्त्व रहेको समयमा उहाँका पाँच आचार्यहरू भइसकेका थिए, जसबाट शिक्षा लिएर उहाँले समय ब्यतीत गर्नुभएको थियो । कुनचाहिँ पाँच जना ?[१६६] (१) महाराज ! ती आठ ब्राह्मणहरू, जसले बोधिसत्त्व जन्मँदा आएर उहाँको लक्षण भनिदिएका थिए । उनीहरूको नाम हो (१) राम, (२) धज, (३) लक्खण, (४) मन्त्री, (५) यज्ञ, (६) सुयाम, (७) सुभोज र (८) सुदत्त । उनीहरूले उहाँको भविष्यवाणी भनेर स्वस्तिवाचन गरेका थिए । उनीहरू पहिलो आचार्यहरू भए ।"

---

१६४. पासरासि-सुत्त म. नि. (नेपाली) पृ.१६२ पारा. २० हेर्नु होला ।

१६५. पासरासि-सुत्त, म. नि. (नेपाली) पृ.१५५ पारा. १० हेर्नु होला ।

१६६. सिद्धार्थ बोधिसत्त्व हुँदाको पाँच अवस्थाका गुरु



Downloaded from http://www.dhamma.digital

"महाराज ! उहाँको दोस्रो आचार्य सब्बमित्त नामका आचार्य थिए। उनी उच्च कुलका, शब्द-शास्त्र जान्ने, व्याकरण र वेदका छ अङ्गहरूका पण्डित थिए। बुबा शुद्धोदनले उनलाई प्रशस्त धन दिएर अनि सुनको कलशले सङ्कल्प गराएर यो कुमार सिद्धार्थ[१६७]लाई विद्याध्ययनका लागि जिम्मा दिएका थिए। यो उहाँका दोस्रो आचार्य भए।"

"महाराज ! उहाँका तेस्रो आचार्य ती देवता थिए जसले उहाँको हृदय ज्ञानको खोजीमा जान संवेग उत्पन्न गराइदिए, जसको कुरा सुनेर तत्क्षण नै बोधिसत्त्व अभिनिष्क्रमण गरी प्रव्रजित हुनुभयो। यी देवता तेस्रो आचार्य भए।"

"महाराज ! फेरि, आलारकलामले आकिञ्चन्यातनको परिकर्म सिकाईदियो। यो चौथो (त्यस बेलाको) आचार्य भयो।"

"महाराज ! फेरि, उद्दकरामपुत्रले नैवसंज्ञानासंज्ञायतनवादीको परिकर्म सिकाईदियो यो पाँचौ (त्यस बेलाको) आचार्य भयो।"

"महाराज ! सम्यक्सम्बुद्ध हुनुभन्दा पहिले नै बोधिसत्त्व हुँदाखेरि नै उहाँका यी पाँच आचार्यहरू भएका थिए। तर यी सबै लौकिक धर्मका आचार्यहरू हुन्।"

"महाराज ! लोकोत्तर धर्ममा सर्वज्ञ बुद्धलाई सिकाउने, पढाउने कोही पनि छैन। महाराज ! तथागतले त स्वयं नै बुद्धत्व प्राप्त गर्नुभएको थियो, तथागतको (यस विषयमा) कोही अर्को आचार्य थिएन। त्यसैले तथागतले भन्नुभयो : –

**'न मेरो कुनै आचार्य छ न मजस्तो अरू कोही।**
**सदेव मनुष्यलोकमा संसारमा मेरो बराबर कोही पनि छैन।'**

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म त्यसलाई स्वीकार गर्छु।"

**(यस वर्गमा एघार प्रश्नहरू छन्।)**

**मेण्डकप्रश्न समाप्त।**

**पाँचौं संसर्गवर्ग समाप्त॥**

१६७. जुनसुकै अर्थ सिद्ध गर्ने भएकाले सिद्धार्थ भनिएको हो।



Downloaded from http://www.dhamma.digital

# ५. अनुमानप्रश्न

# १. बुद्धवर्ग

## १. दुई बुद्धहरू एकैसाथ उत्पन्न नहुने विषयमा प्रश्न

१. भन्ते नागसेन ! भगवन्ले यसो भन्नुभएको छ – 'भिक्षुहरू हो । यो कुरो हुन सक्दैन, यो सम्भव छैन कि संसारमा एकसाथ दुई अर्हत् सम्यक्सम्बुद्ध एकै स्थानमा उत्पन्न होउन् । यस्तो न कहिले भयो, न कहिले हुन सक्ला ।'[१६८] भन्ते नागसेन ! सबै तथागतहरू बुद्धत्व प्राप्त गर्न सप्ततिंस बोधिपक्खिय[१६९] धर्म बताउनुहुन्छ, चार आर्यसत्य (दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य, दुःख निरोधगामिनी प्रतिपदा सत्य) भन्नुहुन्छ; तीन शिक्षाहरू (अधिशील, अधिचित्त, अधिप्रज्ञा) को उपदेश दिनुहुन्छ र सधैं अनुशासन गराउनु हुँदा अप्रमादी हुने शिक्षा नै दिनुहुन्छ । भन्ते नागसेन ! यदि सबै तथागत एउटै बाटो (मार्ग) बताउनुहुन्छ, एउटै कुरा भन्नुहुन्छ, एउटै उपदेश दिनुहुन्छ, एउटै शिक्षा दिनुहुन्छ भने, संसारमा एकसाथ दुई बुद्ध किन उत्पन्न हुँदैन ? एउटा बुद्ध हुँदा त संसार प्रकाशले भरिन्छ । यदि एक साथ दुई बुद्ध उत्पन्न भएमा दुवैको प्रकाशको उज्यालोबाट झन् धेरै उज्यालो हुन्छ । ती दुवै बुद्धहरूले सुखपूर्वक उपदेश दिन्छन्, शिक्षा दिन्छन् । तपाईं कृपया यसको कारण भन्नुहोस् जसले गर्दा मेरो शङ्का मेटियोस् ।"

२. "महाराज ! यो दश सहस्र लोकधातुले एउटा बुद्धलाई एकपल्ट मात्र धारण गर्न सक्छ । एउटै मात्र तथागतको गुण धारण गर्न सक्छ । यदि एउटा अर्को पनि बुद्ध उत्पन्न भएमा दश सहस्र लोक धातुले धारण गर्न सक्दैन । यदि दुई बुद्ध एकसाथ धारण गरेमा भूकम्प हुनथाल्छ, पृथ्वी डोलायमान हुन्छ, झुक्छ, धँस्छ, छरिन्छ, टुक्रा टुक्रा हुन्छ वा सर्वथा नष्ट हुन्छ ।"

"महाराज ! जस्तै – एउटा मानिसको भार सम्हाल्न सक्ने कुनै डुङ्गा होस् भने एउटा मानिस मात्र त्यसमा चढेर पारि पुग्न सक्छ । त्यसपछि कुनै दोस्रो व्यक्ति पनि त्यहाँ आएमा जो आयु, वर्ण प्रमाण, तथा सबै प्रकारले उसैको जस्तो होस् । उनी पनि सोही डुङ्गामा सवार भए । महाराज ! त्यसो हो भने के डुङ्गा रहन्छ ?" "रहन्न भन्ते ! हल्लिन थाल्छ, डोलायमान हुनथाल्छ, झुक्छ, धस्छ, छरिन्छ, फाट्छ वा पानीमा डुबेर नष्ट हुन्छ ।" "महाराज ! त्यस्तै, एकपल्ट दस सहस्रलोक धातुले एक बुद्धलाई मात्र धारण गर्न सक्छ । एकभन्दा अधिक गुणलाई सम्हाल्न सक्दैन । यदि एक अर्को पनि बुद्ध उत्पन्न भएमा सम्हाल्न नसक्नाले यो लोक हल्लिन थाल्छ ।" (क)

"महाराज ! जस्तै – कुनै व्यक्तिले यथेष्ट भोजन गऱ्यो । उसको पेट घाँटीसम्म पूरापूरा भऱ्यो । ऊ सन्तुष्ट भएर निकै खुसी भयो । उसको पेटमा अरू केही अट्ने ठाउँ नरहेको होस् । ऊ फेरि निहुरन पनि नसकोस् । त्यसपछि फेरि दोस्रो पटक ठुसेर त्यति नै भोजन गरोस् । महाराज ! त्यो व्यक्ति सुखी

---

१६८. अं. नि.-१ पृ.२८ ।

१६९. (१) चार सतपट्ठान, (२) चार सम्मप्पधान, (३) चार इद्धिपाद, (४) पाँच इन्द्रिय, (५) पाँच बल, (६) सात बोज्झङ्ग, (७) आठ मग्गङ्गलाई सप्ततिंस बोधिपक्खि धर्म भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

रहला ?" "रहन्न भन्ते ! खाएर मर्छ ।" "महाराज ! त्यस्तै, यो दश सहस्रलोक धातुले एउटा बुद्धलाई नै एकपल्ट धारण गर्न सक्छ । एकभन्दा अधिक गुणहरूलाई धारण गर्न सक्दैन । यदि बुद्ध पनि उत्पन्न भए भने दश सहस्रलोक धातुले एक बुद्धलाई ··· । भन्ते ! धर्मको भार अधिक हुने हुनाले यो पृथ्वी किन हल्लिन थाल्छ ?"

"महाराज ! जस्तै बहुमूल्य रत्नहरूले दुई गाडाहरू पूरा-पूरा भरिएको होस् । त्यसपछि एउटा गाडाको रत्नहरू दोस्रोमा लादौं । महाराज ! त्यसो भने के एउटा गाडीले दुई गाडीको बोझ थाम्न सक्छ ?" "सक्दैन भन्ते ! त्यसको नाभि भाचिन्छ । त्यसको चक्का धस्छ । अक्ष पनि भाँचिन्छ ।" "महाराज ! त्यसो भए के अधिक रत्नहरूको भारले गाड़ा भाँचिन्छ ?" "हो भन्ते ! अवश्य भाँचिन्छ ··· ।" "महाराज ! यसरी नै, धर्मको भार अधिक हुनाले पनि यो पृथ्वी हल्लिन थाल्छ ।"

"अरू पनि, जहाँतही (बुद्ध वर्णन प्रसङ्गमा) यो कुरा भनिएको छ । एउटा अर्को पनि असल कारण सुन्नुहोस् जसले गर्दा संसारमा दुई बुद्ध एकसाथ उत्पन्न हुन सक्दैनन् । महाराज ! यदि एकसाथ दुई बुद्ध उत्पन्न भएमा उनीहरूको परिषद्मा झगड़ा हुन्छ – यो तिम्रो बुद्ध हो, यो मेरो बुद्ध हो भनेर अनि दुई दलको बीचमा वाद-विवाद हुन्छ । महाराज ! यो पनि एक कारण हो, जसले गर्दा एकसाथ दुई बुद्धहरू एकसाथ उत्पन्न हुँदैनन् ।"

"महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् जसले गर्दा संसारमा एकसाथ दुई बुद्धहरू उत्पन्न हुन सक्दैनन् । महाराज ! यदि संसारमा एकसाथ दुई बुद्धहरू उत्पन्न भएमा यो कुरो झूटो हुन्छ कि – (१) बुद्ध सबैभन्दा अग्र हुन्छन्; भन्ने वचन झूटो हुन्छ, (२) बुद्ध सबैभन्दा ज्येष्ठ ··· , (३) बुद्ध सबैभन्दा श्रेष्ठ , (४) बुद्ध सबैमा विशिष्ट ··· , (५) बुद्ध सबैमा उत्तम हुन्छन् , (६) बुद्ध सबैमा प्रवर , (७) बुद्धझैं दोस्रो अरू कोही हुँदैन ··· , (८) बुद्ध अप्रतिम ··· , (९) बुद्ध असदृश हुन्छन् , (१०) बुद्ध अप्रतिपुद्गल हुन्छन् । महाराज ! यसलाई पनि तपाईं एउटा कारण सम्झनुहोस् जसले गर्दा संसारमा एकसाथ दुई बुद्ध उत्पन्न हुँदैनन् ।"

"महाराज ! बुद्धहरूको पनि, यस्तै स्वभाव हो । उनीहरू दुवै एकसाथ उत्पन्न हुँदैन । त्यसो किन ? किनकि सर्वज्ञ बुद्धको गुण अत्यन्त धेरै हुन्छ । महाराज ! संसारमा अरू पनि जति ठूलठूला वस्तुहरू छन्, एउटा मात्र हुन्छ । महाराज ! पृथ्वी ठूलो छ, यो एउटा मात्र छ । सागर ठूलो छ, त्यो एउटा मात्र छ । सुमेरु पर्वतराज ठूलो छ, त्यो पनि एउटा मात्र छ । आकाश ठूलो छ, त्यो एउटा मात्र छ । देवेन्द्र ठूला छन्, उनी एक मात्र छन् । मार बलियो छ, त्यो एउटा मात्र छ । महाब्रह्मा ठूला छन्, उनी पनि एक मात्र छन् । तथागत अर्हत् सम्यक्सम्बुद्ध भगवान् पनि ठूला छन्, यसैले यो लोकमा ठुलाहरू एकमात्र हुन्छन् जहाँ-जहाँ यस्ता उत्पन्न हुन्छन् त्यहाँ-त्यहाँ अरूका लागि स्थान रहँदैन । महाराज ! त्यसैले भनिएको छ कि अर्हत् सम्यक्सम्बुद्ध भगवान् एक पल्टमा एउटा मात्र उत्पन्न हुन्छन् । यो कुरो ठीक भनिएको छ ।"

"भन्ते नागसेन ! उपमा र कारण दिएर तपाईंले प्रश्नहरूलाई राम्ररी सम्झाउनुभयो । मूर्ख मानिसहरू पनि यसलाई सुनेर सम्झन (बुझ्न) सक्छन्, मजस्तो बुद्धिमान्को त भन्नु नै के ! साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म त्यसलाई स्वीकार गर्दछु ।"



Downloaded from http://www.dhamma.digital

# २. महाप्रजापति गौतमीद्वारा वस्त्रदान

३. "भन्ते नागसेन ! जब भगवान्‌की सानीमा महाप्रजापति गौतमी उहाँलाई वर्षावासका लागि चीवर दिन आइन् तब उहाँले भन्नुभयो – 'गौतमी ! यो सङ्घलाई नै दान देऊ; त्यसैबाट मेरो पूजा हुनेछ र साथसाथै सङ्घको पनि ।'[१७०] भन्ते नागसेन ! तर के भगवान् स्वयं सङ्घरत्नभन्दा उत्तम, ठूला र पूजनीय हुनुहुन्न जो आफ्नी सानीमा महाप्रजापति गौतमीले ल्याएको वस्त्रलाई स्वयं नलिएर सङ्घलाई दिन लगाउनुभयो ? त्यो वस्त्र यस्तो थियो – 'जो उनले आफ्ना हातले रुवो कातेर बुनेकी थिइन् । भन्ते नागसेन ! यदि उहाँले आफूलाई सङ्घरत्नभन्दा उच्च ठान्नुभएको भए उहाँले यो कुरो अवश्य बुझ्नुहुन्थ्यो कि 'मलाई दिंदा बढी फल प्राप्त हुनेछ,' अनि त उहाँले त्यो वस्त्र आफैंले लिएर सङ्घलाई दिन लगाउन हुन्नथ्यो । भन्ते नागसेन ! तथागतले आफ्ना निम्ति स्वीकार गर्नुभएन । तथागतले त्यो चीवर किन सङ्घलाई दिन लागाउनुभएको थियो ?"

४. "महाराज ! यो साँचो हो कि जब भगवान्‌की सानीमा महाप्रजापति गौतमीले उहाँलाई वर्षावासका लागि चीवर दिन आएकी थिइन् त्यस बेला उहाँले भन्नुभएको थियो – 'गौतमी ! यो सङ्घलाई देऊ; यसैबाट मेरो पूजा हुनेछ र सङ्घको पनि ।' त्यसो उहाँले यस भन्नुभएको होइन कि उहाँले आफूलाई त्यो वस्त्र पाउन अयोग्य पात्र (अदक्षिणीय) सम्झनुभयो, न यस कारण कि उहाँले सङ्घलाई कम महत्व दिनुहुन्थ्यो । उहाँले सङ्घलाई प्रतिष्ठित गर्नका लागि नै त्यसो गर्नुभएको थियो, जसले गर्दा पछि मानिसहरूले सङ्घलाई महत्व दिन सिकून् ।"

"महाराज ! बाबुले आफ्नो जीवनकालमा अधिकारी, सिपाही, सेनाका माझ र राजासित आफ्नो छोराको गुणको प्रशंसा गर्दछन् कि यसरी उसले कुनै ठाउँ पाएर भविष्यमा मानिसहरूबाट सम्मानित हुन सकोस् । महाराज ! यसरी मानिसहरूप्रति अनुकम्पा गरेर उनीहरूको भलाइका लागि तथागतले आफ्नो जीवनकालमै सङ्घलाई सम्मानित गरिदिए, जसले गर्दा भविष्यमा उनीहरूले सङ्घलाई श्रेष्ठ सम्झन सिकून् । यसैले उहाँले भन्नुभयो – 'गौतमी ! यो सङ्घलाई दान देऊ; त्यसैबाट मेरो पूजा हुनेछ र साथै सङ्घको पनि ।"

"महाराज ! मात्र एउटा वस्त्र[१७१] दिन लगाउँदा सङ्घ बुद्धभन्दा ठूलो र उच्च हुँदैन । महाराज ! जस्तै – आमा-बाबुले आफ्नो सन्तानलाई नुहाइदिन्छन्, धोइदिन्छन्, सफा पारिदिन्छन् र मालिस गरि दिन्छन् । त्यसो भए के त्यसले गर्दा नानी आफ्ना आमा-बाबुभन्दा उच्च र ठूलो हुन्छ ?" "हुँदैन भन्ते ! आफ्नो इच्छाले नै आमा-बाबुले त्यस्तो गर्छन; नानीले चाहोस् वा नचाहोस् ।" "महाराज ! यसरी, मात्र एउटा वस्त्र दिन लगाउँदा सङ्घ तथागतभन्दा ठूलो र उच्च हुँदैन । आफ्नो इच्छाले नै उनले त्यो वस्त्र सङ्घलाई दिन लगाएका थिए – सङ्घको इच्छा होस् वा नहोस् ।"

"महाराज ! जस्तै – कुनै मानिसले राजाको सेवामा केही कोसेली टक्र्याओस् । राजाले त्यो कोसोली कुनै अर्को सिपाही, दूत, सेनापति वा पुरोहितलाई दिए । त्यसो भए के त्यो दोस्रो व्यक्ति त्यो कोसेली पाउनाले मात्र राजाभन्दा ठूलो र उच्च ठानिन्छ ?" "ठानिन्दैन भन्ते ! उनीहरू राजाभन्दा कसरी उच्च हुन्छन् ? उनीहरू त राजाको तलब खाने राजाबाट जीविका चलाउने हुन् । राजाले नै उनीहरूलाई त्यस ठाउँमा राखेर उनीहरूलाई आफ्नो कोसेली दिन्छन् ।" "महाराज ! यसरी एउटा वस्त्र दिन

---

१७०. दक्खिणाविभंग-सुत्त, म. नि. (नेपाली) पृ.८६१ हेर्नुहोला ।

१७१. वास्सिकसाटिका ।



Downloaded from http://www.dhamma.digital

लगाउँदैमा सङ्घ तथागतभन्दा ठूलो र उच्च हुँदैन । सङ्घ त भनौं, तथागतको सेवक हो, जसले उहाँलाई नै आफ्नो मालिक सम्झन्छ । बुद्धले नै सङ्घलाई त्यस ठाउँमा राखेर त्यो वस्त्र दिन लगाएका थिए ।"

"महाराज ! तथागतको मनमा पनि यस्तो विचार आयो कि – 'सङ्घ सधैं पूजित हुन योग्य छ, आफूले पाएको दानबाट म सङ्घलाई नै पूजित हुन दिन्छु ।' त्यसैले उहाँले सङ्घलाई त्यो वस्त्र दान दिन लगाउनुभयो । महाराज ! तथागतले आफू प्रति गरिएको सत्कारको मात्र प्रशंसा गर्नुहुन्न; संसारमा जति योग्य व्यक्तिहरू छन्, ती सबैको प्रति गरिएको सत्कारको पनि प्रशंसा गर्नुहुन्छ ।"

"महाराज ! मज्झिमनिकायमा देवातिदेव भगवान्ले 'धम्मदायाद' सूत्रको उपदेश दिने समयमा अल्पेच्छताको प्रशंसा गर्दै भन्नुभएको छ – 'भिक्षु हो ! अल्पेछा नै सबैभन्दा पूज्य र प्रशंसनीय छ ।' महाराज ! सारा लोकमा यस्तो कोही छैन जो तथागतभन्दा बढी पूजनीय, ठूलो र उच्च होस् । तथागत नै सबैभन्दा ठूला, बढी पूजनीय र उच्च छन् ।"[१७२]

"महाराज ! संयुत्तनिकायमा देवताहरू र मानिसहरूका बीच भगवान्का सामु उभिएर माणवगामिक नामक देवपुत्रले भनेका छन् : –

**'विपुलो राजगहियानं गिरि सेट्ठो पवुच्चति ।**
**सेतो हिमवतं सेट्ठो, आदिच्चो अघगामिनं ।।**

**समुद्दो उदधिनं सेट्ठो, नक्खत्तान च चन्दिमा ।**
**सदेवकस्स लोकस्स, बुद्धो अग्गो पवुच्चती'ति ।।'**[१७३]

**'राजगृहको पहाडमध्ये विपुलगिरि श्रेष्ठ छ, हिमालय**
**पर्वतमध्ये श्वेत (सुमेरु), तारागणमध्ये सूर्य ।**
**जलाशयहरूमध्ये समुद्र श्रेष्ठ छ, नक्षत्रहरूमध्ये चन्द्रमा,**
**देवसहित लोकमा बुद्ध नै अग्र मानिन्छन् ।'**

"महाराज ! माणवगामिक देवपुत्रले पनि यो गाथा उचित भनेको छ, अनुचित होइन । भगवान्ले पनि यसलाई स्वीकार गर्नुभएको थियो । महाराज ! धर्मसेनापति सारिपुत्र स्थविरले पनि भन्नुभएको छ –

**एको मनोपसादो । सरणगमन मञ्जलिपणामो वा ।**
**उस्सहते तारयितुं माखलनिसूदते बुद्धे'ति । ।**

**'मार सेनालाई दमन गर्ने, बुद्धमा एकान्ततः श्रद्धा राख्ने, एउटाको मात्र शरणमा जाने । उहाँ एकलाई मात्र वन्दना गर्नेले, भवसागरलाई पार गर्न सक्छ ।'**

"देवातिदेव भगवान्ले पनि भन्नुभएको छ – 'भिक्षु हो ! बहुजन हितका लागि र बहुजनको सुखका लागि लोकलाई अनुकम्पा राख्नका लागि तथा मनुष्यहरूको भलाइका लागि एउटा व्यक्ति उत्पन्न हुनु सार्थक छ । कुन व्यक्तिको ? तथागत सम्यक्सम्बुद्धको ।"[१७४]

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

---

१७२. धम्मदायाद-सुत्त, म. नि. (नेपाली) पृ. १३ हेर्नुहोला ।

१७३. सं. नि.(नेपाल भाषा) पृ. ९३ ।

१७४. एकपुग्गलवग्गो, अं. नि.-१. पृ २२ ।



Downloaded from http://www.dhamma.digital

# ३. गृही र प्रव्रजितमध्ये को श्रेष्ठ छ भन्ने विषयमा प्रश्न

५. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! चाहे गृहस्थ होस् वा भिक्षु, कसैले पनि सम्यक्आचरण (सन्मार्गमा लाग्ने) काम गरेमा म प्रशंसा गर्दछु । भिक्षु हो ! चाहे गृहस्थ होस् वा भिक्षु, कसैले सम्यक्आचारण गरेमा ऊ समानरूपले ज्ञान, धर्म र पुण्यको भागी हुन् सक्छ ।' भन्ते नागसेन ! सेतो लुगा लगाउने, विषयको भोग गर्ने, स्त्री र बच्चाहरूको झन्झटमा पर्ने, काशीको सुगन्धित चन्दन लगाउने, माला-गन्ध र विलेपन धारण गर्ने, सुन-चाँदी, रूपियाँ-पैसाको झन्झटमा पर्ने र आफ्नो टोपीमा मणिरत्न सजाउने, गृहस्थले पनि सम्यक्आचरण गऱ्यो भने ऊ ज्ञान, धर्म र पुण्यको भागी हुन सक्छ । शिर मुडाउने, काषायवस्त्र लगाउने भिक्षुले आफ्नो जीवनयापन गर्ने चार शीलसमूहलाई पूरा गर्ने अढाईसय[१७५] शिक्षापदलाई पालन गर्ने तेह्रवटा धुताङ्ग गुणअनुसार रहने प्रव्रजित भिक्षुले पनि सम्यक्आचरण गरेमा ऊ भने ज्ञान, धर्म र पुण्यको भागी हुन्छ भने, भन्ते ! गृहस्थ र भिक्षुमा के भेद रह्यो ? फेरि, तप गर्नु पनि बेकार (निष्फल) भयो । प्रव्रजित हुनु पनि निरर्थक भयो । शिक्षापदहरूलाई पालन गर्नुको कुनै फल रहेन । धुताङ्ग गुणअनुसार रहनु व्यर्थ भयो । दुःख किन गर्नुपऱ्यो यदि सजिलैसँग निर्वाण पाउन सकिन्छ भने ?"

६. "महाराज ! भगवान्ले यथार्थ भन्नुभएको छ – 'भिक्षु हो ! चाहे गृहस्थ होस् वा भिक्षु, जोसुकैले सम्यक्आचरण गरेमा म प्रशंसा गर्दछु । भिक्षु हो ! चाहे गृहस्थ होस् वा भिक्षु, यदि कसैले सम्यक्आचारण गऱ्यो भने ऊ समानरूपले ज्ञान, धर्म र पुण्यको भागी हुन सक्छ ।' महाराज ! यो ठीक हो । जो मार्गमा आएका छन् उनीहरू नै ठूला हुन् । महाराज ! यदि प्रव्रजितले यसैमा गर्व गर्न थाल्छ कि – 'म प्रव्रजित हुँ' भनी सम्यक्रूपले आचरण गरेन भने उसको भिक्षुभाव व्यर्थ छ, सारा ज्ञान प्राप्त गरेमा पनि सबै निष्फल हुन्छ । सेतो वस्त्र लगाउने गृहस्थहरूको त के कुरो ! महाराज ! गृहस्थ पनि सन्मार्गमा आएर ज्ञान, धर्म र पुण्यको भागी बन्न सक्छ र प्रव्रजित पनि सन्मार्गमा हिंडेर ज्ञान, धर्म र पुण्यको भागी हुन सक्छ ।"

"महाराज ! तैपनि प्रव्रजित श्रामण्यफलको स्वामी र अधिपति हो । महाराज ! प्रव्रज्यामा धेरै गुण छ; अथाह गुण र अप्रमाण पुण्यको अनुमान गर्न सकिन्न ।"

"महाराज ! जस्तै, यथेष्ट वर दिने मणिरत्नको मूल्यको अड्कल गर्न सकिन्न, त्यस्तै, प्रव्रज्याको धेरै गुण छ, अनेक गुण छ, अथाह गुण छ, अप्रमाण गुण छ । यसको गुणको अनुमान गर्न सकिन्न ।"

"महाराज ! प्रव्रजितहरूले जे गर्न चाहन्छन्, त्यो छिटै पूर्ण हुन्छ, ढिलो हुँदैन । त्यसो किन ? महाराज ! किनकि प्रव्रजित अल्पेच्छ सन्तुष्ट, विरागी, संसारको प्रपञ्चदेखि टाढा रहने, उत्साही, विनाघरबार शीलाचरणलाई पूरा गर्ने, राम्रो आचरण गर्ने, धुताङ्ग धारण गर्ने । महाराज ! यस्ता कारणहरूले गर्दा प्रव्रजितले जे चाहन्छन् त्यो अत्यन्त शीघ्र पूरा हुन्छ, ढिलो हुँदैन । महाराज ! जस्तै, गाँठो नपरेको, बराबर, राम्री माझेको, सीधा र सफा तीर ठीकसँग छाड्दा त्यो धेरै परसम्म जान्छ । त्यस्तै, प्रव्रजितले जे गर्न चाहन्छ त्यो छिटै पूर्ण हुन्छ, ढिलो हुँदैन ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

---

१७५. प्रातिमोक्ष शिक्षापद २२७ वटा मात्र छ ।



Downloaded from http://www.dhamma.digital

# ४. दुस्करचर्याको दोष विषयमा प्रश्न

७. "भन्ते नागसेन ! जुन बोधिसत्त्वले दुष्करचर्या (दुःखमय तपस्या) गर्नुभएको थियो,[१७६] त्यस्तो उद्योग, त्यस्तो उत्साह, त्यस्तो क्लेशसँग युद्ध गरी त्यस्तो मार-सेनालाई पराजित गरेर, त्यस्तो आहारको संयम, त्यस्तो कठिन दुष्करचर्या अरू कसैले गरेको थिएन । तर यस प्रकारको चर्याको कुनै फल प्राप्त नभएको देखी उहाँले त्यो विचारलाई छाडेर यसो भन्नुभयो – 'यस कठिन दुष्करचर्याले पनि मैले त्यस उत्तरीय मनुष्यधर्म (मनुष्योत्तर धर्म) लाई प्राप्त गर्न सकिन, जसबाट ज्ञानको दर्शन होस् ।' उहाँले ज्ञानप्राप्तिका लागि अर्को मार्ग देख्नुभयो[१७७] दुष्करचर्यालाई छोडेर उहाँले अर्को मार्गबाट सर्वज्ञता प्राप्त गर्नुभएको थियो । फेरि, आफ्ना श्रावकहरूलाई त्यस मार्गको उपदेश दिँदै भन्नुभयो –

**आरम्भथ, निक्कमथ, युञ्जथ बुद्धशासने ।**
**धुनाथ मच्चुनो सेनं, नलागारं व कुञ्जरो'ति ॥**

आरम्भ गर, बल लगाऊ, बुद्धधर्ममा प्रतिष्ठित बन । नर्कटको झुपडीलाई जसरी एउटा हात्तीले बिगारिदिन्छ त्यसरी नै मार-सेनालाई छिन्नभिन्न गरिदेऊ ।

"भन्ते नागसेन ! जुन बाटोबाट पराजित भएर स्वयं भगवान् हट्नुभएको थियो, उहाँले सोही बाटोमा लाग्न आफ्ना श्रावकहरूलाई किन उपदेश दिनुहुन्छ ?"

८. "महाराज ! त्यति बेला पनि र अहिले पनि मार्ग त्यही नै हो । सोही मार्गमा हिंडेर बोधिसत्त्वले सर्वज्ञता प्राप्त गर्नुभएको थियो । फेरि पनि, अत्यन्त परिश्रम गरेर बोधिसत्त्वले आफ्नो आहार सर्वथा त्याग्नुभएको थियो । त्यसो गर्नाले उहाँको चित्त अत्यन्त दुर्बल भयो । अत्यन्त दुर्बल हुनुभएकोले उहाँले सर्वज्ञता प्राप्त गर्न सक्नु भएन । त्यसपछि बिस्तारै-बिस्तारै भोजन गर्न आरम्भ गर्नुभयो र स्वस्थ भएर त्यही मार्गद्वारा सर्वज्ञता-ज्ञान पाउनुभयो । महाराज ! सबै तथागतहरूले सर्वज्ञताज्ञान पाउनुको मार्ग यही हो ।

"महाराज ! जसरी सबै जीवहरूको आधार आहार हो, आहारको बलबाट नै सबै जीवहरू सुखपूर्वक रहन्छन्, त्यसरी नै, सबै तथागतहरूले सर्वज्ञज्ञान पाउनुको यही मार्ग हो । महाराज ! यो न त उद्योगको दोष थियो, न वीर्य (परिश्रम)को दोष थियो र न क्लेशहरूसँग युद्ध गर्नुको दोष थियो, जो तथागतले त्यस बखत सर्वज्ञज्ञान पाउन सक्नुभएन । आहारलाई त्याग्नाले यो दोष लागेको थियो । त्यो मार्ग भने सधैं उत्तम छ ।"

"महाराज ! जसरी कुनै मानिस बाटोमा बेसरी दगुरेर लडोस् अनि पक्षघात भएर ऊ अपाङ्ग भएको होस् । त्यसो भए के यसमा महापृथ्वीको कुनै दोष थियो, जसले गर्दा उसले कष्ट भोग्नु पऱ्यो ?"
"होइन भन्ते ! महापृथ्वी त सधैं ठीक छ । यथार्थमा उसको आफ्नै दोष थियो जो वेगले दगुर्दा लडयो ।"
"महाराज ! यो न त उद्योगको दोष थियो, न वीर्य (परिश्रम)को दोष थियो, न क्लेशहरूसँग युद्ध गर्नुको दोष थियो, जो तथागतले त्यस समय सर्वज्ञज्ञान पाउन सक्नु भएन । यो दोष त केवल आहारलाई सर्वथा बन्द गरि दिनाले भएको थियो । त्यो मार्ग त सधैं उत्तम नै छ ।"

---

१७६. बोधिराजकुमार-सुत्त, म. नि. (नेपाली) पृ. ५३४ हेर्नुहोला ।

१७७. महासींहनाद-सुत्त, म. नि. (नेपाली) पृ.७१ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! जस्तै कसैले मैलो धोती लगाओस् । त्यसलाई नधोहोस् । त्यसमा पानीको के दोष ? पानी त सधैं तयार नै छ । यो त त्यो मानिसको आफ्नै दोष हो । महाराज ! त्यसरी नै, ··· । यो दोष त आहारलाई सर्वथा बन्द गरिदिनाले भएको थियो । त्यसैले तथागतले आफ्ना श्रावकहरूलाई सोही मार्गमा लाग्ने उपदेश दिनुहुन्छ । महाराज ! यसरी त्यो मार्ग त सधैं उचित र उत्तम छ ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ५. भिक्षुभावको परित्याग विषयमा प्रश्न

९."भन्ते नागसेम ! तथागतद्वारा उपदिष्ट धर्म महान् छ, सारमा सत्य छ, उत्तम छ, श्रेष्ठ छ, ठूलो छ, उच्च र अनुपम छ, परिशुद्ध छ, विमल छ, स्वच्छ छ र निर्दोष छ । यो धर्मअनुसार गृहस्थलाई त्यसै प्रव्रजित गरिदिनु उचित ठहर्दैन । गृहस्थ-कालमा यो तबसम्म सिक्नुपर्छ, जबसम्म स्रोतापति फल प्राप्त गरिन्न । फेरि, उनी चीवर छाडेर फर्कन सक्दैनन् । त्यसपछि निःशङ्क भएर प्रव्रजित गरौं । त्यसो किन ? किनकि कति दुर्जन मानिसहरू यस विशुद्ध धर्ममा प्रव्रजित भएर पछि चीवर छाडेर गृहस्थ बन्दछन् । उनीहरूले यस्तो गर्दा मानिसहरूले यो सम्झने अवसर पाउँछन् कि – 'श्रमण गौतमको धर्म अवश्य पनि असल छैन होला, जसले गर्दा यतिका मानिसहरू फर्केर आए ।' यसै कारणले मेरो यो प्रस्ताव (सुझाउ) हो ।"

"महाराज ! जस्तै पवित्र, निर्मल र शीतल पानीले भरिएका कुनै पोखरी होस् । कुनै मानिस हिलो र फोहोरमा लटपटिएर त्यो पोखरीमा आवस् अनि नुहाइधुवाइ नगरी सफा नभई फर्की आवस् । महाराज ! त्यस अवस्थामा मानिसहरूले कसलाई दोष दिन्छन्, त्यो मानिसलाई वा त्यो पोखरीलाई ?" "भन्ते ! मानिसहरूले त्यो मानिसलाई नै दोष दिन्छन्; किनभने पोखरीको नजिक गएर पनि नुहाइधुवाइ नगरी सफा सुग्घर नभई त्यसै फर्की आयो । उसको इच्छा नभएपछि के पोखरीले उसलाई समातेर नुहाईदिन्छ । असलमा पोखरीको के दोष ? महाराज ! त्यसरी नै, तथागतले विमुक्तिरूपी असल पानीले पूर्ण सद्धर्मरूपी पोखरी तयार पार्नुभयो यस निम्ति कि क्लेशहरूको फोहरले लटपटिएका बुद्धिमान् मानिसहरूले यसमा नुहाएर आफ्ना सारा क्लेशहरू पखालून् । यदि कुनै मानिस त्यस सधर्मरूपी पोखरीनिर गएर पनि ननुहाई क्लेशहरूले लटपटिएर फर्क्यो र चीवर छाडी गृहस्थ भयो भने त्यसमा उसको आफ्नै दोष हो । मानिसहरूले उसैलाई दोषी ठहराएर भन्नेछन् – 'यो मानिस बुद्धधर्ममा प्रव्रजित भएर त्यहाँ बस्न नसकी फेरि फर्केर आई गृहस्थ भयो ।' आफूले उद्योग नगरेसम्म के बुद्धधर्मले उसलाई समातेर शुद्ध पारिदिन्छ ? असलमा यसमा बुद्धशासनको के दोष ?"(क)

"महाराज ! जस्तै, कुनै मानिस कठिन रोगले पीडित छ । उसले एउटा वैद्यलाई देखाओ जो रोग चिन्न निकै निपुण र ओखतीमूलो गर्न सिपालु छ । उसलाई देखेर पनि त्यो रोगी उसका छेउ जावस, न आफ्नो उपचार गराओस्, आफ्नो रोग लिएर फर्कोस् । महाराज ! त्यसो हो भने मानिसहरूले कसलाई दोष दिन्छन् वैद्यलाई वा रोगीलाई ?" "भन्ते ! रोगीलाई नै दोषी ठहराइन्छ र यति असल वैद्यका नजिक गएर पनि औषधी नगराई आफ्नो रोग लिएर त्यो रोगी फर्केर आयो । उसको आफ्नो इच्छा नभए के वैद्यले उसलाई समातेर जबरजस्ती चिकित्सा गर्छ ? यसमा वैद्यको के दोष ?"

"महाराज ! त्यसरी नै, तथागतले आफ्नो धर्मरूपी सन्दुकमा समग्र क्लेशहरूको भयङ्कर रोगको सबैभन्दा अचूक औषधी राखीछाड्नुभएको छ । जो चतुर र बुद्धिमान् छन् उनीहरू औषधी पिएर क्लेश-रोगबाट मुक्त हुन्छन् । यदि कोही त्यो औषधीलाई नपिएर आफ्नो क्लेश लिएर फर्क्यो र गृहस्थ भयो



Downloaded from http://www.dhamma.digital

भने, मानिसहरूले उसैमाथि दोष दिन्छन् – यो मानिस बुद्धधर्ममा प्रव्रजित भएर त्यहाँ टिक्न नसकी फर्की आएर गृहस्थ भयो । उसले स्वयं चेष्टा नगर्नाले के बुद्धधर्मले उसलाई समातेर जबरजस्ती शुद्ध गरिदिन्थ्यो ! त्यसो भए यसमा बुद्धधर्मको के दोष !" (ख)

"महाराज ! जस्तै कुनै भोको मान्छे सदावर्त बाँडिने ठूलो अन्नक्षेत्रमा गएर पनि त्यहाँ केही नखाई भोकै फर्क्यो भने, मानिसहरूले कसलाई दोषी ठहऱ्याउँछ – खानुपर्ने भोको मान्छेलाई कि भोजनलाई ?" "भन्ते ! भोको मान्छेलाई नै दोषी ठहऱ्याइन्छ – ऊ भोकले व्याकुल भएर पनि सदावर्त भोजन नगरी भोकै फर्की आयो । स्वयं नखाएर के भोजन आफैं उडेर उसको मुखमा आउँछ ? यसमा भोजनको के दोष ?" "महाराज ! त्यस्तै, तथागतले आफ्नो धर्मरूपी थालमा अत्यन्त श्रेष्ठ, शान्त, शिव, प्रणीत र अमृततुल्य मधुर 'कायगतासति' (आफ्नै शरीरमा नै मनन-भावना गर्ने)[१७८] रूपी भोजन पस्कनुभएको छ । बाठा र सुजन मानिसहरू आफ्नो क्लेश र व्याकुलता मेट्न भोजन खाएर काम-भव, रूप-भव र अरूप-भवको भोक (तृष्णा) लाई हटाउँछ । यदि कुनै मानिस त्यो भोजन नखाएर तृष्णाले व्याकुल भई फर्की आएर गृहस्थ भयो भने, मानिसहरूले उसैलाई दोष दिन्छन् । यसमा बुद्धधर्मको के दोष !" (ग)

१०."महाराज ! यदि तथागतले गृहस्थहरूलाई प्रथम-फल (स्रोतापति-फल) मा प्रतिष्ठित गराएर पछि प्रव्रजित गराउनुभयो भने, त्यसको कुनै अर्थ नै रहँदैन कि प्रव्रज्याले मानिसको क्लेशलाई मेटेर शुद्ध गरिदिन्छ । त्यसो हो भने, प्रव्रज्याको कुनै अर्थ नै रहँदैन । महाराज ! जस्तै सयकडौं मानिसहरूले मिलेर एउटा पोखरी खनाए । पोखरी तैयार भएपछि यस्तो सूचना जारी गरे – फोहरि मानिस यो पोखरीमा नजावस्; सफा-सुघर मानिस मात्र जावस् । महाराज ! त्यसो हो भने, के सफा-सुग्घरी मानिसहरूलाई पोखरीसित कुनै सरोकार रहन्छ ?" "रहँदैन भन्ते ! जुन कामका लागि उनीहरू पोखरी भएठाउँ जानुपर्थ्यो, त्यो त उनीहरूले पहिले नै कुनै अर्को ठाउँमा पूरा गरिसके । उनीहरूलाई अब पोखरीसित के प्रयोजन ! महाराज ! त्यसरी नै यदि तथागतले गृहस्थहरूलाई प्रथम-फलमा प्रतिष्ठित गराएर प्रव्रजित गर्नुभएको भए त्यसबाट कुनै लाभ हुन्न, किन भने आफ्नो काम त उनीहरूले पहिले नै गरि सकेका थिए । उनीहरूलाई प्रव्रज्यासित के सरोकार !"

"महाराज ! जस्तै एउटा वैद्य, जसले सबै पुराना ऋषिहरूबारे अध्ययन गरिसकेको छ, जसले सूत्र र मन्त्रहरूको पदलाई ठीक तवरले जान्दछ, जसको सबै शङ्का मेटिएको छ, जसले रोगको पहिचान सूक्ष्मरूपले गर्दछ र जसको उपचार कहिल्यै व्यर्थ जाँदैन । ऊ सबै रोगहरूको अचूक औषधी लिएर आवस् र यस्तो सूचना जारी गरोस् – 'मनिर कुनै रोगी नआवस्; जो निरोगी र स्वस्थ छ, उही आवस् ।' महाराज ! त्यसो भए के निरोगी, स्वस्थ र बलियो मानिससित त्यस वैद्यको कुनै सरोकार रहन्छ ?" "रहन्न भन्ते ! जुन कामको लागि उनीहरू वैद्य भए ठाउँ जानुपर्थ्यो, त्यसलाई त उनीहरूले कुनै अर्को ठाउँमा पूरा गरिसके । अब त्यस वैद्यसित उनीहरूको के सरोकार !" "महाराज ! त्यसरी नै तथागतले गृहस्थहरूलाई प्रथम-फलमै प्रतिष्ठित गराएर प्रव्रजित गर्नुभएको भए यसको कुनै तात्पर्य नै रहन्नथ्यो; किनकि आफ्नो काम त उनीहरूले पहिले नै गरिसके । उनीहरूलाई प्रव्रज्यासित के सरोकार ।"

"महाराज ! जस्तै – कुनै मानिसले सयकडौं थाल भोजन पस्कन लगाएर यस्तो सूचना जारी गऱ्यो – 'यस भोजनशालामा कुनै भोको मानिस नआवस्; जो पेटभरिखाएर तृप्त भएको छ, उनीमात्र आवस् ।' त्यसो हो भने महाराज ! के ती तृप्त व्यक्तिहरूलाई (जसको पेटभरि सकेको छ) त्यस भोजनबाट कुनै फल प्राप्त होला ?" "हुँदैन भन्ते ! जुन उद्देश्यका लागि उनीहरू त्यस भोजनशालामा

---

१७८. महासतिपट्ठान-सुत्त, दी. नि.(नेपाली) पृ. ३५३ अथवा कायगतासति-सुत्त, म.नि. (नेपाली) पृ. ७५० हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

जाँदछन् त्यो त उनीहरूले अर्कै ठाउँमा पूरा गरिसके । त्यस भोजनशालाबाट उनीहरूलाई अब के सरोकार !" "महाराज ! त्यसरी नै, यदि तथागतले गृहस्थहरूलाई प्रथम-फलमा प्रतिष्ठित गराएर मात्र प्रव्रजित गर्नुभएको भए यसको कुनै तात्पर्य नै रहन्नथियो, किनकि आफ्नो काम त उनीहरूले पहिले नै पूरागरिसके । उनीहरूलाई प्रव्रज्यासित के सरोकार !"

११."महाराज ! तर ती जो चीवर छाड़ेर फर्की जान्छन्, बुद्धधर्ममा पाँच अतुल्य गुणहरूलाई देख्छन् । कुनचाहिँ पाँच गुणहरूलाई ?

(१) यो देख्छन् कि प्रव्रज्या-भूमि कति महान छ ,

(२) यो देख्छन् कि प्रव्रज्या कस्तो शुद्ध र विमल छ,

(३) यो देख्छन् कि मलिन (अपवित्र) रहने मानिसहरू प्रव्रजित भएर रहन सम्भव छैन,

(४) यो देख्छन् कि प्रव्रज्याको गौरव साधारण मानिसको पहुँचभन्दा पर छ र,

(५) यो देख्दछन् कि प्रव्रजितले कति धेरै संयम राख्नुपर्दछ ।"

१२."प्रव्रज्या-भूमिको महत्वलाई कसरी देख्छन् ?" "महाराज ! जस्तै, यदि सानो जातको कुनै गरीब र मूर्ख मानिसलाई एउटा विशाल राज्यको गद्दीमा बसाएमा आफ्नो पद सम्हाल्न नसकी ऊ चाँडै खस्छ, गद्दीमा कायम रहन सक्दैन ।" "यसको के कारण हो ?" "त्यो पद निकै महान ठूला भएका हुनाले ।" "महाराज ! यसरी जसको पुण्य धेरै छैन, जसमा कुनै विशेषता छैन र जो बुद्धिहीन छन्; उनीहरू बुद्धशासनमा प्रव्रजित त हुन्छन्, तर त्यस पदको महान् गौरवलाई थाम्न सक्दैनन्, स्वयंलाई त्यहाँ सम्हाल्न सक्दैनन्, च्युत हुन्छन् र चीवर छोडेर फेरि गृहस्थ बन्छन् ।" "त्यसो किन ?" "किनभने प्रव्रज्या-भूमि महान् छ । यसरी उनीहरू प्रव्रज्या-भूमिको महत्वलाई देख्छन् ।" (१)

"प्रव्रज्या कसरी शुद्ध र विमल छ भनेर यसलाई कसरी देख्छन् ?" "महाराज ! जस्तै, कमलको पातमा पानी रहँदैन, चिप्लेर झर्दछ, छरिन्छ र त्यसमा केही पनि रहँदैन । त्यसो किन ?" " किनकि त्यो कमल निकै परिशुद्ध र निर्मल भएकोले ।" "महाराज ! यसरी नै, जो दुष्ट, कपटी, बाङ्गो, कुटिल र खराब विचार भएका छन्, उनीहरू प्रव्रजित त हुन्छन् तर बुद्धशासन निकै परिशुद्ध, मलरहित, निष्कपट, सफा र स्वच्छ भएकोले शीघ्र च्युत हुन्छन् र चीवर छाडेर गृहस्थ बन्छन् । उनीहरू त्यहाँ टिक्न पाँउदैनन्; त्यसमा लागिरहन सक्दैनन् ।" "त्यसो किन ?" "किनकि बुद्धको शासन (धर्म) परिशुद्ध र विमल भएकोले । यसरी उनीहरूले देख्दछ कि प्रव्रज्या कस्तो शुद्ध र विमल छ !" (२)

"अपवित्र भएकाहरू प्रव्रजित भएर रहनु सम्भव छैन यसलाई कसरी देख्छन् ?" "महाराज ! जसरी महासमुद्रमा शव (लास) रहन सक्दैन । महासमुद्रमा जुन शव छ, त्यो चाँडै नै किनारा लागेर जमिनमा आउँछ ।" "त्यसो किन ?" "किन कि महासमुद्रको स्वभाव महापुरुषको जस्तो हुन्छ । महाराज ! यसरी नै, जो पापी, संवर नभएको (अल्छे), निर्वीर्य, गर्नुपर्ने काम नगर्ने, त्रास नभएको, मलिन हृदय र खराब मानिसहरू छन्, उनीहरू बुद्धशासनमा प्रव्रजित त हुन्छन् तर अर्हत्, विमल क्षीणास्रव इत्यादि महापुरुषका माझमा रहन नसक्नाले शीघ्र नै त्यहाँबाट निस्कन्छन् र चीवर छाडेर गृहस्थ बन्छन् ।" "त्यसो किन ?" "किनकि बुद्धशासनमा अपवित्र मानिस प्रव्रजित रहनु सम्भव छैन । यसरी उनीहरू यो देख्छन् कि पापी व्यक्तिहरू बुद्धशासनमा प्रव्रजित रहनु सम्भव छैन ।" (३)



Downloaded from http://www.dhamma.digital

"यो कसरी देख्छन् कि प्रव्रज्याको गौरव साधारण मानिसहरूको पहुँचभन्दा टाढा छ ?" "महाराज ! जो अकुशल, अशिक्षित र चञ्चल बुद्धि भएकाहरू छन् र जसले कुनै शिल्प सीकेका छैनन्, उनीहरूले तीर चलाएर सूक्ष्म चीजलाई छेड्न सक्दैनन् । उनको तीर निसानाबाट उल्टो-सोझो, यताउता बहकिन्छ ।" "त्यसो किन ?" "किनकि तीर चलाएर सूक्ष्म चीजलाई बेध्नको लागि अतिनिपुणता चाहिन्छ । महाराज ! यसरी नै, जो दुष्प्रज्ञ, मूर्ख, मूढ र मन्द छन् उनीहरू बुद्धशासनमा प्रव्रजित त हुन्छन्, तर चार आर्यसत्यका सूक्ष्म र उच्च कुरा नबुझ्नाले त्यहाँ टिक्न सक्दैनन्, छिटै नै अलग हुन्छन् र चीवर छाडेर गृहस्थ बन्छन् ।" "त्यसो किन ?" "किनकि आर्यसत्यको कुरा निकै सूक्ष्म र उच्च भएको ले । यस प्रकार, यो देख्छन्, कि प्रव्रज्याको गौरव साधारण व्यक्तिहरूको पहुँचभन्दा बाहिर छ ।" (४)

"यो कसरी देख्छन् कि प्रव्रजितले कति धेरै संयम गर्नुपर्छ ?" "महाराज ! जस्तै कुनै मानिसलाई कुनै ठूलो युद्धमा शत्रुहरूले चारैतिरबाट घेरे । तीर, भाला लिएर आफूतिर आइरहेको देखी डराएर, हडबडाएर भाग्यो ।" "त्यसो किन ?" "किनकि यस्तो युद्धमा आफूलाई चारैतिरबाट जोगाउनुपर्छ । महाराज ! यसरी जो स्वयं स्वभावले संयमी छैनन्, जसलाई कुनै पाप गर्न लाज लाग्दैन, जो अल्छे छन्, जसमा धैर्य छैन, जो चञ्चल स्वभावका छन्, जताततै चिप्लिन्छन् र मूर्ख छन् उनीहरू बुद्धशासनमा प्रव्रजित त हुन्छन् तर यो देखेर कि प्रव्रजितले प्रशस्त संयम राख्नुपर्दछ, उनीहरू व्याकुल हुन्छन् र त्यहाँ नटिक्नाले चीवर छाडेर गृहस्थ बन्छन् ।" "त्यसो किन ?" "किन कि बुद्धशासनमा प्रव्रजित भएपछि धेरै संयम गर्नुपर्दछ । यसरी उनीहरू देख्छन् कि बुद्धशासनमा प्रव्रजितले कति धेरै संयम गर्नुपर्छ ।" (५)

"महाराज ! जस्तै फूलहरूमा जो सबैभन्दा उत्तम फूल जुही हो त्यसको लहरोमा कहिलेकाहीं कीराहरू लाग्छन् र एक-दुईवटा फूल झार्छन् । तर ती एक-दुईवटा झर्दैमा त्यस लहराको सुन्दरता मेटिन्न । त्यसमा कायम रहेका सग्ला फुलहरूले आफ्नो बास्नाले दिशा-विदिशालाई सुगन्धित पारिरहन्छन् । महाराज ! त्यसरी नै, जो बुद्धशासनमा प्रव्रजित भएर पछि चीवर छाडेर गृहस्थ बन्छन्, उनीहरू त्यस फूलको जस्ता हुन् जो कीरा लाग्नाले सौन्दर्य र बास्नारहित भएर झर्छन् । उनीहरू यसरी फर्की आउनाले बुद्धशासनमा कुनै कलङ्क लाग्दैन । किनकि शासनमा जो भिक्षु कायम रहन्छन्, उनीहरूकै शीलको सुगन्धले देवताहरू र मनुष्यहरूसमेत सारा लोक सुगन्धित भई रहन्छन् ।"

"महाराज ! जस्तै उपद्रोहरहित रातो धानको खेतमा करुम्भक नामका घाँस उम्रेर बीचमै ओइलाउँछन् तर त्यसबाट खेतको शोभा घट्दैन । जुन धानहरू खडा रहन्छन् तिनकै शोभा धेरै रहेको हुन्छ । महाराज ! त्यसरी नै, जो बुद्धशासनमा प्रव्रजित भएर पछि चीवर छोड्छन् उनीहरू रातो धानको खेतमा उम्रेका करुम्भक नामका घाँस जस्तै हुन्छन् । उनीहरूले यसरी चीवर छाडेर जानाले भिक्षु-सङ्घको शोभा घट्दैन । जुन भिक्षुहरू कायम रहन्छन्, उनीहरू अर्हत्-पद पाउने योग्य पनि हुन्छन् ।"

"महाराज ! जस्तै चिताएबमोजिम फल दिने रत्नको कुनै एउटा भाग रूखो हुँदैमा रत्नको मूल्य घट्दैन । रत्नको जुन भाग स्वच्छ छ, त्यसैमा यथेष्ट चमक हुन्छ जसलाई देख्दा मानिसहरू निकै खुसी हुन्छन् । महाराज ! त्यसरी नै जो बुद्धशासनमा प्रव्रजित भएर पछि चीवर छाड्छन्, उनीहरू रत्नको रूखो भाग सरह हुन् । तर उनीहरूले यसरी चीवर छाड्दैमा बुद्धशासनमा कुनै कलङ्क लाग्दैन । जुन भिक्षुहरू कायम रहन्छन् उनीहरू नै देवता र मनुष्यहरूलाई खुसी तुल्याउँछन् ।"

"महाराज ! जस्तै, असल जातिको रक्त चन्दनमा कतै सड्नाले पनि बास्ना कायम रहन्छ । त्यसले गर्दा रातो चन्दन खराब हुँदैन जुन भागहरू सग्ला छन्, तिनैको बास्ना यति रहन्छ कि छेउ-छाउ सम्म सुगन्धित रहन्छन् । महाराज ! त्यसरी नै, जसले बुद्धशासनमा प्रव्रजित भएपछि चीवर छाडिदिन्छन्, उनीहरू चन्दनको सडेको भागजस्तै हुन् । उनीहरूले यसरी चीवर छाड़ेर गृहस्थ बनेमा पनि



Downloaded from http://www.dhamma.digital

बुद्धशासनमा कुनै कलङ्क लाग्दैन । जुन भिक्षुहरू कायम रहन्छन्, उनीहरूको शीलरूपी चन्दनको बास्नाबाट देवता र मानिसहरूका साथै सारा लोक सुगन्धित रहन्छ ।"

"साधु भन्ते नागसेन ! एकभन्दा एक असल उदाहरण र उपमाहरूद्वारा तपाईंले बुद्धशासनको शुद्धतालाई राम्ररी देखाइदिनुभयो । चीवर छाडेर जाने व्यक्तिहरूले यर्थाथमा बुझ्छन् कि बुद्धशासन कति श्रेष्ठ छ ।"

# ६. अर्हत्का शारीरिक र मानसिक वेदनाहरू

१३. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि – 'अर्हत्लाई कायिक (शारीरिक) वेदना मात्र हुन्छ, चेतसिक (मानसिक) हुँदैन । भन्ते नागसेन ! शरीरको आधार लिएर नै अर्हत्को चित्त प्रवर्तित भइरहन्छ । त्यहाँ शरीरको अनुभवमा के अर्हत्को अधिकार हुँदैन ?"

१४. "हो महाराज ! कुरो यस्तै हो ।" "भन्ते नागसेन ! यो त ठीक होइन कि अर्हत्ले आफ्नै शरीरमा हुने अनुभवमा अधिकार प्राप्त गर्न सक्दैन जव कि एउटा चराले पनि आफ्नो गुँडमा अधिकार जमाउँछ ।"

"महाराज ! यी दस कायानुगत धर्म हुन् जो, जन्मजन्मान्तरदेखि शरीरका साथ लागिरहन्छन् । कुनचाहिँ दस ? (१) सर्दी, (२) गर्मी, (३) भोक, (४) तिर्खा, (५) दिसा, (६) पिसाब, (७) थकाइ, (८) बूढ्याइँ, (९) रोग र (१०) मृत्यु । यी दस कायानुगत धर्म जन्मजन्मान्तर शरीरका साथमा लागिरहन्छन् । त्यही कारणले यहाँ अर्हत्ले आफ्नो शरीरको अनुभवमा आफ्नो अधिकार जमाउन सक्दैन, मालिक हुन सक्दैन ।"

"भन्ते ! के कारण हो कि आफ्नो शरीरका यस्ता कुराहरूमा अर्हत्को कुनै अधिकार रहँदैन ? कृपा गरेर मलाई सम्झाउनुहोस् ?" "महाराज ! जसरी पृथ्वीमा रहने सबै जीवहरू यसैमा हिंड्दछन् र आफ्नो कामकाज गर्दछन् । महाराज ! त्यसो हो भने के ती सबैले पृथ्वीमा आफ्नो वश वा शासन चलाउँछन् ?" "चलाउँदैनन् भन्ते !" "महाराज ! त्यसरी नै, अर्हत्को चित्त शरीरको आधारहरूमा प्रवर्तित त हुन्छ, तर त्यसमा तिनले शासन चल्दैन ।"

"भन्ते नागसेन ! के कारण हो कि पृथक्जन (साधारण व्यक्ति) हरूले कायिक (शारीरिक) र चेतसिक (मानसिक) दुवै वेदनाहरूको अनुभव गर्दछन् ?" "महाराज ! पृथक्जनको चित्त साधनाद्वारा वशमा रहेको हुन्न । त्यसैले उनीहरूले शारीरिक र मानसिक दुवै वेदनाहरूको अनुभव गर्दछन् । महाराज ! जस्तै, भोकले कमजोर भएको गोरुलाई घाँसको एउटा सानो र कमजोर डोरीले वा लहरोले बाँध्न सकिन्छ । यदि त्यो रिसायो भने डोरी या लहरोलाई चुँडाएर भाग्न सक्छ । महाराज ! यसरी नै जो अभावित चित्त वेदनाले चञ्चल हुन्छ । चित्त चञ्चल हुनाले शरीर छट्पटाउन र धरमराउन थाल्छ । अभावित चित्त हुनाले ऊ काँप्छ र चिच्याउँछ । महाराज ! यहीं कारण हो कि पृथक्जनलाई शारीरिक र मानसिक वेदना हुन्छ ।" "भन्ते नागसेन ! अनि त, अर्हत्लाई शारीरिक वेदना मात्र किन हुन्छ, मानसिक वेदना किन हुँदैन ?" "महाराज ! अर्हत्ले आफ्नो चित्तलाई साधनाभ्यासद्वारा सर्वथा वशमा पारेको हुन्छ । उसको चित्त उसको पूर्ण अधिकारमा रहन्छ । उसले आफ्नो मनलाई इच्छाअनुसार राख्न सक्छ । जब उसलाई कुनै दुःख हुन्छ त उसले संसारको अनित्यताको विचार दृढतापूर्वक गर्दछ, समाधीरूपी कीलोमा मानौं आफ्नो चित्तलाई बाँध्छ । यसरी उसको चित्त चञ्चल हुन पाउँदैन; ऊ स्थिर र दृढ रहन्छ; त्यसो


Downloaded from http://www.dhamma.digital

भए तापनि वेदनाले गर्दा उसको शरीर छट्पटाओस् अथवा धरमराओस् । महाराज ! यसरी अर्हत्‌लाई शारीरिक वेदना मात्र हुन्छ, मानसिक वेदना हुँदैन ।"

"भन्ते नागसेन ! यो त एउटा निकै आश्चर्य कुरो हो कि पीड़ाले शरीर छट्पटाइरहँदा पनि चित्त स्थिर र दृढ रहन्छ । कृपया यसलाई उपमा दिएर सम्झाउनुहोस् ।" "महाराज ! जस्तै एउटा एकदमै ठूलो हरियो रूख होस् । त्यसको काण्ड एकदमै मोटो होस् । त्यसका हाँगाहरू लामा फैलिएका होउन् । कहिले बेसरी बतास चल्नाले ती हाँगाहरू अगाडि-पछाडि हल्लन थालून् । महाराज ! त के त्यसको काण्ड पनि हल्लन थाल्छ ?" "हल्लिदैन भन्ते !" "महाराज ! अर्हत्‌हरूको चित्तलाई ठीक त्यसरी नै काण्डझैं सम्झनुहोस् ।"

"भन्ते नागसेन ! आश्चर्य छ, अद्‌भुत छ । यस्तो सधैं प्रकाश दिने धर्म-प्रदीपलाई मैले कहिल्यै देखिन ।"

# ७. गृहस्थले पाप गरेको विषयमा प्रश्न

१५. "भन्ते नागसेन ! कुनै गृहस्थले पाराजिक[१७९] पाप गरेको होस् । ऊ पछि प्रव्रजित होस् । उसलाई स्वयं पनि विचार नहोस् कि मैले आफ्नो गृहस्थकालमा पाराजिक पाप गरेको थिएँ न कसैले उसलाई सम्झना गराओस्, न उनले अर्हत्‌पद पाउनका लागि उद्योग गरोस् । त्यसो भए उसले सफलता पाउँछ ?" "पाउँदैन महाराज !" "भन्ते ! त्यसो किन ?" "सत्यबाटोमा आउने जुन असल हेतु थियो, त्यो नष्ट भयो । त्यसैले उसलाई सफलता प्राप्त हुँदैन ।"

"भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि – आफ्नो पापको सम्झना गर्नाले ग्लानि हुन्छ । ग्लानि हुनाले चित्त रिंगाउछ । चित्त रिंगाउनाले सत्यतिर गति रहँदैन यदि कुरो यही हो भने, पाप सम्झना नगर्नाले अनुताप (कुकुच्च) पनि हुँदैन र त्यसपछि चित्त पनि रिंगाउदैन । चित्त नरिंगाएपछि धर्माभिसमय किन हुँदैन ? यो दुविधायुक्त प्रश्नको दुइटा उल्टो परिणाम निस्कन्छ । कृपया सोचेर यसको उत्तर दिनुहोस् ।"

१६. "महाराज ! राम्ररी जोतेको र सिँचाएको कुनै उब्जाउ खेतमा पुष्ट बीउ रोपेपछि त्यो उम्रन्छ कि उम्रँदैन ?" "भन्ते ! अवश्य उम्रन्छ । महाराज ! यदि त्यो बीउ कुनै ठूलो चट्टानमा रोप्यो भने त्यो उम्रन्छ ?" "उम्रँदैन भन्ते !" "महाराज ! के कारण हो कि बीउ जोतेर पानी पटाएर सिँचेको ठाउँमा भने उम्रन्छ तर चट्टानमा उम्रँदैन ?" "भन्ते ! किनकि चट्टानमा बीउ उम्रने हेतु (कारण) नभएकोले । विनासाधन बीउ उम्रन सक्दैन ।" "महाराज ! त्यसरी नै, धर्माभिसमय (सत्यतिर गति, मार्गफल) हेतु जुन साधन थियो, गृहस्थको त्यो साधन नष्ट भइसकेकोले । विनाहेतु धर्माभिसमय हुँदैन ।" (क)

"महाराज ! के लट्ठी, डल्लो, छड़ी र गदा हावामा त्यसरी टिक्न सक्छ, जसरी पृथ्वीमा टिक्छ ?" "टिक्दैन भन्ते !" "महाराज ! के कारण हो कि ती पृथ्वीमा त टिक्न सक्छ तर हावामा टिक्न पाउँदैन ?" "भन्ते ! हावामा टिक्ने त्यसको कुनै साधन नभएकोले । विनासाधन त्यो कसरी टिक्न सक्छ ?" "महाराज ! त्यस्तै, सत्यतिर गतिको जुन साधन थियो, त्यो त्यस (गृहस्थ) मा नष्ट भइसकेकोले विनासाधन सत्यतिरको गति हुन पाउँदैन ।" (ख)

---

१७९. गृहस्थले गरेको ठूलो दोषलाई यहाँ गृहस्थ पाराजिक भनिन्छ । जस्तै–मातृघात, पितृघात, बोधिवृक्षलाई घात गर्ने, अर्हत्‌लाई मार्नु, तथागतको शरीरबाट रगत बगाउनु, भिक्षुणीलाई दूषित गर्नु । सि. मि. पृ. ३८५ ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! के पानीमा पनि आगो त्यसरी नै बल्न सक्छ जसरी पृथ्वीमा ?" "बल्न सक्दैन भन्ते !" "त्यसो किन ?" "भन्ते ! किनकि पानीमा आगो बल्ने जुन साधन छ, त्यो नरहेकोले । ती हेतुहरू बेगर बल्न सक्दैन ।" "महाराज ! त्यसरी नै; सत्यतिरको गति हुनुको जुन साधन थियो, त्यो उसमा नष्ट भइसकेकोले विनासाधन सत्यतिरको गति हुन पाउँदैन ।" (ग)

"भन्ते नागसेन ! यहाँ अलिकति विचार गर्नुहोस् । तपाईंको कुरा मैले बुझिन, अफ्नो पापको सम्झना नगरी अनुताप हुँदैन भने अन्तराय (बाधा) कसरी हुन्छ ?"

"महाराज ! के नजानेर कसैले कड़ा विष पिए भने ऊ मर्दैन र ?" "भन्ते ! अवश्य मर्छ ।" "महाराज ! त्यसरी नै, त्यो ठूलो पापको सम्झना नगरे पनि अन्तराय आउँछ नै । महाराज ! यदि कुनै मानिसले नजानेर आगोमा खुट्टाले टेक्यो भने उसलाई पोल्छ कि पोल्दैन ।" "अवश्य पोल्छ, भन्ते !" "महाराज ! त्यसरी नै, त्यो ठूलो पापको स्मरण नगरे पनि अन्तराय अवश्य आउँछ ।"

"महाराज ! यदि विषालु सर्पले कुनै मानिसलाई उसले थाहा नपाउने गरी टोक्यो भने के ऊ मर्दैन ?" "भन्ते ! अवश्य मर्छ ।" "महाराज ! त्यस्तै त्यो ठूलो पापको सम्झना गरे पनि बाधा त आउँछ नै ।"

"महाराज ! के तपाईंलाई थाहा छैन कि कलिङ्गको राजा सात रत्नहरूका साथ आफ्नो हस्तिरत्नमा चढेर जब कुनै नातादारलाई भेट्न जाँदैथियो, त्यस बेला ऊ बोधिमण्डपको माथिबाट जान सकेन, यद्यपि उसलाई थाहा थिएन ! ठीक त्यसरी नै, आफ्नो पापको सम्झना नगरे पनि सत्यतिर गृहस्थको गति हुन पाउँदैन ।"

"भन्ते नागसेन ! भगवान्ले भन्नुभएको कुरा गलत हुन सक्दैन । म पनि यसलाई स्वीकार गर्दछु ।"

## ८. गृहस्थ र भिक्षुको दुःशीलतामा भेद विषयमा प्रश्न

१७. "भन्ते नागसेन ! एउटा गृहस्थ र एउटा भिक्षु दुःशील (दुराचारी) हुनुमा के फरक छ ? के दुवै दुःशील हुनु बराबर छ ? के दुवैको विपाक (फल) बरावरी छ, अथवा दुवैमा कुनै भेद छ ?"

१८. "महाराज ! भिक्षु दुःशील हुनुमा गृहस्थ दुःशील हुनुभन्दा यी दस गुणहरू भिन्न छन्, विशेष छन् । दस कुराहरूबाट उसले आफ्नो दक्षिणालाई शुद्ध तुल्याउँछ ।"

"ती कुन दस गुण हुन् जो भिक्षु दुःशील हुनुमा गृहस्थको दुःशीलताभन्दा भिन्न हुन्छन् ? महाराज ! (१) दुःशील भएर पनि भिक्षु बुद्धप्रति श्रद्धा राख्दछ ,२. धर्मप्रति ··· , (३) सङ्घप्रति ··· , (४) सब्रह्माचारीहरूप्रति ··· , (५) धार्मिक चर्चामा लागि रहन्छ, ६. विद्वान् हुन्छ, (७) सभामा शिष्ट रहन्छ, (८) निन्दाको भयले आफ्नो शरीर र वचनमा निग्रह गर्दछ, (९) उन्नतितर्फ लागी रहने उसको चेष्टा हुन्छ र (१०) अन्य भिक्षुहरूका साथ बसेर यदि कुनै पाप गरेमा पनि लुकाएर गर्छ, महाराज ! जस्तै – विवाहिता स्त्री एकदम गोप्य तवरले कुनै पाप गर्दछ । महाराज ! यिनै दस गुण हुन्, जो भिक्षु दुःशील हुनुमा गृहस्थको दुःशीलताभन्दा भिन्न हुन्छ ।"

"कुन माथिका दस कुराहरूबाट उसको आफ्नो दक्षिणा (दान) लाई शुद्ध पार्दछ ? (१) भिक्षुको भेष धारण गरेर, (२) ऋषिहरूझैं समान शिर मुन्डन गरेर, (३) भिक्षु-सङ्घमा सम्मिलित भएर, (४) बुद्ध,



Downloaded from http://www.dhamma.digital

धर्म र सङ्घको शरणमा आएर, (५) अर्हत् पद पाउन भनी उद्योग गर्ने उचित परिस्थितिमा रहेर, (६) बुद्धधर्मका उच्च कुराहरूको खोजीमा लागेर, (७) राम्रा-राम्रा अशल धर्मदेशना दिएर, (८) धर्मलाई प्रकाशमा ल्याएर, (९) बुद्धलाई सर्वश्रेष्ठ मानेर, १० उपोसथ-व्रत पालन गरेर उसले दक्षिणालाई शुद्ध पारिदिन्छ। महाराज ! उपर्युक्त दश कुराहरूले उसले आफ्नो दक्षिणा शुद्ध पार्दछ।"

"महाराज ! भिक्षु दुःशील भएर पनि यसरी लागेर दायक (दाता) द्वारा दिइएको दक्षिणालाई उसले सफल तुल्याइ दिन्छ। महाराज ! जतिसुकै फोहोर, हिलो, धूलो र मैलो किन नहोस्, त्यसलाई पानीले धुन सकिन्छ। त्यसरी नै, भिक्षु दुःशील भएर पनि यसरी लागेर दायक (दाता) द्वारा दिइएको दक्षिणालाई उसले सफल तुल्याइदिन्छ।"

"महाराज ! जस्तै उम्लिरहेको पानीले बलिरहेको आगोलाई निभाइदिन्छ। त्यसंरी नैं, भिक्षु दुःशील भएर पनि राम्ररी धर्ममा लागेर दायक (दाता) द्वारा दिइएको दक्षिणालाई उसले सफल तुल्याइदिन्छ। महाराज ! जस्तै, भोजन स्वादिलो नभए पनि त्यसले भोक मेटाउँछ। त्यसरी नै, भिक्षु दुःशील भए पनि राम्ररी आचरण गर्नाले दायक (दाता) द्वारा दिएको दक्षिणालाई उसले सफल तुल्याइदिन्छ।"

"महाराज ! मज्झिमनिकायमा 'दक्षिणा-विभङ्ग' नामको धर्मोपदेश गरेको समयमा देवातिदेव तथागतले यसो भन्नुभएको छ : –

**यो सीलवा दुस्सीलेसु ददाति दानं, धम्मेन लद्ध सुपसन्नचितो ।**
**अभिसद्दकं कम्मफलं उलारं, सा दक्खिण दायकतो विरुज्झती'ति ॥**[१८०]

**'धर्म र श्रद्धाले युक्त जो शीलवान् दुःशीललाई दान दिन्छ,**
**त्यसले निकै राम्रो कर्मफल पाउँछ, दायकको त्यो दक्षिणा शुद्ध हुन्छ।'**

"भन्ते नागसेन ! आश्चर्य छ ! ! अद्भुत छ ! ! मैले तपाईंलाई एउटा सानो प्रश्न सोधेको थिएँ। तर तपाईंले त्यसलाई उदाहरण र तर्कले यति स्पष्ट गरिदिनुभयो कि अब सुन्दाखेरि त्यो अमृतजस्तो मीठो लाग्छ। भन्ते ! कुनै असल भान्छेले थोरै सामान पाएर पनि खोर्सानी-मसला हालेर उसले त्यसलाई स्वदिलो बनाइदिन्छ र राजाले त्यसलाई मीठो मान्दै खान्छ। त्यसरी नै, मैले तपाईंसित एउटा सानो प्रश्न सोधेको थिएँ, तर तपाईंले त्यसलाई उपमाहरू र तर्कले यति स्पष्ट गरिदिनुभयो कि अब सुन्दाखेरि त्यो अमृत जस्तै मीठो लाग्छ।"

## ९. पानीमा प्राणविषयक प्रश्न

१९. "भन्ते नागसेन ! आगोमा पानी राख्नाले 'बुदबुद', 'खतखत' जस्ता अनेक प्रकारका शब्दहरू उत्पन्न हुन्छन्। भन्ते ! के पानीमा पनि जीव छ ? अथवा त्यसै, विनाकारण शब्द उत्पन्न हुन्छ ? अथवा दुःख दिंदा त्यसले शब्द उत्पन्न गर्दछ ?" "महाराज ! पानीमा जीव वा प्राण छैन। तर, आगोको बढी गर्मीले पानीमा एउटा गति उत्पन्न हुन्छ, जसले गर्दा त्यो 'बुदबुद','खतखत' आदि अनेक प्रकारका शब्दहरू उत्पन्न हुन्छन्।"

---

१८०. दक्खिणाविभङ्ग-सुत्त, म. नि. (नेपाली) पृ. ८६१ हेर्नुहोला।



Downloaded from http://www.dhamma.digital

"भन्ते नागसेन ! अर्को मत मान्ने कतिपय तिर्थङ्करहरूले यस्तो ठान्दछ कि पानीमा जीव छ । त्यसैले उनीहरू चिसो पानीलाई छाडेर तातो पानी पिउँछन् । उनीहरू तपाईं बौद्धहरूको निन्दा गर्दै भन्छन् – 'यी शाक्यपुत्र श्रमणहरू एक इन्द्रिय भएको जीवलाई नष्ट गर्छन् ।' त्यसैले तपाईं कृपया यस्तो निन्दाको उचित उत्तर दिएर उनीहरूलाई चुप लगाउनुहोस् ।" "महाराज ! पानीमा जीव या प्राण छैन । परन्तु आगाको धेरै रापले गर्दा पानीमा एउटा गति उत्पन्न हुन थाल्छ, जसबाट त्यसले 'बुदबुद','खतखत' शब्दहरू उत्पन्न गर्दछ ।"

२०. "महाराज ! जस्तै खाडल, पोखरी, दह, ताल, कन्दरा, प्रदर र कुवाको पानी कहिलेकाहीं धेरै तेज आँधी चल्नाले उडेर सुक्छ, तब के त्यस बेला पनि त्यसले अनेक प्रकारले शब्द उत्पन्न गर्दछ ?" "गर्दैन भन्ते !" "महाराज ! यदि पानीमा जीव रहेको भए त्यस बेला पनि अवश्य शब्द उत्पन्न हुनुपर्थ्यो । महाराज ! यति मात्रबाट सम्झनुहोस् कि पानीमा जीव वा प्राण छैन । तर आगोको बढी तापले पानीमा एउटा शक्ति उत्पन्न हुन्छ; जसले गर्दा त्यसले 'बुदबुद', 'खतखत' आदि अनेक प्रकारका शब्द उत्पन्न गर्न थाल्छ ।"

"महाराज ! पानीमा जीव वा प्राणी छैन, यसको एउटा अर्को कारण सुन्नुहोस् । महाराज ! यदि चामलका साथ पानी हालेर कुनै हाँडीमा बन्द गरेर आगोमा बसाइएन भने त्यसले शब्द उत्पन्न गर्छ कि गर्दैन ?" "गर्दैन भन्ते ! त्यसमा कुनै गति हुन्न; त्यो शान्त रहन्छ । महाराज ! यदि त्यही हाँडीलाई त्यसरी नै उचालेर चुल्होमा राख्दा र आगो बाल्दा के त्यो चुप लाग्छ ?" "लाग्दैन भन्ते ! त्यो छड्कन र उम्लन थाल्छ । हाँडीभित्रको सबै थोक छड्कन थाल्छ ।" "महाराज ! त्यहीं चिसो रहँदा यस्तो चञ्चल किन हुँदैन ? किन शान्त भई रहन्न ?" "भन्ते ! आगोको धेरै तापले गर्दा त्यो यसरी नाना प्रकारले चल्न र उम्लन थाल्छ ।" "महाराज ! यस प्रकार सम्झनुहोस् कि पानीमा जीव छैन … ।"

"महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् । के घर-घरमा मुख छोपेर पानी गाग्राहरूमा राखिन्न ?" "हो भन्ते ! राखिन्छ ।" "महाराज ! के त्यसको पनि पानी चल्छ ?" "चल्दैन भन्ते ! ती गाग्राहरूको पानी शान्त र स्वाभाविक रहन्छ ।" "महाराज ! के तपाईंले पहिले सुन्नुभएको छ कि समुद्रको पानी चञ्चल हुन्छ, लुटपुटिन्छ, छाल उठ्छ, तल-माथि हुन्छ, उतार-चढाउ हुन्छ, ठोकिन्छ, घुमि रहन्छ, किनारामा ठोकिन्छ; सधैं 'हा-हा' शब्द उत्पन्न गरिरहन्छ ?" "हो भन्ते ! मैले सुनेको छु र स्वयं देखेको पनि छु । महासमुद्रको पानी सय, दुई सय हात माथि पनि उचालिन्छ ।" "महाराज ! के कारण हो कि गाग्रोको पानी न त छचल्किन्छ न शब्द नै उत्पन्न गर्दछ । तर समुद्रको पानी छचल्किरहन्छ र नाना प्रकारले शब्द उत्पन्न गरिरहन्छ ?" "भन्ते ! बतास बेसरी चल्नाले नै समुद्रको पानी छचल्कि रहन्छ, भन्ते ! गाग्रोको पानी न त हिंड्छ न डुल्छ नै । यसैले शान्त रहन्छ र कुनै शब्द उत्पन्न गर्दैन ।" "महाराज ! जस्तै बतास चल्नाले पानी छचल्किन थाल्छ, त्यसरी नै, आगोको तापले गर्दा पानीमा एउटा गति उत्पन्न हुन्छ जसले गर्दा त्यो उम्ल थाल्छ र छड्कन्छ ।"

"महाराज ! नगरा (बाजाविशेष) लाई गाईको सुक्खा छालाले दोब्र्याइदिन्छौं, होइन ?" "हो भन्ते !" "महाराज ! के नगरामा पनि जीव या प्राण छ ?" "छैन भन्ते !" "महाराज ! त्यसो हो भने नगरा किन गड्गडाउँछ ?" "भन्ते ! कुनै व्यक्ति (स्त्री या पुरुष) ले चोट दिनाले (हिर्काउनाले) नगरा गडगडाउँछ, त्यस्तै आगोको तापले गर्दा पानीमा गति उत्पन्न हुन्छ, जसले गर्दा त्यो उम्लन र छड्कन थाल्छ । महाराज ! यसबाट पनि सम्झनुहोस् कि पानीमा जीव छैन … ।"

"महाराज ! मैले पनि केही सोध्न बाँकी छ जसले गर्दा यो प्रश्न एकदमै स्पष्ट होस् । महाराज ! के सबै भाँडामा पानी तातो गर्नाले शब्द उत्पन्न हुन्छ या विशेष भाँडामा मात्र ?" "होइन भन्ते ! सबै भाँडामा पानी तताउँदा शब्द आउँदैन । कुनै कुनै भाँडामा मात्र त्यसो हुन्छ । महाराज ! तपाईंले आफ्नो



Downloaded from http://www.dhamma.digital

कुरा छाड्नुभयो । तपाईं मेरो पक्षमा आउनुभयो । पानीमा जीव या प्राण छैन । महाराज ! यदि सबै भाँडामा पानी तताउँदा शब्द उत्पन्न भएमा भन्न सकिन्थ्यो कि पानीमा जीव छ । महाराज ! पानी दुई प्रकारको त हुँदैन नि – एउटा त्यो, जसले शब्द उत्पन्न गर्दछ त्यसमा जीव छ; दोस्रो त्यो, जसले शब्द उत्पन्न गर्दैन, जसमा जीव छैन ।"

"महाराज ! ठूलो मस्त हात्तीले पानीलाई सुँडले तानेर आफ्नो शरीरमा छर्कन्छ या मुखमा हालेर पिउँछ । यदि पानीमा जीव रहेको भए त्यसले त्यसरी उसका दाँतको बीचमा पिसिएर पानीले शब्द उत्पन्न गर्नुपर्ने थियो । समुद्रमा तिमि, तिमिङ्गल आदि अनेक प्रकारका माछाहरू रहन्छन् । तिनीहरूले पनि पानीलाई आफ्नो शरीरभित्र लिएर बाहिर फ्याँक्छन् । तिनीहरूका दाँतबाट पिसिएर पानीले शब्द उत्पन्न गर्नुपदर्थ्यो । महाराज ! यति ठूला प्राणीहरूबाट पिसिएर पानीले शब्द उत्पन्न गर्दैन । त्यसैले यही सार निस्कन्छ कि पानीमा जीव या प्राण छैन । महाराज ! यस प्रकार पनि सम्झनुहोस् कि पानीमा जीव या प्राण छैन ··· ।"

"साधु भन्ते नागसेन ! प्रश्नको विश्लेषण गरेर तपाईंले त्यसलाई किनारा लगाउनुभयो । सिपालु जौहरीको हात परेपछि असल रत्नहरूको प्रतिष्ठा हुन्छ । मोतीहर (मोतीलाई चिन्ने र मुल्याङ्कन गर्न सक्ने) को हातमा आएपछि नै मोतीको वास्तविक प्रतिष्ठा हुन्छ । कपड़ाको श्रेष्ठीको हात परेपछि नै साँच्चै दोसल्लाका उचित प्रतिष्ठा हुन्छ । बास्ना हातमा आएर नै रातो चन्दनको प्रतिष्ठा हुन्छ । भन्ते नागसेन ! त्यसरी नै, तपाईंले यस प्रकार उत्तर दिनुभयो । तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

**(यस वर्गमा नौ प्रश्नहरू छन् । )**

**प्रथम बुद्ध वर्ग समाप्त ।**

# २. निष्प्रपञ्चवर्ग

## १. निष्प्रपञ्चता विषयमा प्रश्न

१. "भन्ते नागसेन ! भगवान्‌ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! प्रपञ्च (झन्झट) मा नपर; प्रपञ्चबाट परै बस ।' त्यस्ता निष्प्रपञ्चहरू कतिवटा छन् ?"

२ "महाराज ! स्रोतापत्तिको फलमा प्रपञ्च हुँदैन, यसरी नै, सकृदागामी, अनागामी र अर्हत् फलमा पनि प्रपञ्च हुँदैन । भन्ते नागसेन ! यदि कुरा यस्तो हो भने – भिक्षुहरू यस्ता कुराहरूको झन्झटमा किन पर्छन्, जस्तै – (१) सूत्र (२) गेय्यं, (३) वेय्याकरणं, (४) गाथा, (५) उदान, (६) इतिवुत्तक, (७) जातक, (८) अद्‌भुतधर्म र (९) वेदल्ल[१८१] ? यस्ता कुराहरू किन पढाउँछन् र स्वयं

१८१. बुद्धवचन त्रिपिटकलाई बुद्धकालीन समयमा नौ अंगमा विभाजन गरेकोपाइन्छ । अधिक जानकारीको लागि आचार्य भिक्षु अमृतानन्दको बुद्धकालीन ब्राह्मण भाग ३ को पृ. ३०१ को पादटिप्पणी हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

आपसमा तिनको चर्चा गर्छन् ? नयाँ नयाँ विहार बनाउनु, दान लिनु र पूजा गर्नुको झन्झटमा किन पर्छन् ? यस प्रकार के उनीहरू बुद्धद्वारा निषेधित कार्यमा लागेका त हैनन् ?"

"महाराज ! भिक्षुहरू यस्ता कुराहरूको प्रपञ्चबाट छुट्नका लागि नै त्यसो गर्छन् । महाराज ! जो आफ्नो पूर्वजन्ममा राम्ररी वासनाहरूले शुद्ध भई सकेकाहरू चाँडैं नै समग्र प्रपञ्चबाट (अर्हत् हुन्छन्) छुट्छन् र भिक्षुहरूमा अहिलेसम्म जुन राग छ, उनीहरू बिस्तारै-बिस्तारै यी प्रपञ्चबाट छुट्न सक्छन् ।"

"महाराज ! जस्तै, कुनै मानिसले खेतमा बीउ रोपेर कुनै घेरबेर नगरी आफ्नो बल र वीर्यले बाली फलाउँछ । दोस्रो व्यक्ति जङ्गलबाट काठ र हाँगा काटेर ल्याउँछ र खेतका चारैतिर बार लगाउँछ, त्यसपछि बीउ रोपेर बाली फलाउछ । दोस्रो व्यक्तिले घेरा लाउनका लागि जो प्रयत्न गर्दछ, त्यो बाली फलाउनका लागि नै हो । महाराज ! त्यस्तै, जो आफ्नो पूर्वजन्ममा असल बासनाहरूले शुद्ध भइसकेका छन्, उनीहरू घेरबेर नगरी चाँडो बाली फलाएर भिक्ने व्यक्ति जस्ता हुन् जो सबै प्रपञ्चबाट छुट्छन् । तर जुन भिक्षुहरूमा अहिलेसम्म राग छ, उनीहरू बिस्तारै-बिस्तारै घेरा बाधेर बाली उमार्ने पुरुषजस्तै प्रपञ्चबाट छुट्छन् ।"

"महाराज ! जस्तै कुनै अग्लो रूखमा आँपका फलहरूको एक झुप्पा लागेको होस् । कुनै ऋद्धिमान् पुरुषले चाहेमा सजिलै त्यो लिन सक्छ । तर साधारण मानिसले रूख मास्तिर जान काठलाई काटेर भऱ्याङ लगाउनु त्यो फल लिनका लागि हो । महाराज ! त्यस्तै, जो आफ्ना पूर्वजन्महरूमा असल वासनाहरूबाट शुद्ध भइसकेका छन्, उनीहरू चाँडै ऋद्धिमान् पुरुषले फल प्राप्त गरेझैं सारा प्रपञ्चबाट छुट्छन् र जुन भिक्षुहरूमा अहिलेसम्म राग छ, उनीहरू यही उपायबाट बिस्तारै-बिस्तारै भऱ्याङ लगाएको मानिसजस्तै प्रपञ्चबाट छुट्छन् । महाराज ! जस्तै कुनै बाठो मानिसले एक्लै मालिक (राजा) का सामु गएर आफ्नो काम बनाउँछ र दोस्रोचाहिँ कुनै धनवान् व्यक्ति आफ्नो धनले गर्दा मालिक (राजा) का सामु कुनै काम विशेषले ठूलो परिषद् लिएर जान्छ । यहाँ उसले ठूलो परिषद्लाई बटुल्नु आफ्नो काम बनाउनका लागि हो । महाराज ! त्यस्तै, नै जो आफ्ना पूर्वजन्महरूमा असल वासनाबाट शुद्ध भइसकेका छन् उनीहरू चाँडै नै बाठो व्यक्तिलेझैं, छ अभिज्ञा प्राप्त गर्दछ । जुन भिक्षुहरूमा अहिलेसम्म राग छ, उनीहरू यही उपायबाट बिस्तारै-बिस्तारै त्यस धनवान् मान्छेले जस्तै श्रामण्यफल प्राप्त गर्छन् ।"

"महाराज ! धर्मग्रन्थहरूका पाठ पढ्नु बडो राम्रो काम हो, धर्म साकच्छा (चर्चा) पनि धेरै बेस हो, नयाँ विहार बनाउनु पनि निकै राम्रो काम हो, र दान-पूजा गर्नु पनि धेरै जाती हो । यसबाट धेरै उपकार हुन्छ । महाराज ! राजाका धेरै नोकर चाकर रहन्छन्; जस्तै, मन्त्री, अधिकारी, सिपाही, दूत, चौकीदार, अङ्गरक्षक, सभासद । राजालाई कुनै काम पर्दाखेरि प्रत्येकले कुनै न कुनै उपकार गर्दछ । महाराज ! त्यस्तै, धर्मग्रन्थहरूको पाठ, धर्मचर्चा, नयाँ विहार बनाउनु दान पूजा गर्नु आदि सबै थोक निकै उपकारक छन् ।"

"महाराज ! यदि सबैजना स्वयं शुद्ध हुन्छन् भने उपदेश दिने मानिसको आवश्यकता नै पर्दैन ।"

"महाराज ! तर कुरो यो होइन । शिष्य बन्नु पनि आवश्यक छ । स्थविर सारिपुत्रले अनन्त कल्पदेखि धेरै पुण्य कमाउनुभएको थियो र प्रज्ञा पारमिको चरम सीमासम्म प्राप्त गर्नुभयो । तर अर्हत् पद पाउनका लागि उहाँले पनि गुरु बनाउनुपऱ्यो । महाराज ! यसरी शिष्य बन्नमा धेरै फाइदा (लाभ) छ; धर्मग्रन्थहरूको श्रवण तिनका पाठ र तिनका विषयमा चर्चा-सबैबाट धेरै फाइदा हुन्छ । त्यसैले जुन भिक्षु यस्ता काममा लागिरहन्छन् उनीहरू बिस्तार-बिस्तार प्रपञ्चबाट छुट्छन् ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"



Downloaded from http://www.dhamma.digital

## २. गृहस्थको अर्हत्व भाव विषयमा प्रश्न

३. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि – जो गृहस्थ भएर अर्हत् पद पाउँछ उसका लागि दुईवटा मात्र गती हुन सक्दछ, तेस्रो होइन । या त ऊ सोही दिन प्रव्रजित हुन्छ या उसले परिनिर्वाण पाउँछ । (त्यसो नगरी) अर्को दिन उसले बिताउन सक्दैन ।"

"भन्ते ! यदि त्यस दिन आचार्य, उपाध्याय, पात्र, चीवर पाएन भने उसले के गर्छ ? के उसले अर्हत् भएर उपाध्यायबेगर आफूले आफूलाई नै प्रव्रजित गर्दछ ? अथवा, एकदिनसम्म रहन्छ ? अथवा कुनै दोस्रो ऋद्धिमान् अर्हत् आएर उसलाई प्रव्रजित गरिदिन्छ ? अथवा, उसले परिर्निवाण पाउँछ ?"

"महाराज ! अर्हत् भएर उपाध्यायबेगर ऊ आफूले-आफैलाई प्रव्रजित गर्न सक्दैन । स्वयं प्रव्रजित गरेमा चोरेको दोष लाग्छ (किनकि उसले विनाअधिकार भिक्षु-भेष धारण गर्दछ) ऊ एक दिन पनि रहन सक्दैन । दोस्रो अर्हत् आऊन् या नआउन्, उसले त्यसै दिन परिनिर्वाण प्राप्त गर्दछ ।"

"भन्ते नागसेन ! त्यसो हो भने अर्हत्को शान्त भाव रहेन, किन कि उसको त्यो हरण भयो ।"

"महाराज ! गृहस्थ रहनु अर्हत्को अनुकूल छैन त्यसैले गृहस्थ अर्हत् भएपछि या त प्रव्रजित हुन्छ या त उसले परिनिर्वाण पाउँछ । अर्हत्को शान्त भावमा कुनै दोष छैन । गृहस्थ रहनुको अनुकूल नहुनु यही कारण हो । गृहस्थको भेषमा त्यति बल छैन कि उसले अर्हत्त्वलाई सम्हाल्न सकोस् ।"

"महाराज ! जस्तै, भोजनले सबै सत्त्वलाई पालन गर्दछ; सबै सत्त्वहरूको प्राणरक्षा गर्दछ । तर, त्यही भोजन, पेटमा रोग भएपछि या मन्दाग्नि (अजीर्ण) भएपछि त्यसले प्राण पनि हरण गर्न सक्छ । महाराज ! यसमा भोजनको दोष छैन बरु पेटको कमजोरी र अजीर्ण हुनुको दोष हो । महाराज ! त्यसरी नै, गृहस्थ रहनु अर्हत्को अनुकूल छैन । त्यसैले गृहस्थ अर्हत् हुनासाथ या त प्रव्रजित हुन्छ या परिनिर्वाण प्राप्त गर्दछ, अर्हत्को शान्त भावमा कुनै दोष छैन । गृहस्थ अरहन्त रहनुको अनुकूल नहुनु नै यही कारण हो । गृहस्थको भेषमा त्यति बल छैन कि उसले अर्हत्वलाई सम्हाल्न सकोस् ।"

"महाराज ! यदि एउटा सानो र पातलो दूबो माथि एउटा भारी ढुङ्गा राखेमा त्यो कमजोर भएर भाँचिन्छ र थिचिन्छ । महाराज ! त्यसरी नै, गृहस्थ अर्हत् भएपछि या त प्रव्रजित हुन्छ या परिनिर्वाण प्राप्त गर्दछ ।"

"महाराज ! जस्तै, यदि सानो जातको कुनै गरीब र मूर्ख मानिसलाई विशाल राज्यको गद्दीमा बसाइयो भने के उसले त्यसलाई सम्हाल्न सक्छ ? महाराज ! त्यसरी नै, गृहस्थको भेषले अर्हत्वलाई सम्हाल्न सक्दैन । गृहस्थ अर्हत् भएपछि या त प्रव्रजित हुन्छ या उसले परिनिर्वाण पाउँछ ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ३. क्षीणास्रवको स्मृति भ्रंश विषयमा प्रश्न

५. "भन्ते नागसेन ! के अर्हत् कहिले आफ्नो स्मृतिबाट च्युत हुन्छ ?" "महाराज ! अर्हत् कहिले पनि आफ्नो स्मृतिबाट च्युत हुँदैन । उसको चित्त कहिले पनि असावधान हुँदैन ।" "भन्ते ! के अर्हत्ले कहिले कुनै आपत्ति (दोष) गर्न सक्छ ?" "हो महाराज ! गर्न सक्छ ।" "भन्ते ! त्यो कसरी ?" "कुटी



Downloaded from http://www.dhamma.digital

बनाउनमा, सच्चरित्रतामा, विकाललाई उचित काल सम्भनमा, प्रवारितलाई अप्रवारित सम्भन्छ तथा जुन अतिरिक्त छैन, त्यसलाई अतिरिक्त सम्भन सक्छ।"

"भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि आपत्ति (दोष) गर्नुको दुई मात्र कारण हुन सक्छ, (१) असावधानी या (२) अज्ञानता। के असावधानवश अर्हत्‌ले आपत्ति (दोष) गर्छ ?" "गर्दैन महाराज !" "भन्ते ! त्यसो हो भने अवश्य आफ्नो स्मृति च्युत हुनुको कारण नै उसले आपत्ति गर्दछ, होइन त ?" "होइन महाराज ! यद्यपि उसले आपत्ति गरे तापनि ऊ आफ्नो स्मृतिबाट च्युत हुँदैन।" "भन्ते ! यो कसरी हुन सक्छ ? कृपया कारण बताएर मलाई सम्भाउनुहोस्।"

६. "महाराज ! दोष दुई प्रकारका हुन्छन् – (क) लोकमा निन्दनीय काम गर्नु र (ख) भिक्षु प्रज्ञप्ति (नियम) विरुद्ध आचरण। (१) लोकमा निन्दनीय काम के हो ? दश प्रकारको अकुशल (पाप) कर्म, जस्तै, (१) जीवहिंसा, (२) चोरी, (३) व्यभिचार, (४) भूटो बोल्नु, (५) चुक्ली गर्नु (६) कठोर वाणी बोल्नु, (७) व्यर्थको गफ गर्नु, (८) लोभ गर्नु, (९) द्वेष गर्नु र (१०) मिथ्यादृष्टि (गलत धारणा)। (ख) भिक्षु प्रज्ञप्तिका विरुद्ध आचरण गर्नु के हो ? जो भिक्षुका लागि गलत सम्भन्छ तर साधारण व्यक्तिहरूका लागि होइन – ती नियमहरू जो भगवान्‌ले श्रावकहरूलाई जन्मभरि पालन गर्नका लागि भन्नुभएको छ। महाराज ! जस्तै, गृहस्थहरूको लागि विकाल भोजन गर्नमा कुनै दोष छैन, तर भिक्षुले यस्तो गर्न सक्दैन। जलक्रीड़ा गर्नमा गृहस्थहरूका लागि कुनै दोष छैन। तर भिक्षुले यसो गर्न सक्दैन। महाराज ! यसरी नै, अरू पनि थुप्रै कुराहरू छन् जो गरेमा गृहस्थहरूलाई त कुनै दोष लाग्दैन तर भिक्षुले त्यसो गर्न सक्दैन। महाराज ! यसैलाई भिक्षु प्रज्ञप्तिका विरुद्ध आचरण गर्नु हो भने भनिन्छ।"

"महाराज ! लोकमा जो निन्दनीय खराब काम छन् त्यस्तो दोष अर्हत्‌ले कहिल्यै गर्न सक्दैन। यति हो कि कहिलेकाहीँ अनजानमा भिक्षुले नियमविरुद्ध काम गर्दछ। महाराज ! सबै अर्हत्‌हरू सबै कुरा जान्दैनन्। उनीहरूमा यस्तो बल छैन कि सबै कुरा जान्न सकून्। स्त्री पुरुषको नाम र गोत्र पनि अर्हत्‌ले जान्न सक्दैन्। कुनै विशेष बाटोको नाम पनि उसलाई थाहा नहुन सक्छ। तर अर्हत् विमुक्तिलाई भने अवश्य जान्दछ। अभिज्ञाहरूको सबै कुरा अर्हत्‌ले अवश्य जान्दछ। महाराज ! सर्वज्ञ तथागतले मात्र सबै कुरा बुभ्नुहुन्छ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु।"

## ४. लोकमा छैन भन्ने (नास्ति-भाव) विषयमा प्रश्न

७. "भन्ते नागसेन ! लोकमा बुद्ध देखिन्छ। त्यस्तै, प्रत्येकबुद्ध, बुद्धको श्रावक, चक्रवर्ती राजा, सानो-ठूलो राजा, देवता, मनुष्य, धनी, निर्धन, सत्कर्म गर्ने, दुष्कर्म गर्ने, पुरुष स्त्री भएको, स्त्री पुरुष भएको असल काम बिग्रेको, पाप र पुण्यको फल भोगेको व्यक्ति देखिन्छ, लोकमा कति जीव अण्डज छ, कति जरायुज (गर्भमा बस्ने), कति संस्वेदज (फोहोर आदिबाट उत्पन्न हुने) र कति औपपातिक (गर्भमा रहनु नपर्ने), कति जीव खुट्टा बेगरको, कति दुई खुट्टाको, कति चार खुट्टाको, कति अनेक खुट्टा भएको, लोकमा राक्षस, कुम्भाण्ड, असुर, दानव, गन्धर्व, प्रेत, पिशाच, किन्नर, ठूलठूला सर्प, नाग, गरुड़, गिद्ध, विद्याधर, हात्ती, घोडा, गाई, भैंसी, उँट, गधा, बाखा, भेडा, मृग, सुँगुर, सिंह, बाघ, चितुवा, भालु, ब्वाँसो, तरक्ष (लकड़बग्घा), कुकुर, स्याल र अनेक प्रकारका चराहरू पनि छन्। सुन, चाँदी, मोती, मणि, शङ्ख, मूल्यवान् ढुङ्गा, रातो मणि, मुगा, मसारगल्ल (मणिरत्न), वैदूर्य (हीरा), वज्र, स्फटिक, फलाम, तामा, पीतल, काँस पनि छन्। क्षौम (पटुवा) वस्त्र, रेशमी वस्त्र, सुती कपडा, जुटको कपड़ा, ऊनी, कम्बल



Downloaded from http://www.dhamma.digital

पनि छन् । चामल, धान, जौ, प्रियङ्ग (कंगनी अन्नको नाम) कोदो, बोडी, गहुँ, मुंग, मास, तिल, कुलत्थ ( मासजस्तै दाल), मूल गन्ध (जराको सुगन्ध), सारको गन्ध, पाप्राको गन्ध, बोक्राको गन्ध, पातको गन्ध, फूलको गन्ध, फलको गन्ध पनि छन् र अरू पनि विभिन्न प्रकारका गन्धद्रव्यहरू छन् । घाँस, लहरो, झाडी, रूख र औषधी, वनस्पति पनि छन् । खोला, पर्वत, समुद्र पनि छन् । माछा कछुवा पनि छन् । लोकमा सबै थोक छन् । भन्ते ! जुन लोकमा छैन, सो बारे कृपया गरेर भन्नुहोस् ।"

८. "महाराज ! लोकमा तीन बस्तुहरू छैनन् ।" "कुनचाहिँ तीन ?" "महाराज ! (१) लोकमा अजर, अमर, सचेतन र अचेतन कोही पनि छैन । (२) संस्कार नित्य छैन र (३) परमार्थतः कुनै जीव या आत्मा भएको वस्तु छैन । महाराज ! संसारमा यी तीन वस्तुहरू छैनन् ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

# ५. अकर्मजादि विषयमा प्रश्न

९."भन्ते नागसेन ! लोकमा कुनै कर्मको कारण उत्पन्न भएको देखिन्छ भने कुनै हेतुको कारण र कुनै ऋतुको कारण । भन्ते ! जो यस लोकमा विनाकर्मको कारण विनाहेतुको कारण र विनाऋतुको कारण उत्पन्न हुने कुनै वस्तु छ ? छ भने भन्नुहोस् ।"

१०. "महाराज ! लोकमा यस्ता दुई वस्तुहरू मात्र छन् जो न कर्मको कारण, न हेतुको कारण, र न ऋतुको कारण उत्पन्न हुन्छन् ।" "कुनचाहिँ दुई ?" "महाराज ! (१) आकाश, जो न कर्मको कारण, न हेतुको कारण, न ऋतुको कारण उत्पन्न हुन्छ र (२) निर्वाण, जो न कर्मको कारण न हेतुको कारण, न ऋतुको कारण उत्पन्न हुन्छ । महाराज ! यी दुई चीजहरू न कर्मको कारण, न हेतुको कारण, न ऋतुको कारण उत्पन्न हुन्छन् ।"

"भन्ते नागसेन ! बुद्धवचनलाई नबिर्गानुहोस् । कुरा नबुझी झट्टै उत्तर नदिनुहोस् ।" "महाराज ! तपाईंले मलाई बुद्धवचन नबिर्गानुहोस्, कुरा नबुझीकन झट्टै उत्तर नदिनुहोस् भनी भन्नुभयो, मैले तपाईंलाई त्यस्तो के कुरा भनेको छु ?" "भन्ते नागसेन ! यसो भनेमा बेस हुन्छ कि आकाश न कर्मको कारण, न हेतुको कारण, न ऋतुको कारण उत्पन्न हुन्छ । तर भन्ते ! सयकडौं प्रकारले भगवान्ले आफ्ना श्रावकहरूलाई निर्वाण साक्षात् गर्ने मार्ग देखाउनुभयो । तैपनि तपाईं कसरी भन्न सक्नुहुन्छ कि निर्वाण अहेतुक हुन्छ ?"

"महाराज ! यो सत्य हो कि भगवान्ले सयकडौं प्रकारले आफ्ना श्रावकहरूलाई निर्वाण साक्षात् गर्ने मार्ग देखाउनुभयो । तर उहाँले निर्वाण उत्पन्न गर्ने हेतुलाई देखाउनुभएको होइन ।"

"भन्ते ! यहाँ झनै अन्धकारमा परें, झन् अन्धकार वनमा परें, यो प्रश्न झन् जटिल भयो । यदि निर्वाण-साक्षात् गर्ने हेतु छ भने त्यो कसरी हुन सक्छ कि त्यसलाई उत्पन्न गर्ने हेतु नहोस् । यदि निर्वाण साक्षात् गर्ने हेतु छ भने त्यसलाई उत्पन्न गर्ने हेतु पनि त हुनैपर्छ ।"

"भन्ते नागसेन ! जस्तै, कुनै छोरोको बुबा हुन्छ, त्यस बुबाको पनि बुबा हुनैपर्छ । शिष्यका गुरु हुन्छन्, त्यस्तै, उनका पनि गुरु हुनैपर्छ । टुसोको बीउ हुन्छ । त्यस बीउको पनि बीउ हुनैपर्छ । भन्ते नागसेन ! त्यसरी नै, यदि निर्वाण साक्षात् गर्ने कुनै हेतु छ भने, त्यसको कुनै उत्पन्न गर्ने हेतु पनि हुनैपर्छ ।"



Downloaded from http://www.dhamma.digital

"रूखको लहरो या शीर्षभाग हुन्छ भने, त्यसको मध्य भाग र मूल जरो पनि हुनैपर्छ । भन्ते नागसेन ! त्यसरी नै, यदि निर्वाण साक्षात् गर्ने हेतु छ भने त्यसको कुनै उत्पन्न गर्ने हेतु पनि हुनैपर्छ ।" "महाराज ! निर्वाण उत्पन्न गर्न सकिन्न । त्यसैले त्यसको कुनै हेतु हुनैपर्छ भन्ने छैन ।"

११. "भन्ते नागसेन ! त्यसो भए कारण दिएर मलाई सम्झाउनुहोस् कि कसरी निर्वाण-साक्षात् गर्ने हेतु भएर पनि त्यसलाई उत्पन्न गर्ने हेतु हुँदैन ।"

१२. "हुन्छ ! सावधानीपूर्वक ध्यान दिएर सुन्नुहोस् । म त्यसको कारण भन्दैछु – महाराज ! कुनै मानिसले आफ्नो प्राकृतिक शक्तिले यहाँबाट पर्वतराज हिमालयसम्म पुग्न सक्छ ?" "हो भन्ते ! पुग्न सक्छ ।" "महाराज ! त्यसो भए के उसले आफ्नो प्राकृतिक शक्तिले पर्वतराज हिमालयलाई यहाँ ल्याउन सक्छ ?" "सक्दैन भन्ते ! ल्याउन सक्दैन ।" "महाराज ! त्यसरी नै, निर्वाण साक्षात् गर्ने मार्गबारे भन्न सकिन्छ तर त्यसको उत्पादक हेतुलाई कसैले देखाउन सक्दैन ।"

"महाराज ! के कुनै पुरुष आफ्नो प्राकृतिक शक्तिले डुङ्गामा चढेर महासमुद्रपारि जान सक्छ ?" "हो भन्ते ! पारि जान सक्छ ।" "महाराज ! तर के उसले आफ्नो प्राकृतिक शक्तिले त्यस पारि (किनारा) लाई वारि ल्याउन सक्छ ?" "सक्दैन भन्ते !" "हो ! ठीक त्यसरी नै, निवार्ण साक्षात् गर्ने बाटो त देखाउन सकिन्छ, तर त्यसको उत्पादक हेतुलाई कसैले देखाउन सक्दैन । किन सकिन्न ? किनकि निर्वाण निर्गुण (असंस्कृत) धर्म भएकोले ।" "भन्ते नागसेन ! निर्वाण असंस्कृत धर्म हो ?" "हो महाराज ! निर्वाण असंस्कृत धर्म हो, न त कसैले यसलाई बनाएको हो । निर्वाणका साथ उत्पन्न हुने र उत्पन्न नहुने प्रश्न नै रहँदैन । त्यसलाई उत्पन्न गर्न सकिन्छ कि सकिन्न – यो प्रश्न पनि होइन । निर्वाण वर्तमान्, भूत र भविष्यत् तीनैवटै कालहरूभन्दा पर छ । निर्वाणलाई न आँखाले देख्न सकिन्छ, न कानले सुन्न सकिन्छ, न नाकले सुँघ्न सकिन्छ न जिब्रोले चाख्न सकिन्छ, न त शरीरले छुन सकिन्छ ।"

"भन्ते नागसेन ! उत्पन्न नहुने हो भने भूत, भविष्यत् र वर्तमान काल होइनन् भने, आँखा, कान, नाक जिब्रो शरीरले बुझ्न सक्दैन भने, भन्ते नागसेन ! तपाईंहरूले निर्वाण धर्म देख्नुभएकै छैन ? त्यसो भए निर्वाण भन्ने नै छैन ?" "महाराज ! निर्वाण छ । निर्वाण मनले जान्न सकिन्छ, अर्हत्पदलाई पाएर भिक्षु विशुद्ध, प्रणीत, ऋजु तथा आवरणहरू र सांसारिक कामनाहरूले रहित मनले निवार्णलाई देख्छ ।"

"भन्ते ! त्यो निर्वाण कस्तो छ ? उपमा र कारण दिएर स्पष्टसंग सम्झाउनुहोस् ।" "महाराज ! हावा नामको कुनै वस्तु छ ?" "हो भन्ते ! छ ।" "महाराज ! कृपया त्यो मलाई देखाउनुहोस् । त्यसको रङ र आकार कस्तो छ ? के पातलो छ या मोटो ? के छोटो छ कि लामो ?" "भन्ते नागसेन ! हावालाई यसरी देखाउन सकिन्न ।" "त्यो यस्तो चीज होइन जसलाई हाथमा लिएर थिच्न सकियोस् । तैपनि त्यो अवश्य छ ।" "महाराज ! यदि तपाईं हावालाई त्यसरी देखाउन सक्न हुन्न भने, हावा भन्ने वस्तु नै छैन ?" "भन्ते नागसेन ! म जान्दछु, हावा कुनै वस्तु हो । मलाई पूर्ण विश्वास छ कि हावा नामको कुनै वस्तु छ । तर म त्यो तपाईंलाई देखाउन सक्दिन ।" "महाराज ! त्यस्तै, निर्वाण छ तर रङ वा रूपबाट देखाउन सकिन्न ।"

"साधु भन्ते नागसेन ! मैले बुझें । उपमा दिई राम्रा-राम्रा कारण देखाई निर्वाण छ भन्ने कुरा मलाई बुझाइदिनुभयो । तपाईं जसो भन्नुहुन्छ, म त्यसलाई स्वीकार गर्दछु ।"



Downloaded from http://www.dhamma.digital

## ६. कर्मजादिको (उत्पत्ति कारण) विषयमा प्रश्न

१३ "भन्ते नागसेन ! यस लोकमा को कर्मको कारण उत्पन्न हुन्छ, केचाहिँ ऋतुको कारण ? कोचाहिँ न कर्मको कारण उत्पन्न हुन्छ, न हेतुको कारण न ऋतुको कारण ?"

१४. "महाराज ! जति पनि सचेतन सत्त्व छन्, ती सबै कर्मको कारण उत्पन्न हुन्छन् । आगो र बीउबाट उम्रने वस्तु हेतुको कारणले उत्पन्न हुन्छ । पृथ्वी, पर्वत, पानी, हावा आदि ऋतुको कारणबाट उत्पन्न हुन्छन् । आकाश र निर्वाण – यी दुई न कर्मको कारण उत्पन्न हुन्छन्, न हेतुको कारण, न ऋतुको कारण । महाराज ! निर्वाण कर्मले उत्पन्न हुन्छ, हेतुले उत्पन्न हुन्छ, ऋतुले उत्पन्न हुन्छ नै भनेर भन्न सकिन्न । फेरि, यो निर्वाण उत्पन्न हुन्छ, यो निर्वाण उत्पन्न हुँदैन र यो निवार्णलाई उत्पन्न गर्न सकिन्छ भनेर भन्न सकिन्न । यो निर्वाण न भूतकालमा थियो, न वर्तमानकालमा छ, न यो भविष्यकालमा हुनेछ भनी भन्न सकिन्छ । निर्वाणलाई न आँखाले देख्न सकिन्छ, न कानले सुन्न सकिन्छ, न नाकले सुघ्न सकिन्छ, न जिब्रोले चाख्न सकिन्छ, न शरीरले नै स्पर्श गर्न सकिन्छ । महाराज ! निर्वाण त मनले मात्र बुझ्न सकिन्छ । अर्हत् पद पाएर आर्यश्रावकले विशुद्ध ज्ञानले निर्वाणको साक्षात् गर्दछ ।"

"भन्ते नागसेन ! यो रमाइलो प्रश्न तपाईंले राम्ररी समाधान गरिदिनुभयो । संशयलाई मेटेर एकदमै स्पष्ट पारिदिनुभयो । तपाईंजस्ता गणाचार्य श्रेष्ठको सामु आउनाले मेरो शङ्का मेटियो ।"

## ७. यक्ष विषयमा प्रश्न

१५. "भन्ते नागसेन ! के लोकमा साँच्चै यक्ष भन्ने हुन्छ ?" "हुन्छ महाराज ! लोकमा यक्ष भन्ने हुन्छ ।" "भन्ते ! यक्ष त्यस योनिमा पनि के च्युत हुन्छ ?" "हो महाराज ! यक्ष त्यस योनिमा च्युत भएर जान्छ ।" "भन्ते नागसेन ! त्यसो भए उनीहरूको शव किन देखिन्न । उनीहरूको मरेको शरीरबाट दुर्गन्ध पनि आउँदैन ?"

१६. "महाराज ! मरेको यक्षको मुर्दा देखिन्छ । उसबाट दुर्गन्ध आउँछ । महाराज ! मरेको यक्षको शरीर कीराका रूपमा, औंसाका रूपमा, कमिलाका रूपमा, फुसिल्कीराका रूपमा, सर्पका रूपमा, विच्छीको रूपमा, खजुरोको रूपमा, चराहरूका रूपमा र जङ्गली जनावरका रूपमा ।"

"भन्ते ! तपाईंजस्ता बुद्धिमान्‌लाई छाडेर अरू कसले यस प्रश्नको उत्तर दिन सक्छ ?"

## ८. समग्र शिक्षापद विषयमा प्रश्न

१७. "भन्ते नागसेन ! वैद्यकशास्त्रका जुन पुराना आचार्य थिए – नारद, धन्वन्तरि, अङ्गीरस, कपिल, कण्डराग्नि, साम, अतुल र पूर्व कात्यायन – ती सबै आचार्यहरूले स्वयं रोगको उत्पत्ति, रोगको निदान, रोगको स्वभाव, रोगको उत्थानलाई अनुभव गरेर सिद्ध र असिद्ध छ-छैन सम्पूर्ण शङ्का मेटेर यो शरीरमा यति रोग उत्पन्न हुन्छ भनी नियम वनाइदिए, सर्वज्ञ नभएता पनि तर तथागत भने सर्वज्ञ भएर पनि पछि हुने कुरा वुद्धज्ञानले जानेर फलानाको कुरामा फलाना शिक्षापद बनाउनुपर्ला भनी पहिले नै वुझेर निश्चित रूपमा शिक्षापद (विनय-नियम) किन बनाईदिनु भएन ? जव-जव प्रसङ्ग आयो, तव-तव



Downloaded from http://www.dhamma.digital

मात्र किन नियम बनाउँदै जानुभयो ? पटकैपिच्छे आवश्यक भएको बेला दोष उत्पन्न भएको बेला, मानिसहरूले दोष देखाएको बेलामा मात्र किन श्रावकहरूका लागि शिक्षापद बनाइदिनुभयो ?"

१८. "महाराज ! तथागतलाई थाहा थियो – जसो-जसो समय आउँछ मैले अढाई सय शिक्षापद विनयको नियम (जो कि वर्तमान स्थविरवादअनुसार २२७ मात्र छ) बनाउनुपर्छ । उहाँले देख्नुभयो कि यदि पहिले नै एकैपल्टमा सबै नियम लागू गरेमा मानिसहरू तर्सनेछन् । जो भिक्षु बन्न चाहन्छन्, उनीहरू पनि नाईनास्ति गर्नेछन् र भन्ने छन् – 'अहो ! यति नियमहरू पालन गर्नुपर्ने ! श्रमण गौतमको शासनमा भिक्षु बन्न कति गाह्रो रहेछ !' उनीहरूको मन लाग्ने छैन र उनीहरूले धर्म ग्रहण नगरी पटक-पटक जन्म लिएर दुःख भोग्छन् । त्यसैले जसो जसो समय आउँछ, दोष प्रकट भएपछि नै धर्मको उपदेश दिँदै नियम बनाउने छु ।"

"भन्ते नागसेन ! बुद्धहरूको कुरा अचम्मको छ !! अद्भुत छ !! तथागतको कत्रो ठूलो सर्वज्ञज्ञान ! उहाँको सर्वज्ञता कति उच्च छ ! भन्ते नागसेन ! कुरो यस्तै हो । कुरा बुझियो । यो ठीक हो कि पहिले नै सबै नियमहरू सुन्दा मानिस डराउँथे । कोही पनि भिक्षु बन्न उत्साहित हुँदैनथिए । म यो कुरो मान्दछु ।"

## ९. सूर्यतापविषयक-प्रश्न

१९. "भन्ते नागसेन ! के सूर्य सधैं धपधप बल्छ या कहिले मधुरो पनि हुन्छ ?" "महाराज ! सूर्य सधैं धपधप बलिरहन्छ; कहिल्यै मधुरो हुँदैन ।" "भन्ते नागसेन ! सूर्य सधैं धपधप बलिरहन्छ भने यो कस्तो कुरो हो कि कहिले त्यसको गर्मी बढ्छ भने कहिले घट्छ ?"

२०. "महाराज ! सूर्यमा चार दोष (अन्तराय) हुन्छ । यसमा कुनै एउटा आएमा यसको गर्मी कम हुन्छ ।" "ती चार दोषहरू कुनचाहिँ हुन् ?" "महाराज ! (१) पहिलो दोष बादल लाग्नु, जसले गर्दा सूर्यको गर्मी कम हुन्छ , (२) दोस्रो दोष हो – कुहिरो लाग्नु यसले गर्दा सूर्यको गर्मी कम हुन्छ, (३) तेस्रो धूलो या धूवाँ व्याप्त हुनु जसले गर्दा ··· हुन्छ । (४) चौथो दोष हो राहु (ग्रहण) लाग्नु । यसले गर्दा ··· हुन्छ । महाराज ! सूर्यमा यही चार दोष हुने गर्दछ । यसमा कुनै एउटा दोष आएमा यसको गर्मी घट्छ ।"

"भन्ते नागसेन ! आश्चर्य भयो ! भन्ते नागसेन ! अद्भुत भयो । सूर्यजस्तो तेजस्वीमा पनि दोष छ भने अन्य सत्त्वहरूको के कुरो । भन्ते ! तपाईंजस्ता बुद्धिमान्‌लाई छाडेर यसलाई अरू कसैले पनि यस विषयबारे सम्झाउन सक्दैन ।"

## १०. कठिन सूर्यताप विषयक प्रश्न

२१. "भन्ते नागसेन ! ग्रीष्ममा सूर्यको तेज जस्तो हुँदैन त्यस्तो हेमन्तमा किन हुन्छ ?"

२२. "महाराज ! ग्रीष्मकालमा आकाश धूलोले भरिएको हुन्छ, आँधीले गर्दा पृथ्वी र आकाश एक हुन्छन् । आकाशमा बादल लागिरहन्छ । दिन-रात बतास चलिरहन्छ । ती सबैले मिलेर सूर्यको किरणलाई रोक्छन् । महाराज ! त्यसैले ग्रीष्ममा सूर्यको तेज घट्छ । महाराज ! अनि हेमन्तकालमा पृथ्वी शान्त रहन्छ । आकाशमा बादल लुप्त भएको हुन्छ । धूलो र धूवाँको पत्तो हुँदैन । कणहरू आकाशमा बिस्तारै



Downloaded from http://www.dhamma.digital

उड्छन् । आकाश सफा रहन्छ । बतास विस्तार चल्छ । महाराज ! यस्तो स्थितिले गर्दा सूर्यको किरण अत्यधिक चम्कन्छ र तातो पनि हुन्छ । महाराज ! यही कारण हो कि ग्रीष्ममा सूर्यको चहक त्यस्तो हुन्न, जस्तो हेमन्तमा हुन्छ ।

"ठीक हो भन्ते नागसेन ! सबै बाधाहरूले रहित हुने हुनाले हेमन्तमा सूर्यको किरण बढी तेज हुन्छ अनि धूलो, बादल आदिले आकाश व्याप्त हुनेहुँदा ग्रीष्ममा तेज घट्छ ।"

**(यस बर्गमा दश प्रश्नहरू छन् ।)**

**द्वितीय निष्प्रपञ्च वर्ग समाप्त ।**

# ३. वेस्सन्तर वर्ग

## १. वेस्सन्तर विषयमा प्रश्न

१. "भन्ते नागसेन ! के सबै बोधिसत्त्वहरूले आफ्नो स्त्री र छोराछोरी दान गर्छन् या वेस्सन्तर राजाले [१८२] मात्र त्यसो गरेका थिए ?" "महाराज ! सबै बोधिसत्त्वहरूले स्त्री र छोराछोरीहरूलाई दान गरिदिन्छ; वेस्सन्तर राजाले मात्र होइन ।" "भन्ते नागसेन ! के उनीहरूले स्त्री र छोरा-छोरीहरूको अनुमति लिएर उनीहरू दानमा दिन्छन्, या विनाअनुमति ?" "महाराज ! उहाँकी श्रीमती त सहमत भइन् तर छोराछोरीहरू अबोध भएकाले उनीहरू रुन थाले । यदि बुझ्ने भएका भए उनीहरू पनि सहमत हुन्थे ।" "भन्ते नागसेन ! बोधिसत्त्वले ठूलो दुष्कर काम गरे जो आफूले जन्माएको प्यारा सन्तानहरू ब्राह्मणको दास बनाउन दान दिए । सोभन्दा पनि बढी दोस्रो दुष्कर काम त उनले यो गरेका थिए कि आफूले जन्माएको ती कोमल, सुकुमार बच्चाहरूलाई जङ्गलमा लहराले बाधेर ती ब्राह्मणलाई दिए । अनि लहराको टुप्पा समातेर ब्राह्मणले बच्चाहरूलाई घिसार्दै जान लागेको देखेर पनि आफ्नो मनमा कुनै विकार आउन दिएनन् । अझ सोभन्दा पनि बढी तेस्रो दुष्कर कार्य उनले यो गरे कि आफ्नो बलले बन्धन चुँडालेर जब बच्चाहरू भागेर आए त, त्यसपछि फेरि बाँधेर उनीहरूलाई पठाइदिए ।"

"अझ योभन्दा पनि चौथो दुष्कर कार्य उनले यो गरे कि – 'बुबा ! यो यक्षले हामीहरूलाई खान भनेर लाँदैछ ।' भनी रुँदै ती बच्चाहरूले कल्पँदा पनि उनले आश्वासनसम्म दिएनन् कि नडराऊ ।"

---

१८२. राजाकुमार सिद्धार्थको जन्मभन्दा अगिको अन्तिम मनुष्यको रूपमा जन्मेका बोधिसत्त्व जसले आफ्ना प्यारा छोरा, छोरी र स्वास्नीसमेत दान दिई आफ्नो दानपारमिता पूर्ण गरेका थिए । हेर्नुहोस् आचार्य अमृतानन्द महास्थविरको वेस्सन्तर जातक अथवा जातक नं. ५४७ ।



Downloaded from http://www.dhamma.digital

"अझ योभन्दा पनि बढी पाँचौ दुष्कर कार्य उनले यो गरे कि रुँदै पाउ पर्दा पनि जालि कुमारको यो बिन्ती पनि कि – 'बुबा ! म यस यक्षसँग जान्छु, बरु यसले मलाई खाओस् तर कृष्णजिना (मेरी बहिनी) लाई छाडिदेओस्' भनेर भन्दा पनि मानेनन् ।"

"अझ योभन्दा पनि बढी छैटौं दुष्कर कार्य उनले यो गरे कि जालि कुमार रोएर विलाप गर्दै यस्तो भन्दैथियो कि – 'बुबा ! के तपाईंको हृदय ढुङ्गाको छ हामीलाई यस यक्षले घनघोर जङ्गलमा लाँदै गरेको देख्दा पनि तपाईं जोगाउनुहुन्न' तैपनि उनले आफ्नो मनमा कुनै माया मोह आउन दिएनन् ।"

"अझ योभन्दा पनि बढी सातौ दुष्कर कार्य उनले यो गरे कि ती ब्राह्मणले निर्दयतापूर्वक बच्चाहरूलाई घिसारेर आँखाभन्दा पर लाँदै गरेको देख्दादेख्दै पनि उनको हृदय सय वा हजार टुक्रामा टुक्रिएन । "

"भन्ते ! के यसरी पुण्य कमाउनका लागि अरूहरूलाई दुःख दिनहुन्छ ? त्योभन्दा त राम्रो हुनेथियो कि उनले स्वयंलाई दिंदा होऊन् ?"

२. "महाराज ! बोधिसत्त्वले यो दुष्कर कार्य गर्नाले उनको कीर्ति दस हजार लोकधातुका देवताहरू र मानिसहरूमा फैलिएको थियो । देवताहरूले देवलोकमा उहाँको प्रशंसा गरे, असुरहरूले असुरलोकमा ... , गरुड़हरूले गरुड़लोकमा , नागहरूले नागलोकमा , यक्षहरूले यक्षलोकमा प्रशंसा गरे । यसै परम्परामा उहाँको कीर्ति आज हामीसम्म आइपुगेको छ; जसले गर्दा यस कुरोको चर्चा हुँदैछ कि उहाँको यो दान उचित थियो वा थिएन । महाराज ! यस कीर्तिले ती निपुण, विज्ञ र शान्त चित्त भएका बोधिसत्त्वका दस गुण जानिन्छ ।" "कुनचाहिँ दस गुण ?" "महाराज ! (१) निर्लोभ, (२) संसारिक वस्तुहरूमा प्रेम नराख्नु, (३) त्याग, (४) वैराग्य, (५) सङ्कल्पबाट च्युत नहुनु, (६) सूक्ष्मता (७) महत्ता, (८) दुरनुबोधता, (९) दुर्लभता र (१०) बुद्धधर्मको असदृशता । महाराज ! यस कीर्तिबाट ती निपुण, विज्ञ र शान्त चित्त भएका बोधिसत्त्वका यी दस गुणहरू बुझ्न सकिन्छ ।"

"भन्ते नागसेन ! जो अरूलाई दुःख दिएर दान दिइन्छ, के त्यसको फल राम्रो हुन्छ, के उसले स्वर्ग पाउँछ ?" "हो महाराज ! यसमा भन्नु नै के छ र !" "भन्ते नागसेन ! कृपया यस विषयबारे सम्झाउनुहोस् ।" "महाराज ! जस्तो – कुनै धर्मात्मा श्रमण वा ब्राह्मण निकै शीलवान् सदाचारी होस् । उसलाई हात खुट्टा चलाउन नसक्ने पक्षपात अथवा यस्तै अन्य रोग लागेको होस् । कुनै पुण्यवान् व्यक्तिले उसलाई गाड़ामा चढाएर, जहाँ ऊ जान चाहन्छ त्यहाँ लैजावस् । महाराज ! त्यसो भए के त्यो मानिसले स्वर्ग दिने असल फल पाउला ?" "पाउँछ भन्ते ! यसमा भन्नु नै के छ ! यस पुण्यको फलबाट उसले सवारीका लागि हात्ती पनि पाउन सक्छ, घोडा पनि पाउन सक्छ, रथ पनि पाउन सक्छ, पृथ्वीमा हिड्नका लागि पृथ्वीमा गुड्ने सबै प्रकारका सवारीहरू पाउन सक्छ, जलयात्रका लागि डुङ्गा, जहाज सबै थोक पाउन सक्छ । देवाताहरूका देवयान र मानिसहरूका लागि मनुष्य-यान पनि जन्म-जन्ममा उसको कल्याण हुनेछ । धेरै सुख पाउने छ । उसको निकै राम्रो गति हुनेछ । त्यस कर्मको फलबाट ऋद्धियानमा चढेर सबैको अभीष्ट निर्वाणनगरसम्म ऊ पुग्नेछ ।" "महाराज ! यसबाट त यही थाहा हुन्छ कि अरूहरूलाई दुःख दिएर जो दान दिइन्छ, त्यसबाट पनि स्वर्ग दिने राम्रो फल प्राप्त हुन्छ । त्यो मानिसले गाडाका गोरुहरूलाई दुःख दिएर नै त पुण्य कमाएर र सुख पाउँछ ?"

"महाराज ! अर्को पनि एउटा कारण सुन्नुहोस् कि कसरी अरूलाई दुःख दिएर जुन दान दिइन्छ, त्यसको पनि स्वर्ग दिने राम्रो फल प्राप्त हुन्छ । महाराज ! जस्तै कुनै राजाले उचित प्रकारले कर (शुल्क) लिएर पछि मानिसहरूलाई दान दिऊन् । महाराज ! त के उसलाई योभन्दा राम्रो फल प्राप्त होला ? यो दान दिएमा के उसलाई स्वर्ग प्राप्त होला ?" "हो भन्ते ! यसमा भन्नु नै के छ ! त्यसको पुण्यले



Downloaded from http://www.dhamma.digital

राजालाई त्योभन्दा सय र हजार गुणा बढी फल प्राप्त हुनेछ । राजाहरूमध्ये महाराज हुनेछ; देवताहरूमा महादेव हुनेछ; ब्रह्माहरूमा महाब्रह्मा हुनेछ; श्रमणहरूमध्ये महाश्रमण हुनेछ, ब्राह्मणहरूमा महाब्राह्मण हुनेछ; अर्हत्हरूमा श्रेष्ठ अर्हत् हुनेछ ।" "महाराज ! यसबाट यही बुझिन्छ कि अरूहरूलाई दु:ख दिएर जुन दान दिइन्छ, त्यसबाट पनि स्वर्ग दिने राम्रो फल प्राप्त हुन्छ । राजाले आफ्नो प्रजाबाट कर लिएर नै त यस प्रकारको यश र सुख पाउँछन् ।"

"भन्ते नागसेन ! वेस्सन्तर राजाले दान दिनमा अति नै गरेका थिए, यहाँसम्म कि आफ्नी स्त्रीलाई पनि दिए अरूकी जोई बनाउन । आफ्नो औरस छोरोसम्म दान दिए ब्राह्मणले दास बनावस् भनेर । भन्ते नागसेन ! दानमा अति गरेमा बुद्धिमान् मानिसले निन्दा गर्दछ । भन्ते नागसेन ! जस्तै – बढी भार लाद्नाले गाड़ीको धुरा भाँचिन्छ; धेरै भार लाद्नाले डुङ्गा डुब्छ; बढी भोजन गर्दा अजीर्ण हुन्छ; बढी वर्षा भयो भने धान गल्छ, धेरै दान दिएमा मानिस दरिद्र हुन्छ; बढी पापबाट पृथ्वी सल्कन थाल्छ; धेरै प्रेम गर्दा पागल होइन्छ; धेरै द्वेषबाट ठूलो अपराधी होइन्छ; धेरै मोह गर्दा खराव अवस्था प्राप्त हुन्छ; बढी लोभ गर्दा चोर भई अरूले समात्छ; बढी भयबाट बेचैनी उत्पन्न हुन्छ; धेरै पानी परेमा खोलामा बाढी आउँछ; बतास धेरै चलेमा बिजुली चम्कन्छ; बढी तापबाट भात उम्लन थाल्छ; धेरै दौडधुप गर्दा आयु क्षय हुन्छ । भन्ते नागसेन ! यसरी दानमा अति गरेमा बुद्धिमान् मानिसहरूले निन्दा गर्छन् । भन्ते नागसेन ! वेस्सन्तर राजाले पनि दान दिने काममा अति गरे । त्यसको कुनै राम्रो फल हुन सक्दैन ।"

"महाराज ! बुद्धिमान् मानिसहरू धेरै दान दिएमा त्यसको प्रशंसा गर्दछन् र त्यसलाई राम्रो ठान्दछन् । जसले जुनसुकै किसिमको दान दिन सक्छ, लोकमा दान दिनेको कीर्ति फैलिन्छ । महाराज ! दिव्य शक्ति भएको जङ्गलको बुटीलाई हातमा बेसरी समातेमा आफ्ना नजिक बसेको मानिसले पनि सो देख्न सक्दैन । बढी शक्तिशाली जड़ीबुटीले दुखाइलाई पनि साम्य पार्दछ अनि रोगलाई हटाउछ । धेरै तातो भएकोले आगो बल्छ अनि धेरै चिसो भएकोले पानीले आगोलाई निभाउँछ । पद्मरागले अतिपरिशुद्धताले गर्दा हिलो लाग्दैन । मणिको धेरै गुणहरू भएको हुनाले यथेष्ट मागेको बर दिन्छ । बज्र निकै तीक्ष्ण हुने हुनाले त्यसले हीरा, मोती र ढुङ्गालाई काट्न सक्छ । पृथ्वी निकै विशाल भएकोले त्यसले मानिस सर्प, मृग, चरा, पानी, चट्टान, पर्वत, रूख-सबैलाई धारण गर्दछ । अगम भएको कारण समुद्र कहिल्यै पनि भरिन्न । सुमेरु पर्वत अत्यन्त भारी भएकोले अचल छ । आकाश धेरै फैलिएकोले अनन्त छ । सूर्य निकै तेजिलो भएकोले त्यसले अन्धकारलाई हटाउँछ । सिंह उच्च जातिको भएकोले निर्भय रहन्छ । पहलमान् निकै बलीयो हुनाले अर्को पहलमान्लाई तुरुन्तै पछार्छ । राजा आफ्नो धेरै पुण्यले गर्दा सबैका मालिक हुन्छन् । भिक्षु बढी शीलवान् भएका हुनाले उनी नाग, यक्ष, मानिस र मार सबैको नमस्कारका पात्र हुन्छन् । बुद्ध धेरै अग्र भएकोले अनुपम हुन्छन् । महाराज ! यसरी नै, बुद्धिमान् मानिसहरू लोकमा धेरै दानको प्रशंसा गर्दछन्, बडाई गर्छन् र त्यसलाई राम्रो ठान्दछन् । जसले जुनसुकै प्रकारको दान दिन सक्छ, लोकमा त्यस दानीको कीर्ति फैलिन्छ । महाराज ! धेरै दान दिनाले वेस्सन्तर राजा दस हजार लोकमा प्रशंसित भए । त्यही धेरै दानले वेस्सन्तर राजा आज बुद्ध भनिएका हुन् अनि देवताहरू र मनुष्यहरूका साथ यस लोकमा सबैभन्दा अगुवा हुनुभयो ।"

"महाराज ! संसारमा के यस्तो पनि कुनै वस्तु छ, जो दान पाउने अधिकारी छँदाछँदै पनि दान नदिइयोस् ?"

"हो भन्ते नागसेन ! यस्ता दस चीजहरू छन् जो कहिल्यै दान दिन हुँदैन । जसले ती दान गर्छ, ऊ नरकमा जान्छ । दश चीजहरू के हुन् ?" "भन्ते नागसेन ! (१) रक्सी र ताडीको दान, (२) नाच-बाजाका दान, (३) स्त्री-दान, (४) गोरुको दान, (५) चित्रकर्मको दान, (६) शस्त्रको दान, (७) विषको दान, (८) बाध्ने डोरीको दान, (९) कुखुरा र सुँगुरको दान, (१०) जाली, तराजु, ढक वा माना, पाथीको दान



Downloaded from http://www.dhamma.digital

दिन हुँदैन जसले दान गर्छ ऊ नरकमा जान्छन् । भन्ते नागसेन ! यी दस चीजहरू कहिल्यै दान दिन हुँदैन जसले दान गर्छ, ऊ नरकगामी हुन्छ ।"

"महाराज ! मैले यो सोधेको होइन कि कुन दान दिन हुँदैन । मैले सोध्न खोजेको यो हो कि महाराज ! के संसारमा कुनै यस्तो चीज छ जो दान पाउने अधिकारी भएर पनि नदिएर रोकिराख्नुपर्छ ?" "छैन भन्ते ! संसारमा कुनै पनि यस्तो वस्तु छैन जो दान पाउने अधिकारी भएर पनि दान नदिएर रोकिराख्नुपर्छ । प्रसन्न भएर कोही दान पाउने अधिकारी भएर भोजन दिन्छन्, कसैले लुगाफाटो दिन्छन्, कसैले शयनासन दिन्छन् भने कसैले आवास-निवास, घरबार दिन्छन्, कसैले ओढ्ने ओछ्याउने दिन्छन्, कसैले नोकरचाकर (दास-दासी) दिन्छन्, कसैले जग्गाजमिन दिन्छन्, कसैले द्विपाद (चरा) र चतुष्पद (चारखुट्टे जनावर) दिन्छन्; कसैले सय हजार या लाख रूपियाँ दिन्छन् । कसैले राजपाटसम्म पनि दिन्छन्, यहाँसम्म कि कसै-कसैले त प्राणसम्म पनि दिन्छ । महाराज ! यदि कसैले आफ्नो जीवन सम्म पनि दान दिन्छ भने, तपाईं दानपति वेस्सन्तर राजालाई आफ्नी स्त्री र बालबच्चाहरू दानमा दिंदा किन आक्षेप गर्नुहुन्छ ? महाराज ! के संसारमा प्राय: यस्तो देखिन्न कि बुबाले आफ्नो ऋण फछर्याउन या जीविकाका लागि आफ्नो छोरालाई बन्धक राख्छ वा बेचिदिन्छ ?" "हो भन्ते ! कुरो ठीक हो । त्यसरी नै, वेस्सन्तर राजाले पनि सर्वज्ञता पाउन चिन्तित र दु:खित थिए । त्यसैले उनले धर्म कमाउनको लागि आफ्नी स्त्री र बच्चाहरू दानमा दिए । महाराज ! यसरी वेस्सन्तर राजाले त्यही दिए जो मानिसहरूले दिन्थे; त्यही गर्नुभयो जो अरूले गरे । महाराज ! तब तपाईं दानपति वेस्सन्तर राजालाई किन आक्षेप गर्दैहुनुहुन्छ ?"

"होइन भन्ते ! मैले उहाँलाई दोष दिएको होइन । तर आफ्नी जोई र सन्तान दान गर्नुको सट्टा उनले आफैंलाई दान दिनु पर्दथ्यो भन्ने मेरो भनाइ हो ।" "महाराज ! स्त्री र बच्चाहरू माग्दा आफूलाई नै दान दिनु उचित कार्य होइन । जसले जुन वस्तु माग्छ, उसलाई त्यही वस्तु दिनुपर्छ । सत्पुरुषले यस्तै गर्छ । महाराज ! जस्तै – कुनै मानिसले कसैसित पानी माग्यो तर सट्टामा भोजन पस्क्यो भने के उसको इच्छा पूरा हुन्छ ?" "हुँदैन भन्ते ! जे माग्छ त्यही दिनाले उसको इच्छा पूरा हुन सक्छ ।" "महाराज ! त्यसैले जब ब्राह्मणले स्त्री र बच्चाहरू मागेका थिए, त्यस बेला वेस्सन्तर राजाले उनीहरूलाई दिए । महाराज ! यदि ब्राह्मणले उनको शरीर मागेका भए, उनले आफूलाई रोकिराख्दैनथिए, न काँप्यो न मोह नै गर्दथे । उनले आफूलाई कहिल्यै रोकेर राख्दैनथे । महाराज ! यदि कसैले वेस्सन्तर राजालाई नोकर भइदेउ भनी मागेको भए विना कुनै हिचकिचाहट नोकर भइदिन तयार थिए । महाराज ! वेस्सन्तर राजाले यथार्थमा आफ्नो शरीर मानिसहरूलाई बाँडिसकेका थिए । महाराज ! जसरी पाकेको मासु बाँडेर खाइन्छ, महाराज ! त्यसरी नै, जब रूख फलहरूले लादिएको हुन्छ, त्यस बेला चरा चुरुङ्गीहरूले फलफूल बाँडेर खान्छन् । महाराज ! त्यसरी नै वेस्सन्तर राजालाई आफ्नो शरीरको माया ममता थिएन, मानौं उनले आफ्नो शरीरलाई मानिसहरूबीच बाँडि दिएका थिए । सबैलाई आराम दिनका लागि उनी तयार रहन्थे । यसो किन ? यस विचारले कि म यस प्रकार उदार भएर बुद्धत्व प्राप्त गर्न सकूँ ।"

"महाराज ! जस्तै – निर्धनं मानिस धन कमाउनका लागि धनको खोजी गर्दै कहाँ-कहाँ दगुर्छ र, कस्तै बिकट बाटाहरूलाई नाघेर जान्छ, जल र स्थलमा व्यापार गर्छ । शरीर, वचन र मन तीनवटै केवल धनको खोजीमा रहन्छ । महाराज ! यसरी नै, दानपति वेस्सन्तरले बुद्धधनका लागि निर्धन भएर सर्वज्ञता-रत्न प्राप्तगर्न याचक (माग्ने) हरूलाई धनधान्य, नोकरचाकर (दास-दासी), गाडी-सवारी, आफ्नो सवै सम्पत्ति, आफ्नी स्त्री र छोराछोरी, यहाँसम्म कि आफ्नो शरीरसमेत दिए । बुद्धत्व प्राप्त गर्नका लागि नै उनले यसो गरे । जस्तै – महाराज ! मुद्दामा लाग्ने कुनै व्यक्तिले अधिकारीलाई आफूसँग जो जस्तो धन छ, सो सवै दिन सक्छ । मुद्दा जित्न सुन, हीरा धन सम्पत्ति सवै थोक दिन्छ । यसरी मुद्दा जित्नका



Downloaded from http://www.dhamma.digital

लागि कोसिस गर्छ। महाराज ! यसरी वेस्सन्तर राजाले आफ्नो बाहिर र भित्रको सबै थोक दान दिए र स्वयं आफूलाई दान गरेर बुद्धत्वको खोज गर्दैथिए।"

"महाराज ! अझ, दानपति राजा वेस्सन्तरको मनमा यस्तो विचार आयो कि यो ब्राह्मणले जे माग्छ त्यही दिएर म उसको इच्छा पूरा गर्छु। यसो विचार गरेर उनले आफ्नो श्रीमती र बच्चाहरू पनि दान गरिदिए। महाराज ! उनले उनीहरू (छोराछोरी र स्त्री) देखि दिक्क लागेर त्यसो गरेको होइनन्, न उनीहरूलाई देख्न नसक्नाले दान दिएका थिए, न उनीहरूलाई भार सम्झेर, न उनीहरूलाई खुवाउन नसकेर, न उनीहरूलाई अप्रिय सम्झेर उनीहरूबाट छुटकारा पाउनका लागि, बरु सर्वज्ञतारत्न पाएर बुद्ध बन्ने इच्छाले नै वेस्सन्तर राजाले आफ्नो अतुल्य, अलौकिक, प्रिय, मनाप र प्राणप्रिय बच्चाहरू समेत दान गरे। महाराज ! चर्यापिटकमा देवातिदेव भगवान्‌ले पनि यसो भन्नुभएको छ : –

**न मे देस्सा उभो पुत्ता, मद्दीदेवी न दोस्सिया।**
**सब्बञ्ञुतं पियं मय्हं, तस्मा पिये अदासहं'ति ॥[१८३]**

**आफ्नो दुवै बच्चाहरू या रानी माद्रीदेखि मेरो ईर्ष्या थिएन।**
**सर्वज्ञता प्राप्त गर्ने मार्ग मलाई प्यारो थियो, त्यसैले मैले उनीहरूलाई दान गरें।'**

"महाराज ! अतः वेस्सन्तर राजा यस दानपछि, पर्णशाला (पातहरूले बनेको झुपड़ी) भित्र गएर सुते। एकपल्ट अति प्रेमले गर्दा उनी विव्हल भए आफ्नो मुटु फुटेजस्तो हुन लाग्यो, तातो सास नाकबाट नआएर मुखबाट चल्न थाल्यो, आँखाबाट रगतको आँसु बग्न थाल्यो। महाराज ! यसरी वेस्सन्तरले दुःख सहन गरी आफ्नो दानमा अचल रहनका लागि र दानको बाटोबाट परिहीन हुन नपरोस् भन्ने सोची उनले आफ्ना स्त्री र बच्चाहरूसमेत ब्राह्मणलाई दान दिए।"

"महाराज ! अरू पनि दुई कुराहरूमा विचार गरी वेस्सन्तर राजाले आफ्नो दुइटै बच्चाहरू ब्राह्मणलाई दान दिए।" "कुन दुई कुराहरूको विचारले ?" (१) मेरो दानब्रत नटुटोस् (२) जङ्गलका फलफूल मात्र खाएर बस्ने मेरा छोराछोरीको जुन दुःख छ, त्यसबाट मुक्ति होस्। महाराज ! वेस्सन्तर राजालाई यो थाहा थियो कि मेरा छोराछोरीलाई कसैले दास बनाएर राख्न सक्दैन। उनीहरूका हजुरबा (सञ्जय राजा) ले उनीहरूलाई छुटाउनेछन् र फेरि उनीहरू म भए ठाउँ फर्की आउनेछन्। महाराज ! यी दुई कुराहरूमा विचार गरी उनले आफ्ना दुवै बच्चाहरू दान गरे।"

"महाराज ! वेस्सन्तर राजालाई यो पनि थहा थियो कि यो ब्राह्मण ज्यादै बृद्ध र निकै कमजोर भएको छ। यसको नसानसा कमजोर भइसकेको छ। लट्ठीको भरमा बडो कठिनाइले हिंडडुल गर्दछ, यसको पुण्य थोरै छ र यसको आयु पूर्ण भइसकेको छ, यसले यी बच्चाहरूलाई धेरै दिन दास बनाएर राख्न सक्दैन। महाराज ! यति तेजस्वी र प्रतापी चन्द्र र सूर्यलाई कसैले समातेर, बाकसमा बन्द गरेर सबै चमकलाई हटाएर के थालजस्तो गरी उनीहरूलाई काममा ल्याउन सक्छ ?" "सक्दैन भन्ते !" "महाराज ! यसरी नै, सूर्य र चन्द्रभन्दा प्रतापी वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाउन सक्दैनथिए।"

---

१८३. वेस्सन्तरचर्या, चरियापिटक, खु. नि.-७. पृ. ३९७।



Downloaded from http://www.dhamma.digital

"महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस्, जसले गर्दा वेस्सन्तर राजाका बच्चालाई कसैले पनि दास बनाएर राख्न सक्दैनथिए । महाराज ! जस्तै चक्रवर्ती राजाको मणिरत्न जुन उज्वल, असल जाति भएको, आठ स्थानमा राम्रोसँग काटछाँट गरेको, चार हात बराबरको र गाडीको नाभिको बराबर मणिरत्न होस्; त्यसलाई कुनै थाङ्नोले बेरेर राख्न सक्दैन । महाराज ! त्यसरी नै, चक्रवर्ती राजाको मणि-रत्नसमान तेजस्वी वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए ।"

"महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस् जसले गर्दा वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए । महाराज ! जस्तै – हस्तिराज उपोसथ जो एकदमै सेतो, तीन स्थानहरूमा मन्द गतिले हिंड्ने, सात प्रकारले प्रतिष्ठित, आठ हात अग्लो, नौ हात लामो, सुन्दर र दर्शनीय छ, त्यसलाई कुशले, नाङ्लो वा सुकुलले ढाकेर राख्न सकिन्न । त्यसलाई कुनै गाई या बाछोको बथानमा प्रतिक्षेप र परिहरण गर्न सकिन्न; महाराज ! त्यसरी नै, हस्तिराज उपोसथझैं प्रतापी वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए ।"

"महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस् ··· । महाराज ! जस्तै – समुद्र एकदम लामो र चाक्लो भएर फैलिएको हुन्छ, अत्यन्त गम्भीर हुन्छ, अनन्त हुन्छ, अपार हुन्छ, अथाह हुन्छ र खुला हुन्छ । कसैले त्यसलाई चारैतिरबाट बाँधेर एउटा मात्र घाटबाट काम लिन लायक बनाउन सक्दैन । महाराज ! यसरी महासमुद्रझैं गौरवशाली वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए ।"

"महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस्, जसले गर्दा वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैन थिए । महाराज ! पर्वतराज हिमालय पाँच सय योजन माथि आकाशतिर उठेको छ, तीन हजार योजनको घेरामा फैलिएको छ, चौरासी हजार चुचुराहरूले सजिएको छ, यसबाट पाँच सय ठूलठूला नदी निस्कन्छन्, ठूलठूला जीवहरूको यो घर हो, यहाँ अनेक प्रकारका गन्ध भएको सयकड़ौ दिव्य औषधीहरूको भण्डार छ र यो आकाशमा उठेको बादलजस्तै देखिन्छ । महाराज ! यसरी हिमालय पर्वतराज जस्ता गौरवशाली वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए ।"

"महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस्, जसले गर्दा वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए । महाराज ! जस्तै – रातको अँध्यारोमा पहाड़ माथिको जङ्गल डढेलो लागेर बलिरहेको आगो धेरै परबाट देख्न सकिन्छ, त्यसरी नै, वेस्सन्तर राजाको कीर्ति टाढाटाढासम्म फैलिएको थियो । उनका बच्चाहरूलाई ··· ।"

"महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस्, जसले गर्दा वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले पनि दास बनाएर राख्न सक्दैनथिए । महाराज ! जस्तै – हिमालय पर्वतमा जब नागपुष्प फूलेर मन्दमन्द बतास चल्दा त्यसले दस-बाह्र योजनसम्म सो ठाउँलाई सुगन्धित पारिदिन्छ । महाराज ! यसरी नै, राजाको कीर्ति हजारौं योजनसम्म फैलिएर, बीचको असुरलोक, गरुड़लोक, गन्धर्वलोक, यक्षलोक, सर्पलोक, किन्नरलोक र इन्द्रलोक पार गरेर अकनिष्टलोक (अन्तिम देवलोक) सम्म पुगेको थियो, ती सबै लोक उहाँको शीलको गन्धले सुगन्धित भएको थियो । यथार्थमा उहाँका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए ।"

"महाराज ! वेस्सन्तर राजाले आफ्नो छोरा जालि कुमारलाई भनेका थिए – 'छोरा ! तिम्रा हजुरबाले यदि ब्राह्मणलाई धन दिएर छुडाउन चाहेमा तिम्रा लागि एक हजार निष्क (स्वर्णमुद्रा) र तिम्री



Downloaded from http://www.dhamma.digital

बहिनी कृष्णजिनाका लागि सय दास-दासी, सय हात्ती, सय घोडा, सय गाई, सय भैंसी र सय निष्क[१८४] दिएर छुड़ाऊन् । छोरा ! यदि तिम्रा हजुरबाले जबरजस्ती, केही नदिएर आफ्नो शासन चलाएर ब्राह्मणका हातबाट तिमीहरूलाई छुटाउन चाहेमा उहाँको कुरा नमान्नू, ब्राह्मणसँग नै बस्नू ।' यसो भनेर वेस्सन्तर राजाले उनलाई पठाएका थिए । त्यसपछि, जालि कुमारले त्यहाँ गएर आफ्ना हजुरबाले सोध्दा भनेका थिए –

**सहस्सग्धं हि मं, तात, ब्राह्मणस्स पिता अदा ।**
**अथो कण्हाजिनं कञ्ञं, हत्थीनं च सतेन चा'ति ॥**

**'हजुरबा ! हजार रूपैंया मूल्य लगाएर मेरा बुबाले मलाई यस ब्राह्मणलाई दिएका थिए र सय हात्तीको मूल्य लगाएर बहिनी कृष्णजिनालाई ।'**

"भन्ते नागसेन ! तपाईंले ठीक सम्झाउनुभयो । झूटो पक्षलाई खण्डन गरिदिनुभयो । विपक्षको वादलाई सर्वथा दबाउनुभयो । आफ्नो कुरालाई स्पष्ट पारिदिनुभयो उद्धरणको सत्यभाव भनिदिनुभयो । प्रश्नलाई निकै राम्ररी विश्लेषण गरेर देखाउनुभयो । तपाईंले जे सम्झाउनुभयो, म त्यसलाई स्वीकार गर्दछु ।"

## २. दुष्कर चर्याविषयमा प्रश्न

३. "भन्ते ! के सबै बोधिसत्त्वहरूले दुष्करचर्या गर्दछन् या बोधिसत्त्व गौतमले मात्र गर्नुभएको थियो ?" "महाराज ! सबै बोधिसत्त्वहरूले दुष्करचर्या गर्दैनन् बोधिसत्त्व गौतमले मात्र गर्नुभएको थियो ।"

"भन्ते नागसेन ! यदि कुरा यस्तो हो भने, एउटा बोधिसत्त्व अर्कोभन्दा भिन्न हुनु उचित छैन ?" "महाराज ! चार स्थानहरू (कुराहरू) मा एउटा बोधिसत्त्व अर्को बोधिसत्त्वभन्दा भिन्न हुन्छ ।" "कुन चार स्थानहरूमा ?" "महाराज ! (१) कुलमा (२) स्थान र समयमा (३) आयुमा र (४) शरीरको उचाइमा । यी चार स्थानहरूमा एउटा बोधिसत्त्व अर्कोभन्दा भिन्न हुन्छ । महाराज ! तर सबै वोधिसत्त्वहरू रूप, शील, समाधि, प्रज्ञा, विमुक्ति, विमुक्ति-ज्ञान दर्शन, चार वैशारद्य, दस बुद्ध-बल, छ असाधारण ज्ञान, चौध बुद्धज्ञान, अट्ठारह बुद्धधर्म र बुद्धका अन्य कुराहरूमा समान नै हुन्छन् । सबै बुद्धहरू, बुद्ध गुणहरूमा बराबर हुन्छन् ।"

"भन्ते नागसेन ! यदि सबै बुद्ध आफ्ना गुणहरूमा समान हुन्छन् भने; बोधिसत्त्व गौतमले एक्लै दुष्करचर्या किन गर्नुभयो ?" "महाराज ! बोधिसत्त्व गौतम (चार आर्यसत्यको) ज्ञान परिपक्व नहुँदा पहिले नै बोधिज्ञान प्राप्त गर्नका लागि महाभिनिष्क्रमण गर्नुभएको थियो । आफ्नो अपरिपक्व ज्ञानलाई पूरा गर्ने धुनमा नै उहाँले दुष्करचर्या गर्नुभएको थियो ।"

१८४. स्वर्ण मुद्रा



Downloaded from http://www.dhamma.digital

"भन्ते नागसेन ! ज्ञान अपरिपक्व हुँदा नै बोधिसत्त्व गौतम घर छाडेर किन निस्कनुभयो ? आफ्नो ज्ञान परिपक्व भएपछि उहाँ घरबाट किन निस्कनुभएन ?"

४. "महाराज ! बोधिसत्त्व नाच्ने स्त्रीहरूको घृणित (उद्विग्न) गर्ने अवस्था देखेर उहाँको मन फर्केको थियो । मन फर्केपछि उहाँलाई वैराग्य भयो । उहाँको मन (चित्त) वैराग्ययुक्त देखेर कुनै मारकायिक देवपुत्रले यो सोच्यो, 'ठीक यही समयमा म उनको वैराग्य चित्तलाई हटाऊँ ।' आकाशमा प्रकट भएर उनले भने – 'मार्ष ! मार्ष ! ! तपाईं यसरी नहडबडाउनुहोस् । आजको सातौं दिनमा तपाईंका सामु दिव्य चक्ररत्न, हजारौं धुर भएको राम्रो गोलाइ र नाभिका साथ र सबै गुणहरूले परिपूर्ण रथ प्रकट हुनेछ । पृथ्वी र आकाशमा रहेका सबै रत्नहरू स्वयं तपाईंका सामु प्रकट हुनेछन् । दुई हजार साना द्वीपहरूका साथ चार महाद्वीपहरूमा[१८५] तपाईंको एकमात्र आज्ञा चल्नेछ । तपाईंका हजारौं, शूर-वीर, शक्तिशाली र शत्रुहरूका सेनालाई तहसनहस गर्ने छोराहरू हुनेछन् । ती छोराहरूका साथ सात रत्नहरूले युक्त चारै द्वीपहरूमा तपाईं शासन गर्नु हुनेछ ।'

"महाराज ! जस्तै सारा दिन बलिरहेको आगोमा रातो पारेको फलामको छड़लाई कसैले कानमा पसाउँछ; त्यसरी नै, बोधिसत्त्वलाई यो वचन बिभ्यो । एक त आफैं बोधिसत्त्वलाई वैराग्य भएको थियो; अर्को मारको त्यस्तो वचन सुन्दा उनको मन झन् संवेगयुक्त भयो ।"

"महाराज ! जस्तै, कसैले बलिरहेको आगोको राशमा काठ राखिदिंदा त्यो झन् धक धक गरेर बल्छ; त्यसरी नै, एक त बोधिसत्त्वलाई स्वयं वैराग्य भइरहेको थियो; अर्को मारको त्यस्तो वचन सुन्दा उनको मन झन् उद्विग्न भयो ।"

"महाराज ! जस्तै, हरिया घाँसपातले भरिएको, हिलो भएको धापिलो जमिनमा धेरै पानी परेमा हिलोले भरिन्छ; त्यसरी नै, एक त आफैं बोधिसत्त्वलाई वैराग्य भईरहेको थियो, दोस्रो मारको त्यस्तो वचन सुन्दा उनको मन अझै खिन्न भयो ।"

"भन्ते नागसेन ! यदि सातौं दिन साँच्चै दिव्य चक्ररत्न उनका अगाडि प्रकट भएको भए के उहाँ फर्कनुहुन्थ्यो ?" "होइन महाराज ! सातौं दिन बोधिसत्त्वका सामु दिव्य चक्ररत्न प्रकट हुने कुरो नै थिएन । त्यस देवताले केवल उहाँलाई लोभ्याउनका लागि यस्तो असत्य कुरो भनेको थियो । अनि महाराज ! यदि सातौं दिन साँच्चै बोधिसत्त्वका सामु दिव्य चक्ररत्न प्रकट भएको भए पनि उहाँ फर्कनुहुन्थ्यो ।" "त्यसो किन ?" "महाराज ! संसारको अनित्यताले हृदयमा गहिरो आघात पारेको थियो । संसार-दुःखले हृदयमा ठूलो आघात पाऱ्यो । अनात्माले हृदयमा गहिरो आघात पारेको थियो । यस्ता कुराहरूले उहाँको हृदयमा गहिरो चोट पारेकोले उहाँसँग भएको उपादान (सांसारिक बस्तुप्रति आसक्ति) नष्ट भइसकेको थियो ।"

"महाराज ! जस्तै अनोतत्त ह्रद (अनवतप्त दह) को पानी गङ्गा नदीमा बगेर मिल्छ, गङ्गा नदी बगेर समुद्रमा मिल्छ अनि महासमुद्रबाट पातालमा जान्छ । महाराज ! त्यसो भए के त्यही पानी पातालबाट समुद्रमा, समुद्रबाट गङ्गा नदीमा र गङ्गा नदीबाट अनोतत्त दहमा पुनः आउन सक्छ ?" "सक्दैन भन्ते !" "महाराज ! त्यसरी नै, यस अन्तिम जन्मसम्म पुग्नका लागि नै बोधिसत्त्वले चार असङ्ख्य एक लाख कल्पदेखि पुण्य एकत्र गर्दै आउनुभएको थियो । त्यसैले उहाँ त्यहाँसम्म पुग्नुभयो । परमज्ञानको चरम सीमासम्म पुग्नुभयो । छ वर्षमा उहाँ बुद्ध सर्वज्ञ र अग्र पुदगल (नरोत्तम) हुने खालको

---

१८५. पूर्व विदेह, अपरगोयान, जम्बुद्वीप र उत्तरकुरु-यी चारलाई 'महाद्वीप' भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

हुनुहुन्थ्यो । त्यसो भए के उहाँ चक्ररत्नका लागि फर्कनुहुन्थ्यो ?" "फर्कन हुन्नथ्यो भन्ते !" "महाराज ! यो महापृथ्वी ठूलठूला जङ्गल र अग्ला-अग्ला पहाड़सहित उल्टे पनि गङ्गा नदी उल्टो धारामा बगे पनि गोपद (गाईको खुट्टा) परेर जमिनमा खाड्लको पानीभैं, यो अथाह र अगाध समुद्र सुकेर गए पनि, सुमेरु पर्वतराज सैयकडौं र हजारौं टुक्रा भएर टुटे पनि, सूर्य, चन्द्र र सबै ताराहरूको थुप्रो पृथ्वीमा झरे पनि र सुकुल जस्तै पूरै आकाशलाई कसैले बेरे पनि बोधिसत्त्व सम्यक्सम्बोधि नपाई कहिल्यै फर्कन सक्दैनथिए ।" "त्यसो किन ?" "किनकि उहाँले संसारका सबै बन्धनहरूलाई छिनाउनुभएको थियो ।"

"भन्ते नागसेन ! संसारमा कति प्रकारका बन्धनहरू छन् ?" "महाराज ! संसारमा दस प्रकारका बन्धनहरू छन् जस्मा परेर सत्त्व (प्राणी) निस्कन पाउँदैन या निस्के पनि फेरि बाँधिन्छ ।" "ती दस बन्धनहरू कुनचाहिँ हुन् ?" "महाराज ! संसारमा (१) आमा बन्धन हो । (२) बुबा । (३) स्त्री ··· । (४) छोराछोरी ··· ··· । (५) आफन्त ··· ··· । ६. साथी ··· ··· । (७) धन ··· ··· । (८) लाभ- सत्कार ··· । (९) स्वमित्व (प्रभुता) । (१०) पञ्च काम-गुण (पाँच इन्द्रियहरूको भोग) बन्धन हो । महाराज ! यिनै दस संसारमा बन्धनहरू छन् जसमा परेर बोधिसत्त्वले ती सबै दस बन्धनहरूलाई काट्नुभएको थियो, सर्वथा नष्ट गरिदिनुभएको थियो । महाराज ! त्यसैले बोधिसत्त्व फेरि फर्कन सक्नुहुन्नथियो ।"

"भन्ते नागसेन ! ज्ञान परिपक्व नभएको बेला बोधिसत्त्वको हृदयमा देवताको वचन सुनेर वैराग्य उत्पन्न भएको थियो, जसले गर्दा उहाँले घर छाडेर निस्कनुभएको थियो भने दुष्करचर्यासँग उहाँको के सरोकार थियो ? उहाँले त आनन्दसँग खाएर-पिएर आफ्नो ज्ञान परिपक्व हुने प्रतीक्षा गर्नुपर्दथ्यो ?"

"महाराज ! संसारमा यस्ता दस व्यक्तिहरू छन् जो अपमानित हुन्छन् निन्दित हुन्छन्, नीच मानिन्छन्, खराब मानिन्छन्, अप्रतिष्ठित हुन्छन्, सबै ठाउँमा दबाइन्छन् र जसलाई कसैले अपेक्षा गर्दैन । कुनचाहिँ दस ? महाराज ! (१) विधवा स्त्री, (२) कमजोर व्यक्ति, ३ जसको कुनै साथी वा आफन्त न भएको, (४) धेरै खाने व्यक्ति, (५) हीन कुलको, (६) खराब व्यक्तिको सँगत, (७) गरीब, (८) नराम्रो स्वभावको व्यक्ति, (९) अल्छे र (१०) अयोग्य व्यक्ति । महाराज ! यी दस प्रकारका व्यक्ति अपमानित हुन्छन्, निन्दित हुन्छन् र नीच सम्झिइन्छन्, खराव मानिन्छन्; अप्रतिष्ठित हुन्छन्; सबै स्थानमा दबाइन्छन् र उनीहरूतिर कसैले पनि ध्यान दिँदैन । महाराज ! यी दस कुराहरूको सम्झना गरेर बोधिसत्त्वले यस्तो विचार गर्नुभयो – देव मनुष्यहरूमा म पनि अल्छि र अयोग्य सम्झिइएर निन्दित हुनु नपरोस् । अतः म कर्मस्वामी, काम लाग्ने, कर्ममा प्रेरित कर्मशील र कर्मधारण गर्ने कर्मपरायण भई सधैं अप्रमादी हुनुपर्छ । महाराज ! त्यसैले बोधिसत्त्वले आफ्नो ज्ञान परिपक्व गरी दुष्करचर्याको अभ्यास गर्नुभएको थियो ।"

"भन्ते नागसेन ! बोधिसत्त्वले दुष्करचर्याको अभ्यास गर्दै भन्नुभएको थियो – 'यस कठोर दुष्करचर्याले त्यस अलौकिक परमज्ञानलाई साक्षात् गर्न सक्दैन । बुद्धत्व पाउन के कुनै अर्को मार्ग हुनुपर्छ ।' त्यसो हो भने, के त्यस बेला मार्ग निश्चित गर्नमा बोधिसत्त्व कर्तव्य विमुख हुनुभयो ?" "महाराज ! चित्तलाई कमजोर तुल्याउने २५ कुराहरू छन्, जसले गर्दा आस्रवलाई क्षय गर्न चित्त स्थिर हुन पाउँदैन ।"

"कुनचाहिँ पच्चिस कुराहरू ?" "महाराज ! (१) क्रोध, (२) डाह, (३) सेखी गर्नु, (४) घमन्ड, (५) ईर्ष्या, (६) लोभ, (७) माया (देखावटी), (८) झेल, (९) दुराग्रह, (१०) कलहप्रियता, (११-१२) आफूलाई सबभन्दा ठूलोठान्नु, (१३) मद्द, (१४) प्रमाद, (१५) थीनमिद्ध (द्वेष), (१६) तन्द्रा, (१७) आलस्य, (१८) दुर्जन-मित्रता, (१९) रूप, (२०) शब्द, (२१) गन्ध, (२२) रस, (२३) स्पर्श, (२४) भोक-प्यास, (२५) असन्तोष ।



Downloaded from http://www.dhamma.digital

महाराज ! चित्तलाई कमजोर तुल्याउने यी पच्चीस कुराहरू छन्, जसले गर्दा आस्रवहरूलाई क्षय गर्नमा चित्त स्थिर हुन पाउँदैन ।"

"महाराज ! त्यस बखत यीमध्ये भोक र तिर्खाले बोधिसत्त्वको शरीरलाई दवाएको थियो । भोक र तिर्खाले शरीर यस प्रकारले दवी रहनले आस्रवलाई क्षय गर्नमा उहाँको चित्त स्थिर हुन पाएको थिएन । महाराज ! चार असङ्ख्य एक लाख कल्पदेखि बोधिसत्त्व जन्म-जन्ममा चार आर्यसत्यहरूलाई साक्षात्कार गर्नमा प्रयत्नशील भए । त्यसो भने के अन्तिम जन्ममा आएर जब उहाँले आर्यसत्यको साक्षात्कार गर्नै लागेको बेला उहाँ आफ्नो मार्गबाट विचलित हुनुहुन्थ्यो होला र ? महाराज ! बरु बोधिसत्त्वलाई बोधिज्ञानका निम्ति अवश्य अर्कै मार्ग हुनुपर्छ भन्नेलागेको थियो । महाराज ! पहिले नै, जब बोधिसत्त्व मात्र एक महिनाको हुनुहुन्थ्यो आफ्ना बुबा शाक्य शुद्धोदन काममा लागिरहनुभएको समयमा जामुनको रूखको शीतल छायामा पद्मासन लगाएर बसी, काम र अकुशल धर्मले रहित भएर, वितर्क र विचारका साथ विवेकले उत्पन्न, प्रीति-सुख भएको प्रथमध्यानसम्म पुग्नुभएको थियो । त्यस्तै उहाँले द्वितीय, तृतीय र चतुर्थध्यान पनि पाउनुभएको थियो ।"

"साधु भन्ते नागसेन ! कुरो यस्तै हो । म तपाईंको भनाइ मान्दछु । तपाईंले आफ्नो ज्ञानलाई पूर्ण गर्दै बोधिसत्त्वले दुष्करचर्याको अभ्यास गर्नुभयो ।"

## ३. पापपुण्यबल विषयमा प्रश्न

५. "भन्ते नागसेन ! धेरै बलवान् कुन हुन्छ – पाप (अकुशल) या पुण्य (कुशल) ?" "महाराज ! पुण्य नै बढी (धेरै) बलवान् हुन्छ; पाप हुन्न ।"

"भन्ते नागसेन ! पुण्य नै बढी (धेरै) बलवान् हुन्छ; पाप हुँदैन भन्ने कुरो म स्वीकार गर्न सक्दिन । भन्ते नागसेन ! कति व्यक्तिहरू छन् जो हत्या गर्छन्, चोरी, व्यभिचार, असत्य भाषण, सारा गाउँमा लुटपटि रहजनी ठगी र छल गर्छन् । त्यति नै पापका लागि उनीहरूका हात काटिदिन्छन्, खुट्टा काटिदिन्छन्, हात र खुट्टा दुवै काटिदिन्छन्, कान काटिदिन्छन्, नाक काटिदिन्छन्, नाक र कान दुवै काटिदिन्छन् र उनीलाई बिलङ्गथालिक.[१८६] इत्यादि कठोर दण्ड दिइन्छ । जति व्यक्तिले जुन रातमा पाप गर्दछन्, त्यही रातमा त्यसको फल पनि भोग्छन्; कति व्यक्तिहरू जुन रातमा पाप गर्दछन्, उनीहरूलाई भोलिपल्टै फल पाउँछन्, कति व्यक्तिहरू जुन दिन पाप गर्छन् उनीहरू सोही दिन त्यसको फल पाउँछन्; कति व्यक्तिहरू आज पाप गरेर दुई-तीन दिनपछि त्यसको फल पाउँछन् । उनीहरूले सबै देख्दादेख्दै यसै जन्ममा आफ्ना अपराधका अनुसार फल पाउँछन् । भन्ते नागसेन ! तर के यस्ता पनि कोही छन्, जसले परिष्कारहरूसहित भिक्षुहरूलाई दान दिएर एक या दुई या तीन या चार या पाँच या दस या सय या हजार या लाख मानिसहरूले दृष्ट-धर्म सम्पत्ति (यसै जन्ममा पाएको सम्पत्ति) यश वा सुख प्राप्त गरेका छन् अथवा शील पालन गरेर या उपोसथ व्रत गरेर आफैंले दृष्ट-धर्म सम्पत्ति यश वा सुख प्राप्त गरेका छन् ?"

६. "हो महाराज ! यस्ता चार पुरुषहरू छन्, जो दान दिएर, शील पालन गरेर, उपोसथ व्रत राखेर, आफैंले दृष्ट-धर्म प्राप्त गरी यसै शरीरबाट देवलोकमा पनि प्रतिष्ठित भएका थिए ।" "भन्ते !

---

१८६. बिलङ्गथालिक आदिको अर्थ माथि १३६ मा दिइएको छ ।



Downloaded from http://www.dhamma.digital

उनीहरू को-को हुन् ?" "महाराज ! (१) राजा मान्धाता (२) राजा निमि (३) राजा साधीन र (४) गुत्तिल गन्धर्व ।"

"भन्ते ! यी राजाहरू हामीभन्दा कैयौं हजार वर्षपूर्वका हुन् । न तपाईंले उनीहरूलाई देख्नुभयो न मैले नै । के भगवान्को समयको कुनै यस्तो कुरो भन्न सक्नुहुन्छ ?" "महाराज ! यस युगमा पनि (१) पुण्णक नामको दासले स्थविर सारिपुत्रलाई भोजन दिंदा सोही दिन उनी सेठ भए । उनी आज पनि पुण्णक सेठको नामले चिनिन्छन् । (२) रानी गोपालमाता आफ्नो शिरको केशलाई आठ कार्षापण (सिक्का) मा बेचेर महाकात्यायन स्थविर र उनका सात साथीहरूलाई पिण्डपात (भिक्षा) दिएर त्यस दिन चण्डप्रद्योत राजाकी पटरानी भइन् । (३) सुप्रिया नामकी उपासिका कुनै रोगी भिक्षुलाई आफ्नो फिलो (जाँघ) को मासु पथ्य (औषधी) का रूपमा दिएर दोस्रो दिन नै ठीक र स्वस्थ भएकी थिइन् अनि उनको घाउ भरिएको थियो । (४) मल्लिका देवीले भगवान्लाई बासी कुलमास जाउलो दिएर त्यसै दिन कोसल राजाको पटरानी भएकी थिइन् । (५) सुमन नामको मालीले आठ मुट्ठी सुमन फूलले नै भगवान्लाई पूजा गरेर सोही दिन महासम्पत्तिशाली भएका थिए । (६) एकसाटक नामको ब्राह्मणले भगवान्लाई आफूसँग भएको एकमात्र धोती चढाएर पूजा गरी त्यसै दिन राजाबाट सम्मान पाएका थिए । महाराज ! यी सबैले दृष्ट धर्मको भोग र यश यसै जन्ममा प्राप्त गरेका थिए ।"

"भन्ते नागसेन ! धेरै खोजी गरेर तपाईंले यी ६ व्यक्तिहरूलाई मात्र देखाउनुभयो ।" "हो महाराज !" "भन्ते नागसेन ! यसबाट त यही कुरो थाहा हुन्छ कि पुण्यभन्दा पाप नै धेरै बलवान् हुन्छ, पापभन्दा पुण्य होइन । भन्ते नागसेन ! मैले त केवल एक दिनमै दस, तीस, चालीस, पचास, सय र हजारौं पुरुषहरू आफ्ना पापले गर्दा शूलीमा चढेको देखेको छु । भन्ते नागसेन ! नन्द वंशको सेनापतिको भद्रशाल नामको एउटा छोरो थियो । उसका साथ राजा चन्द्रगुप्तको बीच युद्ध भयो । भन्ते नागसेन ! त्यस युद्धमा दुवै सेनाहरूको तर्फबाट असी कबन्धक रूप[१८७] थिए । एक सीसकबन्ध (टाउको काटिएको) झर्दाखेरी अर्को सीसकबन्ध खडा हुन्थ्यो । यी सबैले आफ्ना पापकले गर्दा नै यस्तो घोर दु:ख झेलि रहेका थिए । भन्ते नागसेन ! त्यसैले म भन्दछु कि पुण्यभन्दा पाप नै धेरै बलवान् छ, पापभन्दा पुण्य होइन ।"

"भन्ते नागसेन बुद्धशासनमा सुनिन्छ कि कोसल राजाले असदृश्य (अनुपम, उत्कृष्ट) दान दिएका थिए ।" "हो महाराज ! सुनिन्छ ।" "भन्ते नागसेन ! के कोसल राजाले त्यो असदृश्य दान गरेपछि दृष्ट धर्म भोग, यश या सुख पाएका थिए ?" "थिएन महाराज !" "भन्ते नागसेन ! यदि कोसलराजले त्यो अनुत्तर (अलौकिक) दान गरेर पनि दृष्ट धर्म भोग, यश या सुख पाएका थिएनन् भने त्यसबाट यही थाहा हुन्छ कि पुण्यभन्दा पाप धेरै बलवान् हुन्छ, पापभन्दा पुण्य होइन ।"

"महाराज ! सानो (थोरै) हुनुको कारण पापले शीघ्र नै आफ्नो फल देखाउँछ । ठूलो हुनुका कारण पुण्यको फल ढिलो पाइन्छ । महाराज ! उपमा दिएर पनि यसलाई सम्झाउन सकिन्छ । महाराज ! जस्तै अपरान्त (पश्चिमी) देशमा कुमुदभण्डिका नामको धान छ, जो एक महिनामा नै धान फल्छ अनि काटेर घरमा भित्रयाइन्छ । शाली धान ५/६ महिनामै पाक्छ । महाराज ! त्यसो भए यहाँ कुमुदभण्डिमा र शाली धानमा फरक के छ ?" "भन्ते ! कुमुदभण्डिक सानो हुनु र शाली धान ठूलो हुनु । त्यसैले एउटा धेरै चाँडै तयार हुन्छ र अर्को ढिलो । भन्ते ! शाली चामललाई राजाले भोग गर्दछन्, त्यसलाई राजाले खान्छन् र कुमुदभण्डिका चामल दास-दासीले खान्छन् ।" "महाराज ! यसरी नै, सानो हुनुकाकारण पापले चाँडै नै आफ्नो फल देखाउँछ; ठूलो हुनुका कारण पुण्यको फल ढिलो पाइन्छ ।" "भन्ते नागसेन ! ठीक छ, तैपनि जसको फल चाँडै पाइन्छ, त्यही संसारमा बढी बलियो ठानिन्छ । त्यसैले पुण्यभन्दा पाप

१८७. मुलकत्ता ।



Downloaded from http://www.dhamma.digital

नै बढी बलियो ठहरियो । अतः पुण्यभन्दा पाप नै धेरै बलियो छ, पापभन्दा पुण्य होइन । भन्ते नागसेन ! जुन सिपाहीले महायुद्धमा पसेर शत्रुलाई काखीमा च्यापेर छिटै आफ्नो मालिकको सामु घिसार्दै ल्याउँछ, त्यसैलाई वीर र बहादुर भनिन्छ । जुन वैद्यले सफल चिरफार गरेर रोगीलाई निको पार्छ; त्यही वैद्य चतुर ठानिन्छ । जुन मुनिम (कारिन्दा) फुर्तीका साथ हिसाब गरेर खाता मिलाउँछ, उही योग्य ठानिन्छ । जुन पहलमानले अफ्नो प्रतिद्वन्द्वीलाई छिटै पल्टाएर उत्तानो पारिदिन्छ, उसैलाई शूरवीर ठानिन्छ; भन्ते नागसेन ! त्यसैले पाप वा पुण्य जो आफ्नो फल चाँडो देखाइदिन्छ, त्यही बढी बलवान् हो ।"

"महाराज ! दुवै कामहरूको फल आगामी जन्ममा पाइनेछ; तर पाप खराब हुनाका कारण त्यसले यहाँ पनि अशुभ परिणाम ल्याउँछ । महाराज ! प्राचीन कालका राजाहरूले यो नियम बनाएका थिए कि जसले हत्या गर्छ उसलाई दण्ड दिन योग्य छ, जसले चोरी गर्छ , जसले भूटो बोल्छ ..., जसले गाऊँमा लुटपिट मचाउछ , जसले बाटोमा लुटपिट गर्छ , जसले ठगी गर्छ , र जसले छल गर्छ उसलाई दण्ड दिइने छ, उसलाई फाँसी दिइने छ, उसका अङ्ग काटिने छ तथा उसलाई कोर्रा लगाइने छ । तद्नुसार उनीहरूले जाँचबुझ गरेर दण्ड दिन्छन् । महाराज ! के यस्तो पनि नियम कसैले बनाएको छ कि जसले दान गर्छ, शील पालन गर्छ या उपोसथ व्रत पालन गर्छ, के उसलाई धन, यश, पुरस्कार दिएर सम्मान गरिन्छ ? के कसैले पुण्य गर्नेलाई पुरस्कार दिन्छ, चोरहरूलाई दण्ड दिएजस्तै ?" "दिइन्न भन्ते !" "महाराज ! यदि पुण्य गर्नेहरूलाई पुरस्कार दिने नियम बनाई दिएको भए पुण्य पनि (पापजस्तै) यसै जन्ममा फल दिने हुन्थ्यो । महाराज ! किनकि पुण्य गर्नेहरूलाई पुरस्कार दिने नियम छैन । त्यसैले पुण्य यो जन्ममा फलप्रद हुँदैन; महाराज ! यस कारण पापले यसै जन्ममा फल दिन्छ (तर पुण्यले होइन) पुण्यले त अर्को जन्ममा अत्यन्त प्रभावशाली फल देखाउँछ ।"

"साधु भन्ते नागसेन ! तपाईंजस्ता बुद्धिमान् बाहेक अर्को कसैले पनि यस प्रश्नको यति स्पष्ट उत्तर दिन सक्दैन । भन्ते ! जुन प्रश्नलाई मैले लौकिक दृष्टिले सोधेको थिएँ, तपाईंले त्यसलाई लोकोत्तर विचारले सम्झाइदिनुभयो ।"

## ४. मरेकाको नाममा दिइने दान विषयमा प्रश्न

७. "भन्ते नागसेन ! कति मानिसहरू दान दिएर त्यसको पुण्य मरेका पूर्वजहरूलाई दिन्छन् । तिनीहरूले के त्यसको कुनै फल पाउँछन् ?" "महाराज ! कसैले पाउँछन् भने कसैले पाउँदैनन् । भन्ते ! कसले पाउँछ र कसले पाउँदैन ?" "महाराज ! जो निरय (नरक) वा स्वर्गमा पुगेको छ, पशु पक्षी आदि तल्लो चोलामा जसको जन्म भएको छ, वा प्रेत योनिमा आएका तीन प्रकारका पूर्वजहरूले पाउँदैनन् (१) वन्तासिक (छाद खाने) (२) खुप्पिपासी ( भोक र तिर्खाले सताएका) र (३) निज्झामतण्हिक (व्याकुल भएका) । तर जो परदत्तोपजीव प्रेत छन् उनीहरूलाई अवश्य प्राप्त हुन्छ । उनीहरूलाई पनि स्मरण गरेमा मात्र प्राप्त हुन्छ ।"

"भन्ते नागसेन ! त्यसो भए त, उनीहरूको दान निरर्थक हुन्छ, असफल हुने हुन्छ जसको कुनै फल नै छैन । जसको नाममा दान दिइन्छ उसले कुनै पुण्य नपाउनाले त्यो दान त व्यर्थै भयो ?" "होइन महाराज ! त्यो दानबिना कुनै फल नभएको वा व्यर्थ नभएको हुँदैन । दिने (दायक) आफैंले त्यसको फल भोग्छ ।" "भन्ते ! कृपया यसलाई कारण दिएर सम्झाउनुहोस् ।" "महाराज ! जस्तै – कसैले माछा, मासु, मद्य (रक्सी) भात वा अन्य भोजन तयार गरेर आफ्नो नाता पर्नेकहाँ लैजान्छ । यदि उसको नातादारले त्यो कोसेली स्वीकार गरेन भने, के त्यो सबै नष्ट हुन्छ ?" "हुँदैन भन्ते ! त्यो जसको थियो, उसैको हुन्छ ।" "महाराज ! यसरी दायकले नै त्यसको फल भोग्छ । अथवा महाराज ! जस्तै –



Downloaded from http://www.dhamma.digital

कुनै मानिस कोठाभित्र पस्यो, जसमा निस्कनका लागि अर्को ढोका छैन भने ऊ कुन ढोकाबाट निस्कन्छ ?" "भन्ते ! त्यही ढोकाबाट, जुन ढोकाबाट ऊ छिरेको थियो ।" "महाराज ! यसरी नै, दायकले नै त्यसको फल भोग्छ ।" "भन्ते नागसेन ! अस्तु, यही ठीक । म मान्दछु कि त्यसको फल दिनेलाई नै प्राप्त हुन्छ । यस कुरोलाई म फेरि काट्दिन ।"

"भन्ते ! यदि दिइएको दानको पुण्य पूर्वजहरू कहाँ पुग्छ भने र उनीहरूले त्यसको फल पाउँछन् भने यदि कुनै हत्यारा, खूनी, नीच विचारखाले मानिसहरूलाई मारेर घोर पाप गरी यो मेरो कर्मको विपाक पनि पूर्वजहरू कहाँ पुगोस् भनेर अनुमोदन गरेमा के त्यसको फल उनीहरूले पाउँछन् ?" "पाउँदैनन् महाराज !"

"भन्ते नागसेन ! यसको के कारण हो कि पुण्य कर्मको फल त पूर्वजहरू भए ठाउँ पुऱ्याउन सकिन्छ, तर पाप कर्म भने सकिन्न ?" "महाराज ! यो प्रश्न सोध्ने लायक होइन । महाराज ! यो सम्झेर कि केही न केही उत्तर पाइन्छ नै, भनेर तपाईं शिर-पुच्छर नभएका प्रश्न कृपया नसोध्नुहोस् । यसपछि सायद तपाईं यो कुरो सोध्नु होला – आकाश निरालम्ब किन छ ? गङ्गा किन उल्टो बग्दैन ? मानिस र पक्षीका खुट्टा दुइवटा मात्र किन हुन्छ ? पशुहरूको किन चारवटा खुट्टा हुन्छ ?" "भन्ते नागसेन ! म तपाईंलाई जिस्क्याउनका लागि होइन बरु मेरो शङ्का निवारण गर्नका लागि सोधिरहेको छु । संसारमा कतिपय व्यक्तिहरू बाङ्गो र उल्टो विचारका हुन्छन् । उनीहरूले आफूमा सुधार गरून् भन्ने विचारले नै सोधेको हुँ ।

८. "महाराज ! पापको फल त्यसलाई लाग्न सक्दैन, जसले न त पाप गरेको होस् न त्यसका लागि सम्मति दिएको होस् । महाराज ! जस्तै धाराको पानी मानिसहरूले टाढाटाढासम्म लैजान्छन्, के त्यसरी नै, उनीहरूले ठोस ढुङ्गाको पहाड़लाई पनि लान सक्छन् ?" "सक्दैनन् भन्ते !" "महाराज ! त्यसरी नै, पुण्यकर्मको फल त पूर्वजहरूलाई दिन सकिन्छ, तर पापकर्मलाई होइन ।"

"महाराज ! जस्तै – तेलबाट त दियोलाई बाल्न सकिन्छ, के पानीबाट पनि बाल्न सकिन्छ ?" "सकिन्न भन्ते !" "महाराज ! त्यसरी नै, पुण्यकर्मको फल ... होइन । महाराज ! किसानहरूले पोखरीबाट पानी ल्याएर धानको खेतमा पठाउँछन् । के समुद्रबाट ल्याएर पनि सिँचाइ गर्न सक्छन् ?" "सक्दैनन् भन्ते !" "महाराज ! त्यसरी नै, पुण्य कर्मको फल त पूर्वजहरूलाई दिन सकिन्छ, तर पाप कर्मलाई भने होइन ।"

"भन्ते नागसेन ! तर कुरो यस्तो किन हुन्छ ? कृपया कारण दिएर सम्झाउनुहोस् । म अन्धो र अबुझ छैन । पुष्ट प्रमाण सुनेपछि नै सम्झने छु ।" "महाराज ! पाप सानो छ; पुण्य महान् छ । पाप सानो हुनुको कारण, त्यसले कर्तालाई नै फल दिन सक्छ । पुण्य महान् भएकोले त्यसले देवता र मानिसहरूका साथ लोकलाई ढाकिदिन्छ ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै – पृथ्वीमा एक थोपो पानी झऱ्यो भने के त्यो दस बाह्र योजनसम्म फैलिन सक्छ ?" "सक्दैन भन्ते !" "एक थोपो पानी जहाँ झर्छ, त्यहीं सुक्छ ।" "महाराज ! के कारणले त्यसो भएको हो ?" "भन्ते ! पानीको थोपो एकदमै थोरै भएकोले ।" "महाराज ! यसरी नै, पाप धेरै स्वल्प छ । स्वल्प हुनुको कारण गर्नेलाई मात्र फल दिन सकिन्छ अरूका बीच बाँड्न सकिन्न । महाराज ! जस्तै – कहिले मुसलधार पानी पर्दा के त्यो सबैतिर फैलिन्छ ?" "अवश्य ! दस बाह्र योज सम्मका खाडल, खोला, नदी तलाउ, दह, इनार, ताल, पुष्करिणी (कमलको तलाउ) र कुवा सबै भरिन्छ ।" "महाराज !



Downloaded from http://www.dhamma.digital

यसो किन हुन्छ ?" "भन्ते ! किनकि बादल महान् छ ।" "महाराज ! यसरी, पुण्य महान् छ । महान् भएकोले देवता र मनुष्यहरूका बीच त्यो बाँड्न सकिन्छ ।"

"भन्ते नागसेन ! के कारणले पाप छोटो (सानो) र पुण्य महान भएको हो ?" "महाराज ! जसले दान दिन्छ, शील पालन गर्दछ, उपोसथ व्रत बस्छ उही अत्यन्त आनन्दित, प्रसन्न र प्रफुल्लित हुन्छ । उसलाई अधिकाधिक प्रीति हुन्छ; उसको मन प्रीतिले भरिएर अरू पुण्य गर्न तर्फ ऊ उत्साहित हुन्छ ।"

"महाराज ! जस्तै धेरै पानी भएको एउटा कुवा होस् । त्यसमा एकातिरबाट पानी आउँछ र अर्कोतिरबाट पानी बगेर निस्कन्छ भने पनि पानी घट्दैन । महाराज ! यसरी नै, पुण्य अत्यधिक बढ्दै जान्छ, नाश हुँदैन । महाराज ! यसरी नै, पुण्यमा वृद्धि हुन्छ । जस्तो कि सय वर्षसम्म कसैले पुण्य बाँडिरहे तापनि त्यो अत्यधिक बढदै जान्छ । उसले ज-जसलाई चाहियो, उसलाई पुण्य दिन सक्छ । महाराज ! यही कारण हो कि ती दुईमध्ये पुण्य यति महान् छ । महाराज ! पाप गरे पछि पछुतो हुन्छ । पछुतो भएपछि मन खस्कन्छ, पापतिर मन घरिघरि दौडन्छ, शान्ति मिल्दैन, शोक गर्छ, अनुताप हुन्छ, नष्टभ्रष्ट हुन्छ र माथि उठ्न सक्दैन, त्यहींको त्यहीं कायम रहन्छ । महाराज ! जस्तै कुनै सुकेको बालुवामा पानी पर्दा त्यो पानी त्यही सुकेर समाप्त हुन्छ । महाराज ! यसरी नै, पाप गर्नेको चित्त खस्कन्छ, झर्छ ··· । महाराज ! यहीं कारण हो जसले गर्दा पाप लघु हुन्छ ।"

"साधु भन्ते नागसेन ! तपाईंले जे सम्झाउनुभयो, म त्यसलाई मान्दछु ।"

## ५. स्वप्न विषयमा प्रश्न

९ "भन्ते नागसेन ! यस लोकमा सबै स्त्री-पुरुषहरू स्वप्न देख्छन् – राम्रो पनि, नराम्रो पनि, पहिले देखेको पनि, नदेखेको पनि, पहिले गरेको पनि, नगरेको पनि, शान्ति दिने पनि, अशान्ति दिने पनि, टाढाको पनि र नजिकको पनि । यसरी अनेक प्रकारले हजारौं किसिमका सपना देख्छन् । यो सपना के चीज हो ?" "कसले यसो देख्ने गर्दछ ?"

१०. "महाराज ! सपना चित्तका सामु आउने निमित्त मात्र हो । महाराज ! ६ प्रकारले सपना आउँछ – (१) वायुको प्रकोप भएपछि स्वप्न देखिन्छ, (२) पित्तको प्रकोप ··· , (३) कफ बढनाले ··· , (४) देवताहरूको प्रभावले , (५) बारम्बार कुनै कार्य गरिरहनाले ··· , (६) भविष्यमा हुने कुराहरू पनि कहिलेकाहीँ सपनामा आउँछन् । महाराज ! यी छ मध्ये आखिरी समयमा हुने सपना नै सत्य हुन्छ बाँकी अन्य मिथ्या ।"

"भन्ते नागसेन ! भविष्यमा हुने कुराहरूबारे कसरी सपना देखिन्छ ? के उसको मन बाहिर गएर त्यसले भविष्यमा हुने घटनाहरूको सूचना लिएर आउँछ ? अथवा भविष्यमा हुने कुराहरू स्वयं उसको मनमा आउँछन् ? या कोही आएर उसलाई भन्छ ?" "महाराज ! न त उसको चित्त बाहिर गएर भविष्यमा हुने घटनाहरूको सूचना लिएर आउँछ, न कसैले आएर उसलाई भन्छ । भविष्यमा हुने कुराहरू स्वयं उसको मनमा आउँछ । महाराज ! जस्तो कि ऐनाले स्वयं बाहिरको बिम्ब खोजेर आफूमा ल्याउँदैन र न कसैले ऐनामा बिम्ब नै हाल्छ । तर बाहिरका चीजहरूको छाया स्वयं गएर ऐनामा प्रतिबिम्बित बन्छ । महाराज ! यसरी न त उसको मन बाहिर गएर भविष्यमा हुने घटनाहरूको सूचना ल्याउँछ न कोही आएर उसलाई भन्छ । तर कुराहरू स्वयं जतातताबाट आएर उसको मनमा प्रतिबिम्बित हुन्छ ।"

Downloaded from http://www.dhamma.digital

"भन्ते नागसेन ! जुन मनले सपना देख्छ, के त्यसले जान्दछ कि यसको फल कस्तो हुन्छ – सुखद या भयप्रद ?" "महाराज ! त्यसले जान्दैन कि यसको फल कस्तो हुन्छ – सुखद या भयप्रद । कुनै यस्तै त्यस्तै सपना देखेर उसले अरूलाई भन्दछ, उनीहरूले त्यसको अर्थ लगाउँछन् ।"

"भन्ते नागसेन ! कृपया उदाहरण दिएर सम्झाउनुहोस् । महाराज ! जस्तै कुनै मानिसको शरीरमा कोठी, फोका या खत उसको लाभ या हानि, यश या अपयश, प्रशंसा या निन्दा सुख या दुःखका लागि हुन्छ । महाराज ! त्यसो भए के त्यो खत, फोका वा कोठी जानेर निस्कन्छ कि म यस्तो फल झिक्ने छु ?" "होइन भन्ते ! तर ज्योतिषीहरूले या वैद्यले कोठी वा उठेको ठाउँकोअनुसार विचार गरेर भन्दछन् – यसको फल यस्तो हुनेछ । महाराज ! यसरी नै, जुन मनले सपना देख्छ उसले जान्दैन कि ··· ।"

"भन्ते नागसेन ! जसले सपना देख्छ, उसले सुतेर देख्छ कि जागेर ?" "महाराज ! जसले सपना देख्छ उसले न सुतेर देख्छ न जागेर नै । तर गाढा निद्रा आउनुभन्दा पहिले भवङ्ग (अर्धचेतन अवस्था) मा सपना आउँछ । महाराज ! घोर निद्रा चित्त विस्मृत (भवङ्गत) हुन्छ । विस्मृत चित्तले काम गर्दैन र त्यसपछि सुख-दुःख केही थाहा हुँदैन । जब चित्तले कुनै कुरो पनि जान्दैन, उसलाई सपना पनि आउँदैन । चित्तले काम गर्नाले नै सपना आउँछ ।"

"महाराज ! जस्तै, घोर अन्धमारमा स्वच्छ ऐनामा पनि छाया पर्दैन; महाराज ! त्यसरी नै, गाढा निद्रामा चित्त विस्मृत भएपछि शरीर कायम रहनाले पनि चित्तले काम गर्दैन । यसरी चित्तले नै काम नगरेमा सपना पनि आउँदैन । महाराज ! जस्तो ऐना छ, त्यस्तै शरीरलाई सम्झनुपर्छ । जस्तो अँध्यारो छ, त्यस्तै गाढा निद्रालाई सम्झनुपर्छ; जस्तो प्रकाश छ, त्यस्तै मनलाई सम्झनुपर्छ ।"

"महाराज ! जस्तै, घना कुहिरो छाउनाले सूर्यको उज्यालोले कुनै काम गर्दैन, सूर्यका किरण रहेमा पनि दब्छ, सूर्यका किरण दब्नाले प्रकाश रहँदैन; महाराज ! यसरी गाढ़ा निद्रामा चित्त विस्मृत हुन्छ, चित्त विस्मृत भएपछि त्यसले काम गर्दैन, चित्तले काम न गरेपछि सपना पनि आउँदैन । महाराज ! जस्तै, सूर्य छ, शरीरलाई त्यस्तै सम्झनुपर्छ; जस्तो कुहिरो छ गाढा निद्रालाई त्यस्तै सम्झनुपर्छ । जस्तो सूर्यको किरण छ त्यस्तै चित्तलाई सम्झनुपर्छ ।"

"महाराज ! दुई अवस्थामा शरीर कायम रहे पनि चित्त रोकिन्छ – १.गाढा निद्रामा चित्तले काम नगर्नाले (भवङ्गत) शरीर कायम रहे पनि चित्त बन्द हुन्छ । (२) निरोध समापन्न (ध्यान) को अवस्थामा शरीर कायम रहे पनि चित्त बन्द हुन्छ । महाराज ! जागेको अवस्थामा चित्त चञ्चल, खुलेको, प्रकट भएको र स्वच्छन्द हुन्छ । यस अवस्थामा कुनै निमित्त आउँदैन । महाराज ! जस्तै, आफूलाई लुकाएर राख्ने इच्छा गर्ने पुरुष कुनै खुला स्थानमा सबैका सामु चुपचाप बस्छ, अन्य पुरुषहरूको दृष्टिबाट जोगिएर रहन चाहन्छ; महाराज ! त्यसरी नै, जागेको चित्तमा दिव्य अर्थ आउँदैन । त्यसैले जागेको पुरुषले सपना देख्दैन । महाराज ! जसरी मिथ्या जीविका, दुराचारी, पापी मित्र, शीलभ्रष्ट, कायर र उत्साहरहित भिक्षुका सामु ज्ञानी व्यक्तिको गुण आउँदैन, त्यसरी नै, जागेको व्यक्तिमा दिव्य अर्थ आउँदैन । त्यसैले जागेको पुरुषले सपना देख्दैन ।"

"भन्ते नागसेन ! के गाढा निद्राको आदि, मध्य र अन्त हुन्छ ?" "हो महाराज ! गाढा निद्राको पनि आदि, मध्य र अन्त हुन्छ ।" "त्यसको आदि के हो, मध्य के हो र अन्त के हो ?" "महाराज ! शरीर थाकेको र लखतरान भएजस्तो अनुभव हुनु, कमजोरीजस्तो अनुभव हुनु, शरीर मन्द र खुकुलो हुनु – त्यही यसको आदि हो । महाराज ! बाँदरको निद्राजस्तो जब ऊ आधा जाग्छ र आधा सुत्छ – यो



Downloaded from http://www.dhamma.digital

त्यसको मध्य हो । महाराज ! आफूलाई एकदमै बिर्सन्छ, विस्मृत (भवङ्गत) हुन्छ – यो उसको अन्त हो । महाराज ! यसमा जुन मध्यको अवस्था छ, त्यसैमा सपना आउँछ ।"

"महाराज ! जस्तै, कसैले संयमशील, आफूलाई वशमा राख्ने शान्त चित्त, धर्मधीर तथा दृढविचारक, मानिसहरूको कोलाहलदेखि धेरै पर जङ्गलमा गएर गम्भीर सुक्ष्म कुराहरूको अनुसन्धान गरोस् । ऊ त्यहाँ नसुतोस, त्यहाँ ऊ एक मनले त्यही गम्भीर समस्या समाधान गर्न लागिरहोस, महाराज ! यसरी नै, सुत्ने र जाग्नेका बीचको अवस्थामा परेको बाँदरको निद्रा लिएको पुरुषले सपना देख्दछ । महाराज ! जस्तै, मानिसहरूको कोलाहलझै जाग्रत अवस्था हो भने सम्झनुहोस् । जुन एकान्त जङ्गल छ, त्यस्तै बाँदरको निद्रालाई सम्झनुहोस् । जो कोलाहलबाट हटेर, निद्रालाई रोकेर, बीचको अवस्थामा रहेर गहिरो कुरालाइ मनन गर्नु हो, त्यस्तै, बाँदरको निद्रा भएको अवस्थामा सपना आउँछ ।"

"साधु भन्ते नागसेन ! कुरा यस्तै हो म यसलाई स्वीकार गर्दछु ।"

## ६. अकाल मृत्यु विषयमा प्रश्न

११. "भन्ते नागसेन ! जति पनि सत्त्व जीवहरू मर्छन् ती सबै काल मृत्यु (जीवन पूरा हुनु) बाटै मर्छन् या कोही अकाल मृत्युले पनि ?" "महाराज ! कोही काल मृत्युले र कोही अकाल मृत्युले ।"

"भन्ते नागसेन ! को काल मृत्युले मर्छन् र को अकाल मृत्यु ले ?" "महाराज ! के तपाईंले देख्नुभएको छ कि आँप, जामुन या कुनै अर्को फलवृक्षबाट फल पाकेपछि झर्छ र पाक्नुभन्दा पहिले पनि झर्छ ?" "हो भन्ते ! देखेको छु ।" "महाराज ! वृक्षबाट जुन फलहरू झर्छन् ती सबै कालबाट झर्छन् कि अकालबाट पनि ?" "भन्ते ! जुन फल बढेर झर्छन् ती कालले झर्छन्, तर जुन कीराले खानाले, लट्ठीले झार्नाले, आँधी पानी वा भित्रभित्रै कुहेर झर्छन्, ती अकालले झर्छन् ।" "महाराज ! यसरी जो पूर्णवृद्ध भएर मर्छन्, उनीहरू काल मृत्युले मर्छन् । जो आफ्नो कर्मको कारण, धेरै हिंड्ने डुल्ने गर्दा या कामको बढी भारलेगर्दा मर्छन् उनीहरू अकाल मृत्यु ले मरेको भनी सम्झनुपर्छ ।"

"भन्ते नागसेन ! जो कर्मको कारण धेरै हिड्ने, डुल्ने गर्दा र कामको अधिक भार हुनुको कारण या पूर्णवृद्ध हुनुको कारण मर्दछ भने सबैको नै काल मृत्यु नै भयो । जो आमाको कोखमा नै मर्छ उसको त्यही काल सम्झनुपर्छ, यसरी उसको पनि कालमृत्यु भयो । जो प्रसवगृहमा नै मर्छ उसको त्यही काल सम्झनुपर्छ – यसरी, उसको पनि कालमृत्यु भयो । जो एक महिनाको भएर नै मर्छ उसको त्यही काल सम्झनुपर्छ; यसरी उसको पनि कालमृत्यु भयो । जो सय वर्षको बृद्ध भएर मर्छ उसको त्यही काल सम्झनुपर्छ; यसरी उसको पनि काल मृत्यु भयो । भन्ते नागसेन ! यसरी त अकाल मृत्यु कहिल्यै हुन्न । जो कोही मर्छ ती सबै कालमृत्यु ले नै हुन्छ ?"

१२. "महाराज ! सात प्रकारका व्यक्ति आयु पूर्ण हुनुभन्दा पहिले नै मर्छन् ।" "कुनचाहिँ सात ?" "महाराज ! (१) भोको व्यक्ति, भोजन नपाउनाले आफ्नो पेटको आगोको तापबाट आयु पूर्ण हुनुभन्दा अगावै उसको अकाल मृत्यु हुन्छ । (२) तिर्खाएको व्यक्ति, पानी न पाउनाले हृदय सुक्नाले … । (३) सर्पले टोकेको व्यक्ति, असल विषवैद्य नपाउनाले विष चढ्नाले … । (४) विष दिएको व्यक्तिका लागि उपयुक्त औषधी नपाउनाले अङ्गप्रत्यङ्ग डढेर … … । (५) आगोमा परेको व्यक्ति कसैले आगो ननिभाउनाले । ६. पानीमा डुबेको व्यक्ति, कुनै सहारा न पाएपछि सास फेर्न नसकी … … र (७) तीर लागेको व्यक्ति, असल वैद्य नपाउनाले सोही घाउबाट अकालमा उसको मृत्यु हुन्छ । महाराज ! यी



Downloaded from http://www.dhamma.digital

सात प्रकारका व्यक्ति आयु पूर्ण हुनुभन्दा पहिले नै मर्छन् । यिनीहरूको अकाल मृत्यु हुन्छ । यी सबैलाई एउटै कोटीमा गणना गर्दछु ।"

"महाराज ! सत्त्व जीव आठ प्रकारले मर्छ । (१) वायु बढ्नाले (२) पित्त बिग्रनाले (३) कफ बढ्नाले (४) माथिका तीनवटै सन्निपातले (५) मौसम प्रतिकूल भएमा (६) विषम आहार गर्नाले (७) अन्य कुनै बाहिरी कारणले र (८) कर्म विपाकको कारणले । महाराज ! यी आठ कारणहरूबाट सत्त्व प्राणी मर्छ । महाराज ! जुन कर्मले गर्दा मृत्यु हुन्छ, त्यही नै समय आए पछि मृत्यु हुन्छ । यिनीहरू नै काल मृत्यु भएका हुन् बाँकी अरू सबै समय आउनुभन्दा अगावै अकाल मृत्यु भएका हुन् । भनिएको पनि छ : –

**'जिघच्छाय पिपासाय, अहिदट्ठो विसेन च ।**

**अग्गिउदकत्तीहि अकाले तत्थ मीयति ॥**

**वातपित्तेन सेम्हेन, सन्निपातेनुतूहि च ।**

**विसमोपक्कमकम्मेहि, अकाले तत्थ मीयती'ति ॥'**

**'भोकले, तिर्खाले सर्पले डस्नाले या अन्य विषले,**

**आगो पानी र तीरले अकालमा मृत्यु हुन्छ ।**

**वायु पित्त र कफको सन्निपात र ऋतुको कारण,**

**भोजनको गडबडी, बाहिरको कारण र कर्मफलले अकालमा मृत्यु हुन्छ ।'**

"महाराज ! कति सत्त्वहरू आफ्नो पूर्वजन्ममा गरेको भिन्नभिन्न अकुशल कर्म विपाकले मर्छन् । महाराज ! जो यस जन्ममा अरूलाई भोको राखेर मार्छ, ऊ लाखौ वर्षसम्म बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा भोकले छटपटिएर तड्पेर पेटको आगोले भित्रभित्र कलेजो सुक्नाले जलेर मर्छ । यो उसको काल मृत्यु हो ।"

"महाराज ! जो यस जन्ममा अरूलाई तिर्खाएको अवस्थामा मार्छ ऊ लाखौं वर्षसम्म तिर्खाले व्याकुल प्रेत भएर दुब्लो, पातलो र तिर्खाएर बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा तिर्खाले नै काल मृत्यु हो ।"

"महाराज ! जो यस जन्ममा अरूलाई सर्पद्वारा डस्न लगाएर मार्छ; उनी लाखौं वर्षसम्म एउटा अजिङ्गरको मुखबाट अर्को अजिङ्गरको मुखमा अनि एउटा कालो सर्पको मुख बाट अर्को कालो सर्पको मुखमा परेर, त्यसले डसेर आफ्नो बाल अवस्था, युवा अवस्था वा बृद्ध अवस्थामा मर्छ । महाराज ! यो उसको काल मृत्यु हो ।"

"महाराज ! जो यस जन्ममा अरूलाई विष दिएर मार्छ, उनी लाखौं वर्ष सम्म बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा यस्तै विषले मर्छ, जसले गर्दा उसको अङ्ग-प्रत्यङ्ग जल्न थाल्छ, शरीर टुक्रिएर झर्न थाल्छ र लासको जस्तो दुर्गन्ध आउँछ । महाराज ! यो उसको काल मृत्यु नै हो ।"

"महाराज ! जो यस जन्ममा अरूलाई आगोमा जलाएर मार्छ; ऊ लाखौं वर्षसम्म एउटा आगोको पहाड़देखि अर्को पहाड़मा र एक यमलोकदेखि अर्को यमलोकमा पुगेपछि आगोले शरीर जलेर भुनिए पछि बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा मर्छ । महाराज ! यो उसको काल मृत्यु नै हो ।"



Downloaded from http://www.dhamma.digital

"महाराज ! जसले यो जन्ममा अरूलाई पानीमा डुबाएर मार्छ; ऊ लाखौं वर्षसम्म दुब्लो पातलो, रोगी, कमजोर भई चिन्तामा परेर बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा पानीमा डुबेर मर्छ । महाराज ! यो उसको काल मृत्यु नै हो ।"

"महाराज ! जसले यो जन्ममा अरूलाई शस्त्रले मार्छ; ऊ लाखौं वर्षसम्म काटिएर चुटिएर, मारिएर भाला या तीरले घोचिएर बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा शस्त्रद्वारा नै मर्छ । महाराज ! यो उसको काल मृत्यु नै हो ।"

"भन्ते ! तपाईं जो भन्नुहुन्छ कि अकाल मृत्यु हुन्छ; सोबारे कृपया कारण दिएर सम्झाउनुहोस् ।" "महाराज ! जस्तै – घाँस, पात, झाड़ी, काठ इत्यादिका साथ बल्दै गरेको आगोको विशाल मुस्लोले त्यसलाई सल्काएर समाप्त गरेपछि नै निभ्छ । मानिसहरू भन्छन् कि त्यो आगो कुनै विघ्न बाधाबेगर आफ्नो पूरा समयसम्म बलेपछि निभ्यो । महाराज ! यसरी नै, जो हजारौं दिनसम्म जीवित रहेर; वृद्ध भएर, आयु समाप्त भएपछि विना कुनै बाधा या आकस्मिक दुर्घटनाले मर्छ, उसको मृत्यु समय पाएर भएको भनिन्छ ।"

"महाराज ! जस्तै – घाँस, पात, झाड़ी काठ इत्यादिका साथै बलिरहेको कुनै विशाल आगोको मुस्लो होस् । त्यो बलेर समाप्त हुनुभन्दा पहिल्यै खूब पानी पर्न थालोस् जसले गर्दा आगो निभोस् । महाराज ! त्यसो भए के त्यो आगो आफ्नो समय पाएर नै निभ्यो ?" "होइन भन्ते !" "महाराज ! त्यसो किन ? पहिलेको आगो पछिल्लो आगोको बराबर हो भनेर किन भनिन्न ?" "भन्ते ! बीचमा नै पानी पर्नाले त्यो आगो समय नपाएर निभ्यो ।" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको या त एकाएक वायु बढ्नाले, या पित्त बिग्रनाले या कफ बढ्नाले या सन्निपात हुनाले या ऋतु बिग्रनाले या भोजन गडबड भएको हुनाले या आगोमा परेर, या पानीमा डुब्नाले, या तीर भाला लाग्नाले अकालमा नै मर्छ; महाराज ! यसरी अकाल मृत्यु हुन्छ ।"

"महाराज ! यदि कतै घना बादल उठेर जमिन र खाड्ल भर्दै घानघोर वर्षा भयो भने मानिसहरू भन्दछन् कि त्यो कुनै विघ्न बाधा बेगर एकदमै पानी पऱ्यो, महाराज ! यसरी जो पूर्ण वृद्ध भएर आयु समाप्त भएपछि कुनै बाधा या आकस्मिक दुर्घटना नभएर मर्छ, समय पाएर उसको मृत्यु भयो भनेर भनिन्छ ।"

"महाराज ! जस्तै – आकाशमा उठेको घना बादल प्रचण्ड बतास चल्नाले झट्का खाएर छरिन्छ । त्यसो भएमा के यसो भनिन्छ कि समय पाएर बादल नष्ट भयो ?" "होइन भन्ते !" "महाराज ! पहिलो बादल पछिल्लो बादलको बराबर नभएको किन ठानिन्न ?" "भन्ते ! अकस्मात् बतास चल्नाले, त्यो बादल समय पाउनुभन्दा अगावै हटेर गयो ।" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, ऊ या त एकाएक वायु या पित्त बिग्रनाले या कफ बढ्नाले या सन्निपात हुनाले, या ऋतु विपर्यय (मौसमको गडबडी) ले या भोजनमा कुनै कैफियत भएको हुनाले, या कुनै दुर्घटनाले, या भोक, या तिर्खा या सर्पले डसनाले, या विषले, या आगोमा पर्नाले, या पानीमा डुब्नाले या तीर-भाला लाग्नाले अकालमा नै मर्छ । महाराज ! यसरी अकाल मृत्यु हुन्छ ।"

"महाराज ! जस्तै – कुनै रिसाहा विषालु सर्पले कुनै मानिसलाई टोक्यो । त्यो विष कुनै बाधाबेगर फैलियो र ऊ मऱ्यो भने मानिसहरू भन्छन् कि 'विषले विना कुनै विघ्न बाधाबेगर आफ्नो काम गऱ्यो ।' महाराज ! यसरी जो पूर्ण वृद्ध भएर र आयु समाप्त भएपछि विना कुनै बाधा या आकस्मिक दुर्घटनाबाट मर्छ भने उसको मृत्यु समय पाएर भयो भनेर भनिन्छ ।"



Downloaded from http://www.dhamma.digital

"महाराज ! जस्तै, कुनै रिसाहा विषलु सर्पले कुनै मानिसलाई टोक्यो; तर कुनै सपेरो (विषवैद्य) आएर उसले विषलाई झार्‍यो । महाराज ! त्यसो भए के तपाईं भन्नुहुन्छ कि आफ्नो काम गरेर नै विष हट्यो ?" "होइन भन्ते !" "महाराज ! यो पछिल्लो पहिलो विषको बराबरी किन भएन ?" "भन्ते ! यो विष त चढ्नु भन्दा अगावै विष झार्ने मानिसद्वारा झारियो ।" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको या त एकाएक वायु या पित्त बिग्रनाले ··· । महाराज ! यसरी अकाल मृत्यु हुन्छ ।"

"महाराज ! जस्तै कुनै धनुर्धरले तीर चलायो । यदि त्यो तीर ठीक निसानामा लाग्यो भने मानिसहरू भन्नेछन् कि त्यो विना कुनै बाधा ठीक आफ्नो लक्ष्यसम्म पुग्यो । महाराज ! यसरी जो पूर्ण वृद्ध भएर र आयु समाप्त भएपछि विना कुनै बाधा या आकस्मिक दुर्घटनाले मर्छ भने उसको मृत्यु समय पाएर भयो भनेर भनिन्छ ।"

"महाराज ! जस्तै, कुनै धनुर्धरले तीर चलायो, बीचमै अर्को धनुर्धरले त्यो तीर काटेर झार्‍यो भने के तपाईं भन्नुहुन्छ कि त्यो तीर विना कुनै रोकावट या बाधाले ठीक आफ्नो लक्ष्यसम्म पुग्यो ?" "होइन भन्ते !" "महाराज ! पछिल्लो तीर पहिलेको बराबर किन सम्झिइएन ?" "भन्ते ! त्यसलाई त कसैले बीचमै झारिदियो ।" "महाराज ! यसरी जस्को अकाल मृत्यु हुन्छ, उसको या त एकाएक वायु या पित्त बिग्रेर । महाराज ! यसरी अकाल मृत्यु हुन्छ ।"

"महाराज ! जस्तै, कसैले थाल ठटायो । त्यसको अवाज धेरै बेरसम्म आइरहोस भने मानिसहरूले भन्नेछन् कि त्यसको अवाज विना कुनै बाधा धेरै बेरसम्म बज्यो । महाराज ! यसरी, जो पूर्णवृद्ध ··· ··· समय पाएर नै भएको भनेर भनिन्छ ।"

"महाराज ! जस्तै, कसैले थाल ठटायो । आवाज निस्कनेबित्तिकै कोही आएर त्यस थाललाई समातोस, जसले गर्दा त्यो तुरुन्त बन्द होस, भने के तपाईं भन्नुहुन्छ कि त्यसको आवाज विना कुनै विघ्न बाधा धेरै बेरसम्म बज्यो ?" "होइन भन्ते !" "महाराज ! पछिल्लो आवाज पहिलेको आवाज बराबर छ भनेर किन भनिन्न ?" "भन्ते ! बीचमा कसैले आएर समात्नाले आवाज बन्द भयो । महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको या त एकाएक वायु या पित्त बिग्रनाले ··· । महाराज ! यसरी अकाल मृत्यु हुन्छ ।"

"महाराज ! जस्तै, खेतमा राम्ररी जमेको धान समयमा पानी पर्नाले फैलिएर बाली सप्रियो र काट्ने समयमा पूर्णरूपले तयार भयो । त्यस बेला मानिसहरू भन्छन् कि यो बाली विना कुनै विघ्न बाधा सप्रियो । महाराज ! यसरी जो पूर्ण वृद्ध ··· ।"

"महाराज ! यदि खेतमा राम्ररी जमेको धान पानी बेगर सुकेर मर्‍यो भने के तपाईं भन्नुहुन्छ कि बाली राम्रो भयो ?" "होइन भन्ते !" "महाराज ! त्यसो किन ? पछिल्लो बाली पहिलेको बाली बराबर भयो भनेर किन भनिन्न ?" "भन्ते ! त्यो त बीचमा नै गर्मीले सुकेर मर्‍यो ।" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ उसको एकाएक वायु या पित्त बिग्रनाले ··· अकालमा नै मर्छ ।"

"महाराज ! के तपाईंले सुन्नुभएको छ कि हरियो धानमा कीरा लाग्नाले सर्वथा नष्ट भएको ?" "हो भन्ते ! सुनेको पनि छु र देखेको पनि छु ।" "महाराज ! त्यसो भए धान कालमा नष्ट भयो या अकालमा ?" "भन्ते ! अकालमा नष्ट भयो । यदि त्यसमा कीरा नलागेको भए काट्ने समयसम्म राम्ररी तैयार हुने थियो ।" "महाराज ! यसबाट त यही निष्कर्ष निस्कन्छ कि कुनै बाधा आएन भने खेती राम्रो हुन्छ र बीचमा कुनै दुर्घटना भएमा त्यो नष्ट हुन्छ ।" "हो भन्ते !" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको एकाएक वायु या पित्त बिग्रनाले ··· अकालमा नै मर्छ ।"



Downloaded from http://www.dhamma.digital

"महाराज ! के तपाईंले सुन्नुभएको छ कि खेती तैयार भएपछि असिनाले त्यसलाई नष्ट गरिदियो ।" "हो भन्ते ! सुनेको पनि छु र देखेको पनि छु ।" "महाराज ! त्यसो भए धान कालमा या अकालमा नष्ट भयो ?" "भन्ते ! अकालमा नष्ट भयो । यदि असिनाको वर्षा नभएको भए काट्नेसमय सम्म खेती राम्रोरी तयार हुन्थ्यो ।" "महाराज ! यसबाट त यही निष्कर्ष निस्कन्छ कि विना कुनै दुर्घटना त्यो नष्ट हुन्छ ।" "हो भन्ते !" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको एकाएक वायु या पित्त बिग्रनाले ··· अकालमा नै मर्छ । यदि यी कुराहरू बीचमा भएनन् भने, समय पाएर मृत्यु हुन्छ ।"

"भन्ते नागसेन ! आश्चर्य छ ! अद्‌भुत छ !! तपाईंले कारणहरू राम्ररी देखाउनुभयो । अकाल मृत्यु हुन्छ – यसलाई सिद्ध गर्नका लागि कति उपमाहरू दिएर अकाल मृत्यु हुन्छ त्यसलाई स्पष्ट गर्नुभयो, प्रकट गर्नुभयो र दृढ गरिदिनुभयो । भन्ते नागसेन ! कुनै अबुझ या अज्ञानी पनि तपाईंको एक मात्र उपमाले मान्दछ कि अकाल मृत्यु हुन्छ । बुद्धिमानहरूको त कुरो नै के । तपाईंको पहिलो उपमा सुनेर मैले बुझिसकेको थिएँ कि अकाल मृत्यु हुन्छ, तैपनि तपाईंका अन्य कुराहरू सुन्न म उत्सुक थिएँ । त्यसैले अडिन ।"

## ७. चैत्य-प्रातिहार्य (अलौकिकता) विषयमा प्रश्न

१३. "भन्ते नागसेन ! सबै परिनिर्वाण पाएका अरहन्त्हरूको चैत्यमा नै प्रातिर्हाय (अलौकिक) कुराहरू हुन्छन् वा केही चैत्यमा मात्र ?"

१४. "महाराज ! कसैको चैत्यमा हुन्छ भने कसैको चैत्यमा हुँदैन ।" "भन्ते ! कसको चैत्यमा हुन्छ र कसको चैत्यमा हुँदैन ?" "महाराज ! तीनमध्ये कुनै एक को अधिष्ठान गर्नाले निर्वाण पाएका सन्तको चैत्यमा अलौकिक कुरा हुन्छ ।" "कुन तीनमध्ये एउटाले अधिष्ठान गर्नाले ?" "महाराज ! कुनै अर्हत् आफू जीवित भएको अवस्थामा देव र मनुष्यहरूप्रति अनुकम्पा गरेर यसो अधिष्ठान गरे – 'मेरो यस चैत्यमा प्रातिर्हाय (अलौकिक) कुरा होस् ।' यस्तो अधिष्ठान गर्नाले उनको चैत्यमा प्रातिर्हाय हुन्छ । यसरी अर्हत्‌ले अधिष्ठान गर्नाले परिनिर्वाण पाएका अरहन्तहरूको चैत्यमा अलौकिक कुरा हुन्छ ।" (१)

"महाराज ! देवताहरूले मानिसहरूप्रति अनुकम्पा गरेर निर्वाण पाएका अरहन्तको चैत्यमा प्रातिर्हाय देखाइदिन्छन्, जसबाट कि त्यस्ता चमत्कारहरू देखे पछि मानिसहरूमा धर्मको प्रति श्रद्धा कायम रहोस् र यसरी मानिसहरू श्रद्धालु भएर अधिकाधिक पुण्य गरून् । त्यसैले देवाताहरूको अधिष्ठाबाट निर्वाण प्राप्त भएका अरहन्तहरूको चैत्यमा प्रातिर्हाय (अलौकिक कुराहरू) हुन्छन् ।" (२)

"महाराज ! कुनै श्रद्धालु, प्रशन्न भएर, जो पण्डित, बिद्वान र बुद्धिमान् स्त्री वा पुरुषको सत्य भावले गन्ध, माला वस्त्र या कुनै अर्को वस्तु चढाएर 'यस्तो होस्' भनेर अधिष्ठान गर्नाले ठीक त्यस्तै भइदिन्छ, यसरी मानिसहरूद्वारा अधिष्ठान गर्नाल पनि निर्वाण पाएका अरहन्तको चैत्यमा प्रातिर्हाय हुन्छन् ।" (३)

"महाराज ! यिनै तीनमध्ये कुनै एउटाको अधिष्ठान गरेमा पनि निर्वाणप्राप्त अरहन्तको चैत्यमा प्रातिर्हाय हुन्छ ।"

"महाराज ! यदि उनीहरूले अधिष्ठान गरेनन् भने क्षीणास्रव भएका छ अभिज्ञाहरू पाएका तथा चित्तलाई पूर्णतः वशमा पार्ने अरहन्तको चैत्यमा पनि प्रातिर्हाय नहुने हुन्छ । महाराज ! यदि कुनै



Downloaded from http://www.dhamma.digital

प्रातिर्हाय नभए तापनि उनको पवित्र जीवनलाई दृष्टिगत गरी, त्यस चैत्यनिर जानुपर्छ अनि यो कुरो गौरवका साथ मनमा ल्याउनुपर्छ कि यो निर्वाण प्राप्त बुद्धपुत्र हुन् ।"

"साधु भन्ते नागसेन ! यस्तै कुरो हो । म यसलाई स्वीकार गर्दछु ।"

## ८. धर्माभिसमयबारे विषयमा प्रश्न

१५. "भन्ते नागसेन ! सत्य मार्गमा हिंड्ने सबैलाई धर्माभिसमय साक्षात्कार (मार्गफल प्राप्त) कसैलाई हुन्छ या कसैलाई पनि हुँदैन ?" "महाराज ! कसैलाई हुन्छ भने कसैलाई हुँदैन ?"

१६. "महाराज ! (१) पशु आदि तल्लो योनिमा उत्पन्न भएकाहरू सम्यक् बाटोमा हिड्दा पनि मार्गफल प्राप्त हुँदैन । (२) प्रेत योनिमा उत्पन्न भएकाहरू ··· । (३) मिथ्यादृष्टि भएको (भूटो सिद्धान्तलाई मान्ने) ··· । (४) कुहक (ढोगीं) उल्टो सोझो अरूलाई ठग्ने ··· । (५) आमाको हत्यारा ··· । (६) बाबुको हत्यारा ··· । (७) अर्हत्को हत्यारा ··· । (८) सङ्घ भेद गर्ने व्यक्ति ··· । (९) बुद्धको शरीरबाट रगत बगाउने ··· । (१०) चोरीले सङ्घमा प्रविष्ट गर्ने ··· । (११) तीर्थङ्करहरू (भूटो मतका आचार्यहरू)का कुरामा पर्ने । (१२) भिक्षुणीका साथ व्यभिचार गर्ने । (१३) तेह्र प्रकारका ठूला पाप मध्ये जुनसुकै पाप गरेर त्यसको प्रायश्चित्त नगर्ने ··· । (१४) नपुंसक । (१५) उभतोव्यञ्जक (स्त्री र पुरुष दुवै लिङ्ग भएकाहरू) ··· । १६. सात वर्षभन्दा कम उमेरको बच्चालाई पनि ज्ञानको साक्षात्कार हुन सक्दैन । महाराज ! यी सोह्र प्रकारका मानिसहरू सन्मार्गमा हिंडे पनि उनीहरूलाई ज्ञानको साक्षात्कार हुँदैन ।"

"भन्ते नागसेन ! माथि भनिएका पन्ध्र मानिसहरूलाई ज्ञानको साक्षात्कार होस् वा नहोस् (त्यसबारे म चर्चा गर्दिन), तर यसको के कारण हो कि सात वर्ष भन्दामुनिको बच्चालाई ज्ञानको साक्षात्कार हुन सक्दैन ? यहाँ शङ्का उत्पन्न हुन्छ । बच्चालाई त राग, द्वेष, मोह, मान, मिथ्यादृष्टि, असन्तोष र कामवितर्क हुँदैन – यो लोकसम्मत कुरो होइन ? बच्चा त पापरहित हुन्छ । उसले त एकै पल्टमा चार आर्यसत्यका भित्री कुराहरू पूर्णरूपले बुझ्न सक्दछ ।"

"महाराज ! त्यसैले म भन्द छु कि सात वर्षभन्दा मुनिको बच्चाले मार्गफल प्राप्त गर्न सक्दैन । महाराज ! यदि सातवर्ष भन्दा मुनिको बच्चालाई राग गर्ने विषयमा राग हुँदोहो, द्वेष गर्ने विषयमा द्वेष हुँदोहो, मोह गर्ने विषयमा मोहित हुँदोहो, मद उत्पन्न गर्ने विषयमा मदहोस हुँदोहो, मिथ्यादृष्टिक सिद्धन्तमा लाग्ने भए, सन्तोष र असन्तोष हुने भए । कुशल (पुण्य) र अकुशल (पाप) बारे विचार भएको भए उसलाई मार्गफल प्राप्त हुनसक्ने थियो । महाराज ! तर सात वर्षभन्दा मुनिको बच्चाको चित्त अवल, दुर्बल, अल्प, मन्द र नबुझ्ने हुन्छ । अनि असंस्कृत निर्वाण जसलाई शब्दहरूमा प्रकट गर्नै सकिन्न, गम्भीर र महान् छन् । महाराज ! अनि त्यो अवल, दुर्बल, अल्प, मन्द र नबुझ्ने चित्त भएको सात वर्षभन्दा मुनिको बच्चाले असंस्कृत निर्वाण धातुलाई साक्षात्कार गर्न सक्दैन जो गम्भीर, महान र बिपुल छ ।"

"महाराज ! जस्तै – सुमेरु पर्वत ठूलो, भारी र विपुल (विशाल) छ र महान् छ । महाराज ! त्यसो भए के त्यस सुमेरु पर्वतलाई कसैले पनि आफ्नो प्राकृतिक शक्तिले उखेलिदिन सक्छ ?" "सक्दैन भन्ते !" "किन ?" "भन्ते ! किनकि त्यो मानिसमा साह्रै कम शक्ति छ र सुमेरु पहाड़ विपुल र महान छ । महाराज ! यसरी सात वर्षभन्दा मुनिको बच्चाको चित्त अवल, दुर्बल, अल्प, मन्द र नबुझ्ने हुन्छ । असंस्कृत निर्वाण धातु भारी र महान् हुन्छ, विपुल हुन्छ । महाराज ! त्यसो हुँदा अवल, दुर्बल, अल्प, मन्द



Downloaded from http://www.dhamma.digital

र नबुझ्ने चित्त भएको सात वर्षभन्दा मुनिको बच्चा सन्मार्गमा लागेता पनि उसले मार्गफल प्राप्त गर्न सक्दैन, जो भारी छ, महान् छ, विपुल छ।"

"महाराज ! जस्तै यो महापृथ्वी लामो, चाक्लो विस्तृत, विशाल विपुल र महान् छ। महाराज ! के यस महापृथ्वीको पानीको एउटा सानो थोपाले सिञ्चित भएर हिलो बनाउन सकिन्छ ?" "सकिन्न भन्ते !" "महाराज ! किन ?" "भन्ते ! किनकि पानीको थोपा सानो छ र पृथ्वी विशाल छ।" "महाराज ! यसरी सात वर्षभन्दा मुनिको बच्चाको चित्त अवल, दुर्बल, अल्प, मन्द र नबुझ्ने हुन्छ; असंस्कृत निर्वाण धातु भारी र महान् हुन्छ विपुल हुन्छ।"

"महाराज ! जस्तै कतै पिलपिल गरिरहेको आगो होस्। त के त्यो पिलपिल गरिरहेको सानो आगोबाट देवताहरू र मानिसहरूसहित यो सारा लोकलाई प्रकाशित गर्न सकिन्छ ?" "सकिन्न भन्ते !" "किन ?" "भन्ते ! किनकि आगो अल्प र लोक विपुल भएकोले।" "महाराज ! यसरी सात वर्षभन्दा मुनिको बच्चाको चित्त अवल, दुर्बल, अल्प, मन्द र नबुझ्ने हुन्छ; असंस्कृत निर्वाण धातु भारी र महान् हुन्छ विपुल हुन्छ। महाराज ! त्यसैले सात वर्षभन्दा मुनिको बच्चा सन्मार्गमा लागे पनि उसले मार्गफल प्राप्त गर्न सक्दैन, जो भारी छ, महान छ, विपुल छ। महाराज ! जस्तै सालक जातिको एउटा, पातलो र निकै सानो रोगी कीरा छ। के त्यो कीराले आफ्नो दुलोको नजिक, तीन ठाउँहरूमा मद चुहिरहेको, नौ हात लामो तीन हात चाक्लो दस हात मोटो आठ हात उचो कुनै हस्तिराजलाई आउन लागेको देखेरपछि त्यसलाई निल्न भनेर बाहिर आउला ?" "आउँदैन भन्ते !" "किन ?" "भन्ते ! किनकि सालक कीरा सानो जीव हो र हस्तिराज महान्।" "महाराज ! यसरी नै, सात वर्षभन्दा मुनिको बच्चाको चित्त अवल, दुर्बल, अल्प, मन्द र नबुझ्नें हुन्छ; असंस्कृत निर्वाण धातु भारी र महान् हुन्छ, विपुल हुन्छ। महाराज ! त्यसैले सात वर्षभन्दा मुनिको बच्चा सन्मार्गमा लागे पनि उसले मार्गफल प्राप्त गर्न सक्दैन, जो भारी छ, महान् छ, विपुल छ।

"साधु भन्ते नागसेन ! मैले यो कुरो बुझें।"

## ९. एकान्तसुखमय निर्वाण विषयमा प्रश्न

१७. "भन्ते नागसेन ! के निर्वाणमा सुख नै सुख छ वा केही दुःख पनि हुन्छ ?" "महाराज ! निर्वाणमा सुखैसुख छ दुःख लेश मात्र रहँदैन।" "भन्ते नागसेन ! निर्वाणमा सुखैसुख छ भन्ने कुरो म मान्न सक्दिन र दुःख कत्ति हुँदैन। निर्वाणमा पनि अवश्य केही न केही दुःख लागिरहन्छ-यसका लागि मसँग एउटा युक्ति छ। कुनचाहिँ युक्ति ?" "भन्ते नागसेन ! जसले निर्वाणको खोजी गर्दछ, ऊ शरीर र मन दुवैले तप गरेको देखिन्छ। ऊ उठेर चक्रमण गर्छ या आसन लगाएर बस्छ, इन्द्रियलाई दबाउछ, र आफ्नो धन, धान्य, प्रिय, आफन्त, मित्रहरूसँग नाता सम्बन्ध हटाउँछ। तर जो लोकमा सुख उठाउने र ऐसआराम गर्ने मानिसहरू छन्, उनीहरू पञ्च काम गुणमा नै मस्त भइरहन्छन्, मनले चाहेको अनेक प्रकारले आँखाले सौन्दर्य रूप हेरी मस्त भइरहन्छन्, गीत र बाजा कानमा सुनाएर त्यसको स्वाद लिन्छन्, अनेक प्रकारका मनपरेको फूल, फल, पात, छाला, जरा या अनेक प्रकारको सुगन्धलाई सुँघेर प्रसन्न हुन्छन्, अनेक प्रकारको असलभन्दा असल मनले चाहेको खाने, पिउने र स्वादले जिब्रोमा रस लिन्छन्, अनेक प्रकारका मन परेका, चिप्ला मसिना, कमलो र मृदु वस्तुहरूको स्पर्शको सुख लिन्छन्, अनेक प्रकारका मनपरेका असल, खराब या पाप पुण्यको विचारले मनमनै प्रसन्न रहन्छन्, यसको विपरीत, तपाईंहरू आँखा, कान, नाक, जिब्रो, शरीर र मनका इच्छाहरूलाई दमन गरेर बस्नुहुन्छ, हात कँपाउनुहुन्छ, जरा समेत उखेली दिनुहुन्छ, रोकेर बस्नुहुन्छ र बन्द गरी दिनाले शरीरलाई पनि कष्ट हुन्छ



Downloaded from http://www.dhamma.digital

र मनलाई पनि । शारीरिक दुःख पनि हुन्छ र मानसिक पनि । मागन्दिय[१८८] परिव्राजकले भगवान्‌को निन्दा गर्दै श्रमण गौतमलाई भूनहु[१८९] भनेर भनेका थिए । यही युक्ति हो, जसको बलमा म भन्दछु कि निर्वाणमा पनि दुःख मिसिएको छ ।"

१८. "होइन महाराज ! निर्वाणमा दुःखको लेस मात्र पनि छैन, सुखैसुख छ । महाराज ! तपाईं जो भन्दैहुनुहुन्छ कि निर्वाणमा दुःख छ, त्यो दुःख यथार्थतः निर्वाणमा छैन । त्यो त निर्वाण साक्षात्कार गर्नुभन्दा पहिलेको कुरो हो । यो त निर्वाणको खोजी गर्दाको अवस्था हो । महाराज ! साँच्चै निर्वाणमा सुखैसुख छ; निर्वाणमा दुःखको लेसमात्र पनि छैन । यसको कारण भन्दछु – महाराज ! राजालाई 'राज्यसुख' नामको कुनै चीज हुन्छ ?" "हुन्छ भन्ते ! राजाहरूलाई 'राज्यसुख' हुन्छ ।" "महाराज ! राजाहरूको त्यो 'राज्यसुख'मा दुःख पनि मिसिएको हुन्छ ?" "हुँदैन भन्ते ।" "महाराज ! जब कहिले सीमान्तका मानिसहरूले विद्रोह गर्दा उनीहरूलाई दबाउनका लागि राजाले आफ्नो दरबार छोडेर अधिकारी, मन्त्री, सेना र सिपाही आदिका साथ माखो, लामखुटे, हावा र गर्मीको दुःख झेल्दै अग्लो र होचो जमिनमा आक्रमण गर्दै ठूलो लड़ाइँ छेड्छ, यहाँसम्म कि आफ्नो ज्यानलाई सङ्कटमा पार्दछ । त्यसो किन गरेको हो ?" "भन्ते नागसेन ! यो राज्यसुख होइन, यो त राज्यसुख पाउनुभन्दा पहिलोको प्रयास हो ।" "भन्ते नागसेन ! ठूलो कठिनाइपछि राजाले राज्य पाउँछ र त्यसको सुखलाई भोग गर्दछ ।" "भन्ते नागसेन ! यसरी, राज्यसुखमा दुःख छैन । राज्यसुख भनेको अर्कै सुख हो र दुःख भनेको अर्कै ।" "महाराज ! त्यस्तै, निर्वाण सुख नै सुख हो । निर्वाणमा दुःखको लेस मात्र पनि छैन । जसले त्यस निर्वाणको खोजी गर्दछ, उनीहरूले शरीर र मनले तप गर्नु नै पर्दछ । उनीहरूले उभिएर चंक्रमण गर्नु, आसन लगाएर बस्नु, राख्नु, निद्रा नलगाई बस्नु, इन्द्रियहरूमा निग्रह राख्नु, आफ्नो शरीरलाई त्याग गरी यतिका दुःख सहेर निर्वाण प्राप्त गरी सुखैसुख प्राप्त गर्छन् । जस्तै – शत्रुहरूलाई दमन गरेपछि नै राजाले राज्यसुख पाउँछ, त्यसरी नै, निर्वाणमा सुखैसुख छ; दुःखको लेस मात्र पनि छैन । निर्वाण अर्कै हो र दुःख अर्कै ।"

"महाराज ! एउटा अर्को कारण सुन्नुहोस् – निर्वाण-सुखमा सुखैसुख छ, त्यसमा दुःखको लेस मात्र पनि छैन, दुःख अर्को चीज हो भने निर्वाण अर्कै । महाराज ! आचार्यकहाँ शिल्प सिक्नेलाई शिल्प सुख भनेको हुन्छ ?" "हुन्छ भन्ते ! शिल्पसुख भनिएको हुन्छ ।" "महाराज ! के त्यो शिल्पसुखमा दुःख हुन्छ ?" "हुन्न भन्ते !" "महाराज ! त्यसो भए किन आफ्ना गुरुको सेवामा यति कष्ट गर्नुपर्ने, गुरुलाई किन अभिवादन गर्नु पर्ने, किन उठेर स्वागत गर्नुपर्ने, पढ्नुपर्ने, पानी ल्याउनुपर्ने, बढार्नुपर्ने, दतिवन ल्याउनु पर्ने, मुख धुनु पानी ल्याउनु इत्यादि सेवा किन गरिन्छ ? किन गुरुको जुठो खानुपर्ने ? किन उहाँलाई मालिस गर्नुपर्ने, किन उहाँलाई नुहाईदिनुपर्ने र गोडा सफा गर्नुपर्ने ? आफ्नो इच्छालाई छाडेर अरूको इच्छाले किन सबै काम गर्नुपर्ने ? कडा ओछ्यानमा किन सुत्नुपर्ने ? रूखासुक्खा खाएर आफ्नो शरीरलाई दुःख दिनुपर्ने ?" "भन्ते नागसेन ! शिल्पसुख यो होइन । शिल्प (कला) सिक्नका लागि पहिले यसो गरिन्छ । भन्ते ! ठूलो दुःख सहेर शिल्पकला सिकेर शिल्पसुख प्राप्त गरिन्छ, शिल्प सुखमा दुःख छैन, शिल्पसुख अर्कै हो र दुःख अर्कै ।"

"महाराज ! त्यसरी नै, निर्वाणमा सुखैसुख छ । निर्वाणमा दुःखको लेस मात्र पनि छैन । उनीहरू उठेर, चक्रमण गर्छन्, आसन लगाएर बस्छन्, भोजनमा धेरै संयम राख्छन्, निदाउँदैनन् र इन्द्रियहरूलाई निग्रह गर्छन् तथा आफ्नो धन, धान्य, प्रिय, आफन्त र मित्रहरूसँग नाता सम्बन्ध विच्छेद गर्नै पर्छ । यति

---

१८८. मागण्डिय-सुत्त, म. नि. (नेपाली) पृ. ४४५ हेर्नु होला ।

१८९. भूनहु शब्दको अर्थकोलागि बुद्धकालीन ब्राह्मण भाग-३ को पृष्ट १०० मा अथवा मागण्डिय-सुत्त, म. नि. (नेपाली) पृ. ४४६ को फूटनोट हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

कठिनाइ भोगे पछि निर्वाण पश्चात् सुखैसुख पाउँछ, आचार्यसँग शिल्प सिकेर सुखपूर्वक बस्छन् । महाराज ! निर्वाण एकान्ततः सुखैसुख छ । त्यसमा दुःखको लेस मात्र पनि छैन । निर्वाण अर्कै हो र दुःख अर्कै ।"

"साधु भन्ते ! अब मैले ठीक-ठीक बुझें ।"

## १०. निवार्ण-रूप-संस्थान विषयमा प्रश्न

१९. "भन्ते नागसेन ! तपाईं निर्वाण-निर्वाण भनी भन्नुहुन्छ । त्यो के हो ? उपमा, ब्याख्या तर्क र कारणहरूका साथ के तपाईं सम्झाउन सक्नुहुन्छ कि निर्वाण को रूप, स्थान काल वा आकार कस्तो छ ?"

"महाराज ! निर्वाणमा यस्तो देखाउन हुने कुनै कुरो छैन । उपमा, व्याख्या, तर्क र कारणहरूका साथ निर्वाणको रूप, स्थान, काल वा आकार कस्तो छ, सो देखाउन सकिन्न ।" "भन्ते नागसेन ! म यो मान्दिन कि निर्वाण वर्तमान हो तर त्यसको रूप, स्थान, काल वा आकार न उपमा, न व्याख्या, न तर्क, न कारणहरूका साथ सम्झाउन सकिन्छ । कृपया मलाई यो कुरो सम्झाउनु होस् ।" "हवस् महाराज ! यसलाई म कारण दिएर सम्झाउँछु – महाराज ! के महासमुद्र नामको कुनै वस्तु छ ?" "हो भन्ते, छ । महासमुद्रलाई कसले जान्दैन ?"

२०. "महाराज ! यदि कसैले तपाईंलाई यस्तो प्रश्न सोधे – महाराज ! यो त भन्नुहोस् कि समुद्रमा पानी कति छ ? ती जीवहरूको के गणना छ, जो महासमुद्रमा रहन्छन् ? अनि तपाईं के उत्तर दिनुहुन्छ ?" "भन्ते नागसेन ! यदि कसैले मसित यो कुरो सोध्यो भने म यही उत्तर दिनेछु – हे मानव ! तिमीले मसित यस्तो प्रश्न सोधि रहेका छौ जो सोध्नै नहुने हो, यो प्रश्न सोध्न हुँदैनथियो, थिएन । यो प्रश्नलाई थन्किएको बेस । भूशास्त्रविद्हरूले पनि यसमा विचार गरेका छैनन् – महासमुद्रमा कति पानी छ, असलमा कसले अनुमान गर्न सक्छ । कसले गन्न सक्छ कि त्यसमा कति जीवहरू रहन्छन् ? भनेर म जवाफ दिनेछु ।"

"महाराज ! समुद्र छँदाछदै पनि तपाईं यसरी उत्तर किन दिनुहुन्छ ? तपाईंले त गणना गरेर ठीक-ठीक उसलाई भनि दिनुपर्छ कि महासमुद्रमा यति पानी छ र यति जीव रहन्छन् ।" "भन्ते ! यो असम्भव कुरो हो । यो प्रश्नलाई गर्नको कुनै प्रयोजन नै छैन ।"

"महाराज ! जस्तै समुद्र भएर पनि यो कुरो भन्न सकिन्न कि त्यसमा कति पानी छ वा कति जीवहरू रहन्छन् । त्यस्तै, निर्वाण भएर पनि त्यसको रूप, स्थान, काल वा आकार उपमा देखाएर, व्याख्या गरेर, तर्क र कारणका साथ सम्झाउन सकिन्न । महाराज ! चित्तलाई वशमा राख्न सक्ने कुनै ऋद्धिमान् पुरुषले महासमुद्रमा यति पानी छ र यति जीवहरू रहन्छन् भनि भलै भन्न सकोस्, तर उसले पनि निर्वाणको रूप, स्थान काल वा आकार ··· सम्झाउन सक्दैन ।"

"महाराज ! एउटा अर्को कारण सुन्नुहोस् जसले गर्दा निर्वाण भएर पनि उपमा, व्याख्या, तर्क र कारणहरूका साथ निर्वाणका रूप, स्थान, काल वा आकार कस्ता छन् सो देखाउन सकिन्न ।"

"महाराज ! देवताहरूमा 'अरूपकायिक' नामका देवता छन् कि छैनन् ?" "हो भन्ते ! यस्तो सुनिन्छ कि 'अरूपकायिक' नामका देवता छन् ।" "महाराज ! के ती 'अरूपकायिक' देवताहरूका रूप, स्थान काल या आकार, उपमाहरू देखाएर, व्याख्या गरेर, तर्क र कारणका साथ सम्झाउन सकिन्छ ?"



Downloaded from http://www.dhamma.digital

"सकिन्न भन्ते ! सम्झाउन सकिन्न ।" "महाराज ! त्यसो भने 'अरूपकायिक' नामका देवता छँदै छैन ।" "भन्ते ! 'अरूपकायिक' देवताहरू अवश्य छन् तर तिनका रूप, स्थान काल या आकार-प्रकार, उपमाहरू देखाएर, व्याख्या गरेर, तर्क र कारणका साथ सम्झाउन सकिन्न ।" "महाराज ! जसरी 'अरूपकायिक' नामका देवताहरू भए ता पनि तिनका रूप, स्थान, काल या आकार उपमा देखाएर, व्याख्या गरेर, तर्क र कारणका साथ सम्झाउन सकिन्न; त्यसरी नै, निर्वाण भएर पनि त्यसका रूप, स्थान, आयु या आकार उपमा दिएर, व्याख्या गरेर तर्क र कारणहरूका साथ सम्झाउन सकिन्न ।"

"भन्ते नागसेन ! ठीक छ, म मान्दछु कि निवार्ण सुखैसुख छ र त्यसका रूप, स्थान, काल या आकारलाई उपमा दिएर व्याख्या गरेर, तर्क र कारणका साथ सम्झाउन सकिन्न । भन्ते ! के उपमाको सहारामा निवार्णको गुणतिर के अरूले कुनै सङ्केत मात्र पनि गरेको छ ?" "महाराज ! निर्वाणको रूप त छँदैछैन, तर उपमाको सहारामा धेरथोर यतातिर सङ्केत गर्न सकिन्छ कि त्यो कस्तो छ ।"

"साधु भन्ते नागसेन ! निर्वाण कस्तो छ भन्ने कुरा देखाइदिनुहोस् । चाँडो भन्नुहोस् । तपाईंले आफ्नो मन्द, शीतल एवं मधुर वचनरूपी वायुले मेरो हृदयको उत्सुकतारूपी जलनलाई शान्त पारिदिनुहोस् ।"

"महाराज ! कमलको एक गुण निर्वाणसँग मिल्छ; पानीको दुई गुण निर्वाणसँग मिल्छ, औषधीको तीन गुण निर्वाणसँग मिल्छ, महासमुद्रको चार गुण ··· , भोजनको पाँच गुण ··· , आकाशको दस गुण , मणिरत्नको तीन गुण ··· , श्रीखण्ड (राक्तचन्दन) को तीन गुण ··· ,नौनी घिउको तीन गुण ··· , पहाडको टाकुराका पाँच गुण निर्वाणसँग मिल्छन् ।"

"भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि कमलको एउटा गुण निर्वाणसँग मिल्छ । त्यो कुनचाहिँ गुण हो ?" "महाराज ! जसरी कमल पानीमा सधैं अलिप्त भइरहन्छ, त्यसरी नै, निर्वाण सबै क्लेशहरूसँग अलिप्त भइरहन्छ । महाराज ! कमलको यो गुण निर्वाणसँग मिल्छ ।"(१)

"भन्ते नागसेन ! तपाईं जुन भन्नुहुन्छ कि पानीको दुई गुण निर्वाणसँग मिल्छ, ती कुनचाहिँ गुण हुन् ?" "महाराज ! (१) जस्तै – पानी शीतल हुन्छ र त्यसले गर्मीलाई हटाउँछ; त्यस्तै निर्वाण पनि शीतल छ, जसले सबै क्लेशहरूको तापलाई शान्त पारिदिन्छ । महाराज ! यो पानीको पहिलो गुण हो, जो निवार्णसँग मिल्छ । (२) महाराज ! फेरि, जस्तै – पानीले तिर्खा लागेको, थकित, क्लान्त भई गर्मीले पीड़ित भएकाहरूको तिर्खा मेटाइदिन्छ, त्यसरी नै, निर्वाणले पनि मानिसहरूको काम-तृष्णा, भव-तृष्णा र विभव-तृष्णाको तिर्खालाई मेटाईदिन्छ । महाराज ! यो पानीको दोस्रो गुण हो, जो निर्वाणसँग मिल्छ ।" (२)

"भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि औषधीको तीन गुण निर्वाणसँग मिल्छ, ती कुनचाहिँ तीन गुणहरू हुन् ?" "महाराज ! (१) जस्तै – विषले पीड़ित सत्त्व प्राणीहरूका लागि औषधी नै एकमात्र बचाउने उपाय हो । त्यस्तै, क्लेशरूपी विषले पीडित सत्त्व प्राणीहरूका लागि निर्वाण नै एकमात्र बचाउने उपाय हो । महाराज ! औषधीको यो पहिलो गुण निर्वाणसँग मिल्छ । (२) महाराज ! फेरि, जसरी औषधिले सबै रोगहरूलाई अन्त गरिदिन्छ; त्यसरी नै, निर्वाणले सबै दुःखहरूलाई समाप्त गरिदिन्छ । महाराज ! औषधिको यो दोस्रो गुण हो जो निर्वाणसँग मिल्छ । (३) फेरि, जसरी औषधी अमृत हो; त्यस्तै नै निर्वाण पनि अमृत हो । महाराज ! औषधीको यो तेस्रो गुण निर्वाणसँग मिल्छ ।" (३)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि महासमुद्रको चार गुण निर्वाणसँग मिल्छ, ती चार गुणहरू के हुन् ?" "महाराज ! (१) जस्तै – महासमुद्रले आफूमा कुनै मृत शरीरलाई राख्न दिदैन, त्यसरी नै, निर्वाणमा कुनै क्लेश रहन पाउँदैन । (२) महाराज ! फेरि, जसरी महासमुद्र महान् र अपरम्पार छ, सबै नदीहरू बग्दा पनि भरिन्दैन; त्यस्तै निर्वाण पनि महान् र अपरम्पार छ, सबै सत्त्व



Downloaded from http://www.dhamma.digital

जीवहरू आए पनि त्यो भरिन्न । महाराज ! महासमुन्दको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) जसरी महासमुद्रमा ठूलठूला जीवहरू रहन्छन्; त्यसरी नै निर्वाणमा ठूलठूला क्षीणास्रव, शुद्ध, बलिया र आत्मसंयमी अर्हत् बस्छन् । महाराज ! महासमुद्रको यो तेस्रो गुण पनि निर्वाणसँग मिल्छ । (४) महाराज ! जसरी मानौं महासमुद्र अनेक प्रकारका अनन्त ठूलठूला तरङ्गरूपी फूलहरूले फुलेको हुन्छ, त्यसरी नै, निर्वाण पनि विभिन्न प्रकारका अनन्त ठूलठूला शुद्ध विद्या र विमुक्तिका फूलहरूले फुलि रहन्छ । महाराज ! महासमुद्रको यो चौथो गुण निर्वाणसँग पनि मिल्छ । महाराज ! महासमुद्रका यी चारै गुणहरू निर्वाणसँग मिल्छन् ।" (४)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भोजनको पाँच गुण निर्वाणसँग मिल्छ, ती कुनचाहिँ पाँच गुणहरू हुन् ?" "महाराज ! (१) जस्तै – भोजनले सवै सत्त्वको प्राणरक्षा गर्छ; त्यसरी नै, साक्षात् गरेको निर्वाणले जरा-मरण हुनुबाट रक्षा गर्दछ । महाराज ! भोजनको यो पहिलो गुण निर्वाणसँग मिल्छ । (२) जस्तै – भोजनले सवै सत्त्वको बललाई वृद्धि गर्छ; त्यसरी नै, निर्वाण साक्षात्कार गर्नाले ऋद्धिबलको वृद्धि हुन्छ । महाराज ! भोजनको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) भोजनले सबै सत्त्वको सौर्न्दयलाई कायम राख्छ । त्यसरी नै, साक्षात् गरेको निर्वाणले सत्त्वहरूमा सद्गुणको सौर्न्दयलाई कायम राख्छ । महाराज ! भोजनको यो तेस्रो गुण निर्वाणसँग मिल्छ । (४) जस्तै भोजनले सबै सत्त्वको कष्टलाई मेटिदिन्छ । महाराज ! भोजनको यो चौथो गुण निर्वाणसँग मिल्छ । (५) जस्तै – भोजनले सबै सत्त्वको भोक र दुर्बलता मेटिदिन्छ; त्यसरी नै, निर्वाणले सत्त्वहरूको सबै दुःख भोक र दुर्बलतारूपी क्लेश आदिलाई मेटिदिन्छ । महाराज ! भोजनको यो पाँचौं गुण निर्वाणसँग मिल्छ ।" (५)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि आकाशको दस गुण निर्वाणसँग मिल्छ। ती कुनचाहिँ दस गुणहरू हुन् ?" "महाराज ! जस्तै – आकाश (१) न उत्पन्न हुन्छ, (२) न जीर्ण (पुरानो) हुन्छ, (३) न मर्छ, (४) न आवागमन गर्छ, (५) दुर्ज्ञेय (बुझ्न नसकिने) छ, (६) चोरहरूले चोर्न सक्दैनन्, (७) कसैमाथि निर्भर रहँदैन, (८) स्वच्छन्द हुन्छ, (९) खुल्ला हुन्छ, (१०) अनन्त छ । महाराज ! त्यसरी नै, निर्वाण पनि न उत्पन्न हुन्छ, न जीर्ण (पुरानो) हुन्छ, न मर्छ, न आवागमन गर्छ, दुर्ज्ञेय (बुझ्न नसकिने) छ, चोरहरूले चोर्न सक्दैनन्, अरूमाथि निर्भर रहँदैन, स्वछन्द हुन्छ, खुला हुन्छ, अनन्त छ । महाराज ! आकाशका यी दसगुणहरू निर्वाणसँग मिल्छ ।" (६)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि मणिरत्नका तीन गुण निर्वाणसँग मिल्छ, ती तीन गुणहरू के-के हुन् ?" "महाराज ! (१) जस्तै – मणिरत्नले समग्र इच्छाहरूलाई पूरा गरिदिन्छ, त्यसरी नै, निर्वाणले पनि समग्र इच्छाहरूलाई पूरा गरिदिन्छ, मणिरत्नजस्तै अत्यन्त मनोहर हुन्छ । महाराज ! मणिरत्नको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) महाराज ! फेरि, मणिरत्न प्रकाशवान् र अत्यन्त उपयोगी हुन्छ । त्यस्तै, निर्वाण पनि अत्यन्त उपयोगी र प्रकाशवान् हुन्छ । महाराज ! मणिरत्नको यो तेस्रो गुण निर्वाणसँग मिल्छ । महाराज ! मणिरत्नका यी तीनै गुण निर्वाणसँग मिल्छ ।" (७)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि (श्रीखण्ड) का तीन गुण निर्वाणसँग मिल्छ, ती गुणहरू कुनचाहिँ हुन् ?" "महाराज ! (१) जस्तै रक्तचन्दन दुर्लभ हुन्छ, त्यस्तै, निर्वाण प्राप्त गर्न बडो गाह्रो छ । महाराज ! श्रीखण्डको यो पहिलो गुण निर्वाणसँग मिल्छ । (२) रक्तचन्दनको सुगन्ध आफैंमा अनौठो हुन्छ । त्यसरी नै, निर्वाणको सुगन्ध पनि अनौठो हुन्छ । महाराज ! रक्तचन्दनको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) महाराज ! रक्तचन्दनजस्तै निर्वाण पनि सज्जनहरूद्वारा अत्यन्त प्रशंसित छ । महाराज ! रक्तचन्दनको यो तेस्रो गुण निर्वाणसँग मिल्छ ।" (८)



Downloaded from http://www.dhamma.digital

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि नौनीका तीन गुण निर्वाणसँग मिल्छ, ती कुन गुणहरू हुन् ?" "महाराज ! (१) नौनी वर्णसम्पन्न हुन्छ, त्यस्तै निर्वाण पनि वर्णसम्पन्न हुन्छ । महाराज ! नौनीको यो पहिलो गुण निर्वाणसँग मिल्छ । (२) महाराज ! फेरि, नौनी बास्नादार हुन्छ । त्यसरी नै, निर्वाण पनि शील सुगन्धयुक्त हुन्छ । महाराज ! नौनीको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) महाराज ! फेरि, नौनी अत्यन्त स्वादिष्ठ हुन्छ; त्यस्तै नै निर्वाण पनि स्वादिष्ठ हुन्छ । महाराज ! नौनीको यो तेस्रो गुण निर्वाणसँग मिल्छ ।" (९)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि पर्वत शिखरको पाँच गुण निर्वाणसँग मिल्छ, ती कुनचाहिँ गुणहरू हुन् ?" "महाराज ! (१) जस्तै – पहाड़को चुचुरो निकै उच्च हुन्छ । त्यस्तै, नै निर्वाण पनि बडो उच्च छ । (२) पहाड़को चुचुरोझैं निर्वाण पनि अचल हुन्छ । महाराज ! पहाड़को चुचुरोको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) पहाड़को चुचुरोमा चढ्नु बडो गाह्रो काम हो । त्यस्तै, सबै क्लेशलाई मेटेर निर्वाणको चुचुरोमा चढ्न बडो गाह्रो छ । महाराज ! पहाड़को चुचुरोको यो तेस्रो गुण निर्वाणसँग मिल्छ । ४.महाराज ! अनि फेरि, जस्तै – पहाड़को चुचुरोमा कुनै बीउ उम्रन सक्दैन, त्यसरी नै, निर्वाणमा पनि कुनै क्लेश उत्पन्न हुन सक्दैन । महाराज ! पहाड़को चुचुरोको यो चौथो गुण निर्वाणसँग मिल्छ । (५) महाराज ! पहाड़को चुचुरोजस्तै निर्वाणमा पनि कसैका प्रति राग द्वेष रहँदैन । महाराज ! पहाड़को चुचुरोको यो पाँचौ गुण निर्वाणसँग मिल्छ ।" (१०)

## ११. निर्वाण-साक्षात्कार विषयमा प्रश्न

२१. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि निर्वाण भूत, भविष्य र वर्तमान – तीनै कालभन्दा अगाडि को वस्तु हो । निर्वाण न उत्पन्न हुन्छ, न अनुत्पन्न न उत्पन्न गर्न सकिन्छ । भन्ते नागसेन ! जब कसैले सम्यक् प्रतिपन्न (सन्मार्ग)मा हिंडेर निर्वाणलाई साक्षात्कार गर्न सक्छ, त के उसले उत्पन्न भएको निर्वाणलाई साक्षात्कार गर्दछ ?" "महाराज ! कसैले सन्मार्गमा हिँडेर सम्यक् प्रतिपन्नमा निर्वाणलाई साक्षात्कार गर्दछ भने, उसले न त उत्पन्न भएको निर्वाणलाई साक्षात्कार गरेको हो, न त नयाँ तवरले निर्वाण उत्पन्न गरेर साक्षात्कार गर्दछ । महाराज ! त्यसमाथि पनि निर्वाण यथार्थमा छ । सन्मार्गमा हिंड्ने मानिसले नै त्यसको साक्षात्कार गर्न सक्छ ।"

"भन्ते नागसेन ! यस प्रश्नलाई अझैं धमिलो बनाएर उत्तर नदिनुस् । यसलाई राम्रोसँग खुलस्त उत्तर दिनुहोस् । विना कुनै सङ्कोच उत्साहपूर्वक तपाईंले जे सिक्नु भएजति सबै कुरा सम्झाएर भन्नुहोस् । यस विषयमा म एकदमै मूर्ख छु, पथभ्रष्ट भएको छु, सन्देहमा परेको छु, भित्र भित्रै घोच्ने यो दोषलाई निकाली दिनुहोस् ?"

२२. "महाराज ! निर्वाण शान्त, सुखद र प्रणीत छ । सम्यक् प्रतिपन्नमा लागेको बुद्धोपदेशअनुसार संसारको सबै संस्कारलाई (अनित्य, दुःख र अनात्माका आँखाले) देखेर कुनै प्रज्ञाले निर्वाणलाई साक्षात्कार गर्दछ । महाराज ! जसरी शिष्यले गुरुबाट शिक्षा लिएर आफूले जानेअनुसार विद्या हासिल गर्छ, त्यसरी नै, सम्यक् प्रतिपन्नमा लागेकोले बुद्धोपदेशअनुसार प्रज्ञाद्वारा निर्वाणलाई साक्षात्कार गर्दछ ।"

"निर्वाणको दर्शन कसरी हुन सक्छ ?" "अनीतित (विघ्न बाधादेखि रहित) निरूपद्रव (उपद्रोरहित) हुनाले, अभय हुनाले, क्षेमकुशल हुनाले, शान्त हुनाले, सुखमय हुनाले, प्रसन्न हुनाले प्रणीत हुनाले, नम्र हुनाले, चित्त शुद्ध हुनाले तथा शीलपालन गर्नाले निर्वाणको दर्शन हुन सक्छ ।"



Downloaded from http://www.dhamma.digital

"महाराज ! जस्तै – कुनै मानिस कुनै ठूलो अग्निकुण्डमा पर्दा जसरी तसरी कुदेर, फाल हानेर बाहिर निस्कन्छ र त्यसपछि धेरै सुख पाउँछ, महाराज ! त्यसरी नै कसैले सुबाटोमा हिंडेर, मनलाई ठीक लक्ष्यमा लगाएर तीन प्रकारको आगोको सन्तापबाट मुक्त भई परमसुख निर्वाणको साक्षात्कार गर्छ । महाराज ! यहाँ जुन आगो छ, त्यसलाई तीन प्रकारको आगो (राग, द्वेष र मोह) सम्झनुपर्छ । यहाँ आगोमा परेको जुन मानिस छ, त्यसलाई सुबाटोमा लाग्ने सम्झनुपर्छ । जो आगोबाट बाहिर आएको छ, उसलाई निर्वाण पाएको ठान्नुपर्छ ।" (क)

"महाराज ! जस्तै – मरेको सर्प, कुकुर र मानिसहरूले भरिएको कुनै खाडल होस्, जहाँबाट अत्यन्त दुर्गन्ध आइरहेको होस् । त्यस्तो दुर्गन्धित खाडलबाट माझ जाकिएको कुनै जीवित मानिस हात खुट्टा चलाएर अत्यन्त प्रयासपछि बाहिर निस्कन्छ र त्यसपछि दुर्गन्धित नभएको ठाउँमा पुगेर निकै सुख पाउँछ; महाराज ! त्यसरी नै, कसैले सुबाटोमा हिंडेर मनलाई ठीक ठाउँमा लगाएर क्लेशरूपी मुर्दाहरूको रासबाट बाहिर आएर परमसुख निर्वाणको साक्षात्कार गर्दछ । महाराज ! जो यहाँ मुर्दाहरू छन् तिनलाई पञ्चकाम गुण सम्झनुपर्छ र जो यहाँ मुर्दाहरूका माझ थिचिएको जिउँदो मानिस छ उसलाई सुबाटोमा लागेको भनी सम्झनुपर्छ । जसलाई यहाँ दुर्गन्ध नभएको स्थान हो त्यसलाई निर्वाण भनि सम्झनुपर्छ ।"(ख)

"महाराज ! जसरी कुनै मानिस कुनै सङ्कटमा परेर निकै डराएको होस्, त्रसित भएको होस्, काँपेको होस्, हताशिएको होस्, पागल भएको होस् । ऊ आफ्नो प्रयासले त्यस सङ्कटदेखि बाहिर निस्केर आवस् जहाँ पूर्ण स्थिरता होस्, भयको कुनै अवसर नहोस् । त्यस ठाउँमा उसलाई अत्यन्त सुख प्राप्त होस् । महाराज ! त्यसरी नै कोही सुबाटोमा हिंडेर मनलाई ठीक दिशामा लगाएर डर वा त्रासबाट रहित परमसुख निर्वाणलाई साक्षात्कार गर्दछ । महाराज ! जो यहाँ संकटको भय छ, उसले जन्म लिनु, बूढा हुन, बीमार पर्नु, मर्नु इत्यादिले गर्दा हुने संसारको यो अपार भय ठान्नुपर्दछ । जो यहाँ भयभीत मानिस छ उसलाई सुबाटोमा हिंडने सम्झनुपर्छ । जसलाई यहाँ सङ्कटबाट निस्केर स्थिरता र निर्भयता भए ठाउँमा आउनु छ, उसलाई निर्वाण पाएको सम्झनुपर्छ ।" (ग)

"महाराज ! जस्तै मैलो र फोहर हिलोमा परेको कुनै मानिस चेष्टा गरेर सफा ठाउँमा आएर सुख पावस्, त्यसरी नै कसैले सुबाटोमा हिंडेर मनलाई ठीक दिशामा लगाई क्लेश रूपी फोहोरबाट निस्केर परमसुख निर्वाणको साक्षात्कार गर्दछ । महाराज ! जुन यहाँ हिलो छ, त्यसलाई संसारको लाभ, सत्कार र प्रशंसा ठान्नुपर्छ । यहाँ हिलोमा गाडिएको मानिस छ, उसलाई सुबाटोमा लागेको ठान्नुपर्छ । यहाँ जुन ठाउँ सफा छ, त्यसलाई निर्वाण सम्झनुपर्छ ।" (घ)

"सुबाटोमा हिंडेर कसैले कसरी निर्वाणलाई साक्षात्कार गर्दछ ? महाराज जो सुबाटोमा हिंड्छ, उसले संसारका सबै संस्कारहरूको प्रवृत्ति (अनित्य, दुःख र अनात्म) देखेर त्यसमा विचार गर्दछ । विचार गरेर त्यहाँ जन्म भइरहेको देख्छ, वृद्ध भइरहेको देख्छ, रोगी भइरहेको देख्छ र मृत्यु भइरहेको देख्छ । उसले त्यहाँ कत्ति पनि सुख देख्दैन । आदि (सुरु) बाट, मध्यबाट र अन्तबाट पनि कुनै वस्तुलाई समातेर राख्ने योग्य पाउँदैन ।"

"महाराज ! जस्तै कुनै पुरुष दिनभरि आगोमा तातो पारेको, बाहिर झिकेर राखेको, रापले बल्दै गरेको फलामको गोलो वस्तुलाई आदि, मध्य र अन्त कुनै भागमा पनि हातले समाउने योग्य सम्झँदैन; त्यस्तै नै, महाराज ! जो संसारका सबै संस्कारहरूको प्रवृतिलाई देखेर त्यसमाथि विचार गर्दछ, विचार गरेर त्यहाँ जन्म भइरहेको देख्छ, वृद्ध भइरहेको देख्छ, रोगी भइरहेको देख्छ र मृत्यु भइरहेको देख्छ, उसले त्यहाँ सुख कत्ति पनि देख्दैन । आदि (सुरु) बाट, मध्यबाट र अन्तबाट पनि कुनै वस्तुलाई समातेर राख्ने योग्य पाउँदैन । त्यसैले उसले चित्तको संसारमा कुनै वस्तु ग्रहण गर्न योग्य देख्दैन ।"


Downloaded from http://www.dhamma.digital

"महाराज ! जस्तै – कुनै व्यक्ति ज्वालायुक्त आगोको ठूलो राशिमा पऱ्यो, त्यहाँ आफूलाई असहाय र अशरण पायो; महाराज ! यसरी नै सांसारिक विषयहरूले उसको मन उद्विग्न हुन्छ, उसको चित्तमा वैराग्य (अरति) उत्पन्न हुन्छ । उसको शरीरलाई एक प्रकारको उद्विग्नताले समाउँछ । शरीर उद्विग्न भएपछि आफैंले आफैंलाई असहायक (असरण) पाउँछ । भव (आवगमन) को चक्रबाट थाक्छ ।"

"उसले सबैतिर केवल भय नै भय देख्छ र उसलाई यस्तो लाग्छ – 'अहो ! यो सारा संसार बलीरहेको छ । धकधकी बलिरहेको छ । दुःखै दुःखले भरिएको छ ।' यदि कोही यस स्थानबाट मुक्त हुन चाहन्छ भने, उसको लागि परम शान्ति र प्रणीत निर्वाण नै एकमात्र उपाय छ, जहाँ सबै संस्कार सधैंका लागि रोकिन्छ, सबै उपधि हट्छ, रागको अन्त हुन्छ र आवागमनको निरोध हुन्छ । यसरी आवागमनबाट छुट्नतर्फ नै उसको चित्त लाग्छ, यहीं श्रद्धा र बिश्वास बढ्छ । ऊ आनन्दसाथ भन्छ – 'अहो ! मैले निस्सरण निर्वाण लाभ गरें ।"

"महाराज ! जस्तै – अज्ञात जङ्गलमा बाटो बिर्सेको कुनै व्यक्ति ठीक बाटो पाएर आनन्दमग्न हुन्छ र भन्छ – अहो ! सही बाटो पाएँ; त्यसरी नै संसारको प्रपञ्चमा भय नै भय देख्ने व्यक्तिले आवागमनबाट छुटनेतर्फ नै चित्त लगाउँछ, त्यता नै उसको श्रद्धा र विश्वास बढ्छ । ऊ आनन्दसाथ भन्दछ – 'अहो ! मैले निस्सरण निर्वाण लाभ गरें ।"

"उसले निर्वाण पाउने बाटो खोज्छ, त्यसैले भावना गर्दछ र त्यसलाई गवेषणा गरी मननद्वारा दृढ़ गर्दछ । आफ्नो सारा ध्यान, प्रयास र उत्साह त्यसैतिर लगाउँछ । बारम्बार त्यसैको ध्यान गर्नाले उसको चित्त सांसारिक विषयहरूबाट हटेर वैराग्यतर्फ झुक्छ । महाराज ! उसले वैराग्यलाई पूर्ण गरेर सन्मार्गमा लागेर निर्वाणलाई साक्षात्कार गर्दछ ।"

"साधु भन्ते नागसेन ! यो कुरो म मान्दछु ।"

## १२. निर्वाणसन्निहित प्रश्न

२३. "भन्ते नागसेन ! के त्यो स्थान पूर्व दिशातर्फ छ या पश्चिमतर्फ, उत्तर दिशातर्फ, या दक्षिण तर्फ, माथि वा तल, तेर्सो जहाँ निर्वाण लुकेको होस् ?" "महाराज ! त्यो स्थान न त पूर्व दिशातर्फ, न पश्चिमतर्फ वा उत्तर दिशातर्फ, वा दक्षिणतर्फ या माथि, या तल, या तेर्सो, जहाँ निर्वाण लुकेको होस् ।"

"भन्ते ! यदि निर्वाण कुनै ठाउँमा छैन भने, निर्वाण भन्ने कुरो छँदै छैन । निर्वाणको साक्षात्कार गर्नु एकदम झूटो कुरो हो । म यसका लागि तर्क दिन्छु – भन्ते नागसेन ! जस्तै संसारमा खेती गर्नका लागि खेत छ; गन्ध निकाल्नको लागि फूल छ, फूल उमार्नका लागि फूलबारी छ, फल लाग्न भनेर बृक्ष छ र रत्न झिक्नका लागि खानि छ । जुन मानिसलाई जुन वस्तुको खाँचो छ, ऊ त्यहाँ गएर उत्पन्न गर्न सक्छ । भन्ते ! यदि निर्वाण छ भने निर्वाणको कुनै उत्पादक स्थान पनि हुनुपर्छ । भन्ते ! यदि कुरो यो होइन भने म यही सम्झने छु कि निर्वाण नामको कुनै वस्तु नै छैन । निर्वाणको साक्षात्कार गर्नु भनेको असत्य कुरो हो ।"

२४. "महाराज ! निर्वाण पाइने कुनै ठाउँ नभए पनि निर्वाण छ । सन्मार्गमा हिंडेर मनलाई ठीक ठाउँमा लगाएर निर्वाणको साक्षात्कार गर्न सकिन्छ । महाराज ! जस्तै आगो छ, तर आगो बस्ने ठाउँ छैन, दुईवटा काठलाई घर्षण गर्नाले आगो निस्कन्छ । महाराज ! यसरी नै, निर्वाण भन्ने छ, परन्तु



Downloaded from http://www.dhamma.digital

निर्वाण रहने स्थान छैन । सन्मार्गमा हिंडेर मनलाई ठीक दिशामा लगाएर निर्वाणको साक्षात्कार गरिन्छ ।"

"महाराज ! जस्तै – १.चक्ररत्न, (२) हस्तिरत्न, (३) अश्वरत्न, (४) मणिरत्न, (५) स्त्रीरत्न, (६) गृहपतिरत्न र (७) परिणायकरत्न यी सात रत्नहरू (चक्रवर्ती राजाको) हुन्छन् । तर यस्ता रत्नहरू पाइने कुनै विशेष स्थान छैन । तिनको व्रत पालन गर्नाले नै राजालाई यस्ता रत्नहरू प्राप्त हुन्छ; महाराज ! त्यसरी नै, निर्वाण छ तर त्यसको बस्ने ठाउँ छैन । सन्मार्गमा हिंडेर मनलाई ठीक ठाउँमा लगाएपछि निर्वाणको साक्षात्कार गरिन्छ ।"

"भन्ते नागसेन ! निर्वाण पाइने स्थान असलमा होस् या नहोस्, के कुनै यस्तो स्थान पनि छ जहाँ बसेर सम्यक् प्रतिपन्न (सन्मार्ग)मा लागेपछि निर्वाणको साक्षात्कार हुन्छ ?" "महाराज ! यस्तो स्थान छ, जहाँ बसेर सम्यक् प्रतिपन्नमा लागेर निर्वाणको साक्षात्कार गर्न सकिन्छ ।" "भन्ते ! त्यो कुनचाहिँ स्थान हो, जहाँ बसेर निर्वाणको साक्षात्कार गर्न सकिन्छ ?" "महाराज ! त्यो स्थान शील हो । शीलमा प्रतिष्ठित भएर मनलाई वशमा राखेर चाहे जहिलेसुकै होस् मानिसले निर्वाणलाई साक्षात्कार गर्न सक्छ । शक या यवन देशहरूमा बसे पनि, चीन वा बेलायतमा बसेर पनि, अलसन्दमा रहेर पनि, निकुम्बमा रहेर पनि, काशीमा रहेर पनि, कोसलमा रहेर पनि, काश्मीरमा रहेर पनि, गान्धारमा रहेर पनि, पहाडको चुचुरोमा रहेर पनि, ब्रह्मलोकमा रहेर पनि वा जहाँसुकै शीलमा प्रतिष्ठित भएर मनलाई वशमा पार्दै मानिसले निर्वाणको साक्षात्कार गर्न सक्छ । महाराज ! जस्तै – आँखा भएको मानिस शक या यवन, चीन या बेलायत, अलसन्द, निकुम्भ, काशी, कोसल, काश्मीर, गान्धार, पहाड़को चुचुरोमा, ब्रह्मलोकमा जहाँसुकै बसेर सम्यक् प्रतिपन्नमा लागेर निर्वाणको साक्षात्कार गर्न सक्छ ।"

"साधु भन्ते नागसेन ! तपाईंले निर्वाणलाई बडो राम्ररी सम्झाउनुभयो । निर्वाण साक्षात्कार कसरी हुन्छ भन्ने कुरो भन्नुभयो । शीलको गुणलाई तपाईंले प्रर्दशन गरिदिनुभयो, सन्मार्ग देखाई दिनुभयो । धर्मझण्डा फहराइदिनुभयो, धर्मस्तम्भ स्थापित गरिदिनुभयो । सच्चा हृदयले लाग्ने व्यक्तिहरूको प्रयास कहिल्यै निष्फल हुँदैन । हे गणाचार्य प्रवर ! तपाईं जसो भन्नुहुन्छ, म त्यसलाई स्वीकार गर्दछु ।"

**(यस वर्गमा १२ वटा प्रश्नहरू छन् ।)**

**तेस्रो वेस्सन्तर वर्ग समाप्त ।**

# ४. अनुमानवर्ग

## १. अनुमान विषयमा प्रश्न

१. त्यसपछि राजा मिलिन्द, जहाँ आयुष्मान् नागसेन हुनुहुन्थ्यो, त्यहाँ गए । अनि उहाँलाई अभिवादन गरी एकछेउ बसे । त्यस बखत अन्य कुराहरू जान्ने उत्सुकता उनको मनमा उत्पन्न भइरहेको थियो । नागसेनका कुरा सुनेर उनलाई बुझ्ने इच्छा भइरहेको थियो । ज्ञानलोक हेर्ने इच्छा भइरहेको थियो । उनी आफ्नो अज्ञानलाई मेटेर ज्ञान प्राप्त गर्न अत्यन्त व्याकुल भएका थिए ।



Downloaded from http://www.dhamma.digital

अविद्यारूपी अन्धकार नष्ट गर्ने इच्छाले अत्यन्त धैर्य र उत्साहपूर्वक आफ्नो मनलाई होसपूर्वक शान्त भावले (स्मृति तथा सम्प्रज्ञ भई) आयुष्मान् नागसेन भए ठाउँमा गएर सोधे –

२. "भन्ते नागसेन ! के तपाईंले बुद्धलाई देख्नुभएको छ ?" "देखिन महाराज !""के तपाईंका आर्चायहरूले बुद्धलाई देखेका थिए ?" "देख्नुभएको थिएन, महाराज !" "भन्ते नागसेन ! न तपाईंले बुद्धलाई देख्नुभयो न तपाईंका आचार्यहरूले नै । भन्ते नागसेन ! त्यसो भए बुद्ध पक्कै हुनुहुन्न भनेर किन नभन्ने; किनकि, बुद्ध हुनुहुन्छ भन्ने कुनै प्रमाण भेटिन्न ।"

"महाराज ! के पहिले पनि राजाहरू थिए, जो तपाईंका पुर्खा थिए ?" "थिए, भन्ते ! यसमा कुनै शङ्का नै छैन । अघि राजाहरू अवश्य थिए जो मेरा पूर्वज थिए ।" "महाराज ! के तपाईंले पहिलेका ती राजाहरूलाई देख्नुभयो ?" "देखिन भन्ते !" "महाराज ! के तपाईंलाई सल्लाह दिने ती पुरोहित, सेनापति, अर्थदर्शी (न्यायअधिकारी) या राजमन्त्रीहरूले ती पहिलेका राजाहरूलाई देखेका छन् ?" "छैनन् भन्ते !" "महाराज ! यदि तपाईंले स्वयं र तपाईंलाई सल्लाह दिने व्यक्तिहरूले नै पूर्वज राजाहरूलाई देखेन छ । के थाहा कि राजाहरू थिए कि थिएनन् ? उनीहरू हुनुको कुनै प्रमाण छैन ।"

३. "भन्ते नागसेन ! तर अहिले पनि यस्ता बस्तुहरू देख्छौं, जसको प्रयोग ती राजाहरूले गरेका थिए । उनीहरूको श्वेत-छत्र, राजमुकुट, पादुका (खराउ), चमर, खड्ग (तलवार) दामी पलङ आदि अहिलेसम्म कायमै छन्, जसबाट हामी बुझ्न सक्छौं र विश्वास गर्न सक्छौं कि पूर्वज राजाहरू अवश्य थिए ।" "महाराज ! यसरी नै हामी पनि भगवान् बुद्धबारे जान्न सक्छौं र विश्वास गर्न सक्छौं । यसको प्रमाण छ, जसको आधारमा हामी जान्न सक्छौं र विश्वास गर्न सक्छौं कि भगवान् अवश्य हुनुहुन्थ्यो ।"

"त्यो कुनचाहिँ प्रमाण हो ?" "महाराज ! ती चीजहरू अहिलेसम्म कायमै छन्, जो उनीहरूले प्रयोगमा ल्याएका थिए । उहाँ सर्वज्ञ, सर्वद्रष्टा, अर्हत् र सम्यक्सम्बुद्धद्वारा उपयोग गरिएका वस्तुहरू यी हुन् – (१) चार स्मृतिप्रस्थान, (२) चार सम्यक्प्रधान, (३) चार ऋद्धिपाद, (४) पाँच इन्द्रियहरू, (५) पाँच बल, (६) सात बोध्यङ्ग र (७) आर्य अष्टाङ्गिक मार्ग । यस्ता वस्तुहरू देखेपछि जोसुकैले बुझ्न सक्छ कि भगवान् अवश्य हुनुहुन्थ्यो । महाराज ! यस कारणले, यस हेतुले, यस तर्कले र यस अनुमानले बुझ्न सकिन्छ कि भगवान् अवश्य हुनुहुन्थ्यो ।"

**'बहू जने तारयित्वा, निब्बुतो उपधिक्खये ।**
**अनुमानेन ञातब्बं, अत्थि सो द्विपदुत्तमो'ति ।'**

**'धेरै व्यक्तिहरूलाई पार गराएर, उपाधि मेटिएपछि उहाँले निर्वाण प्राप्त गर्नुभयो ।**
**यस अनुमानले जान्नुपर्छ कि उहाँ पुरुष श्रेष्ठ हुनुभएको थियो ।'**

४. "भन्ते नागसेन ! कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै नयाँ शहर स्थापित गर्ने मनसायले अभियन्ता (इन्जिनियर) ले पहिले यस्तो स्थान खोज्छ जहाँ खल्डयाङ खुल्डुङ नहोस्, ढुङ्गा वा चट्टान नहोस्, जहाँ कुनै उपद्रव (बाढी, आगो, चोर या शत्रुको आक्रमण इत्यादि) को भय नहोस्, जो सम्पूर्ण दोषरहित र अत्यन्त रमणीय होस् । त्यसपछि अग्लो – होचो विषम स्थानलाई सम्म पार्छ र काँड़ा झाँग काटेर सफा गरिदिन्छ । त्यसपछि नगरको नक्सा (मानचित्र) तयार गर्छ अनि राम्ररी नापेर धेरै भाग लगाई छुट्टाछुट्टै ठाउँमा बाँड्छ । चारैतिर पोखरी र खाडल खनेर बार लगाउँछ । त्यहाँ बलियो ढोका, चौकस, बुर्जा (छत), किलाबन्दी, ठाउँ-ठाउँमा खुल्ला



Downloaded from http://www.dhamma.digital

बगैंचा, चौबाटो, दोबाटो, चौक सफा सुग्घर र समतल राजमार्ग, बीच बीचमा पसलहरूको ताँती आराम गर्ने स्थान, बगैंचा, ताल, पोखरी, भऱ्याङ भएको पोखरी, कुवा, इनार, देवस्थान सुन्दर तथा सबै दोषहरूले रहित पार्छ । त्यो नगर पूर्णरूप स्थापित भएपछि र उन्नति गर्दै गएपछि उनी कुनै अर्को देशमा गए । पछि समय पाएर त्यो शहर निकै विकसित भयो, खाने पिउने समान प्रशस्त भयो, धनाढ्य भयो, निर्भय समृद्ध, विघ्नबाधाले रहित भयो । त्यहाँ कुनै उपद्रवको डर रहेन । जनसङ्ख्या धेरै बढेर आयो । क्षत्रिय, ब्राह्मण, वैश्य, शूद्र, माहुते, सइस, गाडीवान्, पदयात्री, धनुर्धर, तीरन्दाज, साधु, मगन्ते, दानी, युद्धप्रिय, शूरबीर, राजपुत्रहरू, ढाल लिएर युद्ध गर्ने थुप्रै योद्धाहरू, नोकर-चाकर, ज्यामी, पहलमान्, मुनिम (लेखा, हिसाब राख्ने) हजाम, लौहकर, माली, सुनको काम गर्ने, चाँदीको काम गर्ने, सिसाको काम गर्ने, पीतलको काम गर्ने र कुनै अन्य धातुको काम गर्ने, पाङ्ग्रा बनाउने, शिल्पकार (ढुङ्गाको काम गर्नेहरू), जौहरी, कपड़ा बुन्ने, कुम्हाले, बाँसको काम गर्ने, नुन बनाउने, सार्की, रथ बनाउने, हस्तिहाडको कालिगड, डोरी बाँट्ने, काइँयो बनाउने, धागो काट्ने, नाङ्लो, डालो बनाउने, धनुष बनाउनेहरू, बाण बनाउने, तीर बनाउने, चित्रकार, रङ बनाउने, रङ लगाउने, दमाईं, सुनको श्रेष्ठी, कपड़ापसले, सुगन्ध बेच्ने, घाँस बेच्ने, काठ-दाउरा बेच्ने, फलफूलका श्रेष्ठी, जडीबुटी बेच्ने, खाना बेच्ने, मिठाई बेच्ने, माछाश्रेष्ठी, कसाई, भट्टीवाल, नाटक देखाउने, नाच देखाउने, चटक देखाउने, पहलमान, मुर्दा पोल्ने, माली, वीणा बनाउनेहरू, ब्याधा, वेश्या, नर्तकी, पानी बोक्ने, शक, चीन, यवन, बेलायत, उज्जैन, भारुकच्छ, काशी, कोशल, सीमान्त मगध, साकेत (अयोध्या), सौराष्ट्र, पावा, औदुम्बर, मथुरा, अलसन्द, काश्मीर र गान्धारका मान्छेहरू त्यस शहरमा बस्न आए । उनीहरू सबै त्यो शहर योजनाबद्ध रूपले बनाएको देखी अनुमानले पनि – 'अहो ! यो नगरनिर्माता निकै सिपालु होला जसले यति राम्रो नगर बसायो ।'

"महाराज ! त्यसरी नै, भगवान्ले बेजोड अतुल्य, असदृश, अनन्त गुण भएको, अप्रमेय, अपरिमेय सबै गुणहरूले सम्पन्न, सर्वज्ञ, अनन्त तेजिलो, अनन्त वीर्यवान्, अनन्त बलियो, बुद्धि बलको चरम सीमा सम्म पुगेको सेनारहित मारलाई पराजित गर्नुभएको दृष्टिजाल (मिथ्यादृष्टिलाई छिन्न भिन्न पार्नु भएको), अविद्यालाई मेटेर विद्या उत्पन्न गरी धर्मरूपी नमुना देखाएर, सर्वज्ञता प्राप्त गरी विजित सङ्ग्राम गरी धर्मनगर बसाउनुभयो ।"

५. **भगवान्को धर्मनगर** "महाराज ! भगवान्ले बसाउनुभएको धर्मनगरको चारैतिर शीलरूपी पर्खाल छ, हीरी (पाप गर्न डराउने) को पोखरी छ; ज्ञानरूपी द्वार (प्रवेशद्वार); वीर्यको अट्टालिका रहेको छ; श्रद्धाको जग छ; स्मृतिको पाले उभिभएको छ; प्रज्ञाको प्रासाद (ठूलठूला भवन) बनेको छ; सूत्रन्त (धर्मोपदेशको सूत्र) रूपी त्यसको बगैंचा छ; अभिधर्मको चोक बसेको छ, विनयको अदालत छ; स्मृतिप्रस्थानरूपी पसलहरू छन्; जस्तै – (१) फूलको पसल, (२) अत्तरको पसल, (३) फलफूलको पसल, (४) औषधीको पसल, (५) जड़ीबुटीहरूको पसल, (६) अमृतको पसल, (७) रत्नको दोकान र सबै थोकहरू भएको पसल ।"

६ "भन्ते नागसेन ! त्यो फूलको पसल भनेको के हो ?"

**१. फूलको पसल** "महाराज ! सर्वज्ञ, सर्वद्रष्टा, अर्हत्, सम्यक्सम्बुद्ध भगवान्को ध्यान भावना गर्ने योग्य आरम्मण (विषय)हरूलाई छुट्याई छुट्याई भन्नुभएको छ । जस्तो कि – 'अनित्य-संज्ञा, दुःख-संज्ञा, अनात्म-संज्ञा, अशुभ-संज्ञा, आदीनव-संज्ञा, प्रहाण-संज्ञा, विराग-संज्ञा, निरोध-संज्ञा, सर्वलोक अनभिरत-संज्ञा (संसारिक विषयहरूमा रत नहुने संज्ञा), सबै संस्कारहरूमा अनित्य-संज्ञा, आनापानस्मृति,



Downloaded from http://www.dhamma.digital

उद्धुमातक-संज्ञा,[१९०] विनीलक-संज्ञा,[१९१] विपुब्बक-संज्ञा, [१९२] विच्छिद्दक-संज्ञा, [१९३] विक्खायित-संज्ञा, [१९४] विक्खित्तक-संज्ञा,[१९५] लोहितक-संज्ञा, [१९६] पुलवक-संज्ञा,[१९७] अट्ठिक-संज्ञा, [१९८] मैत्री-संज्ञा, करुणा-संज्ञा, मुदिता-संज्ञा[१९९], उपेक्षा-संज्ञा[२००], मरणानुस्मृति, [२०१] कायगतास्मृति[२०२] । महाराज ! भगवान्ले ध्यान भावना गर्ने योग्य यीनै विषयहरूबारे भन्नुभयो ।"

"जो कोही बूढा हुनु र मर्नुबाट छुट्न चाहन्छ, उसले यी विषयहरूमध्ये आफूलाई अनुकूल हुने एउटालाई रोजेर अभ्यास गर्नुपर्दछ । त्यसपछि ऊ अभ्यास गरेर रोगबाट मुक्त हुन्छ, द्वेषबाट मुक्त हुन्छ, मोहबाट मुक्त हुन्छ, अभिमानबाट मुक्त हुन्छ, भूटो सिद्धान्तबाट मुक्त हुन्छ, संसाररूपी सागरबाट तर्छ, तृष्णाको धारलाई रोकिदिन्छ; तीन प्रकारका मलबाट रहित हुन्छ; सबै क्लेशहरूलाई नाश गरेर मलरहित भई, रागरहित भई, शुद्ध निर्मल चित्त भई आवागमनबाट मुक्त हुन्छ । सुख प्राप्त गरी आनन्द भई भय रहितभई, नगरहरूमा श्रेष्ठ निर्वाण नगरमा प्रवेश गर्दछ । अर्हत् भएर आफ्नो चित्तलाई अन्त. गरिदिन्छ । महाराज ! बुद्धको यही फूलको पसल हो ।"

**'कम्ममूलं गहेत्वान, आपणं उपगच्छथ ।**
**आरम्मणं किणित्वान, ततो मुच्चथ मुत्तिया'ति ॥'**

**'कर्मरूपी पैसा लिएर (धर्मको) पसलमा जाऊ,**
**अभ्यासका लागि एक योग्य विषयलाई किनेर ल्याऊ र त्यसबाट मुक्त होऊ ।'**

७."भन्ते नागसेन ! भगवान् बुद्धको सुगन्धको पसल कुनचाहिँ हो ?"

**२. सुगन्धको पसल** "महाराज ! भगवान्ले पालन गर्नका लागि शीललाई विभक्त गरेर देखाइदिनुभयो । भगवान्को पुत्र (भिक्षु) आफ्नो शीलको सुगन्धले देव मनुष्यसहित सबै लोकलाई सुगन्धित पारिदिनुहुन्छ, उहाँहरूको शीलको सुगन्ध दिशा अनुदिशामा पनि, हावाको वेगका साथ र हावाको वेगको उल्टो पनि उडेर फैलिन्छ ।"

"त्यो विभक्त शील के-के हुन् ?"

---

१९०. उद्धुमातक-संज्ञा=फुलेको मृत शरीर हेर्नु ।
१९१. विनीलक-संज्ञा=नीलो भइसकेको मृत शरीर हेर्नु ।
१९२. विपुब्बक-संज्ञा=पीप बगेको मृत शरीर हेर्नु ।
१९३. विच्छिद्दक-संज्ञा=टुक्रा भएको मृत शरीर हेर्नु ।
१९४. विक्खायित-संज्ञा=पशुपक्षीले खाइराखेको लास हेर्नु ।
१९५. विक्खितक-संज्ञा=पशुपक्षीले खाइसकेको लास हेर्नु ।
१९६. लोहितक-संज्ञा=रगत बगेको लास हेर्नु ।
१९७. पुलवक-संज्ञा=कीराले खाएको लास हेर्नु ।
१९८. अट्ठिक-संज्ञा=कङ्काल मात्र भएको लास हेर्नु ।
१९९. मुदिता=अरूको सुखमा खुसी हुनु ।
२००. उपेक्षा=तट्स्थ भाव ।
२०१. मरणानुस्मृति- मृत्यु सम्झेर ध्यान गर्नु ।
२०२. कायगतास्मृति- शरीरमा ध्यान गर्नु । हेर्नु होस् सतिपट्ठान सुत्र ।



Downloaded from http://www.dhamma.digital

"महाराज ! (१) शरण-शील,[२०३] (२) पञ्च-शील, (३) अष्टाङ्ग-शील, (४) दशाङ्ग शील, (५) प्रत्युपदेशमा परिपूर्ण प्रातिमोक्षसंवरशील[२०४] । महाराज ! यिनलाई भगवान्को सुगन्धको पसल भनिन्छ । महाराज ! देवातिदेव भगवान्ले स्वयं यसो भन्नुभएको छ –

**'न पुप्फ गन्धो पटिवातमे' ति, न चन्दनं तगगरमल्लिका वा ।**
**सतञ्च गन्धो पटिवातमेति, सब्बा दिसा सप्पुरिसो पवायति ॥[२०५]**

**चन्दनं तगर वा' पि, उप्पलं अथ वस्सिकी ।**
**एतेसं गन्धजातानं, सीलगन्धो अनुत्तरो ॥[२०६]**

**अप्पमत्तो अयं गन्धो, य्वायं तगरचन्दन ।**
**यो च सीलवतं गन्धो, वाति देवेसु उत्तमो'ति ॥'[२०७]**

**'फूल, चन्दन, चमेली आदिको सुबास हावा नपुगेको ठाउँमा जान सक्दैन, परन्तु सत्पुरुषको सौजन्यरूपी सुगन्ध दसैं दिशामा फैलिन्छ ।**

"चन्दन, तगर, कमल, चमेली आदिको सुगन्धभन्दा शील-गुणको सुगन्ध उत्तम हुन्छ ।"

"तगर चन्दनादिको सुगन्ध कम्ती छ, शीलवानहरूको सुगन्ध देवलोकसम्म पनि फैलिन्छ ।"

८. "भन्ते नागसेन ! भगवान् बुद्धको फलको त्यो पसल कुन हो ?"

**३. फलको पसल** "महाराज ! भगवान्ले यस्ता फलहरूका विषयमा भन्नुभयो स्रोतापत्तिफल सकृदागामीफल, अनागामीफल, अर्हत्फल, शून्यताफल (निर्वाण) समापत्ति, अनिमित्तफल समापत्ति अप्पणिहितफल समापत्ति । यीमध्ये कसैले जुन फल लिन चाहन्छ, उसले आफ्नो कर्मको पैसाले किन्न सक्छ । महाराज ! कुनै मानिसको बाह्रमासे आँपको रूख होस् । जबसम्म किन्ने मानिस आउँदैन, तबसम्म उसले फललाई झार्दैन । ग्राहक आएपछि दाम लिएर उसलाई भन्छ – सुन, यो बाह्रमासे आँपको रूख हो । यसमध्ये जुन फल चाहिन्छ, लैजाउ – कलिलो आँप, ठूलो आँप, कस्सिएको आँप, काँचो आँप वा पाकेको आँप । किन्नेले पनि आफूले दिएको मूल्यअनुसार आँप लैजान्छ । यदि ठूलो फल चाहन्छ भने ठूलै लिन्छ, यदि कस्सिएको फल चाहन्छ भने कस्सिएको नै लिन्छ, यदि काँचो चाहन्छ भने काँचो नै लिन्छ र यदि पाकेको चाहन्छ भने पाकेकै लिन्छ । महाराज ! यसरी जसले जस्तो फल चाहन्छ उसले कर्मको मोल तिरेर त्यस्तै फल किन्छ – चाहे स्रोतापत्तिफल अप्पणिहितफल समापत्ति । महाराज ! बुद्धको फूलको यही पसल हो ।"

**'कम्ममूलं जना दत्वा, गण्हन्ति अमतम्फलं ।**
**तेन ते सुखिता होन्ति, ये कीता अमतप्फल'न्ति ॥'**

---

२०३. बुद्धको शरण, धम्मको शरण र सङ्घको शरणलाई शरणशील भनिन्छ ।

२०४. शीलको विस्तृत वर्णन 'बिशुद्धिमार्ग'मा हेर्नुहोला ।

२०५. धम्मपदको गाथा नं ५४ ।

२०६. धम्मपदको गाथा नं ५५ ।

२०७. धम्मपदको गाथा नं ५६ ।



Downloaded from http://www.dhamma.digital

**'कर्मरूपी पैसा दिएर मानिसहरू अमृत फल (अर्हत् पद) किन्छन् ।**
**त्यही सुखी हुन्छ जसले अमृत-फल किन्छ ॥'**

९."भन्ते नागसेन ! भगवान्को औषधीको पसल कुनचाहिँ हो ?"

४. **जडीबुटीको पसल** "महाराज ! भगवान्ले त्यो जडीबुटीबारे भन्नुभएको छ, जुन जडीबुटीबाट देव र मनुष्यसहित लोकलाई क्लेशको विषयबाट मुक्त गराइदिनुभयो । त्यो जडीबुटी कुनचाहिँ हो ?"

"महाराज ! भगवान्ले यी चार आर्यसत्यहरूबारे भन्नुभयो – १.दुःख आर्यसत्य (२) दुःख समुदय आर्यसत्य (३) दुःख निरोध आर्यसत्य र (४) दुःख-निरोधगामी मार्ग आर्यसत्य ।"

"मुमुक्षु (मोक्ष पाउने इच्छा राख्ने) छ, यी चार आर्य सत्य भएका बुद्धधर्मलाई सुन्छ, ऊ जन्म लिनुबाट छुट्छ, बूढो हुनुबाट छुट्छ, मर्नुबाट छुट्छ, शोक गर्नु, रुनु, कराउनु, दुःख, चिन्ता र पीरबाट छुट्छ । महाराज ! यो नै बुद्धको जडीबुटीको पसल हो ।"

**ये केचि अगदा लोके, विसानं पटिबाहका ।**
**धम्मागदसमं नत्थि, एतं पिवथ भिक्खतो' ति ॥**

**"विषलाई हटाउने संसारका जति जडीबुटीहरू छन्,**
**धर्मरूपी दवाई (औषधी) समान अरू कुनै पनि छैन,**
**भिक्षु हो ! यसलाई पिउनू ।**

१०. "भन्ते नागसेन ! भगवान्को औषधीको पसल कुनचाहिँ हो ?"

"महाराज ! भगवान्को ती औषधीबारे भन्नुभएको छ, जुन औषधीबाट उहाँले देव-मनुष्यहरूलाई उपचार गर्नुभएको थियो – (१) चार स्मृतिप्रस्थान, (२) चार सम्यक्प्रधान, (३) चार ऋद्धिपाद, (४) पाँच इन्द्रिय, (५) पाँच बल, (६) सात बोध्यङ्ग, (७) आर्य अष्टाङ्गिक मार्ग – यी औषधीहरूबाट भगवान्ले विरेचन दिएर मिथ्यादृष्टि, मिथ्यासङ्कल्प, मिथ्यावचन, मिथ्याकर्मान्त, मिथ्याजीविका, मिथ्याव्यायाम, मिथ्यास्मृति र मिथ्यासमाधिलाई हटाउनुहुन्छ । लोभ, द्वेष, मोह, अभिमान्, आत्मदृष्टि, विचिकित्सा, औद्धित्य, आलस्य, निर्लज्जता, अनवत्राप्य र सबै क्लेशहरूलाई छदाउनुहुन्छ । महाराज ! यही भगवान् बुद्धको औषधीको पसल हो ।"

**'यो केचि ओसधा लोके, विज्जन्ति विविधा बहू ।**
**धम्मोसधसमं नत्थि, एतं पिवथ भिक्खवो ॥**
**धम्मोसधं पिवित्वान, अजरामरणा सियुं ।**
**भावयित्वा च पस्सित्वा, निब्बुता उपधिक्खये'ति ॥'**

**'संसारमा जुन नाना प्रकारका औषधीहरू छन्,**
**यस धर्मरूपी औषधीसमान अर्को कुनै छैन । भिक्षु हो ! यसलाई पिउनू ।**
**धर्मरूपी औषधीलाई पिएर जरा-मरणबाट छुट ।**
**भावना गर्दै परम-ज्ञानलाई साक्षात्कार गरेर सबै उपधिहरू मेटिएपछि निर्वाण पाऊ ।'**



Downloaded from http://www.dhamma.digital

११. "भन्ते नागसेन ! भगवान्को अमृतको पसल कुनचाहिँ हो ?"

"महाराज ! भगवान्ले त्यो अमृतबारे पनि भन्नुभएको छ, जुन अमृत देव र मनुष्यसहित सारा लोकमा भरिदिनुभयो, जसले गर्दा सबै देव मनुष्यहरू जन्म, जरा, व्याधि, मरण, शोक गर्नु, रुनु-कराउनु, दुःख चिन्ता र पीरबाट मुक्त भए । त्यो अमृत कुनचाहिँ हो ? त्यो कायगतास्मृति हो । महाराज ! देवातिदेव भगवान्ले भन्नुभयो – 'भिक्षु हो ! जसले कायगतास्मृतिको अभ्यास गर्दछ, उसले मानौं अमृत नै पिइरहेको छ ।' महाराज ! बुद्धको यही 'अमृतको पसल' हो ।"

**'ब्याधितं जनतं दिस्वा, अमतापणं पसारयि ।**
**कम्मेन तं किणित्वान, अमतं आदेथ भिक्खवो'ति ॥'**

**'रोगग्रस्त जनतालाई देखेर उहाँले अमृतको पसल खोलिदिनुभयो ।**
**कर्मरूपी मूल्य दिएर भिक्षु हो ! त्यो अमृत पीउनू ।'**

१२. "भन्ते नागसेन ! भगवान्को 'रत्नको पसल' कुनचाहिँ हो ?"

महाराज ! भगवान्ले ती रत्नहरूबारे पनि भन्नुभयो जसले सजिएर बुद्ध-पुत्र (भिक्षु) देवता र मनुष्यहरूसहित सारा लोकलाई जगमगाईदिन्छ, चमकाइदिन्छ, माथि, तल, सबै ठाउँमा प्रज्वलित भएर उज्यालो पारिदिन्छन् । ती कुनचाहिँ रत्न हो ? (१) शील, (२) समाधि, (३) प्रज्ञा, (४) विमुक्ति, (५) विमुक्तिज्ञान दर्शन 'रत्न', (६) प्रतिसंविदा'रत्न' र (७) बोध्यङ्ग 'रत्न' ।"

"महाराज ! भगवान्को शीलरत्न के हो ? (१) प्रातिमोक्षसंवरशील, (२) इन्द्रियसंवरशील, (३) आजीव पारिशुद्धिशील, (४) प्रत्ययसन्निस्सितशील, (५) चूलशील, (६) मध्यम्शील, (७) महाशील, (८) मार्गशील र (९) फलशील । महाराज ! जुन मानिस शीलरत्नले विभूषित छन्, उनीहरूलाई देखेर देवता, मानिस, मार, ब्रह्मा, श्रमण, ब्राह्मण सबैको मन आनन्दित भई प्रशन्न हुन्छ । महाराज ! भिक्षु शीलरत्नले सुसज्जित भएर आफ्नो शोभाले दिशाहरू, अनुदिशाहरूलाई, माथि तल तेर्सो सबै दिशाहरू ज्वाजल्यमान भई चमकिन्छ । सबैभन्दा तल अवीचिनरकदेखि लिएर सबैभन्दा माथि स्वर्गलोकसम्म जति अरू रत्नहरू छन्, सबैभन्दा यो शीलरत्न श्रेष्ठ छ, अग्र छ सबैलाई पराजित गरिदिन्छ । महाराज ! भगवान्को रत्नको पसलमा यस्ता शीलरत्नहरू छन् । महाराज ! यसैलाई भगवान्को शीलरत्न भन्छन् ।"

**'एवरूपानि सीलानि, सन्ति बुद्धस्स आपणे ।**
**कम्मेन तं किणित्वान, रतनं वो पिलन्धथा'ति ॥'**

**'यस प्रकारको शीलरत्न बुद्धको पसलमा पाइन्छ**
**कर्मरूपी मूल्यले किनेर त्यसलाई धारण गर ।'**

१३. "महाराज ! भगवान्को 'समाधिरत्न' के हो ? (१) सवितर्क सविचार समाधि, (२) अवितर्क विचारमात्र समाधि, (३) अवितर्क अविचार समाधि, (४) शून्यता समाधि, (५) अनिमित्त समाधि र (६) अप्रणिहित समाधि । महाराज ! समाधिरत्नले सुसज्जित भिक्षुको कामवितर्क, व्यापादवितर्क, विहिंसा वितर्क, मान, उद्धच्च, आत्मदृष्टि, विचिकित्सा, क्लेश, पाप तथा नाना कुतर्क – सबै समाधि लाग्दै विलीन हुन्छन्, नष्ट हुन्छन्, तीमध्ये केही पनि बाँकी रहँदैन । महाराज ! जसरी पोखरीमा भएको कमलको पातमा पानी रहन सक्दैन, बगेर तल झर्छ । त्यसो किन हुन्छन् ?" "किनकि कमलको पात एकदमै शुद्ध र चिप्लो भएकोले; महाराज ! यसरी समाधिरत्नले सुसज्जित भिक्षुको कामवितर्क,


Downloaded from http://www.dhamma.digital

व्यापादवितर्क, विहिंसावितर्क, मान, उद्धच्च, आत्मदृष्टि, विचिकित्सा, क्लेश, पाप तथा नाना कुर्तक – सबै समाधि लाग्नेबित्तिकै विलीन हुन्छन्, नष्ट हुन्छन् ।" "त्यो किन ?" "किनकि, समाधि अत्यन्त शुद्ध भएकोले । महाराज ! यसैलाई भगवान्को समाधिरत्न भनिन्छ । महाराज ! यस प्रकारको समाधिरत्न भगवान्को 'रत्नको पसल'मा छ ।"

**'समाधिरतनमालस्स कुवितक्का न जायरे ।**
**न च विक्खिपते चितं, एतं तुम्हे पिलन्धथा'ति ॥'**

**'जसले समाधिरत्नरूपी माला लगाएको छ, उसलाई कुतर्कले सताउन सक्दैन ।**
**उसको चित्त कहिल्यै चञ्चल हुन सक्दैन, त्यसलाई तिमीहरू पनि लगाउनू ॥'**

१४. "भगवान्को 'प्रज्ञारत्न' के हो ?" "महाराज ! जुन प्रज्ञाद्वारा आर्य श्रावकले यो कुशल (पुण्य) हो भनी यथार्थ रूपमा जान्दछ, यो अकुशल (पाप) हो भनी … । यो दोषसंहितको हो … यो दोष रहित को हो … । यो सेवन गर्न योग्य छ, यो सेवन गर्न अयोग्य छ । यो हीन छ, यो प्रणीत छ । यो कालो, यो उज्यालो छ, यो कालो र उज्यालो मिसिएको दुवै छ भनि यथार्थ जान्दछ । यो दुःख हो …, यो दुःख समुदय हो … , यो दुःख निरोध हो … , यो दुःख निरोधगामी मार्ग हो भनी यथार्थ जान्दछ ।"

**'पञ्ञारतनमालस्स, न चिरं वत्तते भवो ।**
**खिप्पं फस्सेति अमतं, न च सो रोचते भवे'ति ॥'**

**'जसले प्रज्ञारत्नलाई आफ्नो गलामा लगाउँछ ऊ आवागमनको चक्करमा धेरै बेर रहँदैन ।**
**उसले चाँडै अमृतपद पाउँछ, उसलाई भवको इच्छा हुँदैन ।'**

१५. "भगवान्को 'विमुक्तिरत्न के हो ?" "महाराज ! विमुक्तिरत्न अर्हत्पदलाई भनिन्छ । अर्हत् भएर भिक्षु विमुक्तिरत्नले सुशोभित हुन्छ । महाराज ! जस्तै – कुनै पुरुष मोती, माला, मणि, सुन, चाँदी र मुगा आदिका आभूषणहरूले विभूषित भएर अगर, तगर, रक्तचन्दन इत्यादिको लेपले आफ्नो शरीरलाई सुगन्धित पार्दछ । नाग, पुन्नाग, शाल, सल्ल, चम्पक, जुही, अविमुक्तक, गुलाफ, कमल, मालती, मल्लिका इत्यादि फूलहरूको मालाले आफूलाई सजाउँदा त्यो पुरुष अन्य व्यक्तिहरूभन्दा कति धेरै शोभित हुन्छ, राम्रो लाग्छ, चम्कन्छ र मनोरम लाग्छ । त्यसो किन ?" "किन कि सबै आभूषणहरूमध्ये यही सर्वोच्च आभूषण हो – जो विमुक्तिरत्न हो । महाराज ! यसैलाई भगवान्को 'विमुक्तिरत्न' भनिन्छ ।"

**'मणिमालाधरं गेहजनो सामिं उदिक्खति ।**
**विमुत्तिरतनमालन्तु, उदिक्खन्ति सखेवका'ति ॥'**

**'मणिमाला धारण गर्नेलाई घरका मानिसहरूले स्वामी (मालिक) भनेर भन्छन् ।**
**विमुक्ति रत्नमाला धारण गर्नेलाई देवसहित सबैले स्वामी भनी भन्दछन् ।'**



Downloaded from http://www.dhamma.digital

१६. "महाराज ! भगवान्‌को कुनचाहिँ 'विमुक्ति ज्ञानदर्शन रत्न' हो ?" "महाराज ! प्रत्यवेक्षण ज्ञानलाई नै भगवान्‌को विमुक्ति ज्ञानदर्शन रत्न भनिन्छ, जुन ज्ञानदर्शनद्वारा आर्यश्रावकले मार्ग, फल निर्वाणलाई पनि प्रत्यवेक्षण गर्दछ । मेटिई सकेको क्लेशलाई र बाँकी भएको क्लेशलाई समेत प्रत्यवेक्षण गर्दछ ।"

**'ये ञाणेन बुज्झन्ति, अरिया कतकिच्चतं ।**
**तं ञाणरतनं लद्धुं, वायमेथ जिनोरसा'ति ॥'**

**'जुन ज्ञानद्वारा आर्यश्रावकले बुझ्छ कि उनले जे गर्नुथियो, त्यो पूरा गरे ।**
**हे भिक्षु हो ! त्यो ज्ञानरत्न पाउनका लागि उद्योग गर ।'**

१७. "भन्ते नागसेन ! भगवान्‌को 'प्रतिसंविदारत्न' कुनचाहिँ हो ?"

"महाराज ! चार प्रतिसंविदाहरू छन् – (१) अर्थप्रतिसंविदा, (२) धर्मप्रतिसंविदा, (३) निरुक्ति-प्रतिसंविदा, (४) प्रतिभानप्रतिसंविदा । महाराज ! यिनै चार प्रतिसंविद्‌रत्नहरूले सज्जित भएर भिक्षु जुनसुकै सभामा – क्षत्रिय-सभा, ब्राह्मण-सभा, गृहपति-सभा या भिक्षु-सभामा जान्छ, विना कुनै सङ्कोच निर्भय भएर जान्छ; टाउको ननिहुराइ, नडराइ, रोमाञ्चित नभइ, डर त्रासरहित जान्छ ।" "महाराज ! जस्तै – कुनै योद्धा सिपाही पाँच प्रकारका शस्त्र धारण गरेर रणभूमिमा भयरहित उत्रन्छ । उसले मनमनै विचार गर्छ-'यदि शत्रु धेरै टाढा छ भने उसलाई तीर चलाएर मार्छु , यदि अलिक नजिकमा रहन्छ भने भाला चलाएर मार्छु , यदि केही छेउमा हुन्छ भने उसलाई गदा चलाएर मार्छु , अझ अरू अगाडि आउँछ भने तरबारले दुई टुक्रा गरेर मारिदिन्छु, यदि एकदमै नजिक आयो भने खुकुरीले काटिदिन्छु ।' महाराज ! यसरी चार प्रतिसंविदा रत्नले सुसज्जित भिक्षु अभय भएर कुनै सभामा प्रवेश गर्दछ । उसलाई स्वयंमा पूरा विश्वास रहन्छ । उसले बुझ्छ – 'जसले मलाई अर्थसंविदाबारे सोध्छ त्यसको अर्थबाट अर्थ भनेर उत्तर दिन्छु, प्रमाणले प्रमाण दिएर उत्तर दिन्छु, हेतुलाई हेतुपूर्वक, तर्कले तर्कपूर्वक जवाफ दिई उनीहरूको सबै संशय हटाइदिन्छु, उनीहरूको भ्रम मेटाइदिन्छु' प्रश्नको ठीक उत्तर दिएर सन्तुष्ट पारिदिन्छु । यदि कसैले धर्मप्रतिसंविदाबारे मसित प्रश्न सोध्छ भने उसलाई धर्मले धर्म, अमृतले अमृत, असङ्खतले असङ्खतधर्मलाई, निर्वाणले निर्वाणलाई शून्यताले शून्यतालाई, अनिमित्तले अनिमित्तलाई, अप्रणिहितले अप्रणिहितलाई र अनेक धर्मले अनेक धर्मलाई भनिदिन्छु । उसको सारा शङ्काहरू मेटाइदिन्छु, उसका प्रश्नहरूको उचित उत्तर दिएर उसलाई सन्तुष्ट पारिदिन्छु ।"

"यदि कसैले मलाई निरुक्तिप्रतिसंविदाका विषयमा सोध्छ भने, उसलाई निरुक्तिले निरुक्तिलाई, पदले पदलाई, अनुपदले अनुपदलाई, अक्षरले अक्षरलाई, सन्धिले सन्धिलाई, व्यञ्जनले व्यञ्जनलाई, वर्णले वर्णलाई, स्वरले स्वरलाई, प्रज्ञप्तिले प्रज्ञप्तिलाई, व्यवहारले व्यवहारलाई भनिदिन्छु । उसको सबै सन्देह, सबै शङ्का मेटाइदिन्छु, उसका प्रश्नहरूको उत्तर दिएर उसलाई सन्तुष्ट पारिदिन्छु ।"

"जसले मसित प्रतिभानप्रतिसंविदाबारे प्रश्न सोध्छ, उसलाई प्रतिभानले प्रतिभानलाई, उपमाले उपमालाई, लक्षणले लक्षणलाई, रसले रसलाई भनेर उसको सबै सन्देह, सबै शङ्काहरू मेटाइदिन्छु, उसको प्रश्नहरूको उत्तर दिएर उसलाई सन्तुष्ट पारिदिन्छु । महाराज ! यसैलाई भगवान्‌को प्रतिसंविदारत्न भनिन्छ ।"



Downloaded from http://www.dhamma.digital

**पटिसम्भिदा किणित्वान, ञाणेन फस्सयेय्य यो ।**
**अच्छम्भितो अनुब्बिग्गो, अतिरोचति सदेवके'ति ॥**

**'जो व्यक्ति ज्ञानद्वारा प्रतिसंविदालाई किन्दछ, ऊ देवताहरू र मानिसहरूका साथ यस समग्र संसारमा निर्भय र अनुद्विग्न भएर बस्छ ।'**

१८. "भगवान्को बोध्यङ्गरत्न कुनचाहिँ हो ?" "महाराज ! बोध्यङ्गरत्न सात प्रकारका छन् – (१) स्मृतिसम्बोध्यङ्ग, (२) धर्मविचयसम्बोध्यङ्ग, (३) वीर्यसम्बोध्यङ्ग, (४) प्रीतिसम्बोध्यङ्ग, (५) प्रश्रब्धिसम्बोध्यङ्ग (६) समाधिसम्बोध्यङ्ग र (७) उपेक्षासम्बोध्यङ्ग । महाराज ! यी सात सम्बोध्यङ्गले सजिएर भिक्षु समग्र अन्धकारलाई हटाएर देवसहित लोकलाई आफ्नो तेजले उज्यालो पारेर प्रकाशित गरिदिन्छ । महाराज ! यसैलाई भगवान्को 'बोध्यङ्गरत्न' भनिन्छ ।"

**बोज्झङ्गरतनमालस्स, उद्दहन्ति सदेवका ।**
**कम्मेन तं किणित्वान, रतनं वो पिलन्धथा'ति ।**

**'जसले आफ्नो गलामा 'बोध्यङ्गरत्न' धारण गरेको छ, उसको प्रतिष्ठामा देवता र मानिस सबै उठ्छन् । कर्मको मूल्य तिरेर किनी त्यस्ता रत्नलाई धारण गर ॥'**

१९. "भन्ते नागसेन ! बुद्धको कुन पसलमा सबै मालतालहरू पाइन्छ ?" "महाराज ! सबै थोक पाउने पसल हो – (१) नौ अङ्गहरूले युक्त बुद्धको वचन, (२) शरीरधातु (भगवान्को शरीरको भस्म) (३) भगवान्ले परिभोग गर्नुभएको वस्तु, (४) चैत्य र (५) सङ्घरत्न[२०८] । महाराज ! यो पसल जातिसम्पत्ति, भोगसम्पत्ति, आयुसम्पत्ति, आरोग्यसम्पत्ति, वर्णसम्पत्ति, प्रज्ञासम्पत्ति, मनुष्यसम्पत्ति, दिव्यसम्पत्ति र निर्वाणसम्पत्तिले सजिएको छ । यहाँ जसको जस्तो रुची छ, कर्मको मूल्य दिएर त्यो सम्पत्ति किन्न सक्छ । कतिपय व्यक्तिहरू शील पालन गरेर, कति उपोसथव्रत पालन गरेर र अलिअलि पुण्य गरेर सोहीअनुसार सम्पत्ति किन्छन् । महाराज ! जस्तै – अन्नको पसलमा तिल, मुग, मास आदि थोरै दाममा पनि धेरथोर किन्न सकिन्छ; त्यसरी नै भगवान्का पसलमा थोरै पुण्यले पनि त्यसअनुसार सम्पत्ति किन्न सकिन्छ । महाराज ! यही बुद्धको 'सबै मालतालको पसल' हो, जहाँ सबै चीज पाइन्छ ।"

**आयु आरोगता वण्णं, सग्गं उच्चाकुलीनता ।**
**असङ्खतञ्च अमतं, अत्थि सब्बापणे जिने ॥**
**अप्पेन बहुकेनापि, कम्ममूलेन गय्हति ।**
**किणित्वा सद्धामूलेन, समिद्धा होथ भिखवो'ति ॥'**

---

२०८. हि.मि.



Downloaded from http://www.dhamma.digital

**'आयु, आरोग्य, सौन्दर्य, स्वर्ग, उच्च कुलमा जन्म,**
**असङ्खत र अमृत, निर्वाण- सबै चीज भगवान्‌को यस पसलमा पाइन्छ ।**
**कर्मको थोरै या धेरै मूल्य दिएर त्यहीअनुसार व्यक्तिहरूले किन्छन्,**
**श्रद्धाको मूल्यले यसलाई किनेर धनी होऊ ।'**

२०. "महाराज ! भगवान्‌को धर्मनगरमा यस्ता व्यक्तिहरू बस्छन् – सूत्र, विनय, अभिधर्म जान्नेहरू, धर्मपदेशक, जातककथा वाचक, दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, अंगुतरनिकाय, खुद्दकनिकाय पढ्नेहरू, शीलसम्पन्न, समाधिसम्पन्न, प्रज्ञासम्पन्न, बोध्यङ्ग-भावनामा रत रहनेहरू विपश्यना भावना गर्नेहरू, व्याकरणको अर्थ लगाउन जान्नेहरू, अरण्यक (ध्यानको साधना गर्न जङ्गलमा रहने व्यक्ति), रुक्खमूलिक (रूखमन्तिर आसन लगाउने व्यक्ति), अब्भोकासिका (खुला स्थानमा बस्नेहरू), पलालपुञ्जक (झुपड़ीमा बस्नेहरू), शमशानिका (मसानमा गएर ध्यान गर्नेहरू), नेसज्जिका (राम्रो काममा संलग्न फलमा पुगेका), शैक्षहरू, फल समर्ङ्गिहरू श्रोतापन्न, सकृदागामी, अनागामी, अर्हत्, तीन विद्याहरू जान्ने व्यक्ति, छ अभिज्ञाहरू धारण गर्ने, ऋद्धिमान्‌हरू, प्रज्ञामा पारङ्गत भइसकेका, स्मृतिप्रस्थान, सम्यकप्रधान, ऋद्धिपाद, इन्द्रिय, बल, बोध्यङ्ग, मार्ग, ध्यान, विमोक्ष, रूप, अरूप, शान्त सुख, समापत्तिमा कुशल व्यक्तिहरू छन् । त्यो धर्मनगरमा बाँस या नर्कटको झाडी समान अर्हत्‌हरूले टनाटन भरिएको हुन्थ्यो । भनिएको छ –

**(१) राग, द्वेष, मोहरहित, क्षीणास्रव, तृष्णारहित तथा उपादानरहित भिक्षु त्यस धर्मनगरमा रहन्छन् ।**

**(२) जङ्गलमा बस्ने धुताङ्गधारी, ध्यान गर्ने, रुक्ष चीवर लगाउने, विवेकमा रत, धीर व्यक्ति त्यस धर्मनगरमा रहन्छन् ।**

**(३) आसन लगाइरहने, कहिलेकाहीं मात्र सुत्ने र बराबर चंक्रमण गरेर ध्यान गर्ने, पांसकूल चीवरधारी (फाटेको टुक्राबाट बनेको वस्त्र लगाउने) यी सबै त्यस धर्मनगरमा बस्छन् ।**

**(४) चीवरधारी सन्तहरू चर्मखण्डधारक**[२०९] **एकछाक मात्र खाएर प्रसन्न रहने, विद्वानहरू नै धर्मनगरमा रहन्छन् ।**

**(५) थोरै इच्छा भएका, ज्ञानी, धीर, अल्पहारी, निर्लोभी जे पाए पनि त्यसैमा सन्तुष्ट रहने त्यस धर्मनगरमा बस्छन् ।**

**(६) ध्यान गर्ने, ध्यानमा रत रहने, धीर, शान्तचित्त र समाधि लगाउने, निर्वाणको इच्छा राख्नेहरू त्यस धर्मनगरमा रहन्छन् ।**

**(७) सन्मार्गमा हिंड्ने, फलमा स्थिर भइरहने, शैक्ष, निर्वाण पद पाउनेहरू, उत्तमपद, प्राप्तिमा रत भिक्षुहरू नै धर्मनगरमा रहन्छन् ।**

**(८) मलरहित श्रोतापन्न, सकृदागामी, अनागामी र अर्हत् नै धर्मनगरमा बस्छन् ।**

**(९) स्मृतिप्रस्थानमा कुशल, बोध्यङ्गको भावनामा रत, ज्ञानी, धर्मात्मा, धर्मनगरमा रहन्छन् ।**

---

२०९. भिक्षुहरूले ध्यान गर्न आफ्ना साथ एउटा चर्मखण्ड राख्नसक्छन् ।



Downloaded from http://www.dhamma.digital

**(१०) ऋद्धिपादमा कुशल, समाधि र भावनामा रत, सम्यकप्रधानमा लागेका भिक्षुहरू धर्मनगरमा रहन्छन् ।**

**(११) अभिज्ञाको चरम सीमासम्म पुगेका, बुद्धरूपी आफ्नो पैतृक कमाइमा आनन्द लिने, आकाशमा भ्रमण गर्नेहरू धर्मनगरमा बस्छन् ।**

**(१२) तल दृष्टि राख्ने, थोरै बोल्ने, इन्द्रियहरूलाई वशमा राख्ने, संयमी, यस उत्तम धर्ममा आएर नम्र भएका व्यक्तिहरू नै यस धर्मनगरमा रहन्छन् ।**

**(१३) तीन विद्या छ अभिज्ञाहरूले पूर्ण र ऋद्धिमा पारङ्गत भएका, प्रज्ञामा पारङ्गत भइसकेका यस धर्मनगरमा रहन्छन् ।"**

२१. "महाराज ! जुन भिक्षुहरू अनन्त ज्ञानी, सांसारिक वस्तुहरूमा नफँस्ने, अतुल्य गुण भएका, अतुल्य यश, अतुल्य बल, अतुल्य तेज, धर्मचक्र अनुप्रवर्तक र प्रज्ञापारङ्गत भइसकेकाहरू रहन्छन् । यस प्रकारका भिक्षुहरूलाई भगवान्को धर्मनगरमा 'धर्मसेनापति' भनेर भनिन्छ ।"

२२. "महाराज ! जुन भिक्षुहरू ऋद्धिमान् छन्, प्रतिसंविद ग्रहण गरिसकेका छन्, वैशारद्य पाइसकेका छन्, आकाशमा विचरण गर्छन्, परास्त गर्न नसकिने, जसको बराबरी कोही पनि छैन, अरूको आधार लिएर जीविका गर्दैनन्, समुद्र र सुमेरु पर्वतसहित सारा पृथ्वीलाई कम्पन गराउँछन्, चन्द्र सूर्यलाई पनि आफ्नो हातले छुन सक्छन्, आफ्नो रूप बदल्न सक्छन्, दृढ संकल्प र उच्च उद्देश्य पूर्ण गर्न सक्छन् र जो ऋिद्धिमा पूर्ण छन्, तिनै भिक्षुहरूलाई यस धर्मनगरमा पुरोहित भनिन्छ ।

२३. "महाराज ! जुन भिक्षुहरू धुताङ्गधारक छन् अल्पेक्ष छन्, संतुष्ट छन्, विनय विपरीत भनेर माग्नलाई घृणा गर्दछन्, घर नछाडेर पिण्डपात गर्दछन्; जस्तै – भमराले फलफूलमा बसेर रस लिन्छ र त्यसपछि एकान्तमा जान्छ, आफ्नो जीवनयापन र शरीरप्रति निरपेक्ष, अर्हत्-पद जसले पाएका छन् र जो धुताङ्ग पालनलाई नै सबैभन्दा राम्रो ठान्दछन् – ती भिक्षु भगवान्को यस धर्मनगरमा 'अधिकारी' भनिन्छ ।"

२४. "महाराज ! जुन भिक्षुहरूले परिशुद्ध, निर्मल, क्लेशरहित र सबैभन्दा अन्तिम दिव्यचक्षु पाइसकेका छन् उनीहरूलाई भगवान्को धर्मनगरमा 'नगरजोतिक' भनिन्छ ।"

२५ "महाराज ! जुन भिक्षुहरू ठूलो विद्वान छन्, आगम (होनहार पण्डित) छन्, धर्म पूरापूर जान्दछन्, विनयलाई धारण गर्दछन्, अभिधर्मलाई बुझ्दछन्, मातृकाहरूको सम्झना गर्दछन्, उच्चारणमा कुशल छन्, यस नवांग (नौ अङ्ग) परियत्ति शासनलाई जान्दछन् । उनीहरूलाई भगवान्को यस धर्मनगरमा चौकीदार (धर्मरक्षक) भनिन्छ ।"

२६. "महाराज ! जुन भिक्षुहरू विनय जान्दछन्, विनयको गूढभन्दा गूढ कुरासम्म पुगेका छन्, निदानमा कुशल छन्, विनयको सारा कर्म राम्ररी भन्न सक्दछन् र विनयमा सबै थोक जान्ने योग्य छन्, त्यसका ज्ञाताहरूलाई भगवान्को यस धर्मनगरमा 'रूपदर्शक' भनिन्छ ।"

२७. "महाराज ! जुन भिक्षुहरूले विमुक्तिको पुष्पगुच्छा आफ्नो शिरमा राखिसकेका छन्, उत्तम, अमूल्य र श्रेष्ठ अवस्था पाइसकेका छन्, तथा मानिसहरूका प्रिय र आदरणीय छन्, उनीहरूलाई भगवान्को यस धर्मनगरमा फूल बेच्ने 'माली' भनिन्छ ।"



Downloaded from http://www.dhamma.digital

२८. "महाराज ! जुन भिक्षुहरूले चार आर्यसत्यहरूलाई सम्यक्‌रूपले अवबोध गरी, सत्यज्ञानको साक्षात्कार गरिसकेका छन्, जसले बुद्धधर्मलाई पूरापूरा बुझेका छन्, जो चारै श्रामण्य-फलहरूमा सन्देहरहित छन्, त्यस्ता फलहरूको सुख पाइसकेका छन्, तथा अन्य सत्य मार्गमा आइसकेर बीचमा पनि धर्म बाँडिदिन्छन्, उनीहरू भगवान्‌को धर्मनगरमा फल बेच्ने फलफूल पसले हुन् ।"

२९. "महाराज ! जुन भिक्षुहरू शीलरूपी सुगन्धले लिप्त भएर अनेक प्रकारका सद्‌गुणहरू धारण गरी क्लेशरूपी मललाई नाश गरिदिन्छ, उनीहरूलाई भगवान्‌को यस धर्मनगरमा सुगन्ध बेच्ने 'सुगन्धी पसले' भनिन्छ ।"

३०. "महाराज ! जुन भिक्षुहरू धर्म नै रुचाउँछन्, मीठो कुरा गर्ने हुन्छन्, अभिधर्म र विनयमा अत्यन्त आनन्द लिन्छन्, जङ्गलमा बसेर या रूखमन्तिर आसन लगाएर या एकान्त प्रकोष्ठमा बसेर केवल धर्मको मात्र मीठो रस पिउँछन्, शरीर, मन र वचनले एउटै धर्मको रसमा मात्र डुबिरहन्छन्, धर्ममा ठूला प्रतिभा सम्पन्न हुन्छन्, धर्मको खोजीमा सधैं लागिरहन्छन्, सर्वत्र अल्पेच्छताको प्रशंसा गर्दछन्, सन्तोषको बडाइ गर्छन्, विवेकको बडाइ गर्छन्, सांसारिक जालदेखि पर बसेर उपदेश दिन्छन्, असल कामको प्रयासमा सधैं लागि रहन भन्छन्, शील, समाधि, प्रज्ञा, विमुक्ति एवं विमुक्ति-ज्ञान दर्शनको उपदेश दिन्छन्, जसका सामु मानिसहरू गएर विविध प्रकारका उपदेश ग्रहण गर्दछन्; उनीहरूलाई भगवान्‌को धर्मनगरमा 'सोण्ड पिपासा' भनिन्छ ।"

३१. "महाराज ! जुन भिक्षुहरू प्रथम यामदेखि अन्तिम यामसम्म नसुतेर जागा भई उठेर चंक्रमण गरेर दिन-रात ध्यान-भावना गर्दछन्, भावना गर्नमा सधैं लागिरहन्छन्, आफ्नो क्लेश मेट्न सधैं प्रयत्नशील रहन्छन्, उनीहरूलाई भगवान्‌को यस धर्मनगरमा 'रक्षक' (पाले) भनिन्छ ।"

३२. "महाराज ! जुन भिक्षुहरू भगवान्‌का नौ-अङ्गयुक्त बुद्धवचनलाई अर्थ, व्यञ्जन, तर्क, कारण, हेतु र उदाहरणद्वारा सम्झाएर भन्दछन्, उनीहरूलाई भगवान्‌को धर्मनगरको 'वकिल' भनिन्छ ।"

३३. "महाराज ! जुन भिक्षुहरू धर्मरत्नले धनी छन्, पुरानो परम्पराको धन राख्छन्, विद्याले धनाढ्य छन् र धर्मको निर्देश, स्वर, व्यञ्जन, लक्षण र गम्भीर (गूढ) तत्वको ज्ञानले भरपूर्ण छन्, उनीहरूलाई भगवान्‌को यस धर्मनगरमा 'नगरसेठ' भनिन्छ ।"

३४. "महाराज ! जुन भिक्षुहरू देशनाको रहस्यसम्म पुगेका छन्, ध्यानको अभ्यासका लागि जुन विषय भनिएको छ, त्यसको विभाग र तात्पर्यलाई बुझेका छन्, सूक्ष्मभन्दा सूक्ष्म शिक्षाहरू पाइसकेका छन्, उनीहरूलाई भगवान्‌को यस धर्मनगरमा ठूलो विख्यात 'हाकिम' भनिन्छ ।"

३५. "महाराज ! भगवान्‌को धर्मनगर यति राम्रोसँग बसेको छ, यति राम्ररी नाप जोख गरेर तयार गरिएको छ, त्यसमा यस्तो विशेषता देखाइएको छ कि सबै काम पूरा गरिएको होस्, यस्तो राम्रो व्यवस्था बनाइएको छ, त्यो यति रक्षित छ कि शत्रु कतैतिरबाट पनि चढ्न सक्दैन ।"

"महाराज ! यी सबैलाई देखेर यही सम्झनुपर्छ कि भगवान् अवश्य हुनुहुन्थ्यो ।"

**(१) "जस्तै राम्ररी विभाजित सुन्दर नगरलाई देखेर, मानिसहरूले त्यसको निर्माताको निपुणता पत्ता लगाउँछन् ।**

**(२) त्यसरी नै, लोकनाथ (बुद्ध) को यस श्रेष्ठ धर्मपुरलाई देखेर भगवान् कस्तो हुनुहुन्थ्यो, मानिसहरू यसको अनुमान गर्दछन् ।**



Downloaded from http://www.dhamma.digital

**(३) समुद्रको तरङ्गलाई देखेर मानिसहरू अनुमान गर्न सक्छन् कि जस्ता यी तरङ्गहरू छन् त्यस्तै ठूलो समुद्र होला ।**

**(४) त्यस्तै शोक मेटिदिने अपराजेय बुद्धलाई तृष्णा नष्ट गरिदिने र भवसागरबाट पार लगाईदिनेलाई ।**

**(५) देवताहरू र मानिसहरूमा उहाँका धर्मरूपी तरङ्गहरू देखेर अनुमान गर्नुपर्छ कि जसरी धर्मका छालहरू उठिरहेकाछन्ह त्यसरी नै, बुद्ध पनि महान् हुनुहुन्छ होला । जसरी निकै अग्लो चुचुरो हेरेर मानिसहरू अनुमान गर्छन् कि यति अग्लो चुचुरो हिमालयकै होला ।**

**(६) त्यसरी नै, धर्मरूपी पहाडको चुचुरोलाई देखेर जो (तृष्णाको ज्वालाले) शान्त र उपधिरहित भएको छ, भगवान्को यस उच्च, भव्य र महान धर्म-पर्वतलाई देखेर अनुमान गर्नुपर्छ कि उहाँ श्रेष्ठ महावीर बुद्ध कस्तो हुनुहोला ।**

**(७) जस्तै – गजराज (हात्ती) को खुट्टालाई देखेर मानिसहरू अनुमान गर्छन् कि यो हात्ती निकै ठूलो होला ।**

**(८) त्यसरी नै, बुद्ध गजराजका गोडा देखेर बुद्धिमान् मानिसहरू अनुमान गर्छन् कि उहाँ कस्तो महान हुनुहुन्छ होला ।**

**(९) जङ्गलका साननतिना जनावरहरूलाई डराएको देखेर मानिसहरूले अनुमान गर्दछन् कि सिंहको गर्जन सुनेर नै जङ्गलका यी सानातिना जनावरहरू तर्सेका होलान् ।**

**(१०) त्यसरी नै, तीर्थङ्करहरू डराएर भागेको देखेर अनुमान गर्न सकिन्छ कि यो धर्मराज (बुद्ध) को गर्जन हो ।**

**(११) शान्त पृथ्वीलाई पानीले भिजाएर गिला र हरिया पातहरूले शोभित देखेर अनुमान गर्न सकिन्छ कि यहाँ भारी वर्षा भएको थियो होला ।**

**(१२) त्यसरी नै, संसारका मानिसहरूलाई आमोद-प्रमोदयुक्त देखेर, अनुमान गरिन्छ कि धर्मरूपी (बुद्धोपदेश) वर्षा भएको होला ।**

**(१३) पानी लागेको र हिलो भएको जमिनलाई देखेर अनुमान गर्न सकिन्छ कि-अवश्य यहाँबाट ठूलो जलधारा (खोलानाला) बगेको होला ।**

**(१४) त्यसरी नै, पापरूपी धूलो र हिलो नष्ट भएको धर्मरूपी नदी बगेर विशिष्ट धर्मरूपी सागरमा मिसिएको देखी देवसहित लोकले अनुमान गरेर जान्न सकिन्छ ।**

**(१५) संसारका देवताहरू र मानिसहरूले धर्म-अमृत पाएको देखेर अनुमान गरिन्छ कि यहाँ धर्मरूपी ठूलो धारा बगेको होला ।**

**(१६) उत्तम गन्ध पाएर मानिसहरूले अनुमान गर्छन् कि जसरी गन्ध बगिरहेको छ, थाहा हुन्छ कि यी बोटहरू फूलहरूले लादिएका होलान् ।**

**(१७) त्यसरी नै, यो शीलको सुगन्ध फैलिएको थाहा पाई देवसहित मानिसहरूले सम्झनुपर्छ कि अलौकिक बुद्ध हुनुहुन्थ्यो होला ।"**

३६. "महाराज ! यस प्रकारका सयकड़ौं र हजारौं कारण, तर्क र उपमाहरूले बुद्धबलको अनुमान गर्न सकिन्छ । महाराज ! जस्तै – कुनै चतुर मालीले आफ्ना गुरुले भनेअनुसार आफ्नो बुद्धि लगाएर



Downloaded from http://www.dhamma.digital

नाना प्रकारका फूलहरूले माला उनेर राम्रोसँग सजाइदिन्छ, त्यसरी नै, मानौं बुद्ध-मन्दिरमा उहाँका अनन्त सद्गुणहरूको फूलले माला उनिरहेको छु – आफ्नो आचार्यले बताएअनुसार र अफ्नो बुद्धि लगाएर पनि । त्यसो त, म हजारौं उपमाहरूले बुद्धबल देखाउन सक्छु, यदि तपाईं सुन्न चाहनुहुन्छ भने ।"

"भन्ते नागसेन ! अन्य व्यक्तिहरूले यस्तो कारण र यस्तो अनुमान देखाई बुद्धबलको परिचय दिन उनीहरूलाई गाह्रै पर्छ होला । मेरो शङ्का निवारण भयो । भन्ते नागसेन ! तपाईंले दिनुभएको प्रश्नहरूको उत्तर निकै राम्रो छ, विचित्र पनि छ ।"

## २. धुताङ्ग प्रश्न

१. राजाले भिक्षुहरूलाई घना जङ्गलमा बसेर धुताङ्ग व्रत पालन गरेको देखे; फेरि ती गृहस्थहरूलाई देखे जो अनागामी फलमा प्रतिष्ठित भइसकेका थिए ।

ती दुवैलाई देखेर पछि राजाको मनमा ठूलो संशय उत्पन्न भयो; यदि गृहस्थ रहेर नै, ज्ञान प्राप्त हुन्छ भने धुताङ्ग निष्फल ठहरिन्छ ।

'राम्रो हुनेछ कि म अरूका तर्कहरूको खण्डन गर्ने, त्रिपिटक पण्डित ती श्रेष्ठ वक्ताहरूकहाँ गएर सोधूँ । उहाँहरूले अवश्य मेरो शङ्का मेटिदिनु हुनेछ ।'

२. त्यसपछि राजा मिलिन्द जहाँ आयुष्मान् नागसेन हुनुहुन्थ्यो त्यहाँ गएर उहाँलाई वन्दना गरी एकातिर बसे । त्यसपछि उसले आयुष्मान् नागसेनलाई भने – "भन्ते नागसेन ! के कोही गृहस्थ छ, जसले आफ्नो घरमा सबै कामगुणहरूलाई उपभोग गर्दै स्त्री र बच्चाहरूका साथ रहेर, काशीको चन्दन लगाएर, माला, गन्ध र लेपको प्रयोग गर्दै, रूपियाँपैसाको लेनदेन गर्दै र मोती-मणि-सुनका गहना लगाएर पनि परम शान्तिपद निर्वाणलाई साक्षात् गरेको होस् ?"

"महाराज ! न एक सय, न दुई सय न तीन, चार पाँचसय, न एक हजार, न एक लाख, न सय करोड़, न लाख करोड यस्ता गृहस्थहरू भइसकेका छन् जसले निर्वाणलाई साक्षात् गरिसकेका छन् । महाराज ! दस, बीस, सय या हजारको गन्तीलाई छाड़ौं – खै, म कसरी तपाईंलाई सम्झाऊँ ?"

"हो, त्यो तपाईं नै सम्झाउनुहोस् ।"

"महाराज ! ठीक छ, त्यसो भए म सम्झाउँछु – नवाङ्ग बुद्धवचनमा जो पवित्र सदाचार, सत्य मार्गमा आउनु र धुताङ्गका राम्राराम्रा गुण छन् ती सयकड़ौ हजारौं कुराहरू यस प्रकरणमा आउँछन् ।"

"महाराज ! जसरी तल-माथि बराबर, खाडल, जल, थल, सबै ठाउँहरूमा पानी परेर बग्दाबग्दै अन्तमा समुद्रमा नै गएर ती मिसिन्छन्, महाराज ! त्यसरी नै, यस प्रकरणलाई विस्तार गर्नमा नवाङ्ग बुद्धवचनमा जुन पवित्र सदाचार सन्मार्गमा आउनु, तथा धुताङ्गका सद्गुण छन् ती सबैका कुरा पर्न आउँछन् ।"

"महाराज ! मलाई आफ्नो बुद्धिले पनि केही कुरा भन्नुपर्ने हुन्छ । यस प्रकार, यो कुरा राम्ररी बोधगम्य, विचित्र, परिपूर्ण र प्रतिष्ठित हुनेछ । महाराज ! जस्तै – कुशल लेखकले आफ्नो बुद्धिले त्यस लेखलाई परिपुष्ट गरिदिन्छ, यस प्रकार त्यो लेख, सुन्दर, पूर्ण र दोषरहित हुन्छ, महाराज ! त्यसरी नै,



Downloaded from http://www.dhamma.digital

यस प्रकरणमा मैले पनि अफ्नो बुद्धिले केही कुरा सम्भ्फाउनुपर्छ र त्यसपछि यो कुरा राम्रोसँग बोधगम्य, विचित्र, परिपूर्ण प्रतिष्ठित हुनेछ ।"

३. "महाराज ! श्रावस्ती नगरमा भगवान्का पाँच करोड़ आर्यश्रावक उपासक र उपासिकाहरू बस्दथिए । तीमध्ये एकलाख सन्ताउन्न हजार अनागामी फलमा प्रतिष्ठित भइसकेका थिए । उनीहरू सबैजना गृहस्थ नै थिए, प्रव्रजित होइन । फेरि, गण्डम्ब रूखमन्तिर यमक प्रातिहार्य (ऋद्धि) देखाउँदा बीस करोड़ (देवता र मानिसहरू) प्रणीहरूलाई सत्यज्ञान भएको थियो । फेरि, महाराहुलोवाद,[२१०] महामंगलसूत्र,[२११] समचित्तपरियाय,[२१२] पराभवसूत्र,[२१३] पुराभेदसूत्र,[२१४] कलह-विवादसूत्र,[२१५] चूलव्यूहसूत्र,[२१६] महाव्यूहसूत्र,[२१७] तुवटकसूत्र[२१८] र सारिपुत्रसूत्र[२१९]लाई देशना गर्नुहुंदा अनन्त देवताहरूलाई धर्मज्ञान प्राप्त भएको थियो ।"

"राजगृह नगरमा भगवान्का तीन लाख पचास हजार उपासक र उपासिकाहरू आर्यश्रावक थिए । फेरि, त्यहाँ धनपाल नामको हात्तीलाई दमन गर्दा नब्बे करोड़ देवता; चट्टान भएको चैत्यमा पारायणसूत्र देशना गर्नु भएपछि चौध करोड़ देवताहरूले धर्मको साक्षात्कार गरिसकेका थिए । इन्द्रसालगुहा, वाराणसीमा असी करोड़ देवता; ऋषिपतन मृगदावनमा सर्वप्रथम देशना गर्नुहुँदा अठार करोड़ ब्रह्मा र असङ्ख्य देवता; फेरि तावतिंस भवनमा पण्डुकम्बलशिलामा अभिधर्म देशना गरेपछि अस्सी करोड़ देवता र देवभवनबाट उत्रने बेलामा सङ्ख्यनगरको ढोकामा लोक विवरण प्रतिहार्य (ऋद्धि) बाट प्रसन्न भएर तीस करोड़ मानिस र देवताहरूले ज्ञानचक्षु प्राप्त गर्न सकेका थिए ।"

"फेरि, शाक्यहरूलाई कपिलवस्तु नगरको न्यग्रोधाराममा बुद्धवंस देशना गर्नुहुँदा र महासमयसूत्र देशना गर्नुभएपछि अनगिन्ती देवताहरूलाई धर्मज्ञान भएको थियो । फेरि, सुमन नामको माली, गरहदिन्न, आनन्द सेठ, जम्बुकाजीवक, मण्डूक देवपुत्र, मट्टकुण्डलि देवपुत्र, सुलसा नामकी वेश्या, सिरीमा नामकी वेश्या, जुलाहाकी छोरी, सानी सुभद्रा, साकेत, ब्राह्मणको अन्त्येष्टि क्रिया हेर्न आएका मानिसहरू सुनापरन्तक शक्रप्रश्न,[२२०] तिरोकुड्ड[२२१] र रतनसूत्र[२२२]को देशना गरेपछि, चौरासी हजार प्राणीहरूलाई धर्मज्ञान गराइदिनुभएको थियो । महाराज ! भगवान्ले आफू जिउँदो छँदै तीन मण्डलहरूमा र सोह्र महाजनपदहरूमा जहाँ-जहाँ जानुभयो त्यहाँ-त्यहाँ अनेक देवता र मानिसहरूलाई निर्वाणसम्म पुऱ्याइदिनुभयो । महाराज ! यी सबै देवताहरू गृहस्थ नै थिए, प्रव्रजित होइन । महाराज ! यी करोड़ौ अनगिन्ती देवताहरूले गृहस्थका काम गुणहरूलाई भोग्दा भोग्दै नै निर्वाण पाइसकेका थिए ।"

---

२१०. महाराहुलोवादसूत्र, म. नि. (नेपाली) पृ. ३८४ हेर्नुहोला
२११. मंगलसूत्र, सु.नि. पृ.३०७ ।
२१२. अं.नि. भाग-१ पृ. ६१ ।
२१३. सु.नि. पृ. २८५ ।
२१४. सु.नि. पृ. ४०० ।
२१५. सु.नि. पृ. ४०१ ।
२१६. सु.नि. पृ. ४०४ ।
२१७. सु.नि. पृ. ४०८ ।
२१८. सु.नि. पृ. ४१० ।
२१९. सु.नि. पृ. ४१५ ।
२२०. सक्कपञ्ह-सुत्त दी. नि. (नेपाली) पृ.३३१ हेर्नुहोला ।
२२१. तिरोकुड्डसूत्र खुद्दक पाठ ९ ।
२२२. खुद्दकपाठ पृ. ६. खु. नि. ३०१ ।



Downloaded from http://www.dhamma.digital

४. "भन्ते नागसेन ! यदि संसारका कामभोगहरूलाई भोग्ने गृहस्थ पनि शान्त परम निर्वाणलाई साक्षात् गर्दछन् भने भिक्षु धुताङ्ग-साधन गर्ने चक्करमा किन रहिरहन्छन् ? त्यसो भएपछि धुताङ्ग के निरर्थक ठहरिदैनन् ? भन्ते नागसेन ! यदि झारफुक र औषधी बेगर नै रोग निको हुन्छ भने, वमन र विरेचन दिएर शरीरलाई कमजोर तुल्याउनाले के लाभ ! यदि मुक्का र घुस्सा चलाएर नै शत्रुलाई परास्त गर्न सकिन्छ भने, तरबार, भाला, तीर, धनुष, लाट्ठी र गदाको के काम ! यदि गाँठो भएको बाङ्गाटिङ्गा शाखाहरु, काँटा र लहरोको सहाराले नै रूखमा चढ्न सकिन्छ भने, लामो भऱ्याङ किन खोज्ने ! यदि साह्रो भुइँमा सुत्दा राम्ररी निद्रा लाग्छ भने, डसना र तकियाको के काम ! यदि कुनै सङ्कटमय र विकट बाटोमा हिँडेर कोही एक्लै पारि जान सक्छ भने हातहतियारले सज्जित कुनै ठूलो रक्षकसमूहको के काम ! यदि बगिरहेको नदीलाई तरेर पनि पुग्न सक्छ भने, डुङ्गा या पुलको के काम ! यदि कोही आफूसँग भएको धनबाटै सूखपूर्वक आफ्नो भरणपोषण गर्न सक्छ भने अरूहरूको सेवामा यताउता जानाले के फाइदा ! यदि स्वाभाविक झरनाबाटै पानी पाइन्छ भने, तलाव, इनार किन खनाउने ! भन्ते नागसेन ! यसरी नै यदि संसारको काम भोग गर्दै गृहस्थहरूले पनि शान्त निर्वाणको साक्षात्कार गर्दछन् भने कठोर धुताङ्गको साधना गर्नुपर्ने खाँचो नै के ?"

५. "महाराज ! धुताङ्गका यथार्थमा अट्ठाइस गुणहरू छन्, जसले गर्दा यी सबै बुद्धहरूद्वारा राम्रो भनिएको छ ।" "कुनचाँहि अट्ठाईस गुण ?" "महाराज ! (१) धुताङ्ग पालन गर्नेको जीविका शुद्ध हुन्छ । (२) त्यसको फल सुखद हुन्छ । (३) उसमा कुनै खराबी रहँदैन । (४) उसले कसैलाई दुःख दिँदैन । (५) ऊ अभय रहन्छ । (६) ऊद्वारा अरूलाई सताउने गरिन्न । (७) ऊ धर्मतिर नै बढ्छ, (८) ऊ कहिल्यै परिहानी हुँदैन, (९) उसले कहिल्यै धोका दिँदैन । (१०) उसले रक्षा गर्दछ । (११) उसले जे चाहन्छ, त्यसैको लाभ हुन सक्छ । (१२) उसले सबै प्राणीहरूलाई आफ्नो वशमा पार्न सक्छ । (१३) उसले आत्मसंयम गर्न सिक्छ । (१४) धुताङ्ग जीवन भिक्षुको एकदमै अनुकूल छ । (१५) ऊ कसैको भरमा रहँदैन । (१६) ऊ खुला र स्वच्छन्द भएर बस्छ । (१७) धुताङ्गले सांसारिक राग काटिदिन्छ । (१८) द्वेष हटाइदिन्छ । (१९) मोह मेटाइदिन्छ । (२०) उसमा अभिमान रहन पाउँदैन । (२१) यसले पापी विचार हटाउँछ । (२२) शङ्काहरू मेट्छ । (२३) अकर्मण्यता रहन पाउँदैन । (२४) असन्तोष रहँदैन । (२५) सहनशक्ति आउँछ । २६. यसको पुण्य अतुल्य छ । (२७) यसको पुण्य अनन्त छ र (२८) धुताङ्गले सबै दुःखहरूलाई समाप्त पारेर निर्वाण सम्म पुऱ्याइदिन्छ । महाराज ! यही धुताङ्गका यथार्थमा अट्ठाइस गुणहरू छन्, जसले गर्दा सबै बुद्धहरूद्वारा राम्रो भनिएको छ ।"

"महाराज ! जसले धुताङ्गलाई ठीकसँग पालन गर्दछन्, उनीहरू अठार गुणहरूले युक्त हुन्छन् ।" "कुन अट्ठार गुणहरूले ?" "महाराज ! (१) उसको आचरण पवित्र र शुद्ध हुन्छ । (२) उसले बाटो पार गर्न सक्छ । (३) उसको शरीर र वचन वशमा रहन्छ । (४) उसको मन पवित्र रहन्छ । (५) उसको उत्साह कायम रहन्छ । (६) ऊ निर्भय हुन्छ । (७) उसको आत्मदृष्टि हट्छ । (८) उसमा हिंसाको भाव शान्त भएर रहन्छ । (९) उसमा मैत्री भावना सधैं कामय रहन्छ । (१०) उसले आहार सम्झेर भोजनको मात्रा जानेर, बुझेर मात्र ठीक तवरले ग्रहण गर्दछ । (११) सबै जीवहरूबाट प्रतिष्ठा पाउँछ । (१२) भोजन उचित मात्रामा गर्दछ । (१३) सधै जागरुक रहन्छ । (१४) विना घरको हुन्छ । (१५) जहाँ राम्रो (अनुकूल) देख्छ, त्यहीं साधना गर्दछ । (१६) पापलाई घृणा गर्दछ । (१७) विवेकमा आनन्दित रहन्छ र (१८) बराबर सावधान रहन्छ । महाराज ! जसले धुताङ्गलाई ठीकसँग पालन गर्दछन् उनीहरू यिनै अठार गुणहरूले युक्त हुन्छन् ।"

६. "महाराज ! दस प्रकारका व्यक्तिहरू धुताङ्ग पालन गर्ने योग्य हुन्छन् ।" "कुन दस प्रकारका ? (१) जो श्रद्धालु हुन्छ । (२) पाप गर्न सङ्कोच मान्ने । (३) धैर्यवान् । (४) झूटो नकल नगर्ने । (५) आफ्नो उद्देश्यमा लागिरहने । (६) निर्लोभी । (७) सिक्न इच्छुक । (८) दृढ सङ्कल्प भएको । (९) कुनै



Downloaded from http://www.dhamma.digital

कुरोले नफर्कने र (१०) मैत्री भाव राख्ने ।" "महाराज ! यिनै दस प्रकारका व्यक्तिहरू धुताङ्गको पालन गर्ने योग्य हुन्छन् ।"

७. "महाराज ! जुन कामभोगी गृहस्थहरूले परम शान्त निर्वाणपद पाउँछन् उनीहरूले अवश्य आफ्नो पहिलो जन्ममा तेह्र प्रकारका धुताङ्गहरूको पालन गरेका होलान् । उनीहरूले आफ्नो पहिला जन्महरूमा आचार र मार्ग शुद्ध गरेर आज यहाँ गृहस्थ भई परमार्थ निर्वाणपद साक्षात् गर्दछन् ।"

८. "महाराज ! जस्तै – चलाख धनुर्धरले पहिले आफ्ना शिष्यहरूलाई अभ्यासको मैदानमा सिकाउँछ – कति प्रकारका धनुषहरू हुन्छन्, धनुष कसरी चढाइन्छ, कसरी समातिन्छ, मुट्ठी कसरी बाँधिन्छ, औंलाहरू कसरी निहुराइन्छ, खुट्टाको स्थिति कस्तो हुन्छ, तीर कसरी चढाइन्छ, तीर चढाएर कसरी तानिन्छ, त्यसलाई कसरी सम्हाल्नुपर्छ र कसरी निशाना साध्नुपर्छ । उसले पहिले घाँस वा परालले बनेको मानिस या माटो या काठले बनेको लक्ष्यमा नै तारो हान्न सिकाउँछ । जब ती शिष्यहरू सिकेर तयार हुन्छन्, त्यसपछि उनीहरूलाई राजाका सामु उपस्थित गराउँछ । राजा खुसी भएर उनीहरूलाई पुरस्कारमा असल घोडा, रथ, हात्ती, धन, धान्य, सुन, असर्फी, दास, दासी, स्त्री र खेत दिन्छन् । महाराज ! यसरी जो कामभोगी गृहस्थ परमशान्त निर्वाणपद पाएको देखिन्छ, उसले अवश्य आफ्नो पहिलो जन्ममा तेह्र धुताङ्गलाई पालन गरको होला । उसले आफ्नो पूर्वजन्ममा आचार र मार्ग शुद्ध गरेर आज यहाँ गृहस्थ गएर पनि परमार्थ निर्वाण पद साक्षात् गर्दछ । महाराज ! जसले आफ्नो पूर्वजन्ममा धुताङ्गको पालन गरेको छैन, ऊ यहाँ एउटै जन्ममा अर्हत् बन्न सक्दैन । महाराज ! साँचो लगन र मार्गमा हिंडेपछि, त्यस्तै गुरु पाउनाले र त्यस्तै साथीहरूको सङ्गत पाएपछि निर्वाण पाइन्छ ।"

९."महाराज ! जस्तै – कुनै वैद्य या शल्यचिकित्सक पहिले कुनै गुरुको खोजी गरेर उनी भए स्थानमा जान्छ । फेरि, उनलाई तलब या आफ्नो सेवा दिएर सारा विद्या सिक्छ – छुरी कसरी समातिन्छ, कसरी चिरिन्छ, कसरी चिन्ह लगाइन्छ, कसरी छुरी धसाइन्छ, गडेको लाई कसरी समातेर झिक्नुपर्छ, घाउ कसरी धुनुपर्छ, त्यसलाई कसरी सुकाउनुपर्छ, त्यसमा मलम कसरी लगाउनुपर्छ, रोगीलाई कसरी वमन या विरेचन गराउनुपर्छ, कसरी रसायन खुवाउनुपर्छ । उनको शिष्यत्वमा सबै कुरा सिकेपछि उसले स्वतन्त्र रूपले रोगीको चिकित्सा आफ्नो हातमा लिन्छ । महाराज ! यसरी नै, जुन कामभोगी गृहस्थहरू परमशान्त निर्वाणपद पाएका देखिन्छन् उनीहरू अवश्य आफ्ना पूर्व – जन्महरूमा तेह्र धुताङ्गको पालन गरेका थिए होलान् । उनीहरूले आफ्नो पूर्वजन्ममा आचार र मार्गलाई शुद्ध पारेर आज यहाँ गृहस्थ छँदै परमार्थ निर्वाण पद साक्षात् गर्दछन् । महाराज ! जसले आफूलाई धुताङ्ग गुणहरूले शुद्ध पारेको छैन, उसले धर्ममा प्रवेश गर्नपाउँदैन ।"

"महाराज ! जसरी पानी नपाटाएमा बीउहरू उम्रन सक्दैनन्, त्यसरी नै धुताङ्गगुणहरूबाट शुद्ध नभई धर्मदर्शन हुन सक्दैन ।"

"महाराज ! जस्तै – पुण्य नगरी राम्रो गति हुँदैन; त्यसरी नै, धुताङ्गगुणहरूले शुद्धि ।"

१०. "महाराज ! धुताङ्ग मुमुक्षु (मोक्षको चाहना गर्ने) हरूका लागि महापृथ्वी जस्तै आधार हो । धुताङ्गले मुमुक्षुहरूका लागि पानीझैं क्लेशरूपी मल धुने काम गर्दछ, क्लेशको झाडलाई सल्काएर भस्म पारिदिने आगोजस्तै हो; क्लेशरूपी धूलोलाई उडाइदिने बतासजस्तै हो ।"

"महाराज ! धुताङ्ग क्लेशरूपी रोगलाई हटाउने औषधीजस्तै हो; क्लेशरूपी विषलाई नष्ट गर्ने अमृतजस्तै हो; भिक्षुहरूको उपयुक्त गुणहरूको खेती तयार पार्ने खेतको जस्तै हो; सबै लाभ दिने मणिझैं हो; भवसागरलाई पार गर्नका लागि डुङ्गाजस्तो हो; जरा-मरणले डराएका व्यक्तिका लागि शरणस्थलजस्तै



Downloaded from http://www.dhamma.digital

हो । क्लेशले पीड़ित व्यक्तिहरूलाई बचाउने आमाभैं हो; पुण्य कमाउनका लागि सबै भिक्षु-गुणहरूलाई उत्पन्न गर्ने बुबाजस्तै हो; भिक्षुहरूका उपयुक्त गुणहरूलाई खोजेर ल्याउने मित्रभैं हो ।"

"महाराज ! धुताङ्ग क्लेशमलहरूले लिप्त नहुने कमलभैं हो; क्लेशको दुर्गन्धलाई हटाउने अत्तरजस्तै हो; संसारका आठ प्रकारका हावाले नहल्लिने पर्वतराजासमान हो; एकदमै स्वच्छन्द र स्वतन्त्र बनाइदिने आकाशजस्तै हो; क्लेशमललाई बगाएर लैजाने नदीभैं हो; क्लेशको जङ्गल र आवागमनको मरुभूमिबाट बाहिर निस्कने योग्य मार्ग (पथप्रदर्शक) हो ।"

"महाराज ! निर्वाण नगरसम्म पुऱ्याइदिने निर्भय र साथ दिने समूहजस्तै हो; संस्कारहरूको साँचो स्वभावलाई देखाइदिने सफा ऐनाजस्तै हो; क्लेशको तरबार र लट्ठीबाट रोक्नका लागि ढालभैं हो; त्रिविध तापलाई ठन्डा पार्ने चन्द्रसमान हो, मोहरूपी अन्धकारलाई नाश गर्ने सूर्यभैं हो; श्रामण्य गुणरूपी रत्नहरूका लागि महासागरजस्तै हो; किनकि त्यो निकै अनन्त, गम्भीर र महान् छ ।"

११. "महाराज ! यसरी विशुद्धि (निर्वाण) चाहनेहरूका लागि धुताङ्ग व्रत निकै उपकारक हुन्छ; सम्पूर्ण कष्ट, सन्ताप, असन्तोष र भयलाई हटाइदिन्छ; भव (संसारमा कायम रहनुलाई) मेटाइदिन्छ; मनको सबै मललाई पखालि दिन्छ; शोक, दुःख, राग, द्वेष, मोह, अभिमान्, आत्मदृष्टि र सबै पापहरूलाई नष्ट गरिदिन्छ । धुताङ्गले यश बढाइदिन्छ, हित गर्दछ, सुख दिन्छ, आराम दिन्छ, प्रीति उत्पन्न गराउँछ, कुशलमङ्गल ल्याउँछ, र निर्दोष राम्रो फल, सद्गुणहरूको समूह अनन्त र अगाध श्रेष्ठ गुण दिन्छ ।"

१२. "महाराज ! जस्तै – मानिसले शरीर कायम राख्न भोजन गर्दछ, स्वस्थ हुनाका लागि औषधीको सेवन गर्दछ, उपकार पाउनका लागि साथीको साथ लिन्छ, पारि जानको लागि डुङ्गामा बस्छ, सुगन्धका लागि माला र अत्तर लगाउँछ, डरबाट जोगिन शरणस्थलमा जान्छ, यशका लागि राजाको सेवा गर्दछ, प्रचुर वर पाउनका लागि मणिरत्न धारण गर्दछ; त्यस्तै, असल मानिसले भिक्षु जीवनलाई सार्थक तुल्याउन धुताङ्गव्रतको पालन गर्दछ ।"

१३. "महाराज ! जस्तै – पानी बीउ उमार्नका लागि, आगो सल्काउनका लागि, भोजन शरीरमा बल ल्याउनका लागि, लहरो बाँध्नका लागि, शस्त्र काट्नका लागि, पानी तिर्खा मेटाउनका लागि, कोष चिन्ता मेटाउनका लागि, डुङ्गा पारि जानका लागि, औषधी रोगको उपचारका लागि, सवारी सुखपूर्वक बाटो पार गर्नका लागि, शरणस्थल भयबाट जोगिनका लागि, राजा रक्षा गर्नका लागि, ढाल, लट्ठी, तीर, भाला चोटलाई रोक्नका लागि, गुरु पढाउनका लागि, आमा पोषण गर्नका लागि, ऐना मुख हेर्नका लागि, गहना शोभाका लागि, वस्त्र शरीर ढाक्नका लागि, शस्त्र अरूको धम्कीबाट बच्नका लागि, बत्ती अँध्यारो हटाउनका लागि, हवा गर्मी हटाउनका लागि, कला पैसा कमाउन ... , औषधी जीवन बचाउन ... , खानी रत्न उत्पन्न गर्न, रत्न शोभा दिन, आदेश आज्ञा पालन गर्न र ऐश्वर्य अरूलाई वशमा पार्नका लागि हो; त्यसरी नै, धुताङ्गव्रत श्रामण्यरूपी बीउलाई स्थापित गर्न, क्लेशरूपी मललाई बालिदिन, ऋद्धिबल पाउन, स्मृति र संयमलाई बाँध्न, भ्रम र शङ्कालाई काट्न, तृष्णाको तिर्खा मेटाउन, ज्ञानको साक्षात्कार गर्न, पक्का विश्वस्त स्थान चार गहिरो धारलाई पार गर्न, क्लेशरूपी रोग शान्त गर्न, निर्वाण-सुख पाउनु, जन्म लिनु, बूढो हुनु, बिरामी पर्नु, मर्नु, शोक गर्नु, रुनु, पिट्नु, दुःखी हुनु, छटपटाउनु, निराशाको भयबाट बच्नु, श्रामण्य गुणहरूको रक्षा गर्नु, असन्तोष र खराब विचारलाई रोक्न, श्रमण-जीवनका सबै कुराहरू सिक्न, त्यसलाई पालन गर्न, समथ, विपश्यना, मार्गफल र निर्वाणलाई हेर्न, सारा संसारलाई राम्रो, सुन्दर र शोभायमान गर्न, सबै नरकहरूलाई ढाक्नका लागि, कुशल धर्मको चिन्तनमा रहनका लागि, क्लेशरूपी शत्रुहरूलाई हटाउनका लागि, अविद्यारूपी अन्धकारलाई मेट्न, त्रिविद्य अग्नि (तीन आगो)को सन्तापलाई शान्त (ठन्डा) पार्नका लागि, उच्च सूक्ष्म र शान्त समापत्ति पाउनको लागि, सबै श्रामण्य गुणहरूको रक्षा गर्नका लागि, बोध्यङ्गरूपी श्रेष्ठ रत्न उत्पन्न गराउनका लागि, योगी जनको



Downloaded from http://www.dhamma.digital

अलङ्कारका लागि, निर्दोष निपुण सूक्ष्म शान्तिपद पाउनका लागि, श्रामण्यभाव र आर्य धर्म वशमा पार्नको लागि । महाराज ! एक-एक धुताङ्ग यी सबै गुणहरूको प्राप्तिका लागि हो । महाराज ! यसरी धुताङ्गको गुण अतुल्य छ, अनन्त छ, अनुपम छ, ··· गम्भीर, श्रेष्ठ र महान् छ ।"

१४. "महाराज ! जुन पापीले, आफ्नो इच्छाको अधीन, बनावटी, देखावटी गर्ने व्यक्ति, लोभी, संसारीक वस्तुहरू पाउने चाहनामा लागिरहने व्यक्ति, यश पाउनका लागि व्याकुल रहने व्यक्ति, नाम कमाउनमा लाग्ने, अयोग्य जो कुनै पनि राम्रो फल पाउन सक्दैन, अनुचित व्यवहार, अयोग्य र ढङ्ग नभएको मानिसले यदि धुताङ्ग-व्रत लिन्छ भने, उसले दुई गुणा दण्ड पाउँछ र आफ्ना पहिलेका असल गुणहरूलाई पनि नष्ट गरिदिन्छ । त्यसपछि मानिसहरूले उसको अप्रतिष्ठा गर्दछ, खिल्ली उड़ाउछ, निन्दा गर्दछ, उसलाई रोकी दिन्छ, झिकेर बाहिर मिल्काइदिन्छ ··· , भगाइदिन्छ, तिरस्कार गरेर हटाइदिन्छ । अर्को जन्ममा पनि सय योजनसम्म फैलिएको अवीचि नरकको तातो आगोको ज्वालामा परेर लाखौं करोड़ौं वर्षसम्म माथि-तल, दायाँ-बायाँ, पानीको फोकाजस्तै उठेर मच्चिइरहन्छ । जब त्यहाँबाट मुक्त हुन्छ, त त्यो एउटा ठूलो प्रेतझैं-माथिबाट हेर्दा भिक्षु जस्तो, शरीर र अङ्ग-प्रत्यङ्ग कालो र दुब्लो, कपाल फुलेको, सुनिएको र अनेक छिद्रयुक्त-उत्पन्न भएर भोक-तिर्खाले सदा व्याकुल भएको हुन्छ । हेर्दाखेरि त्यो निकै विरूप र डरलाग्दो हुन्छ, उसका कानहरू फाटेका हुन्छन्, उसको आँखाहरू चिमचिम (झिमझिम) गरिरहन्छन्, उसको सारा शरीर पीपले भरिएर पाक्छ, घाउ हुन्छ, हावाले दन्केको आगोझैं उसको पेट बलिरहेको हुन्छ र उसको मुख सियोको चुच्चोजस्तो हुन्छ, जसबाट उसको तिर्खा कहिल्यै मेटिन सक्दैन । ऊ भागेर कुनै शरणस्थलमा जान सक्दैन । उसलाई बचाउने कोही पनि सहायक पाइन्न । ऊ मायालाग्दो गरी रुन्छ र चिच्च्याउँछ । यसरी, ऊ संसारमा रुँदै कराउदै भौंतारिरहन्छ ।"

१५. "महाराज ! यदि बेइलमी, कुनै नालायक (बेकम्मा), खराब, अयोग्य र नीच जातिको मानिस राजगद्दीमा बस्यो भने उसले दण्ड नै दण्ड भोग्ने छ – उसको हात काटिने छ; खुट्टा काटिने छ, हात खुट्टा दुवै काटिने छ, कान काटिने छ, नाक काटिने छ, कान र नाक दुवै काटिने छ; बिलङ्गथालिक, शङ्खमुण्डिक, राहुमुख, जोतिर्मालिका, हस्तप्रद्योतिका, एरकवर्तिका, चीरकवासिका, एणेय्यक, बलिसमंसिक, कहापणक, खारापतच्छिक, पलिघपलिवर्तिक, पलालपीठक इत्यादि राजदण्ड दिइने छ, तातो तेल पनि उसमाथि छ्यापिने छ, कुकुरहरूद्वारा लुछ्न लगाइने छ, शूलीमा पनि चढाइने छ, तरबारले उसको शिर उडाइने छ, अरू पनि अनेक प्रकारको दु:ख भोग्नेछ । यसको के कारण हो ? यसको कारण यही हो कि ऊ यति बेकाम्मा, बेइलमी, खराब, अयोग्य र नीच जातिको मानिस भएर पनि यति ठूलो र उच्च राजपदमा पुगेको थियो । उसले सीमाको उल्लङ्घन गरिदिएको थियो ।" "महाराज ! यसरी नै जो पापेच्छ, आफ्ना इच्छाहरूको आश्रित ··· पूर्ववत् ··· यसरी ऊ संसारमा रुँदै कराउदै भौंतारिरहन्छ ।"

१६ "महाराज ! अनि यसको विपरीत जुन मानिस योग्य, भलादमी, असल, कुशल, राम्रो आचार भएको, अल्पेच्छ, सन्तुष्ट, एकान्तमा समय व्यतीत गर्ने, सांसारिक भोगहरूमा लिप्त नरहने, उत्साहयुक्त, आत्मसंयमी, बदमासी र ठगीबाट टाढा रहने, जो खन्चुवा हुँदैन, लाभको वशमा नपर्ने, नामको पछि नदगुर्ने, श्रद्धालु, साँचो लगनले प्रव्रजित हुने, जरा-मरणले मुक्त हुन इच्छुक, शासनमा दृढ रहने उसले सङ्कल्पले धुताङ्ग व्रत पालन गर्दछ – ऊ दुई गुणा पूजा पाउने भागी हुन्छ, देवताहरू र मानिसहरूको प्यारो हुन्छ, उनीहरूबाट सम्मान र प्रतिष्ठा पाउँछ, नुहाए धुएको व्यक्तिका लागि ऊ मल्लिका फूलझैं हुन्छ, भोकाएका मानिसका लागि स्वादिष्ट भोजनजस्तै हुन्छ, तिर्खाएका लागि निर्मल र सुगन्धित शीलत जलजस्तै हुन्छ, विष खाएको मानिसका लागि औषधिजस्तै हुन्छ, चाडो पुग्न चाहनेका लागि छिटो दगुर्ने घोडा भएको रथझैं हुन्छ, धन चाहनेहरूका लागि इच्छित वर दिने मणिरत्नसमान हुन्छ, अभिषेक पाउनेका लागि निर्मल श्वेत-छत्र (सेतो छाता) जस्तै हुन्छ, धर्मको इच्छा भएकाहरूका लागि अनुत्तर अर्हत्फलको प्राप्तिजस्तै हो, उसलाई चारवटै स्मृतिप्रस्थानका साधनाहरू सिद्ध हुन्छन्, चारवटै



Downloaded from http://www.dhamma.digital

सम्यक्प्रधान, चारवटै ऋद्धिपाद, पाँच इन्द्रियहरू, पाँच बल, सात बोध्यङ्ग, आर्य अष्टाङ्गिक मार्ग-सबै थोक पूरा हुन्छन्, समथ र विपश्यना पनि प्राप्त हुन्छ, स्वाध्याय सफल हुन्छ । चार श्रामण्य फल, चार प्रतिसंविदाहरू, तीन विद्याहरू, छ अभिज्ञाहरू र श्रमणका सबै धर्म उसको आफ्नै हुन्छ । विमुक्तिको निर्मल श्वेतछत्र मन्तिर मानौं उसको अभिषेक हुन्छ ।"

"महाराज ! जसरी उच्च कुलको क्षत्रियको राज्याभिषेक भएपछि शहर र गाउँको प्रजा, सिपाही र चपरासी सबै जना उसको सेवामा लागिरहन्छन्, अठतीस अधिकारीहरूको सभा, नट र नर्तक, मङ्गलवाचक, स्वस्ति पाठ गर्ने, श्रमण, ब्राह्मण र विभिन्न प्रकारका व्यक्तिहरू उनको छेउमा उपस्थित रहन्छन् । पृथ्वीमा जति बन्दरगाहरू, रत्नको खानी, शहर र भन्सार कर असुल्ने ठाउँहरू छन्, ती सबैका उनी स्वामी तथा परदेशी र अपराधी व्यक्तिहरूका एकमात्र भाग्यविधाता हुन्छ ।"

"महाराज ! यसरी, नै जुन मानिस योग्य, असल, राम्रो ··· विमुक्तिको निर्मल श्वेत छत्र मन्तिर मानौं उनको अभिषेक हुन्छ ।"

१७. "महाराज ! तेह्र प्रकारका धुताङ्गहरू छन् जसबाट शुद्ध भएर भिक्षुले निर्वाणरूपी महासमुद्रमा अनेक प्रकारले धर्मको तरङ्ग लिएर आनन्द मान्दछ, आठ प्रकारका रूप र अरूप समाधिहरूलाई लाभ गर्दछ, सबै ऋद्धिहरू प्राप्त हुन्छन्, सुन्नका लागि दिव्यशक्ति प्राप्त हुन्छ, अरूको चित्तको कुरा पनि जान्दछ, पूर्वजन्मको कुरा याद हुन्छ, दिव्यचक्षु प्राप्त हुन्छ र सबै आस्रव क्षीण हुन्छ । ती तेह्र धुताङ्गहरू के-के हुन् ?"

(१) पंसुकूलिकङ्ग (पांशुकूलिकाङ्ग),[२२३], (२) तेचीवरिकङ्ग (त्रैचीवरिकाङ्ग),[२२४] (३) पिण्डपातिकङ्ग पिण्डपातिकाङ्ग),[२२५] (४) सपदानचारिकङ्ग सापदानचारिकाङ्ग),[२२६] (५) एकासनिक (ऐकासनिकाङ्ग)[२२७] (६) पत्तपिण्डिकङ्ग पात्रपिण्डिकाङ्ग),[२२८] (७) खलुपच्छाभत्तिकङ्ग खलुपश्चाद्भक्तिकाङ्ग),[२२९] (८) अरञ्ञिक (आरण्यकाङ्ग)[२३०] (९) रूक्खमूलिकङ्ग (वृक्षमूलिकाङ्ग),[२३१] (१०) अब्भोकासिकङ्ग (आभ्यवकाशिकाङ्ग),[२३२]

---

२२३. पाँसुको अर्थ हो धूलो । सडक,श्मशान अथवा फोहर–मैलाको रासमा जतातत्तै धूलोमा रहेका लुगाहरू 'पांशकूल' भनिन्छ । त्यस लुगा लगाउनेलाई 'पांशुकूलिक' भन्दछन् । त्यस्तो लुगाको अङ्ग (नियम) 'पांशुकूलिकाङ्ग' भनिन्छ । (जुन भिक्षुले 'पांशुकूलिकाङ्ग' धारण गर्दछ, उसले (१) 'गृहस्थहरूले दिएको चीवरलाई त्यग्छु,' अथवा (२) 'पांशुकूलिक ग्रहण गर्दछु'-भनि अधिष्ठान गर्नुपर्छ ।)

२२४. भिक्षुका तीन वस्त्र(चीवर) हुन्छन्–(क) सङ्घाटि, (ख) उत्तरासङ्ग, (ग) अन्तरवास । जुन भिक्षुले यी तीन वस्त्रहरूभन्दा बढी ग्रहण गर्दैन, उसलाई 'त्रैचीवरिक' भन्छन् । उसको यो धुताङ्ग 'त्रैचीवरिकाङ्ग' भनिन्छ ।

२२५. भिक्षाका रूपमा प्राप्त भोजनलाई 'पिण्डपात' भनिन्छ । पिण्डपातका लागि घर-घर चहार्ने मानिसलाई 'पिडपातिक' भन्छन् । उसको यो धुताङ्ग 'पिण्डपातिकाङ्ग' भनिन्छ ।

२२६. गाउँमा नछुटाई प्रत्येक घरबाट भिक्षा ग्रहण गर्ने मानिस 'सापदानचारिक'भनिन्छ । त्यसको यो अङ्ग 'सापदानचारिकाङ्ग' भनिन्छ ।

२२७. एक आसनमा बसेर भोजन गर्ने (अर्थात् दिन-रात एकपल्ट भोजन गर्ने) भिक्षु 'एकासनिक' भनिन्छ । उसको यो व्रत 'ऐकासनिकाङ्ग' भनिन्छ ।

२२८. भिक्षार्थ गृहीत पात्रमा रहेको अन्न 'पात्रपिण्ड' भनिन्छ । त्यो पात्रपिण्ड लिने भिक्षुको यस व्रतलाई 'पात्रपिण्डिकाङ्ग' भनिन्छ ।

२२९. खलु यस निपातको प्रयोग यहाँ निषेध अर्थमा छ । एकपल्ट भोजन गरेपछि प्राप्त भोजनलाई निषेध गर्नु 'खलुपश्चाद्भक्ति' र यस नियम 'खलुपश्चाद्भक्तिकाङ्ग' भनिन्छ ।

२३०. अरण्य (जङ्गल) मा बस्ने । जुन भिक्षुले गाउँ अथवा शहरमा शयनासन छाडेर जङ्गलमै बस्ने नियम पालन गर्छ । यो नियमलाई 'आरण्यकाङ्ग' भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

(११) सोसनिकङ्ग (श्मशानिकाङ्ग),[२३३] (१२) यथासन्थतिकङ्ग (यथासँस्तरिकाङ्ग), (१३) नेसज्जिकङ्ग (नैषद्यकाङ्ग) । महाराज ! यी तेह्र धुताङ्ग-व्रतहरूलाई पालन गर्नाले श्रामण-फल प्राप्त हुन्छ । शान्त सुख समापत्ति निर्वाण उसको आफ्नो हुन्छ ।"

"महाराज ! जस्तै – भाड़ा (किराया) उठाएर धनी भएको कुनै बन्दरगाहको जहाजी, महासमुद्रमा पसेर-वङ्ग, तक्कोल, चीन, सोवीर, सुराष्ट्र, अलसन्द, कोलपट्टन या सुर्वणभूमि (बर्मा) जतासुकै जान सक्छ; त्यसरी नै, यी तेह्र धुताङ्ग व्रतलाई पालन गरेर श्रमणले फल पाउँछ अनि शान्त सुख समापत्ति निर्वाणमा उसको अधिकार कायम हुन्छ ।"

१८. "महाराज ! जस्तै – किसानले पहिले इँटा-ढुङ्गा र झार-पात (खेतको फोहोर) लाई हटाउँछ, फेरि, जोत्छ, रोप्छ, पानी पटाउँछ, हेरचार गरेर, काटेर अनि दाउनी गरेर धेरै धान जम्मा पार्छ, त्यसपछि सबै निर्धन, दरिद्र र दुर्दशाग्रस्त मानिसहरू उसको अधीनमा आउँछन्; त्यसरी नै, यी तेह्र धुताङ्ग व्रतहरूलाई पालन गरेर श्रमणले सबै फल पाउँछ र शान्त सुखसमापत्ति निर्वाणको अधिकारी हुन्छ ।"

१९. "महाराज ! जस्तै – राजपरिवारको क्षत्रियले राज्याभिषेक पाएपछि अपराधीहरूलाई जस्तैसुकै दण्ड दिन ऊ सर्मथ हुन्छ, आफ्नो इच्छाअनुसार उसले अरूमाथि शासन गर्दछ र त्यसपछि सारा पृथ्वी उसको अधीनमा रहन आउँछ; त्यस्तै यी तेह्र धुताङ्ग व्रत पालन गरेर श्रमणले सबै फल पाउँछ अनि शान्त सुखसमापत्ति निर्वाण उसको आफ्नो भइदिन्छ ।"

२०. "महाराज ! के तपाईंलाई थाहा छैन कि वङ्गन्तपुत्र स्थविर उपसेन धुताङ्ग व्रतबाट पवित्र भएर श्रावस्तीका भिक्षुहरूको सम्झौतालाई वास्ता नगरी भगवान्‌निर अफ्ना भिक्षुहरूसहित आइपुगेका थिए, जो त्यस बेला एकान्तवासमा थिए अनि ढोगेर एकातिर बसेका थिए । भिक्षुहरूलाई त्यस्तो शिक्षित देखेर भगवन् निकै प्रसन्न हुनुभएको थियो अनि निकै आनन्दसाथ यस्ता सुन्दर शब्दहरूमा भन्नुभएको थियो – उपसेन ! तिम्रा भिक्षुहरू निकै शिक्षित ज्ञात भएका बुझिन्छन्, तिमीले यिनीहरूलाई कसरी सज्जन तुल्यायौ ?"

"देवातिदेव सर्वज्ञ भगवान्‌को यो प्रश्न सुनेर साँचो कुरा भन्दै उनले भनेका थिए – भन्ते ! जो म कहाँ भिक्षु जो मेरो शिष्य हुन आउँछ उसलाई म पहिले नै भन्दछु – 'सुन ! म जङ्गलमा बस्ने गर्दछु, पिण्डपात (भिक्षा) मागेर खान्छु, चिथडो लगाउँछु । यदि तिमी पनि मसँग बस्न तयार छौ भने शिष्य बन्न सक्छौ ।' यसमा यदि ऊ आफ्नो इच्छाले तयार हुन्छ भने, म उसलाई आफ्नो शिष्य बनाउँछु । यदि ऊ यसमा राजी भएन भने म उसलाई बिदा गरिदिन्छु । भन्ते ! म उनीरूलाई यसरीनै सिकाउँछु । महाराज ! यसरी नै, यी तेह्र धुताङ्ग व्रतहरूको पालन गरेर श्रमणले सबै फल पाउँछ अनि शान्त सुखसमापत्ति निर्वाणको अधिकारी हुन्छ ।"

२१. "महाराज ! जस्तै – कमलको जात धेरै शुद्ध र उच्च छ । त्यो सुन्दर कमलो, मनमोहक, सुगन्धित, प्रिय, प्रार्थित, प्रशस्त, पानी र हिलो नलागेको, जसको प्रत्येक दल केसरले भरिएर रहन्छ, भमराहरूले घेरिएर र शीतल जलमा उत्पन्न हुन्छ; महाराज ! यसरी नै, यी तेह्र धुताङ्ग व्रतहरूको पालन गरेर तिनलाई आफ्ना साथ राखेमा आर्यश्रावक तीस गुणहरूले युक्त हुन्छ ।" "कुन तीस गुणहरूले ?"

---

२३१. इँट, ढुङ्गा, तृण (झिक्राझिक्रि) आदिले बनेको घर, कुटी आदि छाडेर रूखमन्तिर मात्र बस्नु 'वृक्षमूल' भनिन्छ । यो नियम धारण गर्ने भिक्षु 'वृक्षमूलिक' भनिन्छ । उसको यस धुताङ्गलाई 'वृक्षमूलिकाङ्ग' भनिन्छ ।

२३२. छाना छाएको घर, कुटी अथवा वृक्षमूललाई छाडेर खुला आकाशमन्तिर बस्ने व्रतलाई 'आभ्यवकाशिकाङ्ग' भन्छन् ।

२३३. यसै गरी अन्य ठाउँहरूलाई छाडी श्मशानमा बस्ने व्रतलाई 'श्माशानिकाङ्ग' भन्छिन् ।



Downloaded from http://www.dhamma.digital

"उसको चित्त कमलो, स्निग्ध र मैत्री भावले पूर्ण हुन्छ, उसको क्लेश सर्वथा नष्ट भएको हुन्छ, उसको अभिमान र उद्दण्डता हराउँछ, उसको श्रद्धा दृढ़, सबल, प्रतिष्ठित र अचल हुन्छ, पूर्ण प्रीतियुक्त शान्त सुख समापत्ति लाभ गर्दछ, शीलको उत्तम गन्ध फैलाउने हुन्छ, देवताहरू र मानिसहरूको प्यारो हुन्छ, क्षीणास्रव र सन्तहरूले मन पराउने हुन्छ, देवताहरू र मानिसहरूबाट प्रार्थनीय र वन्दनीय हुन्छ, बुद्धिमान् र पण्डितहरूबाट निकै प्रशंसा पाउँछ, संसार या स्वर्गका भोगहरूले अलिप्त रहन्छ, अलिकति पनि नराम्रो गर्न डराउँछ, निर्वाण पाउने इच्छाले व्यक्तिले जुन मार्गफलको खोज गर्दछ त्यसको धनले धनी हुन्छ, सबै प्रत्ययहरू पाउने हुन्छ, विना कुनै घरद्वारको हुन्छ, ध्यानको अभ्यासका लागि सबैभन्दा ठूलो कुरो हुन्छ, क्लेशको जटाले निराकरण भएको हुन्छ, आवागमनबाट सर्वथा मुक्त रहन्छ, उसले धर्ममा पूरा प्रवेश पाउँछ, मुक्तितिर भुकाउ हुन्छ, यसै जन्ममा अचल र दृढ शरणस्थल पाउँछ, मृत्युको भय सर्वथा हट्छ, सबै आस्रव (काम आस्रव, भव आस्रव, दिट्ठी आस्रव र अविज्जा आस्रव) क्षीण हुन्छ र शान्त सुखमय ध्यानको लाभ गर्दछ र श्रमणका समग्र गुण पाउँछ-यस्ता तीस गुणहरूले ऊ युक्त हुन्छ।"

२२. "महाराज ! स्थविर सारिपुत्र दस हजार लोकधातुमा दसबल लोकगुरु (बुद्ध)लाई छाडेर अग्रपुरुष हुनुहुन्थ्यो । अनन्त कल्पदेखि उहाँले पुण्य एकत्र गर्नुभएको थियो । उच्च ब्राह्मण कुलमा उहाँको जन्म भएको थियो । उहाँले धन र ऐश्वर्यलाई तुच्छ ठानेर बुद्धशासनमा प्रव्रज्या ग्रहण गर्नुभएको थियो । प्रव्रजित भएर यहीं तेह्र धुताङ्ग व्रतहरूको पालन गरी आत्मसंयम गर्नुभएको थियो, जस्ले गर्दा आज उहाँ भिक्षुहरूमा श्रेष्ठ र भगवान् बुद्धको धर्म चक्रअनुप्रवर्तक मानिनुहुन्छ । अङ्गुत्तरनिकायमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ – 'भिक्षु हो ! सारिपुत्रलाई छाडेर म अरू कसैमा पनि म यस्तो पाउन्न, जसले मैले चलाएको धर्मचक्रलाई फेरि चलाओस् । भिक्षु हो ! सारिपुत्रले नै मद्वारा प्रवर्तित धर्मचक्रलाई राम्ररी चलाउन सक्छ।"

"ठीक हो भन्ते नागसेन ! नयाँ अङ्गहरू भएका बुद्धवचन, लोकोत्तर किया संसारमा असलभन्दा असल पाइनेयोग्य वस्तु – यी सबै धुताङ्गव्रत पालन गरेमा प्राप्त हुन सक्छन् ।"

**(यस वर्गमा बीस प्रश्नहरू छन् ।)**

**चतुर्थ अनुमानवर्ग समाप्त ।**

**मेण्डक प्रश्न समाप्त**

# ६. उपमाकथाप्रश्न

**(मातृका)**

"भन्ते नागसेन ! कुन गुणहरूलाई पाएर भिक्षुले अर्हत्-पदलाई साक्षात्कार गर्दछ ?"

"महाराज ! अर्हत् पद पाउन भिक्षुमा यस्ता गुणहरू रहनुपर्दछ –



Downloaded from http://www.dhamma.digital

## १. गर्दभवर्ग

१. गधाको एक गुण

२. कुखुराका पाँच गुण

३. लोखर्केको एक गुण

४. पोथी चितुवाको एक गुण

५. भाले चितुवाको दुई गुण

६. कछुवाका पाँच गुण

७. बाँसको एक गुण

८. धनुषको एक गुण

९. कागका दुई गुण

१०. बाँदरका दुई गुण

## २. समुद्रवर्ग

११. लौकाको एक गुण

१२ कमलका तीन गुण

१३. बीउका दुई गुण

१४.शालवृक्षको एक गुण

१५.नाउ (डुङ्गा) का तीन गुण

१६. लङ्गर (Anchor) का दुई गुण

१७. बहना (पतवार)को एक गुण

१८. कर्णधार (चालक)का एक गुण

१९. नाविकको एक गुण

२०. समुद्रका पाँच गुण

## ३. पृथ्वीवर्ग

२१. पृथ्वीका पाँच गुण

२२. पानीका पाँच गुण

२३. आगोका पाँच गुण

२४. हावाका पाँच गुण

२५. पहाड़का पाँच गुण



Downloaded from http://www.dhamma.digital

२६. आकाशका पाँच गुण
२७. चन्द्रमाका पाँच गुण
२८. सूर्यका सात गुण
२९. इन्द्रका तीन गुण
३०. चक्रवर्ती राजाका चार गुण

## ४. उपचिकावर्ग

३१. धमिरोको एक गुण
३२. बिरालोका दुई गुण
३३. मुसोको एक गुण
३४. बिच्छीको एक गुण
३५. न्याउरीको एक गुण
३६. बूढो स्यालका दुई गुण
३७. हरिणका तीन गुण
३८. गोरुका चार गुण
३९. सुँगुरका दुई गुण
४०. हात्तीका पाँच गुण

## ५. सिंहवर्ग

४१. सिंहका सात गुण
४२. चखेवाका तीन गुण
४३. पेणाहिका चराको दुई गुण
४४. परेवाको एक गुण
४५. लाटोकोसेरोका दुई गुण
४६. सारसको एक गुण
४७. चमेराका दुई गुण
४८. जुकाको एक गुण
४९. सर्पका तीन गुण
५०. अजिङ्गरको एक गुण

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## ६. मर्कटवर्ग

५१. माकुरोको एक गुण
५२. दुध चुस्ने बच्चाको एक गुण
५३. स्थल कछुवाको एक गुण
५४. जङ्गलका पाँच गुण
५५. रूखका तीन गुण
५६. बादलका पाँच गुण
५७. मणिरत्नका तीन गुण
५८. सिकारीका चार गुण
५९. जालहारीका दुई गुण
६०. सिकर्मीका दुई गुण

## ७. कुम्भवर्ग

६१. पानीको गाग्रोको एक गुण
६२. फलामका दुई गुण
६३. छाताका तीन गुण
६४. धानको खेतका तीन गुण
६५. औषधीका दुई गुण
६६. भोजनका तीन गुण
६७. धनुर्धारीका चार गुण

## ८. राजाङ्गवर्ग

६८. राजाका चार गुण
६९. द्वारपालका दुई गुण
७०. जाँतोको एक गुण
७१. दियोका दुई गुण
७२. मुजुरका दुई गुण
७३. घोडाका दुई गुण
७४. जड्यहाका दुई गुण
७५. खाँबो (इन्द्रखील) का दुई गुण
७६. तराजुको एक गुण


Downloaded from http://www.dhamma.digital

७७. तरबारका दुई गुण
७८. माछाका दुई गुण
७९. ऋणीको एक गुण
८०. रोगीका दुई गुण
८१. मुर्दाका दुई गुण
८२. नदीका दुई गुण
८३. उसभ भैंसीको एक गुण
८४. बाटोका दुई गुण
८५. कर असुल गर्नेको एक गुण
८६. चोरका तीन गुण
८७. बाज चरोको एक गुण
८८. कुकुरको एक गुण
८९. वैद्यका तीन गुण
९०. दोनिया (गर्भिणी) स्त्रीका दुई गुण
९१. चौरी गाईको एक गुण
९२. कृकी चरो (कुखुरा)का दुई गुण
९३. पोथी परेवा (ढूकुर)को तीन गुण
९४. कानाका दुई गुण
९५. कृषकका तीन गुण
९६. जम्बुक स्यालको एक गुण
९७. पेटारीको दुई गुण
९८. डाडुको एक गुण
९९. ऋण साधक महाजनका तीन गुण
१००. झगडा जाझबुझ गर्नेको एक गुण
१०१. गाडीवानका दुई गुण
१०२. ग्रामप्रधानका दुई गुण
१०३. दमाईं(सूचिकार)को एक गुण
१०४. नाविकको एक गुण
१०५. भमराका दुई गुण

**मातृका समाप्त ।**



Downloaded from http://www.dhamma.digital

## १. गर्दभवर्ग

# १. गर्दभाङ्गप्रश्न

## १. गधाको एक गुण विषयमा प्रश्न

१. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा गधाको एक गुण हुन्छ । कृपया बताउनुहोस्, त्यो कुनचाहिँ एउटा गुण हो ?"

(१) "महाराज ! जसरी गधा जताततै फोहोर-मैलामा वा चोक, चौबाटोमा या गाउँको दैलोमा या भुसको थुप्रोमा सुत्दा निश्चिन्त भएर सुत्दैन; त्यसरी नै योग-साधना गर्ने योगीले कहीं पनि सुकुल, पातको सुकुल, काठको चौकी या धरतीमा पल्टँदै निश्चिन्त भएर सुत्दैन । महाराज ! गधाको यो एक गुण त्यस भिक्षुमा हुनुपर्छ ।"

"महाराज ! देवातिदेव भगवान्‌ले भन्नुभएको छ – भिक्षु हो ! मेरा श्रावकहरू काठको सिरानी राखेर त्यसले तकियाको काम चलाउँछन् । उनीहरू अप्रमत्त र संयमशील भएर आफ्ना काममा उत्साहपूर्वक लागिरहन्छ । महाराज ! धर्म सेनापति सारिपुत्रले पनि भन्नुभएको छ –

**'आसन जमाएर बसेको भिक्षुमा पानी परेर घुँडाघुटनसम्म आइपुगे पनि त्यसबाट ध्यानमा लीन भएको भिक्षुलाई के वास्ता !'**

Dhamma.Digital

# २. कुक्कुटाङ्गप्रश्न

## २. कुखुराका पाँच गुण विषयमा प्रश्न

२. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा कुखुराका पाँच गुण हुनुपर्छ । ती पाँच गुणहरू कुनचाहिँ हुन् ?"

१. "महाराज ! जस्तै कुखुरा ठीक समयमा सुत्छ । त्यसरी नै, योग-साधना गर्ने भिक्षुले पनि ठीक समयमा चैत्यको वरिपरि कूचो लाउनुपर्छ; ठीक समयमा पानी र भोजन राखिदिनुपर्छ; ठीक



Downloaded from http://www.dhamma.digital

समयमा नित्यकर्म गर्नुपर्छ; ठीक समयमा नुहाएर चैत्यको वन्दना गर्नुपर्छ र ठीक समयमा वृद्ध भिक्षुहरूसँग मिलेर आफ्नो एकान्त कोठामा ध्यान गर्न बस्नुपर्छ । भिक्षुमा कुखुराको यो पहिलो गुण हुनुपर्छ ।"

२."महाराज ! कुखुरा ठीक समयमा उठिहाल्छ । त्यसरी नै, योग-साधना गर्ने भिक्षु पनि ठीक समयमा उठ्नुपर्छ, ठीक समयमा चैत्यको चारैतिर कूचो लाउनुपर्छ; ठीक समयमा पानी र भोजन राखिदिनुपर्छ; ठीक समयमा नित्य कर्म गर्नुपर्छ; ठीक समयमा चैत्यको प्रार्थना गर्नु जानुपर्छ अनि एकान्त कोठामा ध्यान गर्न बस्नुपर्छ । कुखुराको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

३. "महाराज ! कुखुराले भुइँमा खुट्टाले खोस्रेर दाना टिप्छ । त्यसरी नै, योग-साधना गर्ने भिक्षुले पनि स्मृतिको सहाराबाट सावधान भई केही खानुपर्छ – 'म यो भोजन ग्रहण गर्दछु, न स्वादका लागि, न मस्त रहनका लागि, न आफ्नो शरीरलाई राम्रो तुल्याउन, तर आफ्नो शरीरलाई कायम राख्नका लागि मात्र, आफ्नो जीवनयापन गर्नका लागि, पेटको आगो निभाउनका लागि र ब्रह्मचर्य व्रत पालन गर्नका लागि । यस प्रकार म आफ्नो पुरानो वेदनाहरूलाई मेट्छु र नयाँ उत्पन्न हुने अवसर दिन्न । मेरो लोकयात्रा निभ्छ-निर्दोष र आरामले ।' महाराज ! भिक्षुमा कुखुराको यो तेस्रो गुण हुनुपर्छ । देवातिदेव भगवान्‌ले पनि भन्नुभएको छ –

**'निर्जन जङ्गलमा आफ्नो छोरोको मासु समान अथवा गाडाको धुरामा टाँसिएको बोसो समान । जीवनलाई कायम राख्न योगीहरू पेटको आगोले पीडित भएर आहार ग्रहण गर्दछन् ।'**

४. "महाराज ! कुखुराका आँखा हुँदाहुँदै पनि त्यो राती अन्धो हुन्छ । त्यसरी नै योगसाधना गर्ने भिक्षुले अन्धो न हुँदा पनि अन्धो भएर बस्नुपर्छ – जङ्गलमा पनि, गाउँमा पनि, भिक्षाटन गर्ने बेलामा पनि मनलाई आकर्षित गर्ने रूप, शब्द, गन्ध, रस र स्पर्शको प्रति अन्धो, बहिरो र लाटो भएर बस्नुपर्छ । कुनैमा पानि आसक्तहुनु हुँदैन, कुनैमा पनि स्वाद लिन हुँदैन । महाराज ! महाकात्यायन स्थविरले पनि भन्नुभएको छ –[२३४]

**'सांसारिक विषयहरूमा सामु पर्दा आँखा भएर पनि अन्धो, कान छँदाछदै बहिरो, जिब्रो हुँदाहुँदै लाटो र बलियो भएर पनि दुर्बल भइदिनुपर्छ मानो कोही सुतेको वा मरेको होस् ।'**

५. "महाराज ! जसरी माटोको ढिको, डन्डा, लठ्ठी या मुङ्ग्रो(गदा)ले खेद्दा पनि कुखुराले आफ्नो घर छाड्दैन, त्यसरी नै, योग साधना गर्ने भिक्षुले चीवर धारण गर्दा विहारको-मर्मत गर्दा आफ्ना अन्य व्रतहरूलाई पूरा गर्दा, उपदेश दिंदा अथवा उपदेश सुन्दाखेरि-कहिल्यै मानसिक तत्परतालाई छाड्न हुँदैन । महाराज ! योगीको आफ्नो घर भनेको मानसिक तत्परता हो । भिक्षुमा कुखुराको यो पाँचौं गुण हुनुपर्छ । महाराज ! देवातिदेव भगवान्‌ले पनि भन्नुभएको छ, – भिक्षु हो ! भिक्षुको आफ्नो पैतृक सम्पत्ति यिनै चार स्मृतिप्रस्थान हुन् । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ –

**'हात्ती सुत्दाखेरि पनि त्यसले आफ्नो सुँडलाई थिच्न दिंदैन, आफ्नो अनुकूल भक्ष्य, अभक्ष्य वस्तु उत्तिखेर थाहा पाउँछ । त्यसरी नै, बुद्धपुत्रहरूले हरदम सावधान भएर बुद्धोपदेशलाई फुक्न दिन हुँदैन, जो मनन गर्न निकै उत्तम छ ।'**

---

२३४. थेरगाथा ५०१ खु. नि. पृ. ३०१ ।



Downloaded from http://www.dhamma.digital

# ३. कलन्दकाङ्गप्रश्न

## ३. लोखर्केको एक गुण विषयमा प्रश्न

३. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा लोखर्केको एउटा गुण हुनुपर्छ, त्यो एउटा गुण के हो ?"

१) "महाराज ! जस्तै कुनै शत्रु आउँदा लोखर्केले आफ्नो पुच्छरलाई भुइँमा ठोकेर फुलाउँछ र त्यसैले त्यसलाई धपाउँछ । त्यसरी नै, योग-साधना गर्ने भिक्षुले क्लेशरूपी शत्रु नजिक आइपुगेमा स्मृतिप्रस्थानरूपी लट्ठी बजारेर त्यसलाई धपाउनुपर्छ । महाराज ! लोखर्केको यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर चुल्लपन्थकले पनि भन्नुभएको छ –

**'जब श्रमणका गुणहरूलाई नष्ट गर्ने क्लेशरूपी शत्रुले आक्रमण गरेमा स्मृतिप्रस्थानरूपी लट्ठीले त्यसलाई पिट्दै धपाई दिनुपर्छ ।'**

# ४. द्वीपिनीविषयकप्रश्न

## ४. पोथी चितुवाको एक गुण विषयमा प्रश्न

४. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा पोथी चितुवाको एउटा गुण हुनुपर्छ, त्यो एउटा गुण कुनचाहिँ हो ?"

(१) "महाराज ! जसरी पोथी चितुवाले एक पटक मात्र गर्भधारण गर्दछ, दोस्रो पल्ट भाले चितुवा भए ठाउँ जाँदैन । त्यसरी नै, योगसाधक भिक्षुले फेरि प्रतिसन्धि लिन, गर्भमा आउनु, मर्नु, नष्ट हुनु, बूढो हुनु, र संसारका खराबभन्दा खराब दुर्गतिहरूका त्रास देखेर आवागमनबाट मुक्त हुने सङ्कल्प गर्नुपर्छ । महाराज ! भिक्षुमा पोथी चितुवाको यो एउटा गुण हुनुपर्छ । महाराज ! सुत्तनिपातको धनियगोपाल सूत्रमा देवातिदेव भगवान्‌ले पनि भन्नुभएको छ –

**'साँढेले झैं डोरीलाई चुँडालेर हात्तीले झैं सडे गलेको बेललाई चिथोरेर म फेरि गर्भमा आउन सक्दिन, मेघ चाहन्छौ भने प्रशस्त पानी बर्साऊ ।'**[२३५]

२३५. धनियसूत्र, सूत्र नि. खु.नि. २७३ ।



Downloaded from http://www.dhamma.digital

# ५. द्वीपिकाङ्गप्रश्न

## ५. भाले चितुवाका दुई गुण विषयमा प्रश्न

५. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा भाले चितुवाका दुई गुण हुनुपर्छ । ती दुई गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै चितुवा जङ्गलको घाँसपातमा, घना झाडीमा, पहाड़मा लुकेर, जनावरहरूमाथि आक्रमण गरेर तिनलाई समात्छ, त्यसरी नै, योगसाधना गर्ने भिक्षुले एकान्तमा आसन लगाएर बस्नुपर्छ – जङ्गलमा, रूखमन्तिर, पहाडमा, गुफामा, कन्दरामा, श्मशानमा, निर्जन वनमा परालको थुप्रोमा शान्त स्थानमा, जहाँ कोलाहल (हल्ला) छैन, जहाँ बतास धेरै चल्दैन, महाराज ! योगसाधक एकान्त स्थानमा रहेर नै झट्ट छ अभिज्ञाहरूलाई वशमा पार्दछ । महाराज ! चितुवाको यो पहिलो गुण उसमा हुनुपर्छ । महाराज ! सङ्ग्रहकार स्थविरहरूको भनाइ छ –

**'जस्तै, चितुवाले लुकेर जनावरहरूलाई समात्छ त्यसरी नै, योगसाधना गर्ने ज्ञानी बुद्धपुत्रहरू जङ्गलमा बसेर उत्तम फल प्राप्त गर्दछन् ।'**

(२) "महाराज ! जस्तै यदि चितुवाको सिकार देब्रेतिर खस्यो भने त्यसले त्यो सिकार खाँदैन । त्यसरी नै योगसाधन गर्ने भिक्षुले घाँसपात, फलफूल, माटो(साबुन), चून, दतिवन, मुख धुने पानी, फकाएर वा झूटो साँचो भनेर, केही सेवा गरेर या दूतको काम गरेर, केही लिए-दिएर, झारफुक गरेर या ग्रहहरूको फल या अङ्गहरूको लक्षण[२३६] भनेर, या कुनै बुद्धद्वारा निन्दित मिथ्या आजीविकाले कमाएर भोजन गर्नु हुँदैन । जस्तै – देब्रेतिर खसेको सिकारलाई चितुवाले खाँदैन, त्यस्तै, भिक्षुमा चितुवाको यो दोस्रो गुण हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले भन्नुभएको छ –

**'यदि मुखले मागेर केही मीठो खीर अलिकति खाए भने, त्यसबाट मेरो जीविका निन्दित ठहरिने छ । यदि मेरो आन्द्रा भुँडी भोकले निस्केर बाहिर आएमा, त्यस अवस्थामा पनि म आफ्नो सम्यक्जीविका तोड्न सक्दिन बरु प्राण जावस् ।'**

# ६. कूर्माङ्गप्रश्न

## ६. कछुवाको पाँच गुण विषयमा प्रश्न

६. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा कछुवाको पाँच गुण हुनुपर्छ । ती पाँच गुणहरू के-के हुन् ?"

---

२३६. भिक्षुहरूले पालन गर्ने चूलशील, मध्यमशील, महाशीलको कुरा सविस्तार सामञ्ञफल-सुत्त, दी. नि. (नेपाली) को पृ. ५१ देखि ५८ सम्ममा उल्लेख भएको छ । अतः हेर्नु होला ।



Downloaded from http://www.dhamma.digital

(१) "महाराज ! कछुवा (ठोटरी) पानीको जीव हो जो पानीमै रहन्छ । त्यस्तै, योग-साधन गर्ने भिक्षुले सबै प्राणीहरूलाई, मानिसहरूको हित चाहँदै वैरभावले रहित भएर अनन्त र व्यापक मैत्री भावले सारा संसारलाई व्याप्त गरेर विहार गर्नुपर्छ । महाराज ! कछुवाको यो पहिलो गुण हो, जो भिक्षुमा हुनुपर्छ ।"

२) "जस्तै कछुवा आफ्नो शिरलाई बाहिर झिकेर पानीमा पौडिरहन्छ । कसैले उसलाई देख्यो भने उत्तिखेर गहिरो पानीमा डुबुल्की लगाएर त्यो बेपत्ता हुन्छ – मलाई फेरि देख्न नपाओस् भनेर । त्यसरी नै, योगसाधना गर्ने भिक्षुले क्लेश नजिक आएमा उसले झट्ट आफ्नो ध्यान-सरोवरमा गहिरो गोता लगाउनुपर्छ – मलाई यो क्लेशले फेरि देख्न नपाओस् । महाराज ! भिक्षुमा कछुवाको यो दोस्रो गुण हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै कछुवाले कहिलेकाहीं पानीबाट बाहिर आएर आफ्नो शरीरलाई सुकाउँछ । त्यसरी नै, योग-साधना गर्ने भिक्षुले बस्दा, उठ्दा सुत्दा वा डुल्दाखेरि ध्यान छाडेर आफ्नो मनका क्लेशहरूलाई दबाउने उत्साहमा सुकाउनुपर्छ । महाराज ! कछुवाको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! जस्तै कछुवाले पृथ्वीको एकलासमा घर बनाउँछ; त्यसरी नै, योगसाधक भिक्षुले लाभ, सत्कार तथा प्रशंसादेखि टाढा शून्य एकान्त जङ्गल, पहाड, कन्दरा, ओडार, निःशब्द, निर्जन स्थानमा रहनुपर्छ । महाराज ! भिक्षुमा कछुवाको यो चौथो गुण हुनुपर्छ । महाराज ! वङ्गन्तपुत्र स्थविर उपसेनले पनि भन्नुभएको छ : –

**'जङ्गली जनावरहरू रहने एकलास, निःशब्द भए ठाउँमा समाधि लगाउनका लागि भिक्षु बसून्'[२३७] ।**

(५) "महाराज ! फेरि, जस्तै कछुवा बाहिर हिंड्दा कसैलाई देख्यो वा कुनै सुइँको पायो भने, आफ्नो सारा अङ्गलाई आफ्नो खप्परमा समेटेर आफ्नो रक्षा गर्न त्यो चुप लागेर बस्छ । त्यसरी नै, योग साधक भिक्षुले सबै तिरबाट रूप, शब्द, गन्ध, रस र स्पर्शको प्रलोभन आएमा आफ्ना छवटै इन्द्रियहरूको ढोकामा संयमको पर्दा हाल्नुपर्छ अनि आफ्नो श्रमण-धर्मको रक्षा गर्न मनलाई ध्यानमा लगाएर सावधान हुनुपर्छ । महाराज ! भिक्षुमा कछुवाको यो पाँचौं गुण हुनुपर्छ । महाराज ! संयुत्तनिकायको कुर्मोपमसूत्रमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'जसरी कछुवाले आफ्नो अङ्गहरूलाई आफ्नो खप्परमा लुकाउँछ त्यसरी नै भिक्षुले पनि आफ्नो मनका वितर्कहरूलाई दबाई दिनुपर्छ । कसैमाथि भार नपर्ने गरी, कसैलाई कष्ट नदिई, कसैलाई कठोर शब्द नभनी, आफू यस संसारबाट मुक्त हुनुपर्छ ।'[२३८]**

२३७. थेर गा. खु. नि. ३२४ ।

२३८. दुक्कर-सुत्त, सं. नि. (नेपाल भाषा). पृ. ११ ।



Downloaded from http://www.dhamma.digital

# ७. वंशाङ्ग प्रश्न

## ७. बाँसको एक गुण विषयमा प्रश्न

७. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा बाँसको एक गुण हुनुपर्छ । त्यो एक गुण भनेको के हो ?"

(१) "महाराज ! जस्तै बतास जतातिर बहन्छ, त्यतैतिर बाँस निहुरिन्छ, अर्कोतिर होइन । त्यसरी नै, योगसाधक भिक्षुले नौ अङ्गहरू भएको बुद्ध-उपदेश अनुसार नै व्यवहार गर्नुपर्छ; प्रतिकूल होइन । श्रमणको यही धर्म हो । महाराज ! भिक्षुमा बाँसको यो एक गुण हुनुपर्छ । महाराज ! स्थविर राहुलले पनि भन्नुभएको छ –

**'बुद्धको नौ अङ्गहरू भएको उपदेशअनुसार सदा निर्दोष काम गर्दै सारा विघ्नहरूलाई मैले नाघें ।'**

# ८. चपाङ्गप्रश्न

## ८. धनुषको एक गुण विषयमा प्रश्न

८. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा धनुषको एक गुण हुनुपर्छ, त्यो एक गुण के हो ?"

१) "महाराज ! जस्तै राम्ररी नापेर-जोखेर ताछिएको धनुष तान्दा खेरि दुइटै छेउमा निहुरिन्छ, लट्ठीझैं साह्रो हुँदैन । त्यसरी नै, योगसाधक भिक्षु स्थविर, नयाँ, मध्यम आयु र बराबर आयुका भिक्षुहरूप्रति नम्र भएर बस्नुपर्छ, कठोर भएर होइन । महाराज ! भिक्षुमा धनुषको यही एउटा गुण हुनुपर्छ । महाराज ! विधुरपुण्णक जातकमा देवातिदेव भगवान्‌ले पनि भन्नुभएको छ –

**'धीर पुरुष धनुझैं निहुरोस् बाँसझैं नम्रतापूर्वक निहुरोस्, कसैका विरुद्ध खडा नहोस्, उही सर्वश्रेष्ठ ठानिन्छ ।'**[२३९]

---

२३९. विधुर जातक नं. ५४६ गाथा नं. १४९३ जा. भाग २ पृ. ३०५ ।



Downloaded from http://www.dhamma.digital

# ९. वायसाङ्गप्रश्न

## ९. कागका दुई गुण विषयमा प्रश्न

९."भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा कागका दुई गुण हुनुपर्छ । ती दुई गुणहरू कुन हुन् ?"

(१) "महाराज ! जस्तै काग सदा सतर्क र सावधान रहन्छ; त्यसरी नै, योग-साधक भिक्षुले आफ्ना इन्द्रियहरूलाई वशमा पारेर, निकै संयमित भई, सदा शङ्कित, चकित र सावधान रहनुपर्छ, कहिल्यै प्रमादी हुनुहुन्न । महाराज ! भिक्षुमा कागको यो पहिलो गुण हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै अलिकति खानेकुरा पाएपछि कागले आफ्ना नाताकुटुम्बलाई डाकेर मात्र खान्छ । त्यस्तै, योगसाधक भिक्षुले आफ्ना सदाचारी गुरुभाइहरूमा कुनै भेदभाव नगरी धर्मले पाएको भोजनलाई, यहाँसम्म कि पात्रमा पाएको पनि, बाँडेर खानुपर्छ । महाराज ! भिक्षुमा कागको यो दोस्रो गुण हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ –

**'तपस्वीले पाउनेयोग्य जुन भोजन मानिसहरूले मलाई दिन्छन्, त्यो म आपसमा बाँडेरपछि नै स्वयं ग्रहण गर्दछु ।'**

# १०. मर्कटाङ्गप्रश्न

## १०. बाँदरका दुई गुण विषयमा प्रश्न

१०. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा बाँदरका दुईगुण हुनुपर्छ । ती दुई गुणहरू कुनचाहिँ हुन् ?"

(१) "महाराज ! जस्तै एकान्त ठाउँमा हाँगाले घना भएको कुनै ठूलो रूखमा बाँदरले बास गर्दछ, जहाँ कुनै प्रकारको डर वा भय नरहोस् । त्यस्तै, योग-साधक भिक्षुले राम्ररी सोचविचार गरेर यस्ता गुरु बनाउनुपर्छ जो लज्जावान्, नरम स्वभाव, शीलवान् पुण्यात्मा, पण्डित, धर्मज्ञ, प्रिय, गम्भीर, आदरणीय, वक्ता, कुनै कुरा बुझ्न निपुण, राम्रो उपदेश दिने, राम्रो शिक्षा दिने, सन्मार्ग देखाइदिने तथा धर्मोपदेश द्वारा भावहरूलाई जगाएर तल्लीनता उत्पन्न गराइदिने । महाराज ! भिक्षुमा बाँदरको यो पहिलो गुण हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै बाँदर रूखहरूमै हिंड्छ, रहन्छ र बस्छ अनि निन्द्रा लाग्यो भने त्यहीं रात बिताइदिन्छ, त्यस्तै, योग-साधक भिक्षु जङ्गलमा रहनुपर्छ, जङ्गलमै घुमफिर गर्नु, रहनु, बस्नु र सुत्नुपर्छ । त्यहीं स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्छ । महाराज ! भिक्षुमा बाँदरको यहीं दोस्रो गुण हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ –



Downloaded from http://www.dhamma.digital

**'बुल्दा, उभिँदा, बस्दा र सुत्दा पनि भिक्षु सुन्दर जङ्गलमै रहनु शोभा दिन्छ, बुद्धहरूले यसैको प्रशंसा गर्नुभएको छ ।'**

उदान

यस वर्गमा-गर्दभ (गधा), कुक्कुट (कुखुरा, कलन्दक (लोखर्के), द्वीपिनी (पोथि चितुवा), द्वीपक (भाले चितुवा), कूर्म (कछुवा), वंश (बाँस), चाप (धनुष), वायस (काग) र मर्कट (बाँदर) यी दस प्रश्न सङ्गृहीत छन् ।

# २. समुद्रवर्ग

## १. अलाबूलताङ्गप्रश्न

### १. लौकाको एक गुण विषयमा प्रश्न

११. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा लौकाको एक गुण हुनुपर्छ । त्यो एक गुण के हो ?"

(१) "महाराज ! जस्तै लौकाको लहरो घाँस या काठ या कुनै अर्को लहरो आफ्नो टुप्पो फैलाएर बढाउँदै जान्छ, त्यसरी नै, योगसाधक भिक्षु ध्यानको आलम्बनमा अर्हत् पदसम्म पुग्नुपर्छ । महाराज ! भिक्षुमा लौकाको यो एक गुण हुनुपर्छ । महाराज ! धर्मसेनापति सारिपुत्रले पनि भन्नुभएको छ –

**'जस्तै -लौकाको लहरो घाँस, काठ या कुनै अर्को लतामा चढेर टुप्पोलाई बढाएर फैलिन्छ, त्यसरी नै, अर्हत् पदको इच्छा राख्ने बुद्धपुत्रको ध्यानको आलम्बन गरेर अशैक्ष-फलसम्म पुग्नुपर्छ ।'**

## २. पद्माङ्गप्रश्न

### २. कमलका तीन गुण विषयमा प्रश्न

१२. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा कमलका तीन गुण हुनुपर्छ, ती तीन गुणहरू कुनचाहिँ हुन् ?"

(१) "महाराज ! जस्तै कमल पानीमै उत्पन्न हुन्छ र पानीमै बढ्छ, तैपनि पानीसित लिप्त हुँदैन, त्यस्तै, योग-साधना गर्ने भिक्षु कुनै कुल, गण-लाभ, यश, सत्कार, सम्मान वा अन्य कुनै उपभोग्य पर्दाथसित लिप्त हुनु हुँदैन । महाराज ! भिक्षुमा कमलको यो पहिलो गुण हुनुपर्छ ।"



Downloaded from http://www.dhamma.digital

(२) "महाराज ! जस्तै कमल पानीबाट माथि आएर आकाशमा खडा रहन्छ, त्यसरी नै, योगसाधन गर्ने भिक्षुले संसारलाई छाडेर लोकोत्तर-धर्ममा खडा (उभिइनु) रहनुपर्छ । महाराज ! भिक्षुमा कमलको यो दोस्रो गुण हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै थोरै बतास चल्दा पनि कमलनाल हल्लन थाल्छ, त्यसरी नै, योगसाधक भिक्षुले थोरै क्लेशबाट पनि हट्नुपर्छ र त्यसमा ठूलो भय देख्नुपर्छ । महाराज ! भिक्षुमा कमलको यो तेस्रो गुण हुनुपर्छ । महाराज ! देवातिदेव भगवन्ले पनि भन्नुभएको छ –

**'अणुमात्र दोषमा पनि भय देख्नेले नै शिक्षापदहरू सिक्छ ।'**

## ३. बीजाङ्गप्रश्न

## ३. बीउका दुई गुण विषयमा प्रश्न

१३. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि बीउका दुई गुण हुनुपर्छ । ती दुई गुण कुनचाहिँ हुन् ?"

(१) "महाराज ! अलिकति बीउ मात्र असल खेतमा रोप्दा र पानी पर्दा त्यसले धेरै फल दिन्छ । त्यस्तै, योगसाधक भिक्षुले राम्ररी शील पालन गर्नाले श्रमणको सबै फल प्राप्त हुन्छ । त्यसैले उसले उचित तवरले शीलको पालन गर्नुपर्छ । महाराज ! भिक्षुमा बीउको यो पहिलो गुण हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, राम्ररी शुद्ध गरिएको खेतमा बीउ रोप्नाले त्यो चाँडै उम्रन्छ । त्यसरी नै, योगसाधक भिक्षुले एकान्तमा शुद्ध र संयत गरेको चित्त स्मृतिप्रस्थानको उत्तम खेतमा रोपेमा त्यो चाँडै स्थिर हुन्छ । महाराज ! भिक्षुमा बीउको यो दोस्रो गुण हुनुपर्छ । महाराज ! स्थविर अनुरुद्धले पनि भन्नुभएको छ –

**'जस्तै राम्ररी जोतेको खेतमा बीउ रोप्दा त्यो खूब फल्छ र कृषकलाई सन्तुष्ट गरिदिन्छ, त्यसरी नै, एकान्तमा शुद्ध गरिएको योगीको चित्त स्मृतिप्रस्थानको खेतमा शीघ्र नै लाग्दछ ।'**

## ४. शालकल्याणिकाङ्गप्रश्न

## ४. शालको रूखको एक गुण विषयमा प्रश्न

१४. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा शालको रूखको एक गुण हुनुपर्छ । त्यो एक गुण के हो ?"



Downloaded from http://www.dhamma.digital

(१) "महाराज ! जस्तै शालको रूख पृथ्वीको तल सय हात या त्योभन्दा पनि धेरै बढ्छ; त्यस्तै, योगसाधक भिक्षुले चारै श्रामण्य-फल, चार प्रतिसंविदाहरू, छ अभिज्ञाहरू, श्रमणका सबै धर्म शून्यगार (एकान्त) मा नै पूरा गर्नुपर्छ । महाराज ! शालवृक्षको यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर राहुलले पनि भन्नुभएको छ –

**'शालकल्याणिका नामको पृथ्वीमा उत्पन्न हुने वृक्ष पृथ्वीभित्र सय हात बढ्छ । त्यो रूख बढ्दाबढ्दै समय पाएर एक दिन सय हाथ ठूलो हुन्छ । हे बुद्ध ! त्यसै, शालवृक्षको समान शून्यागारमा रहेर मैले धर्ममा उन्नति पाएँ ।'**

# ५. नौकाङ्गप्रश्न

## ५. नाउ (डुङ्गा) को तीन गुण विषयमा प्रश्न

१५. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा नाउ (डुङ्गा) को तीन गुण हुनुपर्छ । ती तीन गुणहरू कुनचाहिँ हुन् ?"

१) "महाराज ! जस्तै नाउ अनेक प्रकारका काठहरूले जोडेर तयार पारिन्छ जसले थुप्रै मानिसहरूलाई लिएर किनारासम्म पुऱ्याइ दिन्छ । त्यसरी नै, योगसाधक भिक्षुको आचार, शील, व्रत, नियम इत्यादि अनेक धर्महरूले मिलेको यो भवसागरलाई पार गर्नुपर्छ । महाराज ! भिक्षुमा नाउको यो पहिलो गुण हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै नाउले पानीको तरङ्ग र ठूलठूला छालको वेगलाई सहन्छ; त्यस्तै, योगसाधक भिक्षुले अनेक प्रकारका क्लेश, लाभ, सत्कार, यश, प्रशंसा, पूजा, वन्दना, अन्य कुलहरूको निन्दा या प्रशंसा, सुख, दुःख, सम्मान, अपमान र अरू पनि अनेक दोषहरूको तरङ्गको वेगलाई सहनुपर्छ । महाराज ! भिक्षुमा नाउको यो दोस्रो गुण हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै नाउ अथाह समुद्रमा पौडन्छ जो अनन्त, अपार, गम्भीर, गहिरो, बेसरी गर्जदै, तथा तिमि (ठूलो माछा), तिमिङ्गिल (व्हेल), घड़ियाल र ठूलठूला माछाहरूले भरिएको छ; त्यसरी नै, योगसाधक भिक्षुले चार आर्यसत्यहरूमा जुन त्रिरावृत भएकोले बाह्र[२४०] प्रकारका हुन्छन्, मन लगाउनुपर्छ । महाराज ! भिक्षुमा नाउको यो तेस्रो गुण हुनुपर्छ । महाराज ! संयुत्तनिकायको 'सत्यसंयुक्त' मा देवातिदेव भगवान्ले भन्नुभएको छ –

**'भिक्षु हो ! वितर्क गर्दा तिमीहरूले यही वितर्क गर्नुपर्छ कि यो दुःख हो, यो दुःखको कारण हो, यो दुःखको निरोध हो र यो दुःख-निरोध गर्ने मार्ग हो ।'**[२४१]

---

२४०. तिपरिवट्ट द्वादसाकार तीन प्रकारका छन्-सत्य ज्ञान, कृत्य ज्ञान र कृत ज्ञान ।

२४१. वितक्कसूत्र, सं. नि. भाग (४) पृ. ३५८ ।



Downloaded from http://www.dhamma.digital

# ६. नौकालग्नकाङ्गप्रश्न

## ६. नाउ-लङ्गरका दुई गुण विषयमा प्रश्न

१६. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा लङ्गरको दुई गुण हुनुपर्छ । ती दुई गुणहरू कुनचाहिँ हुन् ?"

(१) "महाराज ! जस्तै महासमुद्रको चञ्चल तरङ्ग मन्तिर लङ्गर बस्छ, त्यसले नाउलाई रोकिदिन्छ र यताउता जान दिँदैन; त्यसरी नै, योगसाधक भिक्षुले राग, द्वेष, मोहका ठूलठूला तरङ्गमा आफ्नो चित्तलाई लङ्गर हालेर, आफूलाई स्थिर गरेर विचलित हुन दिन हुँदैन । महाराज ! लङ्गरको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै लङ्गर पानी मास्तिर आँउदैन र सय हात गहिरो पानीमा पनि डुबेर बस्छ र नाउलाई त्यहीँ स्थिर गरिदिन्छ; त्यस्तै नै, योगसाधक भिक्षुले लाभ, सत्कार, यश, प्रतिष्ठा, पूजा, वन्दना, आदर यहाँसम्म कि स्वर्ग पाए पनि गर्व गर्न हुँदैन; तर शरीरको निर्वाहसम्म गर्न चित्तलाई स्थिर राख्नुपर्छ । महाराज ! भिक्षुमा लङ्गरको यो दोस्रो गुण हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ –

**'जस्तै समुद्रमा लङ्गर पौडन्न, तर तल रहन्छ त्यस्तै लाभ र सत्कारमा गर्व नगर, आफूलाई गम्भीर र स्थिर तुल्याउ ।'**

# ७. कूपाङ्गप्रश्न

## ७. बहनाको एक गुण विषयमा प्रश्न

१७. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि बहनाको एउटा गुण हुनुपर्छ । त्यो एउटा गुण के हो ?"

(१) "महाराज ! जस्तै बहनाले डोरी, छालाको बन्धन र लङ्गारलाई धारण गर्दछ; त्यसरी नै, योगसाधक भिक्षु सदा, सचेत र सावधान रहनुपर्छ-बाहिर जाँदा, फर्कंदा, हेर्दा, बोल्दा, समेट्दा, पसार्दा, संघाटि पात्र र चीवर धारण गर्दा, खाँदा, पिउँदा, चपाउँदा, चाख्दा, मल विर्सजन गर्दा, भाग्दा, उभिइँदा, बस्दा, सुत्दा, जाग्दा, भन्दा या चुप लाग्दा[२४२] कहिल्यै प्रमाद गर्न हुँदैन । महाराज ! बहनाको यो एउटा गुण भिक्षुमा हुनुपर्छ । महाराज ! देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'भिक्षु हो ! भिक्षु सचेत र सावधान भएर नै विहार गर्नुपर्छ । यही मेरो उपदेश हो ।'**

---

२४२. महासतिपट्ठान-सुत्त, दी. नि. (नेपाली) पृ.३५३ हेर्नु होला ।



Downloaded from http://www.dhamma.digital

# ८. नियामकाङ्ग प्रश्न

## ८. कर्णधारका तीन गुण विषयमा प्रश्न

१८. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा कर्णधारका तीन गुण हुनुपर्छ । ती तीन गुणहरू कुनचाहिँ हुन् ?"

(१) "महाराज ! जस्तै कर्णधार रात-दिन, सधैं लगातार अप्रमत्त भएर तत्परतासाथ नाउलाई बाटोमा लैजान्छ; त्यसरी नै, योगसाधक भिक्षुले रात-दिन, सधैं, निरन्तर अप्रमत्त भएर तत्परताले स्वचित्तलाई बाटोमा ल्याएर हिंडनुपर्छ । महाराज ! भिक्षुमा कर्णधारको यही पहिलो गुण हुनुपर्छ । महाराज ! धम्मपदमा देवातिदेव भगवान्ले भन्नुभएको छ : –

**'सधैं अप्रमत रहेर आफ्नो चित्तलाई वशमा पार । हिलो (फोहर) मा परेको बलिष्ठ हात्तीझैं आफूलाई पापबाट किनारा लगाऊ ।'**[२४३]

(२) "महाराज ! फेरि, जस्तो कर्णधारलाई यो कुरो थाहा हुन्छ कि कहाँ सङ्कट छ-छैन । त्यसरी नै, योगसाधक भिक्षुले यो बभ्नुपर्छ कि पाप के हो र पुण्य के हो, सदोष के हो र निर्दोष के हो, खराब के हो र असल के हो, तथा कृष्ण के हो र शुक्ल के हो । महाराज ! भिक्षुमा कर्णधारको यो दोस्रो गुण हुनुपर्छ ।

(३) "महाराज ! फेरि, जस्तै कर्णधारले आफ्नो फलपुर्जामा ताल्चा लगाएर राख्छ – कतै कसैले नचलाओस् भनेर । त्यस्तै योगसाधक भिक्षुले आफ्नो चित्तमा संयमको ताल्चा लगाइराख्नुपर्छ – कि कतै कुनै पाप, खराब, विचार नआवस् । महाराज ! कर्णधारको यही तेस्रो गुण हुनुपर्छ । महाराज ! संयुत्तनिकायमा देवातिदेव भगवान्ले भन्नुभएको छ : –

**'भिक्षु हो ! पापमय विचारहरूलाई मनमा आउन नदेऊ, जस्तै कामवितर्क, व्यापादवितर्क र विहिंसावितर्क ।'**[२४४]

# ९. कर्मकाराङ्ग प्रश्न

## ९. नाविकको एक गुण विषयमा प्रश्न

१९. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा नाविकको एक गुण हुनुपर्छ । त्यो एक गुण के हो ?"

२४३. नागवर्ग, धम्मपद, खु.नि. भाग -१. पृ. ४६

२४४. वितक्कसूत्र, सं. नि. भाग-४ पृ. ३५८ ।



Downloaded from http://www.dhamma.digital

(१) "महाराज ! जस्तै नाविक (केवट) ले यस्तो विचार गर्दछ – 'म तलब लिएर यस नाउमा काम गर्दछु । यसै नाउको सहाराबाट म खान पाउँछु । मैले आलस्य र प्रमाद नगरी नाउको काम गर्नुपर्छ ।' त्यसरी नै, योग-साधन गर्ने भिक्षुले पनि यस्तो विचार गर्नुपर्छ कि – 'अहो ! मेरो शरीर त चार महाभूतहरूले मिलेर बनेको छ ।' – यही मनन गर्दै बराबर अप्रमत्त रहनुपर्छ, चित्तलाई एकाग्र पार्नुपर्छ र यो सोचेर कि मैले जन्म लिनुबाट छुट्नु छ, कहिल्यै प्रमाद गर्न हुँदैन । महाराज ! भिक्षुमा नाविकको यो एक गुण हुनुपर्छ । धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ –

**'आफ्नो शरीरबारे नै मनन गर, फेरि-फेरि बुझ कि यो कस्तो फोहोर छ । आफ्नो शरीरको वास्तविकता बुझेर नै दुःखको अन्त गर्न सक्छौ ।'**

# १०. समुद्राङ्गप्रश्न

## १०. समुद्रका पाँच गुण विषयमा प्रश्न

२०. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा समुद्रका पाँच गुण हुनुपर्छ । ती पाँच गुण कुनचाहिँ हुन् ?"

(१) "महाराज ! जस्तै समुद्रले आफूमा मुर्दालाई रहन दिंदैन; त्यसरी नै, योगसाधना गर्ने भिक्षुले आफूमा राग, द्वेष, मोह, अभिमान, आत्मदृष्टि, घमन्ड, ईर्ष्या, डाह, मात्सर्य, ठगी, कुटिलता, रूखोपन, दुराचार र क्लेशमल रहन दिन हुँदैन । महाराज ! भिक्षुमा समुद्रको यो पहिलो गुण हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै समुद्र आफूमा मोती, मणि, वैदूर्य, शङ्ख, शिला, मुगा, स्फटिक इत्यादि नाना प्रकारका रत्न धारण गर्दछ – तिनलाई लुकाएर राख्छ र बाहिर फैलन दिंदैन; त्यसरी नै, योगसाधक भिक्षुले आफूमा मार्ग, फल, ध्यान, विमोक्ष, समाधि, समापत्ति, विपश्यना, अभिज्ञा इत्यादि विविध गुण-रत्नहरूलाई प्राप्त गरेर गुप्त राख्नुपर्दछ, प्रकट हुन दिन हुँदैन । महाराज ! समुद्रको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै समुद्र ठूलठूला जीवहरूका साथ रहन्छ; त्यसरी नै, योगसाधक भिक्षु अल्पेच्छ, सन्तुष्ट, स्थिर-भाषी, पवित्र आचरण भएको, लज्जावान् कोमल स्वभाव भएको, आदरणीय वक्ता, बोल्नमा समर्थ, उत्साही, पापको निन्दा गर्ने, अरूले सिकाएको सुन्ने, अरूलाई उपदेश दिने, सन्मार्ग देखाउने र धर्मको उपदेश दिएर अरूमा भाव उत्पन्न गर्न तत्परता जगाउने उपकारक भिक्षुका साथ नै रहनुपर्छ । महाराज ! समुद्रको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! फेरि जस्तो समुद्रले गङ्गा, जमुना, अचिरवती, सरयू, मही र अनेकानेक हजारौं नदीहरू बगेर आकाशबाट बर्सने पानीले भरिएर पनि आफ्नो सीमा नाघ्दैन; त्यसरी नै, योग-साधक भिक्षुले लाभ, सत्कार, प्रशंसा, वन्दना, प्रतिष्ठा र पूजा वा प्राण निस्केर गए पनि जानेर बुझेर शिक्षापदहरूलाई भताभुङ्ग पार्न हुँदैन । महाराज ! समुद्रको यो चौथो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! देवातिदेव भगवान्ले पनि भन्नुभएको छ : –



Downloaded from http://www.dhamma.digital

**'जस्तै समुद्र स्थिर स्वभावको छ, यसले आफ्नो सीमालाई नाघ्दैन त्यसरी नै, मेरो भिक्षुहरू मैले भनेको शिक्षापदहरूलाई बरु प्राण जावोस्, उल्लङ्घन गर्दैनन् ।'**

(५) "महाराज ! फेरि, जस्तै समुद्रमा गङ्गा, जमुना, अचिरवती, सरयू, मही र सबै नदीहरू बगेर मिल्दा र आकाशबाट पर्ने जलधाराहरूबाट पनि पूर्णरूपले भरिन्न । त्यसरी नै, योगसाधक भिक्षुले कहिल्यै पनि सीक्न, धार्मिक चर्चा गर्न, अरूको शिक्षा सुन्न, त्यसको मनन गर्न, त्यसको परीक्षा गर्न, अभिधर्म, विनय र सूत्रका गम्भीर कुराहरूको अध्ययन गर्न, विग्रह, वाक्यविन्यास, सन्धि, पदविभक्ति र नौ अङ्गयुक्त बुद्धवचन सुन्न अघाउन हुँदैन । महाराज ! भिक्षुमा समुन्द्रका यही पाँचौं गुण हुनुपर्छ । महाराज ! सुतसोम जातकमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ : –

**'जसरी घाँस र काठहरूलाई बाल्दा आगो अघाँउदैन खोलाको पानीले समुद्र अघाउँदैन हे राजश्रेष्ठ ! त्यसरी नै, पण्डित व्यक्तिहरू राम्रा कुरा सुन्न अघाउँदैनन् ।'[२४५]**

**दोस्रो समुद्रवर्ग समाप्त ।**

उदान

यस वर्गमा लौकाको, लहरा, पद्म, बीउ, शालवृक्ष, नाउ, लङ्गर (नौकालग्नक), बहना, कर्णधार (चालक), नाविक, तथा समुद्र यति प्रश्नहरूको व्याख्या गरिएको छ ।

## ३. पृथ्वीवर्ग

# १. पृथ्वीअङ्गप्रश्न

## १. पृथ्वीका पाँच गुण विषयमा प्रश्न

२१. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा पृथ्वीका पाँच गुण हुनुपर्छ । ती पाँच गुण कुनचाहिँ हुन् ?"

(१) "महाराज ! जस्तै पृथ्वीले राम्रो र नराम्रो कपूर अगर (धूपी) तगर (अम्बाका जस्ता ससाना पात हुने, हल्का बास्ना आउने, सेता फूल फुल्ने र लामा-लामा फल फल्ने एक सुगन्धित वृक्ष वा त्यसैको फूल), कुङकुम (केशर) या पित्त, कफ, पीप, रगत, पसिना, बोसो, थुक, सिंगान, मूत, दिसा आदि

२४५. महासुत्त सोम जातक नं ५३७, गा. नं. ४१८ ।



Downloaded from http://www.dhamma.digital

पर्दा पनि एकनासको रहन्छ; त्यसरी नै, योग-साधक भिक्षुले इष्ट, अनिष्ट, लाभ, अलाभ, यश, अपयश, निन्दा, प्रशंसा, सुख, दु:ख सबै अवस्थामा समान रहनुपर्छ । पृथ्वीको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! जस्तै पृथ्वीले कुनै श्रृङ्गार नगरी, आफ्नो प्राकृतिक स्वभावमा कायम रहन्छ; त्यसरी नै, योगसाधन गर्ने भिक्षुले कुनै ठाँट-बाँट नगरी आफ्नो शील स्वभावमा नै स्थिर रहनुपर्छ । महाराज ! पृथ्वीको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै पृथ्वी निरन्तर कतै पनि टूटफूट नभई घना भएर फैलिरहन्छ । त्यसरी नै, योगसाधक भिक्षु बराबर, अखण्ड, पुष्ट र भारी शीलवान् हुनुपर्छ जसमा कतै पनि कसैले त्रुटी झिक्न नसकोस् । महाराज ! पृथ्वीका यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! फेरि जस्तै पृथ्वी गाउँ, नगर, शहर, जिल्ला, वृक्ष, पहाड़, खोला, ताल, सिंढी भएको पोखरी र मृग, पक्षी, मानिस, नर-नारी सबै धारण गर्दा पनि कहिल्यै थाक्दैन । त्यस्तै, योगसाधक भिक्षुले उपदेश दिंदा, सिकाउँदा, धर्मका कुरा भन्दा, सन्मार्ग देखाउँदा र अरूमा भाव (श्रद्धा) उत्पन्न गराउँदा कहिल्यै थाक्न हुँदैन । महाराज ! भिक्षुमा पृथ्वीको यो चौथो गुण हुनुपर्छ ।"

(५) "महाराज ! फेरि, जस्तै पृथ्वीले न त कसैको चापलुसी गर्छ न कसैमाथि द्वेष । त्यसरी नै, योग-साधक भिक्षुले न कसैको चापलूसी गर्नुहुन्छ न कसै माथि द्वेष राख्नुहुन्छ । उसको चित्त सौम्य हुनुपर्छ । महाराज ! पृथ्वीको यो पाँचौं गुण भिक्षुमा हुनुपर्छ । महाराज ! आफ्ना भिक्षुहरूको प्रशंसा गर्दै चूल सुभद्राले भनेकी थिइन् : –

**'कोही रिसाएर उसको एउटा पाखुरा बसिलाले काटोस् अथवा कोही खुसी भएर उसको एउटा पाखुरामा चन्दन लेप गरोस् तापनि न त उनीहरू ऊसित द्वेष गर्लान् न प्रेम । ती भिक्षुहरूको चित्त मानौं पृथ्वी जस्तै हो ।'**

## २. जलाङ्ग प्रश्न

## २. पानीका पाँच गुण विषयमा प्रश्न

२२. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा पानीका पाँच गुण हुनुपर्छ । ती पाँच गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै कुनै भाँडोमा राखेको पानी निश्चल शान्त र शुद्ध हुन्छ; त्यस्तै नै योगसाधक भिक्षु ईर्ष्या गर्ने, कुहन (ढाकछोप गर्ने), लपन (धेरै बोल्ने), नैमित्तिक (ज्योतिषी) र निप्पेसिकता (छली वा झेली) रहित भएर स्थिर र शान्त स्वभावको शुद्ध आचरण भएको हुनुपर्छ । महाराज ! पानीको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै पानी शीतल स्वभावंको हुन्छ; त्यस्तै, योगसाधक भिक्षु सबै जीवहरूप्रति क्षमाशील, मैत्रीभाव भएको, दयालु, हितैषी र कृपापूर्ण हुनुपर्छ । महाराज ! पानीको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"



Downloaded from http://www.dhamma.digital

(३) "महाराज ! फेरि जस्तै पानीले मललाई सफा पारिदिन्छ; त्यस्तै योगसाधक भिक्षुले गाउँ जङ्गल या अरू कतै पनि आफ्ना उपाध्याय, आचार्य वा गुरुहरूसँग कहिल्यै झगड़ा गर्न हुँदैन, उहाँहरूप्रति कुनै गल्ती गर्न हुँदैन । महाराज ! पानीको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! फेरि, पानीलाई सबैले चाहन्छन् । त्यस्तै, योग-साधक भिक्षुले अल्पेच्छ, सन्तुष्ट, एकान्तप्रिय र ध्यान गर्नुको अभ्यासी भएर, सधैं सबै मानिसहरूको प्रिय भएर बस्नुपर्छ । महाराज ! पानीको यो चौथो गुण भिक्षुमा हुनुपर्छ ।"

(५) "महाराज ! फेरि, पानीले कसैको हानि (अहित) गर्दैन । त्यस्तै, योगसाधक भिक्षुले अरूसँग झगड़ा, कलह, विवाद वा बहस गर्न हुँदैन, कसैलाई सानो या तुच्छ सम्झन हुँदैन, कसैका प्रति असन्तोष या रिस गर्न हुँदैन, शरीर, वचन र मनले कहिल्यै कुनै पाप गर्न हुँदैन । महाराज ! पानीको यो पाँचौं गुण भिक्षुमा हुनुपर्छ । महाराज ! कण्ह-जातकमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ : –

**'सबै भूतहरूको ईश्वर शक्र ! यदि मलाई वर दिन चाहन्छौ भने, हे शक्र ! मन र कर्मले कोही कसैलाई दु:ख नदिनू यही एउटा वरहरूमध्ये श्रेष्ठ वर म माग्दछु ।'**[२४६]

# ३. तेज-अङ्गप्रश्न

## ३. आगोका पाँच गुण विषयमा प्रश्न

२३. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा आगोका पाँच गुण हुनुपर्छ, ती पाँच गुणहरू कुनचाहिँ हुन् ?"

(१) "महाराज ! जस्तै आगोले घाँस, काठ, हाँगा र पातलाई जलाइदिन्छ । त्यस्तै, योगसाधक भिक्षुले भित्र-बाहिरका विषयहरूमा हुने इष्ट र अनिष्ट जति क्लेश छ, सबैलाई ज्ञानको आगोमा जलाइदिनुपर्छ । महाराज ! आगोको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै आगो निर्दय र कठोर हुन्छ; त्यस्तै, योगसाधक भिक्षुले क्लेश हटाउनमा कुनै दया वा करुणा देखाउन हुँदैन । महाराज ! आगोको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै आगोले चिसोलाई हटाउँछ; त्यस्तै, योगसाधक भिक्षुले आफ्नो उत्साहको आगोले क्लेशलाई हटाउनुपर्छ । महाराज ! आगोको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "फेरि, जस्तै आगोले न त कसैको चापलुसी गर्छ, न कसैसँग द्वेष । यसले सबैलाई समान रूपले ताप दिन्छ । त्यस्तै, योगसाधन गर्ने भिक्षुले आगोझैं तेजस्वी र तटस्थ भएर रहनुपर्छ, कसैको न त चापलुसी गर्नहुन्छ न कसैसित द्वेष नै । महाराज ! आगोको यो चौथो गुण भिक्षुमा हुनुपर्छ ।"

---

२४६. कन्हजातक नं. ४४० गाथा न. २३ जा. भाग-१. पृ. १९५ ।



Downloaded from http://www.dhamma.digital

(५) "फेरि, जस्तै आगोले अन्धकारलाई हटाउँछ र प्रकाश फैलाउँछ; त्यसरी नै, योगसाधक भिक्षुले अज्ञानलाई हटाएर ज्ञानको प्रकाश फैलाउनुपर्छ । महाराज ! आगोको यही पाँचौं गुण भिक्षुमा हुनुपर्छ । महाराज ! आफ्नो छोरो राहुललाई शिक्षा दिंदै देवातिदेव भगवान्ले पनि भन्नुभएको छ : –

**राहुल ! बल्दो आगोझैं भावनाको अभ्यास गर । ज्योतिजस्तो भावना गर्नाले अनुत्पन्न अकुशल उत्पन्न हुँदैन र उत्पन्न अकुशल चित्तमा टिक्न सक्दैन ।**[२४७]

# ४. वायु-अङ्ग प्रश्न

## ४. हावाका पाँच गुण विषयमा प्रश्न

२४. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि हावाको पाँच गुण भिक्षुमा हुनुपर्छ । ती पाँच गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै हावा फूल फुलेको जङ्गल, झार आदिबाट भएर बहन्छ । त्यस्तै, योगसाधक भिक्षुले विमुक्तिको फूल फुलेको ध्यानको जङ्गलमा रमण गर्नुपर्छ । महाराज ! हावाको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै हावाले पृथ्वीमा उम्रने सबै रूखलाई हल्लाउँछ; त्यसरी नै, योगसाधक, भिक्षुले जङ्गलमा रहेर संसारको अनित्यको मनन गर्दै क्लेशलाई हल्लाइ-हल्लाइ झार्नुपर्छ । महाराज ! हावाको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै वायु आकाशमा बहन्छ; त्यस्तै, योगसाधक भिक्षु लोकोत्तर धर्ममा लागिरहनुपर्छ । महाराज ! हावाको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! फेरि हावाले आफ्नो साथ सुगन्धलाई उडाएर फैलाउँछ; त्यस्तै, योगसाधक भिक्षुले आफ्नो शीलरूपी सुगन्धलाई फैलाउनुपर्छ । महाराज ! हावाको यो चौथो गुण भिक्षुमा हुनुपर्छ ।"

(५) "महाराज ! फेरि, हावा कुनै घरद्वारबेगरको हुन्छ त्यसले कतै एक ठाउँमा घर बनाउँदैन; त्यसरी नै, योगसाधक भिक्षुले घरद्वार छाडेर, विना कुनै आफन्त स्वच्छन्द रहन्छ । महाराज ! हावाको यो पाँचौं गुण भिक्षुमा हुनुपर्छ । महाराज ! सुत्तनिपातमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'साथी बढाउनाले चिन्ता हुन्छ, गृहस्थीमा राग उत्पन्न हुन्छ । न साथी बढाउनू न घरमा रहनू, साधुजनको यही परम्परा हो ।'**[२४८]

---

२४७. महाराहुलोवाद-सुत्त, म. नि. (नेपाली) पृ.३८६ मा हेर्नुहोला ।

२४८. मुनिसूत्र, सुत्तनि., खु. नि. पृ. २९८ ।



Downloaded from http://www.dhamma.digital

# ५. पर्वताङ्गप्रश्न

## ५. पहाड़का पाँच गुण विषयमा प्रश्न

२५. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा पहाड़का पाँच गुण हुनुपर्छ । ती पाँच गुणहरू कुनचाहिँ हुन् ?"

(१) "महाराज ! जस्तै पहाड़ अचल, अकम्प र स्थिर हुन्छ; त्यसरी नै, योगसाधक भिक्षुले सम्मान, अपमान, सत्कार, दुत्कार, प्रतिष्ठा, अप्रतिष्ठा, यश, अपयश, निन्दा, प्रशंसा, सुख, दुःख, इष्ट, अनिष्ट र सबै रूप, शब्द, गन्ध, रस, स्पर्शले लोभ्याउने धर्ममा राग, द्वेष उत्पन्न गर्ने धर्ममा राग, द्वेष र मोह गर्ने धर्ममा मोह गर्न हुँदैन । त्यसबाट कहिल्यै पनि विचलित हुनु हुँदैन । पर्वतझैं अचल र स्थिर हुनुपर्छ । महाराज ! भिक्षुमा पहाड़को पहिलो गुण हुनुपर्छ । पर्वतझैं अचल र स्थिर हुनुपर्छ । महाराज ! पर्वतको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'सर्वथा भारी पहाडलाई हावाले हल्लाउन सक्दैन त्यसरी नै, निन्दा र प्रशंसाले पण्डितहरू चञ्चल हुँदैनन् ।'**[२४९]

(२) "महाराज ! फेरि, जस्तै कठोर पर्वतले कसैसँग सम्बन्ध राख्दैन; त्यसरी नै, योगसाधक भिक्षुले कठोर भएर धेरै मिलजुल गर्न हुँदैन, कसैसँग सम्बन्ध राख्न हुँदैन । महाराज ! पहाड़को यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'गृहस्थ र प्रव्रजित— दुवैसँग संसर्ग नराखेर एक्लै हिंड्ने अल्पेच्छ प्रव्रजितलाई म ब्राह्मण भन्दछु ।'**[२५०]

(३) "महाराज ! फेरि, जस्तै पहाड़मा बीउ उम्रन सक्दैन; त्यसरी नै, योगसाधक भिक्षुले आफ्नो मनमा क्लेश जम्न दिन हुँदैन । महाराज ! पहाड़को यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर सुभूतिले पनि भन्नुभएको छ –

**'मेरो चित्तमा जब राग उत्पन्न हुन्छ, स्वयं त्यसलाई देखेर एक्लै नै दबाउँछु । यदि राग गर्ने धर्ममा तिमी राग गर्दछौ, द्वेष गर्ने धर्ममा द्वेष र मोह गर्ने धर्ममा मोहित हुन्छौ भने, यस वनबाट निस्केर जाऊ ।'**

**'निर्मल एवं विशुद्ध तपस्वीहरूको ठाउँ यही हो, यस पवित्र स्थानलाई दूषित नगर, यस वनबाट गइहाल ।'**[२५१]

(४) "महाराज ! फेरि, जस्तै पहाड़को चुचुरो माथि उठेको हुन्छ । त्यसरी नै योग-साधक भिक्षु ज्ञानले उच्च रहनुपर्छ । महाराज ! पहाड़को यो चौथो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! दिवातिदेव भगवान्ले पनि भन्नुभएको छ : –

---

२४९. पण्डितवर्ग, धम्मपद, खु. नि. पृ. २५ ।

२५०. वासेट्ठसूत्र, सुत्त. नि., खु. नि. पृ. ३६६ ।

२५१. अपदानपालि, खु. नि.भाग-४. पृ. ७८ ।



Downloaded from http://www.dhamma.digital

**'जब पण्डितले प्रमादलाई अप्रमादले हटाइदिन्छ, त्यसपछि प्रज्ञाको कौसीमा चढेर, आफ्नो शोकबाट रहित भएर पहाडमा चढेर जसरी तलका संसारमा शोकमग्न भएका, मानिसहरूलाई देख्दछ त्यसरी नै, त्यो ज्ञानीले अज्ञानीहरूलाई देख्दछ।'**[२५२]

(५) "महाराज ! फेरि, जस्तै पहाड़लाई न त उचाल्न सकिन्छ, न निहुराउन । त्यसरी नै, योगसाधक भिक्षु अरूको अपेक्षा न चढनुपर्छ र न खस्नुपर्छ । महाराज ! पहाड़को यो पाँचौं गुण भिक्षुमा हुनुपर्छ । महाराज ! आफ्ना श्रमणहरूको प्रशंसा गर्दै चूल सुभद्राले भनेकी थिइन –

**'संसार लाभले उठ्छ र अलाभले खस्छ, तर मेरा श्रमणहरू लाभ र अलाभ दुइटै अवस्थामा समान रहन्छन् ।'**

# ६. आकाशाङ्गप्रश्न

## ६. आकाशका पाँच गुण विषयमा प्रश्न

२६. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि आकाशका पाँच गुण हुनुपर्छ । ती पाँच गुण कुनचाहिँ हुन् ?"

(१) "महाराज ! जस्तै आकाशलाई कुनै तवरले समात्न सकिन्न । त्यसरी नै, योगसाधक भिक्षु क्लेशले कुनै प्रकार पनि बाँधिनु हुन्न । महाराज ! आकाशको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै आकाशमा ऋषि, तपस्वी, देवता र चराहरू विचरण गर्दछन् । त्यसरी नै, योगसाधक भिक्षुले संस्कारहरूप्रति अनित्य, दुःख र अनात्म भावलाई मनमा कायम राख्नुपर्छ । महाराज ! आकाशको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै खुला आकाश भयानक लाग्दछ । त्यसरी नै योगसाधक भिक्षुले घरि-घरि उत्पन्न (जन्म) हुनुबाट डराउनुपर्छ, संसारको स्थितिमा कुनै स्वाद लिन हुँदैन । महाराज ! आकाशको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! फेरि, जसरी आकाश अनन्त, अप्रमाण र अपरिमेय छ, त्यसरी नै, योगसाधक भिक्षु अनन्त, शीलवान् र अपरिमित ज्ञानी हुनुपर्छ । महाराज ! आकाशको यो चौथो गुण भिक्षुमा हुनुपर्छ ।"

(५) "महाराज ! फेरि, जस्तै आकाश कसैको सहारामा झुन्डिएको हुँदैन, कसैसित जोरिएको हुँदैन, कसैमा अडेको हुँदैन, न कुनै कसैबाट रोकिएको हुन्छ । त्यसरी नै योगसाधक भिक्षु गृहस्थ कुल, गण, लाभ, आवास, कुनै बाधा, प्रत्ययको वा सबै क्लेशहरूदेखि, अलग, अनासक्त, अप्रतिष्ठित र अलिप्त भएर रहनुपर्छ । महाराज ! आकाशको यही पाँचौं गुण भिक्षुमा हुनुपर्छ । महाराज ! आफ्नो छोरा राहुललाई उपदेश दिँदै देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

---

२५२. अप्पमादवग्गो, धम्मपद, खु. नि. पृ. २० ।



Downloaded from http://www.dhamma.digital

**'राहुल ! जस्तै आकाश कतै पनि प्रतिष्ठित हुँदैन त्यसरी नै, तिमी पनि भावना (ध्यान) गर । आकाशझैं भावना गर्नाले आएका गएका, सुख, दुःखको स्पर्श चित्तमा लाग्दैनन् ।'**[२५३]

# ७. चन्द्राङ्गप्रश्न

## ७. चन्द्रमाका पाँच गुण विषयमा प्रश्न

२७. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा चन्द्रमाका पाँच गुण हुनुपर्छ । ती पाँच गुणहरू कुन-कुन हुन् ? "

(१) "महाराज ! जस्तै शुक्लपक्षको चन्द्रमा बिस्तार-बिस्तार बढ्दै चम्कँदै जान्छ; त्यसरी नै, योगसाधक भिक्षुले आचार, शील, गुण, व्रतपरायणता, धर्मग्रन्थहरूको अध्ययन, ध्यान, स्मृतिप्रस्थान, इन्द्रियसंयम, भोजनको मात्राको ज्ञान र जागरूकतातिर बढ्दै जानुपर्छ । महाराज ! चन्द्रमाको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! जस्तै चन्द्रमा तारागणमध्ये प्रमुख अधिपति हो । त्यसरी नै, योगसाधक भिक्षु आफ्ना इच्छाहरूको समर्थ अधिपति[२५४] हुनुपर्छ । महाराज ! चन्द्रमाको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै चन्द्रमा रातमा डुल्दछ । त्यसरी नै योगसाधक भिक्षुले एकान्तमा अभ्यास गर्नुपर्छ । महाराज ! चन्द्रमाको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! जस्तै चन्द्रमा विमानको ध्वजा अङ्कित रहन्छ; त्यसरी नै, योगसाधक भिक्षुले शीलको झन्डा गाड्नुपर्छ । महाराज ! चन्द्रमाको यो चौथो गुण भिक्षुमा हुनुपर्छ ।"

(५) "महाराज ! फेरि, जस्तै चन्द्रमा कसैको प्रार्थनाले बेगर उदाउँछ; त्यस्तै, योगसाधक भिक्षु कसैको प्रार्थनाबेगर गृहस्थहरूको कुलमा जानुपर्छ । महाराज ! चन्द्रमाको यो पाँचौं गुण भिक्षुमा हुनुपर्छ । महाराज ! संयुत्तनिकायमा देवातिदेव भगवान्‌ले पनि भन्नुभएको छ –

**'भिक्षु हो ! चन्द्रमाझैं गृहस्थहरूका घरमा जाऊ, अपरिचितझैं शरीर र मन संयम गर्दै जाऊ अनि फर्की आऊ ।'**[२५५]

---

२५३. महाराहुलोवाद-सुत्त, म. नि. (नेपाली) पृ. ३८४ हेर्नुहोला ।

२५४. अधिपति चार प्रकारका छन्-१. छन्दाधिपति, (२) वीरियाधिपति, (३) चित्ताधिपति र (४) वीमांसाधिपति ।

२५५. चन्दूपमा-सुत्त, स.नि. (नेपाल भाषा) पृ. ३८२ ।



Downloaded from http://www.dhamma.digital

# ८. सूर्याङ्गप्रश्न

## ८. सूर्यका सात गुण विषयमा प्रश्न

२८. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा सूर्यका सात गुण हुनुपर्छ । ती सात गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै सूर्यले पानीलाई सुकाई दिन्छ; त्यसरी नै, योगसाधक भिक्षुले सबै क्लेशलाई सुकाइदिनुपर्छ । महाराज ! सूर्यको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै सूर्यले घोर अन्धकारलाई हटाइदिन्छ । त्यसरी नै, योगसाधक भिक्षुले राग, द्वेष, मोह, मान, आत्मदृष्टि, क्लेश र सबै अकुशल आचरणहरूको अन्धकारलाई हटाइ दिनुपर्छ । महाराज ! सूर्यको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै सूर्य बराबर चालमा चल्छ । त्यसरी नै, योगसाधक भिक्षुले सधैं मनलाई संयत गरिरहनुपर्छ । महाराज ! सूर्यको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! फेरि, जस्तै सूर्यमा किरणरूपी माला हुन्छ । त्यस्तै, योगसाधक भिक्षुमा ध्यान भावनारूपी आरम्भण भएको माला हुनुपर्छ । महाराज ! सूर्यको यो चौथो गुण भिक्षुमा हुनुपर्छ ।"

(५) "महाराज ! फेरि, जस्तै सूर्यले संसारका सबै प्राणीहरूलाई ताप दिन्छ । त्यसरी नै, योगसाधक भिक्षुले आचार, शील, गुण, व्रतचर्या, ध्यान, विमोक्ष, समाधि, समापत्ति, इन्द्रियबल, बोध्यङ्ग, स्मृतिप्रस्थान, सम्यक्प्रधान र ऋद्धिपादले देवताहरू तथा मानिसहरूका साथ समग्र संसारलाई ताप दिइरहनुपर्छ । महाराज ! सूर्यको यो पाँचौ गुण भिक्षुमा हुनुपर्छ ।"

(६) "महाराज ! फेरि, जस्तै सूर्य सदा केतुदेखि डराउँछ । त्यसरी नै, योगसाधक भिक्षुले आफ्ना कर्मका खराब फल, नरक र क्लेशका घना झाडीहरूले भरिएको दुराचार र दुर्गतिको विकट जङ्गलमा आत्मदृष्टिको बहक्याईमा परेर, कुमार्गमा मानिसहरूलाई हिंडेको देखी आफ्नो मनमा संवेग उत्पन्न गर्नुपर्छ र सदा डराइरहनुपर्छ । महाराज ! सूर्यको यो छैटौं गुण भिक्षुमा हुनुपर्छ ।"

(७) "महाराज ! फेरि, जस्तै सूर्यले (आफ्नो प्रकाशमा) राम्रो र नराम्रो देखाइदिन्छ; त्यसरी नै योगसाधक भिक्षुले इन्द्रियबल, बोध्यङ्ग, स्मृतिप्रस्थान, सम्यक्प्रधान, ऋद्धिपाद, लौकिक र लोकोत्तर धर्म सबै देखाइदिनुपर्छ । महाराज ! सूर्यको यो सातौं गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर वङ्गीशले पनि भन्नुभएको छ –

**"जस्तै सूर्य उदाएर प्राणीहरूलाई सबै चिजहरू देखाइदिन्छ – शुचि र अशुचि पनि, राम्रो र नराम्रो पनि । त्यसरी नै, धर्म जान्ने भिक्षुले अविद्याले ढाकिएको संसारलाई सूर्योदयझैं सबै बाटो देखाइदिन्छ ।"**



Downloaded from http://www.dhamma.digital

# ९. शक्राङ्गप्रश्न

## ९. इन्द्रका तीन गुण विषयमा प्रश्न

२९. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा इन्द्रका तीन गुण हुनुपर्छ, ती तीन गुणहरू के-के हुन् ?

(१) "महाराज ! जस्तै इन्द्रले सुखैसुख भोग्दछ । त्यसरी नै, योगसाधक भिक्षुले परमएकान्तको सुख भोग्नुपर्छ । महाराज ! इन्द्रको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै इन्द्रले देवाताहरूलाई खुसी तुल्याएर आफ्नो वशमा राख्दछन् । त्यसरी नै, योग-साधना गर्ने भिक्षुले कुशल (पुण्य) धर्महरूमा आफ्नो मनलाई शान्त, उत्साहशील र तत्पर तुल्याई राख्नुपर्छ, तिनको पालन गर्न प्रसन्न रहनुपर्छ, उत्साहपूर्वक तिनमा डटेर लागिरहनुपर्छ । महाराज ! इन्द्रको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै इन्द्रलाई कहिल्यै असन्तोष हुँदैन । त्यसरी नै, योगसाधक भिक्षुले एकान्त स्थानदेखि कहिल्यै असंतोष हुनुहुन्न । महाराज ! इन्द्रको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर सुभूतिले पनि भन्नुभएको छ –

**'हे भगवान् बुद्ध ! जहिलेदेखि म तपाईंको शासनमा प्रव्रजित भएको छु, मलाई थाहा छैन कि मेरो मनमा कहिल्यै कामवासना उत्पन्न भएको होस् ।'**

# १०. चक्रवर्ती-अङ्गप्रश्न

## १०. चक्रवर्ती राजाका चार गुण विषयमा प्रश्न

३०. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा चक्रवर्ती राजाका चार गुण हुनुपर्छ । ती चार गुणहरू कुनचाहिँ हुन् ?"

(१) "महाराज ! चक्रवर्ती राजाले चार सङ्ग्रहवस्तुहरूले आफ्नो प्रजालाई आफूतिर राखिछाड्छ । त्यसरी नै, योगसाधक भिक्षुले चार प्रकारका मानिसहरूलाई आफूतिर पारेर खुसी तुल्याउनुपर्छ । चक्रवर्ती राजाको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै चक्रवर्ती राजाको राज्यमा चोर-लुटाहाहरू उठ्न (उत्पन्न हुन) पाउँदैनन् । त्यसरी नै, योगसाधक भिक्षुको मनमा काम, राग, व्यापाद र विहिंसाको खराब (नराम्रो) विचारलाई उठ्न दिनु हुँदैन । महाराज ! चक्रवर्ती राजाको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –



Downloaded from http://www.dhamma.digital

**'जो आफ्नो खराब विचारलाई दबाउनमा लागिरहन्छ, सावधान भएर सांसारिक पदार्थहरूमा दोष देख्दछ, जसले संसारलाई सुन्दर सम्झन्छ, त्यसलाई हटाउँछ, मारको बन्धनलाई छिन्नभिन्न गर्न ऊ समर्थ हुन्छ ।**

(३) "महाराज ! फेरि, जस्तै चक्रवर्ती राजाले दिनानुदिन राम्रो र नराम्रोको जाँच गर्दै समुद्रपर्यन्त महापृथ्वीमा परिक्रमा लगाउँछ । त्यसरी नै, योगसाधक भिक्षुले दिनदिनै आफ्नो मन, वचन र कर्मको जाँच गर्दै रहनुपर्छ – 'आजको दिन तीनै प्रकारले म निर्दोष भएर कसरी बिताऊँ ।' महाराज ! चक्रवर्ती राजाको यो तेस्रो गुण हुनुपर्छ । महाराज ! अङ्गुत्तरनिकायमा देवातिदेव भगवान्ले भन्नुभएको छ[२५६] –

**'मेरा दिन रात कसरी बित्छन् – यस कुरो म प्रव्रजितले निरन्तर ध्यान दिनुपर्छ ।'**

(४) "महाराज ! फेरि, जस्तै चक्रवर्ती राजाकहाँ बाहिर र भित्र कठोर व्यवस्था रहेको हुन्छ, त्यसरी नै, योगसाधक भिक्षुले बाहिर र भित्रका क्लेशहरूबाट रक्षा गर्नको स्मृतिको पालेलाई राखी दिनुपर्छ । महाराज ! चक्रवर्ती राजाको यो चौथो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! देवातिदेव भगवान्ले पनि भन्नुभएको छ : –

**'भिक्षु हो ! आर्यश्रावकले अकुशल (पाप) स्वयंबाट टाढा राख्न स्मृतिको पाले राखि दिन्छ । कुशल (पुण्य) को भावना गर्दछ । सदोषलाई छाडिदिन्छ, निर्दोषलाई कायम राख्छ । आफूलाई शुद्ध र पवित्र तुल्याउँछ ।'**

**तेस्रो पृथ्वीवर्ग समाप्त ।**

### उदान

यस वर्गमा पृथ्वी, पानी, आगो, हावा, पहाड़, आकाश, चन्द्रमा, सूर्य, इन्द्र, चक्रवर्ती राजा – यी दस प्रश्न व्याख्यात छन् ।

## ४. उपचिकार्वग

## १. उपचिकाङ्गप्रश्न

### १. धमिरोको एउटा गुण विषयमा प्रश्न

३१. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा धमिरोको एउटा गुण हुनुपर्छ, त्यो एउटा गुण कुनचाहिँ हो ?"

---

२५६. दसधम्मसूत्र पनि हेर्नु होला ।



Downloaded from http://www.dhamma.digital

(१) "महाराज ! जस्तै धमिरोले आफूलाई माथिबाट ढाकेर तल लुकेर बस्छ । त्यसरी नै, योगसाधक भिक्षुले शील र संयमबाट आफ्नो मनलाई ढाकेर भिक्षाटन गर्नुपर्छ । महाराज ! यसरी आफ्नो मन शील र संवरले ढाकेर राख्दा भिक्षु सबै प्रकारको भयबाट जोगिन्छ । महाराज ! धमिरोको यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! वङ्गन्तपुत्र स्थविर उपसेनले पनि भन्नुभएको छ –

**'योगी आफ्नो मनलाई शील र संवरले ढाकेर संसारमा लिप्त नभई डरबाट छुट्छ ।'**

# २. बिडालाङ्ग प्रश्न

## २. बिरालोका दुई गुण विषयमा प्रश्न

३२. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा बिरालोका दुई गुण हुनुपर्छ । ती दुई गुणहरू कुनचाहिँ हुन् ?

(१) "महाराज ! जस्तै बिरालो गुफा, दुलो वा घरको जुनसुकै ठाउँमा रहे पनि त्यो सदा मुसाको खोजीमा रहन्छ । त्यस्तै, योगसाधक भिक्षु गाउँ, जङ्गल, वृक्षमूल या शून्यागार जहाँ जाँदा पनि निरन्तर 'कायगतास्मृति' रूपी भोजनको खोजीमा रहनुपर्छ । महाराज ! बिरालोको यहीं पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै बिरालाले छेउछाउमै सिकार खोज्छ । त्यसरी नै, योगसाधक भिक्षुले आफ्नो यिनै पाँच उपादानस्कन्धहरूको उदय हुने र नष्ट हुने स्वभावलाई मनन् गर्नुपर्छ-१. यो रूप हो, यो रूपको उदय हो, यो रूपको नाश हुनु हो, (२) यो वेदना हो ···, (३) यो संज्ञा हो ···, (४) यो संस्कार हो ···, (५) यो विज्ञान हो ··· । महाराज ! बिरालोको यही दोसो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'यहाँबाट टाढा जानु पर्दैन, अगामीको कुरा सोच्नाले के फाइदा ! वर्तमानकालकै व्यवहारमा हेर कि आफ्नो शरीरमा के छ ।'**

# ३. मूषकाङ्गप्रश्न

## ३. मुसोको एक गुण विषयमा प्रश्न

३३. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि मुसोको एक गुण भिक्षुमा हुनुपर्छ । त्यो एक गुण कुनचाहिँ हो ?"



Downloaded from http://www.dhamma.digital

(१) "महाराज ! जस्तै मुसो जो यताउता दगुर्छ, त्यो आहारको गन्ध लिनका लागि हो । त्यसरी नै, योगसाधक भिक्षु सर्वत्र मनलाई वशमा पारेर नै जानुपर्छ । महाराज ! मुसोको यो एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! वङ्गन्तपुत्र स्थविर उपसेनले पनि भन्नुभएको छ –

**'ज्ञानीले धर्मलाई लक्ष्य तुल्याएर नै विहार गर्दछ । उसले शान्त चित्तले स्मृतिमान् र उत्साहशील भएर विहार गर्दछ ।'**

## ४. वृश्चिकाङ्गप्रश्न

## ४. बिच्छीको एक गुण विषयमा प्रश्न

३४. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा बिच्छीको एक गुण हुनुपर्छ । त्यो एक गुण कुनचाहिँ हो ?"

(१) "महाराज ! जस्तै बिच्छीको पुच्छर नै त्यसको हतियार हो । त्यसैले त्यसले त्यसलाई उचालेर हिंड्छ । त्यसरी नै, योगसाधक भिक्षुले आफ्नो ज्ञानरूपी शस्त्र उठाएर हिंड्नुपर्छ । महाराज ! बिच्छीको यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! वङ्गन्तपुत्र स्थविर उपसेनले पनि भन्नुभएको छ : –

**'ज्ञानीले ज्ञानरूपी तरबार लिएर बिहार गर्दछ । ऊ सबै भयबाट छुट्छ, उसलाई कसैले पराजित गर्न सक्दैन ।'**

## ५. नकुलाङ्गप्रश्न

## ५. न्याउरीको एक गुण विषयमा प्रश्न

३५. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा न्याउरीको एक गुण हुनुपर्छ, त्यो एक गुण के हो ?"

(१) "महाराज ! जस्तै न्याउरी एउटा खास जडीबुटीमा लुटपुटिएपछि नै सर्पलाई समात्न जान्छ । त्यसै गरी योगसाधक भिक्षुले क्रोध, वैर कलह, झगडा-विवाद र विरोधले ढाकिएको संसारमा आफ्नो मनलाई मैत्रीको जड़ीबुटीले बेरेर नै जानुपर्छ । महाराज ! भिक्षुमा न्याउरीको यही गुण हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ : –

**'त्यसैले आफ्ना र अन्य व्यक्तिहरूप्रति पनि मैत्री-भावना राख्नुपर्छ । मैत्री-चित्तले संसारलाई भरिदिनुपर्छ । यहीं बुद्धहरूको उपदेश हो ।'**



Downloaded from http://www.dhamma.digital

# ६. वृद्धश्रृगालाङ्गप्रश्न

## ६. बूढो स्यालका दुई गुण विषयमा प्रश्न

३६. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा बूढो स्यालका दुई गुण हुनुपर्छ, ती दुई गुण कुनचाहिँ हुन् ?"

(१) "महाराज ! जस्तै बूढो स्यालले जुन खाने कुरा भोजन पाउँछ कत्ति घिन नमानेर पेटभरि खाइदिन्छ । त्यसरी नै, योगसाधक भिक्षुले प्राप्त भोजन कुनै खोट नझिकेर त्यस्तै नै खानुपर्छ, जति खानाले शरीर ठीक रहन्छ । महाराज ! बूढो स्यालको यही पहिलो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर महाकाश्यपले पनि भन्नुभएको छ : –

**'आफ्नो आश्रमबाट निस्केर भिक्षाटनका लागि म गाउँमा गएँ । भोजन गरिरहेको एउटा कुष्ठरोगीका सामु यथाक्रम भिक्षाका लागि उभिएँ । उसले आफ्नो घाउ पाकेको हातबाट अलिकति भात ल्याएर दियो । तर उसले भात दिने बेलामा उसको औंला पनि भातमा खस्यो ।'**

**'पर्खालनिर बसेर मैले त्यो भिक्षा खाएँ, खाँदा वा त्यसपछि, मलाई अलिकति पनि दिगमिग लागेन ।'**[२५७]

(२) "महाराज ! फेरि, जस्तै बूढो स्यालले खानेकुरा पाएपछि देख्दैन कि त्यो रूखो छ या स्वादिलो । त्यसरी नै, योगसाधक भिक्षुले भोजन पाएपछि हेर्न हुँदैन कि त्यो रूखो छ वा स्वादिलो, त्यो उसलाई मान गरेर दिइएको हो वा अपमान गरेर । जस्तोसुकै खानेकुरा पाएमा उसले सन्तुष्ट भएर खानुपर्छ । महाराज ! बूढो स्यालको यहीं दोस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! वङ्गन्तपुत्र स्थविर उपसेनले पनि भन्नुभएको छ –

**'रूखो-सूखो भोजन खाएर सन्तुष्ट हुनुपर्छ, स्वादिलो भोजनको खोजी गर्न हुँदैन । जिब्रोको लोभमा जो पर्छ, उसको मन ध्यानमा लाग्दैन । जेसुकै पाइयोस्, त्यसैमा खुसी हुने भिक्षुले नै व्रत पूरा गर्न सक्छ ।'**[२५८]

---

२५७. थेरगाथा १०५७-५९, खु. नि. पृ. ३७२,

२५८. थेरगाथा नं. ५८० खु. नि.भाग-२ पृ. ३२४,



Downloaded from http://www.dhamma.digital

# ७. मृगाङ्गप्रश्न

## ७. मृगका तीन गुण विषयमा प्रश्न

३७. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा मृगको तीन गुण हुनुपर्छ । ती तीन गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै मृग दिनभरि जङ्गलमा डुलिरहन्छ अनि रातमा कुनै खुला ठाउँमा निदाउँछ । त्यसरी नै, योगसाधक भिक्षुले दिनभरि जङ्गलमा र राती खुला ठाउँमा विहार गर्नुपर्छ । महाराज ! भिक्षुमा मृगको यो पहिलो गुण हुनुपर्छ । महाराज ! लोमहंसकपरियाय सूत्रमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'हे सारिपुत्र ! जाडोका ती चिसा रातहरूमा जब कडा शीत पर्दथियो, म खुला ठाउँमा बस्थें, दिनमा खुला ठाउँमा साधना गर्दथिएँ अनि रात परेपछि जङ्गलमा जान्थे ।'**[२५९]

(२) "महाराज ! फेरि जस्तै भाला या तीर चलाउँदा मृग बुर्कुसी मार्दै भाग्छ । त्यसरी नै, योगसाधक भिक्षुले क्लेशहरू आएमा मनलाई जोगाएर हट्नुपर्छ, टाढा हुनुपर्छ । महाराज ! हरिणको यही दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! जस्तै मानिसहरूलाई देख्नेबित्तिकै मृग भाग्छ कि उनीहरूले मलाई देख्न नदेखुन् । त्यसरी नै, योगसाधक भिक्षुले कलह र विवाद गर्ने समूहमा बस्ने दुःशील मानिसहरूलाई देखेर पछि हट्नुपर्छ – उनीहरूले मलाई नदेखुन् र मैले उनीहरूलाई न देखूँ । महाराज ! मृगको यही तेस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ : –

**'म कहिल्यै पापी, अल्सी, उत्साहहीन, मूर्ख र दुराचारीका साथ रहनु नपरोस् ।'**[२६०]

# ८. गोरूपाङ्गप्रश्न

## ८. गोरूका चार गुण विषयमा प्रश्न

३८. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा गोरुका चार गुण हुनुपर्छ । ती चार गुणहरू के-के हुन् ?

---

२५९. महासीहनाद-सुत्त, म. नि. (नेपाली) पृ.७१ हेर्नुहोला ।

२६०. अपदान खु. नि. भाग-६ पृ. ३६ ।



Downloaded from http://www.dhamma.digital

(१) "महाराज ! जसरी गोरु आफ्नो घर छाडेर कतै पनि जाँदैन । त्यसरी नै, योगसाधक भिक्षुले आफ्नो शरीरलाई हेर्न छाड्नहुन्न, किनकि यो अनित्य छ, नाशवान छ । महाराज ! गोरुको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।

(२) "महाराज ! जब गोरु एकपल्ट गाडामा जोतिन्छ, त सुख वा दुःख सहेर त्यसले बोक्ने गर्दछ । त्यसरी नै, योगसाधक भिक्षुले एकपल्ट ब्रह्मचर्यव्रत लिएपछि सुख वा दुःख सहेर पनि उसले जीवनभरि प्राणको बाजी लगाएर पालन गर्नुपर्छ । महाराज ! गोरुको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।

(३) "महाराज ! फेरि गोरुले सास फेर्दै पानी पिउँछ । त्यसरी नै, योगसाधना गर्ने भिक्षुले पनि आचार्य र उपाध्यायको उपदेशलाई मन लगाएर प्रेमले ग्रहण गर्नुपर्छ । महाराज ! गोरुको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।

(४) "महाराज ! फेरि कसैले गोरुलाई जोतेपछि त्यसले गाडा तान्छ, त्यसरी नै, योग-साधना गर्ने भिक्षुले स्थविर, आफूभन्दा ज्येष्ठ, मध्यम, नयाँ र उपासकहरूको स्वागत र सत्कार पनि टाउको निहुराएर स्वीकार गर्नुपर्छ । महाराज, गोरुको यो चौथो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! धर्म सेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ : –

**'आजै प्रव्रजित भएको सात वर्षको श्रामणेरले पनि मलाई केही सिकाएमा म त्यसलाई सहर्ष स्वीकार गर्नेछु ।'**

**'निकै प्रेम र मनभाउले उसलाई हेरेर उसको स्वागत गरूँला, घरिघरि आचार्यको आसनमा उसलाई सत्कारपूर्वक बसाउँला ।'**

# ९. वराहाङ्गप्रश्न

Dhamma.Digital

## ९. सुँगुरका दुई गुण विषयमा प्रश्न

३९. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा सुँगुरका दुई गुण हुनुपर्छ । ती दुई गुणहरू के-के हुन् ?"

(१) "महाराज ! सुँगुर गर्मीका दिनमा गर्मी लाग्दा पानीमा बस्छ । त्यसरी नै, योगसाधक भिक्षुले द्वेषको गर्मीले भुतुक्क भएर चित्त तात्दाखेरि, शीतल, अमृत र प्रणीत मैत्री-भावना गर्नमा लाग्नुपर्छ । महाराज ! सुँगुरको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।

(२) "महाराज ! जसरी सँगुर हिलोमा थुतुनो पसाएर खाल्टो बनाउँछ अनि त्यसैमा बसिरहन्छ, त्यसै गरी योगसाधक भिक्षुले मनलाई नियन्त्रित गरेर ध्यान मग्न हुनुपर्छ । महाराज ! सुँगुरको यहीं दोस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर पिण्डोल भारद्वाजले पनि भन्नुभएको छ –

**"ज्ञानी मानिसले शरीरको नाशशील स्वभावलाई देखेर त्यसको चिन्तन गर्दछ । ऊ एकान्तमा एक्लै बसेर ध्यानमा मग्न रहन्छ ।"**



Downloaded from http://www.dhamma.digital

# १०. हस्ति-अङ्गप्रश्न

## १०. हात्तीका पाँच गुण विषयमा प्रश्न

४०. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा हात्तीका पाँच गुण हुनुपर्छ । ती पाँच गुणहरू के-के हुन् ?

(१) "महाराज ! हात्ती हिंड्दाखेरि पृथ्वीलाई मानौं हल्लाएर चर्काइदिन्छ । त्यस्तै, योग-साधना गर्ने भिक्षुहरूले पनि आफ्नो शरीरको मनन गरेर सबै क्लेशहरूलाई हल्लाएर चर्काइदिनुपर्छ । महाराज ! हात्तीको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, हात्तीले शरीरलाई घुमाएर पनि सीधा नै हेर्छ; यताउता होइन । त्यस्तै, योग-साधना गर्ने भिक्षुले फर्केर हेर्दा पनि दायाँ-बायाँ, तल-माथि हेर्नु हुँदैन; मात्र चार हात जति अगाडि हेर्नुपर्छ । महाराज ! हात्तीको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! हात्तीले आफू बस्ने ठाउँ निश्चित नगरी जहाँ मौका पाउँछ त्यहीं सुत्छ । त्यसरी नै योगसाधक भिक्षु पनि बेघर हुनुपर्छ । विना कुनै ठाउँ निश्चित नगरी भिक्षाटनका लागि बाहिर जानुपर्छ । जहाँ कुनै राम्रो, सुन्दर, रम्य र अनुकूल स्थान मण्डप, वृक्षमूल, गुफा वा पहाड़को किनारा देखापर्छ, त्यहीं केही बेर रोकिनुपर्छ । महाराज ! हात्तीको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! फेरि हात्ती कमल फुलेको निर्मल शीतल जल भएको सरोवरमा बसेर आनन्दसँग जलक्रीड़ा गर्दछ । त्यसरी नै, योगसाधक योगीले पवित्र र निर्मल धर्मरूपी पानीले भरिएको विमुक्तिको फूल फुलेको स्मृतिप्रस्थानको सरोवरमा प्रविष्ट भएर ज्ञानद्वारा संस्कारहरूलाई एक एक गरी धुनुपर्छ । यही योगीहरूको योगक्रीड़ा हो । महाराज ! हात्तीको यो चौथो गुण भिक्षुमा हुनुपर्छ ।"

(५) "महाराज ! फेरि, हात्तीले होसियार भएर खुट्टा उचाल्छ र होसियार भएर नै खुट्टा राख्छ, त्यसरी नै, योगसाधक भिक्षुले होसियार भएर (सती=स्मृतीपूर्वक) खुट्टा उचाल्नु र राख्नुपर्छ । हिंडदा, फर्कदा, खुम्च्याउँदा, पसार्दा, सबैमा ध्यान दिनुपर्छ । महाराज ! हात्तीको यहीं पाँचौं गुण भिक्षुमा हुनुपर्छ । महाराज ! संयुत्तनिकायमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'शरीरको संयम गर्नु राम्रो हो । वचनको संयम गर्नु राम्रो हो । मनको संयम गर्नु राम्रो हो । सबैको संयम गर्नु राम्रो हो । सबै प्रकारले उही संयमशील हुन्छ, जसले प्रज्ञावान् भएर आफूलाई वशमा राख्दछ ।'**[२६१]

**चौथो उपचिकावर्ग समाप्त ।**

### उदान

यस वर्गमा – धमिरो, बिरालो, मुसो, बिच्छी, न्याउरी, स्याल, मृग, गोरु, सुँगुर, हात्ती – यी दस प्रश्नहरू विसर्जित गरिएका छन् ।

---

२६१. सगाथावग्ग, सं. नि. (नेपाल भाषा) पृ. ९९ ।



Downloaded from http://www.dhamma.digital

# ५. सिंहवर्ग

# १. सिंहाङ्ग प्रश्न

## १. सिंहका सात गुण विषयमा प्रश्न

"भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि सिंहमा सात गुण हुनुपर्छ । ती सात गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जसरी सिंह कुनै दाग नलागेको खैरो रङको हुन्छ, त्यसरी नै, योगसाधक भिक्षुमा निर्मल पवित्र र स्थिर चित्तको हुनुपर्छ । महाराज ! सिंहको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, सिंह आफ्नो चार खुट्टाको भरमा निकै छिटो दर्गुछ, त्यसरी नै, योगसाधक भिक्षु चार ऋद्धिहरूले युक्त हुनुपर्छ । महाराज ! सिंहको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, सिंह निकै सुहाउँदो जगर भएको हुन्छ, त्यसरी नै, योगसाधक भिक्षु सुन्दर शील रूपी जगर भएको हुनुपर्छ । महाराज ! सिंहको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! जसरी सिंह ज्यान जाला तर कसैका सामु निहुरँदैन; त्यसरी नै; योगसाधक भिक्षु चीवर (वस्त्र), पिण्डपात (भोजन), शयनासन (सुत्ने ठाउँ), र ग्लानप्रत्यय (औषधी) प्राप्त भएन भने पनि कसैका सामु झुक्न हुँदैन । महाराज ! सिंहको यो चौथो गुण भिक्षुमा हुनुपर्छ ।"

(५) "महाराज ! सिंहले जुन ठाउँमा लबटो हान्छ, त्यहींको मासु खान्छ; राम्रो मासु कुन ठाउँमा पाइएला भनेर त्यसको फिक्री गर्दैन । त्यसरी नै, योगसाधक भिक्षुले एउटा घर पनि नछाडेर क्रमशः भिक्षा माँग्दै जानुपर्छ । घरलाई चुनेर रोजेर जान हुँदैन । पाइएको भिक्षामा गाँसमा जे आउँछ त्यही खानुपर्छ, कुनचाहिँ स्वादिलो छ भनेर त्यतापट्टि लाग्न हुँदैन । शरीरलाई चाहिने जति मात्र खानुपर्छ, धेरै ठुसेर खानु हुँदैन ।"

६. "महाराज ! फेरि, जसरी सिंहले आफ्नो सिकारबाट केही जोगाएर राख्दैन । जुन एकपटक खाना खाएको छ फेरि गएर दोहोरो खाँदैन । त्यसरी नै, योगसाधक भिक्षुले धन आदिको सङ्ग्रह गर्न हुँदैन । महाराज ! सिंहको यो छैटौं गुण भिक्षुमा हुनुपर्छ ।"

७. "महाराज ! फेरि, जसरी सिंहलाई अनिष्टको भय हुँदैन र त्यसले पाएको वस्तु कोचीकोची खाँदैन, त्यसरी नै, योगसाधक भिक्षुले भोजन नपाउँदा त्रास गर्दैन र पाएपछि भने बडो होसियारिसाथ भोजनका दोषहरूबारे विचार गर्दै शरीर धारण गर्न जति चाहिन्छ त्यति मात्र खानुपर्छ । महाराज ! सिंहको यही सातौं गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर महाकाश्यपको प्रशंसा गर्दै देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'भिक्षु हो ! काश्यप जस्तो पायो त्यस्तै पिण्डपात (भिक्षा) मा सन्तुष्ट रहने हुन् । जस्तो भोजन पायो त्यस्तैमा सन्तुष्ट रहनेको प्रशंसा गर्दछु । पिण्डपात गर्ने काममा कुनै दोष हुन दिंदैन ।**



Downloaded from http://www.dhamma.digital

**भिक्षा नपाएमा पनि उसले त्रास गर्दैन । पाउँदा भने धेरै खाँदा उत्पन्न हुने दोषबारे विचार गर्दै शरीरलाई कायम राख्न अलिकति खान्छ ।'** [२६२]

# २. चक्रवाकाङ्गप्रश्न

## २. चखेवाका तीन गुण विषयमा प्रश्न

४२. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि चखेवाका तीन गुण हुनुपर्छ । ती तीन गुणहरू के-के हुन् ?"

(१) "महाराज ! चखेवाले आफ्नो जोडीलाई जीवनभरि छाड्दैन । त्यसरी नै योगसाधक भिक्षुले जीवनभरि मनन गरेर ध्यान अभ्यासलाई छाड्नु हुँदैन । महाराज ! चखेवाको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, चखेवाले लेउ र पानीमा उम्रने झार खाएर सन्तुष्ट रहन्छ । त्यो सन्तोषबाट उसको बल र सौन्दर्य कहिल्यै घट्दैन । त्यसरी नै योगसाधक जे-जति पाइन्छ, त्यसैमा सन्तुष्ट रहनुपर्छ । जे-जति पाइन्छ, त्यसैमा सन्तुष्ट रहने भिक्षु शीलमा, समाधिमा, प्रज्ञामा, विमुक्तिमा, विमुक्ति ज्ञानदर्शनमा र सबै पुण्य धर्ममा क्षीण हुँदैन । महाराज ! चखेवाको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, चखेवाले कुनै जीवलाई सताउँदैन । त्यसरी नै, योगसाधक भिक्षुले कसैलाई कुट्न हुँदैन । ऊ लज्जालु, दयालु र सबै सत्त्व प्राणीहरूप्रति करुणाशील हुनुपर्छ । महाराज ! चखेवाको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! चक्रवाकजातकमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ : –

**'जो न हत्या गर्दछ, न गराउँछ, न हरण गर्छ न हरण गर्न लगाउँछ, सबै जीवहरूप्रति अहिंसाको भाव राख्दछ उसको सवैप्रति ईर्ष्या रहँदैन ।'** [२६३]

---

२६२. कस्सप संयुक्त, सन्तुट्ठ-सुत्त, सं. नि. (नेपाल भाषा) पृ. ३८० ।

२६३. चक्रवाक जातक नं. ४१५ ।



Downloaded from http://www.dhamma.digital

# ३. पेणाहिकाङ्गप्रश्न

## ३. सारस (पेणाहिक) चराका दुई गुण विषयमा प्रश्न

४३. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि सारस (पेणाहिक) चरोमा दुई गुण हुनुपर्छ । ती दुई गुणहरू के-के हुन् ?"

(१) "महाराज ! सारस चरोले आफ्नो लोग्नेमाथिको ईर्ष्याले गर्दा आफ्ना बच्चाहरूलाई समेत पालन-पोषण गर्दैन । त्यसरी नै, योगसाधक भिक्षुले आफ्नो मनमा उत्पन्न भएका क्लेशहरूप्रति ईर्ष्या गर्नुपर्छ । स्मृतिप्रस्थानबाट संयमरूपी शिखरमा तिनलाई राखेर मनको दैलोमा कायगतासतिको भावना गर्नुपर्छ । महाराज ! सारस चरोको यहीं पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

२. "महाराज ! फेरि, सारस चरो दिनभरि जङ्गलमा आहारा चारो खाएर बेलुकातिर आफ्नो रक्षाको लागि बथानमा आएर मिसिन्छ, त्यसरी नै, योगसाधक भिक्षुले आफ्नो भित्रको गाँठो फुकाउन एक्लै एकान्तको सेवन गर्नुपर्छ । यदि एकान्तमा मन लागेन भने, निन्दाबाट जोगिन भिक्षुसङ्घमा आएर सम्मिलित हुनुपर्छ – सङ्घको आडमा बस्नुपर्छ । महाराज ! सारस चरोको यही देस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! सहम्पति ब्रह्माले भगवान्का सामु भनेका थिए –

**'जङ्गलमा एक्लै पर बस्नुपर्छ लोक-जन्जालबाट मुक्त भएर बस्नुपर्छ । यदि त्यहाँ मन लागेन भने, स्मृतिमान् सङ्घको संरक्षणमा आएर बस्नुपर्छ ।'**[२६४]

# ४. गृहकपोताङ्गप्रश्न

## ४. घर परेवाको एक गुण विषयमा प्रश्न

४४. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा घर परेवाको एउटा गुण हुनुपर्छ । त्यो एक गुण कुन हो ?"

(१) "महाराज ! परेवा जसको घरमा बसेको छ, त्यहाँको कुनै वस्तु देखेर लोभ-लालच गर्दैन, त्योप्रति अनासक्त भएर बस्छ । त्यसरी नै, योगसाधक भिक्षुले गृहस्थहरूका घरमा गएर परिवारका पुरुष, स्त्री, कुर्सी, मेच, लुगाफाटो, गहना, भोजन वा अन्य भोग-सामग्रीहरू देखेर लोभ-लालच गर्न हुँदैन – तीप्रति अनासक्त र अन्यमनस्क भएर (चित्तलाई अन्तै लगाएर) बस्नुपर्छ । भिक्षुले यस कुरोमा हरदम ध्यान दिनुपर्छ । महाराज ! परेवाको यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! चुल्लनारद जातकमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

---

२६४. थेरगाथा १४२ खु. नि. पृ. २६६ ।



Downloaded from http://www.dhamma.digital

**'गृहस्थ-कुलहरूमा गएर खाने-पिउने वस्तु पाएमा मात्राअनुसार खानु-पिउनुपर्छ, सुन्दरतातिर ध्यान दिन हुँदैन ।'**[२६५]

## ५. उलूकाङ्गप्रश्न

## ५. उल्लू (लाटोकोसेरो) का दुई गुण विषयमा प्रश्न

४५. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि उल्लूका दुई गुण भिक्षुमा हुनुपर्छ । ती दुई गुणहरू के-के हुन् ?"

(१) "महाराज ! उल्लू र कागमा स्वाभाविक शत्रुता हुन्छ । त्यसो हुँदा उल्लूले राती कागहरूको बथानमा गएर धेरैलाई मारिदिन्छ । त्यसरी नै, योगसाधक भिक्षुले अज्ञानलाई शत्रु ठानेर एक्लै साधनामा बसी त्यसलाई नष्ट गर्ने प्रयत्न गर्नुपर्छ । महाराज ! उल्लूको यही पहिलो गुण भिक्षुमा हुनुपर्छ ।

(२) "महाराज ! फेरि उल्लू एकान्तमा कुतै लुकेर उँघिरहन्छ । त्यसरी नै, योगसाधक भिक्षु एकान्तमा ध्यान लगाएर मग्न रहनुपर्छ । महाराज ! उल्लूको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! संयुत्तनिकायमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'भिक्षु हो ! भिक्षुले एकान्तमा ध्यान लगाएर मनन गर्दछ – यो दुःख हो, यो दुःखको कारण हो, यो दुःखको निरोध हो र यो दुःख-निरोध गर्ने उपाय (मार्ग) हो ।'**[२६६]

## ६. शतपत्राङ्गप्रश्न

## ६. सारसको एक गुण विषयमा प्रश्न

४६. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा सारसको एक गुण हुनुपर्छ । त्यो एक गुण कुन हो ?"

(१) "महाराज ! सारसले शब्दद्वारा बताउँछ कि शुभ हुनेछ कि अशुभ । त्यसरी नै, योगसाधक भिक्षुले धर्मदेशना गर्दै मानिसहरूलाई प्रकट गरिदिनुपर्छ कि नरक कति डरलाग्दो हुन्छ र निर्वाण शान्तिकर । महाराज ! सारसको यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर पिण्डोल भारद्वाजले पनि भनेका छन् –

---

२६५. जातक नं. ४७७ ।

२६६. पटिसल्लान-सुत्त, सं. नि. (नेपाल भाषा) पृ. ४८८ ।



Downloaded from http://www.dhamma.digital

**'नरकमा भय र त्रास छ भने, निर्वाणमा सुख नै सुख । यी दुवै कुरा योगीले खुलस्त सम्झाउनुपर्छ ।'**

# ७. बागुरिकाङ्गप्रश्न

## ७. चमेरोका दुई गुण विषयमा प्रश्न

४७. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि चमेरोका दुई गुण भिक्षुमा हुनुपर्छ । ती दुई गुणहरू के-के हुन् ?"

१. "महाराज ! चमेरो घरभित्र आएर यताउता उडेर कहीं पनि बस्दैन, रोकिंदैन । त्यसरी नै, योग-साधना गर्ने भिक्षुले भिक्षाटनका लागि गाउँमा गएर पिण्डपात प्राप्त गरेको लगत्तै गइहाल्नुपर्छ, रोकिनु हुन्न । महाराज ! चमेरोको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

२. "महाराज ! फेरि, चमेरो अरूको घरमा बसे पनि त्यसको कुनै हानि गर्दैन । त्यसरी नै योगसाधक भिक्षुले गृहस्थहरूका घरमा गई घरिघरि मागेर दुःख दिनु हुँदैन, कुनै फर्माइस गर्न हुँदैन, कुनै नराम्रो हावभाव गर्न हुँदैन, कुनै प्रतिकूल कुरा गर्न हुँदैन, उनीहरूका साथ दुःख-सुख प्रकट गर्नु हुँदैन, उनीहरूलाई कुनै पछुतो गराउन हुँदैन, र उनीहरूका काममा कुनै बाधा दिन हुँदैछ । तर सदा उनीहरूको उन्नतिको कामना गर्नुपर्छ । महाराज ! चमेरोको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! दीघनिकायको लक्खण-सुत्तमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'श्रद्धा, शील, विद्या, बुद्धि, त्याग, अनेक प्रकारका असल धर्महरू धन धान्य, खेत, पुत्र, स्त्री, पशुले, नाता-कुटुम्ब, बन्धुबान्धव, बल, सौन्दर्य र सुख – जस्तोसुकै अवस्थामा मानिसहरू रहून् – ऊ यही चाहन्छ कि सबैलाई फाइदा भई उनीहरूको बढोत्तरी होस् ।'**[२६७]

# ८. जलौकाङ्गप्रश्न

## ८. जुकाको एक गुण विषयमा प्रश्न

४८. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा जुकाको एक गुण हुनुपर्छ । त्यो एक गुण के हो ?"

---

२६७. लक्खण-सुत्त, दी. नि. (नेपाली) पृ. ४७७ को पारा. २८ हेर्नु होला ।



Downloaded from http://www.dhamma.digital

१. "महाराज ! जुकाले जहाँ समात्छ त्यहीं मन लगाएर रगत चुस्छ । त्यसरी नै, योगसाधक भिक्षुले जुन विषयमा ध्यान लगाउँछ त्यसमा तल्लीन रहन्छ-त्यसका रूप, रङ, स्थान, फैलाई घेराई, पहिचान, चिन्ह-सबै थोक बुभ्छ । यसरी ध्यान गरेर उसले विमुक्ति-रस पिउँछ । महाराज ! जुकाको यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर अनुरुद्धले पनि भन्नुभएको छ : –

**'ध्यानमग्न भएर परिशुद्ध चित्तले विमुक्ति-रस पिउनुपर्छ ।'**

# ९. सर्पाङ्गप्रश्न

## ९. सर्पका तीन गुण विषयमा प्रश्न

४९. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा सर्पका तीन गुण हुनुपर्छ । ती तीन गुणहरू के-के हुन् ?"

(१) "महाराज ! सर्प पेटको बलले हिंड्छ । त्यस्तै योगसाधक भिक्षु प्रज्ञाको बलमा हिंड्नुपर्छ । महाराज ! प्रज्ञाको बलले हिंड्दा उसलाई सत्य-ज्ञान प्राप्त हुन्छ । त्यसले भिक्षुको अनुकूल गुणलाई ग्रहण गर्दछ र प्रतिकूल वस्तुहरूलाई छाडिदिन्छ । महाराज ! सर्पको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, सर्प अगाडि बढ्दा जड़ी-बुटीबाट जोगिएर जान्छ । त्यसरी नै, योगसाधक भिक्षु दुराचारबाट जोगिएर जानुपर्छ । महाराज ! सर्पको दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, सर्प जसरी मानिसलाई देख्नासाथ डराउँछ; त्यसरी नै, योगसाधक भिक्षुले खराब विचारमा परेर आफू बह्मचर्य जीवनदेखि अधीर हुनु वा डराउनुपर्छ । उसले सोच्छ – 'अहो ! आज त मैले धोका पो खाएँ, यो खति पूरा गर्न सकिन्न ।' महाराज ! सर्पको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! दुई किन्नरहरूबारे भल्लाटिय जातकमा भनिएको छ : –

'हे सिकारी ! हामी दुवैले जुन एक रात बितायौं, आफ्नो इच्छाको विरुद्ध, एक-अर्कोको ध्यानमा, त्यही एक रातको पश्चात्ताप गर्दै हामी शोक गर्दछौं कि त्यो रात फेरि नआवस् ।'[२६८]

---

२६८. भल्लातिय जातक नं. ५०४ ।



Downloaded from http://www.dhamma.digital

# १०. अजगराङ्गप्रश्न

## १०. अजिङ्गरको एक गुण विषयमा प्रश्न

५०. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा अजिङ्गरको एक गुण हुनुपर्छ । त्यो एक गुण के हो ?"

(१) "महाराज ! जसरी अजङ्को शरीर भएको बिचरो अजिङ्गर धेरै दिनसम्म पेटभरि आहारा नपाउँदा भोकै बस्छ, तैपनि केही खाएर बाँचिरहन्छ, त्यसरी नै, भिक्षाटन गरेर अरूको पिण्डपातबाट पेट पाल्ने, आफूले केही पनि नलिने, भिक्षुले बराबर पेटभरि आहारा पाउन दुर्लभ भएमा, असल कुलपुत्रले चार-पाँच गाँस भोजन गरेर नै अवशिष्ट पेट पानीले भर्नुपर्छ । महाराज ! अजिङ्गरको यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ –

**'गिलो या सुक्खा केही पनि खाँदा पेटभरि खानु हुँदैन । खाली पेट या थोरै नै खाएर रहने भएर भिक्षु प्रव्रजित होस् । चार-पाँच गाँस खाएपछि केही नपाएमा पानी पिएर पेट भरोस्, आत्मसंयत भिक्षुका लागि यही नै पर्याप्त छ ।'**[२६९]

**पाँचौं सिंहवर्ग समाप्त ।**

**उदान**

यस वर्गमा – सिंह, चखेवा, पेणाहिक, घरपरेवा, उल्लू, सारस, चमेरो, जुका, सर्प र अजिङ्गरका गुण – यी दस प्रश्नहरूको उत्तर दिएको छ ।

# ६. मर्कटकवर्ग

# १. पन्थमर्कटकाङ्गप्रश्न

## १. माकुराको एक गुण विषयमा प्रश्न

५१. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा माकुराको एक गुण हुनुपर्छ; त्यो एक गुण कुनचाहिँ हो ?"

---

२६९. थेरगाथा खु. नि.भाग-२. पृ. ३६६ ।



Downloaded from http://www.dhamma.digital

(१) "महाराज ! जस्तै माकुरा बाटोमा आफ्नो जाल फैलाएर बसिरहन्छ। यदि कुनै कीरा, भिँगा या पुतली जालोमा फँसेमा त्यसले समातेर खान्छ । त्यसरी नै, योगसाधक भिक्षुले छ द्वारहरूमा स्मृतिप्रस्थानको जाल फैलाएर बसिरहनुपर्छ – यदि त्यसमा कुनै क्लेश बाँधियो भने झट्ट त्यसलाई समातेर त्यहीं मारिदिनुपर्छ । महाराज ! माकुराको यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर अनुरुद्धले पनि भन्नुभएको छ –

**'छ द्वारहरूमा चित्तलाई रोकेर राख्नुपर्छ, श्रेष्ठ र उत्तम स्मृतिप्रस्थानद्वारा । यदि त्यसमा कुनै क्लेश आइपर्‍यो भने, ज्ञानीले त्यसलाई नष्ट गरिदिनुपर्छ ।'**

# २. स्तन्यपायिबालाङ्गप्रश्न

## २. दुध चुस्ने बच्चाको एक गुण विषयमा प्रश्न

५२. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा दुध चुस्ने बच्चाको एक गुण हुनुपर्छ । त्यो एक गुण के हो ?"

(१) "महाराज ! जस्तै दुध चुस्ने बच्चाले आफ्नो मात्र वास्ता गर्दछ, दुध चुस्नका लागि रुन्छ; त्यसरी नै, योगसाधक भिक्षुले राम्रो उद्देश्यको लागि मात्र ध्यान दिनुपर्छ । उपदेश, धर्मचर्चा, चालचलन, एकान्तसेवन, गुरुजनहरूको सहवास, सत्सङ्ग आदि उच्च धर्मज्ञान प्राप्त गर्नुको एकमात्र उद्देश्य राख्नुपर्छ । महाराज ! दुध चुस्ने बच्चाको यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! दीघनिकायको परिनिर्वाण सूत्रमा देवातिदेव भगवान्ले भन्नुभएको छ –

**'आनन्द ! सुन, राम्रो उद्देश्यप्रति चेष्टा गर, त्यसैमा लाग ! प्रमाद नगरी, संयत भएर स्वयंलाई वशमा पारेर उच्च र असल उद्देश्यको सोच – विचारमा लागिरहनुपर्छ ।'**[२७०]

# ३. चित्रकधरकूमाङ्गप्रश्न

## ३. स्थल कछुवाको एक गुण विषयमा प्रश्न

५३. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा स्थल कछुवाको एक गुण हुनुपर्छ । त्यो एक गुण के हो ?"

(१) "महाराज ! जस्तै स्थल कछुवा पानीमा हुने डरले गर्दा पानीबाट निस्केर डुल्छ, त्यसबाट उसको आयु घट्दैन । त्यसरी नै योगसाधक भिक्षुले प्रमादमा भय देख्नुपर्छ र अप्रमादमा गुण । यस प्रकार ऊ, आफ्नो भिक्षुभावमा घट्दैन, ऊ निर्वाणको नजिक पुग्दछ । महाराज ! भिक्षुमा स्थल कछुवाको

---

२७०. महापरिनिब्बाण-सुत्त, दी. नि.(नेपाली) पृ. २२९ हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

यही एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! धम्मपदमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ – 'अप्रमादमा लागेको भिक्षुले प्रमादमा भय देख्छ, ऊ पतित हुँदैन, निर्वाणसम्म आइपुग्छ ।'[२७१]

# ४. उपवनाङ्गप्रश्न

## ४. जङ्गलका पाँच गुण विषयमा प्रश्न

५४ "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा जङ्गलको पाँच गुण हुनुपर्छ । ती पाँच गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै जङ्गल दुष्टहरूको लुक्ने ठाउँ हो । त्यस्तै, योगसाधक भिक्षुले अरूहरूको अपराध वा दोषलाई लुकाउनुपर्छ, त्यसलाई प्रकट गर्न हुँदैन । महाराज ! भिक्षुमा जङ्गलको यही पहिलो गुण हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै जङ्गल निर्जन रहन्छ । त्यसरी नै, योगसाधक भिक्षुको मन राग, द्वेष, मोह, मान, क्लेश र आत्मदृष्टिको जन्जालबाट मुक्त हुनुपर्छ । महाराज ! जङ्गलको यही एक गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जङ्गल एकान्त स्थान हुन्छ, मानिसहरूको कोलाहलले रहित हुन्छ । त्यसरी नै, योगसाधक भिक्षु पाप, खराब र नीच धर्महरूदेखि रहित हुनुपर्छ । महाराज ! जङ्गलको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! फेरि, जस्तै जङ्गल शान्त र शुद्ध हुन्छ; त्यसरी नै, योगसाधक भिक्षु शान्त, शुद्ध, नम्र र अभिमानरहित हुनुपर्छ । महाराज ! जङ्गलको यो चौथो गुण भिक्षुमा हुनुपर्छ ।"

(५) "महाराज ! फेरि, जङ्गल साधु-सन्तहरू बस्ने ठाउँ हो । त्यसरी नै, योगसाधक भिक्षु साधु-सन्तहरूको सङ्गतिमा रहनुपर्छ । महाराज ! जङ्गलको यही पाँचौ गुण भिक्षुमा हुनुपर्छ । महाराज ! संयुत्तनिकायमा देवातिदेव भगवान्ले भन्नु भएको छ : –

**'एकान्तमा बस्ने सत्पुरुषहरूका साथ, जो संयमशील र ध्यान गर्ने उत्साही र पण्डित छन्, सदा उनीहरूको सङ्गत गर ।'**[२७२]

---

२७१. अप्पमाद वग्ग, धम्मपद गा. नं.३२ ।

२७२. सं. नि. (नेपाल भाषा) पृ. ३६१ ।



Downloaded from http://www.dhamma.digital

# ५. वृक्षाङ्गप्रश्न

## ५. वृक्षका तीन गुण विषयमा प्रश्न

५५. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा वृक्षका तीन गुण हुनुपर्छ । ती तीन गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै रूखमा फूल र फल लाग्दछन् । त्यसरी नै, योगसाधक भिक्षुले आफूमा विमुक्तिका फूल र श्रामण्यका फल लगाउनुपर्छ । महाराज ! रूखको यही पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै रूख आफ्नो तल बसेका मानिसहरूलाई छाया दिन्छ । त्यसरी नै, योगसाधक भिक्षुले आफूतिर आएका मानिसहरूलाई मान गरेर उनीहरूलाई योग्य वस्तु दिनुपर्छ र धर्मका कुरा सुनाउनुपर्छ । महाराज ! रूखको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! जस्तै रूखले आफ्नो छाया दिन कुनै भेदभाव राख्दैन; त्यसरी नै, योगसाधक भिक्षुले सबै मानिसहरूप्रति भेदभावबेगर समानरूपले व्यवहार गर्नुपर्छ । चोर, जल्लाद, शत्रु र आफ्ना मानिसहरू प्रति समानरूपले मैत्री-भावना गर्नुपर्छ – यिनीहरू वैर, हिंसा, क्रोध र पाप-विचारहरूदेखि अगग होऊन् । महाराज ! रूखको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ : –

**'आफूलाई हत्या गर्न लागेका देवदत्त, चोर अंगुलिमाल, धनपाल हात्ती र छोरा राहुल सबैका प्रति भगवान् समान हुनुहुन्थ्यो ।'**

Dhamma.Digital

# ६. मेघाङ्गप्रश्न

## ६. बादलका पाँच गुण विषयमा प्रश्न

५६. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा बादलका पाँच गुण हुनुपर्छ । ती पाँच गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै बादलबाट पानी परेर धूलोलाई बसाइदिन्छ । महाराज ! बादलको यही पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै बादलबाट पानी परेर, त्यसले जमिनको तातोपनलाई चिसो पारिदिन्छ । त्यसरी नै, योगसाधक भिक्षुले मैत्री-भावनाले देवताहरू र मानिसहरूका साथ यस संसारलाई शीतल पारिराख्नुपर्छ । महाराज ! बादलको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"



Downloaded from http://www.dhamma.digital

(३) "महाराज ! फेरि, जस्तै बादलबाट पानी परेर त्यसले बीउलाई उमारिदिन्छ । त्यसरी नै, योगसाधक भिक्षुले मानिसमा श्रद्धाको बीउ रोपेर तीन सम्पत्तिहरूलाई उमारिदिनुपर्छ – दिव्यसम्पत्ति, मनुष्यसम्पत्ति र परमार्थ निर्वाणसम्पत्ति । महाराज ! बादलको यही तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! फेरि, जस्तै बादल आफ्नो समयमा पानी परेर त्यसले जमिनमा उम्रने घाँस, रूख, लहरो, भार, जड़ीबुटी र वनस्पतिहरूको रक्षा गर्दछ । त्यसरी नै, योगसाधक भिक्षुले मनन गर्दै भिक्षु-व्रतको पालन गर्नुपर्छ । मनन गर्नुको अभ्यासमा नै सबै पुण्य धर्म टिकेको हुन्छ । महाराज ! बादलको यही चौथो गुण भिक्षुमा हुनुपर्छ ।"

(५) "महाराज ! फेरि, जस्तै बादलबाट पानी पर्दा त्यसले खोला, ताल, पोखरी, खाडल, सरोवर, दुलो, कुवाँ सबैलाई टनाटन भरिदिन्छ । त्यसरी नै, योगसाधक भिक्षुले धर्मबादलबाट पानी पारेर जिज्ञासुहरूको मनलाई पूरै भरिदिनुपर्छ । महाराज ! बादलको यो पाँचौ गुण भिक्षुमा हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ –

**'सय र हजार योजन टाढा भए पनि कुनै जिज्ञासु व्यक्तिलाई देखेर त्यसै बेला त्यहाँ गएर महामुनिले उसलाई धर्मोपदेश दिनुहुन्छ ।'**[२७३]

## ७. मणिरत्नाङ्गप्रश्न

## ७. मणिरत्नका तीन गुण विषयमा प्रश्न

५७. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा मणिरत्नका तीन गुण हुनुपर्छ । ती तीन गुणहरू के-के हुन् ?"

(१) "महाराज ! मणिरत्न सर्वथा शुद्ध हुन्छ । त्यस्तै, योगसाधक भिक्षुको जीविका शुद्ध हुनुपर्छ । महाराज ! मणिरत्न यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै मणिरत्नलाई कुनै अन्य पदार्थमा मिसाउन सकिन्न । त्यसरी नै, योगसाधक भिक्षु खराब साथीसँग मिल्न हुँदैन । महाराज ! मणिरत्नको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै मणिरत्न अन्य बहुमूल्य रत्नहरूका साथ राखिन्छ । त्यस्तै, योगसाधक भिक्षुले उत्तम र श्रेष्ठ पुरुषहरूका साथ बास गर्नुपर्छ – जसले सन्मार्ग समातेका छन्, जो फलमा स्थिर भएका छन्, जो शैक्ष भइसकेका छन्, जो स्रोतापन्न, सकृदागामी, अनागामी वा अर्हत्पदमा पुगि सकेका छन्, जो तीनवटै विद्या, छ अभिज्ञा, भिक्षुभाव, इत्यादि रत्नहरूले युक्त छन् । महाराज ! मणिरत्नको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! देवातिदेव भगवान्‌ले पनि सुत्तनिपातमा भन्नुभएको छ –

**'सदा ध्यान दिएर शुद्ध पुरुषहरूले शुद्ध पुरुषहरूका साथ नै रहनुपर्छ । उनीहरूले ज्ञानीका साथमा बसेर आफ्नो दुःखहरूलाई समाप्त गरून् ।'**

२७३. बुद्धवंश, खु. नि. पृ. ३२० ।



Downloaded from http://www.dhamma.digital

# ८. मृगयु-अङ्गप्रश्न

## ८. सिकारीका चार गुण विषयमा प्रश्न

५८. "भन्ते नागसेन ! तपाई जो भन्नुहुन्छ कि भिक्षुमा सिकारीका चार गुण हुनुपर्छ । ती चार गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै सिकारी चाँडो थाक्दैन । त्यसरी नै, योगसाधक भिक्षु थाक्न हुन्न । महाराज ! भिक्षुमा सिकारीको यो पहिलो गुण हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै सिकारीले मृगको खोजीमा आफ्नो चित्त लगाइरहन्छ । त्यसरी नै, योगसाधक भिक्षुले आफ्नो ध्यानमै चित्त लगाईरहनुपर्छ । महाराज ! सिकारीको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै सिकारीले आफ्नो कामको उचित अवसर बुझेको हुन्छ । त्यसरी नै, योगसाधक भिक्षुले एकान्तमा आसन लगाउनुको उचित अवसर जान्नुपर्छ – यो आसन लगाउने र यो आसनबाट उठने अवसर हो । महाराज ! सिकारीको यही तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! फेरि, जस्तै सिकारी मृगलाई देखेर खुसी हुन्छ – 'यसलाई समात्छु ।' त्यसरी नै, योगसाधक भिक्षुमा ध्यान गर्ने आलम्बनलाई देखेर आध्यात्मिक प्रसन्नता हुनुपर्छ – 'यसमा अभ्यास गरेर म आगामी अवस्थालाई प्राप्त गर्नेछु ।' महाराज ! सिकारीको यो चौथो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर मोघराजले पनि भन्नुभएको छ –

**'आलम्बन पाएर ध्यानमा लीन रहने भिक्षु अत्यन्त प्रसन्न हुन्छ – यो भन्दा माथिल्लो अवस्था प्राप्त गरूँला ।'**

# ९. बाडिसिकाङ्गप्रश्न

## ९. जालहारीका दुई गुण विषयमा प्रश्न

५९. "भन्ते नागसेन ! तपाई जो भन्नुहुन्छ कि भिक्षुमा जालहारीका दुई गुण हुनुपर्छ । ती दुई गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जालहारीले बल्छी फ्याँकेर माछालाई फँसाउँछ । त्यसरी नै योगसाधक भिक्षुले माथिको श्रामण्यको फललाई आफ्नो ज्ञानको बल्छीले फसाउनुपर्छ । महाराज ! जालहारीको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।

(२) "महाराज ! जस्तै जालहारीले, अलिकति चारा मिल्काएर ठूलठूला माछाहरूलाई समात्छ । त्यसरी नै, योगसाधक भिक्षुले निकृष्ट सांसारिक उपभोगलाई छाडिदिनुपर्छ । यस निकृष्ट सांसारिक उपभोगलाई त्यागेर उसले उत्कृष्ट श्रामण्य-फल पाउँछ । महाराज ! जालहारीको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर राहुलले पनि भन्नुभएको छ –



Downloaded from http://www.dhamma.digital

**'संसारका उपभोगहरूलाई छाडेर, उसले चार फल र छ अभिज्ञा, अनि निर्वाण पनि प्राप्त गर्दछ, जो अनिमित्त, अप्रणिहित र शून्य छ।'**

# १०. तक्षकाङ्गप्रश्न

# १०. सिकर्मीका दुई गुण विषयमा प्रश्न

६०. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा सिकर्मीका दुई गुण हुनुपर्छ। ती दुई गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै सिकर्मीले कालो धागोको चिन्ह दिएर काठलाई चिर्छ। त्यसरी नै, योगसाधक भिक्षुले बुद्धको उपदेशको चिन्ह दिएर, शीलको जमिनमा उभिएर, श्रद्धाको हातमा प्रज्ञाको बसिलाले क्लेशरूपी रूखलाई काटिदिनुपर्छ। महाराज ! सिकर्मीको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ।"

(२) "महाराज ! जस्तै सिकर्मीले रूखको कमजोर भागलाई हटाएर दृढ (कडा) भाग लिन्छ। त्यसरी नै, योगसाधक भिक्षुले भिक्षुका व्यर्थ विवादहरूमा पर्नु हुन्न – शाश्वतवाद ठीक हो या उच्छेदवाद; के जुन जीव छ त्यही शरीर हो या जीव अर्को हो र शरीर अर्को; यो राम्रो हो, त्यो राम्रो हो; यो संसारको निर्माता कोही छैन, यी कुराहरू हुन सक्दैनन्; मानिसले केही गर्न सक्दैन, ब्रह्मचर्यव्रतको कुनै लाभ छैन, जीव नष्ट हुन्छ, फेरि नयाँ जीव उत्पन्न हुन्छ, संस्कार नित्य छ, जसले गर्छ, उसैले भोग्छ; अरूले गर्दछ र अरूले नै भोग्दछ, कर्मको विषयमा अरू पनि गलत धारणाहरू इत्यादि। यो र यसै प्रकारका अन्य व्यर्थ विवादहरूलाई हटाएर, संस्कारहरूको अत्यन्त शून्य र निःसार स्वभावलाई

समात्नुपर्छ। महाराज ! सिकर्मीको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ। महाराज ! सुत्तनिपातमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'भुसलाई निफनेर फिकिदेऊ, बुङ्गालाई केलाएर बाहिर फाल। म भन्ने ढोंगी साधुलाई र व्यर्थ विवादलाई हटाइदेऊ। पापी व्यक्तिहरू र खराब विचारहरूलाई हटाएर, शुद्ध पुरुषहरूले स्मृतिमान भएर शुद्ध पुरुषहरूका साथ नै रहनुपर्छ।'**

### उदान

यस वर्गमा माकुरा, दुध चुस्ने बच्चा, स्थल कछुवा, जङ्गल, रूख, बादल, मणिरत्न, सिकारी, जालहारी, सिकर्मी – यी दश प्रश्नहरू व्याख्यात छन्।



Downloaded from http://www.dhamma.digital

# ७ कुम्भाङ्ग प्रश्न

## १. गाग्रोको एक गुण विषयमा प्रश्न

६१. "भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भिक्षुमा गाग्रोको एक गुण हुनुपर्छ । त्यो एक गुण के हो ?"

(१) "महाराज ! जस्तै भरिएपछि गाग्रोले शब्द उत्पन्न गर्दैन । त्यसरी नै, योगसाधक भिक्षुले श्रमणभावको चरम सीमासम्म पुगेर र धर्मको धुरन्धर विद्वान् बनेर पनि गर्व गर्न हुँदैन, उसले अभिमान गर्न हुँदैन, धाक लगाउन हुँदैन । तर सरल, शान्त र थोरै बोल्ने हुनुपर्छ । महाराज ! गाग्रोको यो एक गुण भिक्षुमा हुनुपर्छ । महाराज ! सुत्तनिपातमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ –

**'खाली गाग्रो मात्र बज्छ, भरिएको चुप लाग्छ । मूर्ख रित्तो गाग्रोझैं हो, पण्डित भरिएको सरोवरजस्तै हो ।'**[२७४]

# २. कालायसाङ्गप्रश्न

## २. कलहंसको दुई गुण विषयमा प्रश्न

६२. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा कलहंसको[२७५] दुई गुण हुनुपर्छ । ती दुई गुण के-के हुन् ?

(१) "महाराज ! कलहंस सुत्दाखेरि पनि आफ्नो शरीरलाई सम्हालेर उभिन्छ । त्यस्तै, योगसाधक भिक्षुले सधैं तत्परतासाथ मनन गर्दैरहनुपर्छ । महाराज ! कलहंसको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।

(२) "महाराज ! फेरि जस्तै कलहंसले एक पटक पानी पिएर त्यसलाई ओकल्दैन, त्यसरी नै, योगसाधक भिक्षुले एक पटक श्रद्धा जागेपछि त्यसलाई कहिल्यै अन्त हुन दिनु हुँदैन – उहाँ सम्यकसम्बुद्ध भगवान् एकदम महान् हुनुहुन्छ, धर्म स्वाख्यात छ, सङ्घ असल मार्गमा आरुढ हुन्छ, रूप वेदना, संज्ञा, संस्कार, विज्ञान अनित्य छन् – सो बुझेर जो एक पटक उत्पन्न भएको छ, त्यसलाई फेरि कहिल्यै छाड्न हुँदैन । महाराज ! कलहंसको यो दोस्रो गुण भिक्षुमा रहनुपर्छ । महाराज ! देवातिदेव भगवान्ले पनि भन्नुभएको छ : –

**'जो पुरुष ज्ञान-दर्शन गरेर परिशुद्ध भएको छ, बुद्ध धर्मअनुसार हिंडेर जो लक्ष्यसम्म पुगेको छ, परमपदको एक ठूलो भाग मात्र होइन उसले त्यसलाई पूर्ण रूपले पाउँछ ।'**

---

२७४. लालक-सुत्त, गा.नं. ३२०. सुत्त नि. खु. नि. पृ.३७९ ।

२७५. बर्मीज-पालि मूल ग्रन्थअनुसार कालायसको दुइटा अर्थ दिइएको छ -१. कलहंस चरा र (२) कालो फलाम ।



Downloaded from http://www.dhamma.digital

**'जो पुरुष ज्ञान-दर्शन गरेर परिशुद्ध भएको छ, बुद्ध धर्मअनुसार हिंडेर जो लक्ष्यसम्म पुगेको छ, परमपदको एक ठूलो भाग मात्र होइन उसले त्यसलाई पूर्ण रूपले पाउँछ ।'**

# ३. छत्राङ्गप्रश्न

## ३. छाताका तीन गुण विषयमा प्रश्न

६३. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा छाताका तीन गुण हुनुपर्छ । ती तीन गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै छाता शिरमास्तिर रहन्छ, त्यसरी नै, योगसाधक भिक्षु क्लेशमाथि रहनुपर्छ । महाराज ! भिक्षुमा छाताको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! फेरि, जस्तै छातालाई डन्डाले सिरमा अड्याइरहन्छ । त्यसरी नै, योगसाधक भिक्षुले उचित रूपले मनन गर्ने अभ्यासले आफूलाई अड्याइरहनुपर्छ । महाराज ! छाताको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै छाताले हावा गर्मी र पानीलाई रोक्छ । त्यसरी नै, योगसाधक भिक्षुले भिन्न-भिन्न श्रमण र ब्राह्मणहरूका अनेकानेक सिद्धान्तको वायु तीन प्रकार (राग, द्वेष, मोह) को आगोको सन्तापलाई र क्लेशहरूको वर्षालाई रोक्नुपर्छ । महाराज ! छाताको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ –

**'जस्तै प्वाल नपरेको दृढ स्तम्भयुक्त ठूलो छाताले हावा, गर्मी र पानीलाई रोक्छ, त्यसरी नै, बुद्धपुत्रले शीलको छाता धारण गर्दछ , जसले क्लेशको वर्षालाई र तीन प्रकारका आगोको सन्तापलाई रोक्छ ।'**

# ४. क्षेत्राङ्गप्रश्न

## ४. खेतका तीन गुण विषयमा प्रश्न

६४. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा खेतका तीन गुण हुनुपर्छ । ती तीन गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै खेत नालीहरूले युक्त हुन्छ, त्यसरी नै, योगसाधक भिक्षुले आफ्नो व्रत नियमहरूका नालीहरूबाट युक्त हुनुपर्छ ।"



Downloaded from http://www.dhamma.digital

(२) "महाराज ! फेरि, जस्तै खेतमा क्यारीहरू बनाइएको हुन्छ; ती क्यारीहरूमा पानीलाई रोकेर (बाँधेर) धान उमारिन्छ । त्यसरी नै, योगसाधक भिक्षुले शील र लाजको सीमाले बाँधेको हुनुपर्छ; त्यस बाँधमा भिक्षु-भावलाई रोकेर चार श्रामण्य-फल पुष्ट गर्नुपर्छ । महाराज ! खेतको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! जस्तै खेत धानका बालाहरूले लादिएको हुन्छ; त्यसलाई देखेर किसान आनन्दित हुन्छ – अलिकति बीऊ रोप्दा धेरै धान फल्छ, धेरै रोप्दा झन् धेरै । त्यसरी नै, योग – साधक भिक्षुले उत्साहपूर्वक राम्रो गुण आफूमा उत्पन्न गर्नुपर्छ, दायकहरूलाई प्रसन्न तुल्याउनुपर्छ – थोरै दिए धेरै हुन्छ, धेरै दिए त्योभन्दा पनि धेरै हुन्छ । महाराज ! खेतको यही तेस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! विनयपिटकमा आर्य स्थविर उपालीले पनि भन्नुभएको छ –

'भिक्षु धेरै फल उम्रने खेतझैं हुनुपर्छ । यही सबैभन्दा उत्तम खेत हो, जसले थोरै रोप्दा पनि धेरै फल दिन्छ ।'

# ५. अगदाङ्गप्रश्न

## ५. औषधीको दुई गुण विषयमा प्रश्न

६५. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा औषधीका दुई गुण हुनुपर्छ । ती दुई गुणहरू के-के हुन् ?"

(१) "महाराज ! औषधीमा किरा पर्दैन । त्यस्तै, योगसाधक भिक्षुको मनमा क्लेश पर्नु हुँदैन । महाराज ! औषधीको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "फेरि जस्तै औषधीले डसेको, छोएको, खाएको, पिएको, निलेको वा चाटेको सबै प्रकारका विषलाई हटाइदिन्छ । त्यस्तै योगसाधक भिक्षुको राग, द्वेष, मोह, अभिमान र आत्मदृष्टि सबैको विषलाई मारिदिनुपर्छ । महाराज ! औषधीको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! देवातिदेव भगवान्ले पनि भन्नुभएको छ : –

**'जुन योगीले संस्कारहरूको स्वभावलाई देख्ने इच्छा राख्दछ, उसले क्लेश-विषलाई पहिले नष्ट गरिदिनुपर्छ ।'**

# ६. भोजनाङ्ग प्रश्न

## ६. भोजनका तीन गुण विषयमा प्रश्न

६६. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भोजनका तीन गुण भिक्षुमा हुनुपर्छ । ती तीन गुणहरू के-के हुन् ?"



Downloaded from http://www.dhamma.digital

(१) "महाराज ! जस्तै भोजन सबै जीवहरूको आधार हो । त्यसरी नै, योगसाधक भिक्षुले सबै जीवहरूलाई निर्वाणको बाटोमा हिंड्न आधार बनाउनुपर्छ । महाराज ! भोजनको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ ।"

(२) "महाराज ! जस्तै भोजन सबै जीवहरूको आधार हो । महाराज ! फेरि, जस्तै भोजनले जीवहरूमा वृद्धि गर्दछ, त्यसरी नै, योगसाधक भिक्षुले पुण्य वृद्धि गर्नुपर्छ । भोजनको यो दोस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(३) "महाराज ! फेरि, जस्तै भोजनलाई सबै मानिसहरूले मन पराउँछन् । त्यसरी नै, योगसाधक भिक्षु सबै मानिसहरूको प्यारो हुनुपर्छ । महाराज ! भोजनको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! स्थविर महामौद्गल्यायनले पनि भन्नुभएको छ –

**'संयम नियम, शील र व्रतको पालन गरेर योगी सबै व्यक्तिहरूको प्यारो भएर बस्नुपर्छ ।'**

# ७. इष्वासाङ्गप्रश्न

## ७. धनुर्धारीका चार गुण विषयमा प्रश्न

६७. "भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि भिक्षुमा धनुर्धारीका चार गुण भिक्षुमा हुनुपर्छ । ती चार गुणहरू के-के हुन् ?"

(१) "महाराज ! जस्तै धनुर्धरले वाण चलाउन आफ्नो खुट्टालाई जमिनमा ठीकसँग राख्दछ, घुँडालाई सोझो पार्दछ, हातलाई कम्मरको आड दिएर स्थिर राख्दछ, सारा शरीरलाई रोक्छ, एक हातले धनुषलाई समातेर, अर्कोले तीर चढाउँछ, मुट्ठीलाई कसेर दबाउदछ, औंलाहरूलाई जोर्छ, घाँटी तन्काउँछ, मुख बन्द गर्छ, एउटा आँखाले लक्ष्य-साधन गर्दछ र विश्वास गर्दछ कि 'मारिदिन्छु' । महाराज ! त्यसरी नै योगसाधक भिक्षुले शीलको जमिनमा वीर्य (पराक्रम) को खुट्टा राख्दछ, क्षमाशीलता र दयालाई सोझो गर्दछ, संयमले चित्तलाई आड दिन्छ, यम नियमहरूले आफूलाई रोकिराख्छ, इच्छा र अभिलाषालाई दबाई दिन्छ, मनन् गर्नुको अभ्यासमा चित्त लगाउँछ, उत्साहलाई तानेर राख्दछ, छ ढोकालाई बन्द गर्छ, ध्यान जगाउँछ र विश्वास गर्दछ कि 'ज्ञानको तीरले क्लेशहरूलाई घोचिदिन्छु । महाराज ! धनुर्धरको यो पहिलो गुण भिक्षुमा हुनुपर्छ । "

(२) "महाराज ! फेरि, जस्तै धनुर्धरले आफूसँग एउटा आलक राख्दछ, जसले बाङ्गोटिङ्गो तीरलाई सोझो पार्छ । त्यसरी नै, योगसाधक भिक्षुले आफ्नो, बाङ्गोटिङ्गो चित्तलाई सोझो पार्नका लागि स्मृतिप्रस्थानको आलक आफ्ना साथमा राख्नुपर्छ । महाराज ! धनुर्धरको यही दोस्रो गुण भिक्षुमा हुनुपर्दछ ।"

(३) "महाराज ! जस्तै धनुर्धरले लक्ष्य बनाएर त्यसैमा अभ्यास गर्दछ, त्यसरी नै, योगसाधक भिक्षुले आफ्नो शरीरलाई मनन गर्ने अभ्यास गर्नुपर्छ । महाराज ! शरीरमा मनन गर्ने अभ्यास कसरी गर्नुपर्छ ? यो शरीर अनित्य, दुःख, अनात्म छ, रोगको घर हो, कष्ट पीड़ाजनक, पापी, बाधा दिने, धेरै दिन आफ्नो भएर नरहने, मर्ने खालको छ, विघ्न बाधाहरूले बाँधिएको छ, यसमा ठूलठूला उपद्रव हुन्छ, यसमा डर नै डर छ, अशुभ छ, चञ्चल छ, क्षणभङ्गुर छ, अध्रुव छ, असहाय छ, मर्ने छ , संस्कार छ, उत्पन्न हुने खालेको छ, बूढो हुने खालेको छ, बीमार पर्ने खालको छ, शोक दिने खालको छ, परिदेव दिने



Downloaded from http://www.dhamma.digital

खालको छ, निराशा मात्र दिने खालको छ, क्लेश दिने खालको छ – यस्तो मनन गर्नुपर्छ । महाराज ! योगसाधक भिक्षुले यसरी मनन गरोस् । महाराज ! धनुर्धरको यो तेस्रो गुण भिक्षुमा हुनुपर्छ ।"

(४) "महाराज ! जस्तै धनुर्धरले साँझ र बिहान अभ्यास गर्दछ । त्यसरी नै योगसाधक भिक्षुले बिहान बेलुका ध्यान गर्ने अभ्यास गर्नुपर्छ । महाराज ! धनुर्धरको यो चौथो गुण भिक्षुमा हुनुपर्छ । महाराज ! धर्मसेनापति स्थविर सारिपुत्रले पनि भन्नुभएको छ : –

**'जस्तै धनुर्धरले बिहान र बेलुका अभ्यास गर्दछ, अभ्यास नछाडनाले तलब र भत्ता पाउँछ त्यसरी नै बुद्धपुत्रले आफ्नो शरीरमा मनन गर्ने अभ्यास गर्नुपर्छ । यस अभ्यासलाई नछाडेर उसले अर्हत्–पद पाउँछ ।'**

**सातौं कुम्भवर्ग समाप्त ।**

**औपम्यकथा समाप्त ।**

## निगमन

राजा मिलिन्दका दुई सय बासट्ठी प्रश्नहरूको यस ग्रन्थमा उत्तर आएको छ, जो छ काण्ड र तेइस वर्गमा सजिएको छ । बयालिस प्रश्न यस्तो छ जुन लुप्त भएको छ । पाएको र लुप्त भएको – दुवैलाई मिलाउँदा तीन सय चार प्रश्नहरू हुन्छन् । सबै 'मिलिन्द-प्रश्न' का रूपमा चिनिन्छ ।

(१) राजा र स्थविरको प्रश्नोत्तर समाप्त हुँदा, चौरासी लाख योजन फैलिएको र समुद्रले घेरिएको, यो पृथ्वी छ पटकसम्म कम्पित भयो, बिजुली चम्क्यो, देवताहरूले दिव्य पुष्प बर्साए, महाब्रह्माले साधुकार दिन थाले र महासमुद्रको पेटमा बादल गर्जेको जस्तो गडगड आवाज आउन थाल्यो । यस्तो कौतूहल देखेपछि राजा मिलिन्दले आफ्नो परिवारका साथ स्थविर नागसेनलाई हात जोरेर टाउकोले गोडामा ढोगे ।

(२) राजा मिलिन्दको हृदय आनन्दले भरियो, उनको सारा अभिमान ध्वस्त भयो, बुद्धधर्म कति उच्च र सत्य छ – सो थाहा भयो । त्रिरत्न (बुद्ध-धर्म-सङ्घ) का विषयमा जति पनि शङ्काहरू थिए ती सबै मेटियो, सबै समस्या हल भयो, पूरा विश्वास भयो, स्थविरको गुण प्रव्रज्या र आचारविचार देखेर हर्षित भए । उनको हृदयमा श्रद्धा उत्पन्न भयो र अत्यन्त नम्रता आयो । दाँत भाचिएको सर्पजस्तै राजाले भने – "साधु ! साधु ! भन्ते नागसेन ! स्वयं बुद्धसँग सोध्न योग्य प्रश्नहरूको उत्तर तपाईंले दिनुभयो । यस बुद्धशासनमा धर्मसेनापति सारिपुत्रलाई छाडेर, दोस्रो कसैले पनि धर्मको विषयमा सोध्नलायक प्रश्नहरूको उत्तर तपाईबाहेक अरू कसैले दिन सक्दैन । भन्ते नागसेन ! मेरो अपराध क्षमा गरिदिनुहोस् । भन्ते नागसेन ! आजदेखि जीवन पर्यन्त मलाई आफ्नो उपासक स्वीकार गर्नुहोस् ।"

(३) त्यसपछि राजाले आफ्ना अमात्यहरूका साथ नागसेनको ठूलो सम्मान गरे । 'मिलिन्द' नामको त्यहाँ एक विहार पनि बनाउन लगाए । त्यो विहार स्थविर नागसेनलाई दान गरे, त्यसमा करोडौं क्षीणास्रव भिक्षुहरूलाई राखे, चार प्रत्ययहरूद्वारा उनको सेवा गर्न थाले । त्यसपछि स्थविरको प्रज्ञाले गर्दा उनको श्रद्धा अरू पनि बढ्यो । अन्तमा, राज्यको भार आफ्नो छोरालाई सुम्पेर राजा मिलिन्द घरबाट बेघर भई प्रव्रजित भएर विपश्यना भावना बढाउदै अर्हत्-पद पाए । त्यसैले यहाँभनिएको छ –

**संसारमा प्रज्ञा नै प्रशस्त छ र धर्ममा स्थिर गर्ने उपदेश पनि प्रज्ञाबाट सारा शङ्का मेटिन्छ, त्यसबाट सबै पण्डितजन शान्तिपद पाउँछन् ।**



Downloaded from http://www.dhamma.digital

जुन पुद्गलमा प्रज्ञा अङ्कुरित भएको छ र स्मृति पनि घटी छैन, उनी नै विशेष पूजा पाउने योग्य छन्, उनी नै श्रेष्ठ र अलौकिक छन् ।

त्यसैले आफ्नो हित दृष्टिगत गरी पण्डितको सेवा गर्नुपर्छ, देव-मन्दिरजस्तै प्रशस्त मान गरेर ज्ञानीको पूजा र सेवा गर्नुपर्छ ।"

**राजा मिलिन्द र स्थविर नागसेनको प्रश्नोत्तर समाप्त ।***

**मिलिन्द-प्रश्न समाप्त ।**

Dhamma.Digital

* बर्मेली संस्करणअनुसार निम्न तीन गाथा पनि उल्लेख छ : –

लङ्कायं दोणिनगरे, वसता दोणिनामिना ।
महाथेरेन लेखित्वा, सुट्ठापितं यथासुतं ।

मिलिन्दराजपञ्ञो च, नागसेनविसज्जनं ।
मिलिन्दो हि महापञ्ञो, नागसेनो सुपण्डितो ।

इमिना पञ्हकम्मेन, इतो गच्छामि तुस्सितं ।
मेत्तेयं नागते पस्से, सुणेय्यं धम्ममुत्तमं ति ।



Downloaded from http://www.dhamma.digital

# परिशिष्ट - १

## नामावली

**अ**

अंगुत्तरनिकाय ९१,१३१,२२५,२३७,२६४
अग्निस्कन्धोपम-सुत्त ११६
अङ्गुत्तरनिकाय २६४
अङ्गुलिमालपरित्त १०८
अङ्गीरस १८४
अचिरवती(नदी ५४,६८,८६
अजित केसकम्बली ४
अट्टिरस(अस्थीश्वर) प्रत्येकबुद्ध ८५
अतुल १८४
अथर्ववेद १२४
अधर्म(यक्ष) १४०
अनन्तकाय २२,२३
अनरूद्ध ८३
अनुमान प्रश्न २
अनोतत्त हद (अनवतप्त दह)१९३
अनोमदस्सी भगवान् १४९
अपण्णक जातक १४०
अभिधर्म १,१०,११,१२,१३
अभिधर्म पिटक ११
अमरा देवी १४२,१४३
अम्ब जातक १३९
अयोध्या २१७
अलसन्द २१५,२१७,२३६
अवीचि (नरक) ५
अशोक धर्मराज ९०
अशोकाराम १३,१४
असलन्द(द्वीप) ६४
अस्सगुत्त, आयुष्मान् ५,६,७,११,१२,१३
आटानाटियपरित्त १०८
आनन्द ९५,९६,१००,१०१,१०२,१०३,११३,१२४
आनन्द स्थविर १४३
आनन्द ७७, ८३
आनन्द सेठ २३०
आनन्द स्थविर, उपस्थापक ९७,१४४
आयुपाल, आयुष्मान् १४,१५
आयुपाल नामक स्थविर १५
आर्य स्थविर उपालि २८६
आलकमन्दा(स्वर्ग) २
आलारकालाम १६१,१६२
इन्द्र १७, ९२,९४
इन्दक-सुत्त ३१
इन्द्रसालगुहा २३०
इसीसिङ्ग(ऋष्यश्रृङ्ग) तापस ९२
उत्तरकुरू २,६६,२९३
उज्जैन २१७
उदायि १४६,१४७
उदायि स्थविर ९२
उद्दकराम पुत्र १६२
उपमाकथा प्रश्न २
उपरगोयान १९३
उपसेन(वङ्गन्तपुत्र स्थविर)२३६,२४६,२६५,२६६,२६७
उपालि स्थविर २८६
उम्मग्ग जातक १४२
ऊहा नदी ५३
ऋग्वेद १२४
ऋषिपतन मृगदावन(सारनाथ) १५,२३०
एकसाटक नामको ब्राह्मण ८७,१९६
एणेय्यक १३६
एरकवर्तिका १३६
औदम्बर २१७

**क**

कजङ्गल(ब्राह्मण गाउँ) ७,९
कण्ह जातक २५७
कण्डराग्नि १८४



Downloaded from http://www.dhamma.digital

कथावत्थुप्पकरण ११
कपिल १८४
कपिल (ब्राह्मण) १४०
कपिलवस्तु नगर २३०
कलसी ६४
कलह विवादसूत्र २३०
कलाबु(काशिराज) १३९
कलिङ्ग(देश) १७५
कसिभारद्वाज-सुत्त १५६
कात्यायन १८४
कारम्भिय (नाङ्गो साधु) १४०
कार्षापणक त स १३६
कालसुत्त ५
कालिङ्गारण्य ९५
काशी २,१६७,२१५,२१७,२२९
काशी नरेश १०९
काश्मीर २,६४,६५,१६७,२१५,२१७,२२९
काश्यप, तथागत १५३,१५४
काश्यप(२७औं बुद्ध) भगवान् ३
काश्यप भगवान् ८७,१५२,१५३
किम्बिल ८३
कुबेर १७
कुमार कश्यप १३६
कुमार कश्यप, स्थविर ९२
कुमार धर्मपाल १४१
कुर्मोपम सूत्र २४६
कुशराज(बोधिसत्त्व) ९५
कृष्णाजिना(वेसन्तर राजाको छोरी) ८८,१८७,१९२
केतुमती (विमान) ६
कोटुम्वर २
कोलपट्टन २३६
कोसल २१५,२१७
कोसल राजा १९६

## ख

खग्गविसाण सूत्र ८१
खण्डहाल (ब्राह्मण) १४१
खन्तिवादी जातक १३९
खन्धपरित्त १०८
खारापतिच्छिका त.सा. १३६
खुद्दकनिकाय २२५
क्षान्तिवादी तपस्वी १३९

## ग

गङ्गा नदी १,३,५४,६८,८६,९०,१९३,१९४,१९८
गण्डक नदी ५४
गरहदिन्न २३०
गन्धार २१५,२१७
गृष्मिकाल १८५
गुत्तिल गन्धर्व १९६
गुत्तिल नामको गन्धर्व ८७
गोपाल माता, रानी १९६
गौतम, बोधिसत्त्व १९२,१९५
गौतम श्रमण २०८

## घ

घटिकार कुम्हाले १५३
घटिकार सूत्र १५२,१५३,१५४

## च

चक्रवाक जातक २६२
चण्डप्रद्योत राजा १९६
चन्द्रमा १६६ १९४
चन्दभागा नदी ८६
चन्द्रावती राजकुमारी १५१,१५२
चन्द्रगुप्त, राजा १९६
चन्द(राजकुमार) १४१
चन्द्र सूर्य ९३ २२६
चातुम-सुत्त(म. नि.) १२९,१४४
चातुमाका शाक्य १४४,१४५
चिञ्चा माणविका ७८
चीन २१५,२१७,२३६
चीन देश ९०
चीरकवासिका १३६
चुन्द १२२,१२३,१५९
चुल्लनारद जातक २७३
चुल्लपन्थक स्थविर ११९, २४४



Downloaded from http://www.dhamma.digital

चूलकम्मविभङ्ग-सुत्त ५०
चूलनन्दिय जातक १४०
चूलव्यूहसूत्र २३०
चूल सुभद्रा २५६,२६०
चेतिय (देश) १४०

**छ**

छद्दन्त, गजराज १५२
छद्दन्त जातक १३९,१५२
छद्दन्त(हस्तिराज) १३९

**ज**

जमुना ६८
जम्बुक आजीवक २३०
जम्बुद्वीप ४,५,६,१४,१५,२१,६४,१४०,१६३
जालरोरूव ५
जालि कुमार १८७,१९१,१९२
जालि(वेसन्तर राजाको छोरा, ८८
जीवक वैद्य ९७
जोतिपाल माणवक १५२, १५३
ज्योतिर्मालिका १३६

**त**

तक्कोल २३६
तक्ख सूकर जातक १४०
तच्छक (सुँगुर) १४०
तापन ५
तावतिंस भुवन(त्रयास्त्रिंश देवलोक ६, ७, १४७, २३०
तित्तिर जातक १३९
तिरोकुड्ड २३०
तिरोकुड्ड सूत्र २३०
तिष्य स्थविर ५४
तुवटकसूत्र २३०
तुषित १३४
त्रिपिटक १४,१५
त्रिपिटकको सिद्धान्त ७०

**द**

दक्खिणाविभंग-सुत्त १६५
दक्षिण-विभङ्ग १७६
दण्डकारण्य ९५
दशबल ६,८१
दसबल १४३
दीघनिकाय १५९,२२५
दीघनिकायको सामञ्ञफल-सुत्त ४
दुक्कर-सुत्त २४६
दुकूल तापस ९१,९२,९३
दुम्मेध जातक १३९
देवदत्त ८३, ८४, ८५, ११३, १२५, १२६, १३९, १४२, १४७
देवदत्तको शत्रुता ९८
देवदत्त स्थविर ७८
देवमन्त्री १७,२२,२३
देवेन्द्र(इन्द्र) ९३,९४,९५
देवेन्द्र १४७,१५४,१६४

**ध**

धज १६१
धजग्गपरित्त १०८
धन्वन्तरि १८४
धनपाल हात्ती १४३,१४४,२३०
धनियगोपाल सूत्र २४४
धनिय-सुत्त(सुत्त. नि.) १२९
धम्मदायाद-सुत्त १६६
धम्मपद १०४,१०७,११८,१३०,२५३,२७९
धम्मसङ्गणि १०
धर्म(यक्ष) १४०
धर्मचक्रपवर्तन सूत्र १०२
धर्मराजको (बुद्धशासन) ७०
धर्मसेनापति स्थविर सारिपुत्र १२०
धर्मसेनापति सारिपुत्र स्थविर १६६
धातुकथाप्पकरण ११
धुमरोरूव (नरक) ५

**न**

नन्द वंश १९६
नन्दक(यक्ष) ७८
नन्द नामको (ब्राह्मण) माणवक ७८



Downloaded from http://www.dhamma.digital

नन्द स्थविर ११९
नन्दिय (बाँदर) १४०
नलकपान सूत्र ८३
नागसेन १८,१९,२०,२१,२२
नागसेन बालक १-३, नागसेन भदन्त ७-
१३,१५-२२,२५,२७-२९,३१,५३, ५५-६६,
६९,७२-७६,७८-८१,८४,८६-१०२,१०४-
१२१, १२३-१२५,१२७-१३४,१३६-१४६,
१४९,१५१-१५३,१५६-१७१,१७५-१८३,
१८७-१९४,१९६-१९९,२०१, २०२,२०४,
२०६,२०९-२११,२१७,२२०,२२२-२५८
नागसेन, श्रामणेर ११
निग्रोधमिक जातक १४०
निकुम्न २१५
निगण्ठनाटपुत्त ४
निग्रोध(राजा) १४१
न्याग्रोधाराम २३०
निमि राजा ८७,१९६

## प

पञ्चशाल(ब्राह्मण गाउँ)११०,१११,११२
पट्टानप्पकरण (अभिधर्म) ११
पण्डरक(नागराज) १४०
पतापन (नरक) ५
पकुध कच्चायन ४
पराभवसूत्र १५,२३०
परिधपरिवर्तिका १३६
परिनिर्वाण सूत्र, दीर्घानिकाय २७८
पलालपीठक १३६
पाण्डुकम्बलशिला २३०
पाटलिपुत्र (पटना) १३,१४,९०
पायसि राजा १३६
पायासिराजन्य-सुत्त दि.नि. १३६
पारायणसूत्र २३०
पारिका तापसी ९१,९३,९४
पावा २१७
पासरासि-सुत्त १६१
पिण्ड-सुत्त ११०
पुग्गलपञ्ञति (अभिधर्म) ११
पुण्णक(दास) १९६
पुराभेदसूत्र २३०
पूरण कस्सप ४,५
पूर्ण नामको ज्यामी ८७
पूर्ण नामको दासी ८७
पूर्वयोग २
पूर्व विदेह १९३
प्रजापति १७
प्रियाक्ष(पिलियक्ख) १३७

## ब

बलिमंसिका १३६
बालपण्तिसूत्र (म.नि.)१०४
बुद्धान्तर ३
बुद्धवंस २३०
बेलायत२१५,२१७
वोधिराजकुमार-सुत्त १६८
ब्रह्मजाल-सुत्त (दीघनिकाय) १२७,१३५
ब्रह्मदत्त ज्ञघढ,ज्ञद्धज्ञ
ब्रह्मा०८७
ब्रह्मलोक ६४,६५,६६,९२,१५२,१५३,२१५
ब्रह्मा १५४ १६०

## भ

भद्दिय ८३
भद्रशाल १९६
भल्लटिय जातक २७६
भारत वर्ष ६४
भारूकच्छ २१७
भृगु ८३

## म

मंकुर २२,२३
मंगलसूत्र२३०
मक्खलि गोसाल ४,५
मगध(सीमान्त) २१७
मज्झिमनिकाय १६६,१७६,२२९
मट्टकुण्डलि देवपुत्र २३०
मथुरा २१७
मन्त्री १६१



Downloaded from http://www.dhamma.digital

मन्धाता नामक राजा ८७
मल्लिका देवी १९६
मल्लिका नामकी रानी ८७
महाकपि जातक १३९
महाकात्यायन स्थविर १९६,२४३
महापद्म (बोधिसत्त्व) १४१
महापनाद (बोधिसत्त्व) ९५
महापरिनिर्वाण सूत्र ८६,१०३,११३,१२४
महापृथ्वी (बाँदर) १३९
महाप्रजापति गौतमी १६५
महाप्रताप (राजा) १४१
महाब्रह्मा १७,१६४,१८८,२८९
महामंगलसूत्र १५,२३०
महामोरजातक १०९
महामौद्गल्यायन १३०,१५८
महाराहुलोवाद सूत्र २३०
महावर्ग २,१८
महाव्यूहसूत्र २३०
महासमयसूत्र दि.नि. १५,२३०
महासतिपट्ठान-सुत्त १७०
महासीहनाद-सुत्त ८१, १६८
महासेन(देवपुत्र) ६,७,८
मही (नदी) ६८,८६
महोसध (पण्डित)१४३
महोसध (बोधिसत्त्व)१४२
मागन्दिय परिव्राजक २०८
माणवगामिक देवपुत्र १६६
माण्डव्य ९१,९२
मातंग ऋषि ९१
मातङ्गारण्य ९५
माद्री (बेस्सन्तर राजाको पत्नी) ८८, १९०
मान्धाता, राजा १९६
मालुङ्ग पुत्र १०३,१०४
मालुङ्ग-सुत्त (मज्झिम निकाय) १०३
मिनेन्डर इन्डोग्रीक सम्राट १
मिलिन्द-प्रश्न २,१८,४९
मिलिन्द राजा १,२,३,४,५-७,११,१३, १४,२१,
३९,४४,६०-६३,१९७,२१०,२५८
मुनिसूत्र १४५
मूलयमक ११
मैत्रेय(बोधिसत्त्व) १३
मोग्गलिपुत्त तिष्य स्थविर ३
मोघराज ब्राह्मण ११९
मेण्डक प्रश्न २,७०
मेध्यारण्य ९५
मोरजातक १०९
मोरपरित्त १०८,१०९
मोलियसीवक सूत्र (संयुत्तनिकाय) ९९
मोर-सुत्त १०८

## य

यज्ञ १६१
यजुर्वेद १२४
यम १७
यमकप्पकरण ११
यमुना (नदी) ५४,८६
यवन २,४,१५,१६,१७,१९,२१,६९
यवन (देश)२१५, २१७
यवन स्त्रीहरू ५१
युगन्धर ५,६
युनानी सम्राट १
योगी-कथा २

## र

रक्षित-तल ५,७,१०,११,१४
रतन सूत्र २३०
राजगृह ९७
राजगृह नगर १४३,१४४,२३०
राजगृहको पहाड १६६
रानी गोपालमाता ८७
राम १६१
राहुमुख त.सजाय १३६
राहुल (छोरा) २६०
राहुल स्थविर २४७
राहुलोवादसूत्र १५
रीस डेविड्स १४२
रुरु-जातक १४०
रुरु (मृगराज) १४०



Downloaded from http://www.dhamma.digital

रोहण आयुष्मान् ७,८,९,१०,११,१२
रोहण स्थविर १२

## ल

लक्खण १६१
लक्खण-सुत्त, दीघनिकाय ९,२७५
लक्खण-प्रश्न २,१८
लोकपाल १७
लोमहंसकपरियाय सूत्र २६८

## व

वक्कुल (बाकुल) स्थविर १४८,१४९
वङ्ग २३६
वज्रा, भिक्षुणी (वजिरा) २१
वत्तनीय सेनासन (आश्रम) ९,१०,११,१२
वरूण १७
विजम्मवत्थु १०
विधुर (पण्डित) १४०
विधुरपुण्णक जातक २४७
विद्याधर १०९
विनयपिटक १२,१०३,१२०,१३१,१४३,१४६,२८६
विन्दुमती (गणिका) ९०
विपस्सी, भगवान् १४९
विपुल गिरि १६६
विभङ्गप्पकरण ११
विमतिच्छेदन-प्रश्न २
वीरसेन १८
विलङ्गथलिक त.स. १३६
वेजयन्त ६
वेतमसा(व्यास) नदी ८६
वेत्रवती नदी ८६
वेरञ्जना (नदी) १५९
वेसन्तर जातक ८६
वेसन्तर राजा १५,८६,८८,१३८,१८६-१९२,२३०
वैश्रवण(कुवेर) १७

## श

शक्र(इन्द्र) ६,२१५,२१७
शक्रप्रश्न २३०
शङ्खर्मुण्डिक त.स.१३६
शाक्य (कपिलवस्तु) २३०
शाक्यमुनि, भगवान् ८७
शिवि राजा ८९-९१
शुद्धोधन १६२
शुद्धोधन शाक्य १९५
शुरसेन १८
श्वेत(सुमेरू) १६६
शैल नामक ब्राह्मण ११८
शोणोत्तर(व्याधा)१३९
श्रावस्ती २३०

## स

संखेय्य परिवेण विद्यालय) १४,१५,१६,१७
संघात ५
संजीव ५
संयुक्तनिकाय १४९, १६६,२४६, २५१,२५३, २६१, २७०,२७४, २८०
सांकृत्य (संकिच्च)कुमार ९२
सक्कपञ्हासुत्त २३०
सञ्जय वेलिट्ठिपुत्त ४
सन्तुषित देव १७
सब्बदिन्न २२,२३
सब्बभित्त( आर्चाय) १६२
समचित्तपरियाय २३०
समचित परियायसूत्र १५
सय्ह जातक १५१
सरयू(सरभु नदी) ५४,६८,८६
सरस्वती नदी ८६
सहम्पति, ब्रह्मा १४४,१४५,२७३
साकेत २१७,२३०
साख (सेनापति) १४१
सागल (नगर) १,४,५,१४,२३
सागल (स्यालकोट) २,६११,१६
साधीन, राजा १९६
साम १८४
साम (देवदत्त) १४०
सामकुमार ९१,९४,९५,१३७



Downloaded from http://www.dhamma.digital

सामवेद १२४
सारिपुत्र, धर्मसेनापति २४२,२४३,२४५,२४८, २४९, २५२, २५४,२६६,२६८,२६९,२७७,२८०, २८१,२८६,२८८,२८९
सारिपुत्र सूत्र २३०
सारिपुत्र स्थविर ३५, ७८,१४१,१५८,१९६,२३७
सिद्धार्थ कुमार १६२
सिद्धार्थ वोधिसत्त्व १६१
सिद्धार्थ राजकुमार १८६
सिन्धु (नदी) ८६
सिरीमा २३०
सिंहसेन १८
सीलवा नाग-जातक १४०
सीवक ९९
सीवक-सुत्त ९९
सुत्तनिपात २४४,२५८,२८२,२८४
सुत्तसोम जातक २५५
सुदत्त १६१
सुदिन्न, कलन्दपुत्र स्थविर १२०
सुनापरन्तक २३०
सुप्पवुद्ध नामको शाक्य ७८
सुप्रिया उपासिका ८७,१९६
सुभद्र नामक परिव्राजक ९५,९६
सुभद्रा (सानी) २३०
सुभोज १६१
सुमन नामको माली ८७,१९६,२३०
सुमेरु(पर्वत) ७८,१५४,१६४,१९४,२०६,२२६
सुयम १७,१६१
सुरपरिचर जातक १४०
सुरपरिचर(राजा) १४०
सुराष्ट्र २३६
सुलसा (वेश्या) २३०
सुवर्णभूमि(बर्मा) २३६
सूर्य ३,१३४,१६६,१८५,१९४
सूर्य र चन्द्रमा ७८
सेल-सुत्त(म.नि.) १२७,१५४
सैल १५४
सोनुत्तर(ब्राह्मण) १३९
सोवीर २३६
सौराष्ट्र
स्कन्धयमक ११
स्कन्धविभङ्ग १०
स्थविर अनिरूद्ध २५०,२७६,२७८
स्थविर नागसेन १,२०९
स्थविर पिण्डोल भारद्वाज २६९,२७४
स्थविर महाकाश्यप २६७,२७१
स्थविर महामौद्गल्यायन २८६
स्थविर मोघराज २८२
स्थविर राहुल २४७,२५१,२८३
स्थविर वङ्गीश २६२
स्थविर सारिपुत्र र महामौद्गल्यायनलाई निस्कासित १२९
स्थविर सुभूति २५९
स्वधीन नामको राजा ८७

## ह

हस्त प्रज्योतिका (तत्कालीन राजदण्ड) १३६
हिमालय पर्वत २, ५, ७, १४, १६, ५३, ८६, १३७, १६६, १८३, १९१
हिमालय पर्वतराज १८३,१९१
हिमालय पहाड़ १३७
हेतुप्रत्यय ११
हेमन्तकाल १८५,१८६



Downloaded from http://www.dhamma.digital

# परिशिष्ट – २
## उपमा सूची


अँध्यारो कोठामा दियो ३३
अग्निकुण्डमा पर्दा २१३
अग्लो रूखमा आँपका फलहरू १७९
अन्नको भण्डार ३२
अमृत विष मिलाएदा १५३
अरणी नभएमा ४१
अरूको आँप ३६
असल जातिको रक्त चन्दन १७२
आँखा भएको मानिस २१५
आँधीको उपमा ७६
आँप चोर्‍यो भने ५५
आँप, जामुनको रूखलाई हल्लायो ११७
आकाश आँधी र पानीको वेगले भरिन्छ ८७
आगोको उपमा ७५,९६
आगोको लप्को निभेपछि ५६
आफूलाई लुकाएर राख्ने इच्छा गर्ने २००
आमाको कोखमा बच्चा १५०
इन्द्र देवताहरूलाई खुसी तुल्याएर २६३
उपद्रोहरहित रातो धान १६२
उब्जाउ खेतमा १७४
उम्लिरहेको पानी १७६
एउटा खेतमा नाना प्रकारको बीउ ४९
एउटा दियोबाट अर्को दियो ५५
एउटा पोखरी खनाए १७०
एउटा मानिसको भार सम्हाल्न सक्ने कुनै ढुङ्गा १६३
एउटा मात्र ढोका भएको कोठा १९८
एउटा वैद्य १७०
एक थोपो पानी झर्‍यो १९८
ऐनाको उपमा ९६
ऐना नभएमा ४२
ऐनाले स्वयं बाहिरको विम्ब १९९
ओइलिएको ............. रूखमा १०८
औषधी ११९

**क**

कठिन रोगले पीडित १६९
कमजोर गोरूलाई घाँसको एउटा सानो र कमजोर डोरी वा लहराले बाँधन सकिन्छ १७३
कमलको पातमा पानी १७१
कमलको फूल ५८
कर लिएर १८७
काँसको थाल ४७
काठ मिस्त्री ४७
कानो कछुवाको १४१
किसानले पहिले ईँटा ढुङ्गा ......... २३६
कुखुरीको पेटमा बच्चा ३८
कुखुरीले फुल पार्छ फुलबाट कुखुरा ३९
कुटागारका भर्‍याङहरू २९
कुनै चोरलाई ८४
कुनै छोरोको बुबा १८२
कुनै बाठो मानिस १७९
कुनै मानिसलाई एउटा विषालु सर्पले डसोस् १०७
कुनै राजा वा राज मन्त्री १६०
कुनै रोगीलाई ११८
कुनै वैद्य ५७
कुम्हाले ४१
कुवा या पोखरी ५०
केराको बोट ११७
कोलाहल देखि पर जंङ्गलमा २०१
क्षत्रिय राज्यभिषेक २३५
क्षत्रिय राजगद्दी पाएर १६०

**ख**

खाडल, पोखरी, दह, ताल १७७
खेतमा बीउ रोपेर १७९
खेतमा राम्ररी जमेको धान २०४

**ग**

गरीब र मूर्ख मानिसलाई विशाल राज्यको गद्दीमा बसाउनु १८०
गाग्रोको मह ४३
गाध नदी ८१
गृहस्थहरूको लागि विकाल भोजन १८१
गैंडाको सिङझैं ८१
गोरूगाडा ४५
गोलाकार वृत ३९
ग्वालासंग दूध किन्ने ३७




Downloaded from http://www.dhamma.digital

**घ**
घना कुहिरो छाउनाले २००
घना बादलले पानी बर्साएर ११३
घर ४०
घरलाई टेवा २८
घिउ, नौनी, तल, मह र सक्खर ४७
घोचेको काँडा ८५
घोर अन्धकारमा स्वच्छ ऐना २००

**च**
चक्रवर्ती राजा २६
चक्रवर्ती राजाका परिणायक(प्रधानमन्त्री) २९
चक्रवर्ती राजाको भण्डागारिक २९
चक्रवर्ती राजा मरेपछि १५०
चञ्चल बुद्धि भएका १७२
चतुरङ्गिणी सेनालाई लिएर लडाइंमा ३०
चतुर वैद्य या शल्य चिकित्सक ८४
चलाख धनुर्धर २३२
चिट्ठी ३३
चौबाटोमा बसेर ४७

**ज**
जङ्गलमा बाटो बिर्सेको मान्छे २१४
जङ्गललाई फाँडेर १५०
जडीबुटी ३४
जाडोमा आगो बालेर ३६
जादूगर खेलाडी २६
जालिदार कवच लगाएर १३८
जीव र बोट-बिरूवा २६
जीवहरूको आधार आहार हो १६८
ज्वालायुक्त आगोको ठूलै राशिमा २१४

**झ**
झ्याम्टा (झ्याली) ४५

**ठ**
ठूलो कराहीमा पानी ८८
ठूलो हरियो रूख १७४

**ड**
डुङ्गामा चढेर ६८

**ढ**
ढोलकको उपमा ७६

**त**
तेलबाट दियो बाल्न सकिन्छ १९८
तीर ३४

**थ**
थाल ठटायो २०४

**द**
दानवको कथा १०९
दापभित्रको तलवार ६५
दिनभरि आगोमा तातो पारेको.......फलाम १३
दिन्न नामको पुरूष ४३
दियो ३२
दियो दिएर ३०
दियो लिएर कौसीमा ३६
दुई चराहरू मध्ये ६५
दुईवटा भेडाहरू जुधे भने ४५
दुई हातले ताली बजायो ४५
दूध जमाएमा ३२
दिव्य गुण भएको जडी बुट्टी १३८

**ध**
धन कमाउनको लागि १८९
धन, यश, पद र उच्चकुलद्वारा ८४
धनुर्धर २०४
धनुर्धर वा उनको मान्छे १५९
धर्मसेनापति सारिपुत्र ३५
धर्मात्मा श्रमण वा ब्राह्मण १८७
धानको पानी १९८
धान वा उखु ३६
नगर योजनाविध २६
नगरा (बाजा विशेष) १७७
नन्दक यक्षको उपमा ७८
नालायक ...मानिस राजगद्दीमा बस्यो भने २३४

**प**
पाँचवटा गाग्रा ३३
पराजित राजा २८
परित्राणको महात्म्य १०९
पवित्र, निर्मल र शीतल पानी १६९
पहाड़को एउटा गुफामा १३८
पहाड़माथि वर्षा २७
पाकेको आँप ६०
पाकेको मासु १८९
पाकेको सुकेको धान १०८
पानी बीउ उमार्नका लागि २३३



Downloaded from http://www.dhamma.digital

पिलपिल गरिरकेको आगो २०७
पीप र रगत भरिएको घाउ ८५
पीपले भरिएको एउटा घाउ १०७
पृथ्वीको आधारमा २६

पृथ्वीको उपमा १२९
पेटको कीराको उपमा ७७
पोखरीको उपमा ९६
प्रचण्ड बतास चल्नाले २०३
प्रसवको समय १०९

**फ**
फलामको गोला डल्ला ३५
फलामको रापिलो गोला ६६
फूलहरूको लहरामा कीराहरू १७२
फैलिएर पसारिएका बाँसको झाडी ७९
**ब**
बाँसको झाडीलाई पाँच आँख्लासम्म ८०
बतास चल्नाले बतास पानी छचल्किन थाल्छ १७७
बलिरहेको आगोको राशमा १९३
बलिरहेको कुनै विशाल आगो २०३
बहुमूल्य रत्नहरूले भरेको दुई गाडाहरू १६४
बाटोमा बेसरी दगुरेर १६८
बाल्यकाल ३१
बाँसको झाडीलाई एकदम सफा गरेर ८०
बाँसको झाडीलाई तीन आँख्लासम्म ७९
बाँसको झाडीलाई दश आँख्लासम्म ८०
बीउलाई रोपेर ५६
बीज र बाछोको उपमा १४४
बीज र रूख ४०
बोट बिरूवा ४०
ब्राह्माको शिष्य ५८

**भ**
भाड़ा उठाएर धनी भएको २३६
भूत ११९
भोको मान्छे १७०
भोजनले सबै सत्त्वलाई पालन गर्छ १८०
भोजन स्वादिलो नभए पनि १७६

**म**
मणि नभएमा ४१
मरेको सर्प, कुकुर र मानिसहरूले भरिएको २१३
मल्ल र उसको शिष्य १५९
महापृथ्वीको उपमा ७७
महापृथ्वी लामो, चाक्लो विस्तृत २०७
महापृथ्वीको उपमा ७७
महासमुद्रमा शव (लास) १७१
मानिसको शरीरमा केही २००
मुद्दामा लाग्ने १८९
मुद्रा गणना सङ्ख्या ४५
मुसलधार पानी १९८
मृत्युको भय १०६
मैलो धोनी लगाओस् १६९
मैलो र फोहर हिलोमा परेको मानिस २१३
मोरपनिको कथा १०९

**य**
यथेष्ट भोजन १६३
यथेष्ट वर दिने मणिरत्न १६७
यवन स्त्रीहरू ५१ युद्धमा जाँदा ५७
युद्धमा शत्रुहरूले चारैतिरबाट घेरे १७२
**र**
रत्नको कुनै एउटा भाग १७२
रथको उपमा २०
रस झिक्ने कोलहू (उखु पेल्ने यन्त्र) ११७
राज अपराधीलाई हत्कडी १०७
राजाका चार अधिकारीहरू १०५
राजाको एउटा असल घोडा १०१
राजाको भण्डारी भण्डारमा ४६
राजाको भान्छे १५९
राजाको भान्छेले व्यञ्जन तैयार गर्छ ४८
राजाको मिमानामा नगर ४४
राजाको सेवा ३७,४६,१००
राजाको सेवामा १६५
राज्याभिषेक पाएपछि २३६
रातो चन्दन चण्डालको गाँउमा १३२
राम्ररी तयार पारेको खेतमा ९४
रूख ८२
रूखका फलहरू ५६
रोगको उपमा ७८
रोग लागेमा १२०

**ल**
लट्ठी, डल्लो, छड़ी र गद्दा १७४
लडाइं सुरू भएपछि ५०
लोमस कश्यप १५०,१५१
लोमस कस्सप जातक १५०

**व**
वर्षाको पानी ४४
वाजपेय (महायज्ञ) १५०,१५१



Downloaded from http://www.dhamma.digital

विद्याधरको कथा १०९
विवाहिता स्त्री १७५
विष ४६
विषालु सर्प २०३,२०४
वीणाको छाला पत्र ४१
वैद्य या चिकित्सक १६०
वैद्य या शल्यचिकित्सक २३२
वैद्यले रोगीलाई १५७

**श**

शत्रुहरूलाई दमन गरेपछि २०८
शरीर कायम राख्न भोजन गर्छ २३३
संयुत्तनिकाय २८
सङ्कटमा परेको मानिस २१३
सबैलाई अमृत ११७
समुद्रको उपमा १२९
सम्पतिशाली धनी मानिस ८२
सयकडौं थाल १७०
सर्पको दुलो ११७
सर्पले डसेको मानिस १०९
सानो जातको कुनै गरीब र मूर्ख मानिस १७१
सानो बीउ जमिनमा ३९
सानी केटीसँग विवाह ३६
सानो र पातलो दुबो माथि एउटा भारी ढुङ्गा १८०
सिकर्मीले बाङ्गोटिङ्गो काठलाई ११७
सिद्ध पुरूष ९०
सीधा र निर्दोष वाण ८१
सीधा र सफा तीर १६७
सुमेरू पर्वत २०६
सूर्यको किरण २००
श्लोकको सम्झना ५५

**ह**

हजामले आफ्नै काइयोद्वारा १४५
हत्थिपामोक्ख (राजकीय हात्ती) ५८
हराएको वस्तु १५०
हिमालजस्तै निश्चल १६
हरिया घाँसपातले भरिएको १९३
हात्ती, घोडा, रथ र सिपाही ३१

Downloaded from http://www.dhamma.digital

# परिशिष्ट – ३

## ग्रन्थ-सूची

मिलिन्दपञ्हपालि (देवनागरी) धम्मगिरि-पालि-गन्थमाला, विपश्यना विशोधन विन्यास, इगतपुरी १९९८

मिलिन्दपञ्हपालि (हिन्दी अनुवादसहित) सम्पादक : स्वामी द्वारिकादास शास्त्री, बौद्ध भारतीद्वारा प्रकाशित १९९०

मिलिन्द–प्रश्न (नेपाल भाषा) अनुवादक : दुण्डवहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य वि. सं. २०५६

मिलिन्द–प्रश्न (हिन्दी) अनुवादकः भिक्षु जगदीश काश्यप, एम. ए., प्रका. भिक्षु महानाम, धर्मोदय सभा, कलकत्ता सन् १९५१

The Questions of King Milinda, T.W. Rhys Davids, SBE. , Reprinted by Motilal Banarasidas,1969

दीघनिकाय (नेपाली) अनुवादक : दुण्डवहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य वि. सं २०५६

मज्झिमनिकाय (नेपाली) अनुवादक : दुण्डवहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य वि. सं २०५७

संयुत्तनिकाय (नेपाल भाषा) अनुवादक : दुण्डवहादुर वज्राचार्य, प्रका. पवित्रबहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य वि. सं २०५७

बुद्धकालीन ब्राह्मण (भाग १,२,३) आचार्य भिक्षु अमृतानन्द, आनन्दकुटी विहारगुठी, स्वयम्भू ।

## सहायक शब्दकोश

नालन्दा विशाल शब्द सागर, सम्पादक श्री नवलजी, प्रकाशकः आदीश कुमार जैन–दिल्ली-६, सन् १९८३

नेपाली वृहत् शब्दकोश, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान वि.सं. २०४०.

SHABDA–SAGAR —Pt.Kulpati Jibananda Vidyasagar, B.A.1900.



Downloaded from http://www.dhamma.digital

# संकेत–सूचि

| | | |
|---|---|---|
| अं.नि. | = | अङ्गत्तरनिकाय |
| अ.क. | = | अट्ठकथा |
| अनु. | = | अनुवादक |
| इतिवु. | = | इतिवुत्तक |
| उदा. | = | उदान |
| खु. नि. | = | खुद्दकनिकाय |
| खु.पा. | = | खुद्दपाठ |
| चरिया. | = | चरियापिटक |
| चूलनि. | = | चूलनिद्देस |
| जा. | = | जातक |
| थेरगा. | = | थरगाथा |
| थेरीगा. | = | थेरीगाथा |
| दी. नि. | = | दीघनिकाय |
| ध. प. | = | धम्मपद |
| धम्म. अ. क. | = | धम्मपद अट्ठकथा |
| म. नि. | = | मज्झिमनिकाय |
| वि. वि. वि. | = | विपश्यना विशोधना विन्यास |
| विसु. म. | = | विसुद्धिमग्ग |
| सं. नि. | = | संयुत्तनिकाय |
| सुत्त. नि. | = | सुत्तनिपात |
| नेपा. मि. | = | नेपाल भाषाको मिलिन्द-प्रश्न |
| पा. मि. | = | पालि भाषाको मिलिन्द-प्रश्न |
| व. मि. | = | वर्मी भाषाको मिलिन्द-प्रश्न |
| सि. मि. | = | सिंहली भाषाको मिलिन्द-प्रश्न |
| स्या. मि. | = | थाई भाषाको मिलिन्द-प्रश्न |
| हि. मि. | = | हिन्दी भाषाको मिलिन्द-प्रश्न |



Downloaded from http://www.dhamma.digital

## The Teachings Of Great Master Yin Guang

Whether one is a layperson or has left the home-life, one should respect elders and be harmonious to those surrounding him. One should endure what others cannot, and practice what others cannot achieve. One should take others' difficulties unto oneself and help them succeed in their undertakings. While sitting quietly, one should often reflect upon one's own faults, and when chatting with friends, one should not discuss the rights and wrongs of others. In every action one makes, whether dressing or eating, from dawn to dusk and dusk till dawn, one should not cease to recite the AMITABHA Buddha's name. Aside from Buddha recitation, whether reciting quietly or silently, one should not give rise to other improper thoughts. If wandering thoughts appear, one should immediately dismiss them. Constantly maintain a humble and repentful heart; even if one has upheld true cultivation, one should still feel one's practice is shallow and never boast. One should mind one's own business and not the business of others. Only look after the good examples of others instead of bad ones. One should see oneself as mundane and everyone else as Bodhisattvas. If one can cultivate according to these teachings, one is sure to reach the Western Pure Land of Ultimate Bliss.

**Homage to Amitabha! Amitabha!**

Downloaded from http://www.dhamma.digital

# Praise of Amita Buddha

**Amita Buddha**,
The Lord with the greatest vows,
His mercy, compassion,
delight and abandonment immeasurable,
Between His eyebrows always emits white-curled radiance.
He delivers sentient beings so they may enter His
Western Pure Land of Ultimate Bliss,
Where the pond of eight-virtue water
grows lotuses of nine grades,
And where marvelous seven-jewelled trees form rows.
If the Tathagata's sacred epithets are propagated,
He will receive us and lead us to his
Western Pure Land of Ultimate Bliss.
If Amita Buddha's holy name is invoked and praised,
We all vow to go to his Western Pure Land of Ultimate Bliss.

Amida Buddha all in golden color,
With form, features and radiance unequalled,
White curls winding like the five Sumeru Mountains,
And purple eyes as clear as the four great seas.
In His aura are transformed Buddhas in countless millions,
And transformed Bodhisattvas, also, in limitless number;
Forty-eight vows He made to enlighten sentient beings.
And to enable all nine grades to reach the other shore.
Blessed be the Most Compassionate One
of the Western Pure Land of Ultimate Bliss,
**Amita Buddha**.

Downloaded from http://www.dhamma.digital

*" Wherever the Buddha's teachings have flourished,*
*either in cities or countrysides,*
*people would gain inconceivable benefits.*
*The land and pepole would be enveloped in peace.*
*The sun and moon will shine clear and bright.*
*Wind and rain would appear accordingly,*
*and there will be no disasters.*
*Nations would be prosperous*
*and there would be no use for soldiers or weapons.*
*People would abide by morality and accord with laws.*
*They would be courteous and humble,*
*and everyone would be content without injustices.*
*There would be no thefts or violence.*
*The strong would not dominate the weak*
*and everyone would get their fair share."*

~ THE BUDDHA SPEAKS OF
THE INFINITE LIFE SUTRA OF
ADORNMENT, PURITY, EQUALITY
AND ENLIGHTENMENT OF
THE MAHAYANA SCHOOL ~

Downloaded from http://www.dhamma.digital

*With bad advisors forever left behind,*
*From paths of evil he departs for eternity,*
*Soon to see the Buddha of Limitless Light*
*And perfect Samantabhadra's Supreme Vows.*

*The supreme and endless blessings*
*of Samantabhadra's deeds,*
*I now universally transfer.*
*May every living being, drowning and adrift,*
*Soon return to the Pure Land of Limitless Light!*

*~ The Vows of Samantabhadra~*

*I vow that when my life approaches its end,*
*All obstructions will be swept away;*
*I will see Amitabha Buddha,*
*And be born in His Western Pure Land of*
*Ultimate Bliss and Peace.*

*When reborn in the Western Pure Land,*
*I will perfect and completely fulfill*
*Without exception these Great Vows,*
*To delight and benefit all beings.*

*~ The Vows of Samantabhadra*
*Avatamsaka Sutra~*

Downloaded from http://www.dhamma.digital

# DEDICATION OF MERIT

May the merit and virtue
accrued from this work
adorn Amitabha Buddha's Pure Land,
repay the four great kindnesses above,
and relieve the suffering of
those on the three paths below.

May those who see or hear of these efforts
generate Bodhi-mind,
spend their lives devoted to the Buddha Dharma,
and finally be reborn together in
the Land of Ultimate Bliss.
Homage to Amita Buddha!

**NAMO AMITABHA**

南無阿彌陀佛

《尼泊爾文國語：彌蘭王問經》
財團法人佛陀教育基金會 印贈
台北市杭州南路一段五十五號十一樓
Printed and donated for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website:http://www.budaedu.org
**This book is strictly for free distribution, it is not for sale.**
Printed in Taiwan
10,000 copies; Sep 2004
NE021-3932

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

request that it be treated with resp
If you are finished with it,
please pass it on to others or
to a monastery, school or public lib
Thanks for your co-operation.
**Namo Amitabha!**

《尼泊爾文國語：彌蘭王問經》
財團法人佛陀教育基金會 印贈
台北市杭州南路一段五十五號十一樓
Printed and donated for free distribution by
**Corporate Body of the Buddha Educational Found**
55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.
Tel:886-2-23951198,Fax:886-2-23913415
Email:overseas@budaedu.org
Website: http://www.budaedu.org
**This book is for free distribution, it is not for sale.**
Printed in Taiwan
NE021

Downloaded from http://www.dhamma.digital